CC-0. In Public Domain. Digitization by eGangotri

अनुवादक परिचय कोश

A Dictionary of Translators

नेपाल प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवादक परिचय कोश

(वि.सं. २०७५)

A Dictionary of Translators (2018)

निर्देशक

प्रा.डा. उषा ठाकुर

प्रमुख, अनुवाद विभाग

प्रधान सम्पादक

प्रा.डा. गोविन्दराज भट्टराई

सम्पादक मण्डल

प्रा.डा. योगेन्द्र यादव

श्री जयदेव भट्टराई

श्री बलराम अधिकारी

श्री नवीन चित्रकार

श्री माधवप्रसाद लामिछाने

नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवादक परिचय कोश- २०७५
A Dictionary of Translators (2018)

निर्देशक : प्रा.डा. उषा ठाकुर

प्रधान सम्पादक : प्रा.डा. गोविन्दराज भट्टराई

सम्पादक मण्डल : प्रा.डा. योगेन्द्र यादव
श्री जयदेव भट्टराई
श्री बलराम अधिकारी
श्री नवीन चित्रकार
श्री माधवप्रसाद लामिछाने

संस्करण : पहिलो, वि.सं. २०७५ (५०० प्रति)
हीरक जयन्ती प्रकाशन

प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

कम्प्युटर सज्जा : रञ्जन घिमिरे

आवरण सज्जा : वसन्तराज अज्ञात

मूल्य : रु. ३४०।-

मुद्रण : प्रज्ञा छापाखाना
कमलादी, काठमाडौँ

ISBN : 978-9937-689-77--9

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवम् प्रवर्धन गर्दै तत् विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा सुरुमा नेपाली साहित्य कला एकेडेमीका रूपमा स्थापित नेपाल एकेडेमीले क्रमशः रायल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जन आन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवम् नाट्य-सङ्गीत विधालाई छुट्टचाई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै बिरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, संस्कृति, धर्म, दर्शन आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिबद्ध छौं। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने गरेका छन्। यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदान मार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौं। यसरी स्पष्ट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानका रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौं। यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवम् ग्रन्थ प्रकाशन सहित अनुवाद मार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौं। नेपाली साहित्यको अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय भाषामा अनुवाद गर्ने र विश्वसाहित्यका मानक कृतिहरूको नेपाली भाषामा अनुवाद गरी साहित्यिक आदान प्रदान गर्ने हाम्रो लामै परम्परा छ। त्यो परम्पराको व्यवस्थित अध्ययन गरी तत्सम्बन्धी सबै कामको इतिवृत्त तयार पार्ने क्रममा प्रस्तुत **अनुवादक परिचय कोश** सार्वजनिक गरिएको छ। नेपाली साहित्यमा अनुवाद कार्य र अनुवादकहरूका प्रयत्नलाई चिनाउन यो कोश उपयोगी हुनेछ भन्ने प्रतिष्ठानको अपेक्षा रहेको छ। भाषागत एवम् विषयगत कोशहरू प्रकाशन गर्ने प्रज्ञा-प्रतिष्ठानको कार्यक्रमअनुसार यस्ता कोशहरू अरू प्रकाशित हुँदै जानेछन् भन्ने कुरा पनि यहाँ प्रस्ट पार्न चाहन्छु।

नेपाल प्रज्ञा-प्रतिष्ठान
हीरक वर्ष, २०७५

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

अनुवाद साहित्यको माध्यमबाट मात्र विश्वसाहित्यसँग प्रतिस्पर्धा गर्न सकिन्छ। हाम्रो वाङ्मय, संस्कृति र कलाको विश्वमा सञ्चार गर्ने एउटा मात्र माध्यम हो– अनुवाद। एउटै देशभित्र त कति भाषा, साहित्य, संस्कृति र कला हुन्छन्। सबै भाषाको ज्ञान सबैलाई हुने कुरा पनि भएन। यस्ता महत्त्वपूर्ण विषयहरूलाई चिन्न, जान्न र बुझ्न पनि अनुवाद नै एउटा माध्यम हो। आजको विश्वलाई पर्गेल्न, विश्वमा भइरहेको साहित्य लेखन, सांस्कृतिक गतिविधि र कला क्षेत्रमा हुँदै आएका नयाँनयाँ प्रयोगहरू आदिबारे अध्ययन गर्न पनि अनुवाद नै एउटा मात्र माध्यम हो। यो सत्य हो, हामी अनुवादको माध्यमबाट मात्रै विश्व समुदायमा पुग्न सक्छौं, आफ्नो राष्ट्रको परिचय उच्च बनाउन सक्छौं। सिर्जना एउटा भाषामा खुम्चन्छ, एउटा देशमा खुम्चन्छ, तर ती सिर्जनाहरूको अनुवाद भए विश्वभरि फैलिन्छ। यसो हुँदा मात्र हाम्रा प्रतिभाहरू विश्व रङ्गमञ्चमा सम्मानित बन्न पुग्छन् र राष्ट्रको गौरव गरिमा पनि उच्च बन्दै जान्छ।

प्रस्तुत सन्दर्भमा नेपाल प्रज्ञा-प्रतिष्ठान अनुवाद विभागको योजनाअन्तर्गत **अनुवादक परिचय कोश** प्रकाशनमा आएको छ। यो कोशको प्रकाशनबाट हाम्रो साहित्य, वाङ्मयका साथै अन्य क्षेत्रमा अहिलेसम्म भएका अनुवादित कृतिहरूका साथै अनुवादकहरूको परिचय पनि स्पष्ट भएको छ। नेपाली अनुवाद र नेपालीबाट विश्वका अन्य भाषाहरूमा भएका अनुवादसम्बन्धी महत्त्वपूर्ण कार्यहरूको उल्लेख यस कृतिमा पाउन सकिन्छ। यो कोशमा नेपाली, संस्कृत, अङ्ग्रेजी, हिन्दी, उर्दू, चिनियाँ, जापानी, जर्मन, फ्रेन्च, बङ्गाली, असमिया, नेपालभाषा, मैथिली, भोजपुरी, अवधी आदि भाषाहरूबिचमा अनुवाद भएका कृति र अनुवादकहरूको विवरण समावेश गरिएको छ। यसरी यो कृति अनुवाद साहित्यको इतिहास पनि हो। यस्तो महत्त्वपूर्ण कृतिको योजना बनाउने प्रज्ञा-प्रतिष्ठान अनुवाद विभागका प्रमुख प्रा.डा. उषा ठाकुर अनि यो कृतिका लागि अध्ययन, अनुसन्धान गरी अनुवादकहरूको विवरण तयार गर्ने प्रधान सम्पादक विद्वान् प्रा.डा. गोविन्दराज भट्टराई एवं सम्पादक मण्डलका सदस्यहरूप्रति हार्दिक धन्यवाद अर्पण गर्दछु। यसरी नै यो कृतिको प्रकाशनका क्रममा सहयोग पुऱ्याउने प्रज्ञा-प्रतिष्ठानका कर्मचारीहरूमा पनि हार्दिक धन्यवाद दिन्छु।

विष्णुविभु घिमिरे

(डा. विष्णुविभु घिमिरे)
उपकुलपति

कमलादी, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्देशकको कलमबाट

विश्वव्यापीकरणको आजको युगमा अनुवाद साहित्य एउटा स्वतन्त्र र अत्यन्त महत्त्वपूर्ण विधाको रूपमा प्रतिष्ठित भएको कुरा सर्वमान्य नै छ। जोसे सारामागो (Jose Saramago) ले अनुवादको महत्त्वलाई प्रकाश पार्दै भनेका छन्, "स्रष्टाहरूले राष्ट्रिय साहित्यको निर्माण गर्दछन् भने अनुवादकहरूले वैश्विक साहित्यको निर्माण गर्दछन्।" साहित्यिक, सांस्कृतिक, धार्मिक र भाषिक एकताको एउटा महत्त्वपूर्ण सेतुको रूपमा अनुवादको नितान्त आवश्यकता रहेकोमा जोड दिँदै गेटेले पनि अत्यन्त उचित र सटीक ढङ्गले भनेका छन्, "अनुवाद सबै कार्यभन्दा अधिक महत्त्वपूर्ण र महानतम् कार्य हो।"

विश्वमा भाषिक, साहित्यिक र सांस्कृतिक एकता तथा विश्व साहित्यको श्रीवृद्धिका लागि अनुवाद एक सशक्त माध्यम रहेको कुरा सर्वत्र स्वीकार गरिएको छ किनकि कुनै पनि देशको साहित्यको उन्नति अनुवादमा नै निहित र प्रतिविम्बित हुन्छ। कुनै पनि भाषा र साहित्यलाई विश्वव्यापी बनाउने शक्ति र क्षमता अनुवादमा नै निहित हुन्छ। विश्व साहित्यका महान् साहित्यकारहरू पनि अनुवादकै कुरा गर्दछन्, अनुवादको आवश्यकता र गुणात्मकता तथा यसको महत्त्व र प्रभावको कुरा गर्दछन् किनभने यसको माध्यमबाट नै साहित्यकारको यशकीर्ति तुरुन्त फैलिन जान्छ। अनुवादका माध्यमबाट नै कहिल्यै नसुनिएको स्रष्टा एकैचोटि विश्वको साझा सम्पदा बन्न पुग्दछ भने खासै नसुनिएको राष्ट्र वा भाषाको नाम विश्वले उच्चारण गर्न थाल्दछ। विश्व प्रसिद्ध नोवेल पुरस्कारको चयनमा पनि अनुवादको ठुलो भूमिका रहेको हुन्छ। वास्तवमा अनुवादकले नै महान् स्रष्टालाई विश्वमा चिनाउँछ।

अनुवादको महत्त्व बुझेर नै महाकवि लक्ष्मीप्रसाद देवकोटाले तासकन्द सम्मेलनमा स्पष्ट रूपमा भने, "अनुवादको अभावले नेपाली साहित्य पछि परिरहेको छ। अनुवादविना हामी उठ्न सक्दैनौं।" अनुवाद साहित्यलाई उर्वर बनाउनमा देवकोटाले अमूल्य योगदान पुऱ्याएका थिए। नेपाली साहित्यलाई विश्वसमक्ष चिनाउने माध्यम नै अनुवाद हो भन्ने कुरामा उनले जोड दिँदै आए। यसका लागि उनले आफ्ना र अन्य समकालीन कविका कविताहरू पनि अङ्ग्रेजीमा अनुवाद गरे। देवकोटाले अङ्ग्रेजी साहित्यका १५ जना लेखकका निबन्धहरू चयन गरी **प्रसिद्ध प्रबन्ध सङ्ग्रह** (वि.सं. १९९७) शीर्षकमा भाषानुवाद परिषद्बाट प्रकाशित गराए भने सेक्सपियरको नाटक म्याकबेथको पनि उनले अनुवाद गरे।

कुनै पनि व्यक्तिलाई सबै भाषाको ज्ञान हुन सम्भव नभएकाले अनुवादको आवश्यकता पर्दछ। अनुवादको अभावमा विश्वका उत्कृष्ट साहित्यिक कृतिहरूको रसास्वादनबाट हामी वञ्चित रहने थियौं। प्राज्ञिक चेतना भएका कारण संसारका उत्कृष्ट कृतिहरू पढ्ने र रसास्वादन गर्ने हाम्रो चाहना र अधिकार छ। हाम्रो यस चाहनाको पूर्ति अनुवादद्वारा मात्र सम्भव छ। त्यसै गरी विश्वमा आर्थिक, साहित्यिक र मानवीय एकता तथा विश्वबन्धुत्वको भावनाका लागि पनि अनुवादको भूमिका अनिवार्य र निकै महत्त्वपूर्ण छ। अनुवादले साहित्यकारहरूको वैचारिक क्षितिजलाई व्यापकता प्रदान गर्नुका साथै तुलनात्मक साहित्यको अध्ययनलाई पनि प्रोत्साहित गर्दछ।

अनुवाद सम्बन्धी ठोस, उपयोगी र महत्त्वपूर्ण कार्यलाई अघि बढाउनका लागि नेपाल प्रज्ञा-प्रतिष्ठानको अनुवाद विभाग समर्पित भएर लागिरहेको छ। यसका लागि अनुवाद सम्बन्धी परियोजना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यहरू तयार गराउने, अनूदित कृतिहरूको प्रकाशन गर्ने र समय समयमा अनुवाद सम्बन्धी विचार गोष्ठीहरू आयोजना गर्नमा विभाग अग्रसर भइरहेको छ। अनुवाद सम्बन्धी चेतना र जागरुकता साहित्यिक समाजमा व्याप्त गराउन यो विभाग प्रयत्नशील छ। हिन्दी, नेपाली र अङ्ग्रेजी गरी तीन भाषामा अनूदित रचनाहरूको प्रकाशन गर्ने विभागीय अनुवाद पत्रिका **रूपान्तरण**लाई पनि यसै दिशामा एउटा ठोस र महत्त्वपूर्ण कार्य मान्न सकिन्छ। **रूपान्तरण**को हिन्दी खण्डमा नेपाली र संस्कृत साहित्य तथा भोजपुरी, मैथिली, अवधी, नेपाल भाषा, मगर तामाङ आदि मातृभाषाका रचनाहरूको हिन्दी अनुवाद प्रकाशित हुँदै आएको छ। त्यस्तै नेपाली साहित्यका उत्कृष्ट र प्रतिनिधिमूलक रचनाहरूको अङ्ग्रेजी अनुवाद अङ्ग्रेजी खण्डमा प्रकाशित भइरहेका छन् भने नेपाली खण्डमा फ्रान्स, अमेरिका, चिन, भारत, पाकिस्तान, बङ्गलादेश, इजिप्ट, अफ्रिका, नर्वे, रुस, स्विट्जरल्यान्ड, युक्रेन, जर्मन, हंगेरी, इराक, इटाली, आयरल्यान्ड आदि देशका रचनाहरूको नेपाली अनुवाद प्रकाशित हुँदै आएको छ। **रूपान्तरण**को प्रकाशन अनुवाद विभागको हिन्दी वार्षिकीको रूपमा वि.सं. २०६९ वैशाखदेखि प्रारम्भ भएको थियो। **रूपान्तरण**मा सुरुमा हिन्दी अनुवाद मात्र प्रकाशन गर्ने गरिएकोमा अङ्क ३ (वि.सं. २०७२) देखि विस्तृत कलेबरमा तीन खण्डमा नेपाली, हिन्दी र अङ्ग्रेजीसहित तीन भाषामा प्रकाशित हुँदै आएको छ। यसको छैटौँ अङ्क प्रकाशनार्थ प्रेसमा छ।

नेपाली साहित्यको प्रचार प्रसार गरेर यसलाई विश्वव्यापी बनाउने उद्देश्यले अङ्ग्रेजी, हिन्दी र विश्वका अन्य भाषाहरूमा अनुवाद गराउने प्रयासमा विभाग समर्पित छ। साथै नेपाली साहित्यलाई भाव, भाषा र शैलीको क्षेत्रमा अगाडि बढाउन र नेपाली साहित्यको लेखन स्तर उठाउने उद्देश्यका साथ विश्वका श्रेष्ठ रचनाहरूलाई नेपालीमा अनुवाद गराउने काम पनि विभागले गरिरहेको छ।

अनुवाद कार्यको महत्त्वलाई ध्यान दिँदै नेपाली साहित्यलाई अङ्ग्रेजी लगायत अन्य भाषाहरूमा तथा अङ्ग्रेजी र अन्य भाषाहरूलाई नेपाली भाषामा अनुवाद गर्ने कार्यमा विद्वान् विदुषीहरू समर्पित भएर लागिरहेका छन्। नेपाली मात्र होइन, संस्कृत, नेवारी, मैथिली, भोजपुरी, अवधी, राई, लिम्बू, तामाङ, मगर, थारू लगायतका मातृभाषाहरू बिचमा पनि अनुवाद सम्बन्धी बहुमूल्य कार्य भइरहेका छन्। अनुवादमार्फत साहित्यिक आदान प्रदान भइरहे पनि हाम्रो देशमा ठुला ठुला अनुवादक साहित्यकारहरू परिचयविहीन अवस्थामा रहनु परेको छ। अनुवादक साहित्यकारको रूपमा उनीहरूको परिचय बाहिर आउन नसकेको कुरालाई महसुस गर्दै हामीले यो **अनुवादक परिचय कोश**को निर्माण गर्न आवश्यक ठानेका हौँ। सम्पन्न गर्न कठिन भए पनि अनुवाद विभागको परियोजना कार्य अन्तर्गत हामीले यो ऐतिहासिक जिम्मेवारी स्वीकार गरेर अघि बढ्यौँ। फलस्वरूप वि.सं. २०७३ को मङ्सिरमा सुरु गरिएको **अनुवादक परिचय कोश (A Dictionary of Translators)** आज प्रकाशनको लागि तयार भइसकेको छ। यस परिचय कोशको प्रकाशन अनुवाद साहित्यको क्षेत्रमा ऐतिहासिक, महत्त्वपूर्ण र अत्यन्त उपयोगी हुने छ भन्ने मेरो पूर्ण विश्वास छ। यस अवसरमा हर्ष र सन्तोषपूर्वक म यो भन्न चाहन्छु कि नेपाल प्रज्ञा-प्रतिष्ठानको अनुवाद विभाग नेपाली साहित्यको विश्वव्यापीकरणका लागि अडिग रूपमा साधनारत छ र निरन्तर लागिरहने दृढ सङ्कल्प गर्दछ।

यस कोशका प्रधान सम्पादक प्रा.डा. गोविन्दराज भट्टराई नेपाली र अङ्ग्रेजी साहित्यका मूर्धन्य प्रतिभा हुनुहुन्छ। उहाँले सन् २००४ मा नै **एन इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज** शीर्षकको पुस्तक अनुवाद साहित्यलाई प्रदान गरेर ठुलो योगदान र प्रेरणा दिनु भएको छ। उहाँले सन् १९९७ मा हैदराबाद विश्वविद्यालयबाट भाषा विज्ञान-अनुवादमा विद्यावारिधि गर्नुभएको थियो। यस विषयमा विद्यावारिधि गर्ने उहाँ नै पहिलो नेपाली विद्वान् हुनुहुन्छ। बहुआयामिक साहित्यिक व्यक्तित्वका धनी प्रा.डा. भट्टराईको नेतृत्वमा विश्वविद्यालयमा अनुवाद विधालाई प्रवेश एवम् स्थापित गराउने महानतम् कार्य भएको छ। उहाँका लगभग सातवटा अनूदित कृति प्रकाशित छन् भने अनेकौँ कृतिहरूको सम्पादक भएर उहाँले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवाद कार्यमा अग्रसरता लिनु भएको छ। नेपाल प्रज्ञा-प्रतिष्ठानको अनुवाद विभागका वर्तमान सल्लाहकार समेत रहेका प्रा.डा. भट्टराईले अनुवाद साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै यस विभागले उहाँलाई **अनुवादक परिचय कोश**को प्रधान सम्पादक चयन गरेकोमा उहाँकै नेतृत्वमा प्रस्तुत कोशको काम सम्पन्न भएको छ। साथै यस कोशका सम्पादक मण्डलका सदस्यहरू र कार्य विभाजन यस प्रकार निर्धारित भए अनुसार सम्पन्न भएको छ।

१. प्रा.डा. योगेन्द्र प्रसाद यादव - हिन्दी, मैथिली, भोजपुरी, अवधी र नेपालका अन्य मातृभाषाहरू (नेपाल भाषाका अतिरिक्त)
२. श्री जयदेव भट्टराई - नेपाली भाषा
३. श्री बलराम अधिकारी - नेपाली र अङ्ग्रेजी भाषा
४. श्री नवीन चित्रकार - नेपाल भाषा
५. श्री माधव लामिछाने - संस्कृत भाषा

भाषा विशेषलाई आधार बनाएर सम्पादक मण्डलका यी पाँच जना विद्वान् सदस्यज्यूहरूले अनुवादकको बारेमा सूचना सङ्कलन अत्यन्त मेहनत र कुशलतापूर्वक पुरा गर्नु भएको छ। यस **अनुवादक परिचय कोश**मा लगभग ६०० अनुवादक साहित्यकारहरूको नाम वर्णानुक्रमले प्रविष्टि भएको छ। प्रामाणिकताको दृष्टिले प्रवृष्टिकर्ताको नाम अनुवादक साहित्यकारको परिचय सँगै उल्लेख गरिएको छ। यस परिचय कोशको प्रमुख लक्ष्य साहित्यिक अनुवादकहरूलाई समेट्नु रहेको छ।

कोशमा सकेसम्म अनुवादकको नाम, जन्म स्थान, जन्म मिति, अनूदित पुस्तकको नाम, प्रकाशन मिति, प्रकाशक र स्थान, विधा, मूल शीर्षक, अनूदित शीर्षक, मूल भाषा, अनूदित भाषा, मूल लेखक जस्ता जानकारी समेट्ने प्रयास गरिएको छ। सूचना सङ्कलन फाराममार्फत यी जानकारीहरू लिइएको हो।

साहित्यका विविध विधाहरूका अनूदित कृतिहरू यस कोशमा समाविष्ट छन्। नेपाली अनुवाद साहित्यको क्षेत्रमा पहिलो पटक यस प्रकारको कोश निर्माण गरिएकाले हर प्रयत्न गर्दागर्दै पनि अनेकौं कमी कमजोरी रहेका हुन सक्छन्। नेपाली र नेपालका मातृभाषा साहित्यको कुनै पनि अनुवाद साहित्यकारको नाम नछुटोस् भन्ने हेतुले हामीले दुई वर्षसम्म अनवरत प्रयास गरेको भए पनि यसका बाबजुद कुनै नाम छुट्न पुगेमा भविष्यमा यसमा सुधार हुँदै जाने छ भन्नेमा आशावादी हुँदै हामी क्षमायाचना गर्दछौं।

यस कोशमा एकभन्दा बढी अनुवादक संलग्न भएका कृतिहरूलाई पनि समाविष्ट गरिएको छ। साथै अनुवाद कर्मलाई महत्त्व र प्रोत्साहन दिने *रूपरेखा, मधुपर्क, गरिमा, इन्द्रेणी, रचना, अभिव्यक्ति, शारदा* जस्ता पत्रिकाहरू र नेपाली प्रकाशनहरूको पनि सकेसम्म खोजी एवम् विश्लेषण गरिएको छ। साथै अनुवादकलाई प्रश्रय र प्रोत्साहन दिने **जर्नल अफ नेप्लिज लिट्रेचर, आर्ट एन्ड कल्चर** जस्ता जर्नलको पनि चर्चा गरिएको छ। साथै गद्य र पद्य रचनाका पहिलो अनुवादकहरू खोजी गरेर अनुसन्धानात्मक प्रस्तुति पनि गरिएको छ। यस कोशमा स्तरीय र गुणात्मक अनुवाद कार्यलाई प्रोत्साहन गर्ने उद्देश्यले उत्कृष्ट अनुवाद प्रक्रियाका केही नमुना पनि प्रस्तुत गरिएको छ।

अनेकतामा एकता र विश्व बन्धुत्वको आदर्श लिएर समग्र नेपाली साहित्यलाई विश्वमा परिचित गराउने उद्देश्यले नेपालको राष्ट्र भाषा नेपाली तथा मातृभाषा साहित्यको समृद्धि र विश्वव्यापीकरणका लागि प्रस्तुत **अनुवादक परिचय कोश**को निर्माण गरिएको हो।

प्रस्तुत कोशमा नेपाली, अङ्ग्रेजी, हिन्दी, उर्दू, चिनियाँ, जर्मन, जापानी, रुसी, फ्रेन्च, संस्कृत, नेपाल भाषा, मैथिली, भोजपुरी, अवधी, बङ्गाली, असमिया आदि भाषाहरू बिचमा अनुवाद भएका कृतिहरूबारे विवरण समावेश गरिएको छ। नेपाली साहित्यको लेखन स्तर बढाउन तथा यसलाई विश्व साहित्यमा प्रतिष्ठापित गर्नका लागि विश्वका श्रेष्ठ कृतिहरूको अनुवाद नेपाली भाषामा होस् र नेपाली साहित्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवाद अङ्ग्रेजी, हिन्दी लगायत अन्य भाषामा होस् भन्ने महान् उद्देश्य लिएर **अनुवादक परिचय कोश** निर्माणको यो ऐतिहासिक कार्य सम्पन्न भएको छ । अनुवाद सम्बन्धी शोध र अनुसन्धान गर्ने अध्येता एवम् शोधार्थीहरूलाई प्रस्तुत कोश अत्यन्त सहयोगी र उपयोगी हुनेछ भन्ने हाम्रो विश्वास छ । यस कर्मद्वारा अनुवाद साहित्य सार्थक हुनेछ र अनुवादक साहित्यकारहरू सम्मानित एवम् प्रोत्साहित हुनेछन् भन्ने आशासहित विद्वत पाठकसमक्ष हामीले यो कोश पेश गरेका छौं ।

यस कोशका प्रधान सम्पादक प्रा.डा. गोविन्दराज भट्टराईज्यूको उल्लेखनीय कार्यप्रति अनुवाद विभागका तर्फबाट विशेष आभार प्रकट गर्दछु । उहाँको सहयोगविना यो काम सम्पन्न गर्न सम्भव थिएन । पथप्रदर्शन तथा विशेष सुझाव तथा सल्लाहका लागि प्रा.डा. अभि सुवेदीप्रति सदा आभारी रहने छु । साथै यस अनुष्ठानलाई सम्पन्न गर्ने सम्पादक मण्डलका विद्वान्हरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । यस कोश निर्माणमा सहयोग गर्ने अनुवादक साहित्यकारहरू र विभिन्न विद्वान्हरूबाट प्राप्त सुझाव र सल्लाह अत्यन्तै प्रेरणादायी रहेको छ । यस प्रस्तावलाई समर्थन गरी हौसला बढाइदिनुहुने नेपाल प्रज्ञा-प्रतिष्ठानका आदरणीय कुलपतिज्यू, उपकुलपतिज्यू, सदस्य सचिवज्यूप्रति आभार व्यक्त गर्दछु । यस कार्यमा सहयोग गर्ने प्रतिष्ठानकै योजना विभाग प्रमुख सन्ध्या पहाडी, प्रकाशन विभागका शशि चालिसे, रञ्जन घिमिरे, वसन्तराज अज्ञात र मुद्रण विभागका सबै कर्मचारीहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछु । भाषा सम्पादनका लागि रवीन्द्र तिमसेनालाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

मुलुकको सर्वाङ्गीण विकासका क्रममा नेपाली भाषा साहित्यको व्यापक प्रचार, विकास तथा विस्तारमा यस कोशले महत्त्वपूर्ण योगदान दिन सकोस् भन्ने शुभ कामना ।

प्रा.डा. उषा ठाकुर
निर्देशक
अनुवादक परिचय कोश
प्रमुख, अनुवाद विभाग, नेपाल प्रज्ञा-प्रतिष्ठान
जेठ, २०७५
ushathakur51@gmail.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधान सम्पादकको कलमबाट

अनुवाद विभागको स्थापना

दोस्रो जनआन्दोलनपश्चात् नेपालका कतिपय संस्थाको पुनःसंरचना भयो । तीमध्ये एक हो **नेपाल प्रज्ञा-प्रतिष्ठान** । यसको पुरानो नाम **नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान** थियो । नाम मात्र होइन, केही संरचनागत परिवर्तन पनि भए । एउटा थियो कुलपतिको प्रावधान । सोही अनुसार पहिलो कुलपतिमा वि.सं. २०६५ मा श्री बैरागी काइँला आउनुभयो । त्यसपछि केही विभाग पनि थपिए । ती थिए– मातृभाषा विभाग, सामाजिक शास्त्र विभाग, बाल साहित्य र लोकवार्ता विभाग अनि अनुवाद विभाग । यी कुरा समयको माग अनुसारका परिवर्तन थिए ।

बैरागी काइँलाको कुलपतित्व कालमा श्री गङ्गाप्रसाद उप्रेती उपकुलपति हुनुहुन्थ्यो । त्यसपछिको कार्यकालमा उप्रेतीज्यू नै कुलपतिका रूपमा आउनुभयो । उहाँको कार्यकाललाई यस्ता नयाँ विभागलाई राम्ररी स्थापित गर्ने श्रेय जान्छ ।

भाषा साहित्यमा काम गर्नेहरूले नित्य नै एउटा अन्तरापृष्ठ (इन्टरफेस) मा पसेको अनुभव गर्दछन् । त्यो स्थान वा क्षेत्र हो अनुवाद । किनभने अनुवाद दुईतिर जोडिएको वा जोड्ने तत्त्व हो । यो एक द्वैभाषिक एवम् द्वैसांस्कृतिक साँघु हो । सर्वप्रथम ता आफ्नै परिवेशका स्थानीय भाषाबाट यो सुरु हुन्छ । यस्तो ठाउँमा मौखिक अनुवाद चल्छ; दोभाषेले काम गर्छन् । अनुवादको स्तर बढ्दै गएपछि सन्देश प्रेषक र प्रापकलाई देश र कालले छुट्याउँदै लगेपछि मौखिक अनुवाद असम्भव हुन्छ र लिखित माध्यम आवश्यक पर्न थाल्छ । यसरी एक देश, काल वा भाषाको सन्देश अन्य देश, काल वा भाषामा पुऱ्याउने क्रममा अनुवाद कार्यको सुरुवात भएको हो ।

विश्वका भाषा साहित्य पनि अनुवादको सहयोगले नै विस्तारित, प्रभावित, सुसूचित हुने गर्दछन्, अनि सभ्यताको उन्नतिमा ज्ञान र सूचनाको आदान प्रदान अनि भण्डारणमा योगदान पुऱ्याउँछन् । साँच्चै भनौं भने नेपाली वाङ्मयको जग पनि अनुवाद नै रहेको छ । प्राचीन, माध्यमिक र आधुनिक तीनवटै कालमा अनुवाद कर्महरू त्यतिकै भएका छन् तर भाषा र कृतिको चयन भने समयानुसार फरक हुँदै जाँदो रहेछ । सुरुमा मूल संस्कृतबाट नेपालीमा एकतर्फी अनुवाद, अनुकूलन आदि हुने गर्थ्यो । बौद्ध साहित्यको विस्तारमा पाली चल्यो, टाढाको ज्ञान ल्याउने फारसी, उर्दू आए । त्यसको करिब दुई शताब्दीपश्चात आजको नेपाली अनुवाद सन्दर्भमा अङ्ग्रेजी मुख्य भाषा भएको छ; यद्यपि अबको अनुवाद एकतर्फी छैन; दुईतर्फी बनेको छ । यो बहुतर्फी बन्दै छ; अङ्ग्रेजी मात्र नभई नेपाली साहित्य र अन्य भाषाबिच भएका अनुवादमा संलग्न भाषाहरू हेर्दा असमिया, बङ्गाली, हिन्दी, अङ्ग्रेजी, मैथिली, संस्कृत, पाली आदि बिच आदान प्रदान भएको देखिन्छ । नेपाली अनुवादले पनि बिस्तारै बहुदिशा पक्रिँदै छ । बहुभाषी मुलुकमा यो आवश्यक हुँदै जान्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवाद ग्रन्थसूची प्रसङ्ग

नेपालमा अहिलेसम्म प्रचलित अनुवाद-आयाम निकै भिन्न प्रकृतिको छ। यहाँ देशभित्रका भाषा साहित्यबिचको अन्तर्भाषिक अनुवाद नगण्य; बरु देशबाहिरका धेरै भाषा यसमा पसेका छन्। यहाँ धेरै कृति अङ्ग्रेजी भाषाबाट आएका छन्, अङ्ग्रेजीमै जान्छन् यद्यपि नेपालबाट उत्पादित अङ्ग्रेजीको स्तर आफ्नै खालको छ किनभने साहित्य-सिर्जनामा अङ्ग्रेजी भाषाको प्रयोग नगण्य छ। सम्बन्धित भाषामा आफ्नो सिर्जनात्मक अभ्यास र चिन्तन नहुने व्यक्तिले गरेको अनुवाद पनि विचारणीय हुन्छ। सन् २०१५ की नोवेल पुरस्कार विजेता बेलारसियन लेखिका अलेक्सिएभिच स्वेतलानाका कृतिहरु ३२ भाषामा अनुवाद भएपछि मात्र उनी त्यो विजयी स्थानमा पुगिन्। नोवेल पुरस्कार प्राप्त गरेपछि पत्रकारले सोधे- "अब यो पुरस्कार राशिले के गर्नुहुन्छ ?" उनले भनिन्- "राम्रा अनुवादक राख्छु, राम्रा सम्पादक राख्छु। हाम्रो अनुवादको स्थिति जहाँ छ, हाम्रो बौद्धिकता पनि त्यहीँ हुन्छ, राष्ट्रको उन्नति पनि त्यहीँसम्म हुन्छ।"

वि.सं. २०५९ मा प्राज्ञ माधवलाल कर्माचार्यको सक्रियतामा तयार भई नेपाल (राजकीय) प्रज्ञा-प्रतिष्ठानले छपाएको **अनुवाद ग्रन्थसूची** एउटा महत्त्वपूर्ण कोसेढुङ्गा हो। त्यस वेलासम्मको अध्ययन अनुसार सबैतिर मिलाएर नेपाली वाङ्मयको तथ्याङ्कमा जम्मा ७३५ वटा कृतिको अनुवाद भएको देखिन्छ। यो २१ वटा भाषा संलग्न भएको दुईतर्फी कर्मको अभिलेख हो। हाम्रा नामी लेखकका कृति मुस्किलले एक वा दुई भाषामा पुगेका देखिन्छन्। तर सो ग्रन्थसूचीमा कृतिको आधारले दिइएको अत्यन्तै सूक्ष्म सङ्केत मात्र छ।

तर त्यसमा उल्लेख हुन नसकेका र त्यसयताका धेरै अनुवादक र अनूदित कृति पनि प्रस्तुत कोशमा थप भएका छन्। उस वेला नेपाली साहित्य सम्मेलन दार्जिलिङका आर.पी. लामाबाट उहाँले साहित्य अकादेमी दिल्लीलाई बुझाउनु भएको सूची मलाई प्राप्त भएको थियो र त्यसलाई **अनुवाद ग्रन्थसूची**मा पनि समावेश गरेका थियौँ। यसरी नेपालमा अनुवाद सम्बन्धी गरिएको पहिलो अध्ययन संलग्न भाषा र कृतिको सङ्ख्याबाट गरियो। त्यसको १६ वर्षपछि गरिएको यसमा कृति होइन; व्यक्ति (अनुवादक) को सङ्ख्या अनुसार अध्ययन गरिएको छ। एक अनुवादकले गरेजति सबै खाले अनुवाद एकै ठाउँमा राखेर प्रस्तुत गरेका छौँ। यसरी हेर्दा एक व्यक्तिले एकभन्दा बढी ८-१० वटासम्म (अझै धेरै) कृतिको अनुवाद गरेका छन्। वसन्त शर्म्मा नेपाल, नारायणप्रसाद अधिकारी जस्ता अध्येताले १५ भन्दा बढी कृतिको अनुवाद गरेका छन्। प्रस्तुत ग्रन्थमा ६०० जति यस्ता व्यक्तिका प्रविष्टि रहेका छन्। यसरी हेर्दा एक व्यक्तिको भागमा तीन कृति पर्ने हुन् भने पनि सरदर २००० कृतिको अनुवाद भएको चर्चा हुनुपर्छ, फेरि एकभन्दा बढी अनुवादक भएका कृति र अरू शीर्षक अन्तर्गत अरू अनुवादक छन्। त्यसरी जाँदा सालाखाला नेपाली साहित्यभित्र ३००० कृतिको अनुवाद कर्म भएको होला। कुनै कृति नेपाली भाषाभित्र आउने छन्, कुनै अन्यत्र जाने छन् तर आउनेको सङ्ख्या धेरै बढी छ। कति थाहा नपाइएका छन् त्यसको पुनः अध्ययन हुन आवश्यक छ।

अघि (इ. १९९६ मा) भर्खरै अनुवाद अध्ययन विषयमा भारतको हैदराबाद विश्वविद्यालयबाट विद्यावारिधि गरेर फर्केको बेला यो मन ठुलो उत्साहले भरिएको थियो। नभन्दै सो उत्साहलाई अघि बढाउने कर्महरू पनि हुन थाले। वि.सं. २०५७ देखि त्रिविको मानविकी अन्तर्गतको भाषा विज्ञान विभाग अनि शिक्षाशास्त्र अन्तर्गतका अङ्ग्रेजी तथा नेपाली विभागले स्नातकोत्तर तहका पाठ्यक्रममा अनुवाद समावेश गरे। यताका दुई दशकमा स्नातक तहदेखि एम.फिल. हुँदै विद्यावारिधिसम्म अनुवाद अध्ययन पुग्यो र नेपालबाटै यस विषयमा विद्यावारिधिको उत्पादन हुन थाल्यो। यो अत्यन्तै ठुलो हर्षको कुरा हो। समयको आह्वान अनुसार नै नेपाल प्रज्ञा-प्रतिष्ठानले पनि अनुवाद अध्ययन अनुसन्धान विषयलाई उच्च प्राथमिकता दिएकाले हामी यो ग्रन्थ निर्माणमा लाग्न पायौँ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गम्भीर अध्ययन अनुसन्धानको आवश्यकता

हाम्रो देशमा अनुवादको लामो परम्परा रहेकाले यसको माग र महत्त्व दिनानुदिन बढ्दै गएको छ। यद्यपि यसको व्यवस्थित तथ्याङ्क र सामग्री सङ्कलनपट्टि ध्यान नपुगेकोले अझै आउने अध्येताले निराश हुनुपर्ने स्थिति छ। हालसम्म निर्मित साहित्यकार कलाकार कोशहरूमा अनुवादकलाई कुनै समय र स्थान छुट्याइएको छैन। श्री जयदेव भट्टराईको **साहित्यकार परिचय र अभिव्यक्ति** (२०५४) मा स्रष्टा परिचय अन्तर्गत सर्वप्रथम मूल सिर्जना छुट्याएपछि *सम्पादित, अनूदित* र *फुटकर* भन्ने शीर्षकले अनुवाद कर्महरुलाई सङ्केत गरेको छ; श्री विष्णु प्रभात सम्पादित प्रज्ञा प्रतिष्ठानको **साहित्यकार कलाकार कोश** (वि.सं. २०७०) मा पनि यही फर्म्याट साभार छ तर यी दुवै ग्रन्थमा 'अनूदित' कृतिको कुनै विवरण छैन। नहुनु पनि स्वभाविकै छ; ती कोशहरू साहित्यलाई चिनाउने उद्देश्यले बनेका थिए, अनुवादकलाई होइन; साहित्यकार र अनुवादक अलग अलग हुन् भन्ने मान्यता थियो तर अब प्रस्तुत ग्रन्थको प्रकाशनले अनुवाद पनि साहित्य नै हो; सिर्जना र अनुवाद एकै व्यक्तिका कर्मका भेद मात्र हुन्, अनुवादक र स्रष्टा दुवै कलाकर्ममा हुन्छन् भन्ने कुरा प्रस्ट गर्दै लानेछ। अन्यत्र पनि साहित्य समालोचना, साहित्य इतिहास जस्ता विधाभित्र पनि अनुवाद कर्म तथा अनुवादकहरू समेत उपेक्षित स्थानमा लुकेर बसेका भेटिन्छन् भन्ने कुरा प्रस्ट हुँदैछ। त्यसो त नेपाल प्रज्ञा-प्रतिष्ठानले स्थापना कालदेखि नै अनुवाद कर्मलाई महत्त्व दिँदै आएको हो। आजसम्ममा यसले १५० जति अनूदित पुस्तकको प्रकाशन गरिसकेको छ। (त्यसको भिन्नै सूची पनि बनाउनु आवश्यक छ।) तर अनुवाद र अनुवादकको स्थान के कस्तो हुनुपर्छ भन्ने विषयको छलफल ज्ञान र सैद्धान्तिक आधार बनिनसकेकाले अहिले हेर्दा अतीतको अनुवादको इतिहास चिन्ताजनक स्थितिमा देखिन्छ। एउटा उदाहरण :

अनातोले फ्रान्सको उपन्यास **थाया**लाई सोही शीर्षकमा मुकुन्दनाथ रिमालले गरेको अनुवाद (वि.सं. २०१४),

आन्द्रे जिदको **स्ट्रेट इज द गेट**लाई आनन्दप्रसाद ढुङ्गानाले **साँघुरो ढोका** शीर्षकमा गरेको अनुवाद (वि.सं. २०२७),

कृष्णविलाश उपाध्यायले विश्वका २७ देशका कथालाई **विश्वका लोककथा** शीर्षकमा गरेको अनुवाद (वि.सं. २०३०)

पूर्णबहादुर एम.ए.ले **चिनियाँ लोककथा** शीर्षकमा गरेको अनुवाद (प्रकाशित वि.सं. २०३०) र,

फणिन्द्रप्रसाद आचार्यले **ईशपका कथा** शीर्षकमा ग्रिसेली दन्त्यकथाको अनुवाद (वि.सं. २०३२)।

विश्व साहित्यलाई नेपालीमा ल्याउने सोच र सामर्थ्य भएका यी अनुवादक साना व्यक्ति थिएनन्। एकेडेमीले पनि अनुवाद गर्न लगाएर तिनीहरूका अनूदित कृति छपाएर ठुलो कर्म गरेकै थियो। तर एकेडेमीबाट हालै प्रकाशित **साहित्यकार कलाकार कोश** (वि.सं. २०७०) मा यी पाँचै जनाको नाम छुट्न पुगेको छ। सन् १९२१ का नोवेल पुरस्कार विजेता फ्रान्सेली कवि पत्रकार, उपन्यासकारको मास्टरपिस **थाया**को अनुवाद गर्ने मुकुन्दनाथ रिमाल; त्यसै गरी सन् १९४७ को नोवेल पुरस्कार प्रापक फ्रान्सेली आख्यानकार आन्द्रे जिदको **स्ट्रेट इज द गेट** शीर्षक उपन्यासलाई **साँघुरो ढोका** शीर्षकमा नेपालीमा ल्याउने आनन्दप्रसाद ढुङ्गाना लगायत पाँचै जना त्यस्तै व्यक्तिहरू थिए तर कोशमा उनीहरू छुट्न पुगेका छन्। नेपालमा अनुवादकको स्थिति के कस्तो रहेछ भन्ने दृष्टान्त दिनलाई यति नै पर्याप्त होला। एक दुईवटा मात्र होइन आठ दसवटा महत्त्वपूर्ण ग्रन्थका अनुवादक तिलक केसी अथवा गोपाल दुलाल जस्ता अनेकौं अनुवादकर्मी लेखकहरुको नाम कुनै साहित्यकार कोशको प्रविष्टिमा पाइँदैन। गोपाल दुलालले गरेका कर्म हेर्दा आश्चर्य लाग्छ। अब उप्रान्त साहित्यिक समाजले अनुवादकप्रति कुनै प्रकारको भेद गर्ने छैन भन्ने कुरा सुनिश्चित गर्नुपरेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिस्तारै नेपालीका अनुवादक/साहित्यकारले अनुवाद क्षेत्रका अनेक पक्षलाई राष्ट्रिय वाङ्मय सँगसँगै उनेर लानुपर्ने र यसको समुन्नतिमा राष्ट्रले पनि जिम्मेवारी बोध गर्नैपर्ने कुरा उठ्दै गयो । वि.सं. २०६३ पछिका अनेक गोष्ठी सम्मेलनमा यसतर्फ वारम्बार औल्याउँदा वि.सं. २०६५ मा पुनर्गठित नयाँ एकेडेमीले नया विभागहरु खोल्ने क्रममा **अनुवाद विभाग** पनि थप्यो । त्यसपछि विभागले चुनिएका कृतिको अनुवाद प्रकाशन गराउन थाल्यो; **रूपान्तरण** नामक अनुवाद विषयक नियमित जर्नलको प्रकाशन आरम्भ गऱ्यो । **सयपत्री** र **जर्नल अफ नेप्लिज लिट्रेचर, आर्ट एन्ड कल्चर**ले पनि अनुवादलाई केही स्थान दिन थाले । यी महत्त्वपूर्ण कुरा हुन् जसले अनुवाद अध्ययनको निमित्त आधारशिला बनाइरहेका छन् । त्यसो त अनुवाद अध्ययन विषय नै जटिल छ किनकि यस अन्तर्गत अनुवादको उद्देश्य, गुणस्तर, लक्षित पाठक जस्ता धेरै कुरा आउँछन् । सिर्जना स्वतःफूर्त स्वाभाविक हुन्छ तर अनुवादलाई यसको उद्देश्य र धेरै पक्षले प्रभाव पार्दछन् ।

अनुवादक परिचय कोशको कार्यढाँचा

अनुवादक, अध्येता, अनुसन्धाता बढ्दै गएको परिवेशमा एउटा **अनुवादक परिचय कोश** तयार गर्नुपर्छ भन्ने विचार पनि नेपाली स्रष्टा/अनुवादकमा आउन थाल्यो । हामीले प्रस्ताव राख्यौँ, बिस्तारै एकेडेमीले त्यसको स्वीकृति दिने निर्णय गऱ्यो । यसको सम्पूर्ण श्रेय कुलपति श्री गङ्गाप्रसाद उप्रेतीज्यू र उहाँको टिमलाई जान्छ । निरन्तर पहल गरी यस कर्मलाई गति दिने कार्यमा वर्तमान अनुवाद विभाग प्रमुख प्रा.डा. उषा ठाकुर पनि त्यतिकै उत्साहले लाग्नुभयो र तीन वर्षअघि **अनुवादक परिचय कोश** तयार पार्ने भनी एक समितिको निर्माण भयो जो यस प्रकार छ :

प्रा. डा उषा ठाकुर (निर्देशक)
प्रा. डा. गोविन्दराज भट्टराई (प्रधान सम्पादक)
प्रा. डा. योगेन्द्र यादव (नेपाल भाषाबाहेकका मातृभाषा संयोजक)
श्री जयदेव भट्टराई (नेपाली-अङ्ग्रेजी प्रविष्टि)
श्री बलराम अधिकारी (अङ्ग्रेजी-नेपाली प्रविष्टि)
श्री नवीन चित्रकार (नेपाल भाषा-नेपाली प्रविष्टि)
श्री माधव लामिछाने (संस्कृत-नेपाली प्रविष्टि)

यसले आरम्भका बैठकमा सूचना सङ्कलनका निमित्त आवश्यक पर्ने एक तालिका निर्माण गऱ्यो । नेपालमा अनुवाद/अनुवादक विषयमा व्यवस्थित अध्ययन नभएकाले गर्दा तिनका बारेमा कहीँ अधिमूल्यन कहीँ अवमूल्यन गरिएका उदाहरण पाइएका छन् । अनुवाद एउटा द्वैभाषिक एवम् द्वैसांस्कृतिक विषय र कर्म हो । यी दुई कुराको बिचबाट 'तेस्रो साहित्य' उत्पादित हुन्छ भन्ने विज्ञहरूको मत छ । यस (त्यो बिचको स्थिति) लाई अन्तरापृष्ठ इन्टरफेस भनिन्छ । अनुवादक सधैँ अन्तरापृष्ठको यात्रामा हुन्छ ।

अघि धेरै अनुवाद हुने ठाउँ ग्रिसमा स्थापित 'जानस' नामका देवताका दुईमुखे शिर भएको मूर्ति ग्रिस र रोमका मन्दिरमा यत्रतत्र पाइन्छन् । एउटा मुख पूर्व अथवा स्रोतपट्टि र अर्को मुख पश्चिम अथवा लक्षपट्टि फर्केका हुन्छन् । यो दुई अज्ञात भाषाबिच हुने मिलनको योजक तत्त्व अनुवादको प्रतीक थियो । यो स्रोत भाषा र लक्ष्य भाषाका बिचमा उत्पन्न हुने एक तेस्रो तत्त्व हो । यसलाई तिरुमलेश जस्ता भारतीय विद्वान्ले तेस्रो साहित्य (लिट्रेचर थ्री) नाम दिएका छन् ।

अनुवाद विषयक जुनसुकै लेखमा, परिचयात्मक अध्ययन वा अनुसन्धानमा छवटा कुराको टुङ्गो लगाउनै पर्ने हुन्छ । ती हुन्–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. स्रोत भाषा (तथा कृति शीर्षकको) उल्लेख
२. स्रोत लेखकको परिचय
३. स्रोत कृतिको शीर्षक प्रकाशक/वर्ष, संस्करण, विधा र परिचय
(अनूदित कृति कुनै माध्यम भाषा (Link Language) बाट भएको भए त्यसको विवरण)
४. लक्ष्य भाषा (तथा कृति शीर्षकको) उल्लेख
५. लक्ष्य लेखक (अनुवादक) को परिचय
६. लक्ष्य कृतिको शीर्षक, प्रकाशक, वर्ष, संस्करण, विधा र परिचय ।

यसरी तीन कुराले स्रोतलाई र तीन कुराले लक्ष्यलाई सँगै लानुपर्छ भन्दछन् । समितिले आफ्नो परियोजनालाई अघि बढाउन यस्ता कुरा अटाउने फाराम बनाइसकेपछि इमेल, हुलाक, हाते माध्यमद्वरा अनेक ठाउँमा पठायौँ । प्रत्येक सदस्यलाई एकएक भाषा क्षेत्रको भाग लगाइएकाले आआफ्ना क्षेत्रका काम अगाडि बढाउन सजिलो भयो र परिणाम (अर्थात् प्रविष्टि सङ्कलन फाराम) आउन थाले । सभा सम्मेलनमा पनि प्रचार गर्‍यौँ । एकेडेमीमा अनुवाद विभागले गरेका प्रत्येक कार्यक्रममा सङ्कलित अनुवादकहरूको सूची छाप्दै त्यस्तै भेलामा वितरण गर्दै गर्‍यौँ । यसले गर्दा हाम्रो अनुरोध टाढा नजिक धेरैतिर पुग्यो । फेसबुक पेज, मेसेन्जर र अरू माध्यमले पनि खबर पुर्‍यायौँ । विद्वान्-विदुषीहरूले सम्पर्क गर्न थाल्नुभयो ।

यसमा धेरै स्रष्टा जिज्ञासुबाट पनि सहयोग प्राप्त हुँदै गयो । सम्पादन मण्डलमा नरहेका अन्य अध्येता अनुसन्धाताबाट पनि अनुवादक खोज्ने र प्रविष्टि थप्ने कार्यमा सहयोग प्राप्त हुँदै गयो । यस सन्दर्भमा विशेष गरी सुकुम शर्मा (त्रि.वि. नेपाली केन्द्रीय विभाग) को नाम र काम धेरै महत्त्वपूर्ण छ । पुरानो नेपाली भाषा व्याकरणका अध्येता विद्वान् शर्माले इटन, डङ्कन, टर्नर जस्ता अनकौँ विदेशी विद्वान्ले नेपाली भाषा सिक्न सिकाउन अनुवादका कस्ता जुक्ति र उपायको अवलम्बन गरेका थिए र उनीहरूका कुन कृति कसरी निस्किए भन्ने सम्बन्धमा महत्त्वपूर्ण स्रोत जुटाई उहाँले हामीलाई निकै प्रविष्टि बुझाउनुभयो । त्यसै गरी अनुवाद अध्ययनमा अङ्ग्रेजी शिक्षा विभाग, त्रिविका प्रथम विद्यावारिधि डा. नवराज न्यौपाने (पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा) ले पनि निकै प्रविष्टि थप्नुभयो । प्रत्येक प्रविष्टिको अन्त्यमा सङ्कलकका एक-शब्दे नाम दिइएका छन् । जो यसप्रकार छन्–

डा. गोविन्दराज भट्टराई (गोविन्द)
श्री जयदेव भट्टराई (जयदेव)
श्री बलराम अधिकारी (बलराम)
श्री नवीन चित्रकार (नवीन)
श्री माधव लामिछाने (माधव)
श्री सुकुम शर्मा (सुकुम)
डा. नवराज न्यौपाने (नवराज)

थोरै प्रविष्टि थप्नेहरू डा.यामबहादुर पौडेल (यामबहादुर), श्यामसुन्दर शशी (शशी), विक्रम त्रिपाठी (विक्रम) अनि शिव रेग्मीको नाम उल्लेख छ । अनुवादकबारे आफूले थाहा पाएको कुरा बताउने अनेक स्रष्टा हुनुहुन्छ । बुटवलका अनुवादकबारे गोपिरमण उपाध्यायले जानकारी गराउनुभयो, स्रष्टा जय छाङ्छाले दिल्ली, असम, सिक्किम, दार्जिलिङका अनुवादकसित सम्पर्क गराउने, कृति मगाउने जस्ता काम गर्नुभयो, दार्जिलिङकी डा. वीणा हाङ्खिमबाट त्यस्तै सहयोग मिल्यो । लेखक हरि गौतमबाट पनि केही दुर्लभ सामग्रीहरु उपलब्ध भए । सबैकी संयोजक भएर विभागीय प्रमुख प्रा. डा. उषा ठाकुर कार्यालयमै उपलब्ध हुनुहुने भएकाले धेरैको सोधपुछ, फाराम वितरण, सङ्कलन, तिनको समावेश उहाँसित हुन गयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी विभिन्न व्यक्ति समूह मिलेर तयार पारिएका कोश तथा विश्वकोशमा यसरी नै प्रविष्टि लेखकको नाम दिने चलन छ। नेपालमै पनि एकेडेमीद्वारा प्रकाशित **नेपाली साहित्य कोश** (संयोजक कृष्णचन्द्रसिंह प्रधान-वि.सं. २०५५) र **नेपाल लघु विश्वकोश** (संयोजक माधवलाल कर्माचार्य-वि.सं. २०६८) पनि यसका उदाहरण छन्। खोजकर्ताले सुरुमा प्रस्तुत गर्नु भएका प्रविष्टिको सङ्ख्या सम्पादन गरिसक्दा थपघट पनि हुँदै जाने भएकोले अन्त्यमा ठहर भएका मात्र यहाँ प्रस्तुत छन्।।

परिवेशले सिकाएका केही कुरा बिचमा थपिए। अघिल्लो पटक (वि.सं. २०७३) असम भ्रमणमा जाँदा धेरै अनुवादकसित मेरो भेट भएको थियो। त्यहाँ धेरै स्रष्टा अनुवाद कर्ममा लागेको र त्यसको चर्चा र चिन्तामा लागेको देखें। कारण, भारतमा साहित्य अकादेमीको नीतिले गर्दा संविधानको आठौं अनुसूची अन्तर्गत पर्ने २४ वटा भाषाका एकएक अनुवादकले प्रत्येक वर्ष अनुवाद पुरस्कार प्राप्त गर्दा रहेछन्। ती भाषा यस प्रकार छन् १. असमिया, २. बङ्गाली, ३. बोडो (इ. २००५ देखि), ४. डोगरी (इ. १९७० देखि), ५. इङ्लिस, ६. गुजराती, ७. हिन्दी, ८. कश्मीरी, ९.कन्नड, १०. कोङकणी (इ. १९७७ देखि), ११. मैथिली (इ. १९६६ देखि), १२. मलायालम, १३. मनिपुरी (इ. १९७३ देखि), १४. मराठी, १५. नेपाली (इ. १९७७ देखि), १६. उडिया, १७. पञ्जाबी, १८. राजस्थानी (इ. १९७४ देखि), १९. संस्कृत, २०. सन्थाली (इ. २००५ देखि), २१. सिन्धी (इ. १९४७ देखि), २२. तामिल, २३. तेलगु र २४. उर्दू।

भारतीय नेपाली साहित्य अन्तर्गत अनूदित कृतिले (वा अनुवादले) त्यहाँ 'अनवाद पुरस्कार' पाउने परम्परा देख्दा खुसी लाग्यो। सन् १९८९ मा प्रथम अनुवाद पुरस्कार प्रापक स्रष्टा **नेपाली साहित्य सम्मेलन दार्जिलिङ**का वर्तमान अध्यक्ष कर्ण थामी थिए भने सन् २०१७ को लागि दिइने अनुवाद पुरस्कार प्रापक तेजपुर, असमका चन्द्रमणि उपाध्याय रहेका छन्। यसरी आजसम्ममा २२ जना स्रष्टालाई अनुवाद पुरस्कार प्राप्त गराउने अनूदित कृति हेर्दा असमिया, बङ्गाली, हिन्दी, अङ्ग्रेजी, संस्कृत जस्ता भाषाका उत्कृष्ट कृतिको चयन भएको देखिन्छ। अन्य भाषाबाट नेपालीमा अनूदित कृतिहरूको मूल्याङ्कन गराई उत्कृष्टलाई पुरस्कार प्रदान गर्ने चलन रहेको छ। अन्य भाषाका उत्कृष्ट कृति आफ्नोमा ल्याउने परम्पराले गर्दा उताको नेपाली साहित्यले विचार, शैली, संस्कृति र भावनाका नवीन शृङ्खला पनि सिक्दै छ। साथै भाषा संस्कृतिको सघन मिश्रण पनि स्वीकृत छ। नेपाली साहित्यका पनि राम्रा कृति निस्के भने अन्य भाषाको भण्डारमा पुग्ने सम्भावना मैले देखें। धेरै कृति त्यसरी गएका पनि छन् – **मुनामदन, बसाईं, शिरीषको फूल, अथाह, खहरे** यस्ता अनेक दृष्टान्त देखिए।

सन् २०१६ को साहित्य अकादेमी अनुवाद पुरस्कार प्रापक तेजपुर, असमका ज्ञानबहादुर छेत्री, सन् २०१५ का बाल साहित्यतर्फका पुरस्कार प्रापक सिलिगुडीका श्री मुक्तिप्रसाद उपाध्याय लगायतका स्रष्टाहरू गत वर्ष नेपाल एकेडेमीको कार्यक्रममा भाग लिन यहाँ आएका बखत भेट भयो र उहाँहरूले त्यो अनुवाद-भूमि (पूर्वाञ्चल भारत) भ्रमण गर्न मलाई पनि निम्तो दिनुभयो। यता दार्जिलिङ, सिक्किमका लेखकबाट अनुवादक सूची मगाउँदै थिएँ, सम्पर्क बढ्दै थियो। भौगोलिक दूरत्वले गर्दा पूर्वोत्तर भारतको धेरै उपलब्धि यता थाहा नलाग्दो रहेछ। यतिकैमा असमको लामडिङ्गबाट प्रकाशित हुने **विन्दु**का सम्पादक श्री के.बी. नेपालीले एउटा लघु आकारको **साहित्यकार परिचय कोश** (वि.सं. २०७४) को प्रकाशन गर्नुभएको रहेछ। श्री मुक्ति बरालबाट सो सूचनात्मक ग्रन्थ मकहाँ आइपुग्यो र हेर्दा छक्क परें। त्यहाँ हेर्दा के देखियो भने ४०-५० जनाभन्दा धेरै स्रष्टा लेखकहरू अनुवादमा अनुबन्धित छन्, काम गर्दै छन्। कोही दिल्लीको, कोही कलकत्ताको, कोही साहित्य परिषद्को, कोही अन्य अर्थात् निजी सोखका लागि र कोही नेपालका स्रष्टाको अनि साहित्य सेवाको।

त्यसैले सन् २०१८ लाग्ने वेला (वि.सं. २०७४ मङ्सिर २५ देखि) म २२ दिने यात्रामा निस्किएँ। अनुवादक मुक्ति उपाध्याय साथमा हुनुभएकोले सिलिगुडीदेखि सूचना सङ्कलन गर्दै गुवाहाटी, तेजपुर,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गमिरी, डिब्रुगढ, डिग्बोई, दुलियाजान हुँदै सीमान्त प्रदेश जागुनसम्म पुग्यौं । लेखक/अनुवादकसँग भेट गर्दै, सूचना सच्याउँदै नयाँ सङ्कलन गर्दै, पुस्तक/कृति उपहारसँग हामी फर्किर्यौं । मेरा एक महिना गए । यो सबै स्वयम्सेवी कर्म थियो तर यस्तो अपार सफलताको उत्साहले म तानिएको थिएँ । यस क्रममा लीलबहादुर क्षत्री, नव सापकोटा, मुन्नी सापकोटा, डा. खगेन शर्मा, छविलाल उपाध्याय, गीता उपाध्याय, ज्ञानबहादुर क्षत्री, डा. खेमराज नेपाल, मित्रदेव शर्मा, चन्द्रमणि उपाध्याय, उताका युद्धवीर राणा, खड्कराज गिरी, भीम धमला गर्दै ६०-७० स्रष्टा अनुवादकसित प्रत्यक्ष भेट भयो । म एउटा संयोग सम्झिन्छु – एकदिन तेजपुरका चन्द्रमणि उपाध्यायका घरमा चियापान गरी डिग्बोई यात्राका लागि निस्केका थियौं । भोलिपल्ट उहाँले अनुवादमा सन् २०१७ को सम्मानित अकादेमी पुरस्कार प्राप्त गरेको सूचना प्रकाशित भयो । उताबाट फर्केपछि सिलिगुडीमा पनि भेटघाट भयो – नरबहादुर दाहाल, भविलाल लामिछाने, ज्ञानेन्द्र खतिवडा, तुलसी भट्टराई, राजेन्द्र ढकाल, सुकराज दियाली, थमन नौवाग सबै मिलेर एक नयाँ तरङ्ग सिर्जना गरेका रहेछन् ।

यता विभागीय प्रमुख प्रा.डा. उषा ठाकुरले बाँकी सूचना सङ्कलन गर्ने, सम्पर्कहरू जुटाउँदै जाँदा विशेष गरी त्यस वेलासम्ममा जम्मा भएका प्रविष्टिको एक प्रति ग्रन्थ देखाई सूचकहरूका हातबाटै फेरि सुधार र थपघट समर्थन गराउँदै जानुभयो । कति कर्म ता फोन सम्पर्कले पनि गरायो । अन्तिमको कार्यमा हामी सबै जना यसै गरी पाँच-छ महिना खट्यौं ।

ज्ञानकोशको निर्माणमा प्रज्ञा–प्रतिष्ठान

सबैको प्रेरणा र उत्साहले यस्तो अवस्थामा आइपुगियो तापनि यो कर्म पूरा भएको छैन; निर्माणाधीन छ । जति प्रयत्न गरे पनि एकै प्रयत्नमा राजपथ नबन्दो रहेछ; एउटा गोरेटो मात्रै । **अनुवादक परिचय कोश**का लागि तथ्याङ्क विवरण माग्दा कति स्रष्टाबाट विवरण पाउन सकिएन । सबैले यसको परिणाम यस्तो होला भन्ने अनुमान गर्न नसकेर अर्थात् त्यति गम्भीरतासाथ नलिएर पनि कति व्यक्ति छुटेका छन् । पूर्ण रूपले सूचना सम्प्रेषण गर्न नजानेर नसकेर पनि कति छुटेका छन् । कतिले अधुरा र अस्पष्ट कामलाई पनि प्रस्तुत गरेका थिए; तिनीहरूलाई पूर्णताको लागि आग्रह गरियो छ । फेरि पनि कति छुटे । एउटा स्वयम्सेवीजस्तो कार्यमा देशभरि सम्पर्क भयो तापनि सबैतिर डुल्नु पनि असम्भव रहेछ । फेरि कतिपय अनुवादकहरू छद्म नै रहन रुचाउँछन्, अनेक पल्ट माग्दा, खोज्दा पनि यसरी यो कृति यस भाषाबाट अनुवाद गरेको हुँ भन्न अप्ठ्यारो मान्छन् । त्यसमाथि हाम्रा कतिपय लेखक आफ्ना कृतिमा रङ्गिन तस्बिर, हार्ड कभर, साजसज्जा गर्छन् तर पुस्तकमा सम्पर्क, ठेगाना, इमेल, कुनै पत्तो हुँदैन– प्रकाशकलाई, प्रेसलाई सम्म सोध्न पुग्दा पनि पत्तो लाग्दैन ।

कतिपय पाश्चात्य अथवा विश्व साहित्यका कृति हिन्दी मार्ग भएर नेपालीमा आएका छन्, त्यो मार्ग बताउन हाम्रा अनुवादक अप्ठ्यारो मान्छन् । प्रकाशक पनि कुरा खोल्न अनिच्छुक रहन्छन् । कपी राइट वा प्रकाशनाधिकार खोज्ने हो भने जति सूचना प्राप्त छ त्यो पनि धेरै लुक्ने थियो । कारण, हाम्रा कतिपय अनुवादकहरूलाई अनुवाद भनेको दोछायाँमा उभिएर गर्ने छद्म काम जस्तो पनि लाग्छ होला । अनुवादको मूल्याङ्कनमा अत्यावश्यक कुरा के के हुन्; यसका नैतिक, भाषिक, कानुनी आधार के के हुन सक्छन् भन्ने विषयको वैज्ञानिक आधार प्रस्ट पार्न सकिएको छैन, नेपालमा ती कुरा स्थापित छैनन् । अनूदित कृति वा कुनै पनि कृति प्रकाशन गर्दा अहिलेको परिस्थिति अनुसार टेलिफोन, इमेल आदि सूचना र अन्य व्यक्ति विवरण दिने संस्कार नबसेर पनि कति स्रष्टा/अनुवादक आफ्नै वरिपरि भए पनि भेट्न, बुझ्न सकिन त्यसले पनि त्रुटिहरू र छुटहरू निरन्तर छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो स्थितिमा पनि थुप्रै अनुवाद भएको छ । थुप्रै पाठक प्रकाशक तत्पर छन् । तर १०-१५ वटासम्म कृतिका अनुवादकहरू पनि नेपाली वाङ्मयमा अपरिचित बसेका पाइएका छन् । कोही सर्जक रहेछन् भने तिनका अनुवादहरू छेलिने, त्यसै गरी कोही अनुवादक मात्र रहेछन् भने सबै कुरा छेलिने रहेछ । नेपाली साहित्यमा धेरैजसो त स्रष्टा नै अनुवादक छन् तर कतिपय सिर्जना कर्म नभएका अनुवादक मात्र पनि छन् तर ती पनि साहित्यकार नै हुन् । फेरि हामीले विशेष गरी साहित्यिक अनुवाद मात्र खोजेका छौं । प्राज्ञिक, प्राविधिक अन्य विधा (कानुन, शिक्षा चिकित्सा-विज्ञान, कृषि, स्वास्थ्य जस्ता विधा) का अनुवाद कर्महरू पनि थुप्रै छन् तर ती सबै एकैचोटि समावेश गर्न नसकिने रहेछ । वाङ्मयको विकास हुँदै जाँदा प्रत्येक विधा/क्षेत्रका अनुवादकका यस्ता कोश बन्दै जाने छन् । किनभने अरू साहित्य त्यसै गरी अघि बढेका छन् ।

यी सारा कुरा ज्ञानकोशभित्र पर्दछन्; शब्दकोशभित्र होइन । नेपाल प्रज्ञा-प्रतिष्ठानले वर्तमान दशकमा ज्ञानकोशहरूको विस्तारमा ठुलो उत्साह देखाएको छ । एउटा समृद्ध वाङ्मयलाई शब्दकोश मात्रले पुग्दैन, विविध क्षेत्रका ज्ञानकोशहरू थप्दै जानुपर्ने हुन्छ । यसै क्रममा प्रज्ञा-प्रतिष्ठानले यस्ता ज्ञानकोशको निर्माणमा ठुलो तत्परता र तयारी गरेको देख्दा हामी सबैलाई खुसी लाग्दछ ।

अघि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले कृष्णचन्द्रसिंह प्रधानको नेतृत्वमा **नेपाली साहित्य कोश** (वि.सं. २०५५) प्रकाशित गरेको थियो । नेपालकै विशिष्ट विद्वत् मण्डलीको निर्देशनमा ६८ जना प्रविष्टि सङ्कलकको योगदानमा बनेको हजार पृष्ठको ग्रन्थ एक कोसेढुङ्गा हो, पछि माधवलाल कर्माचार्यको नेतृत्वमा **नेपाल लघु विश्वकोश** आयो । यी दुवैमा आफूले पनि योगदान गर्न पाएको थिएँ । वर्तमान प्रज्ञा-प्रतिष्ठानको नेतृत्वले ती कर्मलाई निरन्तरता दिँदै

नेपालका नारी साहित्यकार (परिचय कोश)
प्रज्ञा संस्कृति कोश
संक्षिप्त साहित्यिक कोश
कथा कोश
समालोचक कोश
मिथक कोश

जस्ता विविध ज्ञानकोशको तर्जुमा गरेको छ, कोही प्रकाशित भए; अरू शीघ्र प्रकाश्य छन् । त्यसै शृङ्खलामा निर्माण भएको छ यो नवीन **अनुवादक परिचय कोश** । यो एक ऐतिहासिक महत्त्वको साँच्चै प्राज्ञिक अभियान हो । यी कोशले हाम्रो वाङ्मयभित्र कसरी प्रगतिशील सोच र दीर्घकालीन महत्त्वका कर्मले स्थान पाएको छ भन्ने देखाउँछ ।

अन्त्यमा, धन्यवाद

यो कोश निर्माण पार्ने क्रममा तयार (प्राप्त) भएका तथ्याङ्कहरू सम्पादक मण्डलका सदस्यहरूलाई हात लगाउँदै गर्यौं । विभागले ती कर्म गऱ्यो । तिनमा भर्न बाँकी सूचनाको खोज अध्ययन गर्ने, नयाँ सूचना थप्दै आवश्यक ठाउँमा सुधार गर्दै लाने सल्लाह भए अनुसार सकेको उहाँहरूले गर्दै लानुभयो । त्यसपछि सबैमा एकरूपता स्थापित गर्ने प्रयत्नमा मैले सकेसम्म सम्पादन गर्दै मिलाउँदै गरें । तर पनि यो कर्म मुस्किल रहेछ । एउटै कृतिभित्र दुईवटा विश्व हुन्छन्– स्रष्टाका र अनुवादकका । स्रष्टाको परिचय बेग्लै छ, अनुवादकको व्यक्तित्व बेग्लै । त्यति मात्र होइन, देश, काल, भाषा, संस्कृति– सारा भिन्न भिन्न भएकाले तिनीहरुलाई एक ठाउँमा जोड्ने प्रयत्न छ । प्रविष्टि तयार पार्दा दुवैको संयोजन स्थापना गर्न मुस्किल छ । एउटा सीमित कोशमा धेरै सूचना राख्न पनि नसकिने धेरै सूचना काट्न पनि नसकिने स्थितिमा 'काम गऱ्यौं । यसअघि प्रकाशित साहित्य कोशबाट कति कुरा साभार छन् । ती कोश हुन् –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. श्री जयदेव भट्टराईको **साहित्यकार परिचय र अभिव्यक्ति** (वि.सं. २०५४)
२. श्री घटराज भट्टराईको **साहित्यकार परिचय कोश** (वि.सं. २०५६)
३. नेपाल प्रज्ञा-प्रतिष्ठानको (श्री विष्णु प्रभात सम्पादित) **साहित्यकार-कलाकार परिचय कोश** (वि.सं. २०७०)

व्यक्ति विषयक अध्ययन अनुसन्धानभित्र पस्ने प्रवेशद्वारको रूपमा यस्ता कोश रहेका हुन्छन् । त्यसो त प्रस्तुत **अनुवादक परिचय कोश**मा नपरेका (नयाँ/पुराना) अनुवादकको सङ्ख्या अझै बाँकी होला । तिनलाई आगामी संस्करणले समावेश गर्दै लैजाला । तर यहाँ अनुवादको र अनूदित कृतिको मात्र विवरण छैन, कोशको अन्त्यमा अनुवाद विषयक अन्य कर्मका, प्रयत्न र प्राप्तिका सम्बन्धमा अध्ययन र विश्लेषणका साराांश पनि भिन्नाभिन्नै शीर्षकमा प्रस्तुत छन् । जस्तै :- **एकभन्दा बढी अनुवादक संलग्न भएका कृतिहरू, अनुवादक (सम्पादक) छोपिएका केही कृति, अनुवादसम्बन्धी केही सैद्धान्तिक कृति, अनुवाद प्रकाशनलाई** महत्त्व **दिने केही जर्नल/पत्रिकाहरू, नेपालमा अनुवाद पुरस्कार, विविध ग्रन्थमा परेका नेपाली स्रष्टा र सिर्जना, अनुवादक छोपिएका पुस्तकहरू** आदि । यस्ता प्रविष्टिले अनुवादक पाठकमा सचेतता थप्दै जाला भन्ने आशा छ ।

यस्तो स्थितिमा यो प्रथम कार्य सम्पन्न गर्न पाउँदा लागेको खुसी सबैसँग बाँड्न चाहन्छु । कति त्रुटि, छुट भए होलान्, गर्दागर्दै पनि दृष्टि र समय नपुग्ने रहेछ । तर यो अन्त्य होइन आरम्भ मात्र हो भन्ने ठानेका छौं । यो त सानो मुहान हो, बग्दै जाँदा तल तल यसमा अरू जलराशि थपिँदै जाँदा बिस्तारै महानदी बन्ने हो । विज्ञ पाठक एवम् यसका प्रयोक्ताबाट छुट एवम् त्रुटिहरूबारे सूचित हुने नै छौं । विगत सात सय वर्षदेखि बन्दै आएका अङ्ग्रेजी कोषहरूले प्रत्येक पटक नयाँ थपेर ल्याउँछन् । नेपालीमा ता सयौं वर्षको रिक्ततापश्चात् यो प्रथम कार्य सम्पन्न हुँदैछ, यसलाई नै सबैले प्रथम उपलब्धि ठानिदिनु हुनेछ भन्ने आशा छ । भविष्यले अरू थप सुधार गर्दै लानेछ ।

यो **अनुवादक परिचय कोश** अनेकौं सहयोगीको बलले यतिको रूपमा आएको छ । तापनि यसमा लागि परेर यसको सम्पादन गर्न पाउँदा मलाई अहिले जति खुसी मिलेको छ, त्यति खुसी यसअघि कहिल्यै मिलेको थिएन । उता भारतीय नेपाली साहित्यका अनुवादकबारेको सूची सङ्कलन गर्न आफै 'फिल्डको' भ्रमण गरैं, तर त्यतिले पुगेन । कति कुरा खोज्नुपऱ्यो, निरन्तर प्रस्ट्याउनु पऱ्यो त्यसको लागि सिलिगुडीका मुक्तिप्रसाद उपाध्यायले ठुलो गुन लगाउनु भएको छ । उहाँ उताको प्रमुख सम्पर्क सूत्र हुनुहुन्छ भने तेजपुरका मित्रदेव शर्मा, ज्ञानबहादुर क्षत्री, डिग्बोईका खडकराज गिरी, गुवाहाटीका लीलबहादुर क्षत्री, नव सापकोटा, दार्जिलिङकी डा. वीणा हाङ्खिम सबैको गुन तिरिनसक्नु छ ।

अन्त्यमा, सन् १९९४ देखि आजसम्ममा साहित्य अकादेमीबाट भारतीय नेपाली साहित्यलाई दिइने **अनुवाद पुरस्कार** प्राप्त गर्ने सज्जनहरूको नामावली प्रस्तुत गरेर रोकिन चाहन्छु । यस दृष्टान्तले बहुभाषी मुलुक नेपालमा पनि साहित्य अनुवादको उन्नतिमा केही नयाँ विचार ल्याउन सकिन्छ कि भन्ने आशा छ । **अनुवादक परिचय कोश** निर्माणको एउटा महत्त्वपूर्ण कार्य सम्पन्न भएको छ । त्यसपछि नेपाल एकेडेमीले अनुवाद पुरस्कारबारे सोच्नेछ भन्ने आशा छ ।

१. बङ्गाली कवि सुकान्त भट्टाचार्यका कवितालाई **सुकान्तका कविता** शीर्षकमा गरेको अनुवादको निमित्त श्री कर्ण थामीलाई प्रथम पुरस्कार (इ. १९९४)
२. बङ्गाली आख्यानकार शरत्चन्द्र चट्टोपाध्यायकृत **बिरही बहु** शीर्षक उपन्यासलाई **विरही दुलही** शीर्षकमा गरेको अनुवादको निमित्त शिव शमशेर रसाइलीलाई (इ. १९९७)
३. हिन्दी स्रष्टा जैशङ्गर प्रसादकृत हिन्दी नाटक **चन्द्रगुप्त**को सोही शीर्षकमा छविलाल उपाध्यायद्वारा गरिएको अनुवादलाई (इ. १९९८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. असमिया स्रष्टा इन्दिरा गोस्वामीकृत उपन्यास **आधालेखा दस्तावेजलाई** किरण राईद्वारा **अर्द्धवृत्त जीवन यात्राको** लागि (इ. १९९९)

५. कृष्णचन्द्रकृत उर्दू कथा सङ्ग्रहलाई बी. योञ्जनद्वारा **कृष्णचन्द्रका कथा** शीर्षकमा प्रकाशित कृतिको लागि (इ. २०००)

६. दिनेश शर्माकृत असमिया कथा सङ्ग्रह **गल्पर गस्पेरा**लाई दुर्गा खतिवडाद्वारा **ब्रह्मपुत्रका छालहरू** शीर्षकमा प्रकाशित अनुवादको लागि (इ. २००१)

७. असमिया लेखक अतुलानन्द गोस्वामीको उपन्यास **नामघरे**को शान्ति थापाद्वारा सोही शीर्षकमा प्रकाशित अनुवादको लागि (इ. २००२)

८. ओम गोस्वामीको डोगरी उपन्यास **पल खिन**लाई सुभाष दिपकद्वारा अनूदित **पलविपल** शीर्षक कृतिको लागि (इ. २००३)

९. शेशेन्द्र शर्माकृत तेलगु काव्य **नदेशम् न प्रजालु**लाई **मेरो देश : मेरो मान्छेहरू** शीर्षकमा भानु छेत्रीद्वारा अनूदित कृतिको लागि (इ. २००४)

१०. हिरेन भट्टाचार्यका असमिया कविताको सङ्ग्रहलाई पुष्पधर शर्माद्वारा **हिरेन भट्टाचार्यको निर्वाचित कविता** शीर्षकमा प्रकाशित कृतिको लागि (इ. २००५)

११. कालिदासकृत संस्कृत काव्य मेघदूतलाई के.बी. नेपालीद्वारा सोही शीर्षकमा प्रकाशित कृतिको लागि (इ. २००६)

१२. डा विद्याविन्दु सिंहका हिन्दी कविताको सङ्कलनलाई जीवन राणाद्वारा **विद्याविन्दु सिंहका केही कविताहरू** शीर्षकमा अनूदित पुस्तकको लागि (इ. २००८)

१३. गिरिश कर्नार्डकृत कन्नड नाटक **हयवदन**लाई ओमनारायण गुप्ताद्वारा **हैवादन** शीर्षकमा गरिएको अनुवादको लागि (इ. २००९)

१४. बंकिमचन्द्र चट्टोपाध्यायकृत बङ्गाली उपन्यास **आनन्द मठ**को तारापति उपाध्यायद्वारा सोही शीर्षकमा गरिएको अनुवादको लागि (इ. २०१०)

१५. विश्वनारायण शास्त्रीद्वारा संस्कृतमा लिखित **अविनाशी** शीर्षक संस्कृत नाटकलाई डा. खेमराज नेपालले सोही शीर्षकमा गरेको अनुवादको (इ. २०११)

१६. ज्योतिप्रसाद अगरवालाकृत असमियामा लिखित **कारेङ्गर लिगिरी**को गीता उपाध्यायद्वारा **दरबारकी सुसारे** शीर्षकमा गरिएको अनुवादको लागि (इ. २०१२)

१७. फणीश्वरनाथ रेणुकृत हिन्दी उपन्यास **मैला आँचल**लाई आई.के. सिंहद्वारा सोही शीर्षकमा गरिएको अनुवादको लागि (इ. २०१३)

१९. सुरेन्द्र वर्माकृत हिन्दी उपन्यास **मुझे चाँद चाहिए**को **मलाई जुन चाहिन्छ** शीर्षकमा डम्बरमणि प्रधानद्वारा गरिएको अनुवादको निमित्त (इ. २०१४)।

२० वृन्दावनलाल वर्माकृत हिन्दी उपन्यास **विराटकी पद्मिनी**लाई शङ्कर प्रधानद्वारा सोही शीर्षकमा गरिएको अनुवादको लागि (इ. २०१५)

२१. ब्रजेन्द्र त्रिपाठीकृत हिन्दी कविता सङ्ग्रह **तलाश**को ज्ञानबहादुर छेत्रीद्वारा गरिएको **खोजी** शीर्षक अनुवादको लागि (इ. २०१६)

२२. वीणा बरुआकृत असमिया उपन्यास **जिवनार बाटोत**लाई चन्द्रमणि उपाध्यायद्वारा **जीवनका बाटामा** शीर्षकमा अनूदित कृतिको लागि (इ. २०१७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी स्रष्टा अनुवादकले यस्तो उच्च सम्मान पुरस्कार पाएर नेपाली वाङ्मयको प्रतिष्ठा बढाएका छन्। यहाँ उपयोग भएका कृतिहरू हिन्दी बङ्गाली, असमिया, डोगरी, अङ्ग्रेजी, संस्कृत, तेलगु भाषाबाट आएका देखिन्छन्। यसले पनि नेपाली वाङ्मयको विस्तार हुँदै गरेको देखाउँछ।

प्रस्तुत कोश अनुवाद विषयका अध्येता अनुसन्धाताको निमित्त एक अपरिहार्य स्रोत हुनेछ। यसको ग्रन्थकेन्द्री (बिब्लिओमेट्रिक) विश्लेषण गरेर अनुवादमा संलग्न भाषा सङ्ख्या र तिनको परिवार, भूगोलको मापन, कालको मापन, उमेरगत, लैङ्गिक, प्रकाशनगत, कृति चयनका प्राथमिकता, विधागत विविधता आदि अनेक प्रकारले अध्ययन हुन सक्छन्। तर मूल स्रोत यही हुनेछ। यसको अध्ययन पछि नै यसमा अपूर्णताहरुमा सुधार गर्ने उत्साह जाग्नेछ।

नेपालमा भाषा अनुवाद परिषद्को स्थापना सय वर्षभन्दा अघि नै भएको थियो तर अनुवाद विषयको वैज्ञानिक अध्ययन अनुसन्धान सुरु भएको भर्खरै हो। हालसम्ममा तीन जना अध्येताले अनुवादमा विद्यावारिधि गरेका छन्। ती हुन् – हैदराबाद विश्वविद्यालय मध्य प्रदेशबाट गोविन्दराज भट्टराई, त्रि.वि. मानविकी (अङ्ग्रेजी) बाट यमबहादुर पौडेल, त्रि.वि. र अङ्ग्रेजी शिक्षाबाट नवराज न्यौपाने। अरु तीन शोधार्थी विद्यावारिधिको लागि अध्ययनरत छन् – बलराम अधिकारी (त्रि.वि. अङ्ग्रेजी शिक्षा), शालिकराम तिमल्सेना र तोयानाथ कोइराला (नेपाल संस्कृत विश्वविद्यालय) बाट। अनुवादमा स्नातकोत्तर तथा एम.फिल. गर्नेहरुको सङ्ख्या ठुलो छ।

यो **अनुवादक परिचय कोश**को निर्माणमा सहयोग पुऱ्याउने प्रत्यक्ष परोक्ष भेटिएका सबैलाई सम्पादक मण्डलका तर्फबाट हार्दिक धन्यवाद प्रकट गर्दछौं। प्रतिष्ठानभित्र नै यसलाई प्रकाशनसम्म पुऱ्याउने विभाग अनुसारका कर्मचारी वर्गको हार्दिक सहयोगबाटै यसले प्रकाशित हुने अवसर पाएको हो। अन्त्यमा, खटेर काम गर्ने प्रतिष्ठानकै रवीन्द्र तिमसेनाको ठुलो सहयोग छ। धन्यवाद।

प्रा.डा. गोविन्दराज भट्टराई
प्रधान सम्पादक
त्रि.वि. कीर्तिपुर
२६ जेठ २०७५
tu.govinda@gmail.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

क. एक अनुवादक संलग्न भएका कृति/२१
ख. एकभन्दा बढी अनुवादक संलग्न भएका कृति/१९७
ग. अनुवादक/सम्पादक छोपिएका केही कृति/२१०
घ. अनुवादसम्बन्धी केही सैद्धान्तिक कृति/२१५
ङ अनुवाद प्रकाशनलाई महत्त्व दिने केही जर्नल/पत्रिका/२१६
च. अनुवादका विविध अनुवाद ग्रन्थमा परेका नेपाली स्रष्टा र सिर्जना/२२४
छ. नेपालमा अनुवाद पुरस्कार प्रसङ्ग/२२६
ज. पाश्चात्य साहित्यका प्रथम नेपाली अनुवादकहरू/२२७
झ. उत्कृष्ट अनुवाद प्रस्तुतिका केही नमुना/२३२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक अनुवादक संलग्न भएका कृतिहरू

अग्निबहादुर क्षत्री (इ. १९२७–२०११)

अग्निबहादुर क्षत्रीको जन्म असमको डिग्बोईमा भएको थियो । इतिहास विषयमा स्नातकोत्तर उपाधि आर्जन गर्ने अग्निबहादुरले लामो समय शिक्षण सेवामा बिताए । उनको पछिल्लो स्थायी बसोवास विश्वनाथ चारआलीमा थियो ।

उनी असमका विद्यालय तहका नेपाली पाठ्य पुस्तक लेखक थिए । यिनले दुईवटा कृतिको अनुवाद गरी त्यसतर्फ योगदान पुऱ्याएका छन् । पहिलो हो, **कथा सङ्कलन** (इ. १९८७) जसअन्तर्गत विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, लीलबहादुर क्षत्री, बालकृष्ण समका आठ कथा सङ्कलनलाई असमियामा प्रस्तुत गरे । दोस्रो योगदान हो, **ब्रह्मपुत्र आसेपासे** (इ. २०१०) । यो लीलबहादुर क्षत्रीको प्रसिद्ध उपन्यास **ब्रह्मपुत्रको छेउछाउ** (इ. १९९९) को असमिया अनुवाद हो । साहित्य अकादेमी दिल्लीद्वारा प्रकाशित सो कृतिका तीनवटा संस्करण प्रकाशित भइसकेका छन् ।

अग्निबहादुरले असमियाबाट पनि तीनवटा कृतिलाई नेपालीमा रूपान्तरित गरेका छन् । ती हुन् **अब्दूल मालिक** र केही प्रसिद्ध असमिया कथाकारको कथा सङ्कलन **तीनचक्के गाडी** । अर्को हो मूल लेखक प्रियदास तालुकदारको बालकथा **किसिङको कन्तबिजोग** (इ. १९८५) । यो चार जना नेपाली स्रष्टा (भानुभक्त आचार्य, कवि शिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा अनि हरिभक्त कटुवाल) को व्यक्तित्व र कृतित्व समेटिएको कृति हो । (गोविन्द) (सम्पर्क: मार्फत लीलबहादुर क्षत्री ००९१-९८६४१३२७०५

अञ्जन बाँस्कोटा

अञ्जन बाँस्कोटाको जन्म असमको विश्वनाथमा सन् १९८५ मा भएको हो । नेपाली तथा अङ्ग्रेजीमा स्नातकोत्तर गरी उनी शिक्षण र लेखन कार्यमा लागेका छन् । उनी नेपाली, असमिया र अङ्ग्रेजी पत्रिकामा लेख रचना प्रकाशन गर्दै आएका छन् । उनको **निवारित मानवता आरु निबन्ध विचित्रा** (असमीया निबन्ध सङ्ग्रह, इ. २०१४), **दृष्टि** (नेपाली निबन्ध सङ्ग्रह, इ. २०१६) मौलिक कृति हुन् भने उनले असमीया स्रष्टा विनीता सूत कटकीद्वारा रचित ३५ वटा कविताहरूको **सरापातर इतिहास** शीर्षक कविता सङ्ग्रहलाई नेपालीमा **पतिङ्गररको इतिहास** शीर्षकमा अनुवाद गरी सन् २०१७ मा भारतीय साहित्य प्रतिष्ठान तेजपुरबाट प्रकाशनमा ल्याएका छन् । (गोविन्द) सम्पर्क : ००९१९८५४५१९७१७

अणुराज जोशी

अणुराज जोशीको जन्म बखुँबहाल ललितपुरमा वि.सं. २००६ मा भएको थियो । बी.एससी तथा एम.पी.ए. तहको शिक्षा हासिल गरी उनी एयर ट्राफिक कन्ट्रोलरमा लामो समयसम्म सेवा गरी अवकाशपछिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन बिताइरहेका छन्। उनले अनुवाद विधामा धेरै योगदान दिएका छन्। तीमध्ये पहिलो कृति हो सत्यमोहन जोशीको **अरनिकोया श्वेतचैत्य** (नेपाल भाषामा) काव्य। उनले यसलाई **द लास्टिङ गिफ्ट** शीर्षकमा अनुवाद गरे र सो कृति ट्राफोर्ड पब्लिसिङ क्यानडाबाट प्रकाशित भयो। दोस्रो प्रकाशन हो सोही कृतिको **अरनिकोकृत श्वेतचैत्य** (वि.सं. २०७२)। यो नेवारीबाट नेपालीमा अनूदित काव्यलाई तलेजु प्रकाशनले वि.सं. २०७२ मा निकाल्यो। तेस्रो कृति छ - साहित्यकार नरेन्द्रराज प्रसाईंद्वारा लिखित **शताब्दी पुरुष**। शताब्दी पुरुष भन्नाले नेपाली वाङ्मयले श्री सत्यमोहन जोशीलाई चिन्दछ। यो जीवनीपरक कृतिलाई अङ्ग्रेजी भाषामा **सेन्चुरी पर्सन** शीर्षकमा नइ प्रकाशनले वि.सं. २०७४ मा सार्वजनिक गऱ्यो। स्वयम् शताब्दी पुरुषकै सुपुत्र अणुराज जोशीले आफ्ना पिताका सुकीर्तिबारे तीनवटा भाषामा आफ्नो दक्षता प्रस्तुत गरेको देख्न पाउनु सबैलाई हर्षको कुरा हो। (गोविन्द) सम्पर्क: ९८४१६६६५२४

अनागारिका माधवी

वि.सं. १९९३ मा जन्मेकी अनागारिका माधवी हाल थैना, पाटनमा बस्दै आएकी छन्। धर्मसम्बन्धी लेखहरू लेख्ने गरेकी माधवीको *प्रेरणा* शीर्षकको पहिलो कविता वि.सं. २०१४ को *धर्मोदय* पत्रिकाको अङ्क ११४/११५ मा प्रकाशित भएको थियो। बौद्ध धर्मसम्बन्धी लेख र रचनाहरू लेख्ने माधवीको **आदर्श बौद्ध महिलापिं** शीर्षक नेपाल भाषाको कृति हिन्दीमा (**आदर्श बौद्ध महिलाएँ**) शीर्षकमा भारतबाट तथा सुनन्दाराम विहार थैनाबाट वि.सं. २०२२ मा प्रकाशित भएको थियो। उनका **त्रिरत्न वन्दना** र **पञ्चशीलया फलाफल** जस्ता पुस्तकहरू पनि प्रकाशित छन्। (नवीन)

अनिरुद्ध (भिक्षु)

वि.सं. १९७९ मा असन धालासिको टोलमा जन्मेका भिक्षु अनिरुद्ध महास्थविर प्रव्रजित भइसकेपछि आनन्द कुटी विहार स्वयम्भूमा बस्न गए। भिक्षु दशरत्न तुलाधर (भिक्षु धर्मालोक) का पुत्र हुन् भिक्षु अनिरुद्ध। नेपाल भाषा, नेपाली र हिन्दीमा आफ्नो लेखन कार्यलाई निरन्तरता दिएका भिक्षुले संस्कृत र पाली भाषाको समेत अध्ययन गरेका छन्। धार्मिक निबन्ध लेख्ने र अनुवाद गर्ने भिक्षुले *धर्मोदय* पत्रिकामा **परित्राण धर्मया न्हेगू अङ्ग** (परित्राण धर्मको सातौं अङ्ग) शीर्षक निबन्ध, १/८ अङ्क वि.सं. २००५ मा प्रकाशित छन्। भिक्षु अनिरुद्धका **धर्मचक्र सूत्र** (वि.सं. २००५), **लोकनीति** (वि.सं. २००८), **बुद्ध भक्ति शतकम्** (वि.सं. २०१५), **अम्बट्ठ सूत्र** (वि.सं. २०२१), **विशाषा चरित्र** (वि.सं. २०५०) जस्ता अनूदित कृतिहरू प्रकाशित छन् भने उनले विभिन्न विषयमा २१ वटा पुस्तक लेखेका छन्। त्यसै गरी भिक्षु अनिरुद्धले बर्मेली भाषामा लिखित **होसधमहा-जातक** शीर्षक बौद्ध कथालाई नेपाल भाषामा अनुवाद गरेका छन्। उक्त पुस्तकलाई **द कर्पोरेट बडी अफ द बुद्ध एजुकेसनल फाउन्डेसन, ताइवानले** वि.सं. २०७३ मा प्रकाशित गरेको थियो। (नवीन)

अनिशा रिमाल

काठमाडौंमा सन् १९९१ मा जन्मिएकी अनिशा रिमालले ठाकुरप्रसाद मैनालीको कविता सङ्ग्रह **समर्पण** (वि.सं. २०६५) लाई अङ्ग्रेजीमा **फ्लेम्ज अफ डिभोसन** (इ. २०१२) शीर्षकमा अनुवाद गरेकी छन् **समर्पण**मा कवि मैनालीका एक सय जति आध्यात्मिक मूल्यका भक्ति कविता सङ्गृहीत छन्। यस सङ्ग्रहकी दोस्री अनुवादक मेधा उप्रेती रहेकी छन्। नेपाली मूर्तिकलाका एक अग्रणी साधक मैनाली ललित कला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्थाका संस्थापक सदस्य सचिव र ललित कला प्रतिष्ठानका उपकुलपति हुन्। साथै उनी गुरु श्री चिन्मयका अध्येता एवम् भक्तका रूपमा पनि चिनिन्छिन्। अन्तर्राष्ट्रिय आनन्द दिवसको उपलक्ष्यमा प्रकाशित **ह्याप्पिनेसः द डिलाइट ट्री** शीर्षक कृति (इ. २०१५) मा ५६ जना चुनिएका स्रष्टाका कविता रहेका छन्। तीमध्ये ३१ देशका स्रष्टाका एक-एक रचना आआफ्ना मातृभाषाबाट अनूदित छन्। यस सङ्ग्रहमा नेपालका तर्फबाट विश्व कलासँगको गहिरो सम्पर्कः भएका मैनालीको एउटा कविता *सुप्रिम ब्लिस* पनि समावेश छ। यस कविताका अनुवादक गोविन्दराज भट्टराई रहेका छन्। युनाइटेड नेसन्सको *सोसाइटी अफ राइटर्स*को सौजन्यमा प्रकाशित यस सङ्ग्रहका तीन जना सम्पादक रहेका छन् - भिक्षुणी वेइस्टब्रोट, ड्यारेल अलेज्यान्ड्रो होल्न्ज र एलिजाबेथ लारा। (गोविन्द) सम्पर्कः ०१४४७२१४७

अनुकृतिका

वि.सं. २०४५ असोजमा विराटनगरमा जन्मिएकी अनुकृतिकाले मनोविज्ञानमा एम.एससी. गरेकी छन्। उनले दुईवटा महत्त्वपूर्ण कृतिको अनुवाद गरेकी छन्। पहिलो हो, **माइ रेमिनिसेन्सेज अफ ग्रेट पोएट लक्ष्मीप्रसाद देवकोटा** (इ. १९८१) जसलाई उनले **मेरो साथी देवकोटा** शीर्षकमा अनुवाद गरिन्। दोस्रो कृति हो, साहित्यकार नरेन्द्रराज प्रसाईंद्वारा लिखित **देवकोटाको जीवन शैली** शीर्षक कृतिको **ग्रेट पोएट देवकोटा**। पहिलो कृति वि.सं. २०७० मा र दोस्रो वि.सं. २०७४ मा त्रिमूर्ति निकेतनद्वारा प्रकाशित छन्। पहिलो कृति संस्मरण हो भने दोस्रो जीवनी। महाकविका विभिन्न पक्षलाई प्रकाशनमा ल्याउन गरेको लेखक र अनुवादक दुवैको प्रयास प्रशंसनीय छ। (गोविन्द) सम्पर्कः ९८५१०१६८९९

अनुराधा शर्मा

वि.सं. २०३४ मा नुवाकोटमा जन्मेकी अनुराधा शर्माले अङ्ग्रेजी साहित्य तथा इन्टरनेसनल बिजनेस कम्युनिकेसनमा स्नातकोत्तर गरेकी छन्। अनुराधा विशेष गरी बाल पठन उपयोगी पुस्तकहरूको अनुवादमा सक्रिय छिन्। उनले कथालय, बाल साहित्य समाज, रुम टु रिड तथा भुँडी पुराण जस्ता प्रकाशनहरूका लागि प्रभा भट्टराई, जनार्दन बराल, केदार श्रेष्ठ, तेजप्रकाश श्रेष्ठ जस्ता लेखकहरूका एकल एवम् सामूहिक सङ्कलनहरूको अनुवाद गरेकी छन्। उनका अनूदित र अनुकूलित जस्ता पुस्तकको सङ्ख्याले तीन दर्जन नाघेको छ। उनले पद्मावती सिंहको **समानान्तर आकाश** (वि.सं. २०६७) जस्तो नाम चलेको नेपाली उपान्यासलाई **प्यारालल स्काई** (इ. २०११) शीर्षकमा अनुवाद गरेकी छन्। साझा पुरस्कार प्राप्त यो एक बहुपठित उपन्यास हो। (बलराम)

अभि सुवेदी

तेह्रथुमको साब्लामा वि.सं. २००२ मा जन्मिएका अभि सुवेदी कवि, निबन्धकार, नाटककार, भाषाविद्, समालोचक एवम् अनुवादक जस्ता बहुपहिचान बनाएका प्राज्ञिक व्यक्तित्व हुन्। नेपाल र बेलायतबाट उच्च शिक्षा हासिल गरी अङ्ग्रेजी साहित्यमा विद्यावारिधि आर्जन गर्ने यी प्राध्यापक नेपाली र अङ्ग्रेजी मौलिक लेखन तथा अनुवादमा चार दशकदेखि निरन्तर रूपमा सक्रिय छन्। **पाश्चात्य काव्य सिद्धान्त** (इ. १९७३), **सृजना र मूल्याङ्कन** (इ. १९८२), **माध्यम र रचना** (इ. १९९७) जस्ता एक दर्जन नेपाली भाषामा र **नेपाली थिएटर एज आइ सि इट** (इ. २००७), **ड्रिम्ज अफ पिच ब्लोसम** जस्ता आधा दर्जन अङ्ग्रेजी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषामा मौलिक कृति सृजना गरेका सुवेदीका नेपाली र अङ्ग्रेजीमा गरी आधा दर्जनभन्दा बढी अनुवाद प्रकाशित छन् । **आधुनिक जापानी कविता** (इ. १९८७), **जापानी हाइकु हिजो र आज** (इ. १९८७) र **जापानी नोह नाटक** (इ. १९८९) **जापानी नोह ड्रामा** उनका अङ्ग्रेजीबाट नेपालीमा अनूदित कृतिहरू हुन् भने **भ्वाइसेस फ्रम नेपाल** (इ. १९९९), **पोएम्स अफ द सेन्चुरी** (इ. २०००), **बियोन्ड बोडर्स : एन एन्थोलोजी अफ सार्क पोएट्री** (इ. २००२) जस्ता कृतिहरूमा उनीद्वारा अनूदित निकै कविता परेका छन् । **आधुनिक जापानी कविता**मा ३९ जापानी प्रतिनिधि कविका १०६ कविता सङ्गृहित छन् । कविता र नाटकलाई अनुवादको मुख्य क्षेत्र बनाएका यी सर्जकले आफ्नै अङ्ग्रेजी नाटक **ड्रिम्ज अफ पिच ब्लोसमलाई आरुका फूलका सपना** शीर्षकमा अनुवाद गरेका छन् । अभि सुवेदी अनुवाद शास्त्रका ज्ञाता र व्याख्याता पनि हुन् । नेपालका ठुला, स्वतन्त्र बौद्धिक व्यक्तित्व पनि । (गोविन्द) सम्पर्क: ९८४१४९६१०३

अमरबहादुर तवः

वि.सं. १९८७ असारमा काठमाडौँको असनमा जन्मेका अमरबहादुर तवः (ताम्राकार) ले बी.ए. सम्मको अध्ययन गरेका छन् । तवःले शिक्षण पेसामा जीवन बिताए । अङ्ग्रेजी कथाका अनुवादक एवम् लेखक तवःको पहिलो कविता *म्ह पासा* **थौँकन्हे** (वि.सं. २०१०) पत्रिकामा प्रकाशित भएको थियो । उनले जोनाथान स्विफ्टको **गुलिभर्स ट्रभल्स्**लाई **गुलिभरया यात्रा** शीर्षकमा तथा **गुलिभरया ब्रान्डिग नायग देशय्** जस्ता शीर्षकमा अनुवाद गरे । यी दुवै कृति श्रीमती अमरबहादुर तथा पासामुना साहित्यिक संस्थाद्वारा वि.सं. २०२२ मा प्रकाशित गरिएका थिए । (नवीन)

अमर बानियाँ 'लोहोरो'

अमरबहादुर क्षत्रीको साहित्यिक नाम अमर बानियाँ 'लोहोरो' हो । उनको जन्म उत्तर सिक्किमको लिङथिममा सन् १९५९ मा भएको थियो । स्वाध्ययनबाटै अघि बढेका 'लोहोरो' ले सरकारी सेवामा प्रवेश गरेर साहित्य सेवा र सिर्जनासमेत अघि बढाएका छन् । अत्यन्तै सक्रिय स्रष्टा संयोजक अमर बानियाँका अनेक लघु रचना भारतभरका विविध भाषामा अनूदित र प्रकाशित देखिन्छन् । उनको कविता सङ्ग्रह **जीवन चित्र** (इ. २००८) को हिन्दी अनुवाद **प्रवासदीपको जीवनचिह्न** शीर्षकमा प्रकाशित छ । यसको अङ्ग्रेजी अनुवाद पनि प्रकाशित छ ।

काव्यएकादश, दस्तक, निरख-परख, शब्द-प्रवाह, शुभ तरिका, पूर्वोत्तर काव्य यात्रा जस्ता हिन्दी पत्रिकामा आफ्ना अनूदित रचना पुगेपछि त्यहाँदेखि मलायाली भाषामा र अङ्ग्रेजीतिर पनि पुगेको देखिन्छ । अमरले गरेको **सन्त कबीरका दोहा** (नेपाली भाषामा भावानुवाद) एउटा नाम चलेको कृति हो । यसलाई सन् २०१० मा अनुवादक स्वयम्ले प्रकाशन गराएका हुन् । (गोविन्द) सम्पर्क: ००९१-९८३२०१२१०४ ।

अम्बिकाप्रसाद अधिकारी (वि.सं. १९८१-२०५१)

काठमाडौँको ठमेलमा जन्मेका अम्बिकाप्रसाद अधिकारीले दर्शन शास्त्रमा आचार्य तहसम्मको अध्ययन गरी लामो समय प्राध्यापन गरे । यिनका पाँचवटा कृति प्रकाशित छन् । तीमध्ये **श्रीमद्भगवद्गीता**को **गीतालोकभाष्य** नामक टीकानुवाद यिनको नेपाली भाषामा अनूदित कृति हो ।

उक्त कृति लोकलक्ष्मी अधिकारीद्वारा वि.सं. २०४४ मा प्रकाशित भएको देखिन्छ । (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमोघवज्र बज्राचार्य

काठमाडौँ क्षेत्रपाटीको गंबहालमा वि.सं. १९६७ मा जन्मेका अमोघवज्र बज्राचार्य बौद्ध कर्मकाण्डी तथा ज्योतिष हुन्। संस्कृत भाषा अध्ययन गरेका बज्राचार्यका पं. बद्रीरत्न बज्राचार्य र भिक्षु ताकावाका जस्ता शिष्यहरू थिए। धार्मिक ग्रन्थ अनुवादक बज्राचार्यको पहिलो प्रकाशित कृति **मारधर्षण** (पद्यानुवाद, वि.सं. २०११) हो। उनले ललितविस्तरको **मारधर्षण**को समश्लोकी पद्यानुवाद तथा अन्य बौद्ध ग्रन्थहरूको अनुवाद गर्नुका साथै मौलिक कृति पनि लेखेका छन्। यसबाहेक **संक्षिप्त नेपाल भाषा**सहित **दानगाथा** (वि.सं. २०२३), **आर्यतारास्तोत्र अर्थसहितम्** (वि.सं. २०३२), **अष्टोत्तरशत लोकेश्वरया परिचय** (वि.सं. २०३४), **दुर्गति परिशोधन कलेदेश** (वि.सं. २०३२) कृतिहरू प्रकाशित छन्। (नवीन)

अमृतरत्न तुलाधर (वि.सं. २००४-२०१६)

असनको न्हाय्कंतलामा जन्मेका अमृतरत्न तुलाधरले एम.ए. तथा एम.पी.ए. डिग्री हासिल गरेका थिए। *सुथ (बिहानी)* नामक कविता **सगं** शीर्षक पत्रिकामा (वि.सं. २०२१) मा प्रकाशित गरी लेखन क्षेत्रमा पाइला टेकेका तुलाधरको **थाई सांस्कृतिक परम्परा** र **राशोमोन व मेमेगु बाखं** शीर्षकका अनूदित पुस्तक प्रकाशित छन्। अमृतरत्न तुलाधरले **रोशोमोन एन्ड अदर स्टोरिज** (मोडर्न जापानिज स्टोरिज) भीष्म शाहनीद्वारा हिन्दीमा लिखित **तमस**लाई **खिउँ** शीर्षकमा फ्रया अनुमानद्वारा लिखित **एस्से अन थाइ फोकलोर, राछथोन (थाई सांस्कृतिक परम्परा)** नाचुमे सोसेकिद्वारा लिखित **द वेफेरेर (लँजुवाः)** अङ्ग्रेजीमा र सावाको आरियोसीद्वारा लिखित जापानी साहित्यको कृति (अङ्ग्रेजी) **द डक्टर्स वाइफलाई डाक्टरया कलाः** शीर्षकमा नेपाल भाषामा अनुवाद गरेका छन्। यी पुस्तकहरू क्रमशः *साहित्य गुथि* (भाषा अनुवाद संस्था) बाट वि.सं. २०५५ मा र च्वसापासा (साहित्यिक संस्था) बाट वि.सं. २०३६, २०४५, २०४६ मा प्रकाशित गरेका हुन्। (नवीन)

अंशुमाली उपाध्याय (इ. १९४३-२०११)

तनहुँको सिम्पानीमा जन्मेका अंशुमाली उपाध्यायले संस्कृत साहित्यको अध्ययनसँगै नेपाली स्रेस्ताको ज्ञान हासिल गरेका थिए। यिनका मौलिक र अनूदित गरी दुईवटा कृति रहेका छन् जसमध्ये **दुर्गा सप्तशती**को नेपाली अनुवाद एक हो। यिनी आध्यात्मिक प्रत्ययवादी धाराका कवि थिए। (माधव)

अर्जुन शमशेर जबरा

महाकवि भासले रचना गरेको **स्वप्नवासवदत्ता** शीर्षकको संस्कृत नाटकलाई सोही शीर्षकमा अर्जुन शमशेर जबराले गरेको नेपाली अनुवाद नेपाली भाषा प्रकाशिनी समितिले वि.सं. १९९४ मा प्रकाशित गरेको छ। यिनका विषयमा थप जानकारी उपलब्ध छैन। (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्जुन निराला

अर्जुन निरालाको जन्म असमको तीनसुकियामा सन् १९७९ मा भएको हो । कुरुक्षेत्र तथा पंजाब विश्वविद्यालयबाट क्रमशः राजनीति शास्त्र र हिन्दीमा स्नातकोत्तर गरेका निराला पत्रकारितामा समर्पित छन् । उनी दिल्लीको *अमर उजाला* र *दैनिक भास्कर* जस्ता हिन्दी दैनिक पत्रिकाका समाचार सम्पादक हुन् । संस्कृत, असमी, बङ्गाली जस्ता विविध भारोपेली भाषाहरूका प्रयोक्ता निरालाले जय छाङ्छाकृत **यात्रामा कविता** (वि.सं. २०६३) सङ्ग्रहलाई हिन्दीमा **यात्रा में कविता** (इ. २०१६) शीर्षकमा अनुवाद गरेका छन् । यस अनुवादमा नेपाली र हिन्दी दुवै भाषाका कविता सङ्कलित छन् । नेपालीतर्फको भूमिका दुर्गाप्रसाद श्रेष्ठले र हिन्दीतर्फको पद्मश्री लीलाधर जगुडीले लेखेका छन् । बहुकृतिक छाङ्छाका अन्य कृतिहरू पनि अनूदित छन् (हे. तीर्थप्रसाद भट्टराई; सुरेन्द्र न्यौपाने) । (गोविन्द)

अर्जुन पौडेल

सुनसरीको प्रकाशपुरमा वि.सं. २०४१ मा जन्मिएर अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर गरेका अर्जुन पौडेल शिक्षण पेसामा आबद्ध छन् । अनुवाद कलामा पनि गहिरो अभिरुचिका साथ उनी क्षमता प्रदर्शन गर्दै छन् । उनले अनुवाद गरेका केही रचना नेपाल प्रज्ञा-प्रतिष्ठानको *जर्नल अफ लिट्रेचर, आर्ट एन्ड कल्चर*का अङ्क ७-९ मा प्रकाशित छन् भने चितवनका केदारनाथ खनालकृत **यात्राका स्पन्दन** (नियात्रा सङ्ग्रह, वि.सं. २०६५) को अङ्ग्रेजीमा **हार्टबिट अफ माइ ट्राभल** (इ. २०१५) शीर्षकमा अनुवाद गरेका छन् । यस अनुवादको प्रकाशन लेखक स्वयम्बाट भएको छ । पौडेलले अनुवाद गरेको अर्को कृति हो देवेन्द्र भट्टराईकृत नियात्रा सङ्ग्रह **रेगिस्तान डायरी** (वि.सं. २०६७) जुन अङ्ग्रेजीमा सोही शीर्षकमा प्रकाशोन्मुख रहेको छ। (बलराम) सम्पर्कः *aparjunpaudel@gmail.com*

अर्जुन प्रधान

अर्जुन प्रधानको जन्म नागरिफर्म चियाबारी (दार्जिलिङ) मा सन् १९५१ मा भएको थियो । शिक्षण पेसामा सम्बद्ध अर्जुन प्रधान एक स्थापित समालोचक हुन् । यद्यपि उनको कविता, लेख, संस्मरण जस्ता विधामा त्यत्तिकै योगदान छ । वर्षाना पब्लिकेसन नागरिफर्मले मात्रै आठवटा समालोचना सङ्ग्रह छापेको छ । जस्तै **सृजनाको सेरोफेरो** (इ. २००७), **विमर्शन** (इ. २०१२), **आख्यानकोण** (इ. २०१५) **अन्तर्दृष्टि** (इ. २०१६), **चिन्तनपथ** (इ. २०१७) आदि कविता सङ्ग्रह र **अनिदो प्रहर** (इ. २००१) लेख सङ्ग्रह सबै गरी १६ वटा कृतिका अतिरिक्त दुईवटा अनूदित कृति पनि रहेका छन् । दुईमध्ये **पोएम्स अफ ह्युम्यानिटी** अन्तर्गत ४० कविका नेपाली कविताको अङ्ग्रेजी अनुवाद रहेको छ भने तेजमान बरेलीको नेपाली काव्य कृति रुखको अङ्ग्रेजी अनुवाद **द ट्री** शीर्षकमा रहेको छ । यी अनूदित कृतिको प्रकाशक राङभाङ समवाय साहित्य सदन पोखेबोङ दार्जिलिङ रहेको छ । (गोविन्द) सम्पर्कः ००९१-९८००४८८७८१

अयोध्यानाथ चौधरी

अयोध्यानाथ चौधरीको जन्म धनुषा जिल्लाको हाल विदेह नगरपालिकाअन्तर्गतको दुहबी गाउँमा वि.सं. २००४ मा भएको हो । ललित नारायण मिथिला विश्वविद्यालय दरभङ्गाबाट सन् १९९३ मा अङ्ग्रेजी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयमा एम.ए. गरेका चौधरीले धनुषाका विभिन्न विद्यालयमा ४० वर्ष जति अध्यापन गरी हाल निवृत्त जीवन व्यतीत गरिरहेका छन् ।

उनले मैथिली-नेपाली तथा अङ्ग्रेजी-हिन्दी भाषाबिचको अनुवाद कार्यमा सेवा पुऱ्याएका छन् । चौधरी एक मौलिक सर्जक पनि भएकाले उनले मैथिलीमा निम्न कृति रचेका छन्- **क्षितिजक ओहिपार** (काव्य सङ्ग्रह, इ. १९९३), **एकटा हेरायल सम्बोधन** (कथा सङ्ग्रह, इ. २००८) **परिक्रमा** (काव्य सङ्ग्रह, इ. २०१४), **विकीर्ण चिन्तन** (आलेख सङ्ग्रह, इ. २०१६) लगायत *सयपत्री, मातृभाषाका कविता, रूपान्तरण* एवम् *गरिमा*मा उनका फुटकर अनुवाद प्रकाशन भएका छन् । चौधरीले अनुवादकको रूपमा तयार पारेको कृति **मैथिलीका प्रतिनिधि कथाहरू** एक पठनीय प्रकाशन हो । यद्यपि यसमा अनुवादकको नाम कतै छैन । यो गम्भीर त्रुटि हो । पं. सुन्दर झा 'शास्त्री' देखि लिएर विजेता चौधरीसम्मका २१ वटा कथाको यो सङ्ग्रहले मैथिली कथा परम्पराको एक उत्कृष्ट नमुना प्रस्तुत गर्दछ । यसको सम्पादकमा डा. संजीता बर्मा र अयोध्यानाथ चौधरी रहेका छन् ।

(गोविन्द) सम्पर्क: ९८६४०४२८६८

अयोध्याप्रसाद प्रधान (वि.सं. १९३९-२००९)

अयोध्याप्रसाद प्रधानले मगर भाषाको व्याकरण लेखेका छन् । पाल्पाको तानसेनमा जन्मेका प्रधानको **मगर कुरा शिक्षा** (वि.सं. १९६६) र **मगर कुरा सङ्ग्रह** (वि.सं. १९६६) यस क्षेत्रका प्रकाशित कृति हुन् । प्रथम संस्करणमा लेखकको नाम उल्लेख नभए पनि पछिल्ला संस्करणमा यी कृतिका लेखक प्रधान नै भएको विभिन्न अध्ययनबाट स्पष्ट भइरहेको छ । नेपाली (गोर्खा) भाषाका आधारमा मगर भाषाको व्याकरण प्रस्तुत गरेका प्रधान पहिले मगर भाषा र त्यसको व्याख्या नेपालमा गर्दै शब्द र वाक्यको अनुवादसहित प्रस्तुत गर्न सक्रिय देखिन्छन् । यसबाट नेपालभित्रैका भाषा लोक संस्कृतिमा बाहेक लेखनमा अघि बढाउने सन्दर्भमा प्रधानको लेखन प्रारम्भिक समयको भए पनि मार्ग निर्देशक नै देखिन्छ । यसर्थ अनुवादकका रूपमा पनि प्रधानलाई स्मरण गर्न सकिन्छ । (सुकुम)

आदिवज्र बज्राचार्य (ने.सं. १०२८- ११०८)

आदिवज्र बज्राचार्यको जन्म पाटनको नागबहालमा भएको थियो । बज्राचार्य संस्कृत भाषाका अध्येता हुन् । उनले धर्म, कोश, व्याकरण विषयका कृतिहरूको अनुवाद गर्ने र लेख्ने कार्य गरे । *चूडाकर्मया विषये* शीर्षकको लेख वि.सं. २००६ को **धर्मोदय**मा प्रकाशित गरी उनले साहित्य क्षेत्रमा पाइला चालेका थिए । उनको **पञ्चरक्ष पाठ सूत्र** शीर्षकको अनुवाद वि.सं. २०४१ मा प्रकाशित भएको थियो । बज्राचार्यको **नेपाल भाषाया मूलँपु** (वि.सं. २००६), **मूलँपुया तँसा** (वि.सं. २००७), **छुं पर्यायवाची कोष** (वि.सं. २०१०), **स्वपु जातक** (वि.सं. २०१३), **ऐतिहासिकया छुं वर्षन** (वि.सं. २०१४), **शब्द रचना अलङ्कार** (वि.सं. २०१४), **संक्षिप्त अवदान व बुद्ध जीवनी** (वि.सं. २०१८), **नेपाल द्वादश तीर्थ माहात्म्य** (वि.सं. २०२०), **निगूगु पर्यायवाची कोश** (वि.सं. २०३७), **निगू काव्य** (वि.सं. २०३९), **ऐतिहासिक ची कथा** (वि.सं. २०४३) प्रकाशित कृतिहरू हुन् । वि.सं. २०२० मा भाषाजवाः उपाधिबाट सम्मानित बज्राचार्यले बौद्ध धर्मका ग्रन्थ तथा नेपाल भाषा व्याकरण र कोश तयार पारेका छन् । (नवीन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आन हन्किन्ज

हाल न्यु मेक्सिकोमा रहँदै आएकी आन हन्किन्ज कवि एवम् अनुवादक हुन् । उनले वेन एम्जिजसँगको सहकार्यमा बानिरा गिरीको कविता सङ्ग्रह **फ्रम द लेक लभ** अनुवाद गरेकी छन् (हे. वेन एम्जिज) । तोया गुरुङको लामो कविता **धूपी** र बानिरा गिरीको उपन्यास **कारागार** पनि हन्किन्जद्वारा अनूदित नेपाली कृतिहरू हुन् । गुरुङको ११९ पृष्ठ लामो कविता **धूपी**लाई अङ्ग्रेजीमा उनले **धूपी : द जुनिपर** (इ. २००६) शीर्षकमा अनुवाद गरेकी छन् जसको प्रकाशकमा के. सन्वरीको नाम रहेको छ । बानिरा गिरीको उपन्यास **कारागार** अङ्ग्रेजीमा **द प्रिजन** (इ. २००५) शीर्षकमा अनूदित छ । यसको प्रकाशन जीवा लामिछानेले गरेका हुन् । (गोविन्द)

आनन्ददेव भट्ट

आनन्ददेव भट्टको जन्म जुम्लाको खलङ्गामा वि.सं. १९९३ मा भएको हो । अङ्ग्रेजी साहित्यमा एम. ए. गरेका भट्टले लामो समय त्रिविअन्तर्गत प्राध्यापन सेवामा व्यतीत गरे । उनी एक बहुकृतिक स्रष्टा हुन् । उनका कविता सङ्ग्रह, खण्डकाव्य, निबन्ध सङ्ग्रह, समालोचना गरी दुई दर्जन कृति प्रकाशित छन् । उनले गरेको एउटा अनुवादको ठुलो महत्त्व छ, त्यो हो - नर्वेली नाटककार हेनरिक इब्सेनको नाटक **पिपल्स एनिमी**को नेपाली अनुवाद **जनताको शत्रु** (वि.सं. २०२०) । पाठ्यक्रममा समेत रहेको सो कृति हाल साझा प्रकाशनद्वारा पुनर्मुद्रित छ । (गोविन्द) सम्पर्क: ९८४१०१५९३५

आनन्दप्रसाद श्रेष्ठ

आनन्दप्रसाद श्रेष्ठ सन् १९६४ मा पाल्पा तानसेनमा जन्मिएका हुन् । अङ्ग्रेजी साहित्यमा एम. ए. डिग्री आर्जन गरी लामो समयसम्म त्रिभुवन विश्वविद्यालय अन्तर्गतका महाविद्यालयहरूमा अध्यापन गरेका श्रेष्ठले लेखन तथा सम्पादनमा दिएको योगदानको **कलरफुल पाल्पा** (इ. १९९४) र **ह्यूमन राइटस् इस्युज इन मोडर्न नेपाली पोएट्री** जस्ता कृतिहरूले पुष्टि गर्दछन् । उनले देवकोटाको **मुनामदन**को अङ्ग्रेजीमा सोही शीर्षकमा अनुवाद गरी निराला पब्लिकेसनबाट सन् १९९५ मा छपाएका छन् । यो अनुवादमा श्रेष्ठले मौलिकमा जस्तै गरी अन्त्यानुप्रास मिलाउन खोज्दा कति ठाउँमा अस्वाभाविक पनि भएको देखिन्छ । यद्यपि उनको यो अनुवाद प्रशंसनीय छ । (गोविन्द) सम्पर्क: ९८४९५५२९४१

आनन्दरत्न बज्राचार्य

नमस्ते शब्द सङ्ग्रहका लेखक आनन्दरत्न बज्राचार्यको जन्म वि.सं. २०११ काठमाडौँको ठइटीमा भएको थियो । एम.ए. र एम.पी.ए. गरेका बज्राचार्य सरकारी सेवामा आबद्ध कर्मचारी हुन् । *थुकलं* शीर्षक कथा प्रकाशित गरेर लेखन क्षेत्रमा प्रवेश गरेका बज्राचार्यले कथा, कविता लेख्ने गरेका छन् । **नले देशे मदुगु वस्तु न्याइम्ह मचा व माक: (देशमा नपाइने वस्तु किन्ने बालक र बाँदर)** नामक बाल चित्रकथा पहिले नेपाली भाषामा र पछि नेपाल भाषामा अनुवाद गरी वि.सं. २०५८ मा आलोकरत्न बज्राचार्यद्वारा प्रकाशित गराएका थिए । (नवीन) सम्पर्क: ९८४१२६६१८३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर.सी. रिजाल

रामचन्द्र रिजालको साहित्यिक नाम आर.सी. रिजाल रहेको छ। वि.सं. २००९ मा मकवानपुरको हेटौँडामा जन्मेका आरसी रिजालले बी.एड. गरी शिक्षण सेवामा समय व्यतीत गरे। उनले **खरानी भित्रको आगो** (उपन्यास, वि.सं. २०३६) बाट साहित्यमा प्रवेश गरे तापनि हास्य-व्यङ्ग्य उनको विशेष विधा रहेको छ। **कुकुरको पुच्छर** (वि.सं. २०५५), **कण्ठ लगौटी** (वि.सं. २०५७), **हाकिमको खप्पर** (वि.सं. २०६३) जस्ता हास्य-व्यङ्ग्य सङ्ग्रह स्रष्टा रिजालको नवीनतम कृति हो **भोलारामको आत्मा** (वि.सं. २०६६)।

निमेष निखिलद्वारा सम्पादित यो कृति हिन्दी तथा उर्दूका उत्कृष्ट हास्य-व्यङ्ग्यबाट अनूदित सङ्कलन हो। यसमा हरिशंकर प्रसाईंका १९ वटा, शरद जोशीका दुई, कृश्न चन्दरका दुई, रवीन्द्रनाथ त्यागीका तीन, विनोद भट्ट, मुज्तवा हुसैन, लतिफ घोघी र आनन्द भारतीका एक-एक गरी ३० वटा रचना अनूदित छन्। यी छोटा लेख, निबन्ध विचार, चुट्किलाका रूपमा प्रस्तुत लघु रचना हुन्। (गोविन्द) सम्पर्क: ९८४५०२५६१०

आरेस थापा

भारतको लखनउमा सन् १९६६ मा जन्मेका आरेस थापाले त्रि.वि.बाट एम.ए. (अङ्ग्रेजी साहित्य) सम्मको शैक्षिक उपाधि हासिल गरेका छन्। उनका अनूदित कृतिहरूमा **अङ्ग्रेजी कविताहरू** (वि.सं. २०६०) विभिन्न अङ्ग्रेजी कविका ८२ वटा कविताहरूको नेपाली रूपान्तरण हो भने **स्पिरिचुअल पाथ** (वि.सं. २०७३) र **डिस्कोर्स अन इनर्जी पास** (वि.सं. २०७३) नेपालीबाट अङ्ग्रेजीमा अनूदित कृति हुन्। पछिल्ला दुई अनुवाद अध्यात्म विधाका हुन्। यसका साथै उनले फेसबुक तथा गुगल अनुवादकका रूपमा पनि पहिचान बनाएका छन्। उनको नेपालीबाट अङ्ग्रेजीमा अनूदित तथा प्रकाशित 'इ-बुक **नेक्टर फ्रम कनेक्सन एन्ड स्ट्रगल विथ फिअर एन्ड डेथ**' अनलाइनमा उपलब्ध छ। साथै अनुवादक थापाले नेपालीका वेब कन्टेन्ट पनि अङ्ग्रेजी र हिन्दीमा अनुवाद गर्दै आएका छन्। ती अनुवादहरू http://kamalsfabulous.com/en affiliates=48 मा प्रकाशित छन्। (नवराज) सम्पर्क: ०६३४२०८३४

आशाकाजी बज्राचार्य (वि.सं. १९६५ - २०४९)

आशाकाजी बज्राचार्यको वास्तविक नाम गणेशराज बज्राचार्य हो। उनी व्याकरणविद् तथा आयुर्वेद शास्त्रीको रूपमा चिनिन्छन्। बज्राचार्यपछि गएर पण्डित वैयाकरण (पं. वै.) पदले चिनिन थाले। उनले बौद्ध धर्मसम्बन्धी ग्रन्थ लेखेका छन्। **त्रिरत्न स्तोत्र** (नेपाल भाषा श्लोकसहित, वि.सं. २००९) बज्राचार्यको पहिलो कृति हो। त्यस्तै, **नेपाल वर्ष क्रिया (नखःचखः) पुस्तकम्** (वि.सं. २०१४), **सूर्योदय राजाया कथा** (वि.सं. २०१४), **नित्याचार पुस्तकम्** (वि.सं. २०१६), **गुणवती कथा** (वि.सं. २०१६), **बुंगद्यो नेपालय् हःगु वंशावली** (वि.सं. २०२२), **अन्त्य शान्तिक्रिया पुस्तकम्** (वि.सं. २०२३), **सर्वानन्द नृप जातक** (वि.सं. २०२३), **नेपाल भाषा देवस्तोत्र** (वि.सं. २०२६), **महायान बौद्ध धर्म दर्शन** (वि.सं. २०२८), **स्तोत्र दर्पण** (वि.सं. २०२८), **नेपाल तीर्थव्रत पुस्तकम्** (वि.सं. २०२८), **महायान बुद्ध धर्मचर्या** (स्वयम्भू पुराणया छगू अंश-वि.सं. २०२८), **आर्यतारा स्तुति, परित्राण पाठ** (वि.सं. २०३७), **मल्लकालीन गंप्याखं** (वि.सं. २०३९), **द्वादश तीर्थ व्रत पुस्तकम्** (वि.सं. २०३९), **बोधिसत्वावदान माला** (भाग १/२) (वि.सं. २०४१), **तारा पाराजिका** (वि.सं. २०४३), **सुवर्णप्रभास सूत्रम्** (वि.सं. २०४४), **पञ्चदान विधि** (वि.सं. २०३८), **वृष जन्मावदान** (वि.सं. २०३८), **सुवर्णनृपावदान** (वि.सं.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०५०) कृति प्रकाशित छन् । पं.वै. आशाकाजी बज्राचार्य **बुद्ध वृष जन्म कथा-दीपंखा** (वि.सं. २०१६) का अनुवादक हुन् । (नवीन)

इन्दिरा प्रसाईं

इन्दिरा प्रसाईंको जन्म भारतको दार्जिलिङमा वि.सं. २०१४ मा भएको थियो । एम.बी.ए. डिग्री आर्जन गरेकी इन्दिराको समय राजनीति, समाज सेवा, अध्यापनतिर विभाजित भए पनि उनी एक स्थापित स्रष्टा हुन् - मूलतः कवि अनि कथाकार सम्पादक ।

उनका **मन शायद उघ्रिँदैन** (कथा सङ्ग्रह, वि.सं. २०५१), **विश्वामित्र** (उपन्यास, वि.सं. २०५५), **शिखा** (उपन्यास २०५५), **वायुपङ्खी घोडा** (कविता सङ्ग्रह, वि.सं. २०५७), **तिमी हुनुको** (लामो कविता, वि.सं. २०५७), जस्ता डेढ दर्जन मौलिक सिर्जना त्यति नै सम्पादित कृति छन् ।

इन्दिराले एउटा कृति अनुवाद गरेको देखिन्छ । त्यो हो - त्रैलोक्यनाथ श्रेष्ठको **मेरो जीवन मेरो कथा** शीर्षकको आत्मकथा जसलाई उनले हिन्दीमा **मेरा जीवन मेरी कहानी** (वि.सं. २०५४) शीर्षकमा अनुवाद गरेकी छन् । (गोविन्द) सम्पर्कः ९८४१२२४५९३

इन्दुप्रभा देवी

इन्दुप्रभा देवीको जन्म असमको शोणितपुरस्थित गमिरीमा सन् १९६९ मा भएको थियो । इन्दुप्रभाको उच्च शिक्षा रहर लाग्दो छ - दुई विषय (असमिया र नेपाली) मा एम.ए गरेकी उनले एमफिल तथा असमिया र नेपाली भाषाको रूपतत्वमा विद्यावारिधि गरेकी छन् । हाल बी. वरुवा कलेजकी अध्यापिका इन्दुप्रभाको एक महत्त्वपूर्ण कृति प्रकाशित छ । त्यो हो **माधव कन्दलिर रामायण** (माधव कन्दलिकृत असमिया रामायणको आयोध्या काण्डको नेपाली रूपान्तरण) । यसको प्रकाशक साहित्य अकादेमी कोलकता (इ. २००६) रहेको छ । अनेक भाषाबिच खेल्न सक्ने पूर्वाञ्चलकी इन्दुप्रभा देवीजस्ता स्रष्टामा ठुलो भाषिक शिल्प देखिन्छ । इन्दुप्रभा देवीका **सपनाको जरो पहिल्याउँदै** (कविता सङ्ग्रह, इ. २००७), **शब्दशिल्प र कारुकार्य** (असमिया निबन्ध सङ्कलन, इ. २०१०), **एक सय लिमारिक**, (हास्य व्यङ्ग्य मुक्तक सङ्ग्रह, इ. २०११) र **ती पाइलाहरू** (कविता सङ्ग्रह, इ. २०१२) प्रकाशित छन् । उनका अरू सह-सम्पादित कृतिहरू पनि छन् । उनको एउटा **नेपाली कथा सङ्ग्रह** शीर्षक कृति प्रकाशित छ भने **असमिया विश्वकोश**अन्तर्गत चूडामणि बन्धुको **नेपाली लोक साहित्य** (खण्ड ५) को सामग्री प्रकाशित छ । अनेक पुरस्कार, सम्मान प्रापक इन्दुप्रभा हाल भारतको गुवाहाटीमा बस्दै आएकी छन् । (गोविन्द) सम्पर्कः ९८६४१६७९८५

इन्द्र माली

इन्द्र मालीको जन्म वि.सं. २००१ मा टेबहाल काठमाडौँमा भएको हो । हाल नारायणस्थान ताहाचल क्यबमा रहँदै आएका मालीले एम.ए., एम.एस. (फिलिपिन्स) गरेका छन् । नेपाल भाषा र नेपाली दुवैम सृजना गर्ने मालीका **न्हू पुखुली कसाःया ख्वाःपाः, झीगु भाय्, दोलखा भाषा व छुं, पहरी भाषिका : छा अध्ययन, झीगु मांभाय् म्हिगः व थौं, पुलांगु कसि : न्हूगु दापु, विद्रोही कवि बुद्ध साय्मि (समालोचना) र नेपा भाषाया माध्यमिक कालया छुं** कृतिहरू प्रकाशित छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समालोचक मालीका सम्पादित पुस्तकहरू **नेपाल भाषाया निबन्ध पुचः**, नेपाल भाषा कविता सङ्ग्रह, **कुचा कुचागु किपा दुने** (समालोचना) प्रकाशित छन्। श्रेष्ठ सिरपाद्वारा सम्मानित मालीका नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा सम्पादित **नेवारी भाषाका केही आधुनिक कविता** (अनूदितसङ्ग्रह) (वि.सं. २०४९) प्रकाशित छ। (नवीन) सम्पर्क: ९८४१२८०४४१

इन्द्रविलास अधिकारी

लमजुङको चन्द्रेश्वरमा वि.सं. १९९५ मा जन्मेका इन्द्रविलास अधिकारीले त्रिविबाट अङ्ग्रेजीमा एम. ए. तथा बेलायतबाट भाषा शिक्षणमा डिप्लोमा गरी त्रिविअन्तर्गत शिक्षण सेवामा प्रवेश गरे। लामो समयसम्म लमजुङकै विद्यालयमा अध्यापन गरेका अधिकारीले सन् १९८५ मा नर्थ बङ्गाल युनिभर्सिटीबाट *लक्ष्मीप्रसाद देवकोटा र अङ्ग्रेजी रोमान्टिक कवि* भन्ने विषयमा विद्यावारिधि गरे। त्रिविबाट सेवा निवृत्त प्रा. डा. अधिकारीका नेपाली र अङ्ग्रेजी दुवै भाषामा कृति प्रकाशित छन्। तीमध्ये **द पोएट्री अफ लक्ष्मीप्रसाद देवकोटा** (वि.सं. २०५९), **नेपाल एन्ड अमेरिका सेयर्ड ड्रिम्स** (वि.सं. २०५९), **लेखनाथ पौड्याल एन्ड हिज सेन्टिनरी** (इ. १९८४) तथा नेपालीमा **पश्चिमी साहित्य सिद्धान्त** एक हो। उनले आफ्नो जीवनीमा सबै लेखेका छन्।

प्रा.डा. अधिकारीले दुई कृतिको अनुवाद गरेका छन् - पहिलो हो, **बहुभाषी देशहरूमा पुस्तक** (वि.सं. २०४०)। साझा प्रकाशनले छापेको यस अनुवादको मूल रूप युनेस्को पब्लिकेसन सिरिज नं. ८२ को **द बुक इन मल्टिलिङ्गुअल कन्ट्रिज** थियो। त्यसपछि उनले **प्यारिश वार्ताहरू** शीर्षकमा बहाई दर्शनको पुस्तक अङ्ग्रेजीबाटै अनुवाद गरे जसको प्रकाशन बहाई समाज काठमाडौंले गऱ्यो। (गोविन्द)

इस्माली

महेश पौडेलको साहित्यिक नाम 'इस्माली' हो। उनको जन्म महोत्तरी जिल्लाको औरहीमा वि.सं. २०१२ मा भएको हो। उनले गणित विषयमा स्नातकोत्तर गरी त्रिविअन्तर्गत प्राध्यापन पेसामा लामो सेवा गरे। **सेतो आतङ्क** शीर्षकको उपन्यासबाट वि.सं. २०३९ मा साहित्य क्षेत्रमा प्रवेश गरेका इस्मालीका हालसम्म पाँच कथा सङ्ग्रह र दुई उपन्यास प्रकाशित छन्। उनी नेपाली कथा लेखनमा एक स्थापित नाम हुन्। इस्मालीले दुईवटा कृतिको अनुवाद गरेका छन्। पहिलो हो **युरेसियाका कथा**। शिखा प्रकाशनले वि.सं. २०७३ मा बजारमा ल्याएको यस सङ्ग्रहमा जापानी, रुसी, चिनियाँ, बङ्गलादेशी, भारतीय, श्रीलङ्काली, पाकिस्तानी, इरानेली र बेलायती गरी दश देशका १९ कथा रहेका छन्। त्यसै गरी उनले ख्यातिप्राप्त बङ्गाली स्रष्टा महाश्वेता देवीको कृति **अक्लान्त कौरव**को पनि अनुवाद गरेका छन्। यस कृतिलाई बङ्गलीबाट हिन्दीमा ल्याउने साहित्यकार कञ्चन कुमार हुन् जुन कृतिलाई राधाकृष्ण प्रकाशन दिल्लीले सन् १९८१ मा बाहिर ल्याएको थियो। (गोविन्द) सम्पर्क: ९८४१८४९०८५

ईश्वर बराल (वि.सं. १९८०-२०५४)

ईश्वर बरालको जन्म सिरहाको बस्तीपुरमा भएको थियो। अङ्ग्रेजीमा एमए र इतिहासमा विद्यावारिधि गरेका बराल नेपाली भाषाका एक मानक समालोचक हुन्। नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपतिसमेत भएका समालोचक बरालका **झ्यालबाट** (वि.सं. २०२९) **आख्यानको उद्भव** (वि.सं. २०३९), **छरिएका**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समीक्षाहरू, देवकोटा र उनका काव्य जस्ता समालोचनाका पुस्तकहरू प्रकाशित छन् । समालोचना तथा सम्पादनका साथै बरालले अनुवाद पनि गरेका छन् । उनले रवीन्द्रनाथ ठाकुरको कथा सङ्ग्रह **गल्पगुच्छ**लाई हिन्दीबाट नेपालीमा अनुवाद गरेका छन् । **रवीन्द्रनाथका कथा** शीर्षकमा अनूदित यस पुस्तकको प्रकाशन सन् १९६१ मा साहित्य अकादेमी, नयाँ दिल्लीले गरेको थियो । (गोविन्द)

ईश्वरीप्रसाद पाण्डेय

गुल्मीको वामी गाउँमा वि.सं. २०२५ मा जन्मेका ईश्वरीप्रसाद पाण्डेयले अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर तह पुरा गरी त्रिविमा अध्यापन आरम्भ गर्दागर्दै स्यामुअल बेकेको विसङ्गतिवादी नाटक **वेइटिङ फर गोदो**लाई नेपालीमा अनुवाद गरे । **गोदो**को **प्रतीक्षा** शीर्षकमा अनूदित सो कृतिलाई ठानीश्वर पाण्डेयले वि.सं. २०५२ मा प्रकाशित गरेका थिए । विसङ्गतिवादी फ्रान्सेली नाटकको एउटा कोसेढुङ्गो मानिएको **गोदोको प्रतीक्षा**ले विश्व साहित्यको नयाँ मोडलाई नेपालीमा परिचित गरायो । हाल डा. पाण्डेय अमेरिकास्थित क्यालिफोर्निया स्टेट युनिभर्सिटीमा प्राध्यापन गरिरहेका छन् । (गोविन्द)

उकेश भुजू

भक्तपुर निवासी उकेशराज भुजूको जन्म वि.सं. २०१२ मा भएको थियो । एम.एस. डिग्री पुरा गरेका भुजू नेपाल भाषा, नेपाली र अङ्ग्रेजी भाषामा कलम चलाउँछन् । भुजूले **देश देशावरका लोककथा**लाई नेपाल भाषामा **देशदेशावरया लोककथा** शीर्षकमा अनुवाद गरेका छन् । यसलाई २०२० मा श्रेष्ठ प्रकाशनले बाहिर ल्याएको थियो । कनकमणि दीक्षितद्वारा लिखित **एड्भेन्चर्स अफ अ नेपाली फ्रगलाई** नेपाल भाषामा अनुवाद गरी उनले **भक्तप्रसाद ब्यांया नेपाः चाःहिला** (वि.सं. २०५६) शीर्षकमा रातो बङ्गलाद्वारा प्रकाशित गरे । (नवीन) सम्पर्कः ९८४१२९२८२९

उज्ज्वल प्रसाईं

झापाको हालको मेची नगरपालिकामा वि.सं. २०४२ जन्मेका उज्ज्वल प्रसाईं अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर तह पुरा गरी पत्रकारितामा समर्पित व्यक्ति हुन् । उनले प्रशान्त झाद्वारा *लिखित* **द ब्याटल्स् अफ द न्यु रिपब्लिक** (इ. २०१४) को अनुवाद गरेका छन् । यसको नेपाली शीर्षक **गणतन्त्रको सङ्घर्ष, नेपालको समकालीन इतिहास** रहेको छ । यसलाई फाइन प्रिन्ट्सले वि.सं. २०७२ मा प्रकाशन गरेको हो । यो आख्यानेत्तर कृति हो । पसाईंका असङ्कलित अनूदित रचनाहरूको सङ्ख्या धेरै छ । (बलराम) सम्पर्कः ९८५१२४९६८८

उदयनारायण गौतम

उदयनारायण गौतमको जन्म असमको शोणितपुरमा सन् १९५२ मा भएको थियो । एम. ए. गरेका गौतम सेवा निवृत्त शिक्षक हुन् । नेपाली, असमिया, अङ्ग्रेजी र हिन्दीका कृति प्रकाशन तथा सम्पादनमा योगदान पुऱ्याएका गौतम प्रसिद्ध असमेली स्रष्टा होमेन बरगोहाञीले लेखेको **किताप पढार आनन्द**लाई **पुस्तक अध्ययनले आनन्द** (इ. २०१३) शीर्षकमा अनुवाद गरेका छन् । यसका प्रकाशक राज गौतम रहेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री गौतमका मौलिक कृतिमा **पुराना कुरा नयाँ विचार** (निबन्ध सङ्ग्रह, इ. २०१३) **गोहपुर भेगका केही आग्रणी गोर्खाहरू** (जीवनी, इ. २०१५), **ज्ञान अपौरुषेय** (निबन्ध, इ. २०१५) आदि छन् । (गोविन्द) सम्पर्क: ९८५९७४२९२२

उद्दीप सिंह थापा 'मुगाली'

'मुगाली' भनेपछि धनकुटेली थापा हुन् तर अन्य विवरण पत्ता लागेको छैन । उद्दीप सिंह थापा 'मुगाली'ले विलियम सेक्सपियरकृत **ट्वेल्भ्थ नाइट**लाई **बार्‍हौं रात** शीर्षकमा अनुवाद गरेका थिए । यस अनूदित नाटकलाई रोयल नेपाल एकेडेमीले वि.सं. २०२० मा प्रकाशित गर्‍यो । यो प्रकाशन उद्देश्यपूर्ण थियो भन्ने कुरा भाइस चान्सलर बालचन्द्र शर्माले लेखेका *केही* शब्दले पुष्टि भएको छ । यी शब्द पढ्दा नेपाली अनुवाद कार्यलाई विश्व चेतनाले पनि छोएको देखिन्छ : *अप्रिल १९६४ मा विश्वका महान् कवि र नाटककार विलियम सेक्सपियरको चौथो शतवार्षिक-समारोह विश्वभर मनाइँदै छ । त्यसै विशिष्ट अवसरमा उहाँको* **बार्‍हौं रात** *(Twelfth Night) नामक एक प्रसिद्ध कृतिको नेपाली अनुवाद प्रस्तुत गर्न पाउँदा रोयल नेपाल एकेडेमीलाई प्रसन्नता छ (बालचन्द्र शर्मा, वि.सं. २०२०) ।* त्यसै गरी **राजा लियर** थापाद्वारा अनूदित सेक्सपियरको अर्को नाट्य कृति हो । वि.सं. २०२९ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाटै प्रकाशित **राजा लियर** विश्वप्रख्यात दुखान्त नाटक **किङ लियर**को नेपाली अनुवाद हो । तत्कालीन निमित्त का.मु. उपकुलपति चूडानाथ भट्टरायले थापाको अनुवाद-शिल्पको यसरी प्रशंसा गरेका छन् - *यसका अनुवादक श्री उद्दीप सिंहज्यूले भ्याएसम्म यसमा भाव जस्ताको तस्तै कायम राखी भाषामा पनि भरमग्दुर सशक्तपन ल्याउन खोजेको देख्दा हृदयदेखि धन्यवाद दिन्छु ।* (गोविन्द)

उमाशंकर द्विवेदी

पर्साको वीरगञ्जस्थित रामढवामा वि.सं. २०११ मा जन्मेका उमाशंकर द्विवेदीले मैथिली-भोजपुरीबिचमा केही गद्य कृतिको अनुवाद गरेका छन् । उनका चार पुस्तक अनूदित देखिन्छन् । उनले राम भरोस कापडी 'भ्रमर'द्वारा मैथिलीमा लिखित **घरमुहाँलाई** सोही शीर्षकमा भोजपुरीमा अनुवाद गरेका छन् । यसको प्रकाशन भोजपुरी समाज वीरगञ्जले वि.सं. २०६९ मा गर्‍यो । त्यसै गरी हरिमोहन झाकृत मैथिली हास्य व्यङ्ग्य पुस्तक **खट्टरकाक तरङ्ग**लाई सोही शीर्षकमा उनले अनुवाद गरेका छन् । उनले बी.पी. कोइराला, गुरुप्रसाद मैनाली, भवानी भिक्षु, रमेश विकल, गोविन्द गोठाले, तारिणीप्रसाद कोइराला जस्ता लेखकका २० वटा उत्कृष्ट नेपाली कथालाई भोजपुरी भाषामा अनुवाद गरेका छन् । यी दुवै कृतिको प्रकाशन नेपाल प्रज्ञा-प्रतिष्ठानले गर्दै छ । विष्णु शर्माद्वारा रचित 'पञ्चतन्त्र' संस्कृत भाषाबाट नेपाली भाषामा अनूदित कृति वीरगञ्जबाट प्रकाशित 'प्रतीक' पत्रिकामा धारावाहिक रूपमा प्रकाशित छ । (गोविन्द) सम्पर्क: ९८११२०५२६४

उषा ठाकुर

उषा ठाकुरको जन्म वि.सं. २००८ मा पटनामा भएको हो । साहित्यमा विद्यावारिधि गरेकी ठाकुरले त्रिभुवन विश्वविद्यालयअन्तर्गत ३५ वर्षसम्म विभागीय प्रमुखसमेत रही प्राध्यापन कार्यमा सेवा गरेकी छन् । उनले केशरी बज्राचार्यको **मरुभूमिको काँडा** शीर्षकको कविता सङ्ग्रहलाई **मरुभूमि का काँटा** (हिन्दी) मा अनुवाद गरेकी छन् । यसलाई साहित्यिक पत्रकार सङ्घले वि.सं. २०६० मा प्रकाशित गरेको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समालोचना, कविता, कथा एवम् निबन्ध विधामा योगदान दिइरहेकी अनुवादक ठाकुरका रचनाहरू नेपाल र भारतका साहित्यिक पत्रपत्रिकामा लगभग पाँच सयको सङ्ख्यामा छापिएका छन्। हाल नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत अनुवाद विभागकी प्रमुख रहेकी प्राध्यापक ठाकुर नेपालमा अनुवाद विषयको उन्नतिमा समर्पित भई लागेकी छन्। उनले चार वर्ष (इ. १९८९ देखि १९९२ सम्म) Dauphin University, PARIS, France मा एम.ए. तहमा प्राध्यापन गरिन्। उनले डा. रामभक्त ठाकुरसँग एक सहकार्य पनि गरेकी छन् जसमा धर्मरत्न यमिले नेपाल भाषामा लेखेको **ल्हासा बोल्छे** खण्डकाव्यलाई **ल्हासा की वाणी** शीर्षकमा हिन्दीमा अनुवाद गरिएको छ। यो शीघ्र प्रकाश्य कृति हो। एम.ए. त्रय डा. रामभक्त ठाकुरको जन्म वीरगञ्जमा सन् १९४९ मा भएको थियो। साहित्य क्षेत्रमा पनि कलम चलाई कुटनैतिक क्षेत्रमा राजदूत र निर्वाचन आयुक्तसमेत भइसकेका डा. रामभक्त ठाकुरका धेरै साहित्यिक रचनाहरू 'गोरखापत्र', 'मधुपर्क' आदिमा प्रकाशित छन्।

डा. उषा ठाकुरकै नेतृत्वमा प्रस्तुत **नेपाली अनुवादक परिचय कोश**को परिकल्पना पुरा हुँदैछ। पूर्व प्राज्ञ माधवलाल कर्मचार्यले तयार गरेको **अनुवाद ग्रन्थसूची** (वि.सं. २०५९) पश्चात् यो एक ऐतिहासिक कार्य हुनेछ। प्रा.डा. उषा ठाकुरका प्रकाशित कृतिहरूमा **पन्त काव्यको सामाजिक भूमिका** (इ. १९९५), **हिन्दी और नेपाली के प्रतिनिधि हस्ताक्षर** (इ. १९९८), **मरुभूमिका काँडाः विम्ब प्रतिविम्ब**, (सम्पादन, वि.सं. २०५९), **स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि** (वि.सं. २०५९), **नेपाली साहित्यको श्रीवृद्धिमा स्रष्टाहरूको योगदान** (वि.सं. २०५९), **युगकवि सिद्धिचरणको काव्य साधना** (**वि.सं.** २०६८), **कवितामा भानु** (सम्पादन, वि.सं. २०७२) हुन्। (बलराम) सम्पर्कः ९८४८४६७८७०

ऋचा शर्मा

ऋचा शर्माको जन्म काठमाडौँको सिफलमा वि.सं. २०३६ मा भएको हो। व्यवस्थापन विषयमा स्नातकोत्तर तह पुरा गरेकी शर्मा हाल नागरिक उड्डयन प्राधिकरणमा कार्यरत छिन्। उनको **विश्वका महिला कथाकारका कथाहरू** (वि.सं. २०७४) शीर्षक सङ्ग्रह हालै नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको छ।

संयुक्त राज्य अमेरिकाबाट तीन, अस्ट्रेलियाबाट तीन, भारत, अजरबैजान, बेलायत, म्यान्मार, इजिप्ट, दक्षिण अफ्रिका र क्यानडा प्रत्येकबाट एक एक गरी जम्मा नौ देशका १३ जना नारी कथाकारका एक एक चुनिएका कथा अनूदित छन्। यसमा केट चापिन, क्याचरिन म्यान्सफिल्ड, पर्ल एस बक जस्ताकै हाराहारीमा आउने बीसौँ शताब्दीका नारी स्रष्टाका रचना नेपालीमा आएका छन्। (बलराम) सम्पर्कः ९८५१२३७१९७

ऋद्धिबहादुर मल्ल (वि.सं १९५५-२०२५)

नेपाली साहित्यमा सुब्बा ऋद्धिबहादुर मल्ल मौलिक लेखनसँगै अनुवाद साहित्यमा निकै सक्रिय नाम हो। मौलिक कृतिमा **शर्मिष्ठा** उपन्यास मात्र प्रकाशित गरेका मल्लका एक दर्जन अनूदित कृति प्रकाशित छन्। विशेष गरी बङ्गाली भाषाको साहित्यलाई नेपालीमा अनुवाद गर्न उनको योगदान महत्त्वपूर्ण छ।

विश्वकवि रवीन्द्रनाथ ठाकुरद्वारा बङ्गाली भाषामा लेखिएको **चोखेर वाली**को नेपाली अनुवाद **आँखाको कसिङ्गर** (उपन्यास, वि.सं. २०१९), **नौका डुबी**को नेपाली अनुवाद **डुङ्गा पल्टियो** (उपन्यास, वि.सं. २०२२), बङ्गाली भाषामै शरच्चन्द्र चट्टोपाध्याको **चरित्रहीन** (उपन्यास, वि.सं. २०२२), चट्टोपाध्यायको **शेष प्रश्न** (उपन्यास, वि.सं. २०२२) रवीन्द्रनाथ टेगोरको **गोरा**को नेपाली अनुवाद **गोरा** (उपन्यास, वि.सं.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०२७), फ्रान्सेली लेखक भिक्टर ह्युगोले अङ्ग्रेजीमा लेखेको **न्याट्रिड्याम-डी प्यारी**को नेपाली अनुवाद **न्याट्रिड्यामको कुम्भे** (उपन्यास, वि.सं. २०२५) जस्ता कृतिलाई नेपाली भाषामा भित्र्याउने कार्यमा उनको महत्त्वपूर्ण योगदान रहेको छ। नेपाली साहित्यमा महत्त्वपूर्ण स्थान ओगट्न सफल *शारदा* पत्रिकाको प्रकाशन र सम्पादक भएर पनि उनले विशिष्ट योगदान पुऱ्याएका छन्। (जयदेव)

ऋषभदेव शर्मा रेग्मी (वि.सं. १९७०-२०४७)

ललितपुरको गोदावरीमा जन्मेका ऋषभदेव शर्माले संस्कृतमा शास्त्रीसम्मको अध्ययन गरेका थिए। पत्रकारिता, साहित्य लेखन र प्राध्यापनलाई नै मुख्य पेसा बनाएका रेग्मीका मौलिक र अनूदित गरी आठवटा कृतिहरू प्रकाशित छन्। **काव्य मञ्जरी** (लक्षणग्रन्थ, वि.सं. २०१५), **निबन्ध र पत्र लेखन** (पाठ्य पुस्तक, वि.सं. २०२३), **नेपाली व्याकरणको दन्त्य कथा** (पाठ्य पुस्तक, वि.सं. २०२७), **प्राच्य दर्शन परिचय** (पाठ्य पुस्तक, वि.सं. २०३४), **दीना, भद्री र सहलेश** (उपन्यास, वि.सं. २०३५), **माटाको ममता** (खण्डकाव्य, वि.सं. २०३६), **कृषिबाला** (खण्डकाव्य, वि.सं. २०४५) मौलिक कृतिहरू हुन् भने ईश्वर कृष्णद्वारा विरचित **साङ्ख्यकारिका**को सोही शीर्षकमा गरिएको नेपाली अनुवाद उनको अनूदित कृति हो। उक्त कृति वि.सं. २००५ मा प्रकाशित भएको देखिन्छ। (माधव)

एकाराम सिं

वि.सं. २०२२ माघ शुक्ल एकादशीका दिन काठमाडौँमा जन्मिएका एकाराम सिं चित्रकारका रूपमा परिचित छन्। एम.ए. (समाज शास्त्र), बी.एफ.ए. सम्म अध्ययन गरेका सिंको पहिलो रचना *भद्रकाली* (सचित्र ऐतिहासिक कमिक्स, वि.सं. २०४७) प्रकाशित भएको थियो भने उनको **मूर्ति दयेकल, ल्हाः त्वाःथल** नामक सचित्र कमिक्स प्रकाशित भयो। यसलाई लेखक आफैले नेपाल भाषाबाट नेपालीमा **मूर्ति बनायो हात गुमायो** शीर्षकमा अनुवाद गरे र शंकरमान वैद्यले त्यसलाई वि.सं. २०७३ मा प्रकाशित गरे। (नवीन)

ए.एम. स्याङ्देन (इ. १९१८-२००४)

ए. एम. स्याङ्देनको पुरा नाम अकलमान स्याङ्देन हो। उनको जन्म दार्जिलिङमा भएको थियो। उनले शिक्षण पेसामा जीवन व्यतीत गरे। उनका साहित्यिक योगदानहरूमा **इङ्लिस ग्रामर, पद्म सम्भव** (नेपाली), **भगवान बुद्ध** (नेपाली, इ. १९९०) रहेका छन्। उनले गरेको एउटा महत्त्वपूर्ण कार्य छ महाकवि देवकोटाको **मुनामदन**को अङ्ग्रेजी अनुवाद। यसलाई उनले दार्जिलिङको सुलेखा प्रिन्टिङ प्रेसबाट सन् १९९४ मा छपाएका थिए। यस कृतिको तयारीमा उनले डा. जगत क्षत्री तथा फादर विलियम बर्क जस्ता विद्वान्ले सम्पादनमा सहयोग पुऱ्याएको कुरा उल्लेख गरेका छन्। **मुनामदन**को अङ्ग्रेजीमा मात्रै आठ भिन्नाभिन्नै अनुवाद प्रकाशित छन्। (हे. दान खालिङ, माइकल हट, आनन्दप्रसाद श्रेष्ठ, झमकप्रसाद शर्मा आदि) (गोविन्द)

ए.डब्लू. कर्नेलिअस

ए.डब्लू. कर्नेलिअसको **युरोपियन्स गाइड टु गुर्खाली अर नेपाली ग्रामर** (इ. १९४४) तथा इङ्लिस **गुर्खाली डिक्सनरी** (इ. १९४४) प्रकाशित कृति हुन्। यिनको पहिलो कृति **नेपाली भाषाको व्याकरण** हो। यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याकरणमा अङ्ग्रेजी भाषालाई माध्यम भाषा बनाई नेपाली भाषाका नमुना रोमन लिपिमा दिइएको छ। व्याकरणिक प्रयोजनबाहेक उपयोगी शब्द समूह, पदावली अङ्ग्रेजी शब्द, पदावलीका समान अर्थमा प्रस्तुत गर्नु यस कृतिका लेखकको उल्लेख्य पक्ष हो। गुर्खाली (नेपाली) बाट अङ्ग्रेजी र अङ्ग्रेजीबाट गुर्खालीमा अनुवाद गर्दा अनेक अभ्यास दिई अनुवादको आधार दिनु पनि यस कृतिको थप प्राप्ति हो। यस कृतिमा समय जनाउने शब्द, दैनिक परेडमा प्रयोग हुने वाक्य, राइफल ड्रिल, क्याम्प, तलब, बिदा, शिक्षा, भर्ती, रासन तथा सुबेदारसँग कुरा गर्ने तरिकाको अनुवादसहित प्रस्तुत छ। यस्तै यिनको अङ्ग्रेजी र नेपाली शब्दावलीमा अङ्ग्रेजी शब्दका आधारमा नेपाली समानार्थी शब्द दिइएको छ। यही आधारमा कर्नेलिअस नेपाली अनुवाद परम्परामा स्मरणीय रहेका छन्। (सुकुम)

एड्विना मोर्गन

सुस्मिता नेपालद्वारा रचित २३ वटा नेपाली कविताको अङ्ग्रेजी अनुवादमा संलग्न भएकी एड्विना मोर्गानको नाम पुस्तिकाको ब्लर्बमा मात्र देखिन्छ। अन्यत्र कहीँ पनि अनुवादकको नाम उल्लेख छैन। *ग्रेटा राणा*को भूमिकामा यो अनूदित सङ्ग्रहमा मोर्गानले अनुवाद गरेको भन्ने जनाउ दिएकी छन्। यद्यपि ब्लर्बमा मोर्गानले यस कार्यमा आंशिक रूपले सहयोग पुऱ्याएको भनेकी छन्। यसरी स्रष्टा आफैले यो कृति अङ्ग्रेजीमा लेखेको हो कि अनूदित हो भन्ने स्पष्ट नभएको देखिन्छ। जहाँ अनुवादकको नाम र परिचय प्रस्टसँग खुलेर आउँदैन त्यहाँ उनीहरूको पहिचान पनि खुल्दैन। यस अनुवादलाई २०६४ मा सनिका प्रकाशनले निकालेको थियो। (गोविन्द)

ए.डी. मोलोनी

मेजर ए.डी. मोलोनीको **गुर्खाली बिगिनर** (इ. १९२३) प्रकाशित छ। भाषा सिकाउने उद्देश्यले लेखिएको यो कृति अनुवादका सन्दर्भमा पनि स्मरणीय छ। नेपाली वर्ण, शब्द, वाक्यमा अनेक प्रयोगको अनुवाद गरिएको यो कृति भाषिक पाठबाट भाषा सिकाउने सन्दर्भ भएकाले अनेक पाठको अनुवाद पनि यसमा प्रस्तुत छ। यिनले नेपाली भाषामा आ, इ, उ, छ, त, न, र वर्ण मात्र नभई शब्दका तहमा र वाक्यमा पनि प्रयोग हुने आधार दिई भाषाको चर्चा गरेका छन्। जस्तै, छ- अस्तित्व, सहायक क्रिया, सङ्ख्याका अधारमा प्रस्तुत गर्दा अङ्ग्रेजी नेपाली उदाहरण/अनुवाद पनि प्रस्तुत गरेका छन्। (सुकुम)

एम. मिरङडोङ्क

मिरङडोङ्कको **बेसिक गुर्खाली ग्रामर** (इ. १९४९) प्रकाशित कृति हो। यो कृति अङ्ग्रेजी र नेपाली (रोमन लिपि) मा प्रस्तुत छ। यसका लेखनमा शब्दावली (दुवै भाषामा) दिई ती शब्दावलीका आधारमा शब्दको चिनारी दिएर प्रत्येक पाठका आधारमा अनुवादको समायोजन गरिएको छ। जस्तै : A gurkha eats rice. (Gurkhali bhat khanchha.) यस प्रकार अनुवादको आधार दिएका मिरङडोङ्कका लेखनमा नातो जनाउने शब्दको अनुवादसहित व्याख्यात्मक चिनारी पनि आएको छ। यसैले अनुवादका क्षेत्रमा यिनी पनि स्मरणीय व्यक्तित्व हुन् र यस क्षेत्रमा यिनको **बेसिक गुर्खाली डिक्सनरी** (इ. १९५०) पनि उल्लेख्य कृति हो। (सुकुम शर्मा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐश्वर्यधर शर्मा

वि.सं. १९९३ कात्तिकमा जन्मिएका ऐश्वर्यधर शर्माको अर्को नाम भाइजुजु हो । आयुर्वेदमा शास्त्री तहसम्मको अध्ययन पुरा गरेका शर्माको पहिलो *आःतक लुयावःगु पुलांगु स्वस्थानीया बाखं* शीर्षक लेख *सफूपलिस्था* शीर्षक पत्रिका (वि.सं. २०५०) मा प्रकाशित भएको थियो । शर्माका कृतिहरू **अगिंमथःग्या ऐतिहासिक सामग्री, स्वस्थानी, शिवरात्री पर्व कथा, श्री मनकामना माहात्म्यम्** (अनुवाद) रहेका छन् ।

श्रीजयराजा चार्यद्वारा संस्कृत भाषामा लेखिएको **श्री मनकामना माहात्म्यम्** (काव्य) **नेपाल भाषामा** अनुवाद गरी मनकामना दर्शन प्रा.लि.बाट वि.सं. २०५६ मा प्रकाशित भएको थियो । (नवीन)

ओकियुयामा ग्वाइन

ओकियुयामा ग्वाइनको धेरै विवरण प्राप्त छैन । सन् १९२० मा हङकङमा जन्मेका ग्वाइनले दार्जिलिङ, काठमाडौँ र मुगलिङलाई आफ्नो कार्यक्षेत्र बनाएको पढ्न पाइन्छ । उनका **नागबेली** (वि.सं. २०२६), **सुनाखरी** (वि.सं. २०३५) जस्ता उपन्यास तथा **चित्रलेखा** (इ. १९५८) **भाव सम्भव** (वि.सं. २०१८), **अनामिका** जस्ता कविता सङ्ग्रह प्रकाशित छन् । अनुवादमा ग्वाइनको ठुलो योगदान छ । उनले **उमर खैयामका रुवाइयातहरू** (इ. १९५१) सेक्सपियरको **जुलियस सिजर** (नाटक), रवीन्द्रनाथ ठाकुरको, **गीताञ्जली**, अर्नेस्ट हेमिङ्वेको उपन्यास **ओल्ड म्यान एन्ड द सी**को **बुढो माझी र समुद्र** शीर्षकमा अनुवाद गरेर नेपाली साहित्यको समृद्धि हेतु विश्व साहित्य ल्याएर जोडे । उनको **गीताञ्जली**लाई जीवन ज्योति प्रकाशन दार्जिलिङले सन् १९६९ मा प्रकाशित गरेको थियो । उनले **पोएम्स बाइ खलिल जिब्रान**लाई **तटमा तरङ्गको गीत** शीर्षकमा अनुवाद गरी जीवन ज्योति प्रकाशन दार्जिलिङबाट सन् १९७० मा प्रकाशित गराए । त्यसै गरी स्याम्युएल बेकेको विश्व प्रसिद्ध नाटक **वेटिङ सर गोदो**लाई पहिलो पल्ट नेपालीमा अनुवाद गर्ने स्रष्टा यिनै ग्वाइन हुन् । यिनले **ईश्वरको उपेक्षा** शीर्षकमा सो कृति अनुवाद गरी सन् १९७५ मा दार्जिलिङबाट बाहिर ल्याए । (यसको अर्को अनुवाद हे. ईश्वरी पाण्डे) । (जयदेव)

ओमकारेश्वर श्रेष्ठ

ललितपुरको लुभु दबूछेँ टोलमा वि.सं. २०१७ मा जन्मेका ओमकारेश्वर श्रेष्ठले नेपाल भाषा, अङ्ग्रेजी र भाषा विज्ञानमा विद्यावारिधि गरेका छन् । नेपाल भाषा केन्द्रीय विभाग, पाटन क्याम्पसमा कार्यरत उनले

उनले अनुवादमा पुऱ्याएका छन् । उनले **वर्ल्ड नेवार अर्गनाइजेसन चार्टर** (इ. २०११) लाई **हलीं नेवा दबू** (इ. २०११) शीर्षकमा अनुवाद गरेका छन् । त्यसै गरी **साउथ एसियन कन्फेरेन्स अन स्यानिटेसन : पास्ट प्रेजेन्ट एन्ड फ्युचर**लाई **दक्षिण एसियाली सरसफाइ सम्मेलन : हिजो, आज र भोलि** (इ. २०१६) शीर्षकमा ल्याएका छन् । भने डा. तेजरत्न कंसाकारको लामो लेख **सोसियोलिङ्गुस्टिक्स एन्ड नेवार**लाई नेपाल भाषामा अनुवाद गरेका श्रेष्ठले **डा. सनयात सेन** शीर्षकको चित्रकथालाई पनि नेपालीमा अनुवाद गरेका छन् । (बलराम) सम्पर्क: ९८४१३२७९१४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ओमचरण अमात्य

ओमचरण अमात्यको जन्म वि.सं. २०१६ मा भक्तपुरमा भएको थियो । अहिलेको उनको ठेगाना पुरानो जगाती, सूर्यविनायक हो । उनले त्रिविबाट अङ्ग्रेजी साहित्यमा एम. ए. र बीएल गरेका छन् । उनी भक्तपुरका विविध सामाजिक एवम् राजनीतिक क्रियाकलापमा संलग्न भएर व्यापक सेवाकर्ममा लागेका छन् । झन्डै दुई दर्जन पत्रपत्रिकाका सम्पादन र प्रकाशनमा संलग्न ओमचरणले तीनवटा महत्त्वपूर्ण ग्रन्थको अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गरेका छन् । ती हुन् : **मकियाभेलिको द प्रिन्स,** प्रकाशक भक्तपुर नगरपालिका (इ. १९८५), अङ्ग्रेजी आख्यानकार जोनाथान स्विफ्टको विश्व प्रसिद्ध आख्यान **गुलिभर्स ट्राभल्स** र होमरको **इलियाड** (वि.सं. २०५५) ।

मकियाभेलि (इ. १४६९-१५२७) पुनर्जागरण कालका इटालियन दार्शनिक, राजनेता र फ्लोरेन्टाउन गणराज्यका सेक्रेटरी हुन् । उनले **द प्रिन्स** (इटालियनबाट अनूदित) कृति लेखे । यसले उनलाई नास्तिक र अनैतिक दोषदर्शीको रूपमा चिनायो । उनको चातुर्य र राजनीतिक कुशलता देखाउने यो कृति विश्वका अधिकांश भाषामा पुग्यो । ओमचरणको अत्यन्तै महत्त्वपूर्ण कर्म हो **इलियाड**को अनुवाद । विश्व प्रसिद्ध महकाव्यकार होमरको अनुवाद नेपाली वाङ्मयमा आउनु ठुलो कुरा हो । यसलाई साझा प्रकाशनले वि.सं. २०५५ मा छाप्यो । उनको **द ओडिसी**को अनुवाद पनि प्रकाशनको प्रतीक्षामा छ । (गोविन्द) सम्पर्क ९८४१२१८२०१

कमलमणि दीक्षित (वि.सं. १९८६-२०७३)

नेपाली साहित्यमा खोज अनुसन्धान र निबन्ध विधामा प्रशस्त कलम चलाउने साधकको रूपमा चिनिने कमलमणि दीक्षित पछिल्ला वर्ष अनुवादमा पनि त्यत्तिकै सक्रिय रहे । मदन पुरस्कार गुठीका अध्यक्षका रूपमा रहेर पनि नेपाली साहित्यको सम्बर्द्धन गर्ने कमलमणि दीक्षितले विशेष गरी बाल साहित्यका कृतिहरूको अनुवाद गरेका छन् ।

अङ्ग्रेजी भाषामा लेखिएको **तारी एन्ड फ्रेन्ड्स**को नेपाली अनुवाद **तारी र साथीहरू** रातो बङ्गला किताब, ललितपुरले प्रकाशन गरेको हो । यस्तै सोही प्रकाशनले बङ्गाली भाषामा मौसुमी भौमिकले लेखेको **बाबु इयेर पाखेरो**को नेपाली अनुवाद **सान्बाबुका चरा** शीर्षकमा वि.सं. २०५५ मा प्रकाशित छ । सोही प्रकाशनले **फ्याक्ट्स एबाउट ब्लड**को नेपाली अनुवाद **रगतका कुरा** पनि प्रकाशमा ल्याएको छ । यी सबै कृतिको अनुवाद दीक्षितले गरेका हुन् । (जयदेव)

कर्णाखर खतिवडा

वि.सं. २०२७ मा झापामा जन्मिएका कर्णाखर खतिवडाले भाषा विज्ञानमा विद्यावारिधि गरेका छन् र हाल उनी त्रिभुवन विश्वविद्यालय, भाषा विज्ञान केन्द्रीय विभागमा अध्यापनरत छन् । हिन्दी र अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गर्दै आएका खतिवडाका दर्शन, साहित्य र प्राज्ञिक क्षेत्रका चार अनूदित पुस्तक र केही फुटकर अनुवाद पनि प्रकाशित छन् । उनले **ओशो के दृष्टि मे शिक्षा, शिक्षा मे** क्रान्तिलाई क्रमशः **ओशोको दृष्टिमा शिक्षा** (वि.सं. २०६७), **शिक्षामा क्रान्ति** (वि.सं. २०६७) र **शिक्षामा प्रयोग** (वि.सं. २०६७) शीर्षकमा अनुवाद गरेका छन् । पछिल्ला दुई पुस्तक एउटै मूल **शिक्षा मे** क्रान्तिका विभिन्न अध्यायहरू मध्ये विषयवस्तुका आधारमा दुई खण्डमा प्रकाशित गराएको देखिन्छ । त्यसै गरी अनुवादक खतिवडाले रवीन्द्रनाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टैगोरको कथा सङ्ग्रह **प्रेम कथाएँलाई रवीन्द्रनाथ टैगोरका प्रेमकथाहरू** (वि.सं. २०६८) शीर्षकमा अनुवाद गरेका छन्। यी सबै अनूदित पुस्तकहरूको प्रकाशन मधुवन प्रकाशन, काठमाडौँले गरेको हो। यी बाहेक निबन्ध समालोचना लेखमा विशेष रुचि राख्ने खतिवडाको अङ्ग्रेजीबाट नेपालीमा अनूदित **एथ्नोलगः ल्याङ्ग्वेजेज अफ नेपाल** (इ. २०१२) पनि प्रकाशित छ। (बलराम)

कमल चौधरी

कमल चौधरीको जन्म सप्तरीको मधुपट्टीमा वि.सं. २००१ मा भएको थियो। समाजशास्त्रमा स्नातकोत्तर चौधरीले लामो समय निजामति सेवामा व्यतीत गरी विशेष गरी समाजसेवा र राजनीतिक सङ्गठनमा सक्रिय रहेका छन्। चौधरीले राहुल सांकृत्यायनको हिन्दीमा लिखित **भागो नहीँ दुनियाँ को बदलो** शीर्षक चिन्तनपरक कृतिलाई **नभाग संसारलाई बदल** शीर्षकमा अनुवाद गरेका छन्। यसलाई वि.सं. २०६८ मा विश्व नेपाली पब्लिकेसन काठमाडौँले प्रकाशनमा ल्यायो। यो राहुलको सर्वचर्चित पुस्तकहरूमध्ये एकमा गनिन्छ। यस कृतिले दुनियाँलाई बदल्ने मार्क्सवादी, लेनिनवादी सिद्धान्त र विश्वदृष्टिकोणलाई सरल भाषामा प्रस्तुत गरेको छ। (गोविन्द)

कमला सांकृत्यायन (इ. १९२०–२००९)

कमला सांकृत्यायनको जन्म दार्जिलिङको कालेबुङमा भएको थियो। राहुल सांकृत्यायनकी धर्मपत्नी कमलाले **गोश्वामी तुलसीदासको रामायण** र **भानुभक्तीय रामायणको तुलनात्मक अध्ययन** विषयमा आगरा विश्वविद्यालयबाट विद्यावारिधि आर्जन गरी लेखन र आगरा विश्वविद्यल्यमा अध्यापनमा लामो सेवा गरिन्। उनी एक ख्यातिलब्ध लेखक, अनुवादक र विदुषी हुन्। उनका कति रचनाले **इन्डियन लिट्रेचर इन्साइक्लोपिडिया**मा स्थान पाएका छन्। डा. कमलाका उल्लेखनीय कर्ममध्ये राहुल सांकृत्यायनकृत **प्रभाकर माचवे** (इ. १९८८) शीर्षक ग्रन्थको नेपाली अनुवाद एक हो। माचवे जीवनको ५० वर्षभन्दा बढी हिन्दी, मराठी एवम् अङ्ग्रेजी साहित्यको लेखनमा समर्पित थिए। कमलाद्वारा अनूदित अर्को ग्रन्थ हो हेम बेरुवाद्वारा लिखित असमिया भाषाका महान् कविको जीवनी **लक्ष्मीनाथ बेजबेओका** (वि.सं. २०५४)। त्यसै गरी उनले हीरालाल माहेश्वरीद्वारा लिखित **हिस्ट्री अफ राजस्थानी लिट्रेचर**लाई **राजस्थानी साहित्यको इतिहास** (इ. १९८७) शीर्षकमा अनुवाद गरेकी छन्। यी तीनवटै अनूदित ग्रन्थहरूको प्रकाशन साहित्य अकादेमी, नयाँ दिल्लीले गरेको हो। (गोविन्द)

करुणाकर वैद्य (वि.सं. १९७१– २०४६)

करुणाकर वैद्य (करुणाकर शाक्यवंश) ले बी.एससी. सेरामिक्स गरेका थिए। उनको विशेषता भनेको नेपालका पुराना दन्त्य कथाको सङ्कलन र सम्पादन हो। उनका नेपाली दन्त्य कथा सङ्ग्रह **नेपाःयागु पुलां बाखं १-६ भाग** (वि.सं.२०१५-२०४५) सम्म प्रकाशित छन्। **नेपाल भाषा नेपाली शिक्षा** (वि.सं. २०१३) मा पहिलो कृतिको प्रकाशन भएको थियो। वैद्यले पं. जवाहरलाल नेहरूद्वारा लिखित पुस्तक **लेटर्स फ्रम अ फादर टु हिज डटर**को अनुवाद **म्ह्याय्या नामे बौया पौ** नेपाल भाषामा गरेका थिए। यो कृति वि.सं. २०१४ मा मानदास, सुगत दासद्वारा प्रकाशित देखिन्छ। करुणाकर वैद्यद्वारा सङ्कलित धेरै दन्त्यकथाहरू नेपाल भाषा, नेपाली तथा अङ्ग्रेजी भाषामा प्रकाशित छन्। उनका विश्व लोककथा सङ्ग्रह भाग १-२ प्रसिद्ध छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रसायनविद् र लोक साहित्यविद् उपाधिबाट सम्मानित वैद्य **करुणाकर सिरपा**का संस्थापक हुन्। मदन पुरस्कार र युनेस्को पुरस्कार पनि प्राप्त गरेका वैद्यले शिक्षण सेवामा जीवन व्यतीत गरे। वैद्यले **अ कलेक्सन अफ नेप्लिज फोकलोरः र अ मर्च्यान्ट फ्रम टिबेट** शीर्षक कृतिको अनुवादमा अमेरिकी विद्वान् म्याथ्यु जे. आई. नोनको सहकार्यमा काम पुरा गरेका थिए। म्याथ्युले उनको अरू पनि अनुवाद गरेका छन्। (नवीन)

कर्ण थामी

कर्ण थामीको जन्म सन् १९४२ मा दार्जिलिङको वडा कागझोडामा भएको थियो। उनले बी.ए. कोविदसम्मको अध्ययन पुरा गरेका छन्। थामीको कथा, कविता, नाटक र अनुवाद क्षेत्रमा निरन्तर योगदान छ। उनका **अनि बादल यसरी फाटिन्छ** (कथा सङ्ग्रह इ. १९५४), **प्रतिध्वनि** (नाटक, इ. १९८५), **धूप जलिरहेछ** (कविता सङ्ग्रह, इ. १९९१), **मुक्त माटोको खोजीमा** (कथा सङ्ग्रह, इ. १९९५) जस्ता रचना र धेरै अनुवाद प्रकाशित छन्।

थामीले बङ्गाली कवि सुकान्तका कविताहरूको **सुकान्तका कविता** शीर्षकमा अनुवाद गरे जसको निमित्त उनले सन् १९९४ मा साहित्य अकादेमीले स्थापना गरेको पहिलो अनुवाद पुरस्कार प्राप्त गरे। आजसम्ममा २२ जना भारतीय नेपाली अनुवादकले वार्षिक रूपले अनुवाद पुरस्कार प्राप्त गरिसकेका छन्।

सुकान्त भट्टाचार्य सन् १९२६ मा जन्मेका बङ्गाली कवि हुन्। उनको २१ वर्षमै जोन किट्सको भन्दा चाँडो मृत्यु भयो। उनको जीवन कालमा उनका कविता प्रकाशित भएनन् तर पछि आएर उनका कविता रवीन्द्रनाथ ठाकुर अथवा काजी नजरुल इस्लामका जस्तै शक्ति लिएर आएका रहेछन् भन्ने थाहा भयो। उनी बङ्गाली पुनर्जागरण कालका विद्रोही कवि हुन्। यस्ता कविका रचनालाई बङ्गालीबाट नेपालीमा ल्याएर कर्ण थामीले ठुलो काम गरे। त्यसको उचित मूल्याङ्कन पनि भएको छ। थामीले गरेका अरू अनुवादमा सञ्जय **विश्वासका कविता, बापुका जीवन कथाहरू** (अङ्ग्रेजीबाट इ. १९९५), उमाशंकर जोशीले लेखेको मूल कविताबाट भएको यस अनुवादलाई नेसनल बुक ट्रष्ट अफ इन्डियाले सन् १९९५ मा प्रकाशित गरेको थियो। **नेपाली कहानियाँ भाग- १** हिन्दीमा संयुक्त अनुवाद (इ. १९९८-२०००), **वर्षार् झर्ना** (खहरे) बङ्गालीमा सह-अनुवाद (इ.२०००), **वनबिरालो** बाल उपन्यास (इ. २०११) उनका अनूदित कृति हुन्। उनी हाल नेपाली साहित्य सम्मेलन दार्जिलिङसित सम्बद्ध छन्। (गोविन्द) सम्पर्कः १९७३४१३४४२५

कर्नेल विलियम कर्कप्याट्रिक

कर्नेल विलियम कर्कप्याट्रिकको **एन अकाउन्ट अफ द किङ्डम अफ नेपाल** सन् १८११ प्रकाशित कृति हो। यस कृतिमा नेपालको भूगोल, इतिहास, अर्थशास्त्र, नृतत्त्व शास्त्र, संस्कृति, भाषा आदिका बारेमा चिनारीमूलक विवरण प्रस्तुत छ। यस क्रममा नेपालका केही भाषाको विवरण दिई अङ्ग्रेजी शब्दमा पदावलीका आधारमा नेपालका केही भाषाका समानार्थी शब्द या पदावली पनि दिएका छन्। यसबाट नेपालका केही भाषाको शब्दावली तहमा अनुवादको आधार पनि देखा परेको छ। यिनका लेखनमा नेपालका प्रतिनिधिमूलक भाषा अन्तर्गत पर्वते (नेपाली), नेवारी, दनुवारी, मगर, किरात, हायु, लिम्बू र भोटे समावेश गरिएका छन्। यिनले **पर्वती र नेवारी भाषाको शब्दावली** शीर्षकमा अङ्ग्रेजी शब्द र पदावलीका समानार्थी पर्वते र नेवारी शब्द प्रस्तुत गरेका छन्। यस शीर्षकमा ५५० वटा शब्द परेका छन् र प्रस्तुतिको ढाँचा (Ginger-udwa-paloo) देखिन्छ। यिनका लेखनमा लिप्यन्तरण भने गरिएको छैन। यस्तै लिम्बू र मगर भाषाका शब्दको पनि अङ्ग्रेजी समानार्थी सूची प्रस्तुत गरिएको छ। शब्द सङ्ग्रहका क्रममा साइनो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शरीरमा अङ्ग, प्राकृतिक वस्तु, पशुपन्छीका नाम कीट, पतङ्ग, वास्तुकला, मूर्तिकला, भाँडाकुँडा, ऋतु, महिना, बार, पेसा, पेसाअनुसार व्यक्ति, जातिका नाम, क्रिया, अङ्क आदि समेटिएका छन् । त्रिभाषिक आर्थी आधारमा प्रस्तुत शब्दावली त्रिभाषिक शब्दकोशको प्रारम्भिक आधार देखिन्छ । यसर्थ अङ्ग्रेजीबाट नेपाली र नेपालका भाषामा अनुवाद गर्ने आधार कार्य पनि कर्कप्याट्रिकको शब्दावली हो भन्न सकिन्छ । (सुकुम)

कल्पना घिमिरे

काठमाडौँको कालिकास्थानमा वि.सं. २०१६ मा जन्मिएकी कल्पना घिमिरेले फ्रान्सको सर्बोन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गरेकी हुन् । उनले फ्रान्सेली साहित्यबाट केही कृति नेपालीमा अनुवाद गरी नेपाली रङ्मञ्चमा योगदान पुऱ्याएकी छन् । तीमध्ये मोलियरको **स्कापाँको दाउपेच** एक हो जसलाई फ्रान्सिसी साँस्कृतिक केन्द्रले प्रकाशन गरेको थियो । यसको फ्रान्सेली मूल शीर्षक Moliere Les Fourberies de Scapin रहेको छ । यो अनूदित नाटक प्रथम पटक वि.सं. २०४४ माघमा राष्ट्रिय नाचघरमा मञ्चन गरिएको थियो । यसलाई सुनिल पोखरेलले निर्देशन गरेका थिए । यसै गरी कल्पनाले मोलियरका अन्य दुई नाटकको पनि अनुवाद गरी **विनाचिहानको मृत्यु** र **आर्गनको कथा** प्रकाशित गराएकी छन् भने कामुको एउटा कृतिलाई **असम्बन्धित** शीर्षकमा अनुवाद गरेकी छन् । फ्रान्सेली कला साहित्यलाई सिधै फ्रान्सेली भाषाबाट नेपालीमा ल्याउने कल्पनाको योगदान उल्लेखनीय रहेको छ । (गोविन्द)

कालिदास पराजुली (वि.सं. १९३६-२००७)

कास्कीको पोखरामा जन्मेका कालिदास पराजुलीले तत्कालीन वाराणसेय संस्कृत विश्वविद्यालय (हालको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय) बाट संस्कृत साहित्यमा आचार्य परीक्षा उत्तीर्ण गरी रानीपोखरी संस्कृत पाठशालामा लामो समय अध्यापन गरेका थिए । उनका **चालचलन** (वि.सं. १९६५) र **वाजीरहस्य** मौलिक कृति हुन् भने महाकवि भवभूतिद्वारा विरचित **उत्तररामचरितम्** नाटकको **रामचरित्र भावानुवाद** तथा पछि **उत्तररामचरित्र** शीर्षकमा गरिएको नेपाली अनुवाद उनका अनूदित कृतिहरू हुन् । **रामचरित्र भावानुवाद** वि.सं. १९९१ मा उनी आफैले प्रकाशित गरेका थिए भने **उत्तररामचरित्र** शीर्षकमा गरिएको नेपाली अनुवाद वि.सं. २०२२ मा पं. योग्यमणि पराजुलीले प्रकाशित गरेको देखिन्छ । (माधव)

कालिन्दी ठाकुर

कालिन्दी ठाकुरको जन्म वि.सं. २०३७ मा महोत्तरीमा भएको हो । आइ.ए. सम्मको शिक्षा आर्जन गरेकी उनले डा. प्रफुल्लकुमार सिंह 'मौन'ले लेखेको **मैथिली साहित्यक इतिहास**लाई नेपालीमा **मैथिली साहित्यको इतिहास** शीर्षकमा अनुवाद गरेकी छन् । यसको प्रकाशन नेपाल प्रज्ञा-प्रतिष्ठानले गरेको छ । (गोविन्द) सम्पर्क: ९८४४२७५५२७

काशीनाथ न्यौपाने

पाँचथर जिल्लाको एकतीनमा वि.सं. २०२३ मा जन्मेका काशीनाथ न्यौपानेले पूर्वमीमांसा एवम् बौद्ध दर्शनमा आचार्य उत्तीर्ण गरी विद्यावारिधि उपाधिसमेत हासिल गरेका छन् । प्राध्यापन पेसामा संलग्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्यौपानेका मौलिक र अनूदित गरी डेढ दर्जनजति कृति प्रकाशित भइसकेका छन् । तीमध्ये **लङ्कावतारसूत्रम्** (वि.सं. २०६८), **तत्त्वोपप्लवसिंह** (वि.सं. २०७०) र **स्याद्वादमञ्जरी** (वि.सं. २०७१) उनका नेपाली भाषामा अनूदित कृतिहरू हुन् । **लङ्कावतारसूत्रम्** जयतु संस्कृतम् नामक संस्थाबाट प्रकाशित भएको छ भने अन्य दुई कृतिहरू नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको छ । **हेवज्रतन्त्र, कालचक्रतन्त्र, गुह्यसमाजतन्त्र** आदि बौद्ध तन्त्रसम्बन्धी केही ग्रन्थहरू उनले हिन्दी भाषामा समेत अनुवाद गरी भारतबाट प्रकाशित गराएका छन् । (माधव) (सम्पर्क: ९८४१३५६१२९)

काशीराज शर्मा सुवेदी

लमजुङको सिमपानीमा वि.सं. २००७ मा जन्मेका काशीराज शर्मा सुवेदीले आयुर्वेदमा विद्यावारिधि गरेका छन् । सुवेदीले संस्कृतबाट नेपालीमा विशेष गरी आयुर्वेद विषयका पुस्तकहरूको अनुवाद गरेका छन् । ती हुन् - भर्तृहरि विचरित **नीतिशतकम्**को **नीतिशतक** (वि.सं. २०४८) शीर्षकमा स्वयम् प्रकाशित, विद्वत्तिछरोमणी कुलचन्द्र गौतमकृत **योग कौमुदी वैद्यबल्लभ** (वि.सं. २०५७), वागभट्टको **अष्टाङ्ग सङ्ग्रह सूत्र** (वि.सं. २०५८) र भाष्कर गोविन्दको **वैद्यकीय सुभाषित साहित्यम्** (वि.सं. २०६८) । दोस्रो कृतिको प्रकाशन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले गरेको हो भने वाँकी दुइको प्रकाशक लेखक स्वयम् रहेका छन् । उनका **चरक संहिता** र **आयुर्वेदीय हितोपदेश** प्रकाशोन्मुख अवस्थामा छन् । (माधव)

किरण राई

किरण राईको जन्म दार्जिलिङको तकभर चिया बगानमा सन् १९६७ मा भएको थियो । स्नातकोत्तर तहसम्मको अध्ययन गरेका राई एक समर्पित एवम् स्थापित अनुवादक हुन् । उनले सन् १९९७ देखि २०११ सम्ममा पाँचवटा सारगर्भित कृतिको अनुवाद गरेका छन् । हाल तेजपुर असममा कार्यरत राईले असमिया मूल भाषाकी लब्ध प्रतिष्ठित लेखिका मामनी रयसम (इन्दिरा गोस्वामी) कृत चारवटा प्रसिद्ध आख्यान कृतिलाई नेपालीमा ल्याएका छन् । ती यस प्रकार सन् - **आधालेखा दस्तावेज**लाई **अर्धवृत्तः जीवन यात्रा** शीर्षकमा (इ. १९९७, श्याम प्रकाशन, दार्जिलिङ), **दन्तल हातिर उने खोवा**लाई **अभ्यन्तर दक्षिण कामरूप** शीर्षकमा (इ. २०००, साहित्य अकादेमी नयाँ दिल्ली), **दशरथिर खोज**लाई **अयन दाशरथीको** शीर्षकमा (इ. २००४, निर्माण प्रकाशन सिक्किम), **छिन्नमस्तर मानुहतो**लाई **छिन्नमस्ता देवीको उपासक** शीर्षकमा (इ. २००८, निर्माण प्रकाशन सिक्किम) ।

इन्दिरा गोस्वामी (इ. १९४२-२०११) ज्ञानपीठ पुरस्कार विजेता भारतीय साहित्यकी एक हस्ती हुन् । उनका नामी कृतिलाई नेपालीमा ल्याएर राईले ठुलो योगदान दिएका छन् । यसका अतिरिक्त राईले असमका अर्का स्रष्टा फणिन्द्रकुमार देव चौधरीका दुई आख्यानको पनि अनुवाद गरेका छन्- **अनुराधार देश**लाई **अनुराधाको मुलुक**मा र **इडिपस**लाई सोही शीर्षकमा । पहिलो कृतिको प्रकाशक जनपक्ष प्रकाशन गान्तोक सिक्किम (इ. २००४) हो भने दोस्रो ज्योत्स्ना प्रकाशन दार्जिलिङ (इ. २०११) । साहित्य अकादेमीबाट सन् १९९९ को अनुवाद पुरस्कार प्रापक राई कवि र सङ्गीतकार पनि हुन् । (गोविन्द) सम्पर्क: ००९१-९७३३१४५२७४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किशोर पहाडी

वास्तविक नाम किशोरमान श्रेष्ठ भए पनि साहित्यमा किशोर पहाडी नामले चिनिन्छन् । पहाडीको जन्म वि.सं. २०१३ मा काठमाडौँको फर्पिङमा भएको थियो । उनी कथा, कविताको क्षेत्रमा चर्चित स्रष्टा हुन् । उनी अनुवाद साहित्यमा पनि सक्रिय छन् । अङ्ग्रेजी भाषामा लेखिएको **लाफिङ ट्रुगेदर**को उनले गरेको नेपाली अनुवाद **एकैसाथ हाँसौँ** (वि.सं. २०५५) साझा प्रकाशनबाट प्रकाशित भएको छ । उनले विभिन्न भाषाका कथा समेटेर **त्यो तलाको मालिक** शीर्षकमा नेपालीमा अनुवाद गरेका छन् । उक्त अनूदित कथा सङ्ग्रहलाई नेपाल साहित्यकार सङ्घले वि.सं. २०५९ मा प्रकाशन गरेको छ । उनले विभिन्न पत्रपत्रिकामा अनूदित रचनाहरू प्रकाशित गर्दै आएका छन् । (जयदेव) सम्पर्क: ५५२७३४७

कुञ्जविलास गौतम (वि.सं. १९२९-१९९१)

धादिङको जीवनपुरमा जन्मेका कुञ्जविलास गौतम माध्यमिक कालीन कवि हुन् । बनारसमा रही संस्कृतको अध्ययन गरेका गौतमका मौलिक र अनूदित गरी पाँचवटा कृति प्रकाशित छन् । तीमध्ये **महाभारत सौप्तिक पर्व** (वि.सं. १९६०), **महाभारत स्त्रीपर्व** (वि.सं. १९६०) र **महाभारत गदापर्व** (वि.सं. १९६१) यिनका अनूदित कृतिहरू हुन् । (माधव)

कुमार प्रधान

कुमार प्रधानको जन्म सन् १९३७ मा दार्जिलिङको खर्साङमा भएको हो । इतिहासमा विद्यावारिधि गरी उनले लामो समय अध्यापन र लेखनमा व्यतीत गरे । उनको सम्पादकीय योगदान पनि उल्लेखनीय छ । उनले सन् १९९३ देखि सिलिगुडीमा **सुनचरी** दैनिकको आरम्भ गरे । उनले एम. के. नायकद्वारा लिखित **हिस्ट्री अफ इन्डियन लिट्रेचर**लाई **भारतीय अङ्ग्रेजी साहित्यको इतिहास** (इ. १९९१) शीर्षकमा अनुवाद गरेका छन् । यसको प्रकाशक साहित्य एकेदेमी दिल्ली रहेको छ । उही प्रकाशनबाट उनको मौलिक कृति **अ हिस्ट्री अफ नेपाली लिट्रेचर** (इ. १९८४) पनि प्रकाशित छ । प्रधान एक मानिएका विद्वान् हुन् । (गोविन्द)

कुमार सच्चिदानन्द सिंह

हाल वीरगन्ज निवासी कुमार सच्चिदानन्द सिंहको जन्म सन् १९६६ भएको हो । हिन्दीमा स्नातकोत्तर सिंहले नेपाली कथाहरूको सङ्कलनलाई हिन्दीमा **लोकप्रिय नेपाली कहानियाँ** (वि.सं. २०६९) शीर्षकमा अनुवाद गरेका छन् । यसको प्रकाशक नेपाल प्रज्ञा-प्रतिष्ठान रहेको छ । (गोविन्द) सम्पर्क: ९८४५०३५७५१

कुमुद अधिकारी

कुमुद अधिकारी वि.सं. २०२३ मा इलाममा जन्मेका हुन् । विज्ञान विषयमा स्नातक गरेका उनी इटहरीमा शिक्षण पेसाका साथै अनेकौँ साहित्यिक गतिविधिहरूमा लामो समय आबद्ध रहे । त्यहाँबाट विशेष गरी उनले अनलाइन पत्रिका **साहित्य सरिता** (www.sahityasarita.com) र **हिन्दी साहित्य सरिता**को सम्पादन गर्दै आएका छन् । **साहित्य सरिता**ले अन्य भाषाहरूबाट नेपालीमा रूपान्तरण गरिएका फुटकर रचनाहरूको प्रकाशन गर्दै आएको छ भने दोस्रो (www.hindisahityasarita.com) ले हिन्दीमा अनूदित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली साहित्य सृजनाहरूको प्रकाशन गर्दै आएको छ। राजधानीभन्दा टाढा बसेर अनुवादमा योगदान पुऱ्याउने उनी एक अगुवा हुन्। उनका अनूदित कृतिहरू पनि उपलब्ध छन्। उनले समकालीन हिन्दी कथाहरूको सङ्ग्रहलाई **जिन्दगी एक फोटो फ्रेम** शीर्षकमा सङ्कलन गरेका छन्। यस सङ्ग्रहमा सन्तोष गोयल, जयानन्दन, शुसम वेदी, आस्वीन गान्धी, शैला अग्रवाल, तेजेन्द्र शर्मा, कृष्ण विहारी र डा. नरेश गरी आठजना स्थापित समकालीन हिन्दी लेखकका १६ वटा कथाको अनुवाद गरेका छन्। यस अनुवादलाई वाणी प्रकाशन विराटनगरले वि.सं. २०६२ मा बाहिर ल्याएको थियो। त्यसै गरी अधिकारीले नामी हिन्दी स्रष्टा तेजेन्द्र शर्माकृत १२ वटा कथाको **पासपोर्ट के रंग** शीर्षक सङ्कलनलाई **पासपोर्टका रङ्गहरू** शीर्षकमा प्रकाशित गरेका छन्। (गोविन्द) सम्पर्क: ९८५२०६१४८२

कुमुद देवकोटा (वि.सं १९९६-२०४५)

पाँच दशकको उमेर पनि नपुग्दै अल्पायुमै निधन भएका कुमुद देवकोटा कथा, उपन्यास लेखनमा लाग्दालाग्दै अनुवादतिर लागेका हुन्।

उनले जर्मन स्रष्टा हर्मन हेस्सेको सन् १९४६ मा नोबेल पुरस्कार पाउन सफल कृति सिद्धार्थलाई हिन्दीबाट नेपालीमा सोही नाममा अनुवाद गरी वि.सं. २०४४ मा प्रकाशमा ल्याए। उनले स्वयम्भूलाल श्रेष्ठसँग मिलेर फ्रया अनुमान राइथोनले अङ्ग्रेजीमा लेखेका **एसे अन् थाई फोकलोर**लाई अनुवाद गरी **थाई संस्कृति** नामक कृति प्रकाशमा ल्याएका छन्। अनुवादका फुटकर रचना विविध पत्रपत्रिकाहरूमा प्रकाशनमा पनि उनको सक्रियता देखिने गर्थ्यो। मौलिक कृतिका रूपमा उनका कथा कविता समालोचना गरी एक दर्जन जति कृति प्रकाशित छन्। (जयदेव)

कुलचन्द्र कोइराला (वि.सं. १९८५-२०५०)

सिन्धुलीको घोक्सिलामा जन्मेका कुलचन्द्र कोइरालाले संस्कृत साहित्य एवम् आयुर्वेदमा शास्त्रीसम्मको अध्ययन गरे। नेपाली साहित्य र संस्कृतिका साधक कोइरालाका मौलिक र अनूदित गरी २९ वटा कृति प्रकाशित छन्। तीमध्ये महाकवि कालिदासद्वारा रचित **मेघदूत** संस्कृतकाव्यको सोही शीर्षकमा उनले गरेको अनुवाद रमेशचन्द्र कोइरालाद्वारा वि.सं. २०२२ मा प्रकाशित भएको छ। कुलचन्द्रका धर्म, संस्कृति इतिहास विषयका कृतिछन्। समालोचना निबन्ध र मौलिक छन्। **साहित्यकार तथा कालकार परिचय कोशमा** "संस्कृति/अनुवाद" गरी छुट्याएर दिइएको छ। **नेपाली सांस्कृतिक जात्रा पर्व** (वि.सं. २०५२), **कुलचन्द्र कोइरालाका कविताहरू** (वि.सं. २०५०), **नबिर्सने क्षणहरू** (वि.सं. २०५०), **सात समालोचना** (वि.सं. २०५५), **कुलचन्द्र कोइरालाका केही निबन्धहरू** (वि.सं. २०६०) आदि केही उदाहरण हुन्। (माधव)

कुलचन्द्र गौतम (वि.सं. १९३२-२०१५)

धादिङको जीवनपुरमा जन्मेका कुलचन्द्र गौतमले संस्कृत साहित्यमा आचार्य तहसम्मको अध्ययन गरेका थिए। वि.सं. २००८ मा राजा त्रिभुवनबाट 'विद्वच्छिरोमणि' उपाधिले विभूषित गौतमका मौलिक, अनूदित र टीकाग्रन्थ गरी २२ वटा कृतिहरू रहेका छन्। तीमध्ये अमरसिंह बाँडाद्वारा विरचित **अमरकोशको** नेपाली टीका, वि.सं. १९५६, सन्त तुलसीदासको **रामचरितमानसको तुलसीकृत रामायण** (वि.सं. १९९६) शीर्षकको नेपाली अनुवाद, संस्कृत भाषामा आफैले लेखेको **आदर्शदम्पती सीतारामौ** (वि.सं. २०१२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शीर्षकको कृतिलाई सोही शीर्षकमा गरेको नेपाली अनुवाद र **प्रपञ्चचर्या** उनका अनूदित कृतिहरू हुन्। **आदर्शदम्पती सीतारामौ** सुशीलचन्द्र गौतमद्वारा वि.सं. २०१२ मा प्रकाशित भएको छ। (माधव)

कुलचन्द्र नेपाल

कुलचन्द्र नेपालको जन्म सन् १९८५ मा भोजपुरमा भएको हो। उनले पवन आलोकका ६० वटा कविताको सङ्कलनलाई अङ्ग्रेजीमा **द पोइजन ट्री** शीर्षकमा अनुवाद गरेका छन्। यसलाई सन् २०१३ मा बङ्गलादेशको ओइक्को प्रकासोनी, ढाकाले प्रकाशन गरेको हो। (बलराम)

कुलप्रसाद शर्मा

कुलप्रसाद शर्माको जन्म असमको धिराइमाजुलीमा सन् १९४८ मा भएको थियो। उनले नेपाली साहित्यमा एम.ए. गरी ढेकियाजुलीको एक महाविद्यालयमा लामो समयसम्म सेवा गरे। उनले दुईवटा कृतिको असमीयाबाट नेपालीमा अनुवाद गरेका छन्। ती हुन्– श्री नृपेन्द्रनाथ भट्टचार्यकृत **महियसी** सोही शीर्षकमा सन् २०१० मा प्रकाशित यो कृतिमा ९२ जना नारीको संक्षिप्त परिचय रहेको छ। यसमा अहिल्या, द्रौपदीदेखि सावित्री, सीता हिडिम्बासम्मका पौराणिक पात्र रहेका छन्। त्यसै गरी उनले गरेको अर्को अनुवाद रहेको छ। **दीपाण्विता** (इ. २०१०) यसका पनि उनै लेखक (नृपेन्द्रनाथ भट्टाचार्य) रहेका छन्। यस कृतिको मूल आधार प्राचीन गाथा पुराणादिबाट प्राप्त जीवनोपयोगी कुरा र दृष्टान्त हुन्। साङ्ख्य तत्त्व, विष्काम कर्म, गुरु जस्ता १७ शीर्षकमा कृति विभाजित छ। (गोविन्द) सम्पर्कः ०३७१२२४४९३३

कुलमणि देवकोटा (वि.सं. १९८५–२०५९)

पाल्पा जिल्लाको तानसेनमा जन्मेका कुलमणि देवकोटाले नेपाली साहित्यमा एम.ए. सम्मको अध्ययन गरी लामो समय प्राध्यापन सेवामा बिताए। उनका मौलिक र अनूदित गरी १४ वटा कृति प्रकाशित छन्। **पाल्पाली गीत** (गीत सङ्ग्रह, वि.सं. २०१४), **छरिएका फूल** (कविता सङ्ग्रह, वि.सं. २०१५), **कुलमणिका कविता** (वि.सं. २०२६), **मुडुली बज्यै** (कविता सङ्ग्रह, वि.सं. २०३०), **बुद्धलोक**

(कविता सङ्ग्रह, वि.सं. २०५०) आदि उनका मौलिक कृति हुन् भने म.वि.वि.शाहको **उसैको लागि** नामक कृतिको **तस्या एव कृते** शीर्षकमा गरिएको संस्कृत अनुवाद उनको अनूदित कृति हो। उक्त कृति नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट वि.सं. २०२३ मा प्रकाशित भएको छ। (माधव)

केदारनाथ खतिवडा (वि.सं. १९३५–२००३)

काठमाडौँमा जन्मेका केदारनाथ खतिवडा माध्यमिक कालीन कवि हुन्। संस्कृत तथा नेपाली भाषाको शिक्षा लिएका केदारनाथले बनारसमा प्रकाशन संस्था सञ्चालन गरेका थिए। **श्रीमद्भगवद्गीता** (इ. १९५५) र एवम् **महाभारत सम्पूर्ण** (इ. १९५७) यिनका अनूदित कृति हुन्। (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केदार सत्याल

सिन्धुलीको तीनपाटनमा वि.सं. २००१ मा जन्मेका केदार सत्याल लामो समयदेखि विराटनगर क्षेत्रमा रही शिक्षण तथा साहित्यिक सेवामा लागिरहेका छन्। स्नातक गरेका सत्यालका **पत्रैपत्र र भेटी** कविता सङ्ग्रह प्रकाशित छ भने अनुवादमा उनको योगदान उल्लेख्य छ। उनले **सत्यहरिशचन्द्र** नाटकलाई सोही शीर्षकमा र रवीन्द्रनाथको **गीताञ्जली**लाई सोही शीर्षकमा अनुवाद गरेका छन्। नेपाली साहित्यमा हालसम्म आएका अनुवादमध्ये उनीद्वारा अनूदित **उमर खैयामका रुवाइहरू** सबैभन्दा महत्त्वपूर्ण र पुरानो प्रयत्नको रूपमा पर्दछ। वि.सं. २०३२ मा **उमर खैयामका रुवाइहरू** शीर्षकमा अनूदित यस कृतिको प्रकाशक मञ्जु सत्याल रहेकी छन्। यसको वि.सं. २०६२ को पछिल्लो संस्करणमा हरिवंशराय बच्चनका गेय रचनाहरू पनि समावेश छन्। (गोविन्द)

के.बी. नेपाली

खडकबहादुर 'अभागा' को साहित्यिक नाम केबी नेपाली हो। सन् १९३९ मा असमको डिग्बोईमा जन्म भए पनि उनको स्थायी ठेगाना लामडिङ् हो। नेपाली पूर्वी असमका एक बहुकृतिक स्रष्टा, सम्पादक, अनुवादक हुन्। उनलाई नेपाल भारतबाट अनेक सम्मान पुरस्कार प्राप्त छन्। उनको विशेष क्षेत्र कविता लेखन र **विन्दु**को सम्पादन हो यद्यपि कथा, कविता, उपन्यास, खण्डकाव्य जस्ता विविध क्षेत्र गरी दुई दर्जन कृति प्रकाशित छन्। सन् १९६१ देखि प्रकाशित **विन्दु** अद्यावधि निरन्तर छ। उनले **कालिदासकृत मेघदूत**को नेपालीमा अनुवाद (इ. २००४) गरेका छन् भने कतिपय उनका कृति पनि अन्य भाषामा पुगेका छन्। जस्तै- कथा **सपना** उडिया भाषामा अनुवाद, उडिसाबाट प्रकाशित। ऐतिहासिक काव्य **प्लेटफार्म** असमिया भाषामा अनुवाद र प्रकाशित। साहित्य अकादेमी कलकत्ताबाट **मानिस एउटा चुहुने गाग्रो** कविता बङ्गालीमा अनुवाद। साथै **केबी नेपालीर् कुरिटा कविता** असमियामा अनुवाद सन् २००३ मा प्रकाशित भयो। राष्ट्रिय उपन्यास **समर्पण** असमिया अनुवाद (गोविन्द) सम्पर्क: ००९१-९४३५४५७३४५

केशरलाल श्रेष्ठ

वि.सं. १९८३ असारमा जन्मेका केशरलाल श्रेष्ठ निबन्धकार, अनुवादक तथा कथाकार हुन्। श्रेष्ठले नेपाल भाषामा लेखहरू लेख्नुका साथै नेपाल भाषाका लोक कथाहरू अङ्ग्रेजीमा अनुवाद गर्ने गरेका छन्। केशरलालका विशेष अनुवादहरूमध्ये बी.पी. कोइरालाको कथा सङ्ग्रह **दोषी चश्मा**को अनुवाद **फल्टी ग्लासेज** एक हो। साथै उनले तेजरत्न कंसाकारसँग मिलेर नेवारी भाषामा लेखिएका कथालाई **एन्थोलोजि अफ सर्ट स्टोरिज फ्रम नेपाल** शीर्षकमा प्रकाशित गरे। त्यसै गरी कंसाकारसितै मिलेर **फर्विडन फ्रुट एन्ड अदर सर्ट स्टोरिज** पनि छपाए। उनले लक्ष्मण राजवंशीको सहकार्यमा **वीमिन एन्ड अदर स्टोरिज** एउटा र **स्याटर्ड ड्रिम एन्ड अदर स्टोरिज** अर्को कृति निकाले। उनको **अ पिल्ग्रिमेज इन चाइना** भिख्खु धर्मलोक महास्थविरको कृति अनुवाद हो। उनका लोककथाहरू जर्मन भाषामा, फ्रान्सेलीमा, जापानीमा, हिब्रु र स्वेडिस भाषामा पनि गएका छन्। फ्रान्सेलीमा उनको कथामा आधिरित फिल्म पनि बनेको छ। (नवीन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केशरी बज्राचार्य

नेपाः गाः शीर्षकको कविता लिएर साहित्य क्षेत्रमा प्रवेश गरेकी केशरी बज्राचार्यको जन्म ने.सं. १०७४ मा भएको थियो। नेपा महिला सङ्घ प्रारम्भिक समिति स्वयम्भू (वि.सं. २०२३) का सभापति बज्राचार्य एक शिक्षिकाका साथै कवियत्री पनि हुन्। भिक्षु महानाम कोविदद्वारा लिखित पुस्तक **नुगःलाई बुद्ध-हृदय** शीर्षकमा अनुवाद गरी उनले वि.सं. २०५६ मा नगरमण्डप श्रीकीर्तिविहारबाट प्रकाशित गराएकी हुन्। (नवीन) ९८४१२०४०३६

केशरशमशेर ज.ब.रा.

केशरशमशेरले **विक्रमोर्वशीय** शीर्षकको संस्कृत नाटकलाई सोही शीर्षकमा नेपालीमा अनुवाद गरेको देखिन्छ। यस अनुवादको प्रकाशन वि.सं. १९८२ मा नेपाली भाषा प्रकाशिनी समितिबाट भएको थियो। यिनका विषयमा थप जानकारी उपलब्ध हुन सकेको छैन। (माधव)

केशवमान शाक्य

काठमाडौंको ज्याबहालमा वि.सं. २००७ कात्तिक १५ गते जन्मेका केशवमान शाक्यको समालोचनामा पकड छ। उनले फरेस्ट म्यानेजमेन्ट इकोनोमिक्समा विद्यावारिधि गरेका छन्। कविता, निबन्ध, समालोचना र कथा लेखनमा कलम चलाउने शाक्यका **बिनाच्वंगु पहर** (कविता, वि.सं. २०३३), र **ज्यालं पिनेया परिवेश कथा** (वि.सं. २०४७) प्रकाशित कृति हुन्। श्रेष्ठ सिरपाबाट पनि सम्मानित भएका उनले ओसाम दाजाइद्वारा लिखित उपन्यास **द सेटिङ सन**लाई अङ्ग्रेजीबाट नेपाल भाषामा **बी निभाः** नामबाट अनुवाद गरेका छन्। यो कृति वि.सं. २०४१ मा ल्याय्म्ह पुचःबाट प्रकाशित छ। (नवीन) सम्पर्कः ९८५१०७६२०१

केशव सिग्देल

केशव सिग्देलको जन्म वि.सं. २०३६ सालमा बर्दिया जिल्लामा भएको थियो। हाल त्रि.वि. कीर्तिपुरस्थित अङ्ग्रेजी विभागअन्तर्गत अध्यापन कार्यमा संलग्न केशव मूलतः एक कवि र अनुवादक हुन्। उनको **समय विघटन** (इ. २००७), **सिक्स स्ट्रिङ्ग्स** (सह-स्रष्टा, अङ्ग्रेजी कविता, इ. २०१४) प्रकाशित भएपश्चात् स्लोभेनियाबाट **कलर्स अफ द सन** (इ. २०१७) प्रकाशित भयो। उनी **एन एन्थोलोजी अफ कन्टेम्पोरेरी नेपाली पोएट्री** (इ. २०१६) शीर्षकमा युएसएबाट प्रकाशित सङ्ग्रहका सम्पादक हुन्। उनी **रूपान्तरण, नेप्लिज क्ले** आदिका सम्पादक पनि हुन्। नेपाल र भारतमा मात्र होइन उनका अङ्ग्रेजी कविता अनेक देशमा अनेक भाषामा अनूदित र संसारभरि प्रकाशित छन्।

सिग्देलले इन्दिरा प्रसाईको **रनमाया** शीर्षकको लघु उपन्यासलाई सोही शीर्षकमा अङ्ग्रेजीमा अनुवाद गरेका छन्। जसलाई नेपाल प्रज्ञा-प्रतिष्ठानले सन् २०१७ मा प्रकाशनमा ल्याएको छ। (गोविन्द) सम्पर्कः ९८५१००७८४६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केशवलाल कर्माचार्य (वि.सं. १९८१-२०४६)

केशवलाल कार्माचार्यको जन्म जनबहाल केल टोलमा भएको थियो । विविध विधामा कलम चलाउने केशवलाल कर्माचार्य अनुवाद क्षेत्रमा पनि त्यत्तिकै सक्रिय छन् ।

भिक्षु अमृतानन्दले नेपाल भाषामा लेखेको **संक्षिप्त बुद्ध जीवनी**को नेपाली अनुवाद (धर्मोदय सभा, काठमाडौं, वि.सं. २०१९) अङ्ग्रेजीमा लेखिएको **जापान्स स्ट्रेन्ज स्टोरिज**को नेपाली अनुवाद **जापानका केही अचम्म लाग्दा कथाहरू** (च्वसापासा, वि.सं. २०४४), शरत्चन्द्रको उपन्यास **दर्पचूर्ण** (अनुवाद) उनका प्रकाशित कृति हुन् । (जयदेव)

कोमलनाथ अधिकारी (वि.सं. १९५०-२०२३)

लमजुङ जिल्लाको दुराडाँडामा जन्मेका कोमलनाथ अधिकारीले बनारसबाट संस्कृत साहित्यमा आचार्य तहसम्मको अध्ययन गरेका थिए । उनका आठवटा प्रकाशित कृतिमध्ये सातवटा अनूदित रहेका छन् । त्यसैले अनुवादकका रूपमा नै उनको मुख्य साहित्यिक व्यक्तित्व झल्किएको छ । उनका अनूदित कृति हुन् -

अ) **कोमलचण्डी - सप्तशती चण्डी**को नेपाली अनुवाद, अर्जुनसमशेर ज.ब.रा.द्वारा वि.सं. २०१३ मा प्रकाशित ।

आ) **रघुवंश** -महाकवि कालिदासद्वारा विरचित **रघुवंश** महाकाव्यको अनुवाद, नेपाल प्रज्ञा-प्रतिष्ठानबाट वि.सं. २०१५ मा प्रकाशित ।

इ) **नैषधीय चरित** - महाकवि श्रीहर्षद्वारा विरचित **नैषधीय चरितम्** महाकाव्यको अनुवाद, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट वि.सं. २०२० मा प्रकाशित तथा सोही सालको मदन पुरस्कार प्राप्त ।

ई) **कोमलगीता -श्रीमद्भगवद्गीता**को अनुवाद, वि.सं. २०२३ मा प्रकाशित ।

उ) **साहित्य दर्पण** -पं. विश्वनाथद्वारा लिखित साहित्यसम्बन्धी **लक्षणग्रन्थ**को अनुवाद, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट वि.सं. २०२३ मा प्रकाशित ।

ऊ) **कुमारसम्भव** - महाकवि कालिदासद्वारा लिखित **कुमारसम्भवम्** महाकाव्यको अनुवाद, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट वि.सं. २०२५ मा प्रकाशित ।

ए) **मेघदूत** - महाकवि कालिदासद्वारा विरचित **मेघदूत** खण्डकाव्यको अनुवाद, नेपाल-भारत मैत्री सङ्घद्वारा प्रकाशित । (माधव)

कृष्णचन्द्र देवकोटा (वि.सं. १९९०-२०५५)

पाल्पाको भगवती टोलमा जन्मेका कृष्णचन्द्र देवकोटाले धर्मशास्त्रमा शास्त्रीसम्मको अध्ययन गरेका थिए । उनका मौलिक र अनूदित गरी १० वटा कृति रहेका छन् । तीमध्ये भर्तृहरिद्वारा रचित **नीतिशतकम्**को **नीतिशतक** शीर्षकमा अनुवाद गरी उनी स्वयम्द्वारा वि.सं. २०१८ मा पाल्पाबाट प्रकाशित भएको छ भने **सप्तशती दुर्गा** र **हनुमान चालिसा** उनका अन्य दुई अनूदित कृति हुन् । (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णप्रसाद अर्याल

ललितावल्लभ अर्यालद्वारा विरचित **भक्तविजयकाव्यम्** शीर्षकको संस्कृत रचनालाई सोही शीर्षकमा कृष्णप्रसाद अर्यालले अनुवाद गरेका छन्। उनको सो कृति चौतारिया फत्तेजंग पराक्रम शाहद्वारा वि.सं. २००८ मा प्रकाशित भएको छ। अरू विवरण उपलब्ध छैन। (माधव)

कृष्णप्रसाद उपाध्याय

कृष्णप्रसाद उपाध्याय व्याकरण तथा साहित्याचार्यले विश्वविख्यात मैथिली कविकोकिल विद्यापतिको शताधिक गीतहरूको नेपाली अनुवाद गरेका छन्। उक्त कृतिको नेपाली शीर्षक **विद्यापति-पदावलीको नेपाली अनुवाद** रहेको छ। वि.सं. २०२९ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित उक्त अनुवादको प्रशंसा गर्दै पटनाका सोमदेव एमएले लेखेको यस्तो एक सम्मति प्रकाशित छ- *जसरी उमर खैयामको अङ्ग्रेजीमा उल्था गरेर फिट जरेलले अमरत्व प्राप्त गरे, महाकवि विद्यापतिको उल्थाबाट उपाध्यायजीले नेपालीमा त्यही स्थान पाउनु भएको छ। मेरो आस्थाले यस्तो उद्गार व्यक्त गर्दछ। उहाँको जतिपनि अभ्यर्थना थोरै हुन्छ। त्यसको प्रकाशन अवश्य पनि नेपाली साहित्यमा एउटा महान् काव्यको रूपमा स्मरण गरिनेछ। तथास्तु।* (इ.१९६५, पृष्ठ उ)

जम्मा २६९ पृष्ठको यस अनुवादमा वायाँ पृष्ठमा मैथिली कविता छन् भने दायाँ पृष्ठमा समश्लोकी नेपाली अनुवाद रहेको छ। अनुवादकले कठिन शब्दहरूलाई पादटिप्पणीमा अर्थ खुलाएर प्रस्तुत गरेका छन्। (गोविन्द)

कृष्णप्रकाश श्रेष्ठ

काठमाडौँको चुनिखेलमा सन् १९३८ मा जन्मेका कृष्णप्रकाश श्रेष्ठले रुसबाट पत्रकारितामा एम.ए. गरेका छन्। उनले विगत ५० वर्षदेखि रुसलाई कर्मथलो बनाउँदै आएका छन्। उनी नेपाली र रुसी भाषा संस्कृतिबिचका एक अतुलनीय साँघु हुन्। श्रेष्ठ एक वरिष्ठ अनुवादक, सम्पादक, समालोचक, नृतत्व शास्त्री विद्वान् हुन्। उनले रेडियो मस्कोमा नेपाली कार्यक्रम सञ्चालक, अनुवादक तथा सम्वाददाता भएर लामो समयसम्म कार्य गरे। उनी बहुकृतिक स्रष्टा एवम् रुसी-नेपाली भाषाबिचका अनुवादक हुन्। उनका केही कृतिहरूमा **रुसमा नेपालको अध्ययन** (इ. १९८०), **स्थाननाम कोश** (इ. १९८७), **नेपाल भाषा साहित्य** (इ. १९९७), **नेपालमा पशुपंक्षीको पूजा** (इ. १९९३), **रुसमा नेपालको छवि** (इ. २०००) आदि रहेका छन्। आदिकवि भानुभक्त आचार्यको दुई शताब्दीय जन्म जयन्तीको अवसर पारी उनले रुसी विदुषी ल्युदमिला साल्तिकोभासँग मिलेर भानुभक्तका *घाँसी, बालाजी, कान्तिपुरी नगरी, बधुशिक्षा, प्रश्नोत्तरमाला* जस्ता १३ वटा रचनाको सङ्कलन **लोकको गरूँ हित भनी** शीर्षकमा रुसी भाषामा अनुवाद गरेका छन्। यसको प्रकाशन वि.सं. २०७० मा विश्व नेपाली साहित्य महासङ्घ रुस शाखाले गरेको थियो। उनका अन्य अनूदित पुस्तकहरूमा **चेखबका कथाहरू** (इ. १९७१), **इ.पा. मिनायभको नेपाल** (इ. १९७२), मिखाइल सोलोखोभको **मान्छेको भाग्य र दोनका कथाहरू** (इ. १९८२), मिखाइल लेर्मोन्तोभको **हाम्रो जमानाको चरित्र नायक** (इ. १८८३), लेभ तोल्सतोइ र अन्यको **कथा-कहानी** (इ. १९८४), इभान तुर्गेनेभको **पिता र पुत्र** (इ. १९८७), चिंगिज आइतमातोभको **प्रथम शिक्षक** (इ. १९९०), मिखाइल भेर्सिनिनको **लेनिन गाथा** (इ. १९९८), रसुल हम्जातोभको **जीवित देवी र जीवन चक्र** (इ. १९९८), गोर्कीको **मेरो विश्वविद्यालय** रहेका छन्। अधिकांश यी अनूदित पुस्तकहरू रादुगा प्रकाशन मस्कोले छापेको हो। अरू पनि उनका अनुवादको सूची लामो छ। (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णप्रसाद घिमिरे (१९७६-२०४९)

काठमाडौँको गैरीधारामा जन्मेका कृष्णप्रसाद घिमिरे साहित्य शास्त्री, काव्यतीर्थ र विद्यावारिधि उपाधिले विभूषित थिए। अठार वर्षको उमेरदेखि नै काव्य लेखन सुरु गरेका घिमिरेका मौलिक र अनूदित गरी १५ वटा कृति रहेका छन्। तीमध्ये संस्कृत भाषामा लेखिएका **वाल्मीकि रामायण, निर्णय सिन्धु, सप्तशती चण्डी, कादम्बरी** (गद्य महाकाव्य), **अमर कोश** र **श्रीमद्भगवद्गीता**लाई उनले नेपाली भाषामा अनुवाद गरेका छन्। (माधव)

कृष्णप्रसाद रेग्मी (वि.सं. १९४०-१९८५)

धादिङ जिल्लाको धुनिबेंसीमा जन्मेका कृष्णप्रसाद रेग्मी माध्यमिककालिक कवि हुन्। बनारसमा बसी संस्कृत साहित्यको अध्ययन गरेका रेग्मीले **गोर्खा भाषा प्रकाशिनी समितिमा** रही नेपाली भाषा र साहित्यको सेवा गरेका थिए। उनका मौलिक र अनूदित गरी १४ वटा कृति प्रकाशित छन्। तीमध्ये **महाभारत आदिपर्व** (वि.सं. १९६० र वि.सं. १९८३), **महाभारत उद्योग पर्व** (वि.सं. १९६२) र **देवीभागवत पद्याख्यान** (वि.सं. १९८६) उनका अनूदित कृति हुन्। (माधव)

कृष्णप्रसाद श्रेष्ठ

वि.सं. १९८२ मा कास्कीको पोखरास्थित मोहरियाटोलमा जन्मेका कृष्णप्रसाद श्रेष्ठ मूलतः ललित कलाका सर्जक तथा पारखी हुन्। राष्ट्रिय प्रतिभा पुरस्कार (वि.सं. २०५२), ललितकला पुरस्कार (वि.सं. २०५५) आदिबाट सम्मानित श्रेष्ठले वाल्मीकिद्वारा रचित मानिएको **योगवासिष्ठ** नामक कृतिलाई हिन्दीबाट नेपालीमा अनुवाद गरेका छन्। मूलमा २९ हजार श्लोकको यस अनुवादको प्रकाशन वि.सं. २०४८ मा भएको थियो। (माधव) सम्पर्कः ०६१५२०१९८

कृष्णसिंह मोक्तान

दार्जिलिङको घुम पहाडमा सन् १९३० मा जन्मेका कृष्णसिंह मोक्तानले एम.ए. गरी प्राथमिक तहदेखि पढाउँदै गएर केहीपछि पश्चिम बङ्गालको सरकारी सेवाबाट आईजीसम्मको पदमा पुगेर सन् १९९९ मा सेवा निवृत्त भए। मोक्तानले **चरण-धूली** (उपन्यास इ. १९५८), **जीवन परिक्रमा** (उपन्यास, इ. १९६९) जस्ता कृतिको सृजना गर्नुका साथै साई साहित्यमा ठुलो योगदान पुग्ने गरी अनुवाद वा अनुकूलन गरेका छन्। **जीवन गोरेटोमा** (जीवन **गोरेटोमा भेटिएका चरित्रहरू**, इ. २००३) को लागि उनलाई सन् २००५ को साहित्य अकादेमी पुरस्कार प्रदान गरियो। कृष्णसिंह मोक्तानले गरेको एउटा साहित्यिक कृतिको अनुवाद छ, त्यो हो रवीन्द्रनाथ ठाकुरकृत सन् १८९० मा प्रकाशित **बिसर्जन** शीर्षकको नाटक। जसको नेपाली अनुवादलाई (सोही शीर्षकमा) साहित्य अकादेमीले सन् १९८७ मा प्रकाशित गऱ्यो। (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्ण सेन 'इच्छुक'

कृष्ण सेन इच्छुक (वि.सं. २०१३-२०५९) ले विविध समय र सन्दर्भमा विविध विषय र विधाका रचना अनुवाद गरेका छन्। सेनका अनूदित रचना एकै ठाउँमा सङ्कलन हुन नसकेको अवस्था छ। यिनले गद्य विधामा गजानन मानव मुक्तिको धर्का *जनताको साहित्य केलाई भन्दछन्* ?, सत्यव्रतको *प्रगतिशील साहित्यका युवा पाठकहरूसित* लगायत आधा दर्जन रचना अनुवाद गरेका छन्। सेनको लेखन विधा कविता भएकाले उनले अनुवादमा पनि कविता नै रोजेका छन्। उनले अवतार सिंह पास, बराबर राव, हावियेर एराउद, अर्नेस्टो कार्डिनल, बर्तोल्त ब्रेख्त, फैज अहमद फैज, नाजिम हिक्मत लैङ्गस्टन ह्युज लगायतका कविका कविता नेपालीमा अनुवाद गरेका छन्। झन्डै डेढ दर्जन कविता नेपाली भाषामा उल्था गर्न सेन अनुवाद परम्परामा पनि स्मरणीय छन्। (सुकुम)

कृष्ण प्रजापति

वि.सं. २०२७ मा भक्तपुरको ख्वपस्थित क्वय्लाछिमा जन्मेका कृष्ण प्रजापति पेसाले पत्रकार हुन्। कुम्हाः कृष्ण नामबाट पनि लेखहरू लेख्ने प्रजापतिले धनमानद्वारा लिखित कथा सङ्ग्रह धनमानको कथालाई **धनमानया ल्यया बाखं** (२०७३) शीर्षकमा अनुवाद गरेका छन्। यस अनूदित सङ्ग्रहमा **टाढाको सम्झना, यौटा उस्तै कथा र सम्बन्ध विच्छेद** जस्ता तीन सङ्ग्रहबाट १९ श्रेष्ठ कथा छानेर समावेश गरेका छन्। यो अनुवाद सिर्जना अभियान (वि.सं. २०७३) बाट प्रकाशित भएको छ। **सिमात फफस्वः** (**बटारिएका रुखहरू**), **राज्य राष्ट्र** (**सिद्धान्त व अवधारणा**) उनका अन्य अनुवाद पुस्तक हुन् भने उनले **थःलिसे थःगु लुमन्ति** (**आफूसँगै आफ्नो सम्झना**), **साःकुलांया चिभाःद्यः थायेगु संस्कार** जस्ता पुस्तकहरूको सम्पादन गरेका छन्। (नवीन) सम्पर्कः ९८०८०९३९९४

क्षेत्रप्रताप अधिकारी (वि.सं. १९९९-२०७३)

जापानी साहित्यलाई नेपाली साहित्यमा भित्र्याउने काममा क्षेत्रप्रताप अधिकारीले महत्त्वपूर्ण भूमिका खेलेका छन्। कविता र गीतको माध्यमबाट साहित्यमा चर्चित क्षेत्रप्रताप अधिकारीको जापानी भाषामा लिखित विभिन्न कविताहरू समेटेर त्यसको नेपाली अनुवाद **जापानी नवरत्न** प्रकाशित छ।

उनका प्रकाशित कृतिहरूमा ताजिमा सिन्जीले अङ्ग्रेजी भाषामा लेखेको **द लिजेन्ड अफ प्लानेट सरप्राइजको** नेपाली अनुवाद **अपूर्व ग्रहको कथा** (साझा प्रकाशन, वि.सं. २०५१), जापानी साहित्यकार सोसेकी नाचुमेले लेखेको उपन्यास **बोत्याइको** नेपाली अनुवाद **सानोबाबु** (हिमाली पुस्तकालय, काठमाडौँ, वि.सं. २०४९) मियाजावा केन्जीले अङ्ग्रेजीमा लेखेको कथा सङ्ग्रह **मिल्की वेको** नेपाली अनुवाद **आकाश गंगा यात्रा** (हिमाली पुस्तकालय, काठमाडौँ, वि.सं. २०४९) प्रकाशमा आइसकेको छ। यस्तै उनले जापानी भाषामा लेखिएका कथाहरूको सङ्ग्रह **भिरमुखा** (हिमाली पुस्तकालय, काठमाडौँ, वि.सं. २०४३) जापानी भाषामा लेखिएको एक सय जापानी कविका कविताहरूको नेपाली अनुवाद **हिम जुन फूल** (हिमाली पुस्तकालय, वि.सं. २०५१) जापानी साहित्यकार यासुनारा कावावाताको अङ्ग्रेजीमा लेखिएको उपन्यास **स्नो कन्ट्री**को नेपाली अनुवाद **हिमदेश** (साझा प्रकाशन, वि.सं. २०४५) सेतोउची ज्याकचोले जापानी भाषामा लेखेको **नाचु नो ओवारी**को नेपाली अनुवाद **वर्खान्त** (हिमाली पुस्तकालय, काठमाडौँ, वि.सं. २०४३) १० जना जापानी कविहरूले जापानी भाषामा लेखेको कविताहरूको सङ्ग्रहको नेपाली अनुवाद **हिमानी नवरत्न** (हिमाली पुस्तकालय, काठमाडौँ, वि.सं. २०४९) रहेका छन्। (जयदेव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खगेन्द्र दाहाल

पूर्वी असमस्थित कार्विआङ्लङको हात्तीसारमा सन् १९६५ मा जन्मेका खगेन्द्र दाहाल स्नातक गरी शिक्षण सेवामा कार्यरत छन्। उनको अनूदित कृतिमा नेपाली **तीर्थ दर्शन**को असमियामा सोही शीर्षकको अनुवादलाई गौतम परिवारले प्रकाशनमा ल्याएको छ। त्यसै गरी प्रेम प्रधानकृत आख्यान **उदासीन रुख** (उपन्यास) **उदासीन वृक्ष** शीर्षकमा असमियामा बिन्दु प्रकाशनको प्रकाशोन्मुख सूचीमा राखिएको छ। (गोविन्द) सम्पर्क: ००९१-९४०१०१६१४६

खगेन्द्र सङ्ग्रौला

वि.सं. २००३ मा पाँचथरको सुभाङ्गमा जन्मेका खगेन्द्र सङ्ग्रौलाले स्नातकसम्मको अध्ययन गरेका छन्। निबन्धकार तथा स्तम्भकारकारका रूपमा परिचय बनाएका सङ्ग्रौला एक उर्वर अनुवादक हुन्। आफूलाई पूर्णकालीन अनुवादक भन्न रुचाउने सङ्ग्रौलाले विगत तीन दशकमा आख्यान र गैरआख्यान गरी झन्डै तीन दर्जन पुस्तकको नेपालीमा अनुवाद गरेका छन्। विशेषतः मार्क्सवादी चिन्तन र राजनीतिक धारका पुस्तकहरूको अनुवादमा सक्रिय सङ्ग्रौलाले रुसी र चिनियाँ लेखकका पुस्तकहरूको अनुवाद गरेका छन्। वि.सं. २०२८ मा प्रकाशित भियतनामी लेखक नुयेक नोकको उपन्यास **द भिलेज द्याट वन्ट डाईको अजम्बरी गाउँ**, रुसी लेखक निकोलाई गोगोलको उपन्यास **तारास बुल्बा** (वि.सं. २०४२) र नाटक **गभर्नमेन्ट इन्सपेक्टर**को **सरकारी निरीक्षक** (वि.सं. २०४२), चिनियाँ लेखक लु सुनको कथा सङ्ग्रह **ओल्ड टेल्ज् रिटोल्ड**को **पुनर्वाचित प्राचीन कथाहरू** (वि.सं. २०४३), अर्का चिनियाँ लेखक याङ मोको उपन्यास **सङ्ग्ज अफ युथ**को **युवाहरूको गीत** (इ. १९९७) यिनका उल्लेखनीय अनुवाद हुन्।

उनका अन्य अनुवादहरूमा **फूल बेच्ने केटी** (कोरियाली ओपेरा), **रेशमी मार्ग र अरू कथाहरू** (माओ तुन), **गुनिला चिनियाँ कथामाला** (भाग, १, २, ३), **लु सुनको जीवनी**, **शत्रु** (म्याक्सिम गोर्की), **अँध्यारोमा निसास्सिएका मानिसहरू** (म्याक्सिम गोर्की), **भास्सा झेलेजोब्ना** (म्याक्सिम गोर्की), **गोथा कार्यक्रममको आलोचना** (कार्ल मार्क्स), **कम्युनिस्ट प्रश्नोत्तर** (फ्रेडरिक एङ्गेल्स), **माओका सङ्कलित रचनाहरू** (भाग २, ३ र ४), **गोन्जालोका विचारहरू** (डा. अबिमयल गुजमन गोन्जालो), **होन्डुरसकी आइमाई** (उपन्यास), **नीलको खेती** (कथा सङ्ग्रहः सत्यजित रे), **एक पिताका सम्झनाहरू** (संस्मरणः टीएच भारिएर), **प्रथम शिक्षक** (उपन्यासः चिङ्गिज आइतमातम), **माइक्रोसफ्टदेखि बाहुनडाँडासम्म** (संस्मरणः जोन उड) र **कटरे खाडी** (चिनियाँ नाटक) आदि छन्। अनूदित पुस्तकहरूको सङ्ख्या र विधागत विविधतालाई हेर्दा खगेन्द्र सङ्ग्रौला नेपाली अनुवादका क्षेत्रमा एक उदाहरणीय र अनुकरणीय व्यक्तित्व हुन्। (बलराम)

खड्कराज गिरी

पूर्वी असम तीनसुकियाको डिग्बोईमा सन् १९५८ मा जन्मेका खड्कराज गिरीले वाणिज्य शास्त्रमा स्नातक गरेका छन्। डिग्बोई तेल कम्पनीका कर्मचारीका रूपमा रहेका गिरी पूर्वका स्थापित लेखक हुन्। उनका पाँचवटा कथा सङ्ग्रह र एक कविता सङ्ग्रह प्रकाशित छन्। अनेक कृतिको सम्पादक रहेका गिरीका पाँचवटा कृति अनूदित छन्। उनका **रूप प्रतिरूप** (इ. १९८७), **अभाग** (इ. १९९२), **कथादेखि पर** (इ. १९९८), **शून्य विकल्प** (इ. २००६) जस्ता कथा सङ्ग्रह र **क्याक्टसका हात** (इ. २००९) कविता सङ्ग्रह प्रकाशित छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गिरीले भविलाल लामिछानेका कविताको सङ्ग्रहलाई **चुनी हुई कविताएँ** (हिन्दीमा इ. १९९४), वीरभद्र कार्कीढोलीका कविताको हिन्दीमा **तुमने जीवन तो दिया** (इ. १९९९) शीर्षकमा अनुवाद गरेका छन् र साहित्य अकादेमीले छापेको **भारतेली कथाहरू** (हिन्दीबाट नेपाली इ. २००४), वीरभद्र कार्कीढोलीका कविताको अनुवाद **शब्दोंका कोहरा** (इ. २००४), र **समाधिस्थ अक्षर** (इ. २००१) हिन्दीमा अनूदित छन्। डा. हरेराम पाठकका हिन्दी रचना सङ्ग्रहबाट **साहित्यिक परिचर्चाका केही बुँदाहरू** शीर्षकमा अनुवाद गरेका छन्। (गोविन्द) सम्पर्क: ९८५४२८५७१२

खड्गबहादुर क्षत्री

खड्गबहादुर क्षत्रीको जन्म असमको शिवसागर जिल्लामा सन् १९४२ मा भएको थियो। उनले स्नातक डिग्री पुरा गरी शिक्षण सेवामा सक्रिय जीवन व्यतीत गरे।

उनले दुईवटा कृतिको नेपालीमा अनुवाद गरेका छन्। पहिलो हो कार्बी भाषामा रचित कविता सङ्ग्रह जसलाई नेपालीमा **स्वप्निल जुनेली** शीर्षकमा उनले तयार पारे। (यसबारे अरू विवरण प्राप्त भएको छैन।) अनि दोस्रो हो - मूल लेखक प्रतापनारायण श्रीवास्तवको हिन्दीमा लिखित ऐतिहासिक उपन्यास **बन्दिता**। **बन्दिता**को महत्त्व दर्शाउँदै प्रकाशकीयमा असम नेपाली साहित्य सभाको तर्फबाट प्रस्ट पारिएको छ : *खलङ्गाको लडाइँ अङ्ग्रेज विरुद्ध नेपालीहरूले लडेको एक इतिहास प्रसिद्ध लडाइँ हो। यस लडाइँमा शक्तिशाली अङ्ग्रेजलाई नेपाली पुरुष नारी दुवै ऐक्यवद्ध भएर कसरी खुकुरीको प्रहारमा छिया छिया पारेका थिए त्यो किंवदन्तीका रूपमा अझै पनि नेपालीहरूका मुख मुखमा छ। यही ऐतिहासिक घटनालाई प्रसिद्ध हिन्दी साहित्यकार प्रतापनारायण श्री वास्तवले 'वन्दिता' उपन्यासको आधार बनाएका छन्। विशेषगरी यसमा नेपाली नारीको शौर्य, वीरता र देशप्रेमको ज्वलन्त चित्र देखाइएको छ। एकजना अनेपाली विद्वान्ले नेपालीहरूको वीरताको कहानी यसरी साहित्यमा उतार्नु अत्यन्तै महत्त्वपूर्ण कुरा हो। यस्तो एक ऐतिहासिक महत्त्वको उपन्यासलाई खोजेर खड्गबहादुर छेत्रीज्यू (के.वी. छेत्री) ले नेपालीमा अनुवाद गर्नु प्रशंसनीय कुरा हो। नेपालीहरूका विषयमा विभिन्न भाषामा लेखिएका यस्ता महत्त्वपूर्ण कृतिहरू नेपालीमा अनुवाद हुनु आवश्यक छ।*

खड्गबहादुरको मौलिक कृति **संस्मरण तीर्थ यात्रा**को २०१० रहेको छ। (गोविन्द) सम्पर्क: (मार्फत कपिलसिंह क्षत्री) ००९१-९४३५३६००६२

खड्गमान मल्ल (वि.सं १९६८-ने.सं. १११८)

मौलिक लेखनभन्दा अनुवाद क्षेत्रमा बढी परिचित खड्गमान मल्ल विशेष गरी बङ्गाली साहित्यलाई नेपाली साहित्यमा भित्र्याउन महत्त्वपूर्ण भूमिका खेल्ने साहित्यकार हुन्।

मल्लले जे. कावाकिताको अङ्ग्रेजी भाषाको कृति **पिपल्स अफ नेपाल हिमालयज**को नेपाली अनुवाद **नेपाल हिमालका जनजातिहरू** (च्वसापासा-वि.सं. २०४८), सोकियो ओनोको अङ्ग्रेजीमा लिखित **शिन्तो द कामी वे**को नेपाली अनुवाद **शिन्तोकामि परिपाटी** (च्वसापासा-वि.सं. २०४४) शरच्चन्द्र चट्टोपाध्यायको बङ्गाली भाषामा लेखिएको **काशीनाथ**को नेपाली अनुवाद (ने.भा.प्र.स.-वि.सं. १९९८) शरच्चन्द्रकै बङ्गाली भाषामा लेखिएको **दर्पचूर्ण**को नेपाली अनुवाद (ने.रा.प्र.प्र.), बकिमचन्द्र चट्टोपाध्यायको बङ्गाली भाषामा लेखिएको कृति **माहिली दिदी**को नेपाली अनुवाद (ने.भा.प्र.स.-वि.सं. १९९८) शरच्चन्द्रकै बङ्गाली भाषामा लेखिएको **वैकुण्ठको दानपत्र**को नेपाली अनुवाद (ने.भा.प्र.स.-वि.सं. १९९९) अङ्ग्रेजीमा लिखित **फोकटेल्स**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फ्रम ग्रिस एन्ड रोमको नेपाली अनुवाद **ग्रिस र रोमका दन्त्य कथा** (ने.भा.प्र.स-वि.सं. १९९५) बङ्गाली भाषामा लेखिएको शरच्चन्द्रका केही कृतिहरूको नेपाली अनुवाद **शरत् ग्रन्थावली** (ने.भा.प्र.स.-वि.सं. २००४) कालिदासको नाटक **अभिज्ञान शाकुन्तल**को नेपाली अनुवाद (ने.भा.प्र.स-वि.सं. २००७) जस्ता कृतिहरू प्रकाशित छन् । (जयदेव)

खेमराज केशवशरण

मोरङको लेटाङ, क्षेत्रपुरमा वि.सं. १९६६ मा जन्मेका खेमराज केशवशरणले संस्कृत साहित्यमा आचार्य गरी लामो समय प्राध्यापन गरे । उनका मौलिक र अनूदित गरी २३ वटा कृति रहेका छन् । **जीवन गंगाका केही तरङ्ग** (वि.सं. २०२६), **स्वधर्म र स्वराष्ट्र** (वि.सं. २०२७), **सत्य दर्शन** (वि.सं. २०३४), **अन्तर्जगत्** (वि.सं. २०३५) आदि उनका प्रसिद्ध मौलिक कृतिहरू हुन् । महाकवि वाणभट्टको **हर्षचरित** आख्यायिकालाई यिनले **हर्षचरित** शीर्षकमा नेपालीमा अनुवाद गरेका छन् । सो अनूदित कृति नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट वि.सं. २०३१ मा प्रकाशित भएको छ । यिनले **ईशावास्योपनिषद्**लाई नेपालीमा अनुवाद गरेका छन् । उक्त अनूदित कृति वि.सं. २०४५ मा प्रकाशित भएको छ । (माधव)

खेमराज नेपाल

खेमराज नेपालको जन्म असमको शोणितपुर जिल्लामा सन् १९५७ मा भएको थियो । विद्यावारिधि गरेका डा. खेमराज उच्च शिक्षण संस्थानमा संलग्न छन् । नेपाली असमिया हिन्दी संस्कृत जस्ता भाषामा दक्ष डा. नेपालले कविता कथा निबन्ध जस्ता विविध विधामा योगदान पुऱ्याएका छन् ।

उनले डा. विश्वनारायण शास्त्रीद्वारा संस्कृत भाषामा रचित **अविनाशी** शीर्षक उपन्यासलाई नेपालीमा सोही शीर्षकमा अनुवाद गरेका छन् । समकालीन स्रष्टाद्वारा संस्कृत भाषामा रचित नेपालीमा आउने सौभाग्य प्राप्त यो प्रथम कृति हो । वसन्त स्मृति संस्थान, विश्वनाथ चारालीले यसलाई सन् २००५ मा प्रकाशनमा ल्यायो भने सोही सालको लागि अनुवादतर्फ साहित्य अकादेमी पुरस्कार प्राप्त गर्ने सौभाग्य यसलाई प्राप्त भयो । डा. नेपालका अन्य कृतिहरूमा **मेरो देश हिजो, आज र भोलि** (सहलेखक ज्ञानबहादुर क्षत्री - खण्डकाव्य १९९३) साहित्य **अकादेमी पुरस्कार विजेता नेपाली साहित्यकार** (इ. २००२), **नेपाली साहित्यको रूपरेखा** (इ. २००२) मुख्य हुन् भने उनले डा. जमदग्नि उपाध्यायसित मिलेर तयार पारेको **पूर्वाञ्चलीय नेपाली निबन्ध यात्रा** (इ. २०१२) एक महत्त्वपूर्ण कृति हो । (गोविन्द) सम्पर्क: ९४३५३८३४८२

खेमलाल पोखरेल

वि.सं. २००१ मा जन्मेका खेमलाल पोखरेलले अङ्ग्रेजी र इतिहासमा स्नातकोत्तर गरेका छन् । दमक झापाका स्थायी वासिन्दा पोखरेलले बाल साहित्यको अनुवादमा योगदान दिएका छन् । पोखरेलले ओस्कर वाइल्डको **द सेल्फिस जायन्ट**लाई **स्वार्थी दैत्य** (वि.सं. २०६१) शीर्षकमा अनुवाद गरेको पाइएको छ । उक्त कथा उनको **विविध तरङ्ग** शीर्षकको पुस्तकमा सत्याल प्रकाशनले बाहिर ल्याएको थियो । त्यसै गरी उनले छायादत्त न्यौपानेका दुई पुस्तक **केही असल मानिसहरू** र **बाटो बताउने नाति**लाई क्रमशः **सम ल्युमिनारिज** (वि.सं. २०६९) र **द गाइड ग्रान्डसन** (वि.सं. २०६९) शीर्षकमा अनुवाद गरेका छन् । यी दुवैको प्रकाशक स्वदेश प्रकाशन रहेको छ । उनको अर्को अनुवाद छायादत्तको **असल मित्रहरूको द गुड फ्रेन्ड्ज** शीर्षकमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशोन्मुख छ । अध्यापन सेवामा संलग्न पोखरेल मूलतः कवि हुन् । उनका कविता र गद्य लेख सङ्ग्रह पनि प्रकाशित छन् ।

(गोविन्द) सम्पर्क: ९८४१६६५०४३

गजराज बज्राचार्य

महाकवि अश्वघोषद्वारा विरचित **सौन्दरानन्द** शीर्षकको संस्कृत महाकाव्यलाई गजराज बज्राचार्यले **सौन्दरानन्द महाकाव्य** शीर्षकमा नेपाली भाषामा अनुवाद गरेका थिए । सो अनूदित कृति वि.सं. २०४० मा सुगत पुस्तक सदनबाट प्रकाशित भएको देखिन्छ । (माधव)

गङ्गाप्रसाद अकेला

सन् १९४४ मा बेलापट्टी, धनुषा (जनकपुरधाम) मा जन्मेका गङ्गाप्रसाद अकेला बहुभाषाविद् र अनुवादक हुन् । साहित्यमा एम.ए. र प्रसाशनमा एम.पी.ए. गरेका डा. अकेलाले साहित्य-संस्कृति, प्रशासन र चिकित्सा क्षेत्रमा सेवा पुऱ्याएका छन् । विगत तीन दशकदेखि मैथिली, हिन्दी, भोजपुरी, नेपाली, अङ्ग्रेजी र अवधी जस्ता विभिन्न भाषाबिच अनुवाद गर्दै आएका अकेलाले अनुवाद गरेको पहिलो पुस्तक करिब दुई दशकअघि प्रकाशित भएको थियो । नेपाली हिन्दी र मैथिली भाषाहरूबिचको अनुवादमा उनको विशेष दख्खल छ । उनले अनुवाद गरेका कृतिहरू यस प्रकार छन्–

१. **शिरीषक फूल** (वि.सं. २०५६), पारिजातको उपन्यास **शिरिषको फूल**को मैथिली अनुवाद, प्रकाशक विद्यापति कला तथा संस्कृति केन्द्र, काठमाडौँ)

२. **करिआ सुरुज** (वि.सं. २०६४), भरत जङ्गमको उपन्यास **कालो सूर्य**को मैथिली अनुवाद, प्रकाशक मधेस नागरिक समाज, काठमाडौँ)

३. **भोर का तारा** (इ २००९), डा. धीरेन्द्रको मैथिली उपन्यास **भोरुकबा**को हिन्दी अनुवाद, प्रकाशक, मधेस नागरिक समाज काठमाडौँ)

४. **संवेदना के स्वर** (इ. २०१५ दिनेश अधिकारीका ५६ कविताको हिन्दी अनुवाद, राजकमल प्रकाशन, नयाँ दिल्ली)

५. कोफको (परिवार नियोजन विषयक सामग्री सङ्कलित ग्रन्थ) नेपालीबाट मैथिलीमा सोही शीर्षकमा जगदीश घिमिरेको वर्ल्ड नेइबर नामक संस्थाबाट २०५३ मा प्रकाशित (प्रविधि अनुवाद)

त्यसै गरी अनुवादक अकेलाले ५६ वटा फुटकर नेपाली कविताको हिन्दीमा अनुवाद गरी **नेपाल के स्वर** शीर्षकमा नेपाल प्रज्ञा-प्रतिष्ठान, अनुवाद विभागमा बुझाएका छन् । साथै उनले सन् १९९२ देखि हालसम्म निरन्तर रूपमा कूटनीतिक नियोगमा अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गर्दै आएका छन् । (बलराम) सम्पर्क: ९८४९०९४११२

गरिमा राई

गरिमा राईको जन्म सन् १९८८ मा दार्जिलिङमा भएको थियो । हाल उनी अङ्ग्रेजी विषयमा विद्यावारिधि गर्ने क्रममा छिन् । त्यसको शीर्षक **दार्जिलिङ हिल्स इन द ट्वान्टिथ सेन्चुरी** रहेको छ । उनको एउटा मौलिक कृति प्रकाशित छ – **साहेपहरूको देश हुँदै केही रेडियो वार्ताहरूसम्म** । गरिमाले गरेको एउटा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महत्त्वपूर्ण अनुवाद छ – एमिली ब्रोन्टेको क्लासिक उपन्यास **उदरिङ हाइट्स** जसलाई साहित्य अकादेमीले सन् २००८ मा प्रकाशनमा ल्याएको छ।

(गोविन्द) सम्पर्क: ९६०९९१२७१४

गायत्री विष्ट 'गाउँले'

वि.सं. २०२८ मा काठमाडौँमा जन्मेकी गायत्री विष्टले पत्रकारितामा स्नातकोत्तर र उर्दूमा माध्यमिक तह पास गरेकी छन्। बहुकृतिक स्रष्टा विष्टको विशेष क्षेत्र बाल साहित्य र अनुवाद हो। उनका नेपाल प्रज्ञा-प्रतिष्ठानबाट उर्दू कथाको सङ्ग्रह **उर्दू कथा** (वि.सं. २०६२) र जनसाहित्य मञ्चबाट **समुद्र हिमालमा** (वि.सं. २०६७), साहित्यिक परिवार नेपालबाट **ढुङ्गा मेरो खोज** (वि.सं. २०७०), राष्ट्रिय जनसांस्कृतिक महासङ्घबाट **आँखाको निशाना** (वि.सं. २०७२) प्रकाशित छन्। उनको **समुद्र हिमालमा,** गुलाम अब्बास, सादत मन्टो, जाहिदा हिना, खालिद हुसैन लगायतका विख्यात पाकिस्तानी कथाकारहरूका १७ वटा कथा समेटिएका छन्। **ढुङ्गा मेरो खोज** फिरदोस हदरका नौ वटा कथाको सङ्ग्रह हो भने **आँखाको निशाना** जाहिदा हिनाका कथाहरूको अनूदित सङ्ग्रह हो जसमा १० वटा कथा समावेश छन्। (बलराम) सम्पर्क: ९८४१८८१९९१

गीता मानन्धर

काठमाडौँको क्षेत्रपाटीमा वि.सं. २०१८ मा जन्मेकी गीता मानन्धरले एम.ए. तहको अध्ययन पुरा गरेकी छन्। शिक्षण पेसा अपनाएकी मानन्धर भाषा र संस्कृति विषयकी अध्यापिका हुन्। उनका केही अनूदित कार्यहरू पनि छन्। उनले र वे थ्व भिक्षुद्वारा बर्मी भाषामा लेखिएको **तमिछेत्** पुस्तकलाई अङ्ग्रेजी भाषामा **बिलभेड डटर** शीर्षकमा अनुवाद गरेकी छिन्। उक्त पुस्तक मिरा पब्लिकेसनबाट **सन्** २०१६ मा प्रकाशित छ। (नवीन) सम्पर्क: ९८४१३२४५९५

गुणराज उपाध्याय (वि.सं. १९७३–२०३१)

काठमाडौँको त्रिपुरेश्वरमा जन्मेका गुणराज उपाध्यायका मौलिक र अनूदित गरी १४ वटा कृति रहेका छन्। **भरत मिलन** (महाकाव्य, वि.सं. २०१९), **श्रीकृष्ण सन्देश** (महाकाव्य, वि.सं. २०२०), **शान्ति शतक** (खण्डकाव्य, वि.सं. २०२९), **सुदामा चरित्र** (खण्डकाव्य, वि.सं. २०२९), **शाहवंश** (महाकाव्य, वि.सं. २०३९) आदि उनका मौलिक कृतिहरू हुन् भने **मेघदूतको छायानुवाद** (वि.सं. २००१), **भागवतभक्तिमहिमा** र **रामचरित्रपदारविन्द** उनका अनूदित कृतिहरू हुन्। (माधव)

गुप्त प्रधान

गुप्त प्रधानको जन्म दार्जिलिङको ब्लुमफिल्डमा सन् १९४५ मा भएको थियो। स्नातक गरी शिक्षण सेवामा समर्पित भएका प्रधानका **मान्छे मान्छेकै बस्तीभित्र** (इ. १९८०), **अक्षरै अक्षरको सहर** (इ. १९९३), **विराम चिन्हहरू** (इ. २००२), **समयका प्रतिविम्बहरू** (इ. २०११), जस्ता कथा सङ्ग्रहलगायत खोज अनुसन्धानमूलक सामग्रीसमेत गरी २५ वटा ग्रन्थ प्रकाशित छन्। विविध पुरस्कार र सम्मानले विभूषित प्रधानको एक मास्टरपिस ग्रन्थ छ **धुमिल पृष्ठहरू** (अनुसन्धानात्मक ग्रन्थ, इ. २००६)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवादतर्फ उनको कृति रहेको छ देश **विदेशका कथाहरू** जसभित्र १२ देशका १८ वटा कथाका अनुवाद समावेश छन्। (गोविन्द) सम्पर्क: ०३५४-२२५२२३५

गुमानसिंह चामलिङ (इ. १९४२-२००८)

गुमानसिंह चामलिङको जन्म भारतको दार्जिलिङमा भएको हो। यिनले संस्कृत र हिन्दीमा साहित्य रत्न तथा राजनीति शास्त्रमा एम.ए. गरेका थिए। अध्यापन पेसामा रहेका चामलिङ काव्यकार र समीक्षकका रूपमा परिचित छन्। यिनका समीक्षात्मक कृति हुन्: **मौलो** (वि.सं. २०३६), **एरिस्टोटल र उनको काव्यशास्त्र**, (अनूदित, वि.सं. २०४०), **कवि भानुभक्त आचार्यको उपाधि र आदिकवित्वको प्रश्न** (इ. १९९७), कृति र व्यक्तिकेन्द्री, सैद्धान्तिक र व्यावहारिक, इतिहाससापेक्ष र निरपेक्ष समीक्षा लेख्ने चामलिङ भारतीय नेपाली समीक्षाका प्रसिद्ध प्रतिभा हुन्। यिनका समीक्षा प्रभाववादी छन्।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा पनि काम गरेका चामलिङको **एरिस्टोटल र उनको काव्यशास्त्र**को प्रथम संस्करण नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले सन् १९८२ मा प्रकाशित गरेको थियो भने **मौलो**का लागि सन् १९७९ मा साहित्य अकादेमी पुरस्कार प्राप्त भएको थियो। यसरी यिनले भारतीय नेपाली समीक्षाको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। (गोविन्द)

गोकुल सिन्हा

दार्जिलिङको खर्साङमा सन् १९४० मा जन्मेका गोकुल सिन्हाले नर्थ बेंगाल विश्वविद्यालयबाट विद्यावारिधि गरेका हुन्। अनेक विद्यालयहरूमा अध्यापन गर्दै भाषा विज्ञान र सहित्यका क्षेत्रमा अटुट योगदान दिने सिन्हाले मौलिक एवम् अनूदित कृति लेखन तथा शब्दकोश निर्माणमा योगदान पुऱ्याएका छन्। उनका धेरै कृति एवम् प्राज्ञिक लेखहरू प्रकाशित छन्। उनले **कुरान, बाइबल, गीता**, गालिव र टेगोरका सृजनाको अनुवाद गरेका छन्। यीमध्ये भानुभक्तीय रामायणको अङ्ग्रेजी गद्य अनुवाद सबभन्दा महत्त्वपूर्ण उपलब्धि हो। **द रामायण अफ भानुभक्त** शीर्षकमा अनूदित यस कृतिको प्रकाशन सन् २०१५ मा गामा प्रकाशन दार्जिलिङबाट भएको थियो। सिन्हाको सम्पादकत्वमा **साहित्यिक शब्दावलीको प्राविधिक कोश** (वि.सं. २०६०) पनि प्रकाशित छ। नेपाली भाषा र सहित्यसम्बन्धी उनको लेख Linguistic Background of Medieval Nepali Literature मा प्रकाशित भएको छ। गोकुल सिन्हाले अनुवाद गरेको अर्को कृति हो– सविता गोम्देनको **द लज अफ नेचर** कविता सङ्ग्रह (इ. २००३) को नेपाली अनुवाद **प्रकृतिका नियम** (इ. २००५)। यिनलाई दार्जिलिङकी लेखिका श्रीमती सविता स्वयम्ले प्रकाशित गरेकी छन्। (गोविन्द)

गोपाल अश्क

पर्साको भेडिहारीमा वि.सं. २०१८ मा जन्मेका गोपाल अश्कले हिन्दी साहित्यमा स्नातकोत्तर गरेका छन्। उनी सक्रिय लेखक, कवि, पत्रकार एवम् बहुभाषी अनुवादक हुन्। उनले सनत रेग्मीकृत **लछमनिंयाको गौना** शीर्षक सङ्ग्रहलाई भोजपुरीमा **लछमनिया के गौना** (वि.सं. २०७०) शीर्षकमा अनुवाद गरे जसलाई नेपाल प्रज्ञा-प्रतिष्ठानले प्रकाशित गऱ्यो। त्यसपछि राम भरोस कापडी 'भ्रमर'को मैथिली कविता **नहीं अब** नाहींलाई हिन्दीमा **बस, अब नहीं** (वि.सं. २०६६) शीर्षकमा प्रकाशित गरे। उनको अर्को अनुवाद **लोकप्रिय नेपाली कहानियाँ** (वि.सं. २०७०) हो। नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित यस अनुवादमा छानिएका नेपाली भाषाका कथाहरू सङ्कलित छन्। त्यसै गरी उनले वसन्त चौधरीकृत नेपाली कविता सङ्ग्रह **वसन्त**को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दीमा सोही शीर्षकमा अनुवाद गरेका छन्। यसलाई साङ्ग्रिला बुक्स काठमाडौंले प्रकाशन गरेको छ। (गोविन्द) सम्पर्क: ९८५११७९४२४

गोपाल ठाकुर

गोपाल ठाकुरको .जन्म वि.सं. २०१८ पुस २७ गते बाराको सिम्रौनगढमा भएको हो। त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी र भाषा विज्ञानमा स्नातकोत्तर गरेका ठाकुरको जीवन शिक्षण पेसाबाट सुरू भए पनि उनको प्राथमिकताको क्षेत्र वाम राजनीतिका साथै भाषा, साहित्य र सङ्गीतमा विशेष रुचि देखिएको छ। वि.सं. २०५१ माघदेखि २०६४ माघसम्म रेडियो नेपालमा समाचार सम्पादक, अनुवादक र वाचक रही वरिष्ठ सम्पादकसम्मको जिम्मेवारी निर्वाह गरेका ठाकुरले त्यहाँ हिन्दी, भोजपुरी, अङ्ग्रेजी र नेपाली भाषामा समाचार अनुवाद, सम्पादन र वाचनको काम गर्दै आएका थिए। पेसागत रूपमा उनी वि.सं. २०६५ मा रेडियो नेपालबाट प्रसारणको लागि तारा वस्तीलिखित **परिवार-स्वास्थ्य** रेडियो नाट्य शृङ्खलाको नेपालीबाट भोजपुरीमा अनुवाद, वि.सं. २०६६ मा यू.एन.डी.पी.को **नागरिक सचेतना र सहभागिता अभियान**को नेपालीबाट भोजपुरीमा अनुवाद, वि.सं. २०६७ मा रमेशरञ्जन झाकृत **कनिया-पुतरा** मैथिली टेलिशृङ्खलाको अङ्ग्रेजी सब-टाइटल, वि.सं. २०६७ मा युनेस्कोको **एड्भोकेसी किट** र **मल्टिलिङ्गुअल एजुकेसन**को अङ्ग्रेजीबाट भोजपुरीमा परिमार्जनसहितको अनुवाद, **बहुभाषी शिक्षा विस्तार खातिर तरफदारी सामग्री**, वि.सं. २०७२ मा मानव अधिकार आयोगको **मानव अधिकारसम्बन्धी जान्नैपर्ने केही कुराहरू**को भोजपुरी अनुवाद तथा वि.सं. २०७३ मा वसन्त चौधरीद्वारा लिखित **वसन्त** (नेपाली कविता-सङ्ग्रह) को भोजपुरी अनुवाद उनका मुख्य अनुवाद कर्म हुन्। यसका साथै नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा वि.सं. २०७४ मा प्रकाशित **प्रज्ञा भोजपुरी-नेपाली-अङ्ग्रेजी शब्दकोश**मा उनले सम्पादक मण्डलका संयोजक भई काम गरेका छन्। यसका अतिरिक्त वि.सं. २०६४ मा भरत जङ्गमको नेपाली उपन्यास **कालो सूर्य**को गङ्गाप्रसाद अकेलाकृत भोजपुरी अनुवाद, वि.सं. २०६५ मा यू.एन.डी.पी.को **नेपालमा सहभागितामूलक संविधान निर्माण शृङ्खला १-१०** को दिनेश त्रिपाठीकृत भोजपुरी अनुवाद, रामभरोस कापडी 'भ्रमर'को मैथिली उपन्यास **घरमूहाँ**को उमाशङ्कर द्विवेदी 'दधीचि'कृत भोजपुरी अनुवाद र वसन्त चौधरीको नेपाली कविता सङ्ग्रह **वसन्त**को डी. बी. गुरुङकृत अङ्ग्रेजी अनुवादको अन्तिम सम्पादनको कार्य पनि ठाकुरले सम्पन्न गरेका हुन्। (बलराम)

गोपालनिधि तिवारी

वि.सं. १९७७ मा काठमाडौंको कमलपोखरीमा जन्मेका गोपालनिधि तिवारीले वेदान्त दर्शनमा आचार्य एवम् अङ्ग्रेजी साहित्यमा एम.ए. गरेका थिए। उनका मौलिक र अनूदित गरी सातवटा कृति प्रकाशित छन्। तीमध्ये महर्षि वशिष्ठद्वारा विरचित संस्कृतको **योगवाशिष्ठ** शीर्षक कृति उनले **योगवासिष्ठ दर्शन** (वि.सं. २०१४) शीर्षकमा प्रकाशन गरे। (माधव)

गोपालप्रसाद दुलाल

तेह्रथुमको ओयाकजुङमा वि.सं. २०१३ मा जन्मेका गोपालप्रसाद दुलालले एम.एससी. पुरा गरी आफूलाई पूर्णरूपले अनुवाद कर्ममा समर्पित गरेका छन्। सर्वप्रथम यिनले भारतीय समाजवादी आन्दोलनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चर्चित व्यक्तित्व डा. हरिदेव शर्माले लेखेको बी.पी. कोइरालाको जीवन र कर्ममा आधारित कृति **संस्मरणात्मक साक्षात्कार**लाई नेपालीमा अनुवाद गरे । **मेरो जीवन असफल भएन** शीर्षकको यस अनुवादको प्रकाशन डायनामिक पब्लिकेसनले वि.सं. २०७१ मा गरेको हो । यस ऐतिहासिक महत्त्वको कृतिबारे परिचय गराउँदै प्रदीप गिरीले भूमिकामा भनेका छन्- *अध्यवसायी बुद्धिजीवी गोपालप्रसाद दुलालको जाँगरको कुनै सङ्घार छैन । उहाँले बडो जतन र परिश्रम गरेर कोइराला र भारतीय नेताहरूका कतिपय पत्राचारसमेत यहाँ अनुवादसहित सङ्कलन गर्नु भएको छ । नेपाली राजनीतिक इतिहासको एउटा अलिखित अध्यायलाई यस पुस्तकले राम्ररी भरथेग पुऱ्याएको छ ।*

त्यसै गरी उनले कर्णसिंहद्वारा हिन्दीमा लिखित **आत्मकथा** (इ. १९९४) लाई **मेरो कथा** शीर्षकमा अनुवाद गरेका छन् । दुलालले अर्को एक ऐतिहासिक महत्त्वको पुस्तकको अनुवाद गरेर नेपाली समाजलाई दिएका छन् । त्यो हो बिल क्लिन्टनको जीवनी **माइ लाइफ** (इ. २००४) को नेपाली अनुवाद **मेरो जीवन** (वि.सं. २०६८, ८८० पृष्ठ) हो । प्रा. जयराज आचार्यका भूमिकाले यसको प्रामाणिकता पुष्टि गर्दछ– *नेपाल र अमेरिकाबिचको भिन्न परिवेश, आफूले त्यहाँको जनजीवनलाई नजिकबाट हेर्न नपाएको, उच्चारण गर्न समेत अप्ठ्यारा बग्रेल्ती नाम र क्लिन्टनको कानुन, साहित्य, धर्म, प्रविधि र विदेशी भाषाको पकडका कारण प्रयोग भएका वृहत् दायराका शब्दहरू तथा नेपाली भाषामा प्रयोगमा नआएका कतिपय विशेषणहरूका कारण यो पुस्तक अनुवाद गर्न सजिलो थिएन । तैपनि अस्पष्ट भएका शब्द र विषय वस्तुलाई इन्टरनेटको सहयोग लिएर सकेसम्म प्रस्ट पार्ने कोसिस गरेको छु । तसर्थ मेरो अनुवादमा कुनै खोट र गल्ती देखिए इमानदारीसाथ क्षमायाचना गर्दछु ।*

गोपालप्रसाद दुलाल एक अथक र निरन्तर लागिपर्ने अनुवादक हुन् । उनको कृति चयनको दृष्टिकोण व्यापक र विविधतापूर्ण देखिन्छ । उनको अर्को अनुवाद महात्मा गान्धीकृत **आत्मकथाको अन्तिम सत्यको खोजी: आत्मकथा** (वि.सं. २०७१) रहेको छ । यसको प्रकाशक बी.एन. पुस्तक प्रा.लि. रहेको छ । यस प्रकाशनले उनको अर्को पनि त्यत्तिकै महत्त्वपूर्ण पुस्तक प्रकाशित गरेको छ, त्यो हो तुलसी मेहर श्रेष्ठकृत **गान्धी र मेरो सम्बन्ध** । यो पनि उनै डा. हरिदेव शर्माले लिएका अन्तर्वार्ताको सङ्कलन हो । यी दुई पुस्तक (**संस्मरणात्मक साक्षात्कार** र **गान्धी र मेरो सम्बन्ध**) का दुर्लभ पाण्डुलिपि सुरक्षित राखिदिने दिल्लीको नेहरू स्मारक पुस्तकालय एवम् सङ्ग्रहालयप्रति उनले आभार व्यक्त गरेका छन् । यसै क्रममा गोपालप्रसाद दुलालले कविताको पनि अनुवाद गरेका छन् । त्यो हो अङ्ग्रेजीबाट आएको (विनामितिको) **माओत्सेतुङ्का कविता** । (गोविन्द) सम्पर्क ९८४१३४५२७६

गोपाल बस्याल

पाल्पाको खानीगाउँमा वि.सं. २०२५ मा जन्मेका गोपाल बस्यालले त्रिविबाट अङ्ग्रेजीमा एम.ए., एम.एड. गरेका छन् । उनले निलकण्ठ न्यौपानेले लेखेको **हाम्रा ओके बाजी** (बाजे) शीर्षकको जीवनीलाई अङ्ग्रेजीमा **आवर ओके बाजी** (इ. २००३) मा अनुवाद गरेका छन् । यसको प्रकाशक ग्रामीण विकास पाल्पा रहेको छ । मनमोहन श्रेष्ठद्वारा सङ्कलित (पाल्पाका) **भूतहरूलाई गोस्ट अफ पाल्पा** (इ. २००३) शीर्षकमा अनुवाद गरी वातावरण प्रवर्द्धन पाल्पाबाट प्रकाशित गराएका छन् । त्यसै गरी मेघराज शर्माको **मेरो जापान यात्रालाई माइ रिकलेक्सन अफ जापान** (इ. २०१३) शीर्षकमा ग्रामीण विकास पाल्पाले प्रकाशित गरेको छ । अनुवादक बस्यालको क्षेत्र बहुविधायुक्त देखिन्छ । उनी सामुदायिक रेडियो, गोलभेँडा खेती, बैङ्किङ जस्ता ग्रामीण महत्त्वका क्षेत्रका प्राविधिक पाठका अनुवादक पनि हुन् । साथै लोक साहित्य, यात्रा साहित्य र कविताको अनुवादमा उनले आफ्नो दक्षता देखाएका छन् । उनले **काजुमासा काकिमी**लाई सोही शीर्षकमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवाद गरेका छन् जसलाई बाजिराह फाउन्डेसन, काठमाडौँले प्रकाशन गरेको छ। उनका दुईवटा साहित्यिक पुस्तक प्रकाशोन्मुख अवस्थामा छन्। ती हुन् - झपेन्द्र जिसीकृत **बादशाहको लुगाः नानीहरूको कविता** (इम्पेरर्ज क्लोथ्ज: चिल्ड्रेन्ज पोएम्स) र अजम्बरध्वज खातीकृत **शरम हराएको सहर** (डिस्प्रेसफुल सिटी)। अनुवादक बस्याल स्वयम् लेखक पनि हुन् (गोविन्द) सम्पर्कः ९८४७०३९८८३

गोपाल वैद्य 'किञ्जल्क'

प्युठानको खलङ्गामा वि.सं. १९७८ मा जन्म भई हाल पोखरा निवासी गोपाल वैद्य 'किञ्जल्क' का मौलिक रचनातर्फ नेपाली कविता सङ्ग्रह **बद्रिकेशर दर्शन** र संस्कृत खण्डकाव्य **हिमाद्रि महिमा** प्रकाशित छन्। शिक्षामा स्नातक (आयुर्वेद) वैद्यका संस्कृतबाट नेपालीमा अनूदित निम्न सातवटा कृतिहरू प्रकाशित छन् : **सुक्ति मुक्ताहार** (वि.सं. २०५८), **चाणक्य नीति दर्पण** (वि.सं. २०५९), **नीतिशतकम्** (वि.सं. २०५४), **कुमार सम्भव सर्ग १, ४, ५** (वि.सं. २०५९), **श्री शिवमहिम्नस्तोत्रम्** (वि.सं. २०६०) **स्तवकदमवकम्** (वि.सं. २०६४) र **पद्यारमृतम** (वि.सं. २०६२)। यसरी वैद्य धार्मिक पुस्तक अनुवादका रूपमा परिचित छन्। (नवराज) सम्पर्कः ०६१५२०६१७

गोपीरमण उपाध्याय

गोपिरमण उपाध्याय स्याङ्जा जिल्लाको बिरुवा अर्चलेमा वि.सं. २००३ मा जन्मेका हुन्। उनले संस्कृत साहित्यमा स्नातकोत्तर गरेका छन्। उपाध्यायले गरेका अनेक अनुवादहरू यस प्रकार रहेका छन् - मिखाइल सोलखोभका कथाहरू **प्रशान्त दोन** (वि.सं. २०५६), लु सुनका कथाको अनुवाद **चिनियाँ पौराणिक कथा** (वि.सं. २०५६), **गोगोललाई बेलेन्स्किको चिठी** (वि.सं. २०६१), एजाज अहमदको **आजको युगमा मार्क्सवादको** महत्त्व (सह-अनुवाद, वि.सं. २०६३), श्रीपाद अमृतडाँगेको **आदिम साम्यवाददेखि दासप्रथासम्मको इतिहास** (वि.सं. २०६४), श्री इतिहासाचार्य विश्वनाथ काशीनाथ राजवाणेको **भारतीय विवाहको इतिहास** (वि.सं. २०६४), जर्ज थोम्सनको **विचारधाराको इतिहास, मानवीय सारतत्त्व** (वि.सं. २०६५), एन्टोनियो ग्राम्सीको **बुद्धिजीवीको निर्माण** (वि.सं. २०६६), **सुप्रसिद्ध केही विदेशी कथाहरू** (वि.सं. २०६४), **विश्व प्रसिद्ध बाल लोककथा** (वि.सं. २०६४), श्रीमद् हरिभक्त सुरीको षड्दर्शन समुच्चय (वि.सं. २०७२), श्री वासुदेवशरण उपाध्यायको **श्रीहंश वंश चरितम्** (वि.सं. २०७२), **कम्युनिस्ट पार्टीको घोषणापत्र** (वि.सं. २०७४), अलेक्सान्द्र ओस्त्रोव्स्कीको नाटक **आम्दानीको ठाउँ** (वि.सं. २०६४) र मिखाइल इल्यान र ए. सेगालको मानव शास्त्रीय कृति **मानिस महाबलशाली कसरी भयो ?** (वि.सं. २०७४)। यसरी उपाध्यायले रुसी र चिनियाँ साहित्य, विचार र दर्शनको अनुवादमा प्रशंसनीय भूमिका खेलेको देखिन्छ। अनुवादका साथै उनी बहुकृतिक स्रष्टा र समालोचक पनि हुन्। उनका **राजनीतिक शब्द परिचय** (वि.सं. २०३८), **हिन्दु धर्ममा मानव उत्पीडनका सन्दर्भहरू** (वि.सं. २०४९), **मार्क्सवादका आधारभूत सिद्धान्तहरू** (वि.सं. २०५६), **केही दार्शनिक निबन्धहरू** (वि.सं. २०५६) **प्राकृतिक भौतिकवाद** (वि.सं. २०७०) **पूर्वीय भौतिकवाद** (वि.सं. २०७३) **बौद्ध दर्शन : एक सरल अध्ययन** आदि रहेका छन्। (गोविन्द) सम्पर्कः ९८४७०९२३४१

गोविन्द गिरी 'प्रेरणा'

गोविन्द गिरी 'प्रेरणा'को जन्म वि.सं. २०१५ मा मकवानपुर जिल्लाको टेक्कर भन्सारमा भएको थियो। त्रिविबाट बी.कम. सम्मको शिक्षा आर्जन गरी उनले निकै वर्ष त्रिविअन्तर्गतकै लेखा अधिकृत भई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम गरे। सुरुदेखि उनी सिर्जना र पत्रकारितामा सक्रिय थिए। उनका कृतिहरूमा **सुतेको समुद्र** (कथा सङ्ग्रह वि.सं. २०४०), **उत्खनन** (उपन्यास, वि.सं. २०४५), **स्वप्न कथा जारी छ** (कविता सङ्ग्रह), **फेरो** (निबन्ध सङ्ग्रह वि.सं. २०५३), **गुड बाइ अमेरिका** (यात्रा संस्मरण वि.सं. २०६२) हुन्। उनी एक बहुकृतिक स्रष्टा हुन् तर **गुड बाइ अमेरिका** निकालेपछि उनी अमेरिकामै बसोवास गर्दै आएका छन्।

गिरीका दुई अनुवाद पनि प्रकाशित छन् - (क) **इकेदाका कविता र निबन्ध** (वि.सं. २०५६) र (ख) **जापानी साहित्यको संक्षिप्त झलक** (वि.सं. २०५८)। अनूदित कृतिको परिचय पृष्ठमा त्यसको प्रक्रिया भने अत्यन्तै राम्ररी पुगेको देखिन्छ। **इकेदाका कविता र निबन्ध** (वि.सं. २०५५) मा आवरण पृष्ठमै जनाइएको छ **मूलः दाइसाकु इकेदा, अनुवादः गोविन्द गिरी 'प्रेरणा'**। भित्रपट्टि प्रा. मोहनराज शर्माले लेखेको **शान्तिका उद्गाता विश्वकवि दाइसाकु इकेदा** शीर्षकमा उनको परिचय दिएका छन् भने **अनुवादकको भनाइ** र **प्रकाशकीय**ले अरू कुरा प्रस्ट पारेका छन्। अनुवादक एक मध्यस्थकर्ता मात्र हो जसले न स्रष्टालाई पेल्न पाउँछ न आफै छेलिन्छ। अनुवादकको इमान्दार प्रस्तुति यस्तो छ : *ज्ञानको अजस्र भण्डार र अनन्य प्रेरणाको स्रोतको अपूर्व व्यक्तित्व भएका सोका गाक्काइ इन्टरनेसनलका अध्यक्ष दाइसाकु इकेदाज्यूका कविता र निबन्धहरूलाई नेपाली भाषामा ल्याउन पाउँदा म गौरवान्वित भएको छु। उहाँको महान् लक्ष्य विश्वशान्ति र मानवताप्रतिको योगदानलाई फैलाउन यसले अलिकति पनि मद्दत गऱ्यो भने यस पुस्तकको सार्थकता टड्कारो हुनेछ। अनुवाद स्वयम्मा एक कठिन काम हो। त्यसमाथि कविताको त अनुवादै हुन सक्तैन भनिन्छ। अझ मूल जापानी भाषामा लेखिएका कविता र निबन्धहरूको अङ्ग्रेजी अनुवादबाट नेपालीमा अनुवाद हुँदा कतिसम्म न्याय भएको छ, त्यो भन्न गाह्रो छ। तर मैले आफ्नो ज्ञान र विवेकले भ्याएसम्म इमानदार प्रयास गरेको छु।*

नेपाल एमजीआईका डाइरेक्टरसमेत रहेका केशरबहादुर श्रेष्ठले पनि यस अनुवादको लक्ष्य यसरी प्रस्ट पारेका छन् - *विश्वशान्ति र मानवताका लागि प्रतिबद्ध दाइसाकु इकेदाज्यूसँग सन् १९८९ मा पहिलोपल्ट भेट गर्ने अवसर पाएपछि उहाँको त्यो महान् लक्ष्यमा समर्पित हुने उद्देश्यले नेपाल एस.जी.आइ.को स्थापना भएको हो। नेपालका शाक्य मुनि बुद्ध र जापानका निचिरेन दाइस्योनिनका मार्गमा अघि बढ्न प्रेरित गर्नुहुने इकेदाज्यूको सन् १९९५ को नेपाल भ्रमणले जापान र नेपालबिचको दौत्य सम्बन्ध मात्र नभई बौद्धमार्गीहरूको शान्तिको पुल पनि मजबुत भएको मैले विश्वास गरेको छु।* (गोविन्द)

गोविन्दनाथ शर्मा 'विमल' (१९८४-२०५१)

रामेछापको चिसापानीमा जन्मेका गोविन्दनाथ शर्मा 'विमल'ले संस्कृत साहित्यमा आचार्यसम्मको अध्ययन गरेका छन्। उनले साहित्य साधना एवम् राजनीतिलाई मुख्य कार्यक्षेत्र बनाएको देखिन्छ। महाकवि भारविद्वारा विरचित **किरातार्जुनीयम्** शीर्षकको संस्कृत महाकाव्यलाई उनले सोही शीर्षकमा नेपाली भाषामा अनुवाद गरेका छन्। उक्त अनूदित कृति नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट वि.सं. २०२० मा प्रकाशित भएको छ। (माधव)

गोविन्द भट्ट (वि.सं. १९९४-२०६८)

गोविन्द भट्टको जन्म रौटहटको पुरेनवासमा भएको थियो। दर्शन शास्त्रमा एम.ए. गरेका भट्ट कवि, समालोचक र निबन्धकारका रूपमा परिचित व्यक्तित्व हुन्। दार्शनिक चिन्तनमा रुचि राख्ने भट्ट साहित्यको दार्शनिक आधार र विश्लेषणमा पनि अग्रणी देखिन्छन्। नेपाली राष्ट्रियताको चिन्तनमा पनि उनको योगदान बिर्सन मिल्दैन। नेपाली अनुवादका क्षेत्रमा पनि भट्टको स्थान उल्लेख्य नै देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न पत्रपत्रिकामा प्रशस्त रचना प्रकाशनमा लागि परेका भट्टले आफ्ना कृतित्वको संरक्षण अनि विषय क्षेत्रअनुसार पुस्तकाकारमा प्रकाशन गर्न जाँगर चलाएको भने देखिँदैन । उनका प्रकाशित कृतिमा **शान्ति सन्देश** (वि.सं. २०२४), **नेपालीलाई बुझ्ने समस्या : एक लामो र कठिन प्रक्रिया** (वि.सं. २०४१), हुन् । उनका छरिएका समालोचना खोजी गरी रविलाल अधिकारीको सम्पादनमा **गोविन्द भट्टका समालोचना** (वि.सं. २०५५) प्रकाशनमा आएको पाइन्छ । यस्तै **गोविन्द भट्टका मार्क्सवादी चिन्तनहरू** (वि.सं. २०५७) पनि प्रकाशित कृति हो । उनको पुस्तक प्रकाशनमा रुचि नदिने विशेषताका कारण झन्डै एक सयको सङ्ख्यामा रहेका उनका अनूदित रचना पनि पुस्तकाकारका रूपमा प्रकाशन हुन नसकेको अवस्था छ । झर्रो शब्द 'उल्था' र 'उल्था गर्ने' प्रयोग गर्न रुचाउने भट्टका गद्य र पद्य दुवै क्षेत्रका उल्था गरिएका सामग्री प्रकाशनमा आएका छन् । अनुवादका क्षेत्रमा **अन्तर्विरोधबारे** (वि.सं. २०२५) माओत्सेतुङको प्रसिद्ध कृति एक मात्र प्रकाशित कृति हो । फुटकरका रूपमा भने उनले माओत्सेतुङ र होचिसिहनका कविताका साथै अफ्रिकी, अरबी, प्यालेस्टाइनेली आदि कविका कविता नेपालीमा उल्था गरी प्रकाशन गरेका छन् । यस्तै गद्यतर्फको अनुवादमा **लेनिनका दुई चिठीहरू गोर्कीलाई, वाङचुकका डायरीका केही पाताहरू, छिमेकी मित्र राष्ट्र चिनमा नयाँ शिक्षा कक्षा चलाउने तीन तरिकाहरू, नसरुद्दिनका केही चर्तिकलाहरू, कोपेनहेगनमा गसन जियरलाई एङ्गेल्सको पत्र, नोम चोम्स्की अमेरिकाको बाँझो भूमिमा एक विवेकशील मनीषिलगायतका** रचना रहेका छन् । भट्टद्वारा अनूदित रचनाको खोजीसँगै पुस्तककारका रूपमा प्रकाशन हुन सक्दा यस क्षेत्रमा यिनको योगदान स्पष्ट र उल्लेख्य हुने पक्ष पनि स्मरणीय नै छ । (सुकुम)

गोविन्दप्रसाद भट्टराई (वि.सं. १९६७-२०४२)

सिन्धुलीको झाँगाझोली, परेवाडाँडामा जन्मेका गोविन्दप्रसाद भट्टराईले संस्कृत साहित्यमा आचार्यसम्मको अध्ययन गरी लामो समय प्राध्यापन सेवामा बिताए । उनका मौलिक र अनूदित गरी ११ वटा कृति छन् । तीमध्ये धर्मगुप्तद्वारा लिखित **रामाङ्क नाटिका**को सोही शीर्षकमा गरिएको नेपाली अनुवाद नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले वि.सं. २०३२ मा प्रकाशित गरेको छ भने **भरत नाट्यम्**को नेपाली अनुवाद **भरतको नाट्य शास्त्र** नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले वि.सं. २०३२ मा प्रकाशित गरेको छ । **वृत्तकल्पलतिका** (वि.सं. २०३२) र **श्रीमद्भगवद्गीता** (वि.सं. २०४२) उनका अन्य अनूदित कृतिहरू हुन् । (माधव)

गोविन्दराज भट्टराई

पाँचथरको च्याँगथापूमा वि.सं. २०१० मा जन्मिएका गोविन्दराज भट्टराईले हैदरावाद विश्वविद्यालयबाट भाषा विज्ञान अन्तर्गत अनुवाद अध्ययनमा विद्यावारिधि (इ. १९९७) गरेका छन् । अनुवाद विधामा विद्यावारिधि गर्ने उनी पहिलो नेपाली विद्वान् हुन् । त्रिभुवन विश्वविद्यालयका सेवा निवृत्त प्राध्यापक भट्टराईले अनुवाद कार्य, अनुवादको सैद्धान्तिकीकरण र अनुवाद अनुसन्धानमा लामो समयदेखि नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका छन् । विशेष गरी नेपालका विश्वविद्यालयहरूमा अनुवाद विधालाई प्रवेश र विस्तार गराउनमा उनको भूमिका निकै उल्लेखनीय रहेको छ । समालोचक, सम्पादक, आख्यानकार, भूमिकाकार, नियात्राकार र कविको बहुआयामिक व्यक्तित्व बोकेका भट्टराई बहुकृतिक स्रष्टा हुन् । डा. भट्टराईका मौलिक लेखन र अनुवाद गरी दुई दर्जनभन्दा बढी कृति प्रकाशित छन् । **काव्यिक आन्दोलनको परिचय** (वि.सं. २०६१, दो.सं., समालोचनात्मक इतिहास), **उत्तर-आधुनिक ऐना** (वि.सं. २०६१, समालोचना), **विश्वविद्यालयमा अग्निपूजा** (वि.सं. २०६१, निबन्ध सङ्ग्रह) **उत्तर-आधुनिक विमर्श** (वि.सं. २०६४, समालोचना)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुकरातका पाइला (वि.सं. उपन्यास, वि.सं. २०६३) उनका केही महत्त्वपूर्ण कृतिहरू हुन् । मौलिक लेखनमा झैं अनुवादका क्षेत्रमा पनि उनी उत्तिकै उर्वर छन् । उनका अनुवाद यस प्रकार छन् :

१) **विदेशी बगैँचाका चार थुँगा फूल, विदेशी बगैँचाका पाँच थुँगा फूल र विदेशी बगैँचाका छ थुँगा फूल** (रत्न पुस्तक भण्डारबाट वि.सं. २०५२ मा प्रकाशित) । यी तीन सङ्ग्रहमा अङ्ग्रेजीबाट अनुवाद गरिएका विभिन्न देशका १६ वटा बालकथाहरू रहेका छन् ।

२) **सेलेक्टेड नेपाली एसेज** (वि.सं. २०६०, जीवा लामिछाने) । यस सङ्ग्रहमा लक्ष्मीप्रसाद देवकोटादेखि शङ्कर लामिछाने, कमल दीक्षित, ताना शर्मा हुँदै कृष्ण धारावासी र युवराज नयाँघरेसम्मका १५ प्रतिनिधि निबन्धकारका दुई-दुईवटा गरी जम्मा ३० वटा निवन्ध परेका छन् । नेपालीबाट अङ्ग्रेजीमा अनुवाद भएको यो पहिलो नेपाली निवन्ध सङ्ग्रह हो ।

३) **स्टोरिज अफ कन्फ्लिक्ट एन्ड वार** (इ. २००७, गोविन्दराज भट्टराई) । यो सङ्ग्रह नेपालको जनयुद्धलाई केन्द्रमा राखेर लेखिएका तीनवटा कथाको सङ्ग्रह **द्वन्द्व र युद्धका कथा**को अनुवाद हो । नेपाली सङ्ग्रहको सम्पादन अनुवादक भट्टराई र विष्णुविभु घिमिरेले गरेका हुन् ।

४) **डिक्लेरेसन अफ न्यु गड** (इ. २००८, नेपाली साहित्य विकास कमिटी बेलायत) । गोपाल पराजुलीको मदन पुरस्कार विजेता महाकाव्य **नयाँ ईश्वरको घोषणा** यस अङ्ग्रेजी अनुवादलाई स्यान्डी चिलकोटले सम्पादन गरेका हुन् । **नयाँ ईश्वरको घोषणा** अङ्ग्रेजीमा अनुवाद हुने पहिलो नेपाली महाकाव्य हो ।

५) **कन्टेम्पोररी नेपाली पोएट्री** (वि.सं. २०७१, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

६) **गान्धी गीता** (वि.सं. २०६६, अव कता जाने) । गान्धीका सूक्तिवद्ध विचारहरूको अङ्ग्रेजी सङ्ग्रह **गान्धीबाट** यो अनुवाद गरिएको हो ।

७) **पूर्वीय सभ्यता : विश्व प्रसिद्ध व्यक्तिहरूको दृष्टिकोण** (वि.सं. २०६९) । नेपाली भाषी भारतीय विद्वान् सलील ज्ञवालीले सन् २००९ मा **ग्रेट माइन्ड्ज अन इन्डिया** प्रकाशित गरे जसलाई भट्टराईले **पूर्वीय सभ्यता : विश्व प्रसिद्ध विद्वान्हरूको दृष्टिकोणमा** शीर्षक दिई नेपालीमा भित्र्याए । अनुवाद शैली र परिष्कृत भाषाले गर्दा भट्टराईको यो अनुवाद अनुकरणीय बनेको छ ।

८) **नेपालका दलितहरूमा परिचय र प्रतिरोधको द्वन्द्वात्मकता** (वि.सं. २०६९) यो पुस्तक समृद्धि खरेलको विद्यावारिधि शोधमा आधारित **डाइलेक्टिस अब आइडिन्टिटी एन्ड रेजिस्ट्यान्स अमोङ दलित्स् इन नेपाल**को अनुवाद हो ।

नेप्लिज लिट्रेचर (इ. २००५), **विमन्ज स्टोरिज फ्रम नेपाल** (इ. २०१०) जस्ता अनूदित सङ्ग्रहहरूका सम्पादक एवम् अतिथि सम्पादक रहेका भट्टराई **पोएम्स फ्रम द सार्क रिजन** (२०११) र **स्टोरिज फ्रम द सार्क रिजन** (इ. २०१२ र २०१३) का कन्ट्री एडिटर पनि हुन् । अनुवादसम्बन्धी उनका प्राज्ञिक लेखकहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय जर्नलहरूमा प्रकाशित छन् । उनका दुई उपन्यास **सुकरातका पाइला** र **मुगलान** अङ्ग्रेजीमा अनूदित छन् (हे. बलराम अधिकारी, लेखनाथ शर्मा पाठक) । यसका अतिरिक्त डा. भट्टराईको **पिल्ग्रिमेजिज** (इ. २०१६) शीर्षकको प्राज्ञिक निबन्ध सङ्ग्रहको टेकनारायण ढकालले अनुवाद गरी आराधना शीर्षकमा ओरिएन्टल प्रकाशनबाट बजारमा आएको छ । उनले सार्क सांस्कृतिक केन्द्र श्रीलङ्काको अनुरोधमा भानुभक्तीय रामायणलाई अङ्ग्रेजीमा अनुवाद गरी बुझाएका छन् जुन हाल प्रकाशोन्मुख अवस्थामा छ । नेपालबाट भानुभक्तीय रामायणको अनुवाद गर्नेमा उनी प्रथम व्यक्ति हुन् । (बलराम) सम्पर्क: ९८५१०८१८४४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोविन्दप्रसाद पन्त

गोविन्दप्रसाद पन्तको जन्म वि.सं. २००६ मा लमजुङमा भएको हो । एम.कम. सम्मको शिक्षा हासिल गरेका पन्त लामो समय सरकारी सेवामा संलग्न रहे । साथै उनले अनुवाद क्षेत्रमा पनि योगदान दिइरहेका छन् । पन्तले 'ओमकारनाथ'को नाममा पनि अनुवाद गर्ने गरेका छन् । उनको अनुवादको क्षेत्र धर्म, अध्यात्म, चिन्तन र दर्शन रहेको छ । उनका प्रकाशनहरूमध्ये जे. कृष्णमूर्तिको **फ्रिडम फ्रम द नोन** लाई **ज्ञात**बाट **मुक्ति** शीर्षकमा वि.सं. २०६६ मा प्रकाशित भयो । सोही वर्ष उनले कृष्णमूर्तिकै **एजुकेसन एन्ड इट्स सिग्निफिकेन्स इन लाइफ** र **नेटवर्क अफ थट**लाई क्रमशः **शिक्षा र जीवनमा यसको तात्पर्य** र **ज्ञानको सञ्जाल** शीर्षकमा अनुवाद प्रकाशित गराए । त्यसै गरी वि.सं. २०७३ मा उनको शिवेन्दु लाहेडीकृत दर्शन विषयक कृति **शिवेन्दु लाहेडी र परम्परागत क्रियायोग** प्रकाशित भयो । उनका सबै अनूदित पुस्तकहरू रत्न पुस्तक भण्डारबाट प्रकाशित छन् । नेपाली चिन्तन दर्शनको विस्तारमा समर्पित अनुवादक पन्तको ठुलो योगदान छ । यसका अतिरिक्त पन्तले **विष्णुसहस्रनाम** (वि.सं. २०६६), **शिवस्तुति एवम् सहस्त्रनामस्त्रोत्र** (वि.सं. २०६९), **सात उपनिषद्** (वि.सं. २०७०), **हनुमान चालिसा** (वि.सं. २०७०) **सन्तशिरोमणि ज्ञानेश्वर** (वि.सं. २०७२) तथा **तत्त्वार्थ रामायण** (वि.सं. २०७३) जस्ता धार्मिक/आध्यात्मिक पुस्तकहरूको अनुवाद गरेका छन् । (बलराम)

गोविन्दप्रसाद सुवेदी

लमजुङको सिम्पानीमा वि.सं. १९७६ पुस १२ गते जन्मेका गोविन्दप्रसाद सुवेदीले सर्वदर्शन, साहित्य, व्याकरण विषयमा आचार्यसम्मको अध्ययन गर्नुका साथै आयुर्वेदमा वैद्यरत्न गरेका थिए । यिनले **देवीभागवत**को चतुर्थ स्कन्दसम्म र **स्कन्दपुराण**अन्तर्गत **हिमवत्खण्ड**को नेपाली भाषामा अनुवाद गरेका छन् । (माधव)

ग्रेटा राणा

बेलायतको क्यासलफोर्ड वेष्ट योक्साएरमा सन् १९४३ मा जन्मेकी ग्रेटा राणा विगत चार दशकदेखि नेपाललाई कर्मथलो बनाउँदै आएकी छन् । भिक्टोरिया युनिभर्सिटी अफ म्यानचेस्टरबाट उच्च शिक्षा लिएकी यी लेखक तथा कविलाई बेलायत सरकारले सन् २००५ मा **अर्डर अफ द ब्रिटिस इम्पाएर**ले विभूषित गऱ्यो । अङ्ग्रेजी भाषामा एक दर्जनभन्दा अधिक मौलिक कृतिहरू प्रकाशन गरेकी यी बेलायती विदुषीले अनुवाद र अनूदित पुस्तकको सम्पादनमा पनि उल्लेखनीय योगदान पुऱ्याएकी छन् । उनले डायमन्ड शमशेर राणाको ऐतिहासिक उपन्यास **सेतो बाघ** (वि.सं. २०३०) लाई सन् १९८४ मा **द वेक अफ द ह्वाइट टाइगर** शीर्षकमा अनुवाद गरिन् । पछि उनको यस अङ्ग्रेजी अनुवादलाई स्रोत मानी उक्त उपन्यास जापानी, कोरियन, फ्रेन्च, जर्मन भाषाहरूमा पनि अनुवाद भएको छ । द **वेक अफ द ह्वाइट टाइगर** सर्वाधिक बिक्री हुने नेपाली अनूदित कृति बनेको छ । (बलराम)

ज्ञानबहादुर छेत्री

सन् १९५७ मा असमको तेजपुरमा जन्मेका ज्ञानबहादुर छेत्रीले स्नातकोत्तर गरेका छन् । हाल भारतीय दूर सञ्चार निगम लिमिटेडमा कार्यरत छेत्री मूलतः समालोचना विधामा अभिरुचि र क्षमता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएका व्यक्ति हुन्। नेपाली साहित्य परिषद् असमद्वारा प्रकाशित **पूर्वाञ्चल भारतीय नेपाली समालोचना यात्रा** (इ. २०१२) जस्तो एक अमूल्य ग्रन्थको सम्पादक रहेका छेत्री पूर्वाञ्चलीय नेपाली साहित्यमा नेपाली समालोचनाका (नवीन) धारलाई चिनाउन प्रयत्नरत छन्। अनुवादको क्षेत्रमा पनि छेत्रीको योगदान त्यत्तिकै उल्लेखनीय छ। उनका **मन परेका कथा** (इ. २००२) शीर्षक सङ्ग्रहभित्र १२ असमिया र अङ्ग्रेजीका चुनिएका कथा समावेश छन् जसमा मोपासा, चेखव, ओ हेन्री, नुट हामसन, होमेन बरगोहाँईं र प्रफुल्ल बराका कथाहरू अनूदित छन्। दोस्रोमा अनुवादक छेत्रीले राजिन्दर सिंह बेदीको उर्दू उपन्यास **एक चादर मैली सी**लाई **मैलो च्यादर** शीर्षकमा अनुवाद गरेका छन्। त्यसै गरी हिन्दी साहित्यका श्रेष्ठ समकालीन स्रष्टा ब्रजेन्द्र त्रिपाठीकृत ४० वटा कविताको सङ्ग्रह **तलास**लाई **खोजी** (इ. २०१२) शीर्षकमा अनुवाद गरेका छन्। यसलाई अनुराग प्रकाशन गुवाहाटी असमले प्रकाशित गरेको छ। यस अनुवादका लागि उनलाई साहित्य अकादेमी दिल्लीले सन् २०१६ को अनुवाद पुरस्कार प्रदान गरेको छ। सन् १९८९ देखि प्रत्येक वर्ष एकेडेमीले अनुवादका लागि पुरस्कार प्रदान गर्दै आएको छ। (गोविन्द) सम्पर्क: ९८४३५२३४५४

ज्ञानमणि नेपाल

वि.सं. १९८९ मा खोटाङ जिल्लाको पुराना गाउँमा जन्मेका ज्ञानमणि नेपालले नयराज पन्तसँग गुरुकुलीय पद्धतिअनुसार अध्ययन गरी नेपाली इतिहास, संस्कृति, भाषा र समाज शास्त्रमा विशेषज्ञता हासिल गरेका छन्। उनी नेपाल प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्य हुन्। उनका मौलिक र अनूदित गरी २४ वटा कृति प्रकाशित छन्। तीमध्ये शक्तिवल्लभ अर्ज्यालद्वारा रचित **जयरत्नाकर** नाटकको धनवज्र बज्राचार्यसँग मिलेर गरेको सोही शीर्षकको नेपाली अनुवाद र माणिकद्वारा रचित **भैरवानन्द** नाटकको सोही शीर्षकको नेपाली अनुवाद उनका अनूदित कृति हुन्। (माधव)

ज्ञानबहादुर महर्जन

ज्ञानबहादुर महर्जनको बारेमा पूर्ण रूपमा थाहा हुन सकेको छैन। तापनि वि.सं. २०३५ मा **नीलः** र वि.सं. २०५२ मा **वागमती** नामक पत्रिकाको सम्पादन गरेको देखिन आउँछ। काठमाडौँका विभिन्न क्याम्पसबाट प्रकाशित हुने पत्रिकामध्ये यी दुईवटा पत्रिकाहरू हुन्। अमृत रायले हिन्दी भाषामा लेखेको **मैक्सिम गोर्की : जीवनी और साहित्य**लाई **मैक्सिम गोर्कीको जीवनी र साहित्य** शीर्षकमा अनुवाद गरी वि.सं. २०३८ मा लुनिभाः प्रकाशनबाट प्रकाशित गराएका छन्। (नवीन)

ज्ञानेश्वर रेग्मी

स्याङ्जाको सिरुबारीमा वि.सं. १९९७ मा जन्मेका **ज्ञानेश्वर रेग्मी** शास्त्री तहको अध्ययन पुरा गरेर शिक्षामा समर्पित स्रष्टा हुन्। उनले **श्रीमद्भगवद्गीता**लाई सोही शीर्षकमा नेपाली भाषा श्लोकमा अनुवाद गरेका छन्। १८ वटा अध्याय रहेको सो अनूदित कृति ९४ पृष्ठको छ। यसको प्रकाशकमा श्रीमती यामकुमारी रेग्मी र छोरा हरिशरण रेग्मी रहेका छन्। यसको प्रकाशन मिति हो वि.सं. २०७३ भदौ ९। अनुवादक रेग्मीका प्रकाशित अन्य कृतिहरूमा **हलसारो** र **भालचरी** दुवै कविता सङ्ग्रह हुन्। (यमबहादुर)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चक्रपाणि चालिसे (वि.सं. १९४०-२०१५)

भक्तपुरको कटुञ्जेमा जन्मेका चक्रपाणि चालिसेले संस्कृत व्याकरण एवम् साहित्यमा मध्यमासम्मको अध्ययन गरेका थिए। **गोर्खा भाषा प्रकाशिनी समिति**मा रही नेपाली भाषा र साहित्यको सेवा गरेका चालिसेका मौलिक र अनूदित गरी १८ वटा कृति प्रकाशित छन्। **मच्छिन्द्रनाथको कथा** (काव्य, वि.सं. १९६३), **नेपाली संक्षिप्त रामायण** (आख्यान, वि.सं. १९७५), **नेपाली संक्षिप्त महाभारत** (आख्यान, वि.सं. १९७५), **नेपाली बगली कोश** (शब्दकोश, वि.सं. १९९८), **चक्र कविता तरंगिणी** (कविता सङ्ग्रह, वि.सं. २०१५) आदि उनका मौलिक कृतिहरू हुन् भने उनका अनूदित कृतिहरूमा **नीतिरत्न मञ्जूषा** (वि.सं. १९७३), **मेघदूत छाया** (वि.सं. १९९४), **ईशावास्योपनिषद्** (वि.सं. १९९६), **मनुस्मृति** (वि.सं. २००४) र **शकुन्तला** (वि.सं. २०४४) रहेका छन्। (माधव)

चक्रमान शाक्य

वि.सं. १९७८ मा थसि, सिद्धिपुर, पाटनमा जन्मिएका चक्रमान शाक्यले जोन रस्किनद्वारा अङ्ग्रेजी भाषामा लेखिएको **द किङ अफ द गोल्डेन रिभर** शीर्षक बालकथालाई नेपाल भाषामा **लुँ खुसिया जुजु** (सुनको नदीका राजा) नामबाट प्रकाशित गरेका छन्। न्ह्यब्वसा प्रकाशनबाट वि.सं. २०३८ मा उक्त पुस्तक प्रकाशित भएको हो। (नवीन)

चतुर्भुज केवरत

चतुर्भुज केवरतको जन्म वि.सं. २०२९ मा मोरङको गोविन्दपुरस्थित खिखिरडाङ्गी गाउँमा भएको हो। उनले त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा स्नातकोत्तर र एक वर्ष बी.एड. गरेका छन्। हाल उनी त्रि.वि.को नेपाली विभागअन्तर्गत उपप्राध्यापक रही नेपाली साहित्यमा एम.फिल. तहमा शोधरत छन्। उनी आफ्नो केवरत भाषामा कविता, गीत, गजल, निबन्ध, अध्ययन अनुसन्धानमा तल्लीन छन्। चतुर्भुज केवरतले केवरत भाषामा पहिलो पल्ट कविता लेखेर **भरौवा हँयगेल** शीर्षकको कविता सङ्ग्रह प्रकाशित गरेका छन्। केवरत समालोचकसमेत हुन्। उनको **'नेपाली व्याकरण, बोध र कृति समीक्षा'** (सहलेखन, वि.सं. २०६४) प्रकाशित छ। त्यसै गरी उनको **केवरत शब्द सङ्ग्रह** (वि.सं. २०७०) नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित छ। केवरतले अनुवाद गरेको **रवीन्द्रनाथ टैगोरका बीस प्रतिनिधि कथाहरू** (वि.सं. २०७३) नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित छ। यस अनुवादमा समावेश गरिएका कथाहरू **रवीन्द्रनाथ टैगोर की कहानियाँ** भाग १ र २ बाट लिइएका छन्। यो हिन्दी भाषाबाट नेपाली भाषामा अनुवाद गरिएको कृति हो। केवरतले नेपाल प्रज्ञा-प्रतिष्ठानबाट **केवरत लोककथाहरूको सङ्कलन** र **केवरत लोक जीवन परिक्रमा** शीर्षकमा अनुसन्धान कार्य सम्पन्न गरेका छन्। नेपाल सरकारबाट उनलाई वि.सं. २०७२ को भाषा साहित्यतर्फको **पूर्वाञ्चल क्षेत्रीय प्रतिभा पुरस्कार** प्राप्त भएको छ। (शशी) सम्पर्क: ९८५१२४२८५५

चन्द्रकान्त झा

चन्द्रकान्त झाको जन्म महोत्तरीको साँढा गाउँमा सन् १९४९ मा भएको हो। उनले विहार विश्वविद्यालयबाट अङ्ग्रेजी विषयमा एम.ए. गरी धनुषाका विभिन्न विद्यालयमा अध्यापन कार्य गरी हाल सेवा निवृत्त जीवन व्यतीत गरिरहेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रकान्तका मैथिलीमा केही फुटकर कविताहरू प्रकाशित छन् भने उनले गरेको अनुवादतर्फको उल्लेख्य कर्म हो - रवीन्द्रनाथ ठाकुरकृत **गीताञ्जली**को मैथिली अनुवाद । यसलाई सोही शीर्षकमा हर्षदा प्रकाशन जनकपुरले वि.सं. २०६९ मा प्रकाशनमा ल्याएको छ । (गोविन्द) सम्पर्क: ९८४४०५३९८२

चन्द्रप्रसाद नेपाली

चन्द्रप्रसाद नेपालीको कश्मीरका महाकवि कल्हणद्वारा संस्कृत भाषामा लिखित **राजतरंगिणी** (ऐतिहासिक काव्यग्रन्थ) मा आधारित **कश्मीरका पाँच कथा** शीर्षकको अनूदित कृति श्याम ब्रदर्स, दार्जिलिङबाट सन् १९६३ मा प्रकाशित भएको देखिन्छ । उनका विषयमा यस अतिरिक्त अन्य जानकारी उपलब्ध छैन । (माधव)

चन्द्रमणि उपाध्याय

सन् १८५८ मा असमको शोणितपुरमा जन्मिएका चन्द्रमणि उपाध्यायले वाणिज्य शास्त्रमा स्नातक गरेका छन् । उनी भारत सञ्चार निगममा कार्यरत छन् । नेपाली, हिन्दी र असमिया भाषाहरूबिचको अनुवाद मार्गमा चल्न सक्ने उपाध्यायले हिन्दीबाट प्रेमचन्दको उपन्यास **मङ्गलसूत्र** (इ. १९९०) को नेपालीमा सोही शीर्षकमा अनुवाद गरी शोणितपुर नेपाली साहित्य परिषद्बाट प्रकाशन गराएका छन् भने असमिया भाषाका दुई उपन्यासलाई नेपालीमा अनुवाद गरेका छन् । पहिलो हो, अपूर्व शर्माको **बाघे टापुर राती** (इ. १९९६) । यो अनूदित कृतिले सन् २००० मा अकादेमी पुरस्कार प्राप्त गरेको थियो । त्यसै गरी दोस्रो कृति हो **जीवनका बाटामा** । पहिलो कृतिलाई **बाघे टापुको रात** शीर्षकमा साहित्य अकादेमीले सन् २००८ मा प्रकाशित गऱ्यो भने दोस्रोलाई **जीवनका बाटामा** शीर्षक दिएर सन् २०१३ मा प्रकाशनमा ल्याएको थियो । सन् १९४४ मा प्रकाशित वीणा वरुवाको **जीवनर् बाटत्**लाई असमिया भाषाको मानक उपन्यासका रूपमा लिइन्छ । त्यसै गरी यिनले डा. खेमराज नेपाल र ज्ञानबहादुर क्षत्रीले तयार पारेको **साहित्य अकादेमी पुरस्कार विजयी नेपाली साहित्यकार** शीर्षक कृतिलाई असमियामा भाषामा अनुवाद गरेका छन् । **बाघे टापुको रात**लाई सन् २०१७ को अनुवादतर्फको साहित्य अकादेमी पुरस्कार प्राप्त भएको छ । चन्द्रमणिको नवीनतम अनूदित कृति हो-देवेन्द्रनाथ आचार्यकृत **ऐतिहासिक उपन्यास जङ्गम** । नेपालीमा अनूदित यस कृतिलाई सोही शीर्षकमा साहित्य अकादेमीले सन् २०१६ मा प्रकाशन गऱ्यो । (गोविन्द) सम्पर्क: ९४३५०८००१६

चन्द्रमान बज्राचार्य

चन्द्रमान बज्राचार्यको जन्म वि.सं. २०११ मा काठमाडौँको कीर्तिपुरमा भएको हो । उनले **धूस्वां साय्मिका उपन्यासको शिल्प विधान**मा त्रिविबाट विद्यावारिधि गरे । डा. बज्राचार्यले नेपाल भाषा विषयको अध्यापनमा लामो योगदान गरी हाल सेवा निवृत्त जीवन व्यतीत गरिरहेका छन् ।

'छ्वास' काव्यमा कवि 'व्यथित'- (समालोचना कृति, वि.सं. २०४४), **सिर्जनाया विवेचना** (वि.सं. २०५४) कवि केशरी चित्तधर हृदयको **सुगत-सौरभ महाकाव्यमा नेपाल संस्कृति** (वि.सं. २०६९) जस्ता कृतिका लेखक बज्राचार्यले हिन्दी भाषामा **आफन्ती के किस्से** शीर्षकमा तथा अङ्ग्रेजीमा **इफेन्दी एन्ड द प्रेगन्यान्ट पट** शीर्षकमा चिनबाट प्रकाशित उइगर जातिका लोककथाको सङ्कलनलाई नेपालीमा **आफन्तीका**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कथा शीर्षकमा प्रकाशित गरेका छन्। हाल रत्न पुस्तक भण्डारबाट यसको पाँचौं संस्करण बजारमा उपलब्ध छ। (गोविन्द) सम्पर्क: ९८४१८६३४६८

चम्पा उपाध्याय

चम्पा उपाध्यायको जन्म असमको तीनसुकियास्थित रामपुर गाउँमा सन् १९६० मा भएको थियो। बी.ए. सम्मको शिक्षा ग्रहणपश्चात् सिर्जना र अनुवादमा उनको जीवन व्यतीत भइरहेको छ। उनले साहित्य अकादेमी पुरस्कार प्रापक स्रष्टा विन्दचा सुब्बाको **अथाह** (उपन्यास) लाई सोही शीर्षकमा असमिया भाषामा अनुवाद गरी लायर्स बुक स्टल गुवाहाटीबाट (इ. २०१५) मा प्रकाशित गराएकी छन्।

त्यसै गरी उनको मुक्ति उपाध्यायको बाल उपन्यास **मालती** पनि असमियामा प्रकाशोन्मुख अवस्थामा छ। **मालती** पनि सन् २०१५ को साहित्य अकादेमीबाट बाल साहित्य पुरस्कार प्रापक कृति हो। (गोविन्द) सम्पर्क: ९४३५१४०७२८

चित्तरञ्जन नेपाली

चित्तरञ्जन नेपालीको जन्म वि.सं. १९८८ मा भएको हो। इतिहास लेखनबाट वि.सं. २०१३ मा पहिलो पटक मदन पुरस्कार पाएका नेपालीले विविध भाषाका विभिन्न पुस्तकको अनुवाद गरी नेपाली भाषामा भित्र्याएका छन्।

उनले नेपाल भाषामा लेखिएको धूस्वां साय्मिको **गंकी** उपन्यासको नेपालीमा सोही शीर्षकमा (रत्न पुस्तक भण्डार, वि.सं. २०१६) अनुवाद गरेका छन्। नेपाल भाषामा लेखिएका दुर्गालाल श्रेष्ठको **इन्कलबया पला** सको नेपाली अनुवाद **इन्कलाबको पदचाप** केही हिन्दी कविका कविताहरूको नेपाली अनुवाद **नौलो सङ्गम** (नेपाली साहित्य संस्थान, वि.सं. २०२५, माधवलाल कर्माचार्यसँग मिलेर) यस्तै इन्द्र मालीसँग मिलेर नेपाली, नेपाल भाषा र मैथिलीका १६ कविताको नेपाली अनुवाद **त्रिवेणी** काव्य (त्रिदेवी साहित्य प्रतिष्ठान, वि.सं. २०४९), जापानको इतिहास अनुवाद, विशाख दत्तको संस्कृतमा लेखिएको नेपाली अनुवाद **मुद्रा राक्षस** (टोपबहादुर बिजुक्छे, वि.सं. २०४९) उनका प्रकाशित कृति हुन्। चित्तरञ्जनले अनुवादमा गरेको एक महत्त्वपूर्ण योगदान हो – कविकेशरी चित्तधर 'हृदय'द्वारा नेपाल भाषामा लिखित महाकाव्य **सुगत सौरभ**को नेपालीमा सोही शीर्षकमा अनुवाद। यसलाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले वि.सं. २०५८ मा प्रकाशनमा ल्याएको थियो। (जयदेव) सम्पर्क: ४३७३०४३

चिरञ्जीवी पौड्याल (वि.सं. १९२४-१९९७)

काठमाडौंमा जन्मेका चिरञ्जीवी पौड्यालले बनारसमा रही साहित्य तथा ज्योतिषको अध्ययन गरेका थिए। यिनका मौलिक तथा अनूदित गरी आठवटा कृति प्रकाशित छन्। **उपवनविनोद** (वि.सं. १९६०), **आफ्नु कथा** (वि.सं. २०१४) आदि उनका मौलिक कृतिहरू हुन् भने श्रीमद्भागवत महापुराणको **प्रेमसागर** (वि.सं. १९४७) र **सुखार्णव** (नेपाली पद्यानुवाद, वि.सं. १९५०) तथा गजेन्द्रमोक्ष (वि.सं. २००९) यिनका अनूदित कृतिहरू हुन्। (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चूडामणि बन्धु

पाल्पाको रहबासमा वि.सं. १९९५ मा जन्मेका चूडामणि रेग्मीको साहित्यिक नाम चूडामणि बन्धु हो। बन्धुको विशेष क्षेत्र भाषा विज्ञान हो। साथै, समालोचना, सांस्कृतिक अध्ययन, सृजानात्मक लेखन र बाल साहित्यमा पनि बन्धुले विशिष्ट योगदान पुऱ्याएका छन्। **महाकवि देवकोटा** (वि.सं. २०१८), **नेपाली भाषाको उत्पत्ति** (वि.सं. २०१५), **भाषा विज्ञान** (२०३०), **देवकोटा** (जीवनी, समालोचना, वि.सं. २०३६) जस्ता मानक कृतिहरूका लेखक बन्धुका मौलिक, सम्पादित र अनूदित गरी तीन दर्जनभन्दा बढी कृतिहरू प्रकाशित छन्। वि.सं. २०२९ का मदन पुरस्कार विजेता बन्धुका **अनौठो देशमा एलिस** (वि.सं. २०४९), **यात्राको साथी** (वि.सं. २०६१) र **चकमकको बट्टा र उड्ने बाकस** (वि.सं. २०६२) गरी बाल सहित्यका तीन अनूदित पुस्तक प्रकाशित छन्। एकता बुक्सबाट प्रकाशित **अनौठो देशमा एलिस** लुइस क्यारोलको विश्व प्रख्यात उपन्यास **एलिस एड्भेन्चर इन वन्डरल्यान्ड**को अनुवाद हो। यसै कृतिलाई विजय चालिसेले **अनौठो भूमिमा एलिस** शीर्षकमा अनुवाद गरेका छन् (हे. विजय चलिसे)। बाल कोसेलीबाट प्रकाशित **यात्राको साथी** र **चकमकको बट्टा र उड्ने बाकस** क्रमशः ट्राभलर्ज कम्प्यानियन र टिन्डर वक्स एन्ड फ्लाइङ ट्रङ्कका नेपाली रूप हुन्। यी दुवै परीकथाका लेखक ह्यान्स क्रिस्टेन एन्डरसन हुन्। (बलराम) सम्पर्क: ९८४११८०४१७

चैतन्यकृष्ण उपाध्याय

अङ्ग्रेजी विषयका ज्ञाताको रूपमा चिनिएका चैतन्यकृष्णको योगदान अनुवाद क्षेत्रमा विशेष रूपले उल्लेख्य रहेको छ। वि.सं १९९७ सालमा काठमाडौँमा जन्मेका उपाध्यायले एसिया, युरोप, अमेरिकाका कवितालाई नेपाली पाठकसम्म पुऱ्याउने काममा निकै ठुलो योगदान दिएको देखिन्छ। उनले अङ्ग्रेजी भाषामा लेखिएका केही एसियाली देशका कविताको नेपाली अनुवाद **एसिया महादेशका कविता** नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट वि.सं २०३० मा प्रकाशित भएको थियो। यस्तै, अङ्ग्रेजीमा लेखिएका चुनिएका कविताहरूको नेपाली अनुवाद **युरोप अमेरिकाका केही कविता पूर्वार्द्ध** वि.सं. २०२९ मा र **उत्तरार्द्ध** वि.सं. २०३० सालमा प्रज्ञा-प्रतिष्ठानबाटै प्रकाशित गरेका छन्।

यीबाहेक जापानी लेखक तदासी फुकुतावेले लेखेको **जापानिज कल्चर**को नेपाली अनुवाद **जापानी संस्कृति** साझा प्रकाशनबाट वि.सं २०४४ मा प्रकाशित भयो। उनकै **जापानी लघुकथा**को नेपाली अनुवाद **जापानी लघुकथा** पनि प्रकाशित छ। (जयदेव)

छविलाल उपाध्याय

असमको शोणितपुर जिल्लामा वि.सं. १९९३ मा जन्मेका छविलाल उपाध्यायले संस्कृतमा शास्त्रीसम्मको अध्ययन पुरा गरी विद्यालय शिक्षकको रूपमा समय अर्पण गरे। हालसम्ममा उनका डेढ दर्जन कृति प्रकाशित छन्। उनको अधिक योगदान काव्य कवितामा केन्द्रित छ। केही समालोचनातर्फ पनि उनको कलम सक्रिय छ। **पवन दूत, कामरूपा** (इ. १९९५) जस्ता खण्डकाव्यका स्रष्टाले पछि आएर **देवकोटा** (महाकाव्य, इ. २००२) प्रकाशित गरे भने शाकुन्तल महाकाव्यमा समालोचना पनि प्रकाशित गरे। सन् २००३ देखि असम सरकारद्वारा दिइने आजीवन साहित्यिक पेन्सन प्रापक उपाध्यायले अनुवाद क्षेत्रमा उल्लेख्य योगदान गरेका छन्। हिन्दी, असमीया, नेपालीबिचको अनुवादमा उनी समर्पित छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनले सर्वप्रथम हिन्दी साहित्यका एक तारा जयशंकर प्रसादद्वारा लिखित चन्द्रगुप्त मौर्य सम्बन्धी ऐतिहासिक नाटक **चन्द्रगुप्त** देवराजलाई नेपालीमा अनुवाद गरी उपाध्यायबाट सन् १९९२ मा प्रकाशित गराए। त्यसपछि उनै लेखकको **स्कन्दगुप्त** हिन्दीबाट अनुवाद (इ. २००३) प्रकाशित भयो। त्यसको दुई वर्ष पश्चात् **मिरी कन्या** (असमिया उपन्यास, इ. २००५) को अनुवाद छापियो। आदिवासी मिरी जातिकी एक कन्या र उनको प्रेमीबारे रजनीकान्त बरदलैद्वारा लिखित यो एक सानो तर शक्तिशाली उपन्यास रहेको छ। सन् १९१८ को साहित्य अकादेमी पुरस्कार प्रापक श्री उपाध्यायले सन् २००९ मा डा. वीरेन्द्र भट्टाचार्यद्वारा लिखित (ज्ञानपीठ पुरस्कार विजयी) **मृत्युञ्जय** नामक असमी उपन्यासलाई सोही शीर्षकमा अनुवाद गरी कल्याणी बुक बाटिका, ढेकियाजुलीबाट छपाए। उनको अर्को अनुवाद हो - डा. भृगुमोहन गोस्वामीकृत जीवनीमूलक उपन्यास **गुरुपुत्र** जसलाई सोही शीर्षकमा अनुवादक स्वयम्ले सन् २०११ मा प्रकाशनमा ल्याए। उनले महापुरुष शंकरदेव विरचित **कीर्तनघोसा** शीर्षक कृतिको पद्यानुवादमा सह-अनुवादक भई कार्य गरे। (गोविन्द) सम्पर्क: ००९१-९८५४४५३७१

जगदीश चित्रकार

वि.सं. २००४ मा जन्मेका जगदीश चित्रकार अमर चित्रकारका छोरा हुन्। हाल उनी अमर चित्रकार मार्ग डल्लुमा बसोवास गर्दै आएका छन्। अर्थशास्त्रमा एम.ए. गरेका चित्रकारको कृतिका रूपमा **माखापिखा, नचुयावंपिं मनूत** उपन्यास प्रकाशित छन्। पुर्ख्यौली पेसा चित्रकलालाई निरन्तरता दिइरहे पनि उपन्यास, कथा, कविता र समालोचनामा पनि उनी दखल राख्दछन्। उनले अहमड नडिम कास्मीले पाकिस्तानी भाषामा लेखेको **गड बी प्रेस्ड कथालाई** नेपाल भाषामा **द्यःयात च्वछायेमाः (वि.सं. २०६४) शीर्षकमा** प्रकाशित गरेका छन्। (नवीन) सम्पर्क: ९८६०४६८०११

जगतसुन्दर मल्ल (सन् १९३९-२००९)

भक्तपुरको खौमा टोलमा जन्मेका जगतसुन्दर मल्ल जे.एस. मल्लको नामबाट पनि परिचित छन्। **इसपं दएकागु बाखं (इसप्स फेबल्स,** १९७२) उनको चर्चित पुस्तक हो। **पेटर पार्ली, गोमय्जुया बाखं, च्याम्बर अङ्ग्रेजी, नेपाल भाषा डिक्सनरी** मल्लका अन्य कृतिहरू हुन्। अङ्ग्रेजी पढाउने यी मास्टर साहेब नेपाल भाषाका चार खम्बामध्ये एक हुन्। उनले राणा कालमा आफ्नो जन्मस्थान खौमामा स्कुल खोलेर पठनपाठन गराएका थिए। (नवीन)

जगन्नाथ शर्मा त्रिपाठी (वि.सं. १९८७-२०६७)

दोलखाको सुनखानीमा जन्मेका जगन्नाथ शर्मा त्रिपाठीले नेपाली साहित्यमा एम.ए. गरी काव्यतीर्थ, पुराण तीर्थ, हिन्दी विशारदजस्ता उपाधि पनि हासिल गरेका थिए। पेसाले प्राध्यापक रहेका त्रिपाठीका मौलिक र अनूदित गरी ११ वटा कृति प्रकाशित छन्। तीमध्ये **पुरुषोत्तममासमाहात्म्य** (वि.सं. २०१८), **शिव पुराणको वायवीयसंहिता** र **गुरुगीता** उनका संस्कृत भाषाबाट नेपालीमा अनूदित कृतिहरू हुन्। **गुरुगीता**लाई त्रिपाठीले हिन्दीमा समेत अनुवाद गरेका छन्। (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जंगव चौहान

बर्माको वामफुइमा वि.सं. २०१३ मा जन्मेका जंगव चौहानले त्रि.वि.बाट नेपालीमा एम.ए. गरे । पछि पत्रकारिता तथा मस्कोबाट अनुवादमा डिप्लोमा गरेका उनले मस्कोवाटै फिलोलोजी (तुलनात्मक भाषा विज्ञान) मा विद्यावारिधि गरे । शैक्षिक योग्यताअनुसार उनले पेसा र रुचिलाई स्थान दिए । हाल काठमाडौँ विश्वविद्यालयमा प्राध्यापनरत चौहानका तीनवटा कविता सङ्ग्रह प्रकाशित छन् भने मुख्य गरी उनको योगदान रुसी-नेपाली अनुवाद साहित्यमा देखिएको छ । उनले **युरेसियाका कविता** शीर्षक सङ्ग्रहमा रसुल हमजातोभ (इ. १९२३), फाज् अलिएभा (इ. १९३२), रसुल रजा (इ. १९१०), अनातोली साफ्रनोभ (इ. १९११), मुस्ताइ करिम (इ.१९९९), मिर्जा तर्सुनजादा (इ. १९११), नबी हाजरी (इ. १९२४), मिखाइल लुकोनिल (इ. १९१८), सुयुनबाइ एरालिएभ (इ. १९२१) र इराक्ली आसिद्जे (इ. १०९०) गरी दस कविका रचना अनुवाद गरेका छन् । जम्मा ६७ पृष्ठको यस अनूदित सङ्ग्रहलाई वि.सं. २०५२ मा नेपाल-रुस भाषा साहित्य सम्बन्ध परिषद्ले प्रकाशन गरेको हो । सोही वर्ष अर्का रुसी रोमान्टिक कवि मिखाइल लेर्मोन्तोभद्वारा रचित खण्डकाव्य **मत्सिरी**लाई सोही शीर्षकमा प्रकाशित गरे । उनको तेस्रो अनूदित कृति हो **रसियाको गहिराइमा र अन्य कथाहरू** । यसलाई भृकुटी एकेडेमिक पब्लिकेसनले वि.सं. २०६२ मा प्रकाशनमा ल्याएको हो । यसमा चेखव, गोर्की, सोलोखोव, बुल्गाकोभ जस्ता १८ जना रुसी स्रष्टाका २९ वटा कथा अनुवाद समावेश छन् । चौहानद्वारा अनूदित **पुस्किन र मृत्यु चेतना** (वि.सं. २०६६) शीर्षकमा प्रकाशित पुस्तकमा पुस्किनका १३ कविता र मृत्यु चेतनका छवटा लेख समावेश छन् । यी दुवैको प्रकाशक भृकुटी पब्लिकेसन रहेको छ । अनुवाद विषयमा नै उच्च शिक्षा हासिल गरेका र रुसी भाषा विज्ञानबारे लामो अध्ययन गरेकाले चौहानले गरेका अनुवादहरू स्पष्ट, सटीक र आधिकारिक छन् । रुसीबाट नेपालीमा सिधै अनुवाद गर्ने थोरै विद्वान्को कर्म प्रशंसनीय छ । हाल सक्रिय कृष्णप्रकाश श्रेष्ठपछि जंगव चौहानको नाम आउँछ । (गोविन्द)
सम्पर्क: ९८४३०९६००२

जनार्दन लाल दास

जनार्दन लाल दासको जन्म वि.सं. २०२४ मा जनकपुरमा भएको हो । एम.ए. तहको अध्ययन पुरा गरेका दासले व्यावसायिक शिक्षासम्बन्धी एक पुस्तक र केही फुटकर कविताहरूको अनुवाद गरेका छन् । उनले हिन्दीमा लिखित **नेटवर्क व्यवसाय** पुस्तकलाई नेपालीमा **अनौठो व्यवसाय** शीर्षकमा अनुवाद गरेका छन् । यस अनूदित पुस्तकलाई वि.सं. २०६० मा बियोन्ड नेटवर्कस एकेडेमीले प्रकाशन गरेको थियो । त्यसै गरी उनले नेपाली र मैथिली भाषामा अनुवाद गरेका केही कविता **जागरण दैनिक** (जनकपुर) र **मिथिला डटकम दैनिक**मा प्रकाशित छन् । (बलराम)

जयन्त शर्मा

सिक्किमको गान्तोकमा वि.सं. २०३८ मा जन्मेका जयन्त शर्मा पेसाले कम्प्युटर इन्जिनियर हुन् । उनी साथी (Sathi) नामक अङ्ग्रेजी साहित्यिक पत्रिकाका प्रकाशक तथा सम्पादक रहेका छन् । साहित्य र प्रविधिमा सँगसँगै संलग्न हुँदै आएका शर्माका नेपालीबाट अङ्ग्रेजीमा अनूदित १० वटा कृति छन् । हृदयचन्द्र सिंहद्वारा लिखित **कीर्तिपुरको युद्धमा** शीर्षकको ऐतिहासिक लघु नाटकलाई यिनले **इन द ब्याटल अफ कीर्तिपुर** शीर्षकमा अनुवाद गरेका छन् । ज उक्त अनूदित नाटकलाई सन् २००५ मा हृदयचन्द्र स्मृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिष्ठानले प्रकाशित गरेको छ। त्यसै गरी उनले विजयराज आचार्यको **श्यामप्रसाद** शीर्षकको जीवनीपरक पुस्तिकालाई सोही शीर्षकमा सन् २०१० मा विवेक सृजनशील प्रकाशनले बाहिर ल्याएको थियो। टीका चामलिङको गीति कविता सङ्ग्रह **मायाको रङलाई** उनले **कलर अफ इपोक** (इ. २००७) शीर्षकमा अनुवाद गरी प्रकाशन गराएका छन्। कैलाश गुरुङकृत गीति सङ्ग्रह अङ्ग्रेजीमा **वर्ड्ज फ्रम द हिमालयज** (इ. २०१०) शीर्षकमा आएको छ जसलाई गणेशकुमारी गुरुङ मेमोरियल एकेडेमीले निकालेको छ। गंगाराज मुकारुङ राईको **मायाको देश** र **गीत गङ्गा** गीति सङ्ग्रह क्रमशः **एन एन्थोलोजी अफ लिरिकल सङ्ज** (इ. २०१२) र **एन एन्थोलोजी अफ लिरिकल सङ्ज** (इ. २०१६) मा प्रकाशित छन्। तेजप्रकाश श्रेष्ठको **अनन्त यात्रा** कथा सङ्ग्रह बाल संसार नेपालबाट **एन एन्थोलोजी अफ सर्ट स्टोरिज** शीर्षकमा प्रकाशित छ। मिजास तेम्बेका कविताहरूलाई **गोर्खा वार पोएम्ज** (इ. २०१३) शीर्षकमा अथर हाउस पब्लिकेसन, युकेले छापेको छ। काङमाङ नरेशकृत **खुकुरीको धारमा दुई शताब्दी** शीर्षकको युद्ध अनुभूतिको सङ्ग्रहलाई **फियरलेस राइटर्ज** शीर्षकमा युकेको ओलम्पिया पब्लिकेसनले सन् २०१५ प्रकाशनमा ल्याएको छ। तारा राईको **छापामार युवतीको डायरी**लाई अनुवाद गरी **गुरिला गर्ल** (इ. २०१७) शीर्षकमा प्रकाशित गरिएको छ। जयन्त शर्माले सह-अनुवादकका रूपमा अनेकौँ रचनाका फुटकर अनुवाद गरेका छन् भने चलचित्रका सबटाइटल पनि अनुवाद गरेका छन्। (बलराम)

जयराज आचार्य

वि.सं. २००८ मा तनहुँको भानुस्थित चुँदीमा जन्मेका जयराज आचार्य लेखक तथा विवेचकका रूपमा प्रसिद्ध छन्। उनले संस्कृतमा आचार्य र अङ्ग्रेजीमा एम.ए. गरी संयुक्त राज्य अमेरिकाबाट भाषा विज्ञानमा विद्यावारिधि गरेका छन्। प्राध्यापन एवम् कूटनीतिक सेवामा लामो समय व्यतीत गरेका आचार्यका मौलिक र अनूदित गरी १० वटा कृतिहरू प्रकाशित छन्। **ट्रेडिसनल ग्रामर ए स्टडी** (इ. १९८०), **अ डिस्क्रिप्सन अफ नेपाली ग्रामर** (इ. १९९१), **यदुनाथ खनाल : जीवनी र विचार** (इ. २०००) आदि उनका मौलिक कृतिहरू हुन्। उनका अनूदित कृतिहरूमा स्कन्दपुराणअन्तर्गत **नेपालमाहात्म्य**को **द नेपालमाहात्म्य अफ द स्कन्दपुराण** (इ. १९९२) शीर्षकको अङ्ग्रेजी अनुवाद तथा आफैले संस्कृत भाषामा रचना गरेको **श्रीमनःकामनामाहात्म्यम्** नामक कृतिको सोही शीर्षकमा नेपाली अनुवाद तथा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित उपन्यास **मोदिआइन**को सोही शीर्षकको अङ्ग्रेजीमा अनुवाद रहेको छ। **भानुभक्त आचार्य, हिज लाइफ एन्ड सेलेक्टेड पोएम्स्** (इ. २०११) नेपालीबाट अङ्ग्रेजीमा प्रकाशित छ। **श्रीमनःकामनामाहात्म्यम्** को नेपाली अनुवाद मनकामना दर्शन प्रा.लि. बाट वि.सं. २०५५ मा प्रकाशित भएको छ भने **मोदिआइन** को अङ्ग्रेजी अनुवाद मण्डला बुक्सबाट वि.सं. २०४६ मा प्रकाशित भएको छ। (माधव) (सम्पर्कः ०१-४४१९२९८, ९८४११२१८०

जर्ज अब्राहम ग्रियर्सन (इ. १८५१-१९४१)

जर्ज ग्रियर्सन ब्रिटिस-इन्डिया कालका एक प्रशासक एवम् भाषाशास्त्री हुन्। आइरिस मूलका विद्वान् ग्रियर्सनलाई सम्पूर्ण भारत वर्षले स्मरण गर्दछ। सन् १८७२ मा ग्रियर्सनले भारतको विहारमा रहेर त्यहाँको भाषाको अध्ययन गरेका हुन्। नेपाली भाषाको अध्ययन विश्लेषणमा ग्रियर्सन स्मरणीय व्यक्तित्व हुन्। यिनले **लिङ्ग्विस्टिक सर्वे अफ इन्डिया** (भोलुम ९, ग्रन्थ ४, इ. १९१६) मा नेपाली भाषाबारे चर्चा गरेका छन्। यिनको लेखनमा नेपाली भाषाको पारिवारिक स्थान निर्धारण, नेपाली भाषामा भएका कार्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समीक्षा, नेपाली भाषामा भाषिकाको वर्गीकरण र चर्चा, नेपाली भाषाको व्याख्या र परिचय, नेपाली भाषामा नमुना र नेपाली भाषाको शब्दसूची प्रस्तुत छ । नेपाली भाषाको व्याकरण लेख्दा अङ्ग्रेजी भाषालाई माध्यम भाषा बनाएका ग्रियर्सन उदाहरण दिँदा रोमन र देवनागरी लिपिमा प्रस्तुत गर्छन् । व्याकरण लेखनका सन्दर्भको अनुवादबाहेक यिनले नेपाली भाषाको नमुना अङ्ग्रेजीमा अनुवाद गरेका छन् । कलकत्ता बाइबल सोसाइटी (इ. १९०२) ले दिएको नेपाली भाषाको नमुना, नेपाल दरबार (इ. १८९९) को नमुना भगवद्भक्तिविलासिनीको पैँचालिस परिच्छेदको नमुना, बैताल पच्चिसीको, भूमिकाको नमुना र पाल्पा भाषिकाको नमुना पाठको रोमनमा लिप्यन्तरण गरी गरिएको अनुवाद यिनको अध्ययनका पाइन्छ । यिनको अनुवादको पद्धति यस प्रकार हेर्न सकिन्छ :

१. श्री शुकदेव आग्या गर्नुहुन्छ परमेश्वर भगवान्ले आमा बाबुलाई ग्यान प्राप्त भएको जानि अैले यो ग्यान दिन ठीक् छैन भनि मायाले त्यो ग्यान बिर्साइ दिनु भो ।

२. Sri -sukadev agya garnu hunchha (By) srisukadev order making becoming is prameswar Bhagawanle ama babulai God Bhagawan (ag.) mother -Father gyan prapta bhayeko jani knowledge obtained become knowing ailhe yo gyan dina thik chaina now this khowledge to - allow right is not bhani mayale tyo gyan birsai saying illusion -by that knowledge causing to forget dinu bho. giving become.

३. The holy sukadeva said - when parameswars Bhagawan (i.e. krishna) recognised that his parents had attained a knowledge (of the divine nature) he said to himself that such knowledge shouldnot be permitted, and caused them, by making them subject to earthly illusion, to forget it. यस प्रकार अनुवाद गर्ने ग्रियर्सन यस क्षेत्रमा स्मरणीय छन् । शब्द सूचीका क्रममा पनि यिनको अनुवाद बिर्सन मिल्दैन । नेपाली भाषामा अनुवादको प्रयोगको आधार प्रस्तुत गर्ने ग्रियर्सन यस परम्परामा एक आदर्श व्यक्तित्व हुन् । (सुकुम)

जस योन्जन 'प्यासी'

जस योन्जन प्यासीको जन्म सन् १९४९ मा दार्जिलिङको चुङथुङ कमानमा भएको थियो । प्यासीले कविता र समालोचनाका १० ग्रन्थ प्रकाशित गरेका छन् । खर्साङ परिसरमा अध्यापन कार्यमा लामो समय सेवा गरेका प्यासीले अलोक रञ्जन दास गुप्ताद्वारा अङ्ग्रेजीमा लेखिएको **बुद्धदेव बसु** (इ. १९९१) शीर्षकको जीवनीलाई सोही शीर्षकमा अनुवाद गरेका छन् । यसको प्रकाशन साहित्य अकादेमी, दिल्लीले गरेको हो । बुद्धदेव बसु बीसौँ शताब्दीका सुप्रसिद्ध बङ्गाली लेखक हुन् । कविका रूपमा ज्यादा चिनिए पनि बसुले उपन्यास, नाटक र निबन्ध पनि लेखेका छन् । बङ्गाली कवितामा आधुनिकता प्रवेश गराउने बसु रवीन्द्रनाथ ठाकुरपछिका महत्त्वपूर्ण कवि हुन् । यस्ता महान् स्रष्टाको बारेमा जादवपुर युनिभर्सिटी कलकत्ताका तुलनात्मक साहित्यका प्राध्यापक आलोक रञ्जन दास गुप्ताले बङ्गालीमा विद्यावारिधि गरेका हुन् । (गोविन्द) सम्पर्क: ९८३२३६६६९४

जीतबहादुर सुनार

जीतबहादुर सुनारको जन्म असमको डिग्बोईमा सन् १९५९ मा भएको थियो । कलामा स्नातक गरी उनी हाल डिग्बोई तेल कम्पनीमा कार्यरत छन् । उनको **कस्तुरी मृग** (इ. २००६) शीर्षकको कथा सङ्ग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र केही सम्पादित कृतिहरू छन्। उनका दुई मौलिक कथा सङ्ग्रह र एक कविता सङ्ग्रह रहेका छन्। उनले चारवटा कृतिको अनुवाद पनि गरेका छन्। ती यस प्रकार छन्:

(क) भविलाल लामिछानेको कविता सङ्ग्रह **शब्द हुन् यी मेरा** (इ. १९९६) को अनुवाद **द वर्ड्स आर माइन** (इ. २००२)। यसमा जम्मा ६१ वटा कविता रहेका छन्।

(ख) भविलाल लामिछानेको अर्को काव्यकृति **सागरवारि सागरपारि** (इ. २०११) को सोही शीर्षकमा अङ्ग्रेजी अनुवाद (इ. २०१८)।

(ग) खड्कराज गिरीको कथा सङ्ग्रह **कालो सर्प र नयाँ प्रजन्म**को अनुवाद **द ब्ल्याक स्नेक एन्ड द न्यू जेनेरेसन** (इ. २०१३)।

घ) **द स्ट्राइड** (इ. २००८)। यसमा भविलाल लामिछाने, खड्कराज गिरी र जीतबहादुर सुनार गरी तीन स्रष्टाका चुनिएका १९ वटा कथाको अनुवाद समेटिएको छ। सबै कृतिको प्रकाशक बोध कुमारी स्मृति प्रकाशन डिग्बोई रहेको छ। (गोविन्द) सम्पर्क: ००९१ ७००२९७१६६४

जीवन नामदुंग

जीवन नामदुंगको जन्म दार्जिलिङमा सन् १९५१ मा भएको थियो। नेपालीमा विद्यावारिधि गरेका नामदुंगले अध्ययन र लेखनमा आफ्नो जीवन समर्पित गरेका छन्। बहुकृतिक स्रष्टा नमदुंगका तीन दर्जनभन्दा बढी कृति प्रकाशित छन्। उनको लेखन-प्रकाशनको प्रमुख विधा भन्नु नै समालोचना हो; विशेष गरी सम्पादनमा उनले आफ्नो दक्षताको लगानी गरेका छन्। **नेपाली साहित्यका भौप्वालहरू** (समालोचना, इ. १९८४) देखि आउन थालेका उनका कृति **अक्षर अभिलेख** कविता सङ्ग्रहको हिन्दी अनुवादसम्म आइपुग्दा सन् २०१६ भइसकेको छ। स्रष्टा नामदुंगले **जयदेव** (अङ्ग्रेजीबाट नेपालीमा, सन्. १९८४) र **जयशंकर प्रसाद** (हिन्दीबाट नेपालीमा, इ. १९८५), विश्वनाथ प्रसाद तिवारीका चयनित कविताहरू हिन्दीबाट नेपालीमा जस्ता पुस्तकहरूमा आफ्नो अनुवाद शिल्प देखाएका छन्। त्यसै गरी उनको अक्षर **अभिलेख** (कविता सङ्ग्रह, इ. २०१०) को हिन्दीमा अनुवाद भएको छ भने उनको **महामानव** खण्डकाव्य बङ्गाली भाषामा अनूदित छ। उनका कविताहरू भानु क्षत्रीद्वारा अङ्ग्रेजीमा अनूदित छन्। अर्को सङ्ग्रहलाई मैना थापाले हिन्दीमा अनुवाद गरेकी छन् भने भक्तसिंह ठकुरीले उनका कवितालाई बङ्गालीमा अनुवाद गरेका छन्। उनका धेरै कृति अङ्ग्रेजीमा, हिन्दीमा अनूदित छन्। जसमा सुवास देवान, राजेन्द्र ढकाल, खडकराज गिरी, ओमनारायण गुप्ता, मोनिका मुखिया जस्ता समालोचकहरू संलग्न भएका छन्। उनी ख्यातिलब्ध सम्पादक पनि हुन् र उनीमाथि अरूले पनि समीक्षा लेखेका छन्। (गोविन्द) सम्पर्क: ००९१ ९४७४३८९५३१

जीवन राना

जीवन रानाको जन्म डुबर्सको दलसिंहपाडामा सन् १९६४ मा भएको थियो। शिक्षण कार्यमा संलग्न रानाका साहित्यिक, शैक्षिक एवम् सामाजिक कार्यको सूची लामो छ। उनका विभिन्न स्तरका चारवटा द्वैभाषिक शब्दकोश छन् जसमा एउटा नेपाली रहेको छ। उनका सिर्जनात्मक कृतिमा **मेरा प्रारम्भिक कविताहरू** रहेको छ। रानाको प्रशंसनीय योगदान अनुवादमा रहेको छ। उनले सातवटा कृतिलाई नेपाली र बङ्गालीबिच अनुवाद गरेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो हो, हिन्दीबाट नेपालीमा **विद्याविन्दु सिंहका कविताहरू** (इ. २००४)। डा. विद्याविन्दु सिंह हिन्दी स्रष्टा हुन्। यसलाई जसबहादुर राना पुस्तकालय प्रकाशन, दलसिंहपाडा, डवर्सले छपायो। दोस्रो कृति छ, **बङ्गालको गाउँ अनि रवीन्द्रनाथ ठाकुर** (इ. २००६)। यो मूल बङ्गालीको **ग्राम बङ्गला औ रवीन्द्रनाथ ठाकुर** शीर्षक कृतिको अनुवाद हो। यसकी मूल लेखिका रुचिरा श्याम हुन्। तेस्रो कृति हो, **देवी चौधुरानी** (उपन्यास, इ. २००५)। बंकिमचन्द्र चटर्जीद्वारा लिखित यस पुस्तकको उनले सोही शीर्षकमा अनुवाद गरेका हुन्। चौथो कृति छ - बङ्गाली लेखिका सीमा मुखोपाध्यायको **आमादेर परिवेश**। शिक्षा विषयक यस कृतिको नेपाली शीर्षक छ **हाम्रो परिवेश** (इ. २००५)। दोस्रो, तेस्रो र चौथो अनूदित कृतिको प्रकाशक स्टेट रिसोर्स सेन्टर फर एडल्ट एजुकेसन, कलकत्ता रहेको छ।

पाँचौं कृति हो रवीन्द्रनाथ ठाकुरको **गीताञ्जली**। यसलाई बङ्गालीबाट मगर भाषामा अनुवाद गरी उनले अखिल भारतीय मगर सङ्घ, कालेबुङबाट सन् २०१२ मा प्रकाशित गराएका छन्। छैटौं कृतिमा अगमसिंह गिरीको लघुकाव्य **युद्ध ओ युद्ध** पर्दछ। यसलाई उनले बङ्गालीमा **युद्ध औ युद्ध** (इ. २०१२) शीर्षकमा अनुवाद गरेका छन्। यसको प्रकाशक साहित्य अकादेमी, नयाँ दिल्ली रहेको छ। श्री राना **विद्याविन्दु सिंहका कविताहरू**को लागि सन् २००८ को साहित्य अकादेमी पुरस्कार प्रापक अनुवादक हुन्। (गोविन्द) सम्पर्क: ००९१-९८३२०६६८४३

जी.जी. रोजर

नेपाली व्याकरणका क्षेत्रमा योगदान दिने रोजरको **कलोकिअल नेपाली** (इ. १९५६) प्रकाशित कृति हो। यो व्याकरण अङ्ग्रेजी भाषामा प्रस्तुत गरिएको भए पनि यसमा नेपाली भाषामा उदाहरण समावेश गरिएको छ। रोमन लिपिमा उदाहरण दिइएको यस कृतिमा वाक्यको अभ्यासबाट अङ्ग्रेजी नेपाली अनुवादको ढाँचा दिइएको छ। शब्दावली र वाक्य तहको भाषिक बोधमा नै अनुवादको आधार दिने रोजरको लेखनमा नेपाली भाषाको अनुच्छेद तहको अनुवाद पनि गरिएको हो। अन्तमा प्रस्तुत शब्दावली अङ्ग्रेजी समान अर्थमा नेपाली शब्द दिई आफ्नो लेखन समायोजन गर्ने रोजरको अनुवाद पक्ष पनि स्मरणीय देखिन्छ। (सुकुम)

जी.डब्लू.पी. मोने

नेपाली भाषा व्याकरण तथा लोक साहित्यका क्षेत्रमा जी.डब्लू.पी. मोनेको योगदान स्मरणीय छ। यिनको कृति **गोर्खाली म्यानुअल** (इ. १९१७) मा नेपाली र मगर भाषाको रूपरेखा दिइएको छ। यस कृतिमा व्याकरणको प्रस्तुति अङ्ग्रेजी भाषामा भए पनि उदाहरण अङ्ग्रेजी अनुवादसहित नेपालीमा दिइएको छ। लिप्यन्तरण मात्र नभई अनुवाद पनि गर्ने मोने अनुच्छेद समावेश गरी अनुवादको आधार पनि आभ्यासिक रूपमा प्रस्तुत गर्छन्। व्याकरणका क्रममा शब्द, पदावली र वाक्यका अनुवादमा सीमित भए पनि भाषा पाठ दिई चिठी, अनुच्छेद पनि अनुवाद गर्ने मोने अनुवादका आधार तहको खोजी गर्छन्। यिनी Swasti - means peace to you, Shri - means great, Sewa -Superior Dhok. Worship का शैलीमा अनुवाद प्रस्तुत गर्छन्। यस्तै यिनका लेखनमा लोकगीत, लोककथा, फार्सेकुरा आदिको लिप्यन्तरण तथा भावको पनि व्याख्या गरिएको छ। नेपाली लोकगीतको सङ्गीत लिपि प्रस्तुत गर्ने मोने अनुवाद परम्परामा पनि स्मरणीय व्यक्तित्व हुन्। (सुकुम)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जेनिफर राई

दार्जिलिङमा सन् १९६७ मा जन्मेकी जेनिफर राईले अङ्ग्रेजी साहित्यमा एम.ए. र भाषा शिक्षणमा बी.एड. गरेकी छन्। हाल उनी सन्त तेरेजा स्कुलमा अध्यापनरत छिन्। उनले डा. वीणा हाङ्खिमका तीनवटा कविता सङ्ग्रह (**भावान्तर, अन्तर समयान्तर** र **अग्निपर्व**) बाट चयन गरिएका कविताहरूलाई अङ्ग्रेजीमा अनुवाद गरेकी छन्। गामा पब्लिसिङ हाउस दार्जिलिङले सन् २०१४ मा प्रकाशनमा ल्याएको उक्त अनूदित सङ्ग्रहको नाम **फ्लेभर अफ इमोसन्ज** रहेको छ। (गोविन्द) सम्पर्क: ९४३४१९५४६४

जैकी मोजाहु (मोहम्मद जकिर हुसैन)

सुनसरीको इटहरीमा सन् १९७० मा जन्मेका जैकी मोजाहुले वाणिज्य शास्त्रमा स्नातकोत्तर गरेका छन्। उनले उर्दू-नेपाली अनुवादलाई चिनाउँदै छन्। उनले उर्दूमा रचित आख्यान र इस्लाम धर्म दर्शनलाई प्रकाशमा ल्याएका छन्। बहुभाषाविद् जाकिर हुसैन नेपाली-उर्दू गीत, गजल, कविताको सिर्जनामा निरन्तर लागिरहेका छन्। अनुवादमा पनि उनको ठुलो योगदान छ। तलका प्रकाशनले सो कुरा प्रस्ट पार्नेछन्।

उनको **कुरितुल ऐन हैदरका श्रेष्ठ कथाहरू** साहित्य गुठी रक्तकालीद्वारा वि.सं. २०५७ मा प्रकाशित छ। कुरितुल ऐन हैदर भारतीय साहित्यकी विख्यात उर्दू आख्यानकार हुन्। त्यसै गरी **इस्लामको आधारभूत शिक्षा** अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजद्वारा प्रकाशित कृति हो। (गोविन्द)

जोन बिम्स (इ. १८३७-१९०२)

जोन बिम्स ब्रिटिस इन्डियाका एक कर्मचारी हुन्। भारतीय साहित्यवेत्ता बिम्सले पन्जाब र बङ्गालमा पनि भाषासम्बन्धी काम गरेको भेटिन्छ।

भारतीय भाषाहरूको तुलनात्मक अध्ययन गर्ने बिम्सका लेखनमा यस क्षेत्रका भाषाहरूका बिचको साझा व्याकरणात्मक आधार र अनुवादको सन्दर्भ जोडिएको छ। यिनको **एन आउटलाइन अफ इन्डियन फिलोलोजी** (इ. १८६७) मा यस क्षेत्रका भाषाको पारिवारिक वर्गीकरणको आधार दिइएको छ। यिनको **कम्पेरेटिव ग्रामर अफ द मोडर्न आर्यन ल्याङ्वेजिज** (इ. १८७२) मा यस क्षेत्रका भाषाहरूको व्याकरणात्मक साझा आधारबारे चर्चा गरिएको छ। व्याकरणात्मक साझा आधार खोजी तुलनात्मक शब्दावली दिई यिनी अनुवादको नवीन क्षेत्रमा प्रवेश गरेको देखिन्छ। अङ्ग्रेजीका आधारमा नेपाली वाक्यहरू (मैले खायाँ-I ate, हामीले खायुँ-We ate, तैँले खाइस्-Thou atest र उनीले खाय-They ate) को अनुवाद ढाँचा यिनका लेखनमा आएको छ। यस्तै नेपाली र हिन्दीको सन्दर्भमा उनी लेख्छन्- मै ने खाया, तू ने खाया (हिन्दी) र म खाया, तँ खाइस् (नेपाली) ढाँचामा अन्तर छ। भाषामा संरचनात्मक आधार र अनुवादको सन्दर्भ खोजीमा यिनको अध्ययन उपयोगी छ। नेपालको मगर भाषाको अध्ययन गरेका बिम्सको योगदान यस क्षेत्रबाट पनि खोजी गर्न सकिन्छ। तुलनात्मक आधार दिई भाषिक संरचनासहित विविध भाषामा अनुवाद गर्ने आधार दिने बिम्स यस सन्दर्भमा स्मरणीय छन्। (सुकुम)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्यास अलेक्जान्डर एटन

एटनको **अ ग्रामर अफ द नेपाली ल्याङ्ग्वेज** (इ. १८२०) कलकत्ताबाट प्रकाशित कृति हो । यिनको यो कृति नेपाली भाषाको पहिलो व्याकरण कृति हुनुका साथै यसमा छापिएका नेपाली पङ्क्तिहरू सर्वप्राचीन मुद्रित नेपाली पङ्क्ति हुन् । फोर्ट विलियम कलेज कलकत्तामा भाषा प्राध्यापन गर्ने एटनले यसै सिलसिलामा प्रस्तुत व्याकरण लेखेका हुन् । नेपाली व्याकरण लेख्दा अङ्ग्रेजी र संस्कृत व्याकरणलाई आधार बनाएर त्यसै ढाँचामा प्रस्तुत गरिएको हुँदा यिनको यो व्याकरण प्रस्तावित व्याकरण हो । व्याकरणका अनेक पारिभाषिक शब्दको अनुवाद गरी यस व्याकरणमा प्रयोग गरिएको छ । अनुवाद लेखनमा स्रोत भाषा र लक्ष्य भाषाको भाषिक ज्ञान आवश्यक पर्ने हुँदा नेपाली भाषाको भाषिक ज्ञान पहिलो आधार भएकाले पनि यस कृतिको ऐतिहासिक महत्त्व छ । यिनको लेखनमा स्वर (Vowel), हलन्त (Consonant) जस्ता पारिभाषिक शब्दको अनुवाद दिइएको छ । यस्तै भाषाको ज्ञान दिँदा लिइएका उदाहरणको पनि (This is better than that - यो भन्दा त्यो निको छ) अनुवाद गरिएको छ । लिप्यन्तरणसहितको अनुवादमा यिनको योगदान स्मरणीय छ । विभिन्न शब्दावली र वाक्यहरूको अनुवाद गरेका एटनले "मुन्सीका तीन अनूदित आहान" पनि समावेश गरेका छन् । नेपाली भाषा सिक्नेहरूलाई यस भाषाको संरचना बोध गराउने हेतुले मुन्सीका तीन रमाइला प्रचीन कथा प्रस्तुत गरेको यिनको कथन छ । (In order to introduce the learner to a more familiar acquaintance with the construction of the language, three amusing anecdotes from the Persian Moonsheo are translated for him to scan and parse agreeable to the rules contained in this grammar) नेपाली भाषामा अनुवाद परम्परा खोजी गर्दा नेपाली भाषाको व्याकरणात्मक आधार दिई त्यस अनुसार भाषा अनुवादको प्रयोग गर्ने एटन अनुवादका क्षेत्रमा पनि स्मरणीय व्यक्तित्व हुन् । (सुकुम)

भुलेन्द्रमान प्रधान (वि.सं. १९८८–२०५८)

काठमाडौँस्थित असनको बालकुमारी (दुछेँ) मा जन्मेका भुलेन्द्रमान प्रधान (श्याम) हाल गौशाला बस्दै आएका छन् । एम.ए., बी.एल. अध्ययन गरेका प्रधान कविता, समालोचना र निबन्ध लेख्ने गर्छन् । **मतापय् च्वयागु निबन्ध** पुस्तक सम्पादन गरेका प्रधानले श्रेष्ठ सिरपालगायतका पुरस्कार तथा पदक प्राप्त गरेका छन् । शिक्षण पेसामा संलग्न प्रधानले खलिल जिब्रानद्वारा लिखित **द प्रोफेट** (अङ्ग्रेजी) गद्य कवितालाई नेपाल भाषामा **जीवन दर्शन** शीर्षकमा अनुवाद गरेका छन् । उक्त पुस्तक हिमाञ्चल पुस्तक भवनले वि.सं. २०२४ मा प्रकाशित गरेको थियो । यस अनुवादका लागि उनलाई वि.सं. २०२३ को श्रेष्ठ सिरपा प्रदान गरिएको थियो । त्यसै गरी काव्यया स्वभाव १/२, **नेपाल भाषाया बाखं साहित्यया इतिहास** भाग १/२ प्रधानका कृतिहरू हुन् । उनी कवि, कथाकार, समालोचक मात्र नभई चित्रकार पनि हुन् । चित्रकारिता क्षेत्रमा उनी **श्याम** नामबाट परिचित छन् । (नवीन)

भिक्षु ञानपूर्णिक

हिरालाल शाक्य (भिक्षु ञानपूर्णिक/ज्ञाणपुण्णिक) को जन्म वि.सं. १९९६ हरिबोधिनी एकादशीका दिन टक्सार पाल्पा, तानसेनमा भएको थियो । हाल उनी विश्व शान्ति विहारमा रहेका ञाणपुण्णिक बौद्ध धर्मसम्बन्धी लेखन कार्य तथा बौद्ध धर्म प्रचारमा व्यस्त छन् । धम्मचरीय र बी.ए. अध्ययन गरेका ञाणपुण्णिकले महास्थविर र वे थ्वंद्वारा बर्मी भाषामा लिखित **तमीछेत्** शीर्षक उपन्यासलाई नेपाल भाषामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योम्ह म्य्याय् नामबाट अनुवाद गरेका छन्। यस उपन्यासले श्रेष्ठ सिरपा पुरस्कार प्राप्त गरेको छ। यसै गरी उनले बौद्ध धर्मसम्बन्धी कृतिहरूलाई नेपाल भाषामा अनुवाद गरेका छन्। (नवीन) सम्पर्क: ०१४६२२९८४

टङ्कनाथ उपाध्याय

पूर्वी असमको माभगाउँ बिहालीमा सन् १९०९ मा जन्मेका टङ्कनाथ उपाध्याय भारतीय स्वतन्त्रता सङ्ग्रामी छविलाल उपाध्यायका पुत्र हुन्। टङ्कनाथले धेरै पहिले सेक्सपियर महान्का तीनवटा कृतिको अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गरेको देखिन्छ।

क) **जुलियस सिजर**को **जुलियस सिजर** शीर्षकमा (इ. १९५३), प्रकाशक स्वयम्

(ख) **मर्चेन्ट अफ भेनिस**को **वेनिसको सौदागर** शीर्षकमा (इ. २००४) मा।

(ग) **रिचर्ड थर्ड**को **राजा तृतीय रिचार्ड** शीर्षकमा (इ. २००४) मा।

टङ्कनाथका कृतिहरूको प्रकाशनमा विलम्ब भएको कुरा प्रकाशिका एवम् सुप्रसिद्ध साहित्यकार गीता उपाध्यायले आफ्नो मन्तव्यमा प्रकट गरेकी छन्। विश्व साहित्यलाई नेपालीमा ल्याउन टङ्कनाथ उपाध्यायले आधा शताब्दीअघि गरेको प्रयत्न अत्यन्तै प्रशंसनीय छ। सेक्सपियरको **किङ् रिचार्ड थर्ड**को नेपाली अनुवाद कृति सँगसँगै उनका दुईवटा मौलिक रचना पनि प्रकाशित छन्। ती हुन्, **बलिदान र पुङ्के हवल्दार**। **पुङ्के हवल्दार** पहिलो पल्ट सन् १९४० मा *शारदा* पत्रिकामा प्रकाशित भएको थियो। (विलियम सेक्सपियरकृत **मर्चेन्ट अफ भेनिस**का अर्का अनुवादक हे. रामचन्द्र गिरी) (गोविन्द)

टङ्क विलास वार्य

सन् १९११ मा जन्मिएका टङ्क विलास वार्य अनुवादक, लेखक तथा राजनीति पीडित व्यक्ति हुन्। उनका मौलिक कृतिमा **नेपालः द सिट अफ कल्चरल हेरिटेज** हो। उनले पारिजातको उपन्यास **शिरीषको फूललाई ब्लु मिमोसा** शीर्षकमा अनुवाद गरेका छन्। यसको पहिलो संस्करण (इ. १९७२) मा सोन्द्रा जेडेन्स्टेइन सह-अनुवादक देखिएकी छन् भने अर्किड बुक्सले प्रकाशन गरेको दोस्रो संस्करण (इ. २०१०) मासोन्द्रा हटाइएकी छन्। **शिरीषको फूल** वि.सं. २०२२ को मदन पुरस्कार विजयी कृति हो। अङ्ग्रेजीमा अनुवाद हुने यो प्रथम नेपाली उपन्यास हो। (पारिजातको अर्को अनूदित उपन्यासका लागि हेर्नू - नर पल्लव।) टङ्क विलास वार्यले लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन**को पनि अनुवाद गरेका छन्। **मुना-मदनः द डिपार्टिङ सङ अफ मदन** शीर्षकको यस अनुवादलाई सन् १९८९ मा बुद्धिहर्ष बज्राचार्यले प्रकाशन गरेका हुन्। (मुनामदन खण्डकाव्यका अन्य अनुवादकहरूका लागि हेर्नू ए.एम. स्याङ्देन, दानियल खालिङ, माइकल हट, आनन्दप्रसाद श्रेष्ठ र झमकप्रसाद शर्मा)। (गोविन्द)

टीकाराम अधिकारी

वि.सं. २००७ मा कास्कीको मिजुरेडाँडामा जन्मेका टीकाराम अधिकारीले संस्कृत साहित्यमा आचार्य र नेपाली साहित्यमा एम.ए. गरी विद्यावारिधि समेत गरेका छन्। लामो समय प्राध्यापन पेसामा बिताएका अधिकारीका मौलिक र अनूदित गरी १२ वटा कृति प्रकाशित छन्। तीमध्ये **गण्डकीमाहात्म्य** (वि.सं. २०५५), **उज्जयिनीको राजघराना** (नेपाली पद्यानुवाद, वि.सं. २०६१), **प्रणयमेधा** (नेपाली पद्यानुवाद, वि.सं. २०६१)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र **यक्षसुन्दरी** (नेपाली पद्यानुवाद, वि.सं. २०६३) संस्कृतबाट नेपालीमा अनुवाद गरिएका उनका कृति हुन्। (माधव) (सम्पर्क: ०१-४४९१८१६)

टीकाराम शर्मा (वि.सं. १९८७-२०६३)

टीकाराम शर्माको जन्म दार्जिलिङमा भएको थियो। शर्माले बी.ए., बी.टी. सम्मको शिक्षा आर्जन गरी कालिङपोङमा कुमुदिनी होम्ज विद्यालयको स्थापना गरे। पछि भद्रपुर (नेपाल) आएर त्यहाँको सामाजिक र शैक्षिक जीवनका विविध क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएका छन्। त्यसै गरी काठमाडौँमा पनि उनी विभिन्न क्षेत्रमा सक्रिय रहे। उनले विद्यालयस्तरीय गणित, व्याकरणको लेखन र चारवटा नाटकको रचना गरेका छन्। उनले अमेरिकी लेखिका पर्ल एस बक (इ. १९३८ की नोवेल पुरस्कार विजयी) को विश्व प्रसिद्ध उपन्यास **द गुड अर्थ**को नेपालीमा **कल्याणी धर्ती** शीर्षकमा अनुवाद गरेका छन्। यो अनुवाद वि.सं. २०४४ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भयो। उत्तम भाषाशैलीका कारण यस अनुवादले प्रसिद्धि कमायो। अङ्ग्रेजी र नेपालीमा उच्च द्वैभाषिक शक्ति भएका अनुवादक शर्माले बालकृष्ण समको **प्रल्हाद** नाटकको पनि सोही शीर्षकमा अनुवाद गरे। यो पनि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट सन् १९९८ मा प्रकाशित भयो। अध्येता, अथक अनुसन्धाता, स्रष्टा र समाजसेवी शर्माका अन्य दुई कृति उल्लेख्य छन् - ब्रजवीरशरण दासकृत **द सिक्किम सागा** (इ. १९८३) को **सिक्किम गाथा** शीर्षकमा र आफैले तयार पारेको **नेपालका सतारहरू** पुस्तकको अनुवाद **द सतार्स अफ नेपाल**। उनका सुपुत्र लीलाप्रसाद शर्माको **आइ ए रिचर्डको काव्य सिद्धान्त**को प्रकाशन पनि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट भएको हो। (गोविन्द)

टीकाराम उपाध्याय 'निर्भीक'

टीकाराम उपाध्यायको जन्म सन् १९३६ मा मेघालयको सिलाङमा भएको थियो। उनले एम.ए., बी.एड., शास्त्री गरेर अध्यापन र लेखनमा लामो सेवा गरेका छन्। उनका प्रकाशित कृतिहरूमा **चम्पा** (खण्डकाव्य, इ. १९७३) **श्रद्धाञ्जली** (कविता सङ्ग्रह, इ. १९७५), **राग अनुराग** (कविता सङ्ग्रह, इ. १९७३), **भ्रान्ति** (कथा सङ्ग्रह), **पूर्णिमा** (उपन्यास) जस्ता कृति पर्दछन्। बहुभाषाका ज्ञाता निर्भीकले नेपाली, हिन्दी, अङ्ग्रेजी, असमियामा कलम चलाएका छन्। उनले तीनवटा कृति अनुवाद गरेका छन्- अलेक्सान्डर सर्गिभिच पुस्किनद्वारा लिखित **जिप्सी** (खण्डकाव्य)। पुस्किनका **सेलेक्टेड पोएम्स**लाई **चुनिएका कविताहरू** शीर्षकमा अनुवाद गरी दरंग, असमबाट सन् १९७० मा छपाए र डा. त्रिलोकीनाथ अग्रवालको **इन्दु एक विन्दु** शीर्षक हिन्दी कविताको नेपाली अनुवाद गरे। उनका हिन्दी र असमिया मिलाएर तीनवटा कृति छन्। सन् २००१ देखि असम सरकारबाट साहित्यिक पेन्सन प्रापक निर्भीकले अनेक सम्मान पुरस्कार प्राप्त गरेका छन्। (गोविन्द) सम्पर्क: ०३७१५-२२३१६९

टीकाराम कोइराला

कास्कीको पोखरा लेखनाथमा वि.सं. १९९८ मा जन्मिएका टीकाराम कोइरालाले दुईवटा डिग्री आर्जन गरेका छन्– एम.ए. (अङ्ग्रेजी, त्रि.वि.) र पोस्ट ग्र्याजुएट डिप्लोमा (हैदराबाद विश्वविद्यालय)। अङ्ग्रेजी तथा नेपाली दुवै भाषामा समान रूपले कलम चलाउने कोइरालाका आधा दर्जन मौलिक कृति प्रकाशित छन्, जस्तै **बुढेसकालमा फुलेका फूलहरू, इट्स स्ट्रयान्ज, फुर्सदमा फूलेका फूलहरू, गड : द स्प्रिङ**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अफ मर्सी, श्रद्धाञ्जली आदि । साथै उनका फुटकर लेखहरू नेपाली तथा अङ्ग्रेजीमा प्रकाशित छन् । उनले भरतजंग राणाकृत **वातावरण** शीर्षक कविता सङ्ग्रहलाई अङ्ग्रेजीमा **इन्भायरन्मेन्ट** शीर्षकमा युवा जागरण पर्यावरणीय मञ्च, क्षेत्रपाटी काठमाडौँ (वि.सं. २०५७) बाट प्रकाशित गराएका छन् । (नवराज) सम्पर्क: ०६१५२०४८०

टीकाराम वाग्ले

स्याङ्जाको चिन्नेवासमा सन् १९४९ मा जन्मेका टीकाराम वाग्ले हिन्दी र भाषा विज्ञानमा एम.ए.का अतिरिक्त, दिल्ली विश्वविद्यालयबाट अनुवादमा पोस्ट ग्र्याजुएट डिप्लोमा गरेका छन् ।

वाग्लेद्वारा अनूदित एउटा कृति नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित छ । त्यो हो कमल रिजालको उपन्यास **सुकर्म** (अङ्ग्रेजीमा सोही शीर्षकमा) । प्रज्ञा-प्रतिष्ठानको **रूपान्तरण**मा पनि वाग्लेका केही फुटकर रचना प्रकाशित छन् । (गोविन्द) सम्पर्क: ९८४६३४१८०१

टी. डब्लू. क्लार्क

टी.डब्लू. क्लार्क लन्डन विश्वविद्यालय स्कुल अफ ओरिएन्टल एन्ड अफ्रिकन स्टडिजमा बङ्गाली भाषाका सहप्राध्यापक हुन् । सन् १९२५ देखि नेपाली वक्तासँग सम्पर्कमा रहेका क्लार्कको **इन्ट्रोडक्सन टु नेपाली** (इ. १९६३) प्रकाशित कृति हो । यस कृतिमा परिचय खण्डसहित चार खण्ड रहेका छन् । परिचय खण्डमा नेपाली भाषाको ऐतिहासिक टिपोट, भाषिकागत समस्या, हिज्जे व्यवस्था, लेखन पद्धति र पुस्तकको प्रयोगबारे चर्चा छ । परिचयपछि उच्चारणलाई आधार बनाएर सुनाइ-बोलाइका भाषा पाठ समायोजन गरिएको छ । यस क्रममा अनुवाद र त्यसको व्यवस्थाबारे चर्चा पनि भएको देखिन्छ । यस्तै लेखाइको सन्दर्भ जोड्दै व्याकरणात्मक चिनारीका क्रममा परिचय, व्याख्या र अभ्यासका आधारबाट भाषापाठ समायोजना गरिएको छ । यस कृतिमा अनुवादका अनेक तह रहेका छन् । उच्चारणगत, लेखनगत, वर्णदेखि अनुच्छेदसम्मका भाषिक पाठको समायोजन गरी अनुवाद तरिकाबारे यस कृतिमा जोड दिइएको छ। उदाहरणका रूपमा एक अनुच्छेदका दुई वाक्य हेर्न सकिन्छ :

(i) Astiko Bihibar bida thiyo. Tyo din gham lageko dulna maja ko thiyo.

(ii) Last Thursday was holiday. It was a sunny day and lovely for a walk.

(iii) नोट:– astiko - gen. case of asti lex.
The day before yesterday cf.
Astiko din lex. The other day.
Astiko Bihibar last Thursday.

(iv) अस्तिको बिहीबार बिदा थियो । त्यो दिन घाम लागेको डुल्न मजाको थियो ।

नेपाली भाषाको व्यवस्था बोध गराउँदा अनुवादका विविध अभ्यास दिई स्रोत भाषा र लक्ष्य भाषाबिचको संरचनात्मक व्यवस्था र अनुवादको स्थितिको आभ्यासिक सन्दर्भ दिइएको यो कृति अनुवादका क्षेत्रमा बिर्सन मिल्दैन । (सुकुम)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टेकनाथ गौतम (वि.सं. १९७५-२०६६)

दाङको हापुर, नारेबाङ, बगियामा जन्मेका टेकनाथ गौतमले आयुर्वेदमा शास्त्री र अङ्ग्रेजीमा आइ.ए.सम्मको अध्ययन गरेका थिए । यिनका मौलिक र अनूदित गरी १४ वटा कृति प्रकाशित छन् । तीमध्ये **श्रीमद्भगवद्गीता** (नेपाली अनुवाद) र **दुर्गासप्तशती** (समश्लोकी नेपाली अनुवाद) यिनका अनूदित कृति हुन् । (माधव)

टेकनारायण ढकाल

टेकनारायण ढकालको जन्म वि.सं. २०२३ मा पर्वतको बिहादीमा भएको थियो । ढकालले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर उत्तीर्ण गरेपछि काठमाडौँमा रहेर शिक्षण क्षेत्रमा योगदान दिइरहेका छन् । उनी मूलतः अङ्ग्रेजी-नेपाली अनुवादक हुन् । उनले विशेष गरी साहित्यिक अनुवादमा आफ्नो कला प्रस्तुत गरेका छन् । यद्यपि प्राविधिक एवम् फुटकर अनुवादमा उनको योगदान लामो छ । प्रा.डा. गोविन्दराज भट्टराईको समीपमा रहेर अनुवाद सिकेका ढकालले भट्टराईकै **पिल्ग्रिमेजिज** निबन्ध सङ्ग्रह (इ. २०१६) मा सङ्कलित ११ वटा अङ्ग्रेजी निबन्धलाई **आराधना** (वि.सं. २०७४) शीर्षकमा अनुवाद गरेका छन् । यसलाई ओरिएन्टल प्रकाशन गृहले बजारमा ल्याएको छ । टेकनारायणका फुटकर अनुवादहरू डा. घनश्याम कँडेलको **रश्मि** तथा नेपाल प्रज्ञा-प्रतिष्ठानको **रूपान्तरण** तथा **जर्नल अफ ल्याङ्ग्वेज, लिट्रेचर एन्ड कल्चर** जस्ता पत्रिकाहरूमा प्रकाशित छन् । (बलराम) सम्पर्क: ९८४१७००४५९

टेकबहादुर नवीन

छोटा कविता लेखनमा ख्यातिप्राप्त टेकबहादुर खत्री वि.सं. १९९१ मा त्रिशूलीमा जन्मेका हुन् । उनी नेपाली साहित्यमा टेकबहादुर नवीनको नामले चिनिन्छन् । उनले अङ्ग्रेजी भाषामा लेखिएका विभिन्न विदेशी कथाहरूको नेपालीमा अनुवाद गरी विश्वका उत्कृष्ट कथा प्रकाशमा ल्याएका छन् । यो कृतिलाई रत्न पुस्तक भण्डारले वि.सं. २०२५ मा प्रकाशित गरेको थियो । उनका मौलिक कृतिहरूमा **चोइटा** (कविता सङ्ग्रह, वि.सं. २०१६), **मेरा केही चोइटाहरू** (कविता सङ्ग्रह, वि.सं. २०४०), **शाही नेपाली सेनाको इतिहास** (इतिहास, वि.सं. २०४०) आदि छन् । (जयदेव)

ठाकुरलाल मानन्धर (ने.सं. १०३२-१११९)

काठमाडौँको गणबहालमा जन्मिएका ठाकुरलाल मानन्धरले आइ.ए. सम्मको अध्ययन गरेका थिए । उनले कविता, निबन्ध र कोशहरू लेखेका छन् । **भाजु निबन्ध** उनको निबन्ध सङ्ग्रह हो भने चित्तधर हृदयको **नेपाल सङ्गीत**लाई उनले अङ्ग्रेजी अनुवाद गरेका थिए । मानन्धर नेपाल भाषा परिषद्बाट प्रकाशित हुने **नेपाल ऋतुपौ** पत्रिकाको सम्पादक पनि थिए । भाषाजवाः उपाधिबाट सम्मानित मानन्धर नेपाल भाषा परिषद्का संस्थापकमध्ये एक हुन् भने ब्रिटिस काउन्सिल पुस्तकालयका सञ्चालक हुन् । **पुलांगु म्ये, पर्यायवाची शब्दकोश** (नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०३०), **नेवार भाषा शब्द** Vol. 8, Newari English Dictionary, Modern Language of Kathmandu Valley (1986 A.D.) मानन्धरद्वारा सम्पादित पुस्तकहरू हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानन्धरले **चित्तधर हृदयद्वारा नेपाल भाषामा लेखिएका कविताहरू चिन लुमंका:** Reminiscences of China (2011 AD) / Nepal Sangit (Nepals Music, 1957) **अनुवाद गरेका छन्** । (नवीन)

डमरुवल्लभ पौड्याल (वि.सं. १९८८-२०६०)

कास्कीको अघौं अर्चलेमा जन्मेका डमरुवल्लभ पौड्यालले संस्कृत साहित्यमा आचार्य तहसम्मको अध्ययन गरेका थिए । उनका मौलिक एवम् अनूदित गरी १४ वटा कृति प्रकाशित छन् । तीमध्ये **खेचराद्रितीर्थमाहात्म्य** (वि.सं. २०१७), **श्रीमद्भगवद्गीता** (वि.सं. २०२६), **शुक्रनीति** (वि.सं. २०२९), **सद्धर्मपुण्डरीकसूत्र** (वि.सं. २०३१), **अश्वायुर्वेद** (वि.सं. २०३१), **अवधूतगीता** (वि.सं. २०३१), **योगवाशिष्ठका कथाहरू** (वि.सं. २०३८), **वाशिष्ठगीता, अष्टावक्रगीता** र **अश्वशास्त्र** संस्कृत भाषाबाट नेपाली भाषामा अनूदित कृति हुन् । **खेचराद्रितीर्थमाहात्म्य** (वि.सं. २०१७) योगी नरहरिनाथद्वारा संस्कृत भाषामा लिखित **खेचराद्रितीर्थमाहात्म्यम्** नामक कृतिको अनुवाद हो । **सद्धर्मपुण्डरीकसूत्र** नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको छ । अनुवादका माध्यमबाट नेपाली साहित्यलाई समृद्ध बनाउन उनले महत्त्वपूर्ण योगदान गरेको देखिन्छ । (माधव)

डिल्लीराज उप्रेती (इ. १९३०-२००८)

डडेल्धुरामा जन्मिएका डिल्लीराज उप्रेतीले नेपालको कुटनीतिक सेवामा लामो योगदान गरे । फ्रान्समा अन्तर्राष्ट्रिय कर्मचारीका रूपमा बाह्र वर्ष बसेका उप्रेतीले पछि सन् १९८५ देखि १९९० सम्म फ्रान्सका लागि नेपाली राजदूत भएर सेवा गरे । उनले फ्रान्सेली भाषाबाट तीनवटा साहित्यिक कृति नेपालीमा अनुवाद गरेका छन् । ती हुन् - १९ औं शताब्दीका प्रसिद्ध कथाकार गि द मोपासँका सातवटा कथाको अनूदित सङ्कलन **बिचरी थसुल्नी र अन्य लघुकथाहरू** (वि.सं. २०५५), अनि अर्का महान् फ्रान्सेली स्रष्टा, अस्तित्ववादी चिन्तक अल्बेअर कामुको **स्ट्रेन्जर**को **परचक्री** (वि.सं. २०५७) शीर्षकमा अनुवाद । उप्रेतीले अनुवादकीयमा फ्रान्सेली भाषाका कृतिलाई नेपालीमा ल्याउँदा आइपर्ने अप्ठ्याराहरू र समाधानका जुक्तिहरू पनि सुझाएका छन् । यस सम्बन्धमा उनले लेखेका छन्-*शीर्षकहरू नेपालीमा शब्दानुवाद गर्दा फ्रान्सेली शब्दको सूक्ष्म अन्तर (Nuance) प्रतिनिधित्व नहुने हुँदा कथाको तथ्यसँग सम्बन्धित नेपाली शीर्षक दिएको छु* (वि.सं. २०५५) । यसले डिल्लीराज उप्रेती भाषा र साहित्यप्रति सचेत अनुवादक हुन् भन्ने सङ्केत गर्दछ । उनले फ्रान्सेली विद्वान् सिल्वाँ लेभीकृत Le Nepal को अनुवाद **नेपाल** पनि प्रकाशित गरे । (गोविन्द)

डिल्लीराम तिम्सिना (वि.सं. १९८०-२०४९)

पाँचथर जिल्लाको एकचेपामा जन्मेका डिल्लीराम तिम्सिनाले संस्कृतमा आचार्य तहसम्मको अध्ययन पुरा गर्नुका साथै काव्यतीर्थ र विद्यावारिधि उपाधिसमेत प्राप्त गरेका थिए । प्राध्यापन पेसा अँगालेका तिम्सिनाका मौलिक र अनूदित गरी २२ वटा कृति रहेका छन् । तीमध्ये राजशेखरद्वारा विरचित **काव्य मीमांसा** नामक लक्षण शास्त्रको सोही शीर्षकमा गरिएको नेपाली अनुवाद वि.सं. २०३० मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको छ भने **प्राचीन साहित्य** र **वाणभट्ट** उनका अन्य अनूदित कृति हुन् । (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डेविड रुबिन (इ. १९२४–२००८)

अमेरिकी आख्यानकार तथा अनुवादक डेविड रुबिनको जन्म अमेरिकाको कनेक्टिकटमा भएको थियो। कोलम्बिया विश्वविद्यालयबाट तुलनात्मक सहित्यमा विद्यावारिधि गरेका रुविनले साराह लोरेन्स कलेज, इलाहवाद विश्वविद्यालय उत्तर प्रदेश र राजस्थान विश्वविद्यालयमा साहित्यको प्रध्यापन गरे। विशेष गरी मुन्सी प्रेमचन्द र सूर्यकान्त त्रिपाठी 'निराला' जस्ता भारतीय मानक सर्जकहरूका सृजना अनुवाद गरेका रुबिनले नेपाली साहित्यका केही मानक कविका सृजनाहरू पनि अङ्ग्रेजीभाषी पाठकसमक्ष पुऱ्याएका छन्। उनले महाकवि लक्ष्मीप्रसाद देवकोटाका चुनिएका कविताहरूको अनुवाद गरी **नेपाली भिजन्स, नेपाली ड्रिम्ज** (इ. १९८०) शीर्षकमा प्रकाशन गरेका छन्। यस अनुवादको प्रकाशक कोलम्बिया विश्वविद्यालय प्रेस रहेको छ। त्यसै गरी उनले अर्का अनुवादक माइकल हटसँगको सहकार्यमा गोपालप्रसाद रिमाल र लक्ष्मीप्रसाद देवकोटाका प्रतिनिधि कविताहरूको अनुवाद गरेका छन्। **भ्वाइसेज अफ कन्साइन्स** (इ. १९९६) शीर्षक रहेको यस सङ्ग्रहलाई आइरन प्रेस, यूकेले प्रकाशन गरेको हो। रुबिन स्वयम् एक आख्यानकार पनि थिए। उनको **द ग्रेटर डार्कनेस** (इ. १९६३) ले त्यस वर्षको ब्रिटिस अथर्स क्लब पुरस्कार प्राप्त गऱ्यो। सङ्गीतमा रुचि भएका रुबिन अङ्ग्रेजीबाहेक स्प्यानिस, इटालियन, जर्मन, हिन्दी, उर्दू, नेपाली भाषा बोल्दथे। यसरी नेपाली साहित्यलाई विश्वका पाठकसमक्ष पुऱ्याउनमा उनले उल्लेखनीय योगदान पुऱ्याएका थिए। (गोविन्द)

ड्यानियल राइट

ड्यानियल राइट नेपालको इतिहास लेखनमा केन्द्रित छन्। यिनको **हिस्ट्री अफ नेपाल** (इ. १८७७) प्रकाशनमा आएको छ। प्रस्तुत पुस्तक तयार गर्दा 'पर्वतीय', 'संस्कृत' तथा 'नेवारी' का पाण्डुलिपि प्रयोग भएको र अनुवादमा गुणानन्द र शिवशंकर सिंहको सहायता लिएको यिनको भनाइ छ। यसबाट त्यस समयमा नेपाली अनुवादक रहेको तथ्य स्पष्ट हुन्छ। इतिहास लेखनका सन्दर्भमा अङ्ग्रेजी व्याख्या क्रममा नेपाली प्रसङ्ग रोमनमा दिई प्रस्तुत गर्ने यिनको लेखन अनुवादका सन्दर्भमा पनि स्मरणीय छ। नेपाली भाषामा शब्दावली सङ्कलन गरेका राइटले पनि शब्दावली अनुवादका तहमा काम गरेका छन्। यिनको लेखनमा मुन्सी शिवशंकर सिंहको अनुवाद नेवारी गीत पनि सङ्कलित छ। यसको भाषा अनुवाद रोमन लिपिमा नै प्रस्तुत छ। (सुकुम)

डा.तारानाथ शर्मा

विशेष शैलीका कारण एक प्रभावशाली प्रस्तोताको रूपमा चिनिने तारानाथ शर्माको जन्म इलामको वरबोटेमा वि.सं. १९९१ मा भएको थियो। उनी निबन्ध र समालोचना लेखनमा प्रसिद्ध छन्। भाषा विज्ञानमा विद्यावारिधि गरेका डा. शर्मा अध्यापक, स्रष्टा, समालोचक र अनुवादक पनि हुन्। नियात्रा अनि खरो समालोचनाको लागि डा. शर्मा प्रसिद्ध छन्। उनका **नमस्ते** (निबन्ध सङ्ग्रह, वि.सं. २०१८), **घोल्याइँहरू** (समालोचना, वि.सं. २०३९), **जमर्काहरू** (निबन्ध सङ्ग्रह, वि.सं. २०२५), **बेलायततिर बरालिँदा** (यात्रा निबन्ध, वि.सं. २०२६), जस्ता दुई दर्जन कृति छन्। अनेक सम्मान र पुरस्कारले विभूषित शर्मा अनुवादमा पनि त्यत्तिकै सिद्धहस्त छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनले काफु नागाईको उपन्यास एड्वार्ड सेडेन्स्टिकरले जापानीबाट अङ्ग्रेजीमा गरेको **अ स्ट्रेन्ज टेल फ्रम इस्ट अफ द रिभर एन्ड अदर स्टोरिज**लाई नेपालीमा **सुमिदा नदी र अरू कथाहरू** शीर्षकमा अनुवाद गरी साझा प्रकाशनबाट वि.सं. २०४६ मा प्रकाशित गराए । त्यसै गरी उनले अनुवाद गरेको **चाँदनी शाहका कविता**लाई **लिरिकल पोएम्स बाइ चाँदनी शाह** शीर्षकमा सन् १९८६ मा सूचना विभागले प्रकाशित गऱ्यो । उनले एक सय वटा समकालीन नेपाली कवितालाई सेलेक्टेड नेपाली पोएम्स (इ. १९९९) शीर्षकमा अनुवाद गरे जसको प्रकाशकका रूपमा जीवा लामिछाने रहेका छन् । (जयदेव) सम्पर्क: ४४७१९५५

तारानिधि उपाध्याय

भारतको शोणितपुर जिल्ला (असम) को नेबिलमा सन् १९३६ मा जन्मेका तारानिधि उपाध्यायले स्नातक तहको अध्ययन गरी माध्यमिक तहको शिक्षकका रूपमा सेवा गरे । उनका कृतिहरू **पुरुष परीक्षा** (असमियामा) र **नीति कथा** (नेपाली कथा, इ. २००५) रहेका छन् । उनले असमिया भाषामा लिखित होमेन बरगोहाञीको **हालधरिया अरसे बाउधान खाप** उपन्यासलाई **बाघको छालामा स्यालको रजाइँ** शीर्षकमा नेपालीमा अनुवाद गरेका छन् । यो कृति श्रीमती मोतीदेवी शोणितपुरबाट २००३ मा प्रकाशित भएको हो । (गोविन्द) सम्पर्क: ९८५४४५४६७२

तारापति उपाध्याय

तारापति उपाध्यायको जन्म असमको ओदालगुढी अन्तर्गत बाटुलेबिलमा सन् १९२२ मा भएको थियो । एम.ए., बी.टी. गरेका उनले स्वतन्त्र सिर्जना एवम् असमिया-नेपालीबिचको अनुवादमा योगदान दिएका छन् । उनले सन् २००१ मा **भाषा प्रदीप** प्रकाशित गरेयता **दस महारथी** (इ. २००१), **निबन्ध गुच्छ** (इ. २००२) **साधारण नेपाली सामाजिक जीवन** (इ. २००२) जस्ता १७ वटा कृति/ग्रन्थ प्रकाशित गरिसकेका छन् ।

उनका **असम तथा भारत र नेपाली जाति** (इ. २००५) जस्ता केही कृति असमियामा पनि प्रकाशित छन् भने **अनुवादको भूमिका, पद्धति र विधि** (इ. २००३) पूर्वोत्तर असम क्षेत्रबाट अनुवाद विषयमा प्रकाशित प्रथम सैद्धान्तिक कृति हो । यसपछिकी अनुवाद सिद्धान्त लेख्ने भारतीय नेपाली स्रष्टाहरूमध्ये सिलिगुडीकी डा. राजकुमारी दाहालको नाम आउँछ (हेर्नू– **अनुवादसम्बन्धी केही सैद्धान्तिक कृति**) ।

तारापतिले अनुवाद सिद्धान्तमा स्थापित लेखकले झैं गरी अनुवादको व्यावहारिक पक्षलाई पनि प्राज्ञिक उचाइमा प्रतिष्ठापित गराएका छन् । उनका अनूदित कृतिमध्ये एक हो **आनन्दमठ** । **आनन्दमठ** बंकिमचन्द्र रचित एक अमर कृति हो । उनको दोस्रो योगदान कृति हो - अब्दुल कलामकृत **विङ्ग्स अफ फायर** (इ. १९९९) को नेपाली अनुवाद **इच्छाशक्ति** (इ. २०१०) । यो पठनीय ग्रन्थ भारतका विद्वान् पूर्व राष्ट्रपति अब्दुल कलामको आत्मकथा हो । यसमा सहयोगी लेखक भनी अरुण तिवारीको नाम रहेको छ । तारापतिको ज्ञान, सिद्धान्त र शक्तिशाली लेखन भनौं, अनुवाद कला हेर्न उनको **स्वदेशी चिन्तन साहित्य मन्थन** (इ. २०१०) मा प्रवेश गर्नु जरुरी छ ।

उपाध्यायका अन्य केही योगदानमा **जीवनी** (इ. २०११) **भारतीय स्वाधीनमा सङ्ग्रामी केही वीराङ्गना** (सन् २०१५), **साहित्य संस्कृति एवम् धर्मका आराधिक केही मातृहरू** (इ. २०१५), **संक्षिप्त महाभारत कथामृत** (इ. २०१६), **आत्म-कथ्य** (इ. २०१७) आदि रहेका छन् । (गोविन्द) सम्पर्क: ०३७११२२४७४५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तारामणि राई

वि.सं. २०३६ मा खोटाङमा जन्मेका तारामणि राईले भाषा विज्ञानमा विद्यावारिधि गरेका छन्। हाल उनी भाषा विज्ञान विभागअन्तर्गत अध्यापन सेवामा छन्। तारामणि राईले साहित्यिक, राजनीतिक एवम् प्राविधिक पुस्तकहरूको अनुवाद गरेका छन्। भूपाल राईको **आगोले जन्मोत्सव मनाउँदैन** शीर्षक कविता सङ्ग्रहलाई फायर **केयर्ज नट इट्स बर्थ एनिभर्सरी** शीर्षकमा अनुवाद गरेका छन्। यसलाई चिन्डो बुक्सले वि.सं. २०७१ मा प्रकाशन ल्यायो। त्यसै गरी भोगिराज चामलिङद्वारा सङ्कलित नेपाली र चामलिङ भाषामा लेखिएको दर्शन विषयक कृति **मुन्धुम** भाग १ लाई उनले **मुन्धुम** शीर्षकमा अनुवाद गरेका छन् जसलाई वि.सं. २०७१ मै किरात राई चाम्लिङ खाम्बातिमले प्रकाशनमा ल्याएको छ। साथै स्टुवार्ट स्रामले लेखेका दुईवटा पुस्तक **सेलेक्टेड आर्टिकल्ज अफ माओ** र **चेयरम्यान माओ टक्स टु पिपुल**लाई क्रमशः **माओका दुर्लभ रचनाहरू** र **शिक्षामा मार्क्सवाद** शीर्षकमा अनुवाद गरेका छन्। पुरुषोत्तम चौधरीको मूल पुस्तक **एथ्नोग्राफिक स्टडी अफ धानुक नेसनालिटिज**लाई **धानुक जातिको परिचय** शीर्षकमा उनले अनुवाद गरेका छन्। यस अनुवादको प्रकाशन आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान रहेको छ। डा. राईले पुस्तकबाहेक डकुमेन्ट्री र म्युजिक भिडियोहरूको पनि अनुवाद गरेका छन्। साथै, उनका फुटकर अनुवादहरू पनि प्रकाशित छन्। (बलराम)

तारिणीप्रसाद कोइराला (इ. १९२३–१९७३)

बनारसमा आइ.ए. सम्मको शिक्षा आर्जन गरेका तारिणीप्रसाद कोइरालाले नेपाली साहित्यमा मनोवैज्ञानिक आख्यानको सृजनामा मौलिक योगदान पुऱ्याएका छन्। उनको जीवन लीला समाप्त भएको तीन दशकपछि **नैनी** (महाकाव्य), **फालिएको सामान** (कथा सङ्ग्रह) जस्ता कृतिहरू प्रकाशनमा आएका छन्। साहित्य सिर्जनाका साथै सांस्कृतिक क्रान्तिमा लाग्दालाग्दै वि.सं. २०३१ मा अल्पायुमै उनको निधन भएको थियो। कोइरालाले हिन्दी नेपाली अनुवादमा पनि महत्त्वपूर्ण योगदान गरेका छन्। कोइरालाद्वारा अनूदित **विद्यार्थीहरूलाई महात्मा गान्धी** एउटा शिक्षार्थी उपयोगी कृति हो। वि.सं. २०२६ मा प्रथम पटक प्रकाशित यस अनूदित कृतिको दोस्रो संस्करण वि.सं. २०७१ मा बाहिर आएको छ। प्रसिद्ध लेखक, पत्रकार तारिणीप्रसाद कोइरालाको अनुवादकत्वमा प्रकाशित **विद्यार्थीहरूलाई महात्मा गान्धी** नेपाली युवा पाठकका लगि उपयोगी कृति हो। पहिलो पटक वि.सं. २०२६ मा प्रकाशित यो कृति वि.सं. २०७० मा पुनः प्रकाशित भयो। यस कृतिको दोस्रो संस्करणका सन्दर्भमा तुलसी भट्टराई लेख्छन्, "विद्यार्थीहरूको प्राथमिक लक्ष्य राम्रो र उपयुक्त शिक्षा ग्रहण गर्नु हो। पहिले आफू योग्य भएपछि मात्र राष्ट्र र समाजलाई राम्ररी डोऱ्याउन सकिन्छ। यसै उद्देश्य परिपूर्तिका लागि प्रस्तुत कृति **विद्यार्थीका लागि महात्मा गान्धी** प्रकाशनमा ल्याइएको छ।"

भारतीय अग्रणी लेखक भगवतीचरण वर्माकृत तथा तारिणीप्रसाद कोइरालाद्वारा अनूदित **चित्रलेखा**को दोस्रो संस्करणलाई ओरिएन्टल प्रकाशनले वि.सं. २०७२ मा बजारमा ल्याएको छ। भारतीय उत्कृष्ट आख्यानहरूको नाम लिनुपर्दा **चित्रलेखा**को पनि नाम आउँछ। यता यस कृतिका अनुवादक तारिणीप्रसाद कोइराला नेपाली भाषाका राम्रा लेखक र अनुवादकका रूपमा चिनिन्छन्। दोस्रो संस्करणमा जाने अवसर पाएका कोइरालाद्वारा अनूदित केही कृतिमध्ये **चित्रलेखा** पनि एक हो। माधवलाल कर्माचार्यद्वारा सम्पादित अनुवाद सङ्ग्रह **नेप्लिज लिट्रेचर**मा सङ्कलित आठवटा अनूदित कथामध्ये बी.पी. कोइरालाको **पवित्रा**को अनुवाद पनि कोइरालाले नै गरेका हुन्। (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिलक केसी

वि.सं. २०३० मा भोजपुरमा जन्मेका तिलक केसीको स्थायी ठेगाना झापाको खयरबारी हो। अङ्ग्रेजी साहित्यमा एम.ए. गरी उनी अध्यापन कार्यमा संलग्न छन्। हाल उनी पाठन संयुक्त क्याम्पसमा उपप्राध्यापक रहेका छन्। उनले विशेष गरी चिनियाँ साहित्यको नेपालीमा अनुवाद गरेका छन्। ती निम्नानुसार छन् :-

क) लो कु-आङपिन तथा याङ यि यानले लेखेको कृतिलाई चिनको फरेन ल्याङ्वेज प्रेस पेकिङले **रेड क्र्याग** शीर्षकमा सन् १९७८ मा अङ्ग्रेजी अनुवाद गऱ्यो। उक्त ६०६ पृष्ठको उपन्यासलाई तिलकले **रातो चट्टान** शीर्षकमा नेपालीमा अनुवाद गरे जसको प्रथम संस्करण प्रगतिशील अध्ययन केन्द्र काठमाडौंले वि.सं. २०५९ मा प्रकाशित गऱ्यो।

ख) त्यस्तै गरी फेङ चीले अङ्ग्रेजीमा अनुवाद गरेको **बिहाइन्ड इनेमी लाइन्स** (इ. १९७९) शीर्षकको उपन्यासलाई उनले **दुस्मनको अखडाभित्र** शीर्षकमा नेपालीमा अनुवाद गरे।

ग) प्रसिद्ध चिनियाँ साहित्यकार लु सुनका कथालाई याङ जियाङ्यी र ग्ल्याडिस याङले **द टू स्टोरी अफ आह क्यु** (इ. १९५६) शीर्षकमा अनुवाद गरे। कुल ५२ पृष्ठको सो लघु उपन्यासलाई **आह क्युको साँचो कथा** (वि.सं. २०६३) शीर्षकमा अनुवाद गरी चूडामणि स्मृति प्रकाशनबाट बाहिर ल्याए।

घ) लु चु-कुओद्वारा लिखित उपन्यासलाई ए.एम. कोनड्रनले गरेको **द ब्याटल अफ साङ्कुमच्याङ** शीर्षक कृतिलाई नेपालीमा **साङ्कुमच्याङको युद्ध** शीर्षकमा अनुवाद गरे। यस युद्ध उपन्यासलाई चूडामणि स्मृति प्रकाशनले वि.सं. २०६५ मा प्रकाशनमा ल्यायो।

ङ) यसै गरी उनले डोङ्गपिङ्गहाङका अनुसन्धानात्मक कृतिलाई सङ्कलन गरी कर्नर स्टोन पब्लिकेसन कलकत्ताले (अनुवाद गराई) सन् २००० मा **द अन्नोन कल्चरल रिभोलुसन** शीर्षकमा सन् २००० मा प्रकाशित गरायो। जम्मा १८० पृष्ठको यस कृतिलाई तिलकले **अपरिचित सांस्कृतिक क्रान्ति** शीर्षक दिए जसको प्रकाशन वि.सं. २०६५ मा नेपाली कम्युनिस्ट पार्टी (माओवादी) को अन्तर्राष्ट्रिय विभागले प्रकाशनमा ल्यायो। केसीले **खुलापत्रहरू, खुला बहसहरू** शीर्षकमा अरू कृति पनि अनुवाद गराएर अनुवाद साहित्यमा ठुलो योगदान पुऱ्याएका छन्। (गोविन्द) सम्पर्क: ९८५११७२०३०

तिलकप्रसाद लुइँटेल

तिलकप्रसाद लुइँटेलको जन्म वि.सं. २०२१ मा तेह्रथुममा भएको थियो। हाल उनी काठमाडौंमा रहेर संस्कृत साहित्यमा आचार्य र नेपालीमा एम.ए. गर्दैछन्। अध्यापनका अतिरिक्त लेखन र सम्पादन कार्यमा सक्रिय लुइँटेलले लामो समयदेखि धार्मिक, आध्यात्मिक र नीतिपरक कृतिहरूको अनुवाद गर्दै आएका छन्। सबैभन्दा धेरै शीर्षकमा अनुवाद गर्ने नेपालीहरूमध्ये उनको नाम आउँछ। उनले गरेका अनुवादहरू निम्नानुसार छन्।

(१) **चाणक्य नीति** (वि.सं. २०६०, सोनिया पुस्तक पसल), (२) **मनुस्मृति** (वि.सं. २०६७, पैरवी प्रकाशन) (३) **हिन्दुजातिको उत्थान र पतन** (२०६९) (४) **पञ्चतन्त्र** (२०६७) (५) **ऋग्वेद** (वि.सं. २०६३), (६) **यजुर्वेद** (वि.सं. २०६३) (७) **सामवेद** (वि.सं. २०६३) (८) **अथर्व वेद** (वि.सं. २०६३) (९) **छान्दोग्य उपनिषद्** (वि.सं. २०६५) (१०) **विदुर नीति**, (वि.सं. २०६२) (११) **अग्नि पुराण** (वि.सं. २०६७) (१२) **गरुड पुराण** (वि.सं. २०७०) आदि। यसका अतिरिक्त ऋग्वेद, समिता, भागवत् मञ्जरी, दुर्गा सप्तशती, चाणक्य नीति, पञ्चतन्त्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नीति सार, श्रीमद्भागवत्महापुराण जस्ता एक दर्जन कृतिका सह सम्पादक तथा सामूहिक अनुवादक रहेका लुइँटेलका माथि उल्लिखित क्रम सङ्ख्या तीनदेखि १२ सम्मका पुस्तकहरू विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित छन्। (गोविन्द) सम्पर्क: ९८४१४१०३९५

तीर्थराज शर्मा

वि.सं. १९८२ मा लमजुङको चन्द्रेश्वरमा जन्मेका तीर्थराज शर्माले संस्कृतमा मध्यमासम्मको अध्ययन गरेका थिए। अध्यापन सेवामा संलग्न शर्माका चारवटा कृति प्रकाशित छन्। तीमध्ये **सत्यकथा** शीर्षकको संस्कृत कृतिको सोही शीर्षकमा गरिएको नेपाली पद्यानुवाद वि.सं. २०३१ मा प्रकाशित भएको छ। (माधव)

तीर्थराज तुलाधर

वि.सं. १९८१ मा काठमाडौँको रक्तकालीमा जन्मेका तीर्थराज तुलाधर एक स्थापित अनुवादक हुन्। इतिहास र कवितालाई आफ्नो मूल क्षेत्र बनाएका तुलाधर लेखक, सम्पादक र अनुवादक थिए। तुलाधरले मविवि शाहकृत **उसैको लागिमा** सङ्कलित कविताहरूलाई **अ हार्वेस्ट अफ पोएम-१** शीर्षकमा अनुवाद गरे। यसको प्रकाशन सन् १९६० मा गभर्नमेन्ट प्रेसबाट भएको थियो। त्यसै गरी मविवि शाहकै **फेरि उसैको** लागि शीर्षक सङ्ग्रहमा सङ्कलित कविताहरूलाई उनले **अ हार्वेस्ट अफ पोएम्स-२** शीर्षकमा अनुवाद गरे, त्यसको पनि प्रकाशन सन् १९६४ गभर्नमेन्ट प्रेसबाट भएको थियो। बालकृष्ण समकृत **मृत्युपछिको अभिव्यञ्जना (एक्स्प्रेसन आफ्टर डेथ,** इ. १९७२) शीर्षक सङ्ग्रहका चार अनुवादकमध्ये तुलाधर पनि एक रहेका छन्। यसका अतिरिक्त, उनले विजय मल्लका ५५ वटा कविता अनुवाद गरी **माइ विस एन्ड अदर** पोएम् शीर्षकमा मल्ल प्रकाशनबाट सन् १९९४ मा प्रकाशित गराएका थिए। द **कन्स्टिच्युसन अफ नेपाल** (इ. १९६६), **ट्विस्ट्स् एन्ड टर्न्ज : अ पिक अफ दुर्गालाल श्रेष्ठज् पोएम्स** (अनुवाद), **शाह किङ्ज अफ नेपाल** (इ. १९५५) (चित्तरञ्जनसित मिलेर) **कन्टेम्पोररी राइटिङ इन नेपाल भाषा** (इ.२०००), **अ रिप्रेजेन्टेटिव कलेक्सन अफ नेपाल भाषा पोएम्स** (इ. १९९७) आदि उनका अन्य लेखन कर्म हुन्। त्यसै गरी उनले कवि केशरी चित्तधर हृदयद्वारा लिखित महाकाव्य **सुगत-सौरभलाई** अङ्ग्रेजीमा **सुगत सौरभ : एन इपिक भर्स** (इ. १९९८) मा अनुवाद गरे। **उनको नेपाल भाषामा लिखित विश्व प्रसिद्ध कथाहरूको सङ्ग्रह आखें** नेपाल भाषा परिषद्बाट वि.सं. २०२२ मा प्रकाशित भयो। (नवीन)

तीर्थप्रसाद भट्टराई

भोजपुरको भुल्केमा वि.सं. २०१८ मा जन्मेका तीर्थप्रसाद भट्टराईले अङ्ग्रेजी साहित्यमा एम.ए. गरी पत्रकारितामा आफूलाई समर्पित गरेका छन्। राष्ट्रिय समाचार समिति काठमाडौँमा वरिष्ठ कार्यकारी सम्पादकका रूपमा रहेका तीर्थप्रसाद भट्टराईले अङ्ग्रेजी-नेपालीबिचको अनुवादमा निरन्तर योगदान दिइरहेका छन्। यिनले सर्वप्रथम प्रतीक ढकाललकृत यात्रा संस्मरण **हिमालपारि पुगेपछि** (वि.सं. २०५९) लाई **बियोण्ड द हिमालयज** शीर्षकमा अनुवाद गरे जसलाई सन् २००२ मा फर्टिलड्रेड इन्टरनेसनल (बेल्जियम) ले प्रकाशनमा ल्यायो। त्यसपछि जया छाङ्छाका **प्रेम कविताहरू** (वि.सं. २०६२) लाई **छाङ्छाज् लभ पोएम्स** (वि.सं. २०५५) शीर्षकमा प्रकाशित गरे। जम्मा ३१ वटा कविताको अनुवाद रहेको यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकको प्रकाशक श्रीमती रत्ना राई छाङ्छा खिम रहेकी छन्। यसमा अङ्ग्रेजी र नेपाली दुवै भाषा समेटिएको छ। सन् २०१६ मा उनका दुईवटा अनूदित कृति प्रकाशित भए। ती हुन्: भद्रकुमारी घलेको कला र जीवन (पद्यसहित चित्रकला, वि.सं. २०६२) को **आर्ट एन्ड लाइफ** शीर्षकमा र जय छाङ्छाका कविताहरू **द्याट आइ लभ्ड द वर्ल्ड** शीर्षकमा। पहिलो कृति भद्रकुमारी सेवा सदनले र दोस्रो सारांश नेपालले प्रकाशनमा ल्याएका छन्। भट्टराईले धेरै फुटकर कविताको पनि अनुवाद गरेका छन्। उनले भद्रकुमारी घलेको आइमाई : **हिजो, आज, भोलि** निबन्ध सङ्ग्रहलाई नेपालीबाट अङ्ग्रेजीमा अनुवाद गरेका छन्। यो प्रकाशोन्मुख अवस्थामा रहेको छ। (बलराम) सम्पर्क: ९८४१३४२१६०

तीर्थराज वन्त

तीर्थराज वन्तको जन्म वि.सं. १९९६ मा काठमाडौँको ठमेलमा भएको थियो। राजनीति शास्त्रमा एम.ए. तथा बी.एल. गरेका वन्तले अध्यापन कार्यका अतिरिक्त नेपाल रेडक्रस सोसाइटी तथा नेपाल अपाङ्ग महासंघमा लामो सेवा गरे। नेपाल सार्वजनिक पुस्तकालयका संस्थापक उनी हाल त्यसैका महासचिव रहेका छन्।

वि.सं. २०२७ सालमा **डाँडाबाट** शीर्षक कविता सङ्ग्रहको प्रकाशनबाट साहित्यमा प्रवेश गरेका वन्तका हालसम्मका २८ वटा कृति प्रकाशित छन्। उनी मूलतः कवि हुन् तर उनको अनुवाद क्षेत्रको योगदान प्रशंसनीय छ। उनका २८ प्रकाशनमध्ये नौवटा अनूदित शीर्षक रहेका छन्। ती हुन् – **रेडक्रस र मेरो देश** (वि.सं. २०२७), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, **चिनियाँ कवि तुफुका केही कविता** (वि.सं. २०२७), **जेनेभा महासन्धी तथा तिनका अतिरिक्त सन्धिपत्रसम्बन्धी आधारभूत नियमहरू** (वि.सं. २०५६) हेनरी ड्युनाद्वारा लिखित **अ मेमोरी अफ सल्फरिनोलाई सल्फरिनोको सम्झना** (इ. १९८२), **मानव अधिकार तथा मानवीय कानुन व्यवसायिक सुरक्षाको अवधारणा** (वि.सं. २०६०), **अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकार कानुन** (वि.सं. २०६१), **अन्तर्राष्ट्रिय मानवीय कानुन तथा बालबालिका तथा महिलाको सुरक्षा** (वि.सं. २०६१), **अन्तर्राष्ट्रिय मानवीय कानुनको विविध पक्ष एक अध्ययन** (वि.सं. २०६३), **१० अगस्ट १९४९ तथा जेनेभा महासन्धिहरू तथा तिनका थप आलेखहरू** (वि.सं. २०६५); तथा **तिरक्कुरल महाकाव्य**।

यसरी हेर्दा वन्तले अन्तर्राष्ट्रिय कानुन तथा मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण दस्तावेजको अनुवाद गरेको देखिन्छ। ती सारा प्राविधिक अनुवादका नमुना हुन् भन्ने **तिरक्कुरल** जस्तो अमर गाथालाई नेपालीमा ल्याउनु सानो कुरा होइन। वन्तको **तिरक्कुरल**को अनुवादले छैटौँ शताब्दीको एक महान् तामिल चिन्तक, दार्शनिक स्रष्टालाई नेपालीमा चिनाउँछ। उत्तरका चिनियाँ तुफु र दक्षिणका समकालीन तिरक्कुरललाई नेपालीमा ल्याउने विद्वान्को **आकाशमा सलबलाएका हात** (वि.सं. २०५०) जस्ता कविता सङ्ग्रह प्रकाशित छन्। (गोविन्द) सम्पर्क: ९८४१७८६१४८

तुलसी चौधरी

मार्क्स तथा एङ्गेल्सद्वारा लिखित कम्युनिस्ट मेनिफेस्टोको हिन्दीमा **कम्युनिस्ट पार्टी के घोषणापत्र** शीर्षकमा अनूदित कृतिलाई कपिलवस्तुकी तुलसी चौधरीले **कम्युनिस्ट पार्टीको घोषणापत्र** शीर्षकमा अनुवाद गरेका थिए। वि.सं. २०२० मा रूपन्देहीको भगलापुरमा जन्मेका चौधरी थारू कल्याण समिति लगायत जिल्लाका अनेक सङ्घसंस्थामा सक्रिय छन्। (सुकुम) सम्पर्क: ९८४७०२३५३०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तुलसीप्रसाद ढुङ्गेल (वि.सं. १९५७-२०३९)

तुलसीप्रसाद ढुङ्गेलको जन्म काठमाडौँको भाटभटेनीमा भएको थियो । स्नातकसम्म अध्ययन गरेका ढुङ्गेलका **नेपाली सङ्गीत रामायण** (वि.सं. २०१६), **नेपाली चिना शिल्प** (व्याकरण, वि.सं. २०२५) जस्ता कृति प्रकाशित छन् । उनले अनुवाद गरेको **रुसोको शैक्षिक विचार**को सङ्कलन **एमिल**को सोही शीर्षकमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट वि.सं. २०२५ मा प्रकाशित भएको थियो । उनले कालीदासको **मेगदूत**लाई पनि नेपालीमा सोही शीर्षकमा अनुवाद गरेका छन् । (गोविन्द)

तुलसीबहादुर क्षत्री (इ. १९२०-२०००)

असमको डिब्रुगढमा जन्मिएका तुलसीबहादुर क्षत्रीको साहित्यिक नाम तुलसी 'अपतन' हो । नेपाली विषयमा विद्यावारिधि गरेका उनले सन् १९५० मै **कलम** (नाटक) छपाएका थिए । उनका चारवटा (वायु वन्दना, सङ्कल्प, के होला ?, नहेर आज मलाई कविता सङ्ग्रह, कर्णकुन्ती (खण्डकाव्य, इ. १९८८) छन् भने अनुवादतर्फ उनले रवीन्द्रनाथ ठाकुरका कवितालाई **रवीन्द्र रचनावली** (इ. १९६४), **फेरि उनैको गीताञ्जली**को पनि अनुवाद छपाए । साहित्य अकादेमी पुरस्कारबाट विभूषित भएका उनी साहित्य परिषद्का एक संस्थापक पनि थिए । (गोविन्द)

तुलसी भट्टराई

वि.सं. २००६ मा ताप्लेजुङमा जन्मिएका तुलसी भट्टराईले बनारसस्थित काशी हिन्दु विश्वविद्यालयबाट भाषा विज्ञानमा विद्यावारिधि गरी फर्किएपछि पत्रकारिता, भाषा-साहित्य र प्रजातान्त्रिक आन्दोलनमा सक्रिय रहे । एक दर्जन मौलिक कृतिका स्रष्टा भट्टराईले साझा प्रकाशनको महाप्रवन्धक, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सदस्य सचिव एवम् गोरखापत्र संस्थानको महाप्रवन्धक जस्ता भाषा साहित्यसँग सम्बद्ध संस्थाहरूमा रही सेवा गरे । डा. भट्टराईले हिन्दी-नेपाली अनुवादको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका छन् । उनका प्रकाशित अनूदित कृतिहरू यस प्रकार छन् -

१) फणिस्वरनाथ रेणुकृत् **नेपाली क्रान्ति कथाको** सोही शीर्षकमा अनुवाद (वि.सं. २०६१)

२) ओशोको **समाजवाद से सावधान**को अनुवाद **समाजवाददेखि सावधान**, मधुवन प्रकाशन (वि.सं. २०६६)

३) रवीन्द्रनाथ ठाकुरकृत **गीताञ्जली**को सोही शीर्षकमा अनुवाद, मधुवन प्रकाशन (वि.सं. २०६५)

४) ओशोको **भैरवतन्त्र**को सोही शीर्षकमा अनुवाद, मधुवन प्रकाशन (वि.सं. २०७३)

नेपाली प्राज्ञिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका भट्टराईको मूल सृजना क्षेत्र निबन्ध, यात्रा साहित्य र समालोचना हो । रवीन्द्रनाथ ठाकुरकृत **गीताञ्जली**का अन्य अनूदित संस्करणहरू पनि उपलब्ध छन् । **गीताञ्जली**लाई बङ्गालीबाट ओकिउयामा ग्वाइन र तुलसीबहादुर छेत्रीले क्रमशः सन् १९६९ र १९८८ मा सोही शीर्षकमा अनुवाद गरे । उक्त कृतिलाई अङ्ग्रेजीबाट भने सन् १९६५ मा लोकेशचन्द्र प्रधानले, वि.सं. २०५४ मा शिवकुमार प्रधानले र वि.सं. २०५७ मा रमेश भट्ट र पशुपति न्यौपानेले **गीताञ्जली** शीर्षकमा अनुवाद गरेका थिए । (बलराम) सम्पर्क: ९८५१०७७३६१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेजरत्न कंसाकार

वि.सं. १९९५ असारमा काठमाडौँमा जन्मेका तेजरत्न कंसाकारले नेपाल भाषाको ध्वनि विज्ञानमा विद्यावारिधि गरे। त्रिभुवन विश्वविद्यालयमा प्राध्यापकका रूपमा सेवा गरेका कंसाकारको पहिलो अनुवाद धूस्वां साय्मिको नेपाल भाषाको ख्यातिप्राप्त उपन्यास **गंकी**को अङ्ग्रेजी अनुवाद हो जुन द **एक्लिप्स** (इ. १९६७) शीर्षकमा प्रकाशित छ। त्यसपछि सन् १९७७ मा प्रकाशित उनीद्वारा अनूदित अर्को कृति हो– **नेपाल भाषा शर्ट स्टारिज** यसभित्र कविकेशरीले नेपाल भाषामा लेखेका तीनवटा कथा सङ्ग्रहबाट छानेर लिइएका १४ वटा कथा समावेश छन्। उनका अन्य कृतिमा **नेपाल भाषा सर्ट स्टोरिज** (इ. १९७७), **नेवारी फ्रेज बुक** (इ. १९८२) **द गिफ्ट अफ लर्ड गणेश एन्ड अदर स्टोरिज** (इ. १९९०), **लेक्सिकोग्राफी इन नेपाल** (इ. १९९८) आदि हुन्। **क्लासिकल नेवारी डिक्सनरी** (इ. १९९०), **अ डिक्सनरी अफ क्लासिकल नेवारी** (इ. २०००), **शेर्पा नेपाली-इङ्लिस डिक्सनरी**को सम्पादन कार्य गरेका छन्। केशरलालसित मिलेर उनले गरेको नेवारी कथाको अङ्ग्रेजी अनुवाद **फर्बिडन फ्रुट एन्ड अदर स्टोरिज**लाई रत्न पुस्तक भण्डारले सन् १९९४ मा प्रकाशनमा ल्यायो। कंसाकार भाषा विज्ञान, संस्कृति र अङ्ग्रेजीका एक विशिष्ट प्रतिभा हुन्। उनका अधिकांश अनुवाद र रचनाहरू असङ्कलित छन्। सङ्कलितमा दुई कृति उल्लेख्य छन् - **अ कोर्स इन इङ्लिस फोनेटिक्स फर नेप्लिज स्टुडेन्ट्स्** (इ. १९८८) र **द गिफ्ट अफ लर्ड गनेस एन्ड अदर स्टोरिज** (इ. १९९०)। यी दुवै कृति कलकत्ताबाट ओरिएन्ट लंगम्यानले बाहिर ल्याएको हो। (गोविन्द) सम्पर्क: ०१-४२२२९६०

तोयनाथ कोइराला

सन् १९६८ मा स्याङ्जाको वालिङमा जन्मेका तोयनाथ कोइरालाका शैक्षिक उपाधिहरू एम.ए. (अर्थशास्त्र, अङ्ग्रेजी र नेपाली) र एम.एड (अङ्ग्रेजी) हुन्। उनको एम.एड.को शोधकार्यको शीर्षक "स्ट्राटेजिज एन्ड प्रोब्लम्स इन द ट्रान्सलेसन अफ नेपाली पोएम्स" हो। उनले सह-लेखकका रूपमा कक्षा ११ र १२ का अर्थशास्त्रका दुई पुस्तक प्रकाशित गरेका छन्। उनले गरेको हेन्री जेम्सकृत उपन्यास **डेइजी मिलर**को नेपाली अनुवाद **डेइजी मिलर** (वि.सं. २०६८) लाई ओरिएन्टल पब्लिकेसन, काठमाडौँले प्रकाशित गरेको छ। नाटक अनुवादका उपयुक्त विधिहरू प्रयुक्त सो अनुवादका सर्जक हाल नेपाल संस्कृत विश्वविद्यालयबाट अनुवाद अध्ययन विषयमा **मेघदूत**का बहुल अनुवादको विषयमा विद्यावारिधि गर्दै छन्। (नवराज) सम्पर्क: ९८४६०७१४७८

दक्षिणादेवी गजुरेल

दक्षिणादेवी गजुरेलको जन्म असमको शोणितपुरमा सन् १९८१ मा भएको थियो। एम. ए. उत्तीर्ण गजुरेलका नेपाली र असमिया भाषामा रचनाहरू प्रकाशित छन्। उनले कृष्ण प्रसाईंद्वारा लिखित **घामको वर्षा** शीर्षकको ध्यान कविताहरूको सङ्कलनलाई असमियामा **रदर बरषून** शीर्षकमा अनुवाद गरिन् जसलाई डोका इन्टरनेसनल हडकडले सन् २०१७ मा प्रकाशनमा ल्यायो। शिक्षण पेसामा संलग्न गजुरेलको **म बोल्दिनँ** शीर्षक कविता सङ्ग्रह प्रकाशित छ। (गोविन्द) सम्पर्क: ९७०६४७६९८५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दमनराज तुलाधर (वि.सं. १९७३-२०४०)

दमनराज तुलाधरको जन्म काठमाडौँमा भएको थियो। स्नातकसम्मको अध्ययन गरेका तुलाधरले शिक्षण पेसामा जीवन व्यतीत गरे। उनको **तीन दिनको एक महिना** शीर्षकको कविता सङ्ग्रह (वि.सं. २०५५) प्रकाशित छ। तुलाधरले जर्मन लोक विश्वासमा आधारित महान् जर्मन साहित्यकार गेटेको अङ्ग्रेजीमा अनूदित **फाउस्ट** (नाटक) लाई नेपालीमा ल्याए। (गोविन्द)

दया बेचैन

दया खड्गी 'बेचैन' को जन्म वि.सं. २०२० मा पाटनस्थित कोन्तीमा भएको हो। स्वाध्ययनद्वारा बेचैनले **न्हगु प्रतिभा** नामक पत्रिका सम्पादन गरेका छन्। कवि र कथाकार बेचैनको **प्वगिं जिमिगु पलाः** (कथा : सहलेखन, वि.सं. २०३९), **भावनाया छगू न्हगु संसार** (कथा सङ्ग्रह, वि.सं. २०४९), **जि व जिगु यात्रा** (कविता, वि.सं. २०५५) प्रकाशित छन्। उनले **प्रेमचन्द की कथा**लाई **प्रेमचन्दया न्यापु बाखं** नामबाट वि.सं. २०६१ मा प्रकाशित गराएका छन्। (नवीन)

दलबहादुर क्षत्री

दलबहादुर क्षत्रीको जन्म असमको बरपेटा जिल्लामा सन् १९०३ मा भएको थियो। हाल बाघरबरी गुवाहाटीमा स्थायी बसोवास भएका क्षत्रीले एम. ए. तथा एल.एल.बी. गरी सरकारी सेवामा प्रवेश गरेका थिए। अन्त्यमा आई.ए.एस. अफिसरसम्मको उच्च पदमा पुगी सन् १९९८ देखि सेवा निवृत्त जीवन व्यतीत गरिरहेका छन्।

उनले लीलबहादुर क्षत्रीकृत प्रसिद्ध उपन्यास **बसाइँ**को सोही शीर्षकमा असमियामा अनुवाद गरी सन् २००७ मा सीता क्षत्रीबाट प्रकाशित गराए। यस कृतिमा प्रसिद्ध असमिया साहित्यकार होमेन बर्गोहात्रीको भूमिका रहेको छ। (गोविन्द) सम्पर्कः ९४३५३४९९२२६

दानियल खालिङ (इ. १९२९-१९९६)

दानियल खालिङ दार्जिलिङमा जन्मेर त्यहीं नै दिवङ्गत हुने एक स्रष्टा, दार्शनिक र विशेष गरी अनुवादक हुन्। अङ्ग्रेजी साहित्यमा एम.ए. गरेका खालिङले रोयल नेपाल एकेडेमीको स्थापनाको दशकमा धेरै महत्त्वपूर्ण योगदान पुऱ्याए। वि.सं. २००७ को क्रान्तिलाई सहयोग गर्दै नेपाल आएका उनी नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा प्रवेश गरे। प्रतिष्ठानको पहिलो अनुवाद प्रकाशन **सेभेन नेपाली पोएट्स** (इ. १९७०) अनुवादमा रहँदा उनले महाकवि रवीन्द्रको **चित्राङ्गदा**को सोही शीर्षकमा बङ्गालीबाटै नेपालीमा अनुवाद गरे र एकेडेमीले वि.सं. २०२९ मा प्रकाशित गऱ्यो। खालिङको यस अनुवादमा उनको कवित्व झल्किएको छ। वि.सं. २०३५ पश्चात् उनी काठमाडौँ बनारस, सिलिगुडी गर्न थाले। सिलिगुडीको प्रधान नगरमा बसेर **सगर प्रकाशन** नामक प्रकाशन संस्था खोले र साहित्यिक कृतिको अनुवाद र प्रकाशनमा लागि परे। विलियम सेक्सपियरकृत **मर्चेन्ट अफ भेनिस**को रामचन्द्र गिरीद्वारा अनूदित **भेनिसका महाजन** यहाँबाट प्रकाशित पहिलो कृति हो। पछि नेपाल फिरेर बिर्तामोडमा बसी अन्तिमसम्म शिक्षा र साहित्य सेवामा लागिरहे। अन्त्यमा दार्जिलिङमै उनको देहान्त भयो। नेपालको राजनीति, शिक्षण सेवा, साहित्य र समालोचनामा खालिङको ठुलो योगदान छ। (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दामोदर शर्मा

कास्कीमा जन्मिएका दामोदर शर्मा पेसाले इन्जिनियर हुन्। शर्मा बितेका केही वर्षयता नेपाली कथा सङ्ग्रहहरूको अङ्ग्रेजी अनुवादमा सक्रिय छन्। उनले भागीरथी श्रेष्ठको कथा सङ्ग्रह **सूर्यास्तपछिलाई आफ्टर सनसेट** (इ. २०१२) शीर्षकमा अनुवाद गरेका छन्। प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित **मोजाइक** (वि.सं. २०७०) शीर्षकको कृति पनि उनैले अनुवाद गरेका हुन्। उक्त सङ्ग्रहमा नेपालीलगायत नेपाल भाषा, मैथिली, भोजपुरी, लिम्बू, राई, मगर आदि साहित्यबाट आएका २५ कथाको अनुवाद समेटिएका छन्। त्यसै गरी शर्माले जलेश्वरी श्रेष्ठको **नियतिचक्र** र माया ठकुरीका **चुनिएका प्रतिनिधि कथाहरू**को सङ्ग्रहलाई क्रमशः **व्हील अफ डेस्टिनी** (इ. २०१६) र अफ **लेसर गड** (वि.सं. २०७३) शीर्षकमा अनुवाद गरेका छन्। अक्षर प्रकाशनले बाहिर ल्याएको अफ **लेसर गड**मा कथाकार ठकुरीका २० कथा सङ्गृहीत छन्। यीबाहेक अनुवादक शर्माका फुटकर अनुवादहरू विभिन्न प्रकाशनमा छापिएका छन्। (बलराम)

दिनेश गुप्ता

वि.सं. २०२२ मा पर्सा जिल्लको वीरगञ्जमा जन्मिएका दिनेश गुप्ताले राजनीतिशास्त्रमा स्नातकोत्तर गरेका छन्। नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व प्राज्ञसभा सदस्य तथा गोरखापत्र राष्ट्रिय दैनिकमा भोजपुरी पृष्ठका संयोजक गुप्ताले डा. ध्रुवचन्द्र गौतमकृत सुत्र उपन्यास **फूलको आतंक**लाई भोजपुरीमा **फूलके आतंक** (इ. २०१२) शीर्षकमा अनुवाद गरेका छन्। त्यस्तै उनका गोरखापत्रको भोजपुरी अङ्कहरूमा नेपाली, मैथिली, हिन्दी, अङ्ग्रेजी भाषाका विभिन्न सान्दर्भिक लेख र रचना सङ्ग्रै निवन्ध, कथा, कविता आदि भोजपुरी भाषामा प्रकाशित छन्। (विनित) सम्पर्कः ९८५१०५५२५१

दिनेशराज भुजू

वि.सं. २०१५ मा भक्तपुरको उमाकुञ्जमा जन्मेका दिनेशराज भुजू हाल काठमाडौँस्थित बाःहिति छाउनीमा बसोवास गर्दै आइरहेका छन्। विज्ञान विषयमा विद्यावारिधि गरेका भुजू एकाङ्की नाटक लेखनका कारण श्रेष्ठ सिरपाबाट सम्मानित भएका थिए। उनले विज्ञान निबन्ध लेख्नुका साथै कविता र एकाङ्की नाटक लेख्ने गरेका छन्। **बायावंगु लँपु** उनको एकाङ्की नाटक हो। उनले Kobo Abe ले अङ्ग्रेजीमा लेखेको **द म्यान हु टर्न्ड इन्टु अ स्टिक** शीर्षकको नाटकलाई नेपाल भाषामा **कथि जूम्ह मनु** शीर्षकमा अनुवाद गरेका छन्। **भुजूले** नेपाल भाषा, नेपाली र अङ्ग्रेजी भाषाका क्षेत्रमा काम गरेका छन्। (नवीन) सम्पर्कः ९८५११७३१११

दीपक अधिकारी

वि.सं. २०३२ मा पाँचथरको फिदिममा जन्मेका दीपक अधिकारीले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गरेका छन्। *कान्तिपुर दैनिक* पत्रिकाका पूर्व सम्वाददातासमेत रहेका अधिकारी हाल जर्मन प्रेस एजेन्सीका लागि कार्यरत छन्। उनले मञ्जुश्री थापाद्वारा लिखित जीवनी **अ ब्वाइ फ्रम सिक्लेसः द लाइफ एन्ड टाइम्ज अफ चन्द्र गुरुङ** (इ. २००९) लाई नेपालीमा अनुवाद गरेका छन्। **सिक्लेसको ठिटोः चन्द्र**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुङको जीवन र जीवनकाल (इ. २०११) शीर्षकमा अनूदित उक्त पुस्तक सन् २००६ को हेलिकप्टर दुर्घटनामा दिवङ्गत नेपालका प्रख्यात वातावरणविद् चन्द्र गुरुङको जीवनी हो । अङ्ग्रेजी प्रकाशन पेन्गुइन बुक्स इन्डियाले गरेकोमा नेपाली अनुवादलाई हिमाल बुक, काठमाडौँले प्रकाशन गरेको हो । (बलराम)

दीर्घराज घिमिरे

रामेछाप जिल्लाको चिसापानीमा वि.सं. १९९८ मा जन्मेका दीर्घराज घिमिरेले न्याय दर्शन तथा वेदान्त दर्शनमा आचार्य उत्तीर्ण गर्नुका साथै वेदान्त दर्शनमा विद्यावारिधि उपाधिसमेत हासिल गरेका छन् । प्राध्यापक घिमिरेले लामो समय न्याय दर्शनको प्राध्यापन गर्दै **श्रीमद्भगवद्गीता** (**तत्त्व प्रकाश नेपाली टीकानुवाद**, १-५ भाग, वि.सं. २०५६-२०७३) र **ब्रह्मसूत्र** (नेपाली अनुवाद) अनूदित कृति रहेका छन् । (माधव)

दुर्गा खतिवडा

दुर्गा खतिवडाको जन्म असमको शोणितपुरस्थित शिलिखाबारी गाउँमा सन् १९५९ मा भएको थियो । हाल उनी गुवाहाटीमा अध्यापन कार्यमा संलग्न छन् ।

प्रारम्भमा असमिया भाषामा अभ्यास गरी नेपाली भाषा साहित्यतिर आकृष्ट भएका दुर्गाले बिस्तारै पुस्तक लेखन सम्पादनतिर अभिरुचि बढाए । उनका अनूदित कृतिमध्ये पहिलो हो जेरिन बरुवाको **असमिया बाबा मृत्युञ्जय**को नेपाली अनुवाद (इ. १९९६) । अनि दोस्रो ग्रन्थ हो **ब्रह्मपुत्रका छालहरू** । यसको मूल ग्रन्थ हो दिनेश शर्माको असमिया लघुकथा **गल्पर गाछपेश** उक्त अनूदित ग्रन्थका लागि साहित्य अकादेमीबाट सन् २००१ को अनुवाद पुरस्कार प्राप्त गरे । त्यसै गरी असम सरकारको 'जनजागरण' नाममा लेखिएको असमिया पुस्तकलाई सन् २०१३ मा सोही शीर्षकमा अनुवाद गरेका छन् । (गोविन्द)

दुर्गालाल श्रेष्ठ

वि.सं. १९९४ काठमाडौँको असन नजिकै न्हाय्कंतलामा जन्मेका दुर्गालाल श्रेष्ठले नेपाल भाषा र नेपाली दुवै भाषामा कलम चलाउँछन् । 'जनकवि' सम्मान पाएका दुर्गालालले आई.ए.सम्मको अध्ययन गरेका हुन् । अध्यापन क्षेत्रमा परिचित श्रेष्ठ सिरपा, नेवाः हना सिरपा, नरोत्तम इन्दिरा सिरपाबाट सम्मानित भइसकेका छन् ।

श्रेष्ठका **चिनियाम्ह किसिचा** (**कविता**), **झीगु म्ये**, **झसुकाः**, **चिनियाचम्पा**, **सलछ्यांया बेला** जस्ता बालकथा, बाल पुस्तक, गजलका पुस्तकहरू प्रकाशित भएका छन् भने उनीद्वारा रचित थुप्रै गीतहरू पनि सुन्न पाइन्छ । लसय् हंगु विरोधका क्रान्तिकारी गीत होस् र फूलको आँखामा फूलै संसार जस्ता गीतहरू चर्चित छन् ।

उनले धर्मरत्न 'यमि'द्वारा लिखित **सँदेया लिसः** (खण्डकाव्य) लाई **ल्हासा बोल्छे** शीर्षकमा वि.सं. २००८ मा प्रकाशित गरेका छन् । त्यसै गरी एउटा बाल गीतिकथालाई अङ्ग्रेजीबाट **सलछ्यंया बेला** शीर्षकमा नेपाल भाषामा अनुवाद गरे जसलाई पासा मुना प्रकाशनले वि.सं. २०२४ मा प्रकाशित गऱ्यो । त्यसै गरी उनले केही चिनियाँ कवितालाई नेपाल भाषामा ल्याएर **कुलिकासा** इ. १९६७ शीर्षकमा नेपाल चिन मैत्री सङ्घबाट प्रकाशित गराए । उनले सिद्धिचरण श्रेष्ठद्वारा लिखित **उर्वशी** खण्डकाव्यलाई नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषामा ल्याई सोही शीर्षकमा वि.सं. २०३६ मा प्रकाशित गराए। त्यसै गरी रुसी स्रष्टा अलेक्जान्डर पुस्किनका बालगीतलाई नेपाल भाषामा अनुवाद गरी **उलिंचा बाखं थुलिं** शीर्षकमा सन् १९८६ **मा** छपाए। त्यसपछि भारतीय महाकवि हरिवंश राय बच्चनद्वारा लिखित **मधुशाला**लाई नेपाल भाषामा ल्याई **सुलिं** शीर्षकबाट वि.सं. २०४५ मा छपाए। त्यसपछि उनले बङ्गाली कवि काजी नजरुल इस्लामका **सेलेक्टेड सङ्स** शीर्षक सङ्ग्रहका कवितालाई **काजी नजरुल इस्लामया छपासः मे** शीर्षकमा सन् २०११ मा छपाए। त्यति मात्र नभई उनले १७ वटाभन्दा बढी बाल गीतिकथा तथा बाल कविताको अनुवाद गरेका छन्। (नवीन) सम्पर्कः ९८५१०३३१०५

दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र'

दुर्गाप्रसाद श्रेष्ठले यदाकदा 'उपेन्द्र' उपनाम प्रयोग गर्दछन्। उनी नेपाली भाषाका प्रतिष्ठित कथाकार, समालोचक, अनुवादक एवम् सम्पादकको रूपमा परिचित छन्। कतिपय अङ्ग्रेजीमा पनि लेखेका छन्। उनी ठुलो ऐतिहासिक स्थान आर्जन गर्ने **उदय** (बनारस) का संस्थापक काशीबहादुर श्रेष्ठका सुपुत्र हुन्। जसको जन्म सन् १९३९ मा जनकपुरमा भएको थियो। दुर्गाप्रसादले सबै अध्ययन बनारसमा गरे। हिन्दी साहित्य लिएर स्नातकोत्तरसम्म पुगे र विविध प्रकारका नोकरीको शृङ्खला नेपालमा सुरु गरे र फेरि बनारस फर्के। सन् १९६७ मा **सम्झना** शीर्षक कथा छापेर साहित्यमा प्रवेश गरेका दुर्गालालले त्यसयताका ५० वर्ष साहित्यमै व्यतीत गरेका छन्। उनी अधिकांश समय बनारसमै बसे तर दुवैतिरका स्रष्टालाई साहित्यमार्फत जोड्ने काममा लागेकाले उनलाई "नेपाल भारतका साहित्य सेतु" भनिन्छ। उनले नेपाली भाषामा लेखेका पाँच उपन्यास, एक कविता सङ्ग्रह, एक समालोचना सङ्ग्रह छन् भने हिन्दीमा तीन आख्यान र एक यात्रा संस्मरण छन्। त्यसै गरी उनले सम्पादन गरेका कृति यस प्रकार छन्। : **काशीबहादुर श्रेष्ठ** (मोनोग्राफ, इ. २००३), **काशीबहादुर श्रेष्ठ व्यक्तित्व र कृतित्व** (इ. २०१५), **कमला सांकृत्यायन** (निबन्ध, इ. २०१५), **वचन** (नेपाली उपन्यास का हिन्दी अनुवाद, इ. २०१५) उनी ठुलो ऐतिहासिक स्थान आर्जन गर्ने **उदय** (बनारस) का संस्थापक काशीबहादुर श्रेष्ठका सुपुत्र हुन्।

उनले दुईवटा कृतिको अनुवाद गरेका छन्। ती हुन्: (क) **तैलंग स्वामीको जीवनी** (वि.सं. २०६९) र (ख) **वचन** रत्न पुस्तक भण्डारबाट प्रकाशित)। जम्मा १६३ पृष्ठको **तैलंग स्वामीको जीवनी**मा अनुवादका अन्य कुरा छैनन् तर प्रकाशकीयमा सबै कुरा प्रस्ट छ, यसरी : *महात्मा तैलंग स्वामीको जीवनी मूल बङ्गाली भाषामा थियो जसका लेखक थिए उमाचरण मुखोपाध्याय। श्री वासुदेव चटर्जी महोदयले यसलाई हिन्दी भाषामा अनुवाद गर्नुभयो र श्री गोविन्दभट पोखरकरले प्रकाशित गरी सर्वसुलभ बनाउनुभयो। यस्ता अलौकिक विभूतिको जीवनी नेपाली भाषामा प्रकाशित गर्न पाउँदा हामी अत्यन्तै हर्षित छौं। यस पुस्तकको नेपाली अनुवाद प्रस्तुत गर्नुभएबापत हिन्दी-नेपालीका साहित्यकार श्री दुर्गाप्रसाद श्रेष्ठ धन्यवादका पात्र हुनुहुन्छ।*

त्यसै गरी काशीबहादुर श्रेष्ठले हिन्दीमा लेखेको **वचन** शीर्षकको उपन्यासलाई सोही शीर्षकमा दुर्गाप्रसादले अनुवाद गरेका छन्। (गोविन्द)

दुर्लभलाल सिंह (वि.सं. १९९२-२०४५)

काठमाडौँको ओमबहालमा जन्मिएका दुर्लभलाल सिंह नेपाल भाषामा बढी कलम चलाउने साहित्यकारको रूपमा परिचित छन्। नेपाली भाषामा लेखिएको **झुलभित्रको मान्छे** (लघुकथा सङ्ग्रह, वि.सं. २०३८, साझा प्रकाशन) एक प्रसिद्ध कृति हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवाद क्षेत्रमा पनि सक्रिय उनका जापानी लेखक साबुरो सिरोयामाको अङ्ग्रेजीमा लेखिएको **द लाइफ एन्ड डेथ अफ हिरोता कोकी**को नेपाली अनुवाद **युद्ध अपराधी** (ऐतिहासिक जीवनी) प्रकाशित छ। यो कृति वि.सं २०४५ मा साझा प्रकाशनबाट प्रकाशित भएको हो। (जयदेव)

दुण्डबहादुर बज्राचार्य

पाटनको गाःबहालमा वि.सं. २००४ मा जन्मेका दुण्डबहादुर बज्राचार्य (सानुभाइ) बौद्ध धर्मसम्बन्धी लेखन र अनुवादमा संलग्न छन्। उनको पुख्यौंली पेसा भने सुनचाँदीका गहना बनाउने हो। एम.ए. र बी.एल. अध्ययन गरेका बज्राचार्यले सबभन्दा पहिले **इतिवृत्तक** (बौद्ध वाङ्मय, वि.सं. २०३२) को अनुवाद गरेका थिए। विशेष गरी पाली भाषाका पुस्तकहरू अनुवाद गर्दै आएका उनले बौद्ध साहित्यमा आधारित जातक कथाहरू **बोधिसत्वया बाखं** (बोधिसत्वका कथा १-६, वि.सं. २०६८), **मिलिन्दप्रश्न** (मिलिन्द राजा र नागसेन प्रश्नोत्तर, वि.सं. २०४१), **दीर्घनिकाय** (वि.सं. २०४६), **मजिम्मनिकाय** (इ. १९९७), **संयुक्त निकाय** (वि.सं. २०५५) आदि पाली भाषाबाट नेपाल भाषामा अनुवाद गरेका छन्। (नवीन) ९८४१२१७४२९

देवीचरण सेढाई

देवीचरण सेढाईंको जन्म असमको शोणितपुर जिल्ला (धिराइ माजुली) मा सन् १९६१ मा भएको थियो। त्रिविबाट एम.ए. (नेपाली) उत्तीर्ण सेढाईं डिग्बोईमै शिक्षण पेसामा संलग्न छन्। उनले एउटा कृतिको असमियामा अनुवाद गरेका छन्। त्यो हो सानु लामाको सङ्कलन **जोशमणि सन्त परम्परा** जसलाई साहित्य अकादेमी कलकत्ताले सन् २००६ मा सोही शीर्षकमा प्रकाशनमा ल्याएको छ। (गोविन्द) सम्पर्क: ००९१-८४८६६७८७५८

देवीप्रसाद वनवासी

वि.सं. १९९७ मा स्याङ्जाको अर्मादीमा जन्मेका देवीप्रसाद उपाध्याय रेग्मीको उपनाम 'वनवासी' हो। उनको विशेष क्षेत्र बाल साहित्य भए पनि सृजनाका अन्य विधाहरूमा पनि निरन्तर साधना गरिरहेका छन्। हिन्दी-नेपाली अनुवादतर्फ पनि उनले उल्लेखनीय योगदान गरेको देखिन्छ। उनको एउटा महत्त्वपूर्ण अनुवाद हो **त्रिवेणी**। ६० पृष्ठको नाटक सङ्ग्रह **त्रिवेणी**मा भारतेन्दु हरिश्चन्द्रको सन् १९३८ मा रचित हास्य व्यङ्ग्य नाटक **अन्धेर नगरी**, नन्दकिशोर आचार्यको ऐतिहासिक नाटक **हस्तिनापुर**, जयशंकर प्रसादको ऐतिहासिक नाटक *पश्चात्ताप* गरी तीन अनूदित नाटक सङ्गृहीत छन्। यसलाई हरेलो प्रकाशन वालिङले वि.सं. २०६३ मा प्रकाशित गरेको थियो। त्यसै गरी 'वनवासी'ले **मेलमिलाप** शीर्षकमा अर्को कृतिको पनि अनुवाद गरेका छन्। त्यसलाई उनले बी.पी. दस्तावेज पनि भनेका छन्। हालै उनको **बाहिरबाट** शीर्षकमा एक अनूदित कृति प्रकाशित भएको छ। जसमा उमाकान्त नायक, नजरुल इस्लाम, गणेश सुक्ला, माओत्सेतुङ, अहमद खान्सा, चेना पेई, ओ हेनरी, विलियम बट्लर यिट्स जस्ता १४ विभिन्न लेखकका रचनालाई विशेष गरी गोविन्द भट्टले र अरू आफैले अनुवाद गरी नेभासा-अनुष्ठान स्याङ्जाबाट प्रकाशित गराएका छन्। यहाँ सङ्कलित कथा, कविता, आलेखहरूका अनुलेखक र सम्पादकको रूपमा उनले आफूलाई परिचित गराएका छन्। हिन्दी भाषामा प्रकाशित **दिनमान** पत्रिकाबाट बी.पी. कोइरालाको राष्ट्रिय मेलमिलापको नीति र सिद्धान्तसम्बन्धी लेखहरूको सङ्कलन गरी अनूदित कृतिको रूपमा उनले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत गरेका छन्। जम्मा १२२ पृष्ठको यस पुस्तकमा ४२ वटा उपशीर्षक रहेका छन्। बी.पी. कोइरालाबारे विषयक अध्ययनका निमित्त यो एक अपरिहार्य कृति हो। यस कृतिलाई स्याङ्जाका किशोर रेग्मीले सन् २००६ मा प्रकाशन गरेका हुन्। हालसम्ममा विविध विधामा ५२ वटा कृति प्रकाशित गर्ने 'वनवासी' लाई पछिल्लो **क्रान्ति पुरुष** (बी.पी. कोइरालाको जीवन) का निमित्त राष्ट्रिय पुरस्कार र सम्मान प्राप्त भएको छ। (यमबहादुर) सम्पर्क: ९८४६२२५५६३

देवेन्द्र नेपाली

वि.सं. २०४१ मा जन्मेका देवेन्द्र नेपालीले नेपाली साहित्य र प्रशासनमा स्नातकोत्तर गरेका छन्। कृति सम्पादन र अनुवादमा गहिरो रुचि भएका नेपालीका तीनवटा अनुवाद प्रकाशित छन्। उनले भ्लादिमिर नाबोकोभको विश्व प्रसिद्ध उपन्यास **लोलिता**को सोही शीर्षकमा नेपालीमा अनुवाद गरेका छन्। द टाइम्ज प्रकाशनले यसलाई वि.सं. २०७१ मा बजारमा ल्यायो। त्यसै गरी उनले ओशोको **प्रेम और विवाह**लाई **प्रेम र विवाह** शीर्षकमा हिन्दीबाट नेपालीमा अनुवाद गरे जसलाई एस.पी. प्रकाशनले वि.सं. २०७२ मा प्रकाशनमा ल्यायो। नेपालीले एरिक सेगलको उपन्यास **लभ स्टोरी**को पनि अनुवाद गरेका छन्। **लभ स्टोरी** (वि.सं. २०७३) शीर्षकमा अनूदित यस पुस्तकको प्रकाशक बुक वर्ल्ड पब्लिकेसन रहेको छ। यसबाहेक नेपालीले राज सरगमको उपन्यास **चिम्नी**, अनुपस रोशीको उपन्यास **कालो छायाँ**, केशु विरहीको कथा सङ्ग्रह **सुलोचन** र झमक घिमिरेको **समय विम्ब** लगायत आधा दर्जनभन्दा बढी पुस्तकको सम्पादन गरेका छन्। (गोविन्द) सम्पर्क: ४२३३३९५

देवेन्द्रराज उपाध्याय अर्जेल (वि.सं. १९८३-२०५९)

देवेन्द्रराज उपाध्याय अर्जेलको जन्म सप्तरीमा भएको थियो। अमेरिकाबाट स्नातकोत्तर गरेका उपाध्यायले कुटनीति, प्रशासन र लेखनमा आफ्नो जीवन व्यतीत गरे। प्राज्ञसमेत रहेका उपाध्यायले पाश्चात्य र खास गरी ग्रिसेली साहित्यको अनुवादमा ठुलो योगदान दिएका छन्। उनका **गीता र प्रेरणा** (वि.सं. २०४२), **भगवान् बुद्धको उपदेश** (वि.सं. २०४४), **सभ्यताको दोसाँध** (संस्मरण, वि.सं. २०५५), जस्ता कृति प्रकाशित भएका छन् भने उनले ग्रिसेली महान् नाटककार सफोक्लिजको नाटक **इडिपस**लाई सोही शीर्षकमा प्रकाशित गरे। पछि सफोक्लिजकै **एन्टिगनी** (वि.सं. २०१७), एस्किलसको **अगामेम्नन** (वि.सं. २०२०), जापानी स्रष्टा कोमोजोको नाटक **चूँयाँ** (वि.सं. २०१८) सबै नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाटै छापिए। उनले मिर गालिब इकवालका पद्य र फैज अहमद फैजका कवितालाई पनि नेपालीमा अनुवाद गरेका छन्।

उनले उर्दूका केही चुनिएका गजलहरू (सरला उपाध्याय - वि.सं. २०४३), भारतीय लेखक मृणालिनी साराभाईको कृति **नल र दमयन्ती** (इ. १९७८), भगवान बुद्धका उपदेशको पनि नेपाली अनुवाद गरेका छन्। (जयदेव)

धम्मालोक महास्थविर (वि.सं. १९४९-२०२४)

भिक्षु धम्मालोक महास्थविर विभिन्न नामबाट चिर परिचित व्यक्तित्व हुन्। बाबुराम, बारां साहु, दशरत्न तुलाधर, भिक्षु धर्मालोक, प्रज्ञाभिवंश, मञ्जुहर्ष, शाक्य भिक्षु नामका धनी महास्थविरको जन्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असनको धालासिक्व बहाःमा भएको हो । धम्मालोक भिक्षु भएपछि आनन्द कुटी विहारमा बस्न थाले । साधारण लेखपढ गरेका धम्मालोकले नेपाल भाषा, नेपाली र हिन्दी भाषामा बौद्ध धर्म यात्रा विषयका पुस्तकहरू लेखन तथा अनुवाद गर्ने गरेका छन् । धम्मालोक महास्थविरले आफ्नै कृति **महाचीन यात्रा**लाई अङ्ग्रेजीमा **पिल्ग्रिमेज टु ग्रेट चाइना** शीर्षकमा अनुवाद गरी **धर्मोदय सभा लुम्बिनी**बाट सन् १९८० मा प्रकाशित गराएका छन् । **लोके कुव्यवहार कुचाल सुधार, अनुत्तर विजय गुरु मण्डल, बुद्धगुण, धर्मगुण, सङ्घ गुण, ईश्वर म्हसीकि** जस्ता पुस्तक लेखेका धम्मालोकले **ज्ञानमाला** (१-२-३) पुस्तक सम्पादन गरेका छन् । राणा कालमा धर्म प्रचार गरेको आरोपमा महाप्रज्ञाका अन्य आठ भिक्षु र श्रामणेरका साथ उनलाई पनि देश निकाला गरिएको थियो । (नवीन)

भिक्षु धर्मगुप्त महास्थविर

भिक्षु धर्मगुप्तले टी.बी. यातावाराद्वारा अङ्ग्रेजीमा लिखित **द स्टोरी अफ टनेल**लाई **उमङ्गजातक** शीर्षकमा अनुवाद गरेका छन् । यो भगवान बुद्धको पूर्वजन्म सम्बन्धी जीवन्त कथा हो । सह-अनुवादक भएर लक्ष्मण मगरले काम गरेको देखिन्छ । सङ्ग्रहमा ४४ वटा कथा रहेका छन् । अनुवादक स्वयम्ले यस कृतिलाई वि.सं. २०७३ मा प्रकाशनमा ल्याएका छन् । (नवीन)

धर्मरत्न शाक्य 'त्रिशूली' (वि.सं. १९८७-२०६३)

नुवाकोटको त्रिशूलीमा जन्मेका धर्मरत्न शाक्य 'त्रिशूली' को अध्ययन संस्कृत र पाली भाषामा भएको थियो । धार्मिक ग्रन्थ, गीत, नाटक, अनुवाद र निबन्ध लेखन गर्ने शाक्यले समाज सेवा र पुस्तक लेखनमा समय विताएका थिए । बौद्ध धर्मसम्बन्धी लेख तथा पुस्तक लेखक शाक्यका **खुद्दक पाठ, चरियापिटक, अंगुलिमाल** (कथा), **बुद्धोपदेशित सार सङ्ग्रह, देवधम्म जातक** जस्ता पुस्तकहरू प्रकाशित छन् । पाली भाषामा लेखिएको **बुद्धोपदेशित** (**सार-सङ्ग्रह**) नेपाल भाषामा अनुवाद गरी प्रकाशित भएको छ । तर यस पुस्तकमा मिति उल्लेख गरिएको छैन । (नवीन)

धीरेन्द्र प्रेमर्षि

सिराहाको गोविन्दपुरमा वि.सं. २०२३ मा जन्मेका धीरेन्द्र प्रेमर्षिले स्नातकोत्तर तहसम्मको अध्ययन गरेका छन् । प्रेमर्षिको लेखनको विशेष विधा कथा, कविता तथा हास्य लेखन हो । उनले मैथिली, नेपाली, हिन्दी, भोजपुरी, अवधी भाषाका अनेकौं फुटकर रचना एक भाषाबाट अर्कोमा अनुवाद गरेका छन् । उनका उल्लेख्य कर्महरूमा गोविन्द गिरी 'प्रेरणा' को **स्वप्न कथा जारी छ**को **स्वप्न कथा चलिरहल अछि**, (मैथिली, वि.सं. २०५०), कनकमणि दीक्षितको यात्रा वृत्तान्त **धूमधामको घुमघामको भगता बेंक देश-भ्रमण** (मैथिली, वि.सं. २०५९), महेन्द्र मलङ्गियाका एकवटा मैथिली एकाङ्की सङ्कलनको **मलङ्गियाका मैथिली एकाङ्की** (वि.सं. २०६५, नेपाली), श्यामप्रसादका फुटकर नेपाली निबन्धहरूको सङ्ग्रह **श्यामप्रसादक श्वेत आखर** (वि.सं. मैथिली, वि.सं. २०६९), सिके लालका मैथिली निबन्धको सङ्ग्रह **मिथिला मन्थन** (नेपाली, वि.सं. २०७०) र वसन्त चौधरीको नेपाली कविता सङ्ग्रह **वसन्त**को सोही शीर्षकमा (मैथिली, वि.सं. २०७३) रहेका छन् । यी अनूदित कृतिका प्रकाशकहरूमा क्रमशः मैथिली विकास मञ्च, रातो बङ्गला किताब, साझा प्रकाशन, नेपाल प्रज्ञा-प्रतिष्ठान, नेपाल मधेस फाउन्डेसन र लुनकरण दास गंगादेवी चौधरी साहित्य कला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्दिर काठमाडौँ रहेका छन्। **धूमधामको घुमघाम**को सह-अनुवादकका रूपमा रूपा धीरु (झा) ले काम गरेकी छन्। प्रसिद्ध कलाकार रूपा झा मैथिली-नेपाली भाषाकी स्रष्टा पनि हुन्। (गोविन्द) सम्पर्क: ९८५१०४४७३३

धूस्वां साय्मि (वि.सं. १९८७-२०६४)

धूस्वां साय्मिको नामले परिचित गोविन्दबहादुर मानन्धरको जन्म न्हुसाल, काठमाडौँमा भएको हो। उनले एम.ए. (इन्डोलोजी) अध्ययन गरेका छन्। नेपाल भाषा, नेपाली, हिन्दी र अङ्ग्रेजी लेखनमा कलम चलाएका साय्मिले कथा, कविता, नाटक र उपन्यास लेखेका छन्। **वँ** नामक पुस्तक सम्पादन गरेका साय्मि श्रेष्ठ सिरपा, साहित्य सुता र भाषा थुवाः उपाधिले सम्मानित छन्।

प्राध्यापन पेसामा संलग्न साय्मि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सदस्य, भारतमा नेपालको सांस्कृतिक सहचारी एवम् गंकी बसुन्धरा पुरस्कारका संस्थापक हुन्। **न्याफोस्वां, ब्वाला (कथा), त्रिवेणी (नाटक), मिसा, गंकी, पासा, पल्पसा (उपन्यास), ह्याउँ निभालं (नाटक)** उनका कृतिहरू हुन्। साय्मिले आफ्नो कृति **जि भ्वातिं, जि सतः** (नेपाल भाषा) लाई **मैं दासी मैं सराय** नामबाट हिन्दी भाषामा अनुवाद गरेका छन्। (नवीन)

ध्रुव मधिकर्मी

वि.सं. २०१५ कात्तिक १३ गते भक्तपुरमा जन्मेका ध्रुव मधिकर्मी नेपाली साहित्य जगत्मा कथाकार, समालोचक, कवि, अनुवादक र साहित्यिक पत्रकारको रूपमा परिचित छन्। त्रिभुवन विश्वविद्यालयबाट स्नातक गरेका मधिकर्मीको पहिलो कविता अर्पण साप्ताहिकमा वि.सं. २०३३ मा प्रकाशित भएको थियो। उनका कृति तथा सृजनाहरूमा **सन्दर्भ समय** (कविता सङ्ग्रह, वि.सं. २०३९), **अवतार विघटन** (संयुक्त उपन्यास, वि.सं. २०४५), **जिन्दगी र समय** (कथा सङ्ग्रह, वि.सं. २०४५, **बुद्ध कहीं छैन** (लघुकथा सङ्ग्रह, वि.सं. २०५१), **समकालीन नेपाली कविता प्रवृत्ति** (समालोचना, वि.सं. २०५१), दृष्टि र घनघोर जङ्गल (कथा सङ्ग्रह) **ध्रुव मधिकर्मीया बाखं** (नेपाल भाषाको कथा सङ्ग्रह, वि.सं. २०६२), **पीडांको जङ्गल** आदि रहेका छन्। थुप्रै साहित्यिक सङ्घसंस्थामा आबद्ध हुनुका साथै सम्पादन र अनुवाद कार्यमा व्यस्त मधिकर्मीले आरोहण त्रैमासिक (वि.सं. २०३६-२०४७), पुनर्जागरण (साप्ताहिक समाचार पत्रिका) लगायतमा कार्य गरेका छन्। नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित हुँदै आएको **थाय्भु** पत्रिकाका कार्यकारी सम्पादक तथा नेपाल प्रज्ञा-प्रतिष्ठानको प्राज्ञ सभा सभासद् मधिकर्मी श्रेष्ठ सिरपा, सिद्धिदास अमात्य प्रतिभालगायतबाट सम्मानित एवम् पुरस्कृत भएका छन्।

मधिकर्मीले **श्यामल आशाया चिबाखं** (नेपाल भाषा) **श्याम आशाका** लघुकथा, **सुन्दर मधिकर्मिया** कविता सङ्ग्रह, **सुन्दर मधिकर्मीको कविता सङ्ग्रह**, भरत जङ्गमको **कालो सूर्य** (हाकुम्ह सूर्यो), आनन्द जोशीका कविता (कविता सङ्ग्रह) **ब्युँझिएका पाइलाहरू** (नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित) केदार सितुको उपन्यास **तृतीय पुरुष** जस्ता पुस्तकको अनुवाद गरेका छन्। (नवीन) सम्पर्क: ६६१४४९३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्रुवलालप्रसाद निषाद

ध्रुवलालप्रसाद निषादको जन्म बाराको पिप्रादीमा वि.सं. २०४३ मा भएको हो । अङ्ग्रेजीमा एम.ए. र एम.एड. गरेका निषादले महाकवि देवकोटाकृत **चम्पा** उपन्यासको वि.सं. २०७४ मा हिन्दीमा सोही शीर्षकमा अनुवाद गरेका छन् । यस अनुवादको प्रकाशन नेपाल प्रज्ञा-प्रतिष्ठानले गरेको हो ।

(बलराम) सम्पर्क: ९८४३३०९७६२

नगेन्द्र शर्मा (वि.सं. १९९१-२०७४)

भारतको खर्साङमा जन्मेका नगेन्द्र शर्माले अङ्ग्रेजी साहित्यमा उच्च शिक्षा ग्रहण गरी नेपाली-अङ्ग्रेजी साहित्यमा गरेको योगदान प्रसंशनीय छ । स्थापित निबन्धकार शर्माका **दिस इज नेपाल** (इ. १९७२), **फोक टेल्ज अफ नेपाल** (इ. १९७४) जस्ता कृति अङ्ग्रेजी मूलमा प्रकाशित छन् भने दोस्रो कृति जापानी भाषामा पनि प्रकाशित छ । शर्माका निबन्धात्मक कृतिमा **नगेन्द्रका निबन्ध** (वि.सं. २०२६), **अन्डादेखि भ्यागुतोसम्म** (वि.सं. २०४१), **अनुस्मरण** (वि.सं. २०६८) छन् । उनले लोकेन्द्रबहादुर चन्दकृत कथा सङ्ग्रह **हिउँको तन्ना** (वि.सं. २०४२) लाई **सिट अफ स्नो** (१९९७) शीर्षकमा अनुवाद गरे जसलाई निराला प्रकाशन, इन्डियाले प्रकाशित गरेको छ । उनले अनुवाद गरेको झमक घिमिरेको जीवनीपरक संस्मरण **जीवन काँडा कि फूल** (वि.सं. २०६६) को **अ फ्लावर इन द मिड्स अफ थर्न्ज** (सफल ढुङ्गानासित इ. २०१२) र विश्वेश्वर कोइरालाको उपन्यास **हिटलर र यहुदी** (वि.सं. २०४६) लाई **हिट्लर एन्ड द जुज** (इ. २०१५) शीर्षकमा ओरिएन्टल प्रकाशन, नेपालले प्रकाशन गरेको छ । (गोविन्द)

नन्दन श्रेष्ठ

लमजुङको कुन्छामा वि.सं. २०२८ मा जन्मेका नन्दन श्रेष्ठले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी विषयमा शिक्षा र मानविकी दुवैमा स्नातकोत्तर गरेका छन् । उनको **अ रोड टु पर्फेक्सन** (वि.सं. २०६२) नेपालीबाट अङ्ग्रेजीमा अनूदित धार्मिक पुस्तक हो । सो पुस्तक साधक परिवार नेपालले प्रकाशित गरेको छ । कसरी 'सफल साधक बन्ने' भन्ने विषयमा लिखित सो पुस्तकको भावानुवाद गरेका छन् अनुवादकले ।

(नवराज) सम्पर्क: ९८४६०४६३५६

नमिता सिंह

नमिता सिंहको जन्म वि.सं. २०३७ मा काठमाडौँमा भएको हो । उनले अङ्ग्रेजी साहित्यमा एम.फिल. गरेकी छन् । उनले नरेन्द्रराज प्रसाईंद्वारा लिखित **ठाँगे उक्लेपछि** शीर्षकको नियात्रा सङ्ग्रहलाई **स्केलिङ ठाँगे** शीर्षकमा अनुवाद गरिन् । यसलाई नइ प्रकाशन काठमाडौँले वि.सं. २०७४ मा बजारमा ल्यायो । (गोविन्द)

नरदेव पाण्डे 'सुधा' (वि.सं. १९२९-२००१)

नरदेव पाण्डे 'सुधा' को जन्म काठमाडौँको भोसिको टोलमा भएको थियो । बनारसबाट संस्कृत साहित्यमा मध्यमा गरेका पाण्डे गोरखापत्रसँग आबद्ध थिए । उनी ठहिटी आढत तथा नेपालको पहिलो छापखाना पशुपति प्रेसका सञ्चालक हुन् । **वीरबलचातुरी** (वि.सं. १९५६) र **नलोपाख्यान** (वि.सं. १९५८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ता कृतिहरूका रचयिता नरदेवले गरेको अनुवाद **मेरिना चरित्र** (वि.सं. १९५९) नाममा प्रकाशित भएको देखिन्छ। पं. नरदेवका नाममा अनूदित यस पुस्तकलाई **उपदेश रहस्य** भनिएको छ। लेखक अज्ञात रहेका यस अनुवादको प्रकाशकको नाम उल्लेख भएको देखिँदैन। (बलराम)

नर पल्लव

नर पल्लव एक सक्रिय अनुवादक हुन्। उनले पारिजातको **अनिदो पहाडसँगै** (वि.सं. २०३९) उपन्यासको अङ्ग्रेजीमा **अन्डर द स्लिपलेस माउन्टेन** शीर्षकमा अनुवाद गरेका छन्। यसको प्रकाशन सन् २००७ मा पिल्ग्रिम, बुक्स वाराणसीले गरेको हो। पारिजातका अनेक उपन्यासमध्ये **शिरीषको फूल**पश्चात् अङ्ग्रेजीमा अनूदित यो दोस्रो आख्यान कृति हो। (अर्को अनुवादको लागि हे. टङ्कविलाश वार्य) (गोविन्द)

नरबहादुर भारती (वि.सं. १९३४–२०२३)

काठमाडौँको कमलपोखरीमा जन्मेका नरबहादुर भारतीले संस्कृत र अङ्ग्रेजी भाषाको सामान्य अध्ययन गरेका थिए। यिनका मौलिक र अनूदित गरी तीनवटा कृति प्रकाशित छन्। तीमध्ये महाकवि वाणले रचना गरेको गद्य महाकाव्य **कादम्बरी**को यिनले गरेको नेपाली अनुवाद पाँच भागमा प्रकाशित भएको छ। (माधव)

नर्मदेश्वर प्रधान

काठमाडौँको न्यःखा टोलमा वि.सं. २००० मा जन्मेका नर्मदेश्वर प्रधान पछिल्लो समय ललितपुरस्थित पुल्चोक, नत्वाःमा बस्दै आएका छन्। उनले अङ्ग्रेजी भाषामा एम.ए. गरेका छन्। नेपाल भाषा र नेपाली दुवैमा लेखन कार्यमा सक्रिय प्रधानका सम्पादित कृतिहरूमा **प्रतिभा साहित्य दबू र नेपाल भाषा कविता सङ्ग्रह** रहेका छन् भने प्रकाशित कृतिहरू **सिर्जना (समालोचना), जिगु बिचाः जिगु धापू, लःहँय् (अनुवाद), जिगु गद्य कविता, स्वंगःगु मिखा (साहित्य सिद्धान्त), सौन्दर्य दर्शन (साहित्य)** रहेका छन्। श्रेष्ठ सिरपा प्राप्त प्रधानका लेखहरू पाश्चात्य सिद्धान्ततिर ढल्केको पाइन्छ। मोर, ओगाइद्वारा लिखित **द वाइन्ड गिजलाई** वि.सं. २०४७ मा **लःहँय्** शीर्षकमा अनुवाद गरी उनले सोही सालमै प्रकाशित गरेका छन्। (नवीन) सम्पर्कः ५५२४५०२

नरेन्द्र जैन (इ. १९३०–२०१५)

नरेन्द्र जैनको जन्म भारतको मध्य प्रदेशमा भएको थियो। भारत र बेलायतमा उच्च शिक्षा अध्ययन गरेका जैन भारतका विदेश सचिव हुनुका साथै पछि बेल्जियम, लक्जेम्बर्ग, नेपाल, मेक्सिको र एल साल्भाडोरका राजदूत पनि भए। उनी सन् १९७९ देखि १९८२ सम्म नेपालका लागि राजदूत पदमा रहे। उनी एक विशिष्ट स्रष्टा साहित्यकार पनि थिए। त्यसैले उनी एक महत्त्वपूर्ण र ऐतिहासिक कर्मका पनि कारक भए। त्यो हो - **नेपाली कविताको** प्रकाशन।

सन् १९८२ मा भारतीय राजदूतावास काठमाडौँ, नेपालले प्रकाशित गरेको यो **नेपाली कविता**को परिचय यसरी प्रस्तुत छ : *राजदूत श्री नरेन्द्र जैनद्वारा सङ्कलित तथा सम्पादित यस बृहत् ग्रन्थमा हिन्दीका*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुहृद पाठकलाई नेपाली कविता साहित्यको विहंगम परिचय गराइएको छ ! यस ग्रन्थमा नेपालका आदिकवि भानुभक्त आचार्यदेखि सन् १९८० सम्मका ७४ जना नेपाली कविका १७७ प्रतिनिधि कविताको हिन्दी अनुवाद प्रस्तुत गरिएको छ । तीमध्ये पुराना पिँढीका १५ र बाँकी नयाँ पिँढीका कवि छन् । ग्रन्थको प्रारम्भमा श्री नरेन्द्र जैनले एक विशेष (६४ पृष्ठको) लेखमा सम्पूर्ण नेपाली कविता साहित्यको सूक्ष्म ऐतिहासिक एवम् समकालिक विवेचना प्रस्तुत गरेका छन् ।

हिन्दी जगत्लाई नेपाली कविता साहित्यको समीक्षात्मक परिचय गराउने यो आफ्नो ढङ्गको प्रथम ग्रन्थ हो । त्यसका साथै यस ग्रन्थले नेपाल र भारतका साहित्यिक क्षेत्रमा सहयोग तथा आदान प्रदानको सम्बधलाई नयाँ गहिराइ, व्यापकता र दिशा दर्शन प्रदान गर्दछ । आशा छ हिन्दी जगत्मा यस ग्रन्थको हार्दिक स्वागत हुनेछ ।

जन्मक्रम अनुसार कविको नाम उल्लेख गरिएको यस पुस्तकमा नेपालका आदिकवि भानुभक्त आचार्यदेखि सन् १९५४ मा दार्जिलिङमा जन्मेका कान्छा कवि पी. अर्जुनसम्मका कविता समावेश भएका छन् । सहायक पुस्तकको सूचीसमेत रहेको जम्मा ३२० पृष्ठको यो ग्रन्थ एक महत्त्वपूर्ण दस्तावेज हो । डा. जैनले नेपालीमै प्रस्तुत गरेको एक कार्यपत्र पनि यसमा समावेश छ । अङ्ग्रेजी साहित्यकारमध्ये माइकल हटले नेपाली साहित्यलाई जत्रो गुन लगाएका छन्, हिन्दी साहित्यकार नरेन्द्र जैनले पनि त्यति नै ठुलो गुन लगाएका छन् । डा. जैनका **उन्मुक्त मापन मे तथा एक अनूठा उपवन** शीर्षक कविता सङ्ग्रह प्रकाशित छन् । अर्को कृति छ उनको **फोक टेल्ज अफ मेक्सिको** । (गोविन्द)

नयराज पन्त (वि.सं. १९७०–२०५९)

काठमाडौँको महाबौद्ध टोलमा जन्मेका नयराज पन्तले ज्योतिषमा आचार्य गर्नुका साथै गणित विषयमा उच्च शिक्षा हासिल गरेका थिए । उनलाई त्रिविले सम्मानार्थ महाविद्यावारिधि (डि.लिट.) उपाधि पनि प्रदान गरेको छ । नेपालको इतिहास लेखनका क्षेत्रमा उनको महत्त्वपूर्ण योगदान छ । उनका एकल लेखनका सातवटा ग्रन्थहरू, सह-लेखनका ११ वटा ग्रन्थ तथा सम्पादन एवम् अनुवादका नौवटा ग्रन्थ प्रकाशित छन् । तीमध्ये संस्कृतका आदिकवि वाल्मीकिद्वारा लिखित रामायणको संस्कृतबाट नेपालीमा गरिएको भावानुवादको केही अंश **वाल्मीकि रामायणको भावानुवादको केही अंश** शीर्षकको रचना 'पुरुषार्थ' नामक पत्रिकाको वि.सं. २००९ वैशाखदेखि वि.सं. २०१० जेठ तथा भदौको अङ्कमा प्रकाशित भएको थियो । त्यसै गरी पृथ्वीनारायण शाहको दिव्योपदेशलाई यिनले संस्कृत पद्यमा रचना गरी पुनः त्यसलाई नेपाली पद्यमा अनुवाद गरेका थिए । **पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या** नामक कृति वि.सं. २०४० मा प्रकाशित भएको देखिन्छ । त्यसका साथै वेङ्कटेस केतकरद्वारा लिखित Indian and Foreign Chronology नामक अङ्ग्रेजी कृतिको संस्कृत अनुवाद वि.सं. २०४५ मा पूर्णिमा पत्रिकाको पूर्णाङ्क ७१ मा प्रकाशित भएको छ । (माधव)

नवराज न्यौपाने

नवराज न्यौपानेको जन्म वि.सं. २०३० मा कास्कीको समिभञ्ज्याङमा भएको थियो । न्यौपानेले अङ्ग्रेजी शिक्षामा स्नातकोत्तर गरी पृथ्वीनारायण क्याम्पस पोखरामा अध्यापनरत रहँदा केही कृति लेखे र त्रिभुवन विश्वविद्यालयबाटै *स्ट्राटेजिज युज्ड इन ट्रान्सलेसन अफ कल्चर-स्पेसीफीक कन्सेप्ट्स : एक्स्प्लोरेसन इन्टु नेपाली नोभल्स* शीर्षकमा विद्यावारिधि गरे । यसमा उनले माइकल हट, ऋषिकेश उपाध्याय, लेखनाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शर्मा पाठक जस्ता पाँच स्रष्टाले नेपाली उपन्यासको अङ्ग्रेजी अनुवाद गर्दा अपनाएका रणनीतिहरूको अध्ययन र विश्लेषण गरेका छन्। यसरी त्रि.वि.अन्तर्गतको शिक्षाशास्त्र सङ्कायबाट अनुवाद विषयमा विद्यावारिधि गर्ने उनी पहिलो हुन्। उनका तीन पुस्तक : **फाउन्डेसन्ज अफ ल्याङ्ग्वेज एन्ड लिङ्ग्विस्टिक्स** (इ. २०११), **सेकेन्ड ल्याङ्ग्वेज एक्विजिसन** (इ. २०१२) र **ट्रान्सलेसन थिअरिज एन्ड प्राक्टिसिज** (इ. २०१२) सहलेखनमा प्रकाशित छन्। उनको कविता **सङ्ग्रह अक्षराञ्जली** प्रकाशोन्मुख छ भने गोविन्दराज भट्टराईद्वारा रचित नौवटा निबन्धहरूको नेपालीबाट अङ्ग्रेजीमा अनूदित **सेलेक्टेड एसेज** शीर्षक कृति पनि प्रकाशोन्मुख छ। (गोविन्द) सम्पर्क: ९८५६०६५२९०

नव सापकोटा

नव सापकोटाको जन्म असमको गुवाहाटीस्थित बडागाउँमा सन् १९४८ मा भएको हो। नेपाली विषयमा एम.ए. गरेका सापकोटाले लामो समयसम्म असमको सरकारी सेवामा संलग्न रही सन् २००७ देखि उपसचिव पदबाट अवकाश लिए। पछि आएर उनकै अग्रतामा सो स्थानको नाम देवकोटा नगर राखिएको छ। सन् २०१३ मा असमका विश्वविद्यालय स्तरको संयोजनमा महाकवि देवकोटामाथि अङ्ग्रेजी भाषा माध्यममा पहिलो कार्यक्रम गराउने श्री सापकोटाको समर्पण सानो छैन। उक्त जर्नलको शीर्षक **महाकवि देवकोटा** (इ. २०१५) रहेको छ। आधा शताब्दी लामो साहित्यिक योगदान पुऱ्याएका सापकोटाको मूल क्षेत्र कविता हो। उनका कृतिहरूमा **युकलिप्टस् आउने पिँढीलाई आशीर्वाद** (कविता, इ. १९८०), **काव्यान्तर** (कविता, इ. १९९६), **मुनामदन** (नाटकीकरण), **मदिरा होइन मेरो पसिना** (कविता, इ. २०१२) रहेका छन् भने उनले अनुवाद क्षेत्रमा त्यत्तिकै ठुलो योगदान दिएका छन्। असमिया, बङ्गाली, हिन्दी, अङ्ग्रेजी र नेपालीमा बराबर क्षमता भएका सापकोटाले अनेक पद, सम्मान पुरस्कार प्राप्त गरेका छन्। कुल ५० जति ग्रन्थका लेखक, संयोजक, प्रकाशक नव सापकोटाले निम्न चारवटा कृतिलाई क्रमश : बङ्गाली, मणिपुरी, उडिया, असमियाबाट नेपालीमा ल्याएका छन्। ती हन् - **वेदान्तका वाणी** (बङ्गालीबाट, इ. १९९९) **लहर** (कविता, विष्णुप्रिया मणिपुरबाट संयुक्त, इ. १९९९) **असमेर नेपाली कविता** (इ. २००८), **शब्दका आकाश** (सीताकान्त महापात्रका कविता उडियाबाट साहित्य अकादेमीको प्रकाशन, इ. २०१०), **मृत्युञ्जय** (उपन्यास, असमियाबाट, इ. २०१०)। (गोविन्द) सम्पर्क: ९४३५४०९८१३

नवीन चित्रकार

सन् १९५० काठमाडौँको बटुटोलमा जन्मेका नवीन चित्रकार साहित्य, सञ्चार, समाजसेवा, धार्मिक क्षेत्र, रङ्गमञ्च, खेलकुद आदि क्षेत्रमा प्रसिद्ध छन्। नेपाल भाषाका कविता सङ्ग्रहहरू **स्वकुमि जि जि दुनेया** (वि.सं. २०५३) उनको प्रकाशित कृति हो। उनले नेपाल भाषाका कवितालाई हिन्दीमा अनुवाद गरी नेपाल प्रज्ञा-प्रतिष्ठानको **रूपान्तरण**मा प्रकाशित गराएका छन्। उनले थुप्रै रेडियो नाटक तथा टेलिफिल्महरूको लेखन तथा निर्देशन गरेका छन्।

चित्रकारले नेपाल भाषाका प्रसिद्ध कथाकारहरूको सङ्ग्रह **ब्युँझिएका पाइलाहरू** (वि.सं. २०७०) लाई **द रिबेल मर्निङ** शीर्षकमा अनुवाद गरेका छन्। यी दुवै पुस्तक प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित छन्। (नवीन) सम्पर्क: ९८४१४३९१५०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारायणप्रसाद अधिकारी

वि.सं. २०१६ मा स्याङ्जाको चापाकोटमा जन्मिएका नारायणप्रसाद अधिकारीले **धम्मपदमा सदाचार शिक्षा : विवेचनात्मक अध्ययन** शीर्षकमा लुम्बिनी बौद्ध विश्वविद्यालयबाट विद्यावारिधि गरेका छन् । यिनले धार्मिक पुस्तक अनुवादकका रूपमा समेत पहिचान बनाइसकेका छन् । मौलिक कृतिका रूपमा यिनका एक निबन्ध सङ्ग्रह, एक लेख सङ्ग्रह, दुई कविता सङ्ग्रह तथा दुई भाषा विज्ञानका पुस्तकहरू प्रकाशित छन् । अनूदित कृतिका रूपमा प्रकाशित उनका १४ पुस्तकमध्ये अङ्ग्रेजीबाट नेपालीमा अनूदित **भगवान श्रीकृष्ण** (वि.सं. २०५२), **चैतन्य महाप्रभुका दिव्य उपदेश** (वि.सं. २०५६), **श्रीमद्भागवत् गीता : छानिएका श्लोकहरू** (वि.सं. २०५४), **श्रीमद्भागवत् गीता यथारूप** (वि.सं. २०५४), **भक्ति रसामृत सिन्धु** (वि.सं. २०५७), **कृष्णप्रेम उत्कर्ष** (वि.सं. २०५७) गरी छवटा कृति प्रकाशित छन् । यसै गरी संस्कृतबाट नेपालीमा अनूदित कृतिहरूमा **सदाचार सन्देश** (वि.सं. २०६९), **हाम्रा सोर संस्कार** (वि.सं. २०६३) र **निम्वार्क दर्शन : वेदान्त पारिजात सौरभ** (वि.सं. २०७३) छन् । त्यस्तै बङ्गालीबाट नेपालीमा अनूदित कृतिहरू **जीवनवेद** (वि.सं. २०५६) तथा **प्रउत समाज दर्शन** (वि.सं. २०६१) हुन् भने हिन्दीबाट नेपालीमा अनूदित कृति **नयाँ सहस्राब्दीका लागि नयाँ शिक्षा** (वि.सं. २०५५) हो । यसका साथै हिन्दी, बङ्गाली, अङ्ग्रेजी भाषाबाट नेपालीमा अनूदित कृति **भक्ति जीवन** (वि.सं. २०६३) हो भने पाली भाषाबाट नेपालीमा अनूदित **धम्मपद छायानुवाद** (वि.सं. २०७३) हो । यसरी उनका अनुवादमा लक्षित भाषा नेपाली हो भने स्रोत भाषा अङ्ग्रेजी, संस्कृत, बङ्गाली, हिन्दी र पाली रहेको देखिन्छ । विधागत दृष्टिले हेर्दा उनले जीवनी, उपदेश, दर्शन, भजन, जीवन शैली, संस्कार र संस्कृतिको अनुवाद गरेको देखिन्छ । पुस्तकाकार यी कृतिबाहेक उनका अन्य फुटकर अनूदित कृति पनि छन् । (नवराज) सम्पर्क: ९८५६०३१८८८

नारायणप्रसाद आचार्य

धनकुटाको चुङमाङमा वि.सं. २००० मा जन्मेका नारायणप्रसाद आचार्य दर्शन, राजनीति र साहित्यमा रुचि राख्ने अनुवादक हुन् । उनका अनूदित र मौलिक गरी एक दर्जनभन्दा बढी कृति प्रकाशित छन् । वि.सं. २०२४ मा प्रकाशित चिनियाँ अपेरा **साचियापाङको** नेपाली अनुवाद उनको पहिलो अनूदित पुस्तक हो । **मार्क्सवादी-लेनिनवादी दर्शन शास्त्र** (वि.सं. २०६६) र **दर्शन दिग्दर्शन** उनका अन्य अनूदित पुस्तकहरू हुन् । **दर्शन दिग्दर्शन** साङ्कृत्यायन दर्शनको एउटा गुरुकृति हो । यसमा पाश्चात्य युनानी दर्शनदेखि लिएर इस्लामका दार्शनिक, त्यसपछिको युरोपेली दर्शन, पूर्वीय उपनिषद् र बौद्ध दर्शन गरी अन्त्यमा भारतीय दर्शनसँगै फ्रान्सेली दर्शनहरूसमेतको विषद् व्याख्याले भरिएको यो कृति ६१४ पृष्ठमा अटाएको छ । यस अनूदित पुस्तकलाई अक्षरदीप प्रकाशनका तर्फबाट दीननाथ घिमिरेले बाहिर ल्याएका हुन् । (बलराम)

नारायणप्रसाद खनाल

वि.सं. २००९ मा प्युठानमा जन्मेका नारायणप्रसाद खनालले नेपाली साहित्यमा विद्यावारिधि गरेका छन् । प्राध्यापन सेवामा लामो समय संलग्न रहेका खनालले मौलिक सृजना र समालोचनामा निकै योगदान पुऱ्याएका छन् । उनले नेपाली-हिन्दीमा महत्त्वपूर्ण पुस्तकहरूको अनुवाद गरेका छन् । विश्वेश्वरप्रसाद कोइरालाको **आफ्नो कथालाई अपनी कहानी**, पारिजातको **शिरीषको फूललाई शिरीषाका फूल**, लेखनाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पौड्यालको **ऋतु विचार**लाई सोही शीर्षकमा र डा. हरिवंश राय वच्चनको **मधुशाला**लाई उनले सोही शीर्षकमा अनुवाद गरेका छन्। उनले डा. प्रभा पन्तको हिन्दी भाषामा लिखित **उत्तराखण्डकी लोक कथाएँ** शीर्षक कृतिलाई **उत्तराखण्डका कथा** शीर्षकमा नेपालीमा अनुवाद गरेका छन्। उनले संस्कृति भाषामा लिखित आचार्य क्षेमेन्द्रको काव्य शास्त्र विधाको **औचित्य विचार चर्चा** शीर्षक कृतिलाई सोही शीर्षकमा र वेदव्यासकृत **श्रीमद्भगवद्गीता**लाई **श्रीमद्भगवद्गीता नारायणीय गद्य पद्य** नेपाली अनुवाद शीर्षकमा प्रकाशन गरेका छन्। यस कृतिलाई श्रीमती शन्तकुमारी खनाल, चितवनले प्रकाशित गरेको देखिन्छ। (बलराम) सम्पर्क: ९८४५१५४३५७

नारायणप्रसाद गौतम

बाग्लुङको ग्वालीचौरमा वि.सं. २०२१ मा जन्मेका नारायणप्रसाद गौतमले विद्वत्छिरोमणि कुलचन्द्र गौतममाथि विद्यावारिधि गरेका छन्। हाल त्रिभुवन विश्वविद्यालयअन्तर्गत संस्कृत केन्द्रीय विभागको प्रमुखका रूपमा रहेका गौतमले संस्कृत-नेपालीबिचमा थुप्रै अनुवाद गरेका छन्। चारै वेदका केही वैदिक सूक्तहरूको अनुवाद व्याख्या र टिप्पणीसमेत गरेका खनालले **केही वैदिक सूक्तहरूको विश्लेषण** (वि.सं. २०६५) शीर्षकमा रत्न पुस्तक भण्डारबाट प्रकाशित गरे। त्यसै गरी उनले विद्वत्छिरोमणि गौतमले लौकिक संस्कृतमा रचेका दुईवटा विश्लेषणात्मक कृतिको अनुवाद गरेका छन्। **विष्णुसहस्रनामस्त्रोत्र विवृति** (वि.सं. २०६७) लाई सोही शीर्षकमा र **आदर्श दम्पती सीतारामौ**लाई **आदर्श दम्पती सीताराम** (वि.सं. २०७०) शीर्षकमा उनले अनुवाद गरेका छन्। पहिलो कृति पशुपति वंशिराम मंडप नेपालले र दोस्रोलाई ओसन पब्लिकेसन काठमाडौंले प्रकाशन गरेका हुन्। गौतमले वेदव्यासकृत अनेक पुराणहरूबाट चयन गरी **पौराणिक आख्यानहरू** (वि.सं. २०७३) शीर्षकमा अनुवाद गरी नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशन गराएका छन्। अनुवादक गौतमको अध्ययनको विषय क्षेत्रलाई प्रकाश पार्ने संस्कृत **साहित्यका विविध पक्ष : एक अनुशीलन** (वि.सं. २०६७) शीर्षकको समालोचनात्मक कृतिलाई पनि ओसन पब्लिकेसनले प्रकाशन गरेको छ। उनको क्षेत्र अनुवाद, समीक्षा र चिन्तन रहेको छ। (बलराम) सम्पर्क: ९८४१५८७४७३

निनु चापागाईं

भोजपुरको दिङ्गलामा वि.सं. २००४ मा जन्मेका निनु चापागाईंले नेपालीमा एम.ए. तथा नव्य व्याकरणमा आचार्य गरेका छन्। चापागाईं सक्रिय लेखक, चिन्तक एवम् बहुकृतिक अनुवादक हुन्। विशेष गरी राजनीतिक दर्शन र चिन्तन क्षेत्रका पुस्तकहरूको अनुवादमा दक्षता राख्ने चापागाईंले एक दर्जन जति कृतिहरू अनुवाद गरेका छन्। अनुवादक चापागाईंको आरम्भको अनूदित पुस्तक **पार्टी सङ्गठनका सिद्धान्तहरू** (वि.सं. २०५७) हो। **तेस्रो अन्तर्राष्ट्रिय**बाट पारित यस पुस्तककको मूल शीर्षक **प्रिन्सिपल्ज् अफ पार्टी अर्गनाइजेसन** हो। यसलाई विवेश सृजनशील प्रकाशनले बजारमा ल्याएको हो भने सोही प्रकाशनले उनको दोस्रो अनुवाद मैले **कसरी लेख्न सिकूँ** (वि.सं. २०५९) लाई पनि प्रकाशित गऱ्यो। यो म्याक्सिम गोर्कीकृत **हाउ आइ लर्न्ट टु राइट** शीर्षक निबन्ध विषयक कृति हो। उनले अधिकांशत: निबन्ध विधालाई माथि उठाएका छन् जसअन्तर्गत **समाज र संस्कृति** (वि.सं. २०६०, हिन्दीमा सङ्कलित), **गोर्कीका छानिएका वैचारिक रचनाहरू** (वि.सं. २०६५, अन लिट्रेचरबाट अनूदित), **मार्क्सवाद र सङ्गीत** (वि.सं. २०६७), **मार्क्सवादी समालोचना पद्धति** (वि.सं. २०६७), **मार्क्सवादी साहित्य चिन्तन** (वि.सं. २०६७) हुन्। त्यसै गरी उनका प्रकाशोन्मुख पुस्तकहरूमा **ब्रेख्त र ब्रेख्त, उत्तर-आधुनिक केही लेखहरू, मार्क्सवाद र भगवद्गीता,**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारतीय दर्शनमा के जीवित छ के मृत छ ? रहेका छन्। यो अन्तिम पुस्तकका लेखक देवीप्रसाद चट्टोपाध्याय हुन् जसको अङ्ग्रेजी शीर्षक **ह्वाट इज लिभिङ ह्वाट इज डेड इन इन्डियन फिलोसफी** रहेको छ। अन्य अनुवादहरू भने अङ्ग्रेजी र हिन्दीका विभिन्न स्रोतबाट लिइएका हुन्। **मार्क्सवाद र भगवद्गीता** पुस्तक एस.जी सरदेसाई दिलिप बोसद्वारा अङ्ग्रेजीमा लिखित **मार्क्सवाद एन्ड भगवद्गीता**को अनुवाद हो। अनुवादक चापागाईंले नेपाली समालोचना, सङ्गीत, संस्कृति, दर्शन शास्त्र जस्ता विभिन्न क्षेत्रलाई अनुवादका माध्यमबाट उत्थान गरेका छन्। (बलराम) सम्पर्क: ९८४१४३७८१३, ५५२०९१८

निरञ्जन बराल

निरञ्जन बरालको जन्म सिरहाको बस्तीपुरमा सन् १९५३ मा भएको हो। त्रिविबाट एम.कम. तथा बी.एल. गरेका बरालले सरकारी सेवामा लामो समय व्यतीत गरेर सचिवसम्म भए। उनका तीनवटा निबन्ध सङ्ग्रह प्रकाशित छन् - **यात्रा जारी छ** (वि.सं. २०५८), **पछि फेरि** (वि.सं. २०६५) जसलाई दायित्व वाङ्मय प्रतिष्ठानले प्रकाशित गरेको थियो। उनको अर्को कृति **मैले बस्तीपुर छोडेको छैन** प्रकाशोन्मुख छ भने एउटा महत्त्वपूर्ण कृतिको नेपाली अनुवाद प्रकाशित छ। त्यो हो **अन्धो युग**। अनुवादक स्वयम् (वि.सं. २०६५) द्वारा प्रकाशित यो कृति भारतीय साहित्यका महान् हस्ती धर्मवीर भारतीकृत **अन्धा युग** (हिन्दी पद्य नाटक, इ. १९४५) को नेपाली अनुवाद हो। **अन्धा युग** शताब्दीकै एक महान् नाटकमा गनिएको छ। यस्तो कृति नेपालीमा ल्याएर नेपाली साहित्यलाई उनले ठुलो गुन लगाएका छन्। (गोविन्द) सम्पर्क: ९८५१०७६६८६

नीरु शर्मा पराजुली

नीरु शर्मा पराजुलीको जन्म असमको विश्वनाथस्थित गांगमौथानमा सन् १९६८ मा भएको हो। असमिया भाषा विज्ञान र साहित्यमा एम.ए. तथा एल.एल.बी. गरेकी पराजुलीले वकालती पेसा अपनाएपनि सिर्जना र अनुवादलाई आफ्नो रुचि र सेवाको क्षेत्रमा परिणत गरेकी छन्। नेपाली असमिया दुवै भाषामा समान क्षमता भएकी नीरुका **दुःस्वप्न एटी मुक्त आकाश** (कथा सङ्ग्रह, इ. २००४), **कविता मोर बुभुक्षा** (इ. २००७) र **भोकमा कोरिएका शब्दहरू** (कविता सङ्कलन, इ. २०००) प्रकाशित छन्। यी तीनैवटा कृति गांगमौथान प्रकाशनबाट आएका छन्। अनुवादको दृष्टिले पराजुलीका दुईवटा कृति उल्लेख्य छन्। पहिलो हो मोहन ठकुरीलाई साहित्य अकादेमी पुरस्कार दिलाउने कविता कृति **निःशब्द**को सोही शीर्षकमा असमियामा अनुवाद। अनि दोस्रो हो - सनत ताँतीकृत कविता सङ्ग्रह **मइ मानुहन अमल उत्सव** जसको नेपाली शीर्षक रहेको छ - **म मानिसको निर्मल उत्सव**। दुवै कृति गाङ प्रकाशनबाट सन् २०१८ मा आएका हुन्। (गोविन्द) सम्पर्क: ००९१-९४३५१४६७९९

नीलहरि शर्मा ढकाल (वि.सं. १९५९-२०४०)

सिन्धुलीको डाठीगाउँमा जन्मेका नीलहरि शर्मा ढकालले संस्कृत साहित्यको अध्ययन गरेका थिए। यिनका मौलिक र अनूदित गरी १५ वटा कृति प्रकाशित छन्। तीमध्ये **चण्डी भाषाश्लोक** (वि.सं. १९९१), **चण्डीटीका** (नेपाली टीकानुवाद, वि.सं. २०२५), **वाल्मीकि रामायण** (नेपाली अनुवाद, २०२७), **श्रीमद्भागवतमहापुराण** (नेपाली अनुवाद, वि.सं. २०३२), **देवीभागवत** (नेपाली पद्याख्यान, वि.सं. २०३२),

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्भगवद्गीता (नेपाली अनुवाद, वि.सं. २०३२), **विदुर नीति** (नेपाली पद्यानुवाद) र चाणक्य नीति (नेपाली पद्यानुवाद) यिनका अनूदित कृति हुन्। (माधव)

नीलाम्बर पन्थी

गुल्मीको वाङ्गलामा वि.सं. १९८४ मा जन्मेका नीलाम्बर पन्थीले वेदान्त दर्शनमा आचार्य एवम् नेपाली साहित्यमा एम.ए.सम्मको अध्ययन गरेका छन्। यिनका मौलिक र अनूदित गरी छवटा कृति प्रकाशित छन्। तीमध्ये **भर्तृहरि सुभाषित सङ्ग्रह** (नेपाली अनुवाद, वि.सं. २०६४) र **कुमार सम्भव** (नेपाली अनुवाद, वि.सं. २०६४) यिनका अनूदित कृति हुन्। (माधव)

नूतन सिंह

वि.सं २०२२ सालमा ललितपुरको कुपन्डोलमा जन्मेकी नूतन सिंह नेपाली साहित्यमा फुटकर कथा, कविता, निबन्ध, लेखनमा कलम चलाउने स्रष्टाको नाम हो। कुनै समय **मधुपर्क**, **अस्मिता** जस्ता नाम चलेका पत्रिकामा स्तम्भ लेखन गर्ने सिंह जर्मन भाषा ज्ञाताको रूपमा परिचित छन्। विगत दुई दशकदेखि जर्मन भाषा प्रशिक्षकको रूपमा नेपाल, भारत, जर्मनी आदि मुलुकमा कार्यरत उनले नेपाली भाषाको साहित्यलाई जर्मन भाषामा र जर्मन भाषाको साहित्यलाई नेपाली भाषामा अनुवाद गर्दै आएका छन्।

नूतन सिंह (रोल्फ) ले जर्मनीका सुप्रसिद्ध साहित्यकार गेटेले जर्मन भाषामा लेखेको **डेयर मान फन फुन्फचिस** नामक लघु उपन्यासको नेपाली अनुवाद **अधबैंसे मानिस** शीर्षकमा प्रकाशमा ल्याएका छन्। गोयथे सेन्टर, काठमाडौंले वि.सं २०५६ सालमा प्रकाशित गरेको उक्त कृतिको सम्पादन जयदेव भट्टराईले गरेका हुन्। (जयदेव)

न्हूच्छेसुन्दर तुलाधर

वि.सं. १९६८ मा काठमाडौंको ढल्कोमा जन्मेका न्हूच्छेसुन्दर तुलाधर नेपाल भाषा परिषद्का सदस्य हुन्। कथाकार तुलाधर **वाउँख्वा:यात मत्यवं सिथं यंकल ला ?** कथा लेखेर साहित्य क्षेत्रमा प्रवेश गरेका हुन्। उनले आफ्नै लगानीमा नेपाल भाषा परिषद्को नामबाट पुस्तकहरू प्रकाशित गरेका छन्। उनले खलिल जिब्रानद्वारा लिखित **द प्रोफेट**लाई नेपाल भाषामा **खलिल जिब्रानया छुं** (**वि.सं. २०११**) **शीर्षकमा अनुवाद गरेका छन्। (नवीन)**

पद्मप्रसाद देवकोटा

सन् १९५२ मा काठमाडौंको डिल्लीबजारमा जन्मिएका पद्मप्रसाद देवकोटाले अङ्ग्रेजी साहित्यमा विद्यावारिधि गरी लामो समयसम्म त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गरे। उनका अङ्ग्रेजी र नेपाली भाषामा मौलिक एवम् अनूदित कृतिहरू प्रकाशित छन्। देवकोटाले राष्ट्रकवि माधव घिमिरेको **अश्वत्थामा** (वि.सं. २०३७) खण्डकाव्यलाई सोही शीर्षकमा अनुवाद गरेका छन्। अङ्ग्रेजी अनुवाद **अश्वत्थामा**लाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले सन् १९९८ मा प्रकाशनमा ल्यायो। त्यसै गरी उनले अमेरिकी लेखिका लोरेइन ह्यान्सबेरीको **अ रेजिन इन द सन** (शीर्षक) नाटकलाई नेपालीमा **किसमिसको बिस्कुन** (वि.सं.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०६५) शीर्षकमा अनुवाद गरेका छन् । उनको **कन्टेम्पोररी नेपाली पोएम्स** शीर्षकको अनूदित सङ्ग्रह (इ. २०००) पनि रोयल नेपाल एकेडेमीबाट प्रकाशित छ । यस सङ्ग्रहमा मोहन कोइरालादेखि शारदा शर्मासम्मका २६ जना नेपाली कवि तथा कवियित्रीका एक सय वटा चुनिएका कविताहरू रहेका छन् । उनले महाकवि देवकोटाका अनेकौँ फुटकर रचना (कविता र निबन्ध) हरूलाई अङ्ग्रेजी-नेपालीमा अनुवाद गरेका छन् । (गोविन्द) सम्पर्क: ४४१३२४९

परशु छेत्री

असमको विश्वनाथस्थित चारालीमा सन् १९६५ मा जन्मेका परशु छेत्री हाल शिक्षण सेवामा आबद्ध छन् । उनको **घाम** शीर्षक कविता (इ. २०१४) असमियामा प्रकाशित छ भने उनले झमक घिमिरेको **जीवन काँडा कि फूल** (वि.सं. २०६६) शीर्षक जीवनीपरक कृतिलाई असमियामा अनुवाद गरेका छन् जसको शीर्षक **जीवन काइँट ने फूल** रहेको छ । (गोविन्द)

पशुपति नेउपाने

वि.सं. २०२० मा झापामा जन्मिएका पशुपति नेउपानेले त्रिविबाट स्नातकोत्तर गरी हाल पाटन संयुक्त क्यापसमा अध्यानपनरत छन् । उनी रमेश भट्टसँग सह-अनुवादक भई वि.सं. २०५५ देखि निरन्तर रूपले साहित्यिक अनुवादमा योगदान गरिरहेका छन् । उनका अनूदित कृतिहरू यस प्रकार छन् :

१) रवीन्द्रनाथ ठाकुरको **गीताञ्जली,** सोही शीर्षकमा निराला पब्लिकेसन (वि.सं. २०५५)

२) खलिल जिब्रानको काव्यकृति **सेक्रेट्स अफ हार्ट्स**को अनुवाद **हृदयका रहस्यहरू**, दुर्गाप्रसाद नेउपाने (वि.सं. २०५६)

३) खलिल जिब्रानको काव्यकृति **द प्रोफेट**को अनुवाद **भविष्यद्रष्टा**, विद्यार्थी प्रकाशन (वि.सं. २०५७)

४) दलाई लामाकृत **मेसेज फर द न्यु मिलेनियम**को अनुवाद **न्यु मिलेनियम** (वि.सं. २०७४)

यी अनुवाद उनले रमेश भट्टसँगको सहकार्यमा गरेका हुन् । त्यसै गरी नेउपानेले विजय खरेलसँगको सहकार्यमा घनश्याम कँडेलकृत खण्डकाव्य **देवयानी**लाई अङ्ग्रेजीमा सोही शीर्षकमा अनुवाद गरेका छन् । यस खण्डकाव्यको अर्को अनुवाद पनि प्रकाशित छ (हे. लक्ष्मी राजभण्डारी) । साथै उनले सुवास गिरीसँग मिलेर विमला निरौला ढुङ्गानाको **बादल र ऋतु** शीर्षक बाल कविता अङ्ग्रेजीमा **क्लाउड एन्ड सिजन** शीर्षकमा अनुवाद गरी वि.सं. २०६४ मा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजबाट प्रकाशित गराएका छन् । नेउपानेका दुईवटा कृति एकल अनुवादमा प्रकाशित छन् । उनले दलाई लामाकृत **माइ ल्यान्ड, माइ पिपल: द ओरिजिनल अटोबायोग्राफी अफ हिज होलिनेस दलाई लामा** अफ **टिबेट** (इ. १९६२) लाई **मेरो भूमि, मेरा जनता** (वि.सं. २०७३) शीर्षकमा अनुवाद गरेका छन् । जम्मा २५८ पृष्ठको यस अनुवादलाई फाइन प्रिन्ट्सले प्रकाशन गरेको हो । यस पुस्तकको परिचयमा भनिएको छ - आध्यात्मिक एवम् लौकिक नेता दलाई लामाका प्रकाशित दस्तावेजमध्ये अत्यन्त हृदयविदारक स्वकथन हो **मेरो भूमि, मेरा जनता** । यसबारेमा भने दलाई लामाकै **फ्रिडम इन एक्जाइल** शीर्षक कृतिको अनुवाद **निर्वासनमा स्वतन्त्रता** पनि प्रकाशोन्मुख अवस्थामा रहेको छ । (गोविन्द) सम्पर्क:

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहलमानसिंह स्वाँर (वि.सं. १९३५-१९९१)

अछामको रिडिकोटमा जन्मेका पहलमानसिंह स्वाँर नेपाली नाट्य विधामा पाश्चात्य शैली भित्र्याउने नाटककारका रूपमा परिचित छन्। उनले संस्कृत साहित्य र व्याकरणको अध्ययन गरेका थिए। उनका मौलिक र अनूदित गरी २८ वटा कृति छन्। तीमध्ये महाकवि कालिदासद्वारा रचित **अभिज्ञान शाकुन्तलम्** नाटकको **अभिज्ञान शाकुन्तल** शीर्षकमा नेपाली भाषामा उनले गरेको अनूदित कृति (वि.सं. २०१६ मा प्रकाशित भएको छ भने **योग दर्शन** (वि.सं. २०२६), **रत्नावली नाटिका** (वि.सं. २०३४) र **मेघदूत** उनका अन्य अनूदित कृतिहरू हुन्। (माधव)

पारसमणि प्रधान (वि.सं. १९५५-२०४२)

पारसमणि प्रधानको जन्म भारतको पश्चिम बङ्गालस्थित कालिम्पोङमा भएको थियो। स्नातकसम्मको अध्ययन गरेका प्रधानलाई वि.सं. २०२३ मा त्रिभुवन विश्वविद्यालयले महाविद्यावारिधि प्रदान गरेको थियो। आफ्नो जीवनलाई अध्ययन र अध्यापनमा समर्पण गरेका प्रधान बहुकृति सर्जक हुन्। उनी नेपाली भाषा र साहित्यका एक मानक अध्येता र सर्जक हुन्। साहित्य लेखनका साथै उनी अनुवादमा पनि सक्रिय थिए। उनका अनुवादहरूमा **चेपागाँडा** (इ. १९४२), **घिचौरे आगो** (इ. १९४२) र **साढे सात कथा** (इ. १९७४) रहेका छन्। **चेपागाँडा** र **घिचौरे आगो** दुवै बाल साहित्यका पुस्तक हुन् जसलाई उनले क्रमशः **टेड्डी टेडपोल** र **ग्रिडी फायर**बाट नेपालीमा अनुवाद गरेका हुन्। यी दुवै अनुवादको प्रकाशन म्याकमिलन एन्ड कम्पनी कलकत्ताले गरेको थियो। अर्को पुस्तक **साढे सात कथा** भने अङ्ग्रेजीका छ विभिन्न कथाकारका सृजनाको अनुवाद सङ्ग्रह हो। यसको प्रकाशक भाग्यलक्ष्मी प्रकाशन, कालिम्पोङ रहेको छ। लेखन र अनुवादका माध्यमले नेपाली साहित्यलाई समृद्ध बनाउनमा पारसमणि प्रधानले गरेको योगदान उल्लेखनीय छ। (गोविन्द)

पुण्य निरौला

वि.सं. १९९१ मा तेह्रथुमको खाम्लालुङ, पाक्तिनमा जन्मेका पुण्य निरौलाले संस्कृत साहित्यमा आचार्य एवम् अङ्ग्रेजी साहित्यमा बी.ए.सम्मको अध्ययन गरेका छन्। यिनका मौलिक र अनूदित गरी १६ वटा कृति प्रकाशित छन्। तीमध्ये **श्रीमद्भगवद्गीता**, भाग १-३ (नेपाली अनुवाद, वि.सं. २०५६) यिनको अनूदित कृति हो। (माधव)

पुण्यप्रसाद शर्मा

सिक्किममा सन् १९५५ मा जन्मेका पुण्यप्रसाद शर्मा मूलतः एक पत्रकार र सम्पादक हुन्। उनी अनेक उत्कृष्ट पत्रिकासित सम्बद्ध रहेका छन्। **हिमालचुली, दियालो, सुनचरी, हाम्रो प्रजाशक्ति** जस्ता प्रकाशनमा आफ्ना रचना छपाउने शर्मा **विश्व कविताहरू** लिएर आएका छन्। यसलाई निर्माण प्रकाशनले सन् २००७ मा प्रकाशनमा ल्याएको छ। विश्व साहित्यका कवितालाई नेपाली अनुवादमा लिएर आउने यो महत्त्वपूर्ण कृति हो। यसमा अलेक्जान्डर पुस्किन, अक्टाभिओ पाज, ओस्कर वाइल्ड, केदारनाथ सिंह, टी.एस. एलिअट, पाब्लो नेरुदा, विष्णु खरेल, वात्स्यायन जस्ता ५७ जना कवि छन्। प्रत्येकका एकदेखि ११ सम्मका कविताको चयन गरी १५८ पृष्ठको कृति प्रकाशमा ल्याएका छन्। (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुष्कर शमशेर (वि.सं. १९५८-२०१८)

पुष्कर शमशेर राणाको जन्म काठमाडौँको वानेश्वरमा भएको थियो । आई. ए. सम्मको अध्ययन गरेका राणाका **पुष्कर शमशेरका कथाहरू** (कथा सङ्ग्रह), **नेपाली सजिलो व्याकरण** (वि.सं. २००१) प्रकाशित छन् । उनले पहिलो अङ्ग्रेजी-नेपाली कोश बनाए भने सन् १९८८ मै अङ्ग्रेजी साहित्यका तिलस्मी एवम् रोमान्स साहित्य लेखक सर हेनरी राइडर ह्याग्गर्ड (इ. १९५६-१९२५) को She शीर्षक उपन्यासलाई नेपालीमा पनि **शी** शीर्षकमै अनुवाद गरी छपाए । त्यसपछि उनले विलियम सेक्सपियरको नाटक **ओथेल्लो**को पनि सोही शीर्षकमा अनुवाद गरी छपाए । उनी नेपाली साहित्यका आधुनिक कालका एक संस्थापक हुन् । (गोविन्द)

पुष्कर्राज भट्ट

वैतडीको कुमालीमा वि.सं. २०३२ मा जन्मेका पुष्कर्राज भट्टले त्रिभुवन विश्वविद्यालयवाट नेपालीमा विद्यावारिधि गरेका छन् । उनले डोटेली भाषामा लिखित **एक थोपा सागर** (वि.सं. २०६४) शीर्षकको लघुकथा सङ्ग्रहलाई सोही शीर्षकमा नेपालीमा अनुवाद गरेका छन् । यो अनुवाद महाकाली साहित्य सङ्गम रामपुरवाट प्रकाशित छ । (बलराम) सम्पर्क: ९८४९२२५८८३

पुष्पलाल श्रेष्ठ (वि.सं. १९८१-२०३५)

रामेछाप जिल्लाको भँगेरी गाउँमा जन्मेका पुष्पलाल श्रेष्ठ नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता हुन् । उनले **कम्युनिस्ट मेनिफेस्टो** (इ. १८४८) लाई सर्वप्रथम वि.सं. २००५ मा नेपालीमा अनुवाद गरेका थिए । (गोविन्द)

पूनम झा

पूनम झाको जन्म सन् १९७४ मा भारतको बिहारमा भएको हो । हिन्दी विषयमा स्नातकोत्तर गरेकी झा हाल संस्कृत विश्वविद्यालयअन्तर्गत अध्यापन कार्यमा संलग्न छिन् । झाले नेपाल प्रज्ञा-प्रतिष्ठान अनुवाद विभागको प्रकाशन **रूपान्तरण**को निमित्त धेरै रचनाहरूको अनुवाद गरेकी छन् । पुस्तकाकारमा उनले बी.पी. कोइरालाको आख्यान **बाबु, आमा र छोरालाई** हिन्दीमा **पिता, माता और पुत्र** शीर्षकमा अनुवाद गरेकी छन् । यो नेपाल प्रज्ञा-प्रतिष्ठानको शीघ्र प्रकाश्य सूचीमा छ ।

(गोविन्द) सम्पर्क: ९८६५१४३९१५

पूर्णप्रसाद ब्राह्मण (वि.सं. १९७९-२०४६)

गोरखाको काफलडाँडामा जन्मेका पूर्णप्रसाद ब्राह्मणले मीमांसा दर्शनमा आचार्य गरेका थिए । प्राध्यापन तथा राजनीतिक क्रियाकलापमा संलग्न उनका १६ वटा कृति प्रकाशित छन् । तीमध्ये म.वि.वि. शाहद्वारा रचित **उसैका लागि** नामक (कविता सङ्ग्रह) लाई यिनले **तदर्थमेव** (वि.सं. २००७) शीर्षकमा संस्कृत भाषामा अनुवाद गरेका छन् । (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णबहादुर वैद्य

पूर्णबहादुर वैद्यको जन्म वि.सं. १९९४ मा भक्तपुरको ख्वपमा भएको हो । हाल उनी काठमाडौँको अनामनगरमा बस्दै आएका छन् । एम.एड. गरेका वैद्यले कविता, निबन्ध र समालोचना लेखन कार्य गर्दै आएका छन् । वैद्यको **लः लः खः (कविता)** पानीसम्बन्धी मात्र कविता सङ्कलनले प्रसिद्धि पाएको छ भने उनको **पानी कविता**को अङ्ग्रेजी अनुवाद हुँदैछ ।

वैद्यले ह्यारोल्ड राइटद्वारा लिखित **सेलेक्टेड पोएम्स अफ सुन्तारो तानिकावा** शीर्षकलाई **सुन्तारो तानिकावाया चिनाखँ मुना** शीर्षकमा नेपाल भाषामा अनुवाद गरी च्वसापासाबाट वि.सं. २०५८ मा प्रकाशित गराएका छन् । (नवीन) सम्पर्क: ४२२४२४३

पिटर जे. कार्थक

पिटर जे (जोन) कार्थकको जन्म सन् १९४३ मा पूर्वी भारतको सिलाङमा भएको थियो । उनी अङ्ग्रेजी साहित्यमा एम.ए. गरी लेखन, सम्पादन र पत्रकारितामा संलग्न हुँदै आएका छन् । नेपाली पत्रकारिताभित्र अङ्ग्रेजी भाषामा रचना गर्नेमध्ये उनको ठुलो नाम छ । कार्थकको एउटा कृति प्रसिद्ध छ - **प्रत्येक ठाउँ प्रत्येक मान्छे** (उपन्यास, वि.सं. २०३४) । यसले दार्जिलिङलाई ओझेल पार्ने, विस्मृतिमा लौजानेहरूप्रति आक्रोश व्यक्त गर्दै पृष्ठभूमिमा हुर्केर मूल्यहीनतातिर दौडिरहेको पुस्तालाई चिनाउँछ । यस कृतिलाई उनी आफैले अनुवाद गरी **एभ्री प्लेस, एभ्री पर्सन** शीर्षकमा वि.सं. २०६१ मा काठमाडौँको वज्र पब्लिकेसनबाट प्रकाशित गरे । यो उपन्यास आफैमा स्तरीय त छँदै छ त्यसमाथि अनुवादको भाषा शैली उच्च कोटीको भएकाले पठनीय र विश्व साहित्यलाई देखाउन मिल्ने नेपाली नमुना भएको छ । हालै उनको **काठमाण्डुआइट्स** शीर्षकको अङ्ग्रेजी उपन्यासलाई बुक हिलले प्रकाशनमा ल्याएको छ । (गोविन्द) सम्पर्क: ९८४१५६४३९९

प्रकाशमणि दाहाल

प्रकाशमणि दाहालको जन्म वि.सं. २००२ मा इलाममा भएको थियो । स्नातकोत्तर गरेर लामो समय शिक्षण सेवामा लागेका दाहालका मौलिक र अनूदित गरी थुप्रै कृति प्रकाशित छन् । हालै उनले बृहत् आकारको समालोचना ग्रन्थ निकालेका छन् । उनले गरेका तीनवटा अनुवाद बाल उपन्यास एवम् कथाका क्षेत्रमा प्रकाशित एवम् प्रकाशोन्मुख देखिन्छन् । पहिलो हो **विश्वका उत्कृष्ट २१ कथा** (वि.सं. २०६६) । अङ्ग्रेजी साहित्यबाट आएका यी कथालाई अक्स्फोर्ड इन्टरनेसनल पब्लिकेसनले प्रकाशनमा ल्याएको छ भने उनका दुईवटा बाल साहित्यका कृति (बाल उपन्यास) प्रकाशोन्मुख अवस्थामा छन् । ती हुन् - फ्याङ्क ब्राउनको **द विजार्ड अफ ओजको जादुगर** शीर्षकमा अनि ज्याक लन्डनको **ह्वाइट फ्याङ्ग**को । यी दुवै कृति कथालय इन्क काठमाडौँले प्रकाशनमा ल्याउँदै छ । (गोविन्द) सम्पर्क: ९८४१८३४११९

प्रतिसरा साय्मि

प्रतिसरा साय्मिको जन्म वि.सं. २०१२ मा भक्तपुरमा भएको थियो । नेपाल भाषामा एम.ए. गरेकी साय्मिका नेपाल भाषामा **जि छकू नालिस भौं** (कविता सङ्ग्रह, वि.सं. २०४२), **तिकिनंगु मि** (कविता सङ्ग्रह,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. २०५७) र एउटा कथा सङ्ग्रह प्रकाशित छन् भने सायमीले पाकिस्तानका उर्दू स्रष्टा इन्तिजार हुसैनद्वारा अङ्ग्रेजीमा लिखित **लिब्ज एन्ड अदर स्टोरिजलाई सिमाहः व मेमेगु बाखं** शीर्षकमा अनुवाद गरेकी छन्। त्यसै गरी उनले आफ्ना **जि छगू नालिस भों तिकिन गु** शीर्षक कृतिबाट कविता छानी आफै अनुवाद गरेर **पाइलाहरूमै सडक** शीर्षक कृति तयार पारेकी छन्। उक्त कविता सङ्ग्रहलाई वि.सं. २०६३ मा बगर फाउन्डेसनले प्रकाशन गरेको छ। (नवीन) सम्पर्कः ९८५११३६२३६

प्रतीक ढकाल

वि.सं. २०२६ मा इलाममा जन्मिएका प्रतीक ढकालले त्रिभुवन विश्वविद्यालयबाट तीनवटा विषयमा स्नातकोत्तर गरेका छन्। लेखन र सरकारी सेवा सँगसँगै चलाएका ढकालका वि.सं. २०३९ देखि प्रकाशित १६ वटा कृति छन्। उनी नेपालका स्थापित र पुरस्कृत नियात्राकार हुन्। उनको पहिलो अनूदित कृति **काका हो चि मिन्ह** (वि.सं. २०३९) हो भने दोस्रो **चम्किलो रातो तारा** (वि.सं. २०४०)। **काका हो चि मिन्ह** राम आसरे वर्माको हिन्दी भाषामा लेखिएको कृतिको अनुवाद हो भने **चम्किलो रातो तारा** विदेशी भाषा प्रकाशन गृह, पेकिङबाट प्रकाशित लि सिन थ्येनको **द ब्राइट रेड स्टार**को नेपाली अनुवाद हो। अङ्ग्रेजी पत्रिका द रिडर्ज् डाइजेस्टमा प्रकाशित सामग्रीबाट अति प्रभावित भई वि.सं. २०४७ मै अनुवाद गरिएको **द किलिङ फिल्डस्** जस्ता सातवटा ओस्कार पुरस्कार जित्न सफल कथाकार हाइङ्ग नेगरको करुण कथा **जर्नी टु फ्रिडम** नै उनले अनुवाद गरेको **'स्वतन्त्रताको बाटोमा'** हो। यी तीनवटै कृति एउटै आवरणमा उपलब्ध छन्। डिकुरा प्रकाशनले वि.सं. २०६८ मा यी तीनवटै अनुवादलाई **विभाजित मन : अनूदित आकाश** शीर्षकमा प्रकाशित गरेको छ। (गोविन्द) सम्पर्कः ९८५१०९५२२०

प्रितम पाण्डे

म्यान्मारको लोखुग्राम नाउछ्योमा सन् १९५० मा जन्मेका प्रितम पाण्डेले हाइस्कुल स्तरको अध्ययन गरेका छन्। हाल लेउ ग्राम मोगोकमा बस्दै आएका पाण्डेले **हाम्रा चाडपर्व र तिनको** महत्त्व, **हाम्रा दैनिक** संस्कारहरू जस्ता कृति निकाल्नुका साथै केही एल्बम पनि निकालेका छन्। अनुवाद क्षेत्रमा उनले गरेको **सम्पूर्ण चाणक्य नीति** भन्ने कृतिलाई सन् २०१५ मा आफैले प्रकाशन गरेका छन्। जम्मा १८४ पृष्ठको यस कृतिबाट बर्मेली नेपाली भाषाको केही झलक प्राप्त हुन्छ। (गोविन्द) सम्पर्कः ०९२५९१९०३८६

प्रेमबहादुर कसाः (वि.सं. १९७५–ने.सं.१११११

काठमाडौंको मासङ्ग्रल्लीमा जन्मेका प्रेमबहादुर कसाःले नेपाल भाषाको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन्। नेपाल भाषा र नेपाली भाषामा लेखन कार्य थालेका कसाः **आशा सफूकुथिका** संस्थापक हुन् भने **प्रदिप्त पुस्तकालय, च्वसापासा, नासःखलः** का पनि संस्थापक हुन्। आत्मपरक निबन्धका अग्रज भाषानिभाः प्रेमबहादुर कसाःले भाषानिभाः प्रेमबहादुर कंसाकारले सङ्कलन गरेका अभिलेख, ताडपत्र, पत्रपत्रिका सङ्कलन गरी **आशा सफूकुथिको** निर्माण गर्ने जमर्को गरेका हुन्।

भाषानिभाः उपाधि प्राप्त कसाःले धर्मोदय पुरस्कार, श्रेष्ठ सिरपा, लाकौल सिरपा प्राप्त गरेका छन्। उनले **धर्मोदय, नेपाल ऋतुपौ, सितु** पत्रिकाका सम्पादक तथा **नसला, मतेनाया मे, नासःद्यःया मे, सिद्धिदास**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म्हसीके जस्ता पुस्तकको सम्पादन गरेका छन्। कसाःका कृतिहरूमा **ती (कथा)**, **न्हू पुखू (निबन्ध)**, **स्वांमा (बालकथा)**, **त्यपू (कविता)**, **न्यँकँबाखं, गय् थें मस्यू (कथा)**, **'धर्मोदय' य् जि (निबन्ध)** रहेका छन्।

कसाःले **जापानिज चिल्ड्रेन्ज फेभरिट स्टोरिजलाई पानी मचा बाखं** (वि.सं. २०४३) शीर्षकमा र डोनाल्ड केनको **एसेज इन आइडलनेसलाई मतापय् च्वयागु निबन्ध** शीर्षकमा अनुवाद गरेका छन्। (नवीन)

प्रेम प्रधान

प्रेमचन्द्र प्रधान साहित्यमा प्रेम प्रधानले परिचित छन्। उनको जन्म सन् १९४८ मा दार्जिलिङमा भएको थियो। एम.एससी. र बी.एड. गरेका प्रधान अध्यापन कार्यमा संलग्न रहे। उनका दुईवटा उपन्यास र एउटा कथा सङ्ग्रह प्रकाशित छन्। उनको एउटा **मोनोग्राफ** गोपी नारायण प्रधानबारे साहित्य अकादेमीद्वारा प्रकाशित छ। नेपाली साहित्य सम्मेलन, दार्जिलिङका अध्यक्षसमेत भएका प्रधान सन् २००६-२००७ को निमित्त साहित्य अकादेमी नेपाली एड्भाइजारी बोर्डमा रहेका थिए।

प्रधानले बेबी हाल्दारले बङ्गालीमा लेखेको **आलो आँधरी**लाई **उज्यालोतिर** शीर्षकमा अनुवाद गरेका छन्। सबैभन्दा पहिले यो कृति सन् २००२ मा हिन्दीमा अनूदित भयो - बङ्गाली पाण्डुलिपिबाटै प्रभुकुमारले हिन्दीमा ल्याए। प्रभुकुमार भनेका मुन्सी प्रेमचन्द्रका नाति हुन्।

यसकी लेखिका बेबी हाल्दार प्रभुकुमारको घरकी सेविका थिइन्। यस कृतिको बङ्गाली संस्करण सन् २००४ मा मात्र प्रकाशित भयो। अहिलेसम्ममा यो कृति विश्वका २४ भाषामा अनूदित भइसकेको छ। यसको अङ्ग्रेजी संस्करण उर्वसी बुटालियाको अनुवादमा सन् २००६ मा प्रकाशित भयो जसको शीर्षक छ - लाइफलेस अर्डिनरी। यसको नेपाली संस्करण र प्रेम प्रधानको अनुवादलाई निर्माण प्रकाशन सिक्किमले सन् २००९ मा ल्यायो। प्रधानले हिन्दी र अङ्ग्रेजी भाषाबाट अनुवाद गरेका थिए। सेविका बसेकी लेखिकाको जीवन अनुभूति भएको यो कृति र झमक घिमिरेको **जीवन काँडा कि फूलमा केही समानता पाइन्छ**। यसरी हृदयश्पर्शी पुस्तकले कसरी एकपछि अर्को भाषाको पर्खाल नाघ्दै अघि बढ्दो रहेछ भन्ने दृष्टान्त देखाउँछ। (गोविन्द) सम्पर्क: ९१९४३४१५०९५६

प्रेमशान्ति तुलाधर

वि.सं. २००७ फागुन १० गते काठमाडौँको भोटाहिटीमा जन्मेकी प्रेमशान्ति तुलाधर हाल ज्ञानेश्वरमा बस्दै आएकी छिन्। अर्थशास्त्र र नेपाल भाषामा एम.ए. गरेकी तुलाधरले समालोचना र निबन्धलाई आफ्नो लेखन क्षेत्र बनाएकी छन्। प्रा. तुलाधरको **नेपाल भाषा काव्य परम्पराय् कवि 'व्यथित' या काव्य**, **न्हू बाखं पुचःया बाखंत (समालोचना)**, **सुगत सौरभ महाकाव्य** जस्ता पुस्तकहरू प्रकाशित छन् भने **नेपाल भाषा व श्वया साहित्य विभागीय गोष्ठी**, **लोक साहित्य**, **विष्णु 'अल्पज्ञ' या जि व जिया दुने** जस्ता पुस्तकहरू सम्पादन गरेकी छन्। उनको आफ्नै कृति **नेपाल भाषाया साहित्यया इतिहासलाई नेपाल भाषाको साहित्यिक इतिहास** शीर्षकमा अनुवाद गरी नेपाल प्रज्ञा-प्रतिष्ठानबाट वि.सं. २०७३ मा प्रकाशित भएको छ। (नवीन) सम्पर्क: ४४१४४१९

फत्तेबहादुर सिंह (वि.सं. १९५८-२०४०)

फत्तेबहादुर सिंहको जन्म काठमाडौँको खिउँल टोलमा भएको थियो। नेवारी महाकवि सिद्धिदास अमात्यका नातिसमेत रहेका उनले अङ्ग्रेजी भाषा अध्ययन गरेका थिए। उनले कविता, निबन्ध, कथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्नुका साथै अनुवाद कार्य र पत्रकारिता समेत गर्दै आएका थिए । पाँच वर्षको कारागार सजाय भोगेका सिंहको **वनवासया छगू खँ** (खण्डकाव्य), **जीवन-खुसी, ख्यूँ अयोध्या, चर्पट मंजरीका** पुस्तकका रूपमा प्रकाशित भएका छन् भने **नेपाली विहार** (कविता सङ्ग्रह) पुस्तक सम्पादन गरेका कारण जेल सजाय भोग्नु परेको थियो ।

भाषारत्न उपाधिबाट सम्मानित सिंह महावीर इन्स्टिच्युटका संस्थापकमध्ये एक हुन् । उनले नेपाल भाषा परिषद्को अध्यक्ष भएर पाँच वर्ष सेवा गरेका थिए । सिंह नेपाल भाषा पत्रिका दैनिकीका प्रधान सम्पादक पनि हुन् । उनले ज्योतिप्रसाद गौतमद्वारा लिखित **भागवत कुञ्जलाई भागवतया किचः** लाई वि.सं. २०१६ मा नेपाल भाषामा अनुवाद गरेका थिए । (नवीन)

फिलिप पियर्स

जर्मनी मूलका अङ्ग्रेजी भाषा ज्ञाता फिलिप पियर्स नेपाली आख्यानको अङ्ग्रेजी अनुवाद र सम्पादनमा लामो समयदेखि सक्रिय छन् । पियर्सले ध्रुवचन्द्र गौतमको महत्त्वाकाङ्क्षी उपन्यास **अलिखित** (वि.सं. २०४०) र उत्तर-आधुनिक प्रयोगधर्मी लघु उपन्यास **फूलको आतङ्क** (वि.सं. २०५५) लाई क्रमशः **अनरिटन** (इ. १९९२) र **टेरर अफ फ्लावर** (वि.सं. २०६२) शीर्षकमा अनुवाद गरेका छन् । **अलिखित** आख्यानकार गौतमको मदन पुरस्कार विजयी उपन्यास हो भने **फूलको आतङ्क** समकालीन नेपाली आख्यानमा एक अग्रगामी प्रयोग हो । साथै, अनुवादक पियर्सले विजय मल्लको उपन्यास **कुमारी शोभालाई** सोही शीर्षकमा अनुवाद गरी सन् २००२ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित गरेका छन् । पचासको दशकमा नेपाली साहित्य अनुवादमा प्रवेश गरेका यी विद्वान्ले माधवलाल कर्माचार्य, गोविन्दराज भट्टराई जस्ता अन्य अनुवादकहरूसँग पनि सहकार्य गरेका छन् । पियर्स धेरै समयसम्म नेपाल अनुसन्धान केन्द्र, काठमाडौँमा अङ्ग्रेजी अनुवादकका रूपमा कार्यरत रहे । (गोविन्द)

बद्री गुरागाईं

भारतको असमस्थित निकासी जिल्लामा सन् १९५९ मा जन्मेका बद्री गुरागाईंले नेपाली साहित्यलाई भारतसम्म पुऱ्याएका छन् । उनले सिक्किमका वीरभद्र कार्कीढोलीका 'चुनिएका कविता'लाई बडो भाषामा अनुवाद गरेका छन् जसको शीर्षक **वीरभद्र कार्कीढोलीसी अनूदित कविता** रहेको छ । **बडो साहित्यको परिचय इतिहास** (इ. १९९६), **गीतायन** (गीत सङ्कलन, इ. २००४), **बडो भाषाको व्याकरण** (इ. २००३), **बडो निबन्ध** आदि उनले लेखेका बडो साहित्यबारे केही परिचयात्मक कृति हुन् । (गोविन्द) सम्पर्कः ९८५९९७६०३४

बदरीनाथ भट्टराई (वि.सं. १९६५-२०५२)

काठमाडौँको इन्द्रचोकमा जन्मेका बदरीनाथ भट्टराईले संस्कृत साहित्यमा शास्त्री तथा धर्मशास्त्रमा आचार्यसम्मको अध्ययन गरेका थिए । भाषा साहित्यको सेवा एवम् प्राध्यापन कार्यमा संलग्न भट्टराईका मौलिक र अनूदित गरी ३३ वटा कृति रहेका छन् । तीमध्ये **हरिस्तुति** (वि.सं. २०२८), **विद्यागीता** (वि.सं. २०२८), **गजेन्द्रमोक्ष** (वि.सं. २०३१), **योगवाशिष्ठ** (वि.सं. २०३१), **स्तुतिधारा** (भाग १-२, वि.सं. २०३३), **देवीगीता** (वि.सं. २०३३), **हंसगीता** (वि.सं. २०३३) **भिक्षुगीता** (वि.सं. २०३३), **रामगीता** (वि.सं. २०३४), **ब्रह्मगीता** (वि.सं. २०३४) र **विचारचन्द्रोदय** (वि.सं. २०४६) उनका अनूदित कृतिहरू हुन् । (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बदरीनारायण वर्मा

बदरीनारायण वर्माको जन्म सन् १९४० मे १६ मा महोत्तरीको धवौली गाउमा भएको थियो। ओ.सी.एम. कलेज दरभङ्गाबाट स्नातक गरेपश्चात् उनी नेपाल सरकारको शिक्षण सेवामा संलग्न भए। सेवाकै क्रममा उनले इङ्ल्यान्डबाट सन् १९७७ मा शिक्षा अध्ययन विषयमा डिप्लोमा गरे भने शिक्षा मन्त्रालयमा २४ वर्ष सेवा गरे। पछि आठ वर्षसम्म नेपाल सरकारको हुलाक सेवामा काम गरी सेवा निवृत्त भए। सेवा निवृत्तिपश्चात् उनले साहित्य सिर्जनामा विशेष अभिरुचि देखाए। कविता, गीत, कथा, निबन्ध आदि सिर्जनामा उनी सिद्धहस्त थिए तर उनको विशेष रुचि भने अनुवादमा थियो। चित्रगुप्त सेवा समिति, जनकपुरको मुखपत्र *नैमिकानन* नामक सामूहिक साहित्यिक पत्रिकाको सम्पादकको रूपमा पनि उनले लामो समयसम्म काम गरे।

वर्माले गरेको **भानुभक्तीय रामायण**को मैथिली अनुवाद उत्कृष्ट मानिन्छ। यसको प्रकाशन नेपाल प्रज्ञा-प्रतिष्ठानले गरेको थियो। यसका अतिरिक्त उनले साहित्यको नोवेल पुरस्कार विजेता रवीन्द्रनाथ ठाकुरको बहुचर्चित **गीताञ्जली**को मैथिली अनुवाद पनि गरेका छन्। लोपोन्मुख मिथिलाक्षरको संरक्षण सम्वर्द्धनमा उनले गरेको योगदान अतुलनीय मानिन्छ। (शशी)

बद्रीनारायण प्रधान (इ. १९२७–२०१०)

बद्रीनारायण प्रधानको जन्म पश्चिम बङ्गालको जलपाईगुढीमा भएको थियो। इतिहासमा कलकत्ता विश्वविद्यालयबाट एम.ए. गरेका प्रधानले अध्यापन सेवामा लामो समय व्यतीत गरे। उपन्यास, कथा र जीवनीहरूको लेखन कार्य गरेका प्रधानले अनुवादको क्षेत्रमा पनि योगदान गरेका छन्। उनले गरेको मेक्सिम गोर्कीको **आमा**को अनुवाद सन् १९७६ मा प्रकाशित भयो। त्यसै गरी अलेक्जेन्डर रोस्किनद्वारा लिखित **फ्रम द ब्याक्स् अफ भोल्गा** शीर्षक कृतिको नेपाली **भोल्गाको गड्तिरबाट** उनको अर्को अनुवाद हो। यसलाई जनदिशा प्रकाशन गृह काठमाडौँले वि.सं. २०६५ मा प्रकाशन गरेको हो। प्रधानको **फा-हियानको भ्रमण कथा** (इ. २०००) शीर्षकको अनुवाद पनि प्रकाशित छ भने उनका फुटकर अनुवादहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन्। (गोविन्द)

बद्रीप्रसाद घिमिरे

वि.सं. २०२६ मा सिन्धुपाल्चोकमा जन्मेका बद्रीप्रसाद घिमिरेले अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर गरेका छन्। हाल शिक्षण पेसामा सक्रिय घिमिरेले इ. १९५४ का नोवेल पुरस्कार विजेता अमेरिकी स्रष्टा अर्नेस्ट हेमिङ्वेको विश्व विख्यात उपन्यास **ओल्ड म्यान एन्ड सी**लाई **बुढो मान्छे र समुद्र** शीर्षकमा अनुवाद गरेका छन्। उनको यस अनुवादलाई एजुकेसन बुक हाउस, ट्रान्सप्रिन्टले वि.सं. २०७४ मा बजारमा ल्याएको छ। शिक्षा र साहित्यका क्षेत्रमा फुटकर रचना प्रकाशन गराउँदै आएका अनुवादक घिमिरेको नेपोलियन हिलद्वारा लिखित **थिङ्क एन्ड ग्रो रिच**को नेपाली अनुवाद **सोच्नोस् र धनी बन्नोस्** शीर्षकमा प्रकाशोन्मुख अवस्थामा छ। (बलराम) सम्पर्क: ९८५१०५५९५३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बलराम अधिकारी

वि.सं. २०३४ मा गोरखामा जन्मेका बलराम अधिकारीले अङ्ग्रेजी विषयमा एम.ए. र एम.एड. गरेका छन्। उनी सफल सर्जक र समर्पित अनुवादक दुवै हुन्। उनको **इरेजर** (वि.सं. २०७३) एक पुरस्कृत निबन्ध सङ्ग्रह हो। बलरामले अनुवाद साहित्यमा निरन्तर योगदान गरिरहेका छन्। त्रिवि शिक्षाशास्त्र अन्तर्गतको पाठ्यक्रम अनुसारका बी.एड. र एम.एड.का **ट्रान्सलेसन स्टडिज** विषयका पाठ्य सामग्री निर्माणमा संलग्न भएका अधिकारीले नेपाल प्रज्ञा-प्रतिष्ठानको परियोजनाअन्तर्गत **अनुवाद सिद्धान्त र प्रयोग**को लेखन कार्य गरे। सो कृति हाल प्रकाशित पनि भएको छ। उनले नेपाली र अङ्ग्रेजी दुवैमा अनुवाद गरेका छन्। ती निम्नानुसार छन् :

१) गोविन्दराज भट्टराईकृत **एन इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज** (इ. २००४) को **अनुवाद अध्ययन परिचय** (वि.सं. २०६४); (वि.सं. २०७४ दो.सं.)।

२) गोविन्दराज भट्टराईकृत आख्यान, **सुकरातका पाइला** (वि.सं. २०६२) को अङ्ग्रेजी अनुवाद **सोक्रेटसेज फुटस्टेप्स्** (इ. २०१०), प्रकाशक ओरिएन्टल प्रकाशन।

३) नीरज भट्टराईको कविता सङ्ग्रह **धुवाँको आगो** (वि.सं. २०७०) को **द थ्रेड्स् अफ स्मोक** (वि.सं. २०७०), प्रकाशक रितुरङ्ग।

४) शारदा सुब्बाको नाटक **यशोधरा** (वि.सं. २०६५) को अङ्ग्रेजी अनुवाद **यशोधरा** (इ. २०१५), प्रकाशक निरन्तर प्रकाशन।

५) रक्षा राईका सङ्कलित कविताको अनुवाद **पोएट्स इन किलिङ जोन** (इ. २०१३) जसको प्रकाशन अथर हाउस, यू.के. ले गरेको छ।

६. नवीन प्राचीनको कविता सङ्ग्रहलाई १८१ पृष्ठभरि नेपाली अङ्ग्रेजी सँगसँगै मिलाएर प्रकाशित गरेका छन्। यसको शीर्षक छ **उभिएर एक्लै**। बलरामले **स्ट्यान्डिङ अलोन** शीर्षकमा सुन्दर अनुवादमा रूपान्तरित गरेका छन् जसलाई रत्न पुस्तक भण्डारले वि.सं. २०७३ मा प्रकाशित गरेको छ।

७. विश्व प्रसिद्ध केही कथाकार र कथाहरू (पन्ध्र कथाको सङ्ग्रह), नेपाल प्रज्ञा-प्रतिष्ठान (वि.सं. २०७४)।

यीबाहेक उनले अनेक फुटकर अनुवाद गरेका छन्। युवा पुस्ताका स्रष्टामध्ये अनुवाद सिद्धान्तका अध्येता बलरामको अनुवाद कला र कर्म विश्वसनीय छ। त्रिविअन्तर्गत अङ्ग्रेजी शिक्षाका उपप्राध्यापक बलराम अधिकारीले अनुवाद विषयमै विद्यावारिधि गर्दै छन्। (गोविन्द) सम्पर्क: ९८४१५७३९९

वसन्त थापा

वसन्त थापा सन् १९५१ मा धनकुटामा जन्मेका हुन्। एम.ए., बी.एल. गरेका थापाको मुख्य क्षेत्र अनुवाद र सम्पादन हो। उनका अधिकांश अनुवादहरू हिमाल किताब काठमाडौं र रातो बङ्गला किताब पाटन ढोकाबाट प्रकाशित छन्। जस्तै टोनी हेगनको **नेपाल: द किङ्डम इन द हिमालय**को **अनुवाद नेपालको चिनारी** (इ. २००१), डा. जिम डफ र डा. पिटर गोम्लीको **फस्ट एडको प्राथमिक उपचार** (इ. २००२), **काडमाडौं स्प्रिङ : द पिपल्ज मुभमेन्ट अफ १९९० को जनता जागेको बेला** (इ. २००४), हरिप्रसाद सिटौला र प्रेम सुब्बाको **हर्क गुरुङ बायोग्राफी, मैले देखेको नेपाल** (इ. २००७), मञ्जुश्री थापाको **ट्रान्सेलसन म्यानुअल**को अनुवाद **अनुवाद शिल्प : एक सन्दर्भ** (इ. २००८) थापाद्वारा अनूदित पुस्तकहरू हुन्। यिनको प्रकाशक हिमाल किताब रहेको छ। साथै, धेरै पुस्तक रातो बङ्गला किताबले छापेको छ। धेरैजसो बाल साहित्यमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्ने प्रकाशन छन् जस्तै ओस्कर वाइल्डको **ह्याप्पी प्रिन्स एन्ड अदर स्टोरी**को **सुखी राजकुमार** (वि.सं. २०५४), कनकमणि दीक्षितको **एड्भेन्चर अफ नेपाली भ्यागुताको धूमधामको घुमघाम** (वि.सं. २०५४), दीक्षितकै **द हिमालयन एन्ड फर्स्ट एड एन्ड सर्भाइभल म्यानुअल, काडमाडौँ सन्धी** (वि.सं. २०५४) तथा द **लिच एन्ड आइको काउबुढी र अरू कथा** (वि.सं. २०५४), हान्स क्रिस्टेन यान्डरसनका **सङ अफ नाइटिङ्गेल एन्ड अदर स्टोरिजको जुरेली चरीको गीत** (वि.सं. २०५७), स्टेवार्ट र पोलिएन ग्राफको **हेलेन केलर्ज बायोग्रफीको हेलन केलर** (वि.सं. २०५८), डेरी डेनिनबर्गको **नेल्सल मन्डेलाः नो इजी वाक**को **स्वतन्त्रताको बाटो सजिलो छैन नेल्सन मन्डेला** (वि.सं. २०६४), मार्गरिट डेनिनवर्गको **आइ ह्याभ अ ड्रिम : द स्टोरी अफ मार्टिन लुथर किङ**को **मेरो एउटा सपना छ** (वि.सं. २०६४), क्याथलिन कडलिन्स्कीको **मदर टेरेसा : फ्रेन्ड टु द पोर**को **करुणाकी प्रतिमूर्ति : मदर टेरेसा** (वि.सं. २०६५) रहेका छन् । वसन्त थापाले धेरै फुटकर अनुवाद पनि गरेका छन् । उनी अनुवादक मात्र नभई सम्पादक र सह-अनुवादक, अनुवाद प्रवर्द्धक तथा प्रकाशक पनि हुन् । अनुवादक समाज जस्तो अत्यन्तै महत्त्वपूर्ण संस्थाको स्थापना र विकासमा थापाले गरेको योगदान अतुलनीय छ । (गोविन्द) सम्पर्क: ९८५१०४९७८०

बाबुराम पाण्डे

तनहुँको लभराकमा वि.सं. २००३ मा जन्मेका बाबुराम पाण्डेले आइ.एड. सम्मको अध्ययन गरेका छन् । शिक्षण पेसामा लामो सेवा गरेका पाण्डेले लोककथा विधाको **जीतवाहनक कथा जितिया पावनी** (वि.सं. २०६१) लाई **जितिया पावनीको नेपाली अनुवाद** शीर्षकमा प्रस्तुत गरेका छन् । थारू भाषाका मूल लेखक पं. कलानाथ अधिकारी हुन् । यस अनुवादको प्रकाशन चितवन समसामयिक पत्रिकाले वि.सं. २०७१ मा गरेको हो । अनुवादक पाण्डे कविता र कथा विधाका मौलिक स्रष्टा पनि हुन् । हाल उनी चितवनमा बस्दै आएका छन् । (गोविन्द) सम्पर्क: ९८४५०४८२३३

बालकृष्ण श्रेष्ठ 'नेभा'

बालकृष्ण श्रेष्ठ 'नेभा' ले रजनीकान्त शास्त्रीद्वारा हिन्दी भाषामा लेखिएको कृति **हिन्दु जातिका उत्थान और पतन**को नेपाली भाषामा अनुवाद गरी **हिन्दु जातिको उत्थान र पतन** (वि.सं. २०६४) शीर्षकमा प्रस्तुत गरेका छन् । यो कृति नेपालीमा अनुवाद गरिएका चिन्तन प्रधान ग्रन्थमध्ये एक हो । मूल कृतिमा परेका हिन्दी भाषाबाहेक अन्य भाषाबाट लिइएका उद्धरणको पनि अनुवाद गरी नेपाली भाषाको सहजात शब्द र धनीपनाको आधार प्रस्तुत गरिएको छ । यस कृतिको अनुवादबारे अनुवादकको मत छ- 'मूल लेखककै सदाशयताबाट प्रेरित भएको मैले सम्पूर्ण नेपाली समाजलाई ज्यादै काम लाग्ने देखेर हिन्दीभन्दा नेपालीमा पढ्न ज्यादा सुविधा महसुस गर्ने नेपाली पाठकहरूलाई मध्यनजर गरी केही वर्ष पहिले नै यस पुस्तकको अनुवाद कार्य सिध्याएको थिएँ ।' यो कृति वंश रत्न मेमोरियल ट्रस्टले प्रकाशनमा ल्याएको हो । यसबाट प्रस्तुत कृतिको अनुवाद प्रसङ्ग बोध हुनुका साथै अनुवादकको सचेत प्रस्तुति पनि स्पष्ट हुन्छ । (सुकुम)

बालचन्द्र शर्मा ढुङ्गाना (वि.सं. १९७६-२०३२)

बालचन्द्र शर्मा **ढुङ्गाना**को जन्म भारतको इलाहाबादमा भएको थियो । अङ्ग्रेजी साहित्यमा एम.ए. र हिन्दीमा साहित्य रत्न पुरा गरेका शर्माले राजनीति, कुटनीति, साहित्य सृजना र अनुवादका क्षेत्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुऱ्याएको योगदान उल्लेखनीय छ । राजदूत, मन्त्री र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको उपकुलपतिसमेत भएका शर्माका **भानुभक्त समालोचना, नेपाली संस्कृति, नेपाली साहित्यको इतिहास** जस्ता मौलिक कृतिहरू प्रकाशित छन् । हिन्दी उपन्यास **गुलबकावली** (वि.सं. २००५), हिन्दीबाट अनूदित फारसी भाषाको उपन्यास **प्रेमयोगी** (वि.सं. २००५) र कथा सङ्ग्रह चिनका **प्राचीन कथा** (वि.सं. २०२९) उनका अनूदित कृति हुन् । यी तीनवटै अनूदित पुस्तकको प्रकाशन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट भएको हो । यीमध्ये कुनैको पनि मूल लेखकका बारेमा केही उल्लेख भएको देखिँदैन । शर्माद्वारा अनूदित **गुलबकवली**लाई उनीभन्दा पहिले (वि.सं. १९८० मा शम्भुप्रसाद ढुङ्गेलले पनि सोही शीर्षकमा अनुवाद गरेका थिए । (बलराम)

बालगोपाल श्रेष्ठ

वि.सं. २००४ मा काठमाडौँको न्हाय्कंतलामा जन्मेका बालगोपाल श्रेष्ठ हाल न्यूजिल्यान्डमा बसोवास गर्दै आएका छन् । स्नातकोत्तर गरेका श्रेष्ठले कविता, निबन्ध र समालोचना लेख्ने गरेका छन् । ठाकुरलाल सिरपा प्राप्त श्रेष्ठले **ब्वसल, न्ह्यवःसा,मित्याः घिंतांघिसि** जस्ता पत्रिका सम्पादन गरेका छन् भने हलिमलि (निबन्ध), **सक्व देया देवी प्याखं** जस्ता किताबहरू लेखेका छन् ।

श्रेष्ठले अनुवाद गरेको **श्रीलङ्कन फोक टेल्स** क्रमशः (**श्रीलङ्काया न्यँकँबाखं**), **एन एन्थोलोजी अफ मोडर्न श्रीलङ्कन स्टोरिज** श्रीलङ्काया न्हू बाखं साहित्य गुथिबाट वि.सं. २०५० र २०५२ मा प्रकाशन भएको छ । (नवीन)

बैजनाथ भट्टराई (वि.सं. १९७१-२०५८)

बैजनाथ भट्टराईको जन्म ताप्लेजुङको साँघुमा भएको थियो । बनारसको क्विन्स कलेजबाट वेदान्त शास्त्रीसम्मको अध्ययन गरी लामो समयसम्म ताप्लेजुङ र धरानमा अध्यापन सेवा र लेखनमा भट्टराईले जीवन व्यतीत गरे । संस्कृत वाङ्मय, नेपाली साहित्य र व्याकरण तथा दर्शनमा उनी सम्मानित व्यक्तित्व हुन् । **भट्टराई वंशावली** (वि.सं. २०२४), **दर्शन परिचय** (वि.सं. २०४०), **वैजनाथ गीता** (वि.सं. २०४४) जस्ता कृतिका लेखक भट्टराईको **पञ्चदशीको भाषा अनुवाद** वि.सं. २०७४ मा प्रकाशनमा आएको छ । यसका प्रकाशक भरत भट्टराई तथा उषा भट्टराई, विराटनगर रहेका छन् । यस अनुवादले दार्शनिक जगत्का विशिष्ट विद्वान्हरूको आत्मा र ईश्वरसम्बन्धी दृष्टिकोणलाई प्रस्तुत गर्दछ । यसका मूल रचयिता पण्डित माधवाचार्य विद्यारण्यस्वामी हुन् । श्री विद्यारण्य स्वामी चौधौँ शताब्दीका वेदान्ती, सन्यासी, धर्मगुरु एवम् चिन्तक हुन् । (गोविन्द)

बैरागी काइँला

तिलविक्रम नेम्वाङको साहित्यिक नाम बैरागी काइँला हो । उनको जन्म वि.सं. १९९६ मा पाँचथरको पौवा सारतापमा भएको थियो । दार्जिलिङबाट स्नातकसम्मको अध्ययन गरेका बैरागी आधुनिक कालका नवीन चेतनाका नेपाली कविमध्ये शीर्षस्थानमा रहेका छन् । उनका दुईवटा कविता सङ्ग्रह उत्कृष्ट छन् – **बैरागी काइँलाका कविताहरू** (वि.सं. २०३१) अनि **अन्धो मान्छे र हात्ती** (वि.सं. २०६८) । उनी लोकतान्त्रिक नेपालमा पुनर्गठित नेपाल प्रज्ञा-प्रतिष्ठानका प्रथम कुलपति हुन् । प्रजातन्त्र पुनर्स्थापनाका लडाइँका उनी एक अथक वैचारिक योद्धा थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिम्बू भाषा-साहित्यको उत्थानमा उत्तिकै समर्पित बैरागी काइँलाले लिम्बू-नेपालीबिचमा धेरै महत्त्वपूर्ण कृतिको अनुवाद गरेका छन्। शब्दकोश निर्माण गर्ने र लिम्बू जर्नल आरम्भ गर्ने श्रेय उनैलाई छ। यी कृतिले खास गरी लिम्बू संस्कृतिबारे सम्पूर्ण नेपालीभाषीलाई परिचय दिन्छन्। **महागुरु फाल्गुनन्दको उपदेश र सत्यहाङमा भजन माला** (धर्म संस्कृति, वि.सं. २०४७), **साप्पोक चोमेन** लिम्बू जातिमा कोख-पूजा (लिम्बू-नेपाली वि.सं. २०४८), **नाहेन मुन्धुमः ईर्ष्या र आँखीडाहीको आख्यान र अनुष्ठान** (लिम्बू-नेपाली, वि.सं. २०५१), **साम्सोघा मुन्धुम** (प्रेतात्माको आख्यान र अनुष्ठान (लिम्बू-नेपाली, वि.सं. २०५१), **ससिक मुन्धुम** (मोच मार्ने आख्यान र अनुष्ठान, लिम्बू-नेपाली, वि.सं. २०५२), **तङ्सिङ तक्मा मुन्धुम** (आख्यान र अनुष्ठान, लिम्बू-नेपाली, वि.सं. २०५२), **नावा चइत् मुन्धुम** (लिम्बू-नेपाली), **याक्थुङ साप्सक् नु साक्थिम** (लिम्बू भाषा र साहित्य त्रैमासिक, वि.सं. २०४९), **लिम्बू ग्रन्थसूची** (वि.सं. २०५०), **लिम्बू भाषा तथा साहित्य विचार गोष्ठी** (वि.सं. २०५०) **लिम्बू भाषा तथा साहित्य विचार गोष्ठी** (वि.सं. २०५०), **राष्ट्रिय भाषाको कविता सँगालो** (अमृत योञ्जनसमेत, वि.सं. २०५५), **किरात जागरण गीत (वि.सं. २०३८, मूल लेखक** खड्गबहादुर नेम्वाङ, लिम्बूबाट नेपालीमा), **लिम्बू नेपाली-अङ्ग्रेजी शब्दकोश** (वि.सं. २०५९) आदि उनका मौलिक एवम् अनूदित कृति हुन्। (गोविन्द) सम्पर्क: ९८४१३४१३२७

ब्राइन हुटन होजसन (इ. १८००-१८९४)

ब्राइन हुटन होजसन को जन्म बेलायतको चेसायरस्थित लोअर बिचमा भएको हो। सन् १८१८ मा भारतमा आएका होजसन सन् १८२० मा सरकारी पदमा नियुक्त भएका थिए। नेपालका लागि राजदूत भएर आएका होजसनलाई त्यस पदमा रहँदा नेपाल र इस्ट इन्डिया कम्पनीका बिच उल्लेख्य मैत्री सन्धी गर्न सक्षम भएको जस दिइएको छ। नेपाली राजनीति, भाषा, संस्कृति तथा जाति विशेषको अध्ययनमा उनी स्मरणीय व्यक्तित्व हुन्। होजसन नेपालका लागि बेलायती सरकारका आवासीय प्रतिनिधि (रेजिडेन्ट) रहेका थिए। उनी एक प्रसिद्ध प्रकृतिवेत्ता, नृतत्त्व शास्त्री र भाषाविद् थिए। उनले नेपाल र भारतका विविध विषयमा व्यापक अध्ययन गरेर अनेक तथ्य प्रकाशमा ल्याए। यसको लागि Harihar - Indra Bibliography of Hodgson 2002 अध्ययनीय छ।

नेपालका बारेमा अध्ययन गर्ने युरोपेली व्यक्तित्वहरूमध्ये होजसन पनि एक हुन्। नेपालका भाषा, जाति, संस्कृति आदिका बारेमा अध्ययन गरी भाषाशास्त्र, जातिशास्त्र, प्राणी विज्ञान र बौद्ध दर्शनका विषयमा अन्वेषणात्मक लेखन विस्तार भएको छ। यिनले नेपाली थरका बारेमा अनुसन्धान गरेका छन्। खस भाषा (नेपाली) र नेपालका भाषाका शब्दावली सङ्कलन गरी अङ्ग्रेजी समानार्थी शब्द दिने होजसन अनुवाद परम्परामा पनि उल्लेख्य छन्। यिनको **मिसिलेनस एसेज रिलेटिङ टु इन्डियन सब्जेक्ट** (इ. १८८०) यस सन्दर्भमा स्मरणीय छ। यिनले नेपाली शब्द रोमनमा दीर्घ भएको अङ्ग्रेजी अर्थसहित (Lognya (लोग्ने) : बल, Din (दिन) Day) प्रस्तुत गरेका छन्। शब्दावलीका तहबाहेक पनि यिनले अनुवाद गरेका छन्। (सुकुम)

भक्तसिंह ठकुरी

भक्तसिंह ठकुरीको जन्म असमको डिग्बोईमा सन् १९५५ मा भएको थियो। उनले स्नातकसम्मको अध्ययन गरी शिक्षण पेसाका साथसाथै सिर्जना र अनुवादलाई निरन्तरता दिएका छन्। नेपाली र बङ्गालीमा कविता लेख्ने भक्तसिंहको **महुआर ट्रेन** (बङ्गाली कविता सङ्ग्रह)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र **विद्यापतिर पदावली** (मैथिली कवि विद्यापतिका पदावलीको बङ्गाली अनुवाद) प्रकाशित छन् । तीबाहेक उनका निम्न कृति रहेका छन् :

ग) **विश्वबोध** - गोपालबहादुर नेपालीका ४५ वटा नेपाली कविताको बङ्गालीमा अनुवाद

घ) **बर्षार् झरणा**- शिवकुमार राईको कथा सङ्कलन खहरेको बङ्गालीमा अनुवाद

ङ) नव सापकोटाद्वारा सम्पादित असमका ५२४ जना नेपाली कविका कविताको बङ्गालीमा अनुवाद **असमेर नेपाली कविता**

च) बङ्गलादेशको मौमनसिंह अञ्चलका प्राय ३०० वर्ष प्राचीन सातवटा गीति नाट्यको नेपालीमा अनुवाद **मैमनसिंह गीतिका**

छ) **नेपाली कविता र सङ्कलन** - ९६ जना भारतीय नेपाली कविका नेपाली कविताको बङ्गालीमा अनुवाद

ज) **जोशमणि सन्त परम्परा ओ साहित्य**- सानु लामाद्वारा सङ्कलित प्राचीन भजनहरूको बङ्गाली भाषामा अनुवाद

नोटः यी कदेखि छसम्मका शीर्षकमा दुईदेखि पाँच जना अनुवादक संलग्न छन् र भक्तसिंह एकजना सहअनुवादक मात्र हुन् ।

झ) **रामप्रसादका कविता र गीत** २५०/३०० वर्ष प्राचीन साधक कवि रामप्रसादका भजनहरूका नेपाली भाषामा अनुवाद र तान्त्रिक शब्दहरूको व्याख्या,

ञ) **जीवन नामदुङ्ग निर्वाचित कविता** भारतीय नेपाली कवि जीवन नामदुङ्गका ५५ वटा कविताको बङ्गालीमा अनुवाद,

ट) **खाँडा जागाइबार् कविता** नेपाली खाँडो जगाउने कविताको बङ्गाली अनुवाद

ठ) **वीरभद्र कार्कीढोलीर् कविता** - भारतीय नेपाली कवि वीरबहादुर कार्कीढोलीका ५४ वटा कविताको बङ्गाली अनुवाद ।

यीमध्ये **मैमनसिंह गीतिका**को अनुवाद एक प्रशंसनीय कार्य हो । यसको बारेमा अनुवादकको भनाइ छ : **मैमनसिंह गीतिका** मध्ययुग कालीन अविभक्त बङ्गलादेशमा मैमनसिंह अञ्चलको गीति व्यवसायीहरूले त्यस ठाउँको आञ्चलिक बङ्गाली भाषामा रचित मानवप्रेमाश्रित आख्यान गीतिहरू पुरुषानुक्रमिक रूपले विभिन्न ठाउँमा घुमी घुमी गाउँदै हिँड्थे । यिनीहरू अशिक्षित निरक्षर हुनाले यिनीहरूले गाएका गीतिहरू हुन्थे स्मृतिनिर्भर । यी मौखिक काव्यगीतिहरूले अझै पनि गायक र स्रोताहरूलाई धेरै आनन्द दिन्छ । अझै पनि खेतालाहरूले खेतमा काम गर्दा, माझीहरूले नाउ खियाउँदा उच्च स्वरले यी गीतहरू गाएको र चाख मानेर सुनिरहेको देख्न पाइन्छ । बजारमा चियाको पसल र अरू पसलहरूमा यी गीतहरू बज्दा त्यस पसलतिर ग्राहकहरू अकर्षित भएको देख्न पाइन्छ ।

यी गीतहरूलाई अनुवाद गर्दा गीतिहरूको सुकौमार्य अक्षुण्ण राख्नका निम्ति धेरै ठाउँमा धेरै परिवर्तन गर्न परे पनि कुनै नयाँ शब्दको प्रयोग भएको छैन र ग्रामीण झर्रा शब्दको निजत्व मधुर रस मूल शब्द, मूल वाक्य संरचना-पद्धति वक्तव्यको कुनै परिवर्तन भएको छैन । (गोविन्द)

भगवानचन्द्र ज्ञवाली

पाल्पाको गोखुङ्गामा वि.सं. २०१३ मा जन्मेका भगवानचन्द्र ज्ञवालीले नेपाली नाटक विषयमा विद्यावारिधि गरेका छन् । त्रिभुवन विश्वविद्यालयअन्तर्गत अध्यापन पेसामा संलग्न ज्ञवालीका दुईवटा अनूदित कृति प्रकाशित छन् । पहिलो पुस्तक अङ्ग्रेजी साहित्यबाट छनौट गरिएका अंशहरूको अनुवाद **विश्व**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चर्चित उपन्यास कथासार (वि.सं. २०६४) हो । जम्मा १९ वटा कथालाई भवदीय प्रकाशनले छाप्यो । त्यसै गरी भ्लादिमिर कोरालेनकोकृत **ब्लाइन्ड म्युजिसियन**लाई **अन्धा सङ्गीतज्ञ** (वि.सं. २०७३) शीर्षकमा अनुवाद गरेका छन् । यसलाई स्वदेश प्रकाशनले छापेको हो । ज्ञवाली कथा र काव्य सृजनामा सक्रिय छन् । (गोविन्द) सम्पर्क: ९८४१४६७४७३,

भरतराज पन्त (वि.सं. १९८६-२०६५)

काठमाडौँको फसिकेब टोलमा जन्मेका भरतराज पन्तले नेपालीमा एम.ए. तथा संस्कृत साहित्यमा आचार्य तहसम्मको शिक्षा हासिल गरेका थिए । पेसाले प्राध्यापक रहेका पन्तका मौलिक र अनूदित गरी १५ वटा कृति प्रकाशित छन् । तीमध्ये उनका अनूदित कृति हुन् - **तपस्विनी** (वि.सं. २०२५) महाकवि कालिदासले रचना गरेको **कुमारसम्भव** महाकाव्यको केही अंशको नेपाली अनुवाद अनि **एकादशिका** (वि.सं. २०४२) । (माधव)

भरत साःमि

भरत साःमिको जन्म वि.सं. २०१० मा काठमाडौँको न्हूसाःमा भएको हो । उनको वास्तविक नाम भरत नारायण मानन्धर हो । स्नातक उत्तीर्ण साःमिले **देःगः** पत्रिका सम्पादन गरेका छन् । बाखं समालोचना, सतः (कथा), सिलु (कमिक्स) सम्पादन गरेका साःमि को **नेपालय् महामञ्जुश्री** (चित्रकथा) पनि लेखेका छन् । अनिल बर्बेद्वारा लिखित **थैंक्यू मिस्टर ग्लाड** राजनीतिक उपन्यासलाई नेपालीमा सोही शीर्षकमा अनुवाद गरी (वि.सं. २०३८) मा छपाए । यो अनुवादमा उल्लेखीय योगदान हो । उनले नेपालीमा अनुवाद गरेका छन् । (नवीन) सम्पर्क: ९८४११२७५५४६

भवानीदत्त पाँडे (वि.सं. १८५८-१९१०)

काठमाडौँमा जन्मेका भवानीदत्त पाँडेले संस्कृत साहित्यको अध्ययन गरेका थिए । विशाखदत्तद्वारा लिखित **मुद्रा राक्षस** शीर्षकको संस्कृत नाटकलाई यिनले सोही शीर्षकमा नेपालीमा अनुवाद गरेका थिए । उक्त अनूदित कृति वि.सं. २०१८ मा (मरणोपरान्त) जगदम्बा प्रकाशनले प्रकाशित गरेको छ भने उनले **महाभारत**का तीनवटा पर्व (**विराटपर्व, उद्योगपर्व, शान्तिपर्व**), **मार्कण्डेय पुराण** र **हितोपदेश**को समेत नेपालीमा अनुवाद गरेका थिए । (माधव)

भागीरथी श्रेष्ठ

गुल्मीको रिडी बजारमा वि.सं. २००५ मा जन्मेकी भागीरथी श्रेष्ठ बीसको दशकमा साहित्यारम्भ गरी अद्यावधि सक्रिय छिन् । स्नातक गरेपश्चात् विभिन्न पेसामा सक्रिय रहेकी भागीरथी एक स्थापित स्रष्टा हुन् । उनको मूल लेखन क्षेत्र कथा हो भने उनका कथामा मनोसामाजिक जीवनमा सङ्घर्षरत व्यक्तिका अन्तरव्यथाहरू उत्घटित भएको पाइन्छ । उनका **क्रमश :** (वि.सं. २०३४), **मोहदंश** (वि.सं. २०४४), **यस्तो एउटा आकाश** (वि.सं. २०४६), **विभ्रम** (वि.सं. २०५०), **रातो गुलाफ** (वि.सं. २०६५) जस्ता कथा सङ्ग्रह प्रकाशित छन् । सिर्जनाका अतिरिक्त उनले अनुवादमा पनि योगदान दिएकी छन् । उनले भारतीय अग्रणी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आख्यानकार एवम् पत्रकार हिमांशु जोशीको **कगारकी आग** शीर्षक उपन्यासलाई नेपाली साहित्यमा भित्र्याइन्। **अग्निपर्व** शीर्षकमा अनूदित यस उपन्यासलाई रत्न पुस्तक भण्डारले वि.सं. २०६४ मा प्रकाशन गरेको हो। **कगारकी आग**लाई जोशीको एक उत्कृष्ट सृजनाका रूपमा लिने गरिन्छ। यस अनूदित कृतिलाई गोविन्दराज भट्टराईले पाठकसमक्ष परिचय गराएका छन्। अनुवादकले मौलिक स्रष्टालाई भेटेर लिखित स्वीकृति लिई सम्पन्न गरेको कर्म यो एक प्रामाणिक कर्म हो। कुनै व्यवसायिक उद्देश्यले प्रेरित नभई समकालीन हिन्दी साहित्यका एक महान् हस्तीको सृजना कर्मलाई नेपाली पाठकसमक्ष चिनाउनलाई एक स्थापित कथाकारले गरेको प्रयत्न हो यो। (बलराम) सम्पर्क: ९८०८००४६९३

भीमनारायण रेग्मी

भीमनारायण रेग्मीको जन्म स्याङ्जाको छाङ्छाङ्दीमा वि.सं. २०२८ मा भएको थियो। त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्य एवम् भाषा विज्ञानमा स्नातकोत्तर गरेका रेग्मी हाल त्रिवि भाषा विज्ञानका उपप्राध्यापक हुन्। नेपाली अनुवाद परम्पराको स्थापना र उत्थानमा तीव्र अभिरुचि राख्दै यथासम्भव त्यसमा योगदान पुऱ्याउने रेग्मी युवा पुस्ताका अनुवाद सङ्गठक हुन्। वितेका छ वर्षदेखि **नेपाल अनुवादक समाज**को महासचिव पदमा रही अनुवाद विषयक राष्ट्रिय स्तरको सङ्गोष्ठी आयोजना गर्ने उनी एक उत्साही अगुवा हुन्। उनको मूल क्षेत्र भाषा विज्ञान हो। रेग्मीले अङ्ग्रेजी पुस्तकको नेपालीमा अनुवाद गरेका छन्। सर्वप्रथम उनले युनेस्को बैङ्ककद्वारा प्रकाशित **एड्भोकेसी किट फर प्रमोटिङ मल्टिलिङ्गुअल एजुकेसन इन्क्लुडिङ द एक्स्क्लुडेड**लाई नेपालीमा **बहुभाषिक शिक्षाको विस्तारको लागि सहयोग सामग्री बाहिर रहेकाहरूको समावेशीकरण** शीर्षकमा अनुवाद गरेका छन्। यसलाई युनेस्को काठमाडौंले सन् २००८ मा प्रकाशित गऱ्यो। त्यसै गरी उनले अनुवाद गरेको दोस्रो पुस्तक हो विश्वनाथ तिवारी तथा अन्यद्वारा लिखित **नेपाल ह्युमन डेभलपमेन्ट रिपोर्ट २००९ : स्टेट ट्रान्सफर्मेसन एन्ड ह्युमन डेभलपमेन्ट**। यसलाई यू.एन.डी.पी. काठमाडौंले **नेपाल मानव विकास प्रतिवेदन २००९ : राज्य रूपान्तरण र मानव विकास शीर्षकमा प्रकाशित गरेको छ**। (बलराम) सम्पर्क: ९८५११३२४८८

भीम ठटाल

भीम ठटालको जन्म सिक्किमको तुमिन बस्तीमा सन् १९७१ मा भएको हो। उनले मानव अधिकार विषयमा स्नातकोत्तर गरी हाल सिक्किमको सरकारी सेवामा प्राथमिक शिक्षा निर्देशक रहेका छन्। शैक्षिक कार्य सँगसँगै साहित्यिक एवम् सांस्कृतिक कार्यमा संलग्न ठटाल एक पत्रकार तथा सङ्गठक अभियन्ताको रूपमा पनि चिनिएका छन्। उनले अमर बानियाँ 'लोहोरो' को कविता सङ्ग्रह **जीवन-चित्र** (इ. १९८६) लाई **पोट्रेट अफ लाइफ** शीर्षकमा अनुवाद गरेका छन्। यस अनुवादको प्रकाशन नन्दराज भट्टराई र वीना भट्टराईबाट वि.सं. २०६५ मा भएको हो। (गोविन्द)

भीम धमला

भीम धमलाको जन्म सन् १९६५ मा नामरूप, असममा भएको थियो। उनले शिखरका बाटामा (नाटक सङ्कलन, इ. २००९), साथी (लघु सङ्कलन, इ. २०११), म ठोक्किएर बनेको संसार (कविता, इ. २०१२), बिटुलो रगत (कथा सङ्ग्रह, इ. २०१४) र इतिहासको एउटा अध्याय - स्व. पुष्पलाल आचार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(जीवनी, इ. २०१६) असमियामा प्रकाशन गरेका छन्। उनको **निर्वाचित निबन्ध चयन**भित्र प्रसिद्ध लेखक पुण्य सइकीयाले लेखेका १८ वटा उच्च कोटीका समीक्षात्मक निबन्धका नेपाली अनुवाद रहेका छन्। कृतिका प्रकाशक भवानी रिजाल (इ. २०१४) रहेका छन्। यसरी असमेली साहित्यका लब्ध प्रतिष्ठित स्रष्टाको कृतिलाई नेपालीमा ल्याएर उनले ठुलो काम गरेका छन् भने दोस्रो कृति **असमिया कथा सङ्कलन** प्रकाशोन्मुख छ। त्यसै गरी उनले अनुवाद गरेको अर्को कृति खड्कराज गिरीको कथा सङ्ग्रह **कालो सर्प र नयाँ प्रजन्म** (कथा) नेपालीबाट असमियामा सन् २०१६ मा अनुवाद गरेका हुन्। (गोविन्द) :९९५४५८०६८४, ९१९४३४११००७५

भीमनाथ घिमिरे

वि.सं. २०१४ मा लमजुङमा जन्मेका भीमनाथ घिमिरेले कानुनमा स्नातक गरेका छन्। आध्यात्मिक पुस्तकको अनुवादमा विशेष रुचि राख्ने घिमिरेले **सत्यनारायण व्रत कथा**, रश्मिराज अर्यालको संस्कृत मूल **सत्यनारायण कथा**को अनुवाद, हिमालय बुक्सबाट (वि.सं. २०६०) मा प्रकाशित भएको छ। त्यसै गरी कुलचन्द्र गौतम स्मृति संस्थाद्वारा वि.सं. २०६७ मा प्रकाशित **ऋग्देव संहिता**का छ जना अनुवादकमध्ये एक भई काम गरेका थिए जसका संयोजक तथा सम्पादक डा. प्रसन्नचन्द्र गौतम थिए। (बलराम) सम्पर्क ९८४१७८६९६४

भीमराज ढकाल

वि.सं. २०११ मा गोरखामा जन्मेका भीमराज ढकालले अर्थशास्त्र एवम् अङ्ग्रेजीमा स्नातकोत्तर गरी त्रिभुवन विश्वविद्यालयमा लामो समय सेवा गरे। उनले अल्वेअर कामुको **द आउटसाइडर** शीर्षक उपन्यासको **पराई** (वि.सं. २०६७) शीर्षकमा अनुवाद गरे जसको प्रकाशन पार्वती ढकालले गरेको देखिन्छ। ढकालका अन्य चारवटा अङ्ग्रेजीबाट अनूदित पुस्तक प्रकाशोन्मुख सूचीमा देखिन्छन्। **द आउट साइडर**का अरू पनि अनूदित संस्करणहरू छन्। (हे. डिल्लीराज उप्रेती र हरिहर खनाल)। (गोविन्द) सम्पर्क ९८६१४८२१६७

भीम विराग (वि.सं. १९९१-२०६८)

भीमबहादुर महर्जनको साहित्यिक नाम भीम विराग हो। उनको जन्म वीरगञ्जको माइस्थानमा भएको थियो। आई.ए.सम्मको शिक्षा आर्जन गरेका विरागले पत्रकारिता, समाज सेवा र साहित्य सिर्जनामा जीवन अर्पण गरे। उनका सिर्जनाको प्रमुख विधा गीत र कविता हो। यद्यपि उनले कथा, संस्मरण पनि लेखेका छन्। उनका केही उल्लेख्य प्रकाशनमा **दुखेको इन्द्रेणी** (वि.सं. २०२३) **अतृप्त स्पर्श** (वि.सं. २०४३) गीत सङ्ग्रह, **आठ टुक्रे बादल** (कथा सङ्ग्रह, वि.सं. २०२९), **अज्ञात प्रारम्भ** (खण्डकाव्य, वि.सं. २०५६), **स्वर सम्राट नारायण गोपालसँगका क्षणहरू** (वि.सं. २०५७) रहेका छन्। भीम विरागले अन्त्यकाललिर **श्रीमद्भगवद्गीता**को अनुवाद गरी **मोहभङ्ग** शीर्षकमा वि.सं. २०५९ मा मातृभूमि साहित्य समाज हेटौँडाबाट प्रकाशन गरेका छन्। यो कृतिमा गीताका श्लोकलाई नेपाली लोक छन्दमा अनुवाद गरिएको छ। जस्तै:

सोध्नुभयो धृतराष्ट्रले विह्वल भएर सञ्जयलाई
एकापसमा लड्न तयार छन् कुरुक्षेत्रमा दाजुभाइ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरा सय पुत्र एवम् पाण्डुका छोराहरू रणभूमिमा
के के गर्दैछन् वृतान्त बयान गर, तिम्रा दिव्यदृष्टिमा

प्रकाशकीयमा हयग्रीब आचार्यको एक वाक्य यस प्रकार छ : *हामीलाई अकाट्य विश्वास छ कि यस ग्रन्थले मुमुक्षुजनका लागि आध्यात्मिक पोषण प्रदान गर्दै "तुलसीकृत रामायण" भनैं सबैका मन मस्तिष्कमा युगौंसम्म मनोरञ्जन गराइरहने छ ।* (गोविन्द)

भुवन ढुङ्गाना

भुवन ढुङ्गानाको जन्म वि.सं. २००३ मा मोरङको विराटनगरमा भएको थियो । अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर गरी धेरै वर्ष त्रिविको प्रध्यापन सेवामा व्यतीत गरी हाल उनी सेवा निवृत्त भएका छन् । वि.सं. २०३० को दशकदेखि लेखनमा सक्रिय ढुङ्गानाका कृतिहरूमा **युद्धको घोषणा गर्नुभन्दा अघि** (कथा सङ्ग्रह, वि.सं. २०४८), **भुवनका कविता बी.पी.सँगका संस्मरण** (सिरियलमा प्रकाशित) छन् भने अन्य दुई सङ्कलन प्रकाशोन्मुख छन् । उनले दुईवटा कृतिको अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गरेकी छन् । तीमध्ये **तिमी मलाई चिन्ने छौ** (वि.सं. २०६०) शीर्षकको कृति १५ जना पाकिस्तानी महिला कथाकारहरूको **सो द्याट यू नो मी** शीर्षक सङ्ग्रहको नेपाली अनुवाद हो । त्यसै गरी अर्को कृति हो **ईश्वर निन्दा** (उपन्यास, २०६१) । यो कृति पाकिस्तानी लेखिका तहमिना दुर्रारानीको **ब्लास्फेमी** शीर्षक अङ्ग्रेजी उपन्यास बहुप्रशंसित मास्टरपिस हो । दुवै कृतिलाई साहित्य गुठीले प्रकाशन गरेको हो । (गोविन्द) सम्पर्क: ४४७४४१९

भुवनप्रसाद ढुङ्गेल (वि.सं. १९२२-१९९३)

भुवनप्रसाद ढुङ्गेल माध्यमिक कालका कवि हुन् । संस्कृत साहित्यको अध्ययन गरेका ढुङ्गेलले कविरत्न उपाधि प्राप्त गरेका थिए । यिनका मौलिक र अनूदित गरी सातवटा कृति रहेका छन् । तीमध्ये **सप्तशतीचण्डी** (वि.सं. १९६१), **गीतगोविन्द** (वि.सं. १९६१), **अध्यात्मरामायणको सुन्दर काण्ड** (वि.सं. १९८९) **भगवद्गीता** (वि.सं. १९९०) र **रामाष्टक** उनका अनूदित कृति हुन् । (माधव)

भुवनलाल प्रधान

वि.सं. १९७९ मा काठमाडौंको कमलाक्षीमा जन्मेका भुवनलाल प्रधान इतिहासकारका रूपमा परिचित छन् । बी.ए. सम्मको अध्ययन गरेका प्रधानको पहिलो रचना **छगू प्रार्थना** धर्मदूत हिन्दी मासिक पत्रिकामा वि.सं. २००० मा प्रकाशित भएको थियो ।

प्रधानका प्रकाशित कृतिहरू **बालज्ञान सफू, सहिद शुक्र, स्वयम्भू, सहिद परिचय, लुम्बिनी-कपिल-देवदह, असन बौद्ध धर्म र शाक्यहरू, शाक्य अफ नेपाल** (अङ्ग्रेजी भाषा), **नेपाली इतिहास र संस्कृतिका केही पक्ष, शाक्य मुनि, द बुद्ध एन्ड शाक्य हेरिटेज** छन् भने सम्पादित तथा अनूदित कृतिहरू म्युनिसिपालिटी पत्रिका (वि.सं. २०३७), **मेरो आत्मकथा** (लेखक चन्द्रकान्त मल्ल), **भुटानको अरुणोदय** (अनु. सुशिला मानन्धर, वि.सं. २०३६) रहेका छन् ।

इतिहास तथा संस्कृतिमा कलम चलाउने भुवनलाल प्रधानले अनुवाद क्षेत्रमा आफ्नो रुचि अनुसारकै विषय छनोट गरेको देखिन्छ । उनले निर्मल दासले अङ्ग्रेजीमा लखेको **ड्रागन कन्ट्री**को नेपाली अनुवाद **ड्रागनको देश** (साहित्य गुठी-वि.सं. २०५१) अङ्ग्रेजीमै लेखिएको **जापनिज रिलिजन**को नेपाली अनुवाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जापानी धर्म (साझा प्रकाशन-वि.सं. २०४४) तादासी फुकुतावेको अङ्ग्रेजीमा लेखिएको कृति **जापनिज सोसाइटी टुडे**को नेपाली अनुवाद **आजको जापानी समाज** (साझा प्रकाशन-वि.सं. २०४४) प्रकाशित छन्। उनकै मेसन र जे.के काइगरले अङ्ग्रेजीमा लेखेको **अ हिस्ट्री अफ जापान**को नेपाली अनुवाद **जापानको इतिहास** (साझा प्रकाशन-वि.सं. २०४५) मार्टिन विक्रम सिङ्ग्रेले अङ्ग्रेजीमा लेखेको **द वे अफ लोट्स**को नेपाली अनुवाद **पुण्डरिक पद्धति विरागय** (साहित्य गुठी-वि.सं. २०५४) पनि प्रकाशित भएको छ। (जयदेव)

भूषणप्रसाद श्रेष्ठ

वि.सं. २००८ मा पाटनको दलाछी टोलमा जन्मेका भूषणप्रसाद श्रेष्ठले एम.ए., बी.एड. गरेका छन्। कथा, निबन्ध, गजल, हास्य व्यङ्ग्य र एकाङ्की नाटक लेख्न रुचाउने श्रेष्ठ च्वसापासाका सचिव हुन्। **सच्छिदँया काव्य ल्यया** (१०० **वर्षको कविता सङ्ग्रह, वि.सं. २०६३**), **सच्छिदँया बाखं ल्यया** (१०० वर्षका कथाहरू, वि.सं. २०७४) नागार्जुनबाट प्रकाशित कृति श्रेष्ठका पछिल्ला कृति हुन्। श्रेष्ठका कृतिहरू : **फिसः (कथा), ग्वःफय् (कथा) लँपु, धकिं दुने (कथा), समानान्तर, हलू न्यानाः ख्यँ फ्वसा, धौयात भौ पासा, कुकुल्यां** कू जस्ता थुप्रै कथा, निबन्ध, कविता, हास्य व्यङ्ग्यहरू प्रकाशित भइसकेका छन्। श्रेष्ठले अनिल बर्वेको राजनीतिक उपन्यास **थ्याङ्क यू मिस्टर ग्लाड**को पनि सोही शीर्षकमा नेपाल भाषामा अनुवाद गरेका छन्। (नवीन) सम्पर्क: ९८४१४६४०७२

भेषप्रसाद शर्मा पाण्डे (वि.सं. १९७२-२०५३)

काठमाडौँको ज्ञानेश्वरमा जन्मेका भेषप्रसाद शर्मा पाण्डेले म्याट्रिकसम्मको अध्ययन गरेका थिए। यिनका मौलिक र अनूदित गरी छवटा कृति प्रकाशित छन्। तीमध्ये **मेघदूत** खण्डकाव्य (वि.सं. १९९६) उनको अनूदित कृति हो। (माधव)

भोजराज न्यौपाने

कास्कीको हंसपुरमा वि.सं. २००७ मा जन्मेका भोजराज न्यौपानेले त्रि.वि. बाट एम.ए. (अङ्ग्रेजी) र अमेरिकाबाट एम.एस.एड. गरेका छन्। उनले तीर्थराज अधिकारीकृत मुक्तक सङ्ग्रह **झटारो** (वि.सं. २०७०) लाई नेपालीबाट अङ्ग्रेजीमा **झटारो : अ कलेक्सन अफ कोट्रेन्स** (वि.सं. २०७२) शीर्षकमा अनुवाद गरेका छन्। सम्भवतः यो अनुवाद मुक्तक सङ्ग्रह अनुवादका दृष्टिकोणले प्रथम हो। यसमा अनुवादकले साहित्य अनुवादका सिद्धान्तहरूमध्ये अनुकूलन र सिर्जना विधि अधिक प्रयोग गरेको पाइन्छ। सो अनूदित कृति नेपाल मुक्तक प्रतिष्ठानद्वारा प्रकाशित छ। (नवराज) सम्पर्क: ९८४१२१८७३३

मङ्गलकुमार नेपाल

वि.सं. १९७३ मा रौतहटको गौरमा जन्मेका मङ्गलकुमार नेपाल व्याकरणाचार्य एवम् साहित्य रत्न थिए। अध्यापन सेवामा संलग्न रहेका नेपालका मौलिक र अनूदित गरी आठवटा कृति छन्। तीमध्ये **हर्षचरित काव्यकुसुम** (संक्षिप्त कथा, वि.सं. २०५७), **मेघदूत** (खण्डकाव्य, वि.सं. २०५८), **मालती माधव नाट्य कुसुम** (संक्षिप्त कथा, वि.सं. २०६०) उनका अनूदित कृतिहरू हुन्। (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मञ्जुल

मन्जुलको पुरा नाम मेघराज शर्मा नेपाल हो । वि.सं. २००३ मा भोजपुरमा जन्मेका मन्जुल नेपाली भाषाका प्रसिद्ध कवि हुन् । एम.ए. नेपाली अध्ययन गरी मञ्जुलले त्रिविअन्तर्गत अध्यापन गरे । उनका कृतिमा **साइँली मोरी**लाई (गीत सङ्ग्रह, इ. १९६७), **छेकुडोल्मा** (लघु उपन्यास, वि.सं. २०२६), **गायक यात्री** (कविता सङ्ग्रह, इ. १९८३), **सम्झनाका पाइलाहरू** (यात्रा संस्मरण, वि.सं. २०५५), **मञ्जुलका नयाँ कविताहरू** (कविता सङ्ग्रह, इ. १९८८), **चोक** (कविता, इ. १९८८), **जाने होइन दाइ आलापोट** (यात्रा निबन्ध, इ. १९८६), **मृत्यु** (कविता सङ्ग्रह, इ. १९८८) आदि हुन् । अनुवाद क्षेत्रका **उज्यालोको प्रशंसामा** (चिनियाँ कविता सङ्ग्रह), **नग्न** (जापानी कविताको अनुवाद) रहेका छन् । (गोविन्द) सम्पर्क: ९८५१०५१३६८

मञ्जु उपाध्याय

असमको डिगबोईमा सन् १९५४ मा जन्मेकी मञ्जु उपाध्यायले बी.ए., बी.एड. गरी शिक्षण, समाज सेवा र साहित्यमा आफूलाई व्यस्त राखेकी छन् । उनले साहित्य अकादेमी पुरस्कार प्राप्त सिक्किमका स्रष्टा सानु लामाको कथा सङ्ग्रह **भूल-मृगतृष्णा** (दो. सं., इ. २००३) को असमियामा अनुवाद गरेकी छन् । अनूदित कृतिको शीर्षक पनि **मृगतृष्णा** (इ. २०१८) नै रहेको छ । द्वैभाषिक क्षमता राख्ने मञ्जुका अन्य फुटकर रचना र सम्पादित कृतिहरू उपलब्ध छन् । (गोविन्द) सम्पर्क: ९८३५०३४२४१

मञ्जुश्री थापा

मञ्जुश्री थापाको जन्म सन् १९६८ मा काठमाडौँमा भएको हो । नेपाली साहित्यकी प्रतिष्ठित समकालीन स्रष्टा थापाले अनेक मुलुकको भ्रमण गरेकी छन् । उनको क्षेत्र आख्यान एवम् आख्यानेत्तर गद्य हो । उनले प्रसिद्ध कथाकार रमेश विकलका चुनिएका दसवटा कथाको अङ्ग्रेजीमा अनुवाद गरेकी छन् । अ लिफ **इन अ बेगिङ् बौल** (इ. २०००) शीर्षकको उक्त कृतिलाई मन्डला बुक प्वाइन्ट काठमाडौँले प्रकाशन गरेको हो । त्यसै गरी थापाको अर्को महत्त्वपूर्ण अनूदित कृति **द कन्ट्री इज योर्स्** (इ. २००९) हो । थापाको अनुवाद र सम्पादन रहेको यस अनूदित कृतिमा कथा र कविता दुवैको मिश्रण रहेको छ । यसमा ३० कविका ४९ कविता समावेश छन् । हालै उनले अङग्रेजीमा अनुवाद गरेको इन्द्रबहादुर राइकृत **आज रमिता** छ उपन्यास **देअ इज अ कार्निभल टुडे** (इ. १९१७) शीर्षकमा स्पिकिङ टाइगर बुक्स, दिल्लीबाट प्रकाशित भएको छ । यस अनुवादका लागि थापाले सन् २०१७ को पेन/हैम ट्रान्सलेसन ग्रान्ट प्राप्त गरेकी थिइन् । (बलराम)

मणिका मुखिया

मणिका मुखियाको जन्म सन् १९५३ मा दार्जिलिङको हुकरमा भएको हो । अङ्ग्रेजी, नेपाली र इतिहास गरी तीन विषयमा स्नातकोत्तर गरेकी मुखिया शिक्षण कार्यमा संलग्न भइन् । उनले ओ.एन.भी. कुरूपको **द एन्सिएन्ट लायर**लाई नेपालीमा **यो प्राचीन वीणा** शीर्षकमा अनुवाद गरिन्, जसलाई साहित्य अकादेमीले सन् २०१५ मा प्रकाशित गऱ्यो । ओ.एन.भी. कुरूप (इ. १९३१-२०१६) एक सुप्रसिद्ध मलायाली कवि हुन् । उनले सन् २००७ मा साहित्यतर्फ भारतकै सर्वोच्च मानिएको **ज्ञानपीठ पुरस्कार** प्राप्त गरे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्योभन्दा पहिले सन् २००७ मा उनले पद्मश्री पाएका थिए। सन् २०११ मा पद्मभूषण तथा केरला विश्वविद्यालयले उनलाई मानार्थ विद्यावारिधि प्रदान गरेको थियो।

मुखियाले मलायलमबाट ए.जे. टमसले अनुवाद गरेको **द एन्सिएन्ट लायर**लाई अङ्ग्रेजीबाट नेपालीमा **प्राचीन वीणा** शीर्षकमा (अङ्ग्रेजी काव्य) अनुवाद गरेकी हुन्। उनका अरू दुई अनूदित कृति प्रकाशोन्मुख छन्। ती हुन् - स्वामी लोकेस्वरानन्दद्वारा लिखित **पेरेनिअल विवेकानन्द** जसको प्रकाशनार्थ साहित्य अकादेमी कलकत्तालाई सन् २०१६ मा बुझाइएको छ। त्यसै गरी उनको अर्को कृति हो - दिव्य वाणीद्वारा प्रकाशनको लागि तयार पारी प्रस्तुत गरिएको **नारीको मर्यादा**। जोन पौल द्वितीयद्वारा लिखित यसको मूल शीर्षक **डिग्निटी अफ विमिन** हो। त्यसै गरी जीवन नामदुङ्गले लेखेको **अगमसिंह गिरीका कविताको** आधार **र अध्ययन**लाई अङ्ग्रेजीमा **ब्याकग्राउन्ड एन्ड स्टडिज अफ द पोएम अफ अगमसिंह गिरी** शीर्षकमा प्रकाशोन्मुख अवस्थामा छ। यसै प्रकारले उनका थुप्रै फुटकर अनुवाद असङ्कलित अवस्थामा छन्। (गोविन्द) सम्पर्क: ९४३४१ ९५४६४

मदनमोहन मिश्र

मदनमोहन मिश्रको जन्म वि.सं. १९८८ मा पाटनको तिछुँ गल्लीमा भएको थियो। संस्कृतमा मध्यमा अध्ययन गरेका मिश्रले खण्डकाव्य, कविता, हास्य व्यङ्ग्य र सांस्कृतिक निबन्ध लेख्ने गरेका छन्। व्यथित पुरस्कार, साहित्य सिरपालगायतबाट सम्मानित मिश्रको **सीताहरण (खण्डकाव्य), नुगः खँ, रामराज्य (खण्डकाव्य), नेपाल संस्कृतिया झलक, गजिगुलुया म्हगसय् पशुपतिनाथ, क्वाःघासा (तःता), थाँया ख्वाःपाः, बागमतीया ख्वःसः (खण्डकाव्य), नौयात हनापौ (व्यङ्ग्यात्मक)** पुस्तकहरू प्रकाशित छन्। **गजिगुलुया म्हगसय्, पशुपतिनाथ** उनका चर्चित पुस्तक हुन्।

मिश्रले अङ्ग्रेजी भाषामा प्रकाशित **हार्ट एक्सप्रेसनलाई नेपाल भाषामा नुगःखँ** नामबाट अनुवाद गरेका छन्। (नवीन)

मदनप्रसाद अर्याल (वि.सं. २००२-२०६७)

काठमाडौँको मनमैजुमा जन्मेका मदनप्रसाद अर्यालले संस्कृतमा शास्त्रीसम्मको अध्ययन गरी नेपाली साहित्यमा एम.ए. तथा भारतको चण्डीगढबाट जनप्रशासनमा एम.ए. गरेका थिए। उनका आठवटा अनूदित कृतिहरू रहेका छन्। **श्रीमद्भगवद्गीता**को **एभरेस्ट गीता** शीर्षकमा गरिएको नेपाली, हिन्दी र अङ्ग्रेजी अनुवाद वि.सं. २०५२ मा प्रकाशित भएको छ भने **श्रीमद्भगवद्गीता**कै **सजिलो गीता** शीर्षकमा गरिएको नेपाली पद्यानुवाद वि.सं. २०५५ मा प्रकाशित भएको छ। यसका अतिरिक्त **भर्तृहरिले** रचना गरेको **नीति शतक, श्रृङ्गार शतक** र **वैराग्य शतक, विदुर नीति, धौम्यनीति, कणिक नीति** र **चाणक्य नीति**को नेपाली अनुवादलाई एउटै पुस्तकमा समेटिएको 'नीति' शीर्षकको पुस्तक श्रीमती रमादेवी अर्यालद्वारा वि.सं. २०६२ मा प्रकाशित भएको छ। (माधव)

मदनमणि दीक्षित

मदनमणि दीक्षितको जन्म सन् १९२३ मा काठमाडौँमा भएको हो। उनी एक सुप्रसिद्ध आख्यानकार, चिन्तक र दार्शनिक हुन्। पौराणिक उपन्यास माधवीको प्रकाशनबाट बढी चर्चित बनेका दीक्षितले पत्रकारितामा लामो समय बिताए भने अनुवादको क्षेत्रमा पनि उल्लेख्य काम गरेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनले वि.सं. २०३६ मै लियोनिक ब्रेभ्फनेभले अङ्ग्रेजीमा लेखेको **मालाया जेम्ल्या, रिबर्थ, वारेन** ल्याण्डको सुदर्शन देवकोटासँग मिलेर गरेको नेपाली अनुवाद **मालाया जेम्ल्या, पुनर्जन्म, पर्ती जमिन** सोभियत दूतावासको सूचना विभागले प्रकाशित गरेको थियो । यस्तै, अङ्ग्रेजीमा लेखिएको **टुवार्डस् मेगा – हिरोसिमा**को नेपाली अनुवाद **दस लाख हिरोसिमातिर**को पनि उनले अनुवाद गरेका छन् । यसलाई नेपाल एसियाली जन एकताबद्ध समिति काठमाडौँले वि.सं. २०४० मा प्रकाशित गरेको थियो । दीक्षितले योकियो निसिमाको अङ्ग्रेजीमा रहेको द टेम्पल अफ द गोल्डेन पवेलियनको नेपाली अनुवाद किन्काकुजी पनि प्रकाशमा ल्याएका छन् । साझा प्रकाशनले यसलाई वि.सं. २०४५ मा प्रकाशित गरेको थियो । (जयदेव)

मनप्रसाद सुब्बा

सन् १९५२ मा दार्जिलिङमा जन्मेका मनप्रसाद सुब्बा एक विशिष्ट कविका रूपमा स्थापित छन् । अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर गरी अध्यापन सेवामा लागेका सुब्बाका सातवटा कविता सङ्ग्रह र रेमिका थापासँगको सहकार्यमा **किनाराका आवाजहरू** एक मौलिक चिन्तन अनुसन्धानमा योगदान दिएका छन् । यो समालोचना कृतिलाई लेखकद्वयले **भ्वाइसेज फ्रम द मार्जिन** (इ. २०११) शीर्षकमा अनुवाद गरेका छन् । सुब्बाका तीनवटा कृति अङ्ग्रेजीमा पनि प्रकाशित छन् । वीणा क्षत्रीले उनका दुईवटा कविता सङ्ग्रह हिन्दीमा अनुवाद गरेकी छन् । त्यसै गरी प्रदीप विहारीले दुई कविता सङ्ग्रहलाई मैथिलीमा अनुवाद गरेका छन् । सुब्बा एक समर्पित एवम् सक्षम अनुवादक हुन् । उनले विन्दचा सुब्बाको उपन्यास **अथाह**को **अनफेदमेबल** (इ. २०१०) शीर्षकमा अनुवाद गरेका छन् । साहित्य अकादेमी पुरस्कार विजेता **अथाह** एक उल्लेखनीय आख्यान कृति हो (हे. विन्दचा सुब्बा) । साथै, उनले रेमिका थापाकृत **गाउँमा कविता** शीर्षक सङ्ग्रहलाई अङ्ग्रेजीमा **पोएम्ज इन द भिलेज** (इ. २००७) शीर्षकमा अनुवाद गरेका छन् । सुब्बाले साहित्य अकादेमी, दिल्लीबाट प्रकाशित आफ्ना कविताहरूको सङ्ग्रह **आदिम बस्ती**लाई आफैले **द प्रिमिटिभ भिलेज एन्ड अदर पोएम्स** (इ. २०१२) शीर्षकमा अनुवाद गरेका छन् । यस अनूदित कविता सङ्ग्रहको प्रकाशन साहित्य अकादेमी दिल्लीले गरेको छ । यसका साथै मनप्रसाद सुब्बाले डा. हरिसुमन विष्टकृत हिन्दी उपन्यास **आछरी माछरी**को अङ्ग्रजीमा **द सागा अफ द माउन्टेन** (इ. २०१७) शीर्षकमा अनुवाद गरेका छन् । त्यसै गरी इमानसिंह चेमजोङकृत **किरात मुन्धुम** (इ. २०१५) को अङ्ग्रेजी अनुवाद उनको अर्को कृति हो । समकालीन भारतीय नेपाली स्रष्टाहरूमध्ये अनुवादमा समर्पित मनप्रसाद सुब्बाको नाम अग्रपङ्क्तिमा आउँछ । (गोविन्द) सम्पर्क: ९४७४०२७९८५

मल्ल के. सुन्दर

कृष्णसुन्दर मल्ल (मल्ल के. सुन्दर) को जन्म थाय्मदुस्थित चसःमा ने.सं. १०६८ यँद्याः पुन्हिमा भएको हो । नेपाल भाषामा एम.ए. गरेका मल्लले पत्रकारितामा डिप्लोमा गरेका छन् । पत्रकारिता क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका मल्ल कविता, निबन्ध, उपन्यास र समालोचना लेखनमा परिचित छन् । उनी **नसना** (उपन्यास), **लुमन्ति किच** (यात्रा) र नेपाल भाषा **न्हू चिनाख** जस्ता पुस्तकका लेखक हुन् ।

मल्लको **मोडल जापानिज स्टोरिज**बाट अनूदित **म्हालकाय्चा व मेमेगु बाखं** (वि.सं. २०४६), एउटा कृति हो भने रामकृष्णन मलयात्तूरद्वारा लिखित मलायटुर भाषाको **यक्षी किचकन्या (नेपाल भाषा)** अर्को कृति हो । (नवीन) सम्पर्क: ४२५९०६०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महेश पौड्याल

वि.सं. २०३८ मा झापाको दुधेमा जन्मेका महेश पौड्यालले अङ्ग्रेजी साहित्यमा एम.फिल. गरेका छन्। अङ्ग्रेजी विषयका उपप्राध्यापकसमेत रहेका उनी बहुकृतिक सर्जक एवम् अनुवादक हुन्। यस क्षत्रमा उनको योगदान यस प्रकार छ :

१) **द न्यु भिलेज** (इ. २००८), विजयराज आचार्यको **नयाँ बस्ती** उपन्यासको अनुवाद

२) **द रेस्टलेस माइन्ड** (इ. २००९) शम्भु कार्कीको काव्य **विक्षिप्त मन**को अनुवाद

३) **इन्ट्रेस्टिङ स्टोरिज फर चिल्ड्रेन** (इ. २०१२), कार्तिकेय घिमिरेका **रमाइला बालकथा**को अनुवाद

४) **द टेल अफ मास्टर पम्किन** (इ. २००९) घिमिरेकै अर्को कथाको सङ्ग्रह

५) **सन सावर्स** (इ. २००९) कृष्ण प्रसाईंका जेन कविताहरूको सङ्ग्रह

६) **द लास्ट पृष्ठ अफ माइ पोएम** (इ. २०१०), राजेश्वर कार्कीको **मेरो कविताको अन्तिम पृष्ठ**को अनुवाद

७) **आवर आइडियल्ज** (इ. २०११), विजयराज आचार्यकृत पुस्तकको अनुवाद

८) **काठमाडौँ केलिडोस्कोप : काठमाडौँ एन्ड बियोन्ड** (इ. २०१५) भीष्म उप्रेतीको **काठमाडौँ र अझ पर...एक बदलिँदो तस्बिर**को अनुवाद

९) **डान्सिङ सोल अफ माउन्ट एभरेस्ट** (इ. २०११) **सगरमाथाको नृत्यमग्न आत्मा**को अनुवाद।

डान्सिङ सोल अफ माउन्ट एभरेस्ट सङ्ग्रहमा गोपालप्रसाद रिमालदेखि श्रवण मुकारुङसम्म १३९ जना कविका ४१७ कविता रहेका छन्। पौड्यालले **नेपाली कला साहित्य कला डट कम प्रतिष्ठान**ले आयोजना गरेको कोरियामा प्रस्तुत **पोएट्री कन्सर्ट विथ म्युजिक एन्ड पेन्टिङ** शीर्षकमा सङ्कलित मोमिला, राजेश्वर कार्की, उषा शेरचन जस्ता १० जना सृष्टाका एक-एक कविताको पनि अनुवाद गरेका छन्। (गोविन्द) सम्पर्क: ९८५१२४५१००

माइकल हट

सन् १९५७ मा बेलायतमा जन्मेका माइकल हट स्कुल अफ ओरिएन्टल एन्ड अफ्रिकन स्टडिज, लन्डनअन्तर्गत नेपाली तथा हिमालयन अध्ययनका प्राध्यापक हुन्। नेपाली भाषा र यसको साहित्यमा विद्यावारिधि गरेका उनी आधुनिक नेपाली साहित्यका अध्येता, अन्वेषक र अनुवादकका रूपमा परिचित छन्। माइकल हट लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** अनुवाद गर्ने पहिलो विदेशी विद्वान् हुन्। **मुनामदन**को अनुवादले यी विद्वान्लाई विशेष चर्चामा ल्यायो। उनले १७ पृष्ठ लामो विश्लेषणात्मक अनुवादकीय लेखेका छन्। त्यति मात्र होइन ६० वटा पादटिप्पणी दिएर कृतिबोधलाई सरल बनाएका छन्। लीलबहादुर क्षत्रीको **बसाईं** उपन्यासको अङ्ग्रेजी अनुवाद **माउन्टेन पेन्टेड विथ टर्मेरिक** माइकल हटको अर्को उल्लेखनीय अनूदित कृति हो। यसको प्रकाशन सन् २००८ मा कोलम्बिया युनिभर्सिटी प्रेसबाट भएको थियो। यस उपन्यासको पहिलो अनुवाद ल्यारी हार्टसेलले गरेका थिए (हे. ल्यारी हार्टसेल)।

हटका **नेपाली साहित्यको ऐतिहासिक विश्लेषण** र **हिमालयन भ्वाइसेज : एन इन्ट्रोडक्सन टु मोडर्न नेपाली लिट्रेचर** (इ. १९९१), **मोडर्न लिटररी नेपाली : इन्ट्रोडक्टरी रिडर** (इ. १९९७), **द लाइफ अफ भूपि शेरचन : पोएट्री एन्ड पोलिटिक्स इन पोस्ट राणा नेपाल** (इ. २०१०) आदि कृतिहरू पनि प्रकाशित छन्। हटले **हिमालयन भ्वाइसेज**मा नेपाली साहित्यको इतिहास, प्रवृत्ति र अनुवादलाई एकैसाथ प्रस्तुत गरेका छन्। अनुवाद खण्डमा ८० कविता र १८ कथा सङ्गृहीत छन्। यस सङ्ग्रहमा लेखनाथ पौड्यालदेखि विश्वविमोहन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रेष्ठसम्मका २० जना कवि र गुरूप्रसाद मैनालीदेखि किशोर पहाडीसम्मका १५ कथाकारका चुनिएका सिर्जना परेका छन्। अनुवादबाहेक उनले नेपाली साहित्यको ऐतिहासिक, सैद्धान्तिक तथा प्रवृत्तिगत विश्लेषणसम्बन्धी पुस्तकहरू पनि प्रकाशित गरेका छन्। (गोविन्द) सम्पर्क: h8@soas.ac.uk

माधवप्रसाद अधिकारी

माधवप्रसाद अधिकारीको जन्म वि.सं. २००९ मा काभ्रेको बनेपामा भएको हो। स्नातकसम्मको अध्ययन गरेका अधिकारीले लामो समयसम्म शिक्षण सेवा गरी हाल सेवा निवृत्त जीवन व्यतीत गरिरहेका छन्। उनले एफ.एल. ब्राइनद्वारा लिखित **सोक्रेटस इन इन्डियन भिजेल** (१९२९) लाई गाउँको **उत्थानमा सुकरात** (वि.सं. २०७४) शीर्षकमा अनुवाद गरेका छन्। यो कृतिमा लेखक र गुडगाउँका गाउँलेबिच विकास, चेतना र गाउँले जीवन विषयमा वार्तालाप रहेको छ। यो पुस्तक सुकरातको जस्तो संवादात्मक शैलीमा लेखिएको छ। उनले जवाहरलाल नेहरूको **लेटर्ज फ्रम अ फादर टु हिज डटर** (इ. १९३०) लाई अनुवाद गरी **नेहरूका चिठीहरू** (वि.सं. २०७४) शीर्षकमा प्रकाशित गरेका छन्। अधिकारीका अरू पनि अप्रकाशित अनुवाद छन्। (गोविन्द)

माधवप्रसाद घिमिरे

वि.सं. १९७३ मा लमजुङको पुस्तुन गाउँमा जन्मेका माधवप्रसाद घिमिरे नेपाली साहित्यमा स्वच्छन्दतावादी-परिष्कारवादी धाराका कविका रूपमा प्रसिद्ध छन्। राष्ट्रकवि उपाधिले विभूषित घिमिरे अद्यापि नेपाली साहित्य साधनामा क्रियाशील छन्। उनका मौलिक र अनूदित गरी २४ वटा कृति प्रकाशित छन्। तीमध्ये **नागानन्द** शीर्षकको संस्कृत नाटक सोही शीर्षकमा नेपालीमा अनुवाद भई नेपाली भाषा प्रकाशिनी समितिबाट वि.सं. २००२ मा प्रकाशित भएको थियो भने सोही सालमा गरेको **दुर्गासप्तशती**को नेपाली पद्यानुवाद सागरमणि आ.दी.को विस्तृत भूमिकासहित जगदम्बा प्रकाशनबाट वि.सं. २०५८ मा प्रकाशित भएको छ। (माधव) सम्पर्क: ४४१२३९२

माधवप्रसाद चालिसे

बागलुङको जैदीमा वि.सं. २०१४ मा जन्मेका माधवप्रसाद चालिसेले शिक्षामा साहित्याचार्य गरेका छन्। उनको अनूदित कृति **श्री शिवगीता** (गद्यपद्यानुवादसहित, वि.सं. २०७४) हो। यो मूल वेदव्यासकृत संस्कृत **शिवगीता**को नेपाली रूपान्तरण हो। यसरी चालिसे धार्मिक पुस्तक अनुवादमा सक्रिय हुँदै आएका छन्। (नवराज) सम्पर्क: ९८४५४४५५५९

माणिकलाल श्रेष्ठ

वि.सं. १९८९ असोज २७ गते थँहितिमा जन्मेका माणिकलाल श्रेष्ठ हाल पकनाजोलमा बसोवास गर्दै आएका छन्। अङ्ग्रेजीमा एम.ए., बी.एस्सी, एल.एल.बी गरेका माणिकलाल श्रेष्ठ समालोचक हुन्। ऐतिहासिक र राजनीतिक निबन्ध लेख्न रुचाउने श्रेष्ठले **प्रेमबहादुर व वय्कःया 'ती' बाखंपुचः** को समालोचना गरेका छन्। नेपाल भाषा पत्रिका **न्हिपौ**का सम्पादक श्रेष्ठ जनगणतन्त्र कोरियाको अखिल कोरिया लेखक सङ्घको मानार्थ सदस्य हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिभुवन विश्वविद्यालयका प्राध्यापकसमेत रहेका श्रेष्ठको **समालोचनाया सिद्धान्त, नेपालय् भाषानीति गथे जुइमाः ?** जस्ता पुस्तकहरू प्रकाशित छन्। उनले **मोडर्न जापानिज स्टोरिजलाई अनुवाद गरी जापानी न्हू-बाखं भाग** १-२ मा प्रकाशित गरेका छन्। (नवीन) सम्पर्क: ४४३६६४८

माधवलाल कर्माचार्य (वि.सं. १९८३- २०७०)

माधवलाल कर्माचार्यको जन्म काठमाडौँको केलटोलमामा भएको थियो। स्नातकसम्मको शिक्षा आर्जन गरेका कार्माचार्यका **सौगात** (वि.सं. २००८), **तीन कविका केही कविता** (वि.सं. २०१९), आलोचना र साहित्य (वि.सं. २०२२) जस्ता समालोचना प्रकाशित छन्। नेपाली र नेपाल भाषामा गरी उनका एक दर्जन कृति छन् भने सम्पादित र अनूदित गरी उनका ३५ वटा कृति छन्।

उनले नेपाली तथा नेपाल भाषालाई मौलिक सृजनाद्वारा महत्त्वपूर्ण योगदान दिएका छन्। यस **अनुवादक परिचय कोश**को परिकल्पना हुनुमा पनि उनको योगदान छ। कर्माचार्यको अगुवाइमा नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित **अनुवाद ग्रन्थसूची** (वि.सं. २०५९) ले यस कोशको प्रकाशनमा प्रेरणा दिएको हो। प्रतिष्ठानको प्राज्ञ हुँदा उनले उक्त कामको अगुवाइ गरेका थिए।

उनका अनूदित कृतिहरूमा रवीन्द्रनाथ ठाकुरकृत **जीवनस्मृति**को अनुवाद (वि.सं. २०२२), माहात्मा गान्धीको **अल मेन अर ब्रदर्स**को **सबै मानिस दाजुभाइ हुन्** (वि.सं. २०२६), **चिनियाँ कवि हानसानका केही कविता** (कोल्ड माउन्टेनबाट, वि.सं. २०२९), आई.ए. रिचर्ड्सको **प्रिन्सिपल्ज् अफ लिटेररी क्रिटिसिजमको साहित्यिक समालोचनाको सिद्धान्त** (वि.सं. २०३०), रजनिसको **सबै मानिस भगवान हुन्** (वि.सं. २०३५), यासुनारी कवाबाताको **थाउजेन्ड क्रेन्जको सहस्र सारस** (वि.सं. २०४३), **अफ्रिकाली कविहरूका कविता** (वि.सं. २०६०) छन्। त्यसै गरी नेपालीबाट अङ्ग्रजीमा अनूदित कृतिहरूमा **प्यासीका केही कविता** (वि.सं. २०२०), **सिद्धिचरण श्रेष्ठका चुनिएका** ५८ कविताको अनुवाद अ **ह्यान्डबुक अफ सिद्धिचरण्स् भर्स** पर्दछन् (इ. १९९८) हुन्।

पाकिस्तान र बङ्गलादेशका कथाहरूको अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गरिएको कथाहरूको सङ्ग्रह कथा-सौरभ (ने.रा.प्र.प्र.- वि.सं. २०३९) पनि उनको अर्को अनूदित कृति हो। त्यस्तै उनले लीलाप्रसाद शर्मासँग मिलेर आई.ए. रिचर्ड्सको अङ्ग्रेजीमा लेखिएको **प्रिन्सिपल अफ लिटरेरी क्रिटिसिजम**को नेपाली अनुवादमा पनि योगदान पुऱ्याएका छन्। उक्त कृति वि.सं. २०३० मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको थियो। (जयदेव)

माधवप्रसाद देवकोटा (वि.सं. १९६०-२०३९)

पाल्पाको तानसेनमा जन्मेका माधवप्रसाद देवकोटाले धर्मशास्त्रमा स्नातक एवम् साङ्ख्य योग दर्शनमा आचार्य गरी लामो समय प्राध्यापन सेवामा बिताए। वि.सं. १९८२ मा गोरखापत्रमा *समस्या पूर्तिमा पाँच कविताहरू* शीर्षकको कवितावाट साहित्य यात्रा आरम्भ गरेका देवकोटाका मौलिक एवम् अनूदित गरी करिब डेढ दर्जनजति कृति रहेका छन्। तीमध्ये **ईशादि नौ उपनिषद्** (वि.सं. २०३०), **बृहदारण्यकोपनिषद्** (वि.सं. २०३१) र **छान्दोग्योपनिषद्** (वि.सं. २०३५) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित अनूदित कृतिहरू हुन् भने **उत्तरगीता** र **विद्वन्मोदतरंगिणी** (अपूर्ण) हालसम्म अप्रकाशित रहेका अनूदित कृतिहरू हुन्। संस्कृत भाषामा लिपिवद्ध भएका उपर्युल्लिखित उपनिषद्हरूलाई नेपाली भाषामा अनुवाद गरी नेपाली वाङ्मयलाई समृद्ध बनाउने दिशामा उनको योगदान महत्त्वपूर्ण रहेको छ। (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माधव पोखेल

सन् १९४८ मा धरानमा जन्मिएका माधव पोखेलले पुना विश्वविद्यालयबाट भाषा विज्ञानमा विद्यावारिधि गरेका हुन्। लामो समय त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गरी सेवा निवृत्त भएका प्रा. पोखेलले प्राज्ञिक, साहित्यिक र अनुसन्धानात्मक क्षेत्रमा उच्च योगदान पुऱ्याएका छन्। वि.सं. २०७३ को प्रज्ञा पुरस्कारबाट विभूषित पोखेलका **मेरो मान्छे, नागदहको थिति** र **गार्गीको गाँठो** गरी तीन साहित्यिक निबन्ध सङ्ग्रह प्रकाशित छन्। **नेपाली संस्कृति एक पक्ष** र **थकाली** (वि.सं. २०४४) र **नेपालको खेतीपाती** (वि.सं. २०४४) गरी उनका दुई अनूदित पुस्तक प्रकाशित छन्। साझा प्रकाशन र च्वसपासा प्रकाशक रहेको **नेपाली संस्कृति एक पक्ष** र **थकाली** जापानी अध्येता हिरोसी इसिईको पुस्तक **नेपाली (नेवारी) कल्चर : एन आस्पेक्ट**को अनुवाद हो। त्यसै गरी च्वसपासाबाट प्रकाशित **थकाली र नेपालको खेतीपाती** पुस्तक भने पोखरेलले सिगेरु इइजिमा र योसिकाजु ताकाद्वारा लिखित मानव शास्त्रको पुस्तक **थकाली एन्ड एग्रिकल्चर**बाट अनुवाद गरेका हुन्।

भाषा विज्ञान, साहित्य र अनुवादका साथै पोखेलको अध्ययन र लेखनको रुचि दर्शन, समालोचना र समाज शास्त्रसम्म फैलिएको छ। (बलराम) सम्पर्क: ९८४१२१८०५४

माधवप्रसाद लामिछाने

वि.सं. २०३० मा नुवाकोटको दुईपीपलमा जन्मेका माधवप्रसाद लामिछानेले तन्त्रमा आचार्य एवम् नेपाली साहित्यमा एम.ए.सम्मको अध्ययन गरेका छन्। प्राध्यापन सेवामा संलग्न लामिछानेका एकल एवम् सहलेखन गरी हालसम्म चारवटा कृति प्रकाशित छन्। तीमध्ये आचार्य पुण्यानन्दद्वारा विरचित **कामकलाविलास** नामक श्रीविद्यासम्बन्धी संस्कृत ग्रन्थमाथि यिनको **गार्ग्यायणी** नामक नेपाली भाष्यानुवाद 'जयतु संस्कृतम्' संस्थाबाट वि.सं. २०७१ मा प्रकाशित भएको छ। त्यसै गरी यिनले आचार्य विरचित **कालिकाकुलपञ्चशतकम्** नामक संस्कृत कृतिको सम्पादन तथा नेपाली भाषामा अनुवाद गरेको कालिकाकुलपञ्चशतक नामक कृति नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशनाधीन रहेको छ। (बलराम) (सम्पर्क: ९८४९७६१९१५)

मानकाजी श्रेष्ठ 'ज्येना'

मानकाजी श्रेष्ठ 'ज्येना'को जन्म २००६ मा गोरखा पोखरीथोक छहरेमा भएको हो। विद्युत इन्जिनियरिङमा स्नातकोत्तर गरेका श्रेष्ठ हाल क्यानडामा बसोवास गर्दै आएका छन्। उनले डा. सरोजकृष्ण जोशीद्वारा लिखित **लस्ट इन अमेरिका** शीर्षकको आत्मवृत्तान्तलाई नेपालीमा **अमेरिकामा बरालिँदा** शीर्षकमा अनुवाद गरेका छन्। यस अनुवादलाई नेपाल इन्जिनियर्स एसोसिएसन, काठमाडौँले वि.सं. २०७२ मा प्रकाशन गरेको हो। श्रेष्ठका फुटकर रचनाहरू पनि प्रकाशित छन्। (बलराम)

माधुरी भट्टराई खनाल (वि.सं. १९८४-२०५९)

काठमाडौँको त्रिपुरेश्वरमा जन्मेकी माधुरी भट्टराई खनालका १५ वटा कृति प्रकाशित छन्। तीमध्ये **दुर्गावतारस्तोत्र** (वि.सं. २०३६), **स्तोत्र सङ्ग्रह** (वि.सं. २०४७) र **श्रीरामचरितमानस** (भावानुवाद, वि.सं. २०४९) उनका नेपालीमा अनूदित कृतिहरू हुन्। (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माया ठकुरी

भारतको लखनउमा सन् १९४६ मा जन्मिएकी माया ठकुरीले कलामा स्नातक गरी सङ्गीतमा पनि डिप्लोमा गरिन्। त्यसपछि उनी शिक्षण कार्यमा समर्पित भइन्। नेपालमा वि.सं. २०३० को दशकदेखि साहित्य र कलाको क्षेत्रमा सक्रिय रहँदै आएकी मायाको मूल क्षेत्र कथा लेखन हो। उनका धेरै कथाहरू अङ्ग्रेजी, हिन्दी र बङ्गाली भाषामा अनूदित छन्। उनको अनूदित पुस्तक **सार्क मुलुकका महिला कथाकारहरूका कथा** शीर्षकमा प्रज्ञा-प्रतिष्ठानले वि.सं. २०७३ मा प्रकाशन गरेको छ। यसमा सार्क मुलुकका १७ जना नारी कथाकारका रचना समावेश छन्। यी कथाहरू हिन्दी र अङ्ग्रेजी मूलबाट लिइएका हुन्। यस सङ्ग्रहमा (जावेदा हिना (पाकिस्तान), मारियान (मालदिभ्ज), कमला बिजेरत्ने (श्रीलङ्का), कुनजाङ छोदेन रोदेर (भुटान), रजिया रहमान र शहनाज मुन्नी (बङ्गलादेश), उषा ठाकुर (नेपाल), जोहरा शइद (अफगनिस्तान) र भारतबाट अजिर कौर र अन्य तीन कथाकारका अनूदित सृजना रहेका छन्। (बलराम) सम्पर्क: ५५५४२६६

मित्रदेव शर्मा

असमको शोणितपुर जिल्लामा पर्ने गाङमौथानमा सन् १९४४ मा जन्मेका मित्रदेव शर्माले परिसङ्ख्या विषयमा गुवाहाटी विश्वविद्यालयबाट स्नातकोत्तर गरी अरुणाचल प्रदेश सरकारको अर्थनीति तथा तथ्याङ्क विभागअन्तर्गत लामो सेवा गरे। हाल उनी तेजपुरमा अवकाश प्राप्त जीवन बिताइरहेका छन्। असमिया र नेपाली दुवै भाषामा समान क्षमता भएका शर्माको निबन्ध विधामा विशेष योगदान रहेको छ। उनका आधा दर्जनजति मैलिक कृति छन्। उनका **मित्र रचनावली** (इ. २०१३) **संस्कार संस्कृति संस्कृतिवान** (इ. २०१७) जस्ता पठनीय निबन्ध सङ्ग्रह छन् जसको प्रकाशक डा. रिजु शर्मा छन्। शर्मालाई मौलिक कृतिकारभन्दा पनि अनुवादकका रूपमा श्रेय प्राप्त छ।

असमिया भाषामा सातवटा नियात्रा संस्मरण निबन्ध विधामा कृति प्रकाशित गरिसकेका शर्माका उल्लेख्य अनुवादहरूमा प्रजापति शास्त्रीद्वारा लिखित **स्मृति र लेसरी बुटली** शीर्षक संस्मरण सङ्ग्रह (इ.२००८) एक हो। यसको शीर्षक **अनुस्मृतिका लहरहरू** (इ. २००८, नेपालीबाट असमियामा), **अन्तर्राष्ट्रिय काव्य कविता** (इ. २००८, अगमसिंह गिरी, ओकियुयामा ग्वाइन, भानुभक्त आचार्य, लेखनाथ पौड्याल, छविलाल उपाध्याय जस्ता एक सय जना स्रष्टाका एक-एक रचना (कविता) नेपालीबाट असमियामा), हरिप्रसाद गोर्खा राई, गीता उपाध्याय, इन्द्रबहादुर राई जस्ता २१ जना भारतीय नेपाली कथाकारका एक-एक रचना समेटेर बनाइएको **मनोग्राही नेपाली गल्प** (इ. २०१२, नेपालीबाट असमियामा) तेलगु लेखक डा. केशव रेड्डीकृत **मोगावनी तिलाङग्रोभी**को जे. एल. रेड्डीद्वारा हिन्दीमा अनूदित **भू-देवता** शीर्षक उपन्यासको **जन्मभूमिको सुवास** (इ. २००८, नेपालीमा), **नुन र नीलिम कुमारका अन्य कविता** (इ. २०१६, असमियाबाट नेपालीमा) रहेका छन्। नीलिम कुमार असमिया साहित्यमा एक उत्कृष्ट समकालीन कवि हुन्। उनले **निमख आरु एकैशटा कविता, एदिन तोमार घरलै जाम-तोमार जोत जन्म हैसिल, नीलिम कुमारर् प्रेमर् कविता** शीर्षक तीन कविता सङ्ग्रहबाट ५५ वटा शक्तिशाली कविता चयन गरी तिनको नेपालीमा अनुवाद गरेका छन्। डा. रिजुस्मिता शर्मा, तेजपुरद्वारा प्रकाशित यस कृतिको विमोचन वि.सं. २०७२ फागुन १८ मा डा. गोविन्दराज भट्टराईबाट गुवाहाटी विश्वविद्यालयको नेपाली विभाग भवनमा भएको थियो। (गोविन्द) सम्पर्क: ९१९४३५६८६०७४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मीनप्रसाद नेपाल (१९६७-२०३५)

पाल्पाको खस्यौलीमा जन्मेका मीनप्रसाद नेपालले वेदान्त दर्शनमा आचार्य गरेका थिए। अध्यापन एवम् पुराणवाचनमा सक्रिय मीनप्रसादका १३ वटा कृतिहरू छन्। तीमध्ये **ब्रह्मसूत्र शाङ्करभाष्य** (२०५५) **योगवाशिष्ठ** र **कठोपनिषद्** यिनका अनूदित कृति हुन्। (माधव)

मीनाकुमारी रिसाल

सन् १९४१ जुलाई १३ मा काठमाडौंको महाबौद्धमा जन्मेकी मीनाकुमारी रिसालले एम.ए. तथा एम.एड.सम्मको अध्ययन गरेकी छिन्। उनले महर्षि वेदव्यासरचित **श्रीमद्भगवद्गीता**लाई सोही शीर्षकमा नेपाली गद्यानुवाद गरेकी छिन्। उक्त अनूदित कृति श्रीमती शकुन्तला खत्रीवाट वि.सं. २०६३ मा प्रकाशित भएको देखिन्छ। (माधव)

मुकुन्द आचार्य

मकवानपुर गढीमा सन् २००१ मा जन्मेका मुकुन्द आचार्यले नेपालीमा स्नातकोत्तर गरेका छन्। उनले **भानुभक्तीय रामायण**लाई **भोजपुरी रामायण** (वि.सं. २०६३) मा अनुवाद गरेका छन्। **श्रीमद्भगवद्गीता** (भोजपुरी, वि.सं. २०६६) उनको दोस्रो अनुवाद हो। यी दुवै अनूदित ग्रन्थका प्रकाशक वीरगञ्जका ओमप्रकाश जयसवाल रहेका छन्। आचार्यले तेस्रो कृति गणेशप्रसाद लाठको **अनुराधा** शीर्षक आख्यानलाई हिन्दीमा **अनुराधा भवन** (इ. २०१६) मा अनुवाद गरेका छन्। (गोविन्द)

मुकुन्दशरण उपाध्याय

वि.सं. १९९७ मा कास्कीको हेमजामा जन्मेका मुकुन्दशरण उपाध्यायले संस्कृत साहित्यमा आचार्य तथा नेपालीमा स्नातकोत्तर गर्नुका साथै वेदान्त तीर्थ एवम् हिन्दी विशारद उपाधि हासिल गरेका छन्। उपाध्यायका मौलिक र अनूदित गरी नौवटा कृति प्रकाशित छन्। **प्राकृत पोखरा** (काव्य) को लागि मदन पुरस्कारबाट सम्मानित प्राध्यापक उपाध्याय नेपाली भाषा व्याकरणका आजीवन साधक हुन्। तीमध्ये महाभारतबाट आफैले सङ्कलन गरेको सूक्तिहरूको सङ्ग्रह **महाभारतसूक्ति**को भावानुवाद वि.सं. २०३६ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको थियो। सम्पर्क: ९८४१३८७६२८, ०१-४४१६३९३ (माधव)

मुकुन्द शर्मा चालिसे

वि.सं. २०११ मा बागलुङको रोहोटेमा जन्मेका मुकुन्द शर्मा चालिसेले संस्कृतमा शास्त्री तथा नेपालीमा एम.ए. सम्मको अध्ययन गरेका छन्। अध्यापन सेवामा संलग्न चालिसेका मौलिक र अनूदित गरी नौवटा कृति प्रकाशित छन्। तीमध्ये संस्कृतको **वेणीसंहार** नाटकको सोही शीर्षकको नेपाली अनुवाद वि.सं. २०६० मा प्रकाशित भएको छ। (माधव) (सम्पर्क: नम्बर : ०१-४३७४१७०, ४३७१६३७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुकुल दाहाल

मुकुल दाहाल वि.सं. २०३५ मा झापामा जन्मिएर अङ्ग्रेजी साहित्यमा उच्च शिक्षा हासिल गर्ने एक स्थापित कवि हुन्। हाल उनी स्कटल्यान्डको ग्लास्गो विश्वविद्यालयअन्तर्गत समकालीन नेपाली कवितामा विद्यावारिधि अध्ययनरत छन्। उनले अनुवाद गरेका कर्महरूमध्ये भीष्म उप्रेतीको **कवितामा पहाड** शीर्षक सङ्ग्रहभित्रका १९ वटा कविता परेका छन् बाँकी सातवटाका अनुवादक मनु मन्जिल हुन्। (हे. मनु मन्जिल)। त्यसै गरी दाहालद्वारा अनूदित मनु मञ्जिलद्वारा सम्पादित कवि कृष्णभूषण बलको कविता सङ्ग्रह **द फुल मुन एट द रिभर ब्याङ्क**मा पनि सङ्कलित छन्। कवि उप्रेतीका अन्य सृजनाहरू पनि अङ्ग्रेजीमा अनूदित छन् (हे. शशी भण्डारी)। (गोविन्द)

मुक्तिनाथ खनाल

संस्कृत भाषामा लेखिएको **नेपालमाहात्म्यम्** नामक कृतिलाई मुक्तिनाथ खनालले **नेपाल माहात्म्य** शीर्षकमा तथा **सुवर्णप्रभासोत्तम सूत्रेन्द्रराजः** नामक कृतिलाई **सुवर्णप्रभाससूत्रम्** शीर्षकमा नेपाली भाषामा अनुवाद गरेका छन्। **नेपाल माहात्म्य** वि.सं. २०२८ मा तथा **सुवर्णप्रभाससूत्रम्** वि.सं. २०३० मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित छन्। यिनका विषयमा अन्य जानकारी उपलब्ध छैन। (माधव)

मुक्तिनाथ तिम्सिना (वि.सं. १९७१-२०४६)

कास्कीको बाटुलेचौरमा जन्मेका मुक्तिनाथ तिम्सिनाले संस्कृतमा मध्यमासम्मको अध्ययन गरेका थिए। उनका मौलिक एवम् अनूदित गरी छवटा पुस्तक प्रकाशित छन्। तीमध्ये **को अछुत** (उपन्यास, वि.सं. २०११), **हिन्दु संस्कृति र आधुनिकता** (कथा सङ्ग्रह, वि.सं. २०३८), **मातृत्व र धर्म पुस्तक** (कविता सङ्ग्रह, वि.सं. २००७) आदि मौलिक कृति हुन्। उनका अनूदित कृतिहरूमा महाकवि कालिदासद्वारा लिखित **रघुवंश** महाकाव्यको सोही शीर्षकमा नेपाली अनुवाद र महाकवि भारविद्वारा रचित **किरातार्जुनीयम्** महाकाव्यको **किरातार्जुनीय** शीर्षकको नेपाली अनुवाद नेपाली भाषा प्रकाशिनी समितिबाट क्रमशः सन् २००० र सन् २००२ मा प्रकाशित छन्। (माधव)

मुक्तिप्रसाद उपाध्याय

सन् १९५२ मा असमको गुवाहाटीमा जन्मेका मुक्तिप्रसाद उपाध्यायले उत्तर बङ्ग विश्वविद्यालयबाट एम.ए. र बी.एड. गरी शिक्षण पेसामा जीवन अर्पण गरे। सिलिगुडीलाई कार्यक्षेत्र बनाई नाटक, उपन्यास, कथा, समालोचना तथा चलचित्र जस्ता कला र सृजनाका विविध पक्षमा अभिरुचि एवम् क्षमता भएका उपाध्यायले बाल साहित्यमा सन् २०१५ को साहित्य अकादेमी पुरस्कार प्राप्त गरेका छन्। मूलतः उनी सफल नाटककार भए पनि उनका अनूदित कृति पनि उल्लेख्य छन्। झमक घिमिरेको **जीवन काँडा कि फूल** फिल्मको पटकथा उनै मुक्तिप्रसाद उपाध्यायले लेखेका हुन्। नेपाली-मैथिली, नेपाली-हिन्दी, नेपाली-बङ्गाली जस्ता भाषामा अनुवाद गरेका छन्।

एनले कामख्या देवीद्वारा सम्पादित **मैथिली कथा धारालाई मैथिली कथा सङ्ग्रह** (इ. २०१५) शीर्षकमा नेपालीमा अनुवाद गरे। साहित्य अकादेमीद्वारा प्रकाशित मैथिलीबाट नेपालीमा अनूदित यो प्रथम सृजना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुष्प हुनु पर्दछ। यस सङ्ग्रहमा गंगेज गुन्जन, गौरी मिश्र, छत्रानन्द, राजमोहन झा, सुधांशु शेखर चौधरी जस्ता १६ जना स्रष्टाका एक-एक कथा परेका छन्। (गोविन्द) सम्पर्क: ९१८१०१०३५०७०

मुक्तिनाथ शर्मा नेउपाने

वि.सं. १९९६ मा लमजुङको दुराडाँडामा जन्मेका मुक्तिनाथ शर्मा नेउपाने कवि तथा नियात्राकारका रूपमा प्रसिद्ध छन्। निजामती सेवामा लामो समय बिताएका नेउपानेका मौलिक र अनूदित गरी २६ वटा कृतिहरू प्रकाशित छन्। तीमध्ये **विद्रोह** (खण्डकाव्य, वि.सं. २०५५), **काठमाडौँदेखि लन्डनसम्म** (नियात्रा, वि.सं. २०५७), **सर्वोदय** (ऐतिहासिक गीतिकाव्य, वि.सं. २०५९), **बेलायततिरका झझल्का** (नियात्रा, वि.सं. २०६२) आदि मौलिक कृतिहरू हुन् भने महर्षि वेदव्यासविरचित **श्रीमद्भगवद्गीता**को सोही शीर्षकको नेपाली अनुवाद यिनको अनूदित कृति हो जुन वि.सं. २०६१ मा प्रकाशित भएको छ। (माधव) (सम्पर्क: ९८४१८२१७००)

मुना अर्याल

मुना अर्यालको जन्म वि.सं. २००७ मा भएको थियो। स्नातक गरेकी मुना अनेक शैक्षिक सामाजिक संस्थामा संलग्न छिन्। उनका श्री सत्य साई आध्यात्मिक शिक्षा सामान्य ज्ञान (महाभारत), प्रेमज्योति (गीति एल्बम) जस्ता रचना छन्। उनीद्वारा अनूदित एउटा महत्त्वपूर्ण कृति रहेको छ **ईश्वराम्मा** (वि.सं. २०६०)। यो एन. कस्तुरीद्वारा लिखित **ईश्वराम्मा द चोजन मदर** शीर्षकको कृति हो। साई बाबाले उनलाई आमाको रूपमा ग्रहण गरे। (गोविन्द) सम्पर्क: ९८४५१०३५६६

मुन्नी सापकोटा

भारतको गुवाहाटीमा सन् १९५० मा जन्मेर शिक्षण सेवामा समर्पित मुन्नी सापकोटा बाल साहित्य लेखक र अनुवादक हुन्। उनले सन् २००७ मा राष्ट्रिय कीर्ति शिक्षकको पुरस्कार प्राप्त गरेकी थिइन्। उनका **कथा फूलबारी, बल्ल बुद्धि पलायो** जस्ता बालकथा कृति प्रकाशित छन्। **जुनकिरी** बालकथा सङ्ग्रहका लागि साहित्य अकादेमीबाट उनलाई सन् २०१४ को बाल साहित्य पुरस्कार प्राप्त भएको छ। मुन्नी सापकोटाले असमिया लेखक डा. उमाकान्त शर्माको **जिङ्गो कका र सकुला** शीर्षकको उद्भिदविज्ञान विषयको बालकृतिलाई नेपाली भाषामा अनुवाद गरेकी छन्। यसको शीर्षक **जिङ्गो बाजेका आँसु** (बाल विज्ञान साहित्य) रहेको छ। जम्मा ३२ पृष्ठको यस पुस्तकलाई कवूकवू प्रकाशन कविता निकेतन देवकोटानगरले सन् २०१६ मा प्रकाशन गरेको हो। मुन्नीका धेरै अनूदित फुटकर रचनाहरू असङ्कलित अवस्थामा छन्। उनले नेपालका २० जना कथाकारका उत्कृष्ट बालकथाहरूलाई हिन्दीमा अनुवाद गरेकी छन् जुन नेपालमा श्री कार्तिकेय घिमिरेको सम्पादनमा प्रकाशनाधीन छ। (गोविन्द) सम्पर्क: ९१९४५५४०९८१३

मुरारी मधुसूदन ठाकुर

भारतीय विद्वान् मुरारी मधुसूदन ठाकुरले कोलम्बो प्लानअन्तर्गत त्रिभुवन विश्वविद्यालयमा केही वर्ष प्राध्यापन गरे। नेपाल बसाइँमा उनले **लक्ष्मीप्रसाद देवकोटा: सेलेक्टेड पोएम्ज शीर्षक**मा अनूदित कृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशन गरे। महाकविको काव्य शक्तिलाई अङ्ग्रेजीभाषी पाठकसमक्ष लैजानमा उनले सराहनीय कार्य गरेका छन्। यी विद्वान्का **नेपाल अ मिस्सेलनी** (इ. १९७५) र **दस स्पेक भिष्म** (इ. १९९२) अङ्ग्रेजी मौलिक कृतिहरू पनि प्रकाशित छन्। **दस स्पेक भिस्म** नित्सेको प्रसिद्ध कृति **दस स्पेक जराथुस्ट**को प्रतिध्वनि सुनिन्छ। उनका अन्य दुई कृतिमा साहित्य अकादेमी दिल्लीबाट प्रकाशित **कन्टेम्पोररी मैथिली सर्ट स्टोरिज** (इ. २००५) र **सेलेक्टेड पोएम्स अफ निराला** (इ. २००६) हुन्। अरू सूचना प्राप्त हुन नसकेको। (गोविन्द)

मेघराज अधिकारी

मेघराज अधिकारीको जन्म झापाका गौरादह नगरपालिकाको चप्रामारीमा वि.सं. २०३७ मा भएको हो। अधिकारीले अङ्ग्रेजी साहित्यमा एम.फिल. गरी त्रिभुवन विश्वविद्यालयअन्तर्गत व्यवस्थापन केन्द्रीय विभागमा अध्यापनरत छन्। उनले नेपालका लागि मञ्चनीय नाटकको अनुवादमा उल्लेखनीय योगदान गरेका छन्। फ्रान्सेली नाटककार मोलिअरका फ्रान्सेलीबाट अङ्ग्रेजीमा अनूदित तीनवटा नाटकको उनले नेपालीमा अनुवाद गरेका छन्। **तार्तुफ**लाई प्रुडेन्स एल स्टेनरले गरेको अङ्ग्रेजी अनुवादलाई अधिकारीले नेपालीमा **तार्तुफ** शीर्षकमा नै अनुवाद गरे जसलाई शिल्पी थिएटरले **झलेन्द्र प्रसादको लीला उर्फ तार्तुफ** नाममा मञ्चन गरेको थियो। यसको प्रकाशन वि.सं. २०७४ असारमा भएको थियो। उनले अनुवाद गरेका मोलियरका अन्य दुई नाट्य कृतिमा **श्रीमतीहरूको पाठशाला** र **श्रीमानहरूको पाठशाला** रहेका छन्। प्रकाशोन्मुख यी अनुवादहरू हेन्री भ्यानलुयानले क्रमशः **द स्कुल फर वाइभ्ज्** र **द स्कुल फर हज्ब्यान्ड्ज्** शीर्षकमा अनुवाद गरेका थिए। यसै गरी अनुवादक अधिकारीले एक रुसी र एक अङ्ग्रेजी नाटक पनि नेपाली भाषामा भित्र्याएका छन्। यीमध्ये एन्तोन चेखवको **श्री सिस्टर्ज्**लाई सोही शीर्षकमा शिल्पी थियटरले २०७५ वैशाखमा मञ्चन गराइसकेको छ। साथै, उनले अनुवाद गरेको अमेरिकी लेखक टेनेसी विलियम्सको **द स्ट्रिट कार नेम्ड डिजायर** प्रकाशोन्मुख रहेको छ। उनका अनुवादसम्बन्धी अनुसन्धानात्मक लेखहरूमा अनूदित नाटकमा नेपाली समाज (प्रकाशोन्मुख *रङ्गमञ्च समीक्षा भाग ३),* Literary Translation: A Passage to Cultural Understanding Beyond the Borders (अनुवादक समाजको जर्नल Nepalese Translation, 2017) मा प्रकाशित छन्। यस सम्बन्धमा निम्न पक्ष मननीय छन्।

क) नेपाली रङ्गमञ्चले विश्व साहित्यका अनेक उत्कृष्ट रचनालाई मञ्चनका निमित्त अनुवाद गराउने लामो परम्परा स्थापित छ। यसको बेग्लै अध्ययन हुन बाँकी छ।

ख) यस्ता कृतिहरू खास गरी अङ्ग्रेजी मूल वा अङ्ग्रेजीमा भएका अनुवादबाट नेपालीमा ल्याउने गरिएको छ।

ग) यस्तो अनुवादमा पठनीयता र मञ्चीयताबिचको व्यवहारिक सम्बन्ध स्थापित हुने गरी अनुवाद गर्नुपर्ने हुँदा अनुवादक निकै होसियार हुनु पर्दछ। (बलराम) सम्पर्क: ९८५११२१७९९

मेजर टी. वारेन

मेजर टी. वारेनको **अ सटर इङ्लिस नेपाली डिक्सनरी** (इ. १९४४) प्रकाशित छ। नेपाली शब्दको उच्चारणअनुसार लेखन फरक रहेको तथ्य बोध गराउँदै आफ्नो हिज्जे र मानक लेखनको आधारको पनि यस सन्दर्भमा चर्चा छ। यस कृतिमा अङ्ग्रेजी शब्दको प्रविष्टिपछि त्यस शब्दको नेपाली रूप (समानार्थी) प्रस्तुत गरिएको छ। नेपाली शब्दको लेखन रोमन र देवनागरी लिपिमा प्रस्तुत छ, जस्तै :

A– Yota, euta = यौटा, एउटा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा शब्द र पदावलीको मात्र प्रस्तुति छ। शाब्दिक तहको अनुवादका सन्दर्भमा वारेनको शब्दावली पनि स्मरणीय रहेको छ। (सुकुम)

मेदनीकुमार केवल (वि.सं. २०१५–२०७३)

दाङको राजपुरस्थित दुलैयामा जन्मेका मेदनीकुमार केवलले साहित्य विषयमा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट शास्त्रीसम्म अध्ययन गरेका थिए। उनी विद्यार्थी कालमै पत्रकारितामा प्रवेश गरेका थिए। हाल **वटोही** द्वैमासिक साहित्यिक पत्रिकाका सम्पादक रहेका उनले सरारे, नयाँ दिल्लीबाट इ.सं. २०१५ मा प्रकाशित रेनु चौधरीका हिन्दी कविता सङ्ग्रह **भोरका तारा** नामक कृतिलाई **सुनौलो बिहानी**का नामले नेपालीमा अनूदित गरी प्रकाशित गराएका थिए। यसै प्रकारले वि.सं. २०७२ देखि प्रकाशित **वटोही** द्वैमासिक साहित्यिक पत्रिकाको अङ्क १, २ र ३ मा उनका नेपाली अनुवादसहितका लेखहरू प्रकाशित छन्। नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित बहुभाषिक पत्रिका **सयपत्री**मा पनि केवलका लेखहरू नेपालीमा अनुवादसहित प्रकाशित छन। नेपाल प्रज्ञा-प्रतिष्ठानमार्फत उनले अवधीभाषी क्षेत्रमा मुख्य रूपले बसोवास गर्ने बादी जातिको मानव शास्त्रीय अध्ययन पनि गरेका छन्। उनको **गुरुङ जातिको इतिहास** हालै मात्र प्रकाशित भयो। (गोविन्द)

मोतीकाजी शाक्य

मोतीकाजी शाक्यको जन्म वि.सं. २००१ मा ललितपुरमा भएको थियो। अर्थशास्त्रमा एम.ए. गरेका शाक्य इन्जिनियर पनि हुन्। उनले बुद्धधर्म विषयक धेरै रचना लेखे र छपाए। उनले गरेको एक महत्त्वपूर्ण अनुवाद कार्य छ **स्नेही छोरी** (वि.सं. २०७२)। **स्नेही छोरी** सर्वप्रथम बर्मी भिक्षु 'र वे श्वं' महास्थविरद्वारा बर्मेली भाषामा लिखित **तमी छेत्** शीर्षक उपन्यास हो। **स्नेही छोरी** (धम्मवती गुरुमाको जीवनमा घटेका केही घटनाहरूको आधार लिई बर्मेली भाषामा लिखित उपन्यास नेपालीमा अनूदित, वि.सं. २०७२), **बुद्धको मूल उपदेश** (नेपालीमा लिखित) **सल्लेख सूत्र** (मूल पालीसहित नेपालीमा अनूदित) हुन्। त्यसलाई भिक्षु ज्ञानपुण्णिकले नेपाल भाषामा अनुवाद गरे त्यसलाई मोतीकाजी शाक्यले नेपाली भाषामा ल्याए। यस (नेपाली) अनुवादबारे प्रकाशकीयमा भनिएको छ : *प्रस्तुत पुस्तक* **स्नेही छोरी** *धर्मकीर्ति प्रकाशनको रूपमा पाठकवृन्द समक्ष पेश गर्न पाएकोमा हामीलाई खुशी लागेको छ।*

बर्मी भिक्षु **र वे श्वं** *महास्थविरद्वारा बर्मी भाषामा लेखिएको* **तमी छेत्** *पुस्तकलाई भिक्षु ज्ञाणपुण्णिकले नेपाल भाषामा अनुवाद गर्नुभएको थियो भने सोही पुस्तकलाई उपासक मोतिकाजी शाक्यले नेपाली भाषामा अनुवाद गर्नुभएको थियो।*

पाठक वृन्दको बढ्दो मागलाई दृष्टिगत गरी धर्मकीर्ति विहारको पुस्तक प्रकाशन कोषबाट आवश्यक आर्थिक व्ययभार व्यहोरी या पुस्तक प्रकाशन गरिएको छ। (नवीन)

मोतिराम भट्ट (वि.सं. १९२३–१९५३)

काठमाडौंको भोसिको टोलमा जन्मेका मोतिराम भट्ट नेपाली साहित्यमा 'युवाकवि' को उपाधिले विभूषित छन्। प्रवेशिकासम्मको अध्ययन गरेका भट्टका मौलिक र अनूदित गरी २० वटा कृतिहरू प्रकाशित छन्। आदिकवि भानुभक्तको जीवनचरित्र लेखी आदिकविलाई चिनाउन उनले गरेको योगदान अविस्मरणीय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। **प्रह्लादभक्तिकथा** (काव्य, वि.सं. १९४३), **गजेन्द्रमोक्ष** (वि.सं. १९४४), **मनोद्वेग प्रवाह** (कविता सङ्ग्रह, वि.सं. १९५७), **पिकदूत** (खण्डकाव्य, वि.सं. २०१९) आदि उनका मौलिक कृतिहरू हुन् भने महाकवि कालिदासद्वारा विरचित **अभिज्ञान शाकुन्तलम्**को **शकुन्तला** शीर्षकको नेपाली अनुवाद तथा **प्रियदर्शिका नाटक**को सोही शीर्षकको नेपाली अनुवाद उनका अनूदित कृतिहरू हुन्। **प्रियदर्शिका नाटक** जगदम्बा प्रकाशनबाट वि.सं. २०१६ मा प्रकाशित भएको छ। (माधव)

मोदनाथ प्रश्रित

मोदनाथ प्रश्रितको जन्म वि.सं. १९९९ मा अर्घाखाँचीको खिदिम गाउँमा भएको हो। सृजना, चित्रकला, साहित्य, राजनीति, दर्शन जस्ता विविध क्षेत्रमा रुचि र क्षमता भएका प्रश्रितले तीनवटा विषयमा स्नातकोत्तर गरेका छन्। उनले तीन दर्जनजति कृतिको सृजना गरेका छन्। वि.सं. २०२३ को मदन पुरस्कार प्राप्त स्रष्टा प्रश्रित एक विचारक, चिन्तक र दार्शनिक हुन्। उनले अनुवाद गरका पुस्तकहरूमा **हितोपदेश : मित्रलाभ खण्ड** (प्रकाशक स्वयम्, वि.सं. २०१५) र **बज्रसूची उपनिषद्** (विद्यार्थी पुस्तक, वि.सं. २०६४) रहेका छन्। (माधव) सम्पर्क: ९८४१८१४२९७

मोरल्यान्ड ह्युज

नेपाली व्याकरण लेखन परम्परामा मोरल्यान्ड ह्युजको अ ग्रामर अफ द नेपाली ल्याङ्वेज इन द रोमन एन्ड नागरी स्क्रिप्ट (इ. १९४७) प्रकाशित छ। यिनको व्याकरणात्मक प्रस्तुति परम्पराभन्दा भिन्न रहेको छ। यिनको लेखनमा प्रत्येक व्याकरणात्मक शीर्षकपछि टिपोटमा प्रस्तुत भाषा पाठ अनुवादका सन्दर्भमा पनि उल्लेख्य छ। यिनको लेखनमा अनुवादको सन्दर्भ यसरी उठान गर्छन् : अनुवाद I do, I eat (garnu - to do, khanu - to eat) यस पछि नियमको चर्चा गरी भाषाबोधका साथै अनुवाद अभ्यास पनि समायोजन गरिएको देखिन्छ। यिनको अनुवाद शब्द, वाक्य अनुच्छेद हुँदै अङ्ग्रेजी पत्रलाई नेपालीमा प्रस्तुत गर्ने कार्यसम्म विस्तार भएको छ। यसैले ह्युज पनि नेपाली अनुवाद परम्परामा अनुवादकका रूपमा स्मरणीय छन्। (सुकुम शर्मा)

मोहन सिटौला

मोहन सिटौलाको जन्म वि.सं. २००० मा तेह्रथुम जिल्लाको आठराईमा भएको थियो। अङ्ग्रेजीमा एम. ए. गरेका सिटौलाले त्रिविमा लामो समयसम्म प्राध्यापन गरे। उनका केही सिर्जना: केही विवेचना (इ. १९८५), गोठालाहरू (निबन्ध सङ्ग्रह, वि.सं. २०४२), अर्को प्रहर (कविता सङ्ग्रह, वि.सं. २०४४), नयाँ मुलुकको नाद (कविता सङ्ग्रह, वि.सं. २०६३) जस्ता कृति प्रकाशित छन्।

उनले इन्दिरा प्रसाईंको नेपाली कविता सङ्ग्रह **तिमी हुनुकोलाई** अङ्ग्रेजीमा **बिइङ अफ यू** (वि.सं. २०१७) शीर्षकमा अनुवाद गरेका छन्। नइ प्रकाशनद्वारा प्रकाशित यो कृतिमा प्रसाईंका ६३ वटा कविता सङ्कलित छन् जसको सम्पादन अनुराज जोशीले गरेका छन्। (गोविन्द) सम्पर्क: ४४८१४७६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोहन सुवेदी

मोहन सुवेदीको जन्म असमको रङ्गमहलमा सन् १९५६ मा भएको थियो। उनले नेपालीमा स्नातकोत्तर गरी भारतीय जीवन बिमा निगममा कर्मचारी भई सेवा गरे। उनका **पृथिवी जसरी भोग्दैछु** (इ. १९८७), **केही शब्द र धुवाँ** (इ. २००४) जस्ता कविता सङ्ग्रह अनि **माटो मान्छे र माया** इ. १९९८), **मृतकहरूको देशमा** (इ. २००८) जस्ता कथा सङ्कलन अनि गीत र निबन्धका सङ्कलन पनि प्रकाशित छन्। मौलिकका अतिरिक्त सुवेदीका दुईवटा अनूदित कृति पनि उपलब्ध छन्। पहिलो हो **माटो** शीर्षकको बाल उपन्यास। प्रसिद्ध साहित्यकार मुल्कराज आनन्दको यस उपन्यासमा 'मोरा' नामको हात्तीको छावामा आधारित कथा छ। नेसनल बुक ट्रस्ट अफ इन्डियाले यसको प्रकाशन सन् २००२ मा गरेको हो। अर्को कृति हो **कविता** अर्थात् प्रसिद्ध असमेली कवि एवम् स्वतन्त्रता सेनानी नीलमणि फुकन (इ. १८८०-१९७८) को कविताको सङ्ग्रह जसको निमित्त उनले सन् १९८१ को साहित्य अकादेमी पुरस्कार प्राप्त गरेका थिए। (गोविन्द) सम्पर्क: ९४३५३६९३८०

मोहनविक्रम सिंह

वामपन्थी नेता, मार्क्सवादी चिन्तक र साहित्यकारका रूपमा परिचित मोहनविक्रम सिंहको जन्म वि.सं. १९९२ मा भएको हो। प्रगतिवादी साहित्यका क्षेत्रमा सक्रिय सिंह कविता, नाटक र समालोचना लेखनमा विशेष केन्द्रित देखिन्छन्। साहित्य लेखनमा अजित सिंह, मोहन घर्ती उपनाम प्रयोगमा ल्याएका सिंहले **रातो लालटिन** (वि.सं. २०४४) अनुवाद गरेका छन्। यो कृति नेपाली साहित्य सदन गोरखपुरले प्रकाशनमा ल्याएको हो। अनुवादकको नाम पनि अजित सिंह नै उल्लेख गर्ने सिंह आफ्ना कृति आफ्ना नाममा नै प्रकाशित गर्न रुचाउँछन्। **रातो लालटिन** अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गरिएको नाटक हो। चिन पेकिङ अपेरा ट्रुपद्वारा सामूहिक रूपले तयार गरी मञ्चन गरिएको यो नाटक चिनको सांस्कृतिक क्रान्तिताकाको वैचारिक सङ्घर्षको आधार सामग्री मानिन्छ। चिनियाँ समाज र क्रान्तिको विशिष्ट अवधिको वैचारिक महत्त्वबोध गराउने नाटक भएकाले यसको चिनमा मात्र नभई अन्य सन्दर्भमा पनि उल्लेख्य सामग्री भएको तथ्य अनुवादका सन्दर्भमा कृतिमा प्रस्तुत छ। विभिन्न दस्तावेज एवम् लेखहरूको अनुवाद गर्ने सिंह नेपाली अनुवाद परम्परामा महत्त्वपूर्ण मानिन्छन्। (सुकुम)

मोहन हिमांशु थापा

वि.सं. १९९३ मा काठमाडौँको गोकर्णमा जन्मिएका मोहन हिमांशु थापाले एम.ए तथा विद्यावारिधि (नेपाली) गरेका छन्। **न्हु जापानी हाइकु (अनुवाद)** पुस्तकका लेखक डा. थापा कविता र समालोचनाका लेखक हुन्। **माछापुच्छ्रेया न्ह्यलय् सुपाँय्या मृत्यु** (कविता) डा. थापाको पहिलो रचना हो। पेसाले प्राध्यापक थापाले श्रीलङ्काया न्हूबाखं पुस्तक सम्पादन गरेका छन्।

उनले लिभ्ज एन्ड अदरस्टोरिज शीर्षक कथा सङ्ग्रहलाई **सिमाहः व मेमेगु बाखं**, शीर्षकमा र मोडर्न जापानिज हाइकु : एन्ड एन्थोलोजीलाई **न्हु जापानी हाइकु** शीर्षकमा अनुवाद गरेका छन्। (नवीन) सम्पर्क: ४२७९६३३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मौलाना अलाउद्दीन अन्सारी फलाही

अनुवादक मौलाना अलाउद्दीन अन्सारी फलाहीको **कुरआन मजीद** (वि.सं. २०६५) प्रकाशनमा आएको छ। इस्लाम धर्मावलम्बीको ईश्वरीय महान् ग्रन्थ **कुरआन मजीद**को नेपाली भाषामा अनुवाद तथा संक्षिप्त व्याख्या गरिएकाले नेपालीभाषी इस्लाम धर्मावलम्बी तथा कुरआनका बारेमा जिज्ञासा राख्ने व्यक्तिका लागि यस ग्रन्थ महत्त्वपूर्ण हुने देखिन्छ। धर्म, संस्कृतिका प्रयोक्ताका सन्दर्भमा नेपाली वाङ्मयमा थपिएको प्रस्तुत ग्रन्थलाई नेपाली भाषाकै महत्त्वपूर्ण प्राप्तिका रूपमा लिन सकिन्छ। अरबीबाट नेपाली भाषामा अनुवाद परम्पराका पृष्ठभूमिमा प्रस्तुत कृतिको अनुवाद विशिष्ट आधार हो भन्न सकिन्छ। यस कृतिको प्रकाशन इस्लामी सङ्घ नेपालले गरेको हो। (सुकुम)

मृदुला शर्मा 'गर्ग'

मृदुला शर्मा 'गर्ग' को जन्म काठमाडौँको वानेश्वरमा सन् १९५१ मा भएको हो। उनले **नेपाली कवि व्यथित और उनका हिन्दी काव्य** शीर्षकमा विद्यावारिधि गरी त्रिविअन्तर्गत शिक्षण कार्यमा लागिन्। नेपाली-हिन्दी अनुवादमा शर्माको ठुलो योगदान छ। उनको पहिलो सङ्ग्रह हो **तुलिका के नोक पर** (वि.सं. २०५८)। नवीन प्रकाशन वाराणसीद्वारा प्रकाशित यस कृतिमा देवकुमारी थापा, पारिजात, प्रेमा शाह, मञ्जु काँचुलीदेखि रञ्जुश्री पराजुलीसम्मका २४ स्रष्टाका चुनिएका कथाको हिन्दी अनुवाद रहेको छ।

अर्को कृति **गावाँ** (इ. २००८) मा कवि मञ्जुलका चुनिएका कविता परेका छन् भने उनका अरू कर्ममा **नेपाली लेखकों की अनुभूतियाँ** (इ. २००९), **नेपाली महिला लेखकों की प्रतिनिधि कथा** (इ. २००९) जस्ता अनुवाद रहेका छन्। उनले **नेपाली-हिन्दी कोश, हिन्दी-नेपाली शब्दकोश, लोकोक्ति मुहावरा कोश** आदिको निर्माणमा योगदान दिएकी छन्। उनको मदनमणि दीक्षितकृत **मेरी नीलिमा** (लघु उपन्यास) को अनुवाद प्रकाशोन्मुख छ। (गोविन्द) सम्पर्क: dr.mridulas@gmail.com

यदुनाथ खनाल (वि.सं. १९७०-२०१३)

तनहुँको मानुङ गाउँमा जन्मेका यदुनाथ खनालले संस्कृत व्याकरणमा मध्यमा र अङ्ग्रेजी साहित्यमा एम.ए. तथा विद्यावारिधि गरेका थिए। प्राध्यापन एवम् निजामती सेवामा लामो समय व्यतीत गरेका खनालका मौलिक एवम् अनूदित गरी आठवटा कृति प्रकाशित छन्। **समालोचनाको सिद्धान्त** (इ. २००३) उनको महत्त्वपूर्ण योगदान हो। यसमा पाश्चात्य सिद्धान्तको नमुना छ। रिफ्लेक्सन अफ नेपाल इन्डिया रिलेसन (इ. १९६६), **शक्ति सञ्चय** (संस्कृत, इ. १९६६) **नेपाल ट्रान्जिसन फ्रम आइसोलेसनिजम** (वि.सं. २०३४) जस्ता कृतिले उनको ज्ञान र विद्वतालाई प्रमाणित गर्दछन्। पं. जगन्नाथद्वारा विरचित **भामिनीविलास** नामक संस्कृत काव्यलाई खनालले सोही शीर्षकमा नेपाली भाषामा अनुवाद गरेका छन्। उनको सो अनूदित कृति उन्नयन प्रकाशनले वि.सं. २०५५ मा प्रकाशनमा ल्याएको छ। (माधव)

यमबहादुर क्षत्री

स्याङ्जाको सेतीदोभानमा सन् १९५२ मा जन्मेका यमबहादुर क्षत्री अनुवाद अध्ययन विषयमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि गर्ने प्रथम व्यक्ति हुन्। त्रि.वि. अन्तर्गत अंग्रेजी विषयमा प्रध्यापक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पदमा पुगी सेवा निवृत्त भएका डा.क्षत्री अङ्ग्रेजी र नेपाली दुवै भाषामा कलम चलाउँछन्। उनको विद्यावारिधिको विषय अंग्रेजी नाटकको नेपाली अनुवादको विश्लेषण हो।

डा. क्षेत्रले अङ्ग्रेजी भाषामा त्रि.वि.का विभिन्न तहका पाठ्य पुस्तक प्रकाशित गरेका छन् भने साहित्य लेखनमा **मितेरी** (वि.सं. २०५७), **सोह्र सृष्टि : सोह्रै दृष्टि** (वि.सं. २०६२), **शिक्षा र साहित्यमा गङ्गाबहादुरको योगदान** (वि.सं. २०६७) र **स्मृति र अनुभूति** (वि.सं. २०७२) जस्ता गद्य कृति प्रकाशित छन्। उनका सृजनात्मक र समालोचनात्मक अभिव्यक्तिहरू **पर्सपेक्टिभ्ज फ्रम पोखरा** (वि.सं. २०६८) मा अभिव्यक्त छन्। अनुवादका रूपमा उनको **फोर्टिन फ्लावर्स अफ नेपाल** (वि.सं. २०६८) मा ११ वटा कविता र तीनवटा निबन्ध नेपालीबाट अङ्ग्रेजी भाषामा अनूदित कृतिहरू सङ्ग्रहित छन्। यसका अतिरिक्त उनको नेपालीबाट अङ्ग्रेजीमा अनूदित **हेल्थ पपुलेसन एन्ड इन्भाइरन्मेन्ट** (वि.सं. २०६०) जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, कक्षा ९ को पाठ्य पुस्तक सानोठिमी भक्तपुरबाट प्रकाशित भएको छ। हालै क्षत्रीद्वारा अनूदित **आन फ्र्याङ्क्सको** नेपाली रूपान्तरण **एउटी किशोरीको डायरी** ओरिएन्टल पब्लिकेसन्सबाट प्रकाशित हुँदैछ। (नवराज) सम्पर्क: ९८५६०५१२३०

यज्ञरत्न धाख्वा

वि.सं. २००० को कृष्ण जन्माष्टमीका दिन पाटन क्वालखुमा जन्मेका यज्ञरत्न धाख्वाः ललितपुर उद्योग व्यापार सङ्घका सचिव तथा हस्तकला उद्योग सङ्घका कोषाध्यक्ष हुन्। विभिन्न पत्रपत्रिकामा कथाहरू प्रकाशित गरेका उनले पछि **सारी** नामबाट पुस्तक प्रकाशित गरेका हुन्। धाख्वाः ले बी.ए. डिप्लोमा (फ्रेन्च) गरेका छन्।

उनले रामचन्द्र भारती, सर्वज्ञ मिश्रद्वारा संस्कृत भाषामा लिखित **नारद मोह** (वि.सं. २०३८) नेपाल भाषामा अनुवाद गरेका छन्। उनले अङ्ग्रेजीमा लेखेको १२ वटा कथाको सङ्ग्रह **साइकोटिक**बाट अङ्ग्रेजीमा सोही शीर्षकमा माधवलाल कर्माचार्यले अनुवाद गरेका छन् जसको प्रकाशन २०११ मा नेपाल भाषा एकेडेमीले गरेको थियो। (नवीन) सम्पर्क: ९८१३७१७५६९

यज्ञश पण्डित

तनहुँको अम्रेनीमा वि.सं. २०३७ मा जन्मेका यज्ञशले स्नातकोत्तर गरी पत्रकारिता गरे। उनको रुचिका विधामा चलचित्र समीक्षा, व्यक्ति चित्र लेखन र अनुवाद रहेका छन्। **नयाँ पत्रिका** र **नागरिक दैनिक** लगायतका एक दर्जन जति पत्रपत्रिकामा काम गरेका उनी हाल **कान्तिपुर** दैनिकसँग आबद्ध छन्। उनले भारतीय कवि, पत्रकार, अनुवादक एवम् कथाकार उदय प्रकाशको लघु उपन्यास **मोहनदास** र कथा सङ्ग्रह **नेलकटर**को नेपालीमा अनुवाद गरेका छन्। वि.सं. २०६६ मा प्रकाशित **मोहनदास** र वि.सं. २०७३ मा प्रकाशित **नेलकटर** दुवैको प्रकाशक फाइन प्रिन्ट रहेको छ। यी दुई अनूदित कृतिले नेपाली लेखक, अनुवादक एवम् प्रकाशकलाई निम्न कुरामा प्रेरणा दिन सक्दछन् : (क) मूल लेखक (उदयप्रकाश) सँग अनुवाद अनुमति लिई प्रकाशित; (ख) सर्वाधिकार लेखक (उदयप्रकाश) ग) अनुवाद सर्वाधिकार फाइन प्रिन्ट स्पष्ट लेखिएको छ। (गोविन्द) ९८५१२२१२२०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धवीर राणा

युद्धवीर राणा एक स्थापित स्रष्टाको नाम हो। उनको जन्म सन् १९४१ मा असमको डिग्बोईमा भएको थियो। बी.ए.सम्मको शिक्षा लिएका राणाले कला साहित्य र शिक्षणमा जीवन व्यतीत गरे। उनी एक सिद्धहस्त मूर्तिकला एवम् काष्ठकलाका मर्मज्ञ हुन्। डिग्बोई सहरस्थित श्री श्री नेपाली विष्णु मन्दिरको परिसरमा स्थापित आदिकवि भानुभक्त आचार्य र हरिभक्त कटुवालको सालिक उनैले निर्माण गरेका हुन्।

राणाका मौलिक कृतिमा **चिहान नपाएका तक्माहरू** (इ. १९७१), मानव यात्रा (धर्म विमर्श, इ. २००३) हुन् भने उनले कनक सेन डेकाको **नतुन पुरुषे जुक्ति र आधारभूत नतुन पुरुषेर आधारत नतुन समाज भडक** (प्रबन्ध सङ्ग्रह, इ. १९९०) लाई नेपालीमा अनुवाद गरी **नयाँ पिँढीलाई** शीर्षकमा प्रकाशित गरेका छन्। यसको प्रकाशक पूर्वोदय साहित्य परिवार प्रकाशन, जागुन तीनसुकिया रहेको छ। (गोविन्द) सम्पर्क: ९०८५७७६४१३

युयुत्सु आर.डी.

सन् १९६० मा भारतको पन्जाबमा जन्मिएका युयुत्सु आर.डी. नेपाली साहित्यमा उल्लेखनीय योगदान पुऱ्याउने भारतीय कवि, अनुवादक, पत्रकार तथा फोटोग्राफर हुन्। युनिभर्सिटी अफ राजस्थानबाट साहित्यमा उच्च शिक्षा लिएका युयुत्सुले पूर्णकालीन लेखक हुनुपूर्व केही समय त्रिभुवन विश्वविद्यालयअन्तर्गत रही अध्यापन गरे। एक दर्जनभन्दा बढी कविता सङ्ग्रह अङ्ग्रेजीमा प्रकाशन गरेका कवि युयुत्सु नेपाली-अङ्ग्रेजी काव्य अनुवादकका रूपमा आफ्नो अलग्लै पहिचान बनाउन सफल छन्। उनले गोपालप्रसाद रिमाल, भूपी शेरचन, शैलेन्द्र साकार र अन्य गरी पाँच नेपाली कविका रचनाहरू अङ्ग्रेजीमा अनुवाद गरी **रोअरिङ रिसाइटल्ज : फाइभ नेपाली पोएट्स** (इ. १९९९) शीर्षकमा प्रकाशित गरेका छन्। उनले अनुवाद गरेको **फोक टेल्ज अफ शेर्पा एन्ड यती** (इ. २००८) पनि प्रकाशित छ। यो सङ्ग्रह शिव ढकालद्वारा सङ्कलित **शेर्पा लोककथाहरूको** अङ्ग्रेजी अनुवाद हो। त्यसै गरी युयुत्सु सीता पाण्डेको **फिभर** शीर्षकमा अनूदित यौन कथा सङ्ग्रह **ज्वर**का सह-अनुवादक पनि हुन्। यसका अतिरिक्त उनले आइरिस कवि काहाल ओसाकीको कविता सङ्ग्रह **काठमाडौँ: पोएम्स सेलेक्टेड एन्ड न्यु**लाई **काठमाडौँ: नयाँ र प्रतिनिधि कविता** (इ. २००६) र रोन्नी सोमेकको कविता सङ्ग्रह **बगदाद, फेब्रुअरी** १९९१ लाई अनुवाद गरेका छन्। युयुत्सुद्वारा अनूदित सबै पुस्तकहरूको प्रकाशक निराला प्रकाशन, भारत रहेको छ। (बलराम)

योगी नरहरिनाथ (वि.सं. १९७१-२०५९)

कर्णालीको कालिकोट जिल्लामा जन्मेका योगी नरहरिनाथले संस्कृतमा शास्त्री (स्नातक) सम्मको अध्ययन गरेका थिए। विद्यालङ्कार उपाधिबाट विभूषित योगी नरहरिनाथले नेपालको धार्मिक, सांस्कृतिक सामाजिक, साहित्यिक एवम् इतिहाससम्बन्धी अन्वेषणका क्षेत्रमा विशिष्ट योगदान दिएका छन्। इतिहास, धर्म, संस्कृति आदि विविध क्षेत्रमा यिनका तीन दर्जन जति पुस्तक प्रकाशित छन्। तीमध्ये **वैश्वानरपुराणम्** (वि.सं. २०१२), **कीर्तिपताका** (वि.सं. २०१८), **मत्स्येन्द्रपद्यशतकम्** (वि.सं. २०२६), **उपमन्युपाख्यान एवम् उपमन्युकृत शिवस्तव** (वि.सं. २०३२) उनका संस्कृत भाषाबाट नेपालीमा अनुवाद गरिएका कृतिहरू हुन्। कुनु शर्माद्वारा लिखित **कीर्तिपताका** नामक कृतिको योगी नरहरिनाथले गरेको नेपाली अनुवाद वि.सं. २०१८ मा जगदम्बा प्रकाशनले प्रकाशनमा ल्याएको छ। (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगेश राज

भक्तपुर निवासी योगेश राजको जन्म ने.सं. १०८९ तछलागा ९ मा भएको हो। केमिकलमा ब्याचलर इन इन्जिनियरिङ गरेका योगेश राजले **श्व नं मदया वनी** निबन्ध लेखेर लेखन क्षेत्रमा प्रवेश गरेका थिए। उनले राजले **हलिंया सिथय्** (उपन्यास) **र पतिया अभिलेख** (अभिलेख सङ्ग्रह) सम्पादन गरेका छन् भने अक्टोभिया पाजद्वारा अङ्ग्रेजीमा लिखित कवितालाई सङ्कलन गरी **ल्यया चिनाखँ** (वि.सं. २०५१) तथा **सेमुअल बेकेट** अङ्ग्रेजी उपन्यासलाई **सेमुअल बेकेटया विजं ई** शीर्षकमा नेपाल भाषामा अनुवाद गरेका छन्। (नवीन)

रत्नध्वज जोशी (वि.सं. १९६०-२०४६)

ललितपुरको न्हुबहालमा जन्मेका रत्नध्वज जोशीको स्वाध्ययन (विशेष संस्कृत) र अनुभवले लामो साहित्य सेवा गरे। उनी स्थापित समालोचक हुन्। उनका **आधुनिक नेपाली साहित्यको झलक** (वि.सं. २०२१), **साहित्य समीक्षा** (वि.सं. २०२५), **साहित्यको अध्ययन** (वि.सं. २०२५) जस्ता एक दर्जन समालोचना प्रकाशित छन्। उनले हिन्दी भाषाको समेत अध्ययन गरेका थिए। तुलसीदासले अवधी भाषामा रचेको **रामचरित मानस** उपकथालाई उनले **नारद-मोह** नामबाट प्रकाशन गरेका छन्। उक्त पुस्तक जोशी आफैले वि.सं. २००३ मा प्रकाशित गरेका हुन्। (नवीन)

रबिन शर्मा

झापाको बाहुनडाँगीमा सन् १९६० मा जन्मिएका रबिन शर्मा प्रसिद्ध नेपाली गायक हुन्। अङ्ग्रेजी साहित्यमा उच्च शिक्षा हासिल गरेका शर्मा विश्वविद्यालय सेवा छाडेर रेडियो नेपालमा उच्च पदस्थ कर्मचारीका रूपमा सेवारत छन्। नेपाली कविता र गीतको अनुवाद गरी उनले उल्लेखनीय योगदान पुऱ्याएका छन्। उनको पहिलो अनूदित कृति सन् २००० मा प्रकाशित **सेलेक्टेड लिरिकल पोएम्स**मा लक्ष्मीप्रसाद देवकोटादेखि श्रवण मुकारुङसम्म ३५ जना कविका एक सय वटा गीति कविताको अनुवाद रहेको छ। यस सङ्ग्रहमा माधव घिमिरे, प्रेमविनोद नन्दन, हरिभक्त कटुवाल, ईश्वर बल्लभ, अमर गुरुङ जस्ता विशिष्ट स्रष्टाका अम्बर रचना समेटिएका छन्। पछि सन् २००९ मा उनले कवि दिनेश अधिकारीका चुनिएका ७५ कविताको **मोड अफ लाइफ** शीर्षकमा अनुवाद गरे। प्रथम कृतिका प्रकाशक जीवा लामिछाने हुन् भने दोस्रोकी उषा अधिकारी। सन् २०११ मा प्रकाशित रबिन शर्माले अनुवाद गरेको तेस्रो कृति हो **सफ्ट सेन्सेसन्ज**। **मोड अफ लाइफ**मा विविध नेपाली गीतकारका रचनाहरूको सङ्कलन थियो भने **सफ्ट सेन्सेसन्ज**मा एकजना स्थापित स्रष्टा (उन्नती शीला बोहोरा) का ७२ वटा गीतको अनुवाद सङ्कलन रहेको छ। (गोविन्द) सम्पर्क: ९८५१०४५१६४

रमेश भट्ट

रमेश भट्टको जन्म सन् १९५९ मा अनन्तनाग, कश्मीरमा भएको थियो। उनले स्वतन्त्र अध्ययन गरी अङ्ग्रेजी, नेपाली, उर्दू, हिन्दी, कश्मीरी भाषाबिच अनुवादक एवम् सम्पादकका रूपमा कार्यरत छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनका मौलिक कृतिहरूमा **लिबरेटिङ द फ्युचर फ्रम द पास्ट** (वि.सं. २०५८) र **कअशिर तकरीर** (कश्मीरी भाषामा, वि.सं. २०७१) अनि **कन्ट्राडिक्सन्ज इन स्पेसल रिलेटिभिटी थ्योरी** (वि.सं. २०७१) पर्दछन् भने पशुपति न्यौपानेसित मिलेर खलिल जिब्रानका **प्रोफेट, वान्डरर, म्याड म्यान, सिक्रेट्स अफ द हार्ट**को अनुवाद गरेका छन्। (हेर्नुहोस् - पशुपति न्यौपाने) (गोविन्द)

रमेशकाजी स्थापित

वि.सं. २०११ मा मखं टोलमा जन्मेका रमेशकाजी स्थापितको साहित्यिक नाम **रकास्था** हो। उनी हाल पत्रकारिता क्षेत्रमा सक्रिय छन्। उनले **तलेजु** नामक (कमिक्स/चित्रकथा) सम्पादन गरेका छन्। भी प्रधान सिरपा, विश्वभूमि धूस्वां सिरपा, ठाकुरलाल सिरपाबाट सम्मानित भइसकेका स्थापितको पहिलो लेख **हि□□□ हि□□□ ही□□□** (कथा) *भी* पत्रिकामा छापिएको थियो। स्थापितले अनुवाद गरेका कृतिमा **अ राइटर फर अ डेडम्यान** लाई **मृतक संस्कार** शीर्षकमा (वि.सं. २०५५), र **तुर्कमैनियाली कथाहरू**लाई **न्यतालय् दाय् धुंका:**, शीर्षक (वि.सं. २०४०) मा प्रकाशित छन्। (नवीन) सम्पर्क: ९८४१८५३००१

रमेशकुमार लिम्बू

रमेश कुमार लिम्बूको जन्म ताप्लेजुङको तिरिङ्गे गाउँमा वि.सं. २०२९ मा भएको हो। अङ्ग्रेजी साहित्यमा विद्यावारिधि गरेका लिम्बू हाल संस्कृत विश्वविद्यालयअन्तर्गत अध्यापन पेसामा आबद्ध छन्। उनले ज्योतिष विज्ञान, लोककथा, स्तोत्रकथा जस्ता सांस्कृतिक क्षेत्रका पुस्तकहरूको अनुवाद गरेका छन् भने विद्यालयहरूका लागि **विपद् पूर्व तयारी एवम् पूर्व अभ्यास** पुस्तकलाई **अ ह्यान्ड बुक फर डिजास्टर प्रिपेर्डनेस एन्ड ड्रिल इन स्कुल** शीर्षकमा अनुवाद गरेका छन्। यो चेतनामूलक पुस्तकलाई सन् २०१० मा नेपाल रेडक्रस सोसाइटी र भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालले प्रकाशित गरका थिए। उनले रणध्वज श्रेङचोङवाङद्वारा लिखित **किरात याकथुङ मेखिम फुङ्नावा साम्लो** शीर्षकलाई **प्रोसिजर फर रिभाइटलाइजिङ लाइफ फ्लावर इन किरात लिम्बू वेडिङ** (इ. २०१२) शीर्षकमा अनुवाद गरी सीमा लिम्बू धरानबाट प्रकाशित गराएका छन्। यो उत्पत्ति र विवाहसम्बन्धी गीतिकथा हो। त्यसै गरी उनले भरतप्रसाद भट्टराईकृत श्री **पिण्डेश्वर महारुद्र माहात्म्य एवम् स्तोत्र** शीर्षक पुस्तकलाई **श्री पिण्डेश्वर ग्रान्जर एन्ड हिम** शीर्षकमा अनुवाद गरेका छन् जसलाई पिण्डेश्वर बाबाधाम, धरानले प्रकाशित गरेको छ। लिम्बूका प्रकाशोन्मुख अनूदित पुस्तकहरूमा हेलेन कोन्बाख मकानीको ज्योतिष विज्ञानसम्बन्धी **द एनियाग्राम** र ६५ वटा लोककथाहरूको सङ्ग्रह **फोक टेल्ज फ्रम नेपाल** रहेका छन्। (बलराम) सम्पर्क: ९८५११७८१९४

रमेश विकल (वि.सं. १९८५-२०६)

रामेश्वर शर्मा चालिसेको साहित्यिक नाम रमेश विकल हो। उनको जन्म काठमाडौंको गोकर्णस्थित आरुबारीमा भएको थियो। बी.एड. सम्मको शिक्षा आर्जन गरेका विकलले साहित्य, प्रकाशन, अध्यापनमा समय व्यतीत गरे। उनी आधुनिक नेपाली साहित्यका एक स्थापित खम्बा हुन्।

रमेश विकलका **नयाँ सडकको गीत** (वि.सं. २०१९), **आज फेरि अर्को तन्ना फेरिन्छ** (वि.सं. २०२४) जस्ता सातवटा कथा सङ्ग्रह, सुनौली (वि.सं. २०३३), **अविरल बग्दछ इन्द्रावती** (वि.सं. २०४२) लगायत चार उपन्यास, केही नाटक, केही नियात्रा, बाल साहित्यका दर्जन कृति, आत्मकथा प्रकाशित छन्। रमेश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विकलले बाल साहित्यमा मौलिक कृति सिर्जना गर्नुका साथै अन्तर्राष्ट्रिय स्तरका केही कृतिलाई नेपालीमा ल्याएका छन्। जस्तै अमेरिकी लेखक ज्याक लन्डनको उपन्यास **सी उल्फलाई समुद्री हुँडार** शीर्षक (वि.सं. २०६३) मा, रुसी स्रष्टा सर्गेइ प्रोकोफिएबले तयार पारेको सिम्फोनीसहितको परिकथा (इ. १९३६) लाई **पिटर र ब्वाँसो** शीर्षक (वि.सं. २०५८) मा यस कथाको प्रसिद्धिले गर्दा नामूद फिल्म पनि बनेको छ। अङ्ग्रेजी लेखिका एनिड ब्लाइटनको **रेन्बो फरेस्ट** शीर्षकको बाल उपन्यासलाई **इन्द्रजाली रुख** (वि.सं. २०५५) शीर्षक उनका अनुवाद हुन्। अङ्ग्रेजी स्रष्टा मेरिसेलीको प्रसिद्ध आख्यान **फ्र्याङ्केस्टिन**को अनुवाद **भष्मासुर** अप्रकाशित अवस्थामा छ।

उनका बाल साहित्यसम्बन्धी कृतिहरूमा **विश्व प्रसिद्ध बालकथाहरू खण्ड-३** (वि.सं. २०५९), **विश्व प्रसिद्ध बाल कथाहरू खण्ड-४** (वि.सं. २०६०), **दुष्ट भँगेरो र गौंथलीहरू** (वि.सं. २०६०) हुन्। उनको **इन्द्रजाली रूख** बाल साहित्य समाजले छापेको थियो भने अरू कृतिहरु विवेक सिर्जनशील प्रकाशनले प्रकाशन गरेको थियो। (गोविन्द) सम्पर्क: ४४७१४३८

रवीन्द्रनाथ रिमाल

रवीन्द्रनाथ रिमालको जन्म काठमाडौँको डिल्लीबजारमा वि.सं. १९९८ मा भएको थियो। उनले वाणिज्य शास्त्रमा स्नातकोत्तर गरी सरकारी सेवामा लामो समय व्यतीत गरे। उनले भीमनिधि तिवारीका एक सय साठी फुटकर कवितालाई अनुवाद गरे जसको शीर्षक **सेलेक्टेड पोएम्स अफ भीमनिधि तिवारी** रहेको छ। यसलाई नेपाल प्रज्ञा-प्रतिष्ठानले वि.सं. २०७० मा प्रकाशन गरेको छ। यसको सम्पादन डा. तारानाथ शर्मा र बलराम अधिकारीले गरेका हुन्। सुरुका दुई कविता भने सम्पादक रहेका शर्मा आफैले अनुवाद गरेको देखिन्छ। (बलराम)

रश्मिराज अर्याल (इ. १९४३-२०१५)

गुल्मीको मर्भुङमा जन्मेका रश्मिराज अर्यालले बनारसमा रही संस्कृत व्याकरणमा मध्यमासम्मको अध्ययन गरेका थिए। अध्यापनलाई आफ्नो मुख्य पेसा बनाएका अर्यालका मौलिक र अनूदित गरी सातवटा कृतिहरू रहेका छन्। **ऋषिपञ्चमी पूजाविधि** (इ. १९९४), **सत्यनारायणकथामृतम्** (इ. १९९४), **वृक्षरोपणविचार** (इ. २००३) आदि उनका मौलिक कृतिहरू हुन् भने **अमर कोश** (नेपाली टीका, २००५), **पाणिनीय अष्टाध्यायी** (नेपाली टीका) र **रघुवंश** (नेपाली भाषानुवाद) उनका अनूदित कृतिहरू हुन्। (माधव)

रश्मि शर्मा

रश्मि शर्माको जन्म सन् १९६६ मा भएको हो। स्नातक गरेकी शर्माले हिन्दी-नेपाली अनुवादलाई आफ्नो क्षेत्र बनाएकी छन्। उनले सर्वप्रथम हिन्दी लेखक पल्पसाको गीत सङ्ग्रहलाई उनले **परिवेश र पातहरू** शीर्षकमा नेपालीमा अनुवाद गरिन्। त्यसलाई रारुसले वि.सं. २०६६ मा प्रकाशित गऱ्यो। त्यसपछि उनले डा. कीर्तिस्वरूप रावतकृत कवितालाई **उपहार** शीर्षकमा नेपालीमा अनुवाद गरिन्। यो कविता सङ्ग्रहलाई श्री लुनकरणदास गंगादेवी चौधरी साहित्य कला मन्दिरले वि.सं. २०६९ मा प्रकाशित गऱ्यो। उनै कीर्तिस्वरूपले लेखेको **जन्मदिनको उपहार** शीर्षक कथा सङ्ग्रहलाई वि.सं. २०७० मा रत्न पुस्तक भण्डारले प्रकाशित गऱ्यो। यसमा पुनर्जन्म विषयका कथाहरू छन्। यस अनूदित कथा सङ्ग्रहको भाषा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादन दुर्गाप्रसाद श्रेष्ठले गरेका छन्। त्यसै गरी शर्माले गुरुकुलमा मञ्चनका लागि एउटा नाटकको अनुवाद गरेकी छन्। नाटकको हिन्दी शीर्षक हो **जाती हि पुछो साधु की** जसको नेपाली शीर्षक **जातै सोध् जोगी**को रहेको छ।

यसै गरी उनले गरेको राष्ट्रकवि माधव घिमिरेको खण्डकाव्य **अश्वत्थामा**को हिन्दी अनुवाद प्रकाशोन्मुख अवस्थामा छ। (गोविन्द) सम्पर्क: ९८४३२२३३३३

राजा शाक्य

वि.सं. १९९९ मा ललितपुरमा जन्मेका राजा शाक्यले नेपाल भाषामा एम.ए. गरी नेपाल भाषा केन्द्रीय विभागमा अध्यापकको रूपमा कार्य गरेका छन्। **जि खग्रास मखु : मिलाया** कथा लेखेर श्रेष्ठ सिरपाबाट सम्मानित भएका शाक्यले **सहलहया सुलचं (व्याकरण), नेपाल भाषा व्याकरण, जापानया पुलां बाखं, डाक्टरया कलाः, आशा सफूकुथि, आशा सफूकुथिया सफू धलः** सम्पादन गरेका छन्। **मतकी, जि खग्रास मखु : मिलाया, कुचा कुचागु किपा, ह्वगंगु सर्गः, बुंगाः, अदालत, प्याखंया दुने, अध्यविश्वासया छ्यलाबुला, जीवनजया अःपुगु लँपु (सुसाः) शाक्य**का प्रकाशित कृति हुन् भने **सिंहलसार्थ बाहु** चित्रकथा पनि प्रकाशित छ। शाक्यले अमृता प्रितमद्वारा लिखित उपन्यास **अदालत**लाई सोही शीर्षकमा र घनश्यामराज कर्णिकारद्वारा लिखित **विदेशको यात्रा स्वदेशको सम्झना**लाई **विदेशया यात्रा स्वदेशया लुमन्ति (नियात्रा)**, शीर्षकमा अनुवाद गरेका छन्। (नवीन) सम्पर्क: ९८४१०८२९१८

राजेन मानन्धर

वि.सं २०२५ मा काठमाडौंको खिचापोखरीमा जन्मेका राजेन मानन्धर मूलतः भाषा साहित्यका विद्यार्थी हुन्। अङ्ग्रेजी र नेपाल भाषामा स्नातकोत्तर गरेका मानन्धर नेपाली, हिन्दी र एस्पेरान्तो भाषामा समेत दख्खल राख्दछन्। उनका एस्पेरान्तो भाषामा नेपाली-एस्पेरान्तो शब्दकोश एवम् नेपाल भाषामा दुईवटा नियात्रा पुस्तकहरू **न्यामिसाया देसय्** र **बुनाःत्याःपिं** प्रकाशित भइसकेका छन्।

पेसाले पत्रकार रहेका अङ्ग्रेजी दैनिकहरू **द काठमान्डु पोस्ट** र **द हिमालयन टाइम्स**पछि हाल इसमता **डटकम**का कार्यकारी सम्पादकका रूपमा कार्यरत छन्।

उनले तीर्थ नारायण मानन्धरको **काठमाडौँ देन एन्ड नाउ** शीर्षक किताबलाई **काठमाडौँ हिजो र आज** शीर्षकमा अनुवाद गरे। (नवीन) सम्पर्क: ९८४९०५२३८४

राजेन्द्र ढकाल

राजेन्द्र ढकालको जन्म असमको डिब्रुगढमा सन् १९७३ मा भएको हो। नेपाली र हिन्दीमा स्नातकोत्तर गरेका राजेन्द्रले हिन्दी साहित्यमा विशारदसमेत आर्जन गरी शिक्षण पेसालाई निरन्तरता दिएका छन्। गद्य र पद्य दुवै विधामा रुचि र क्षमता भएका ढकालका कृतिमा गान्धीको **स्वराजमा** (इ. २००५) र **कुनै अर्को दिशा** (इ. २०११) जस्ता दुई लघुकथा सङ्ग्रह प्रकाशित छन् भने **आरेह** कथा सङ्ग्रह, **पाञ्चायानका शप्तशी, चन्द्रेश्वर दुवे-व्यक्ति र व्यक्तित्व** जस्ता कृति प्रकाशित छन्।

अनुवाद कर्ममा समर्पित भएका राजेन्द्रले यस दिशामा हिन्दी नेपाली बिचको अनुवाद गरी अनुवाद कर्ममा निकै योगदान दिएका छन्। उनले कुशल क्षत्रीद्वारा लिखित उपन्यास **घुम्तीमा परिवर्तन**लाई गोलाइ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मे परिवर्तन (इ. २०१४), सुकराज दीयालीको लेखहरूको सङ्ग्रह **आकारभित्रका भावहरूलाई आकारो में अन्तर्भूक्त भाव** (इ. २०१६), जीवन नामदुङको कविता सङ्ग्रह **अक्षर अभिलेख**लाई सोही शीर्षकमा हिन्दीमा अनुवाद (इ. २०१६), राहुलराई 'बोगीको' द्वारा रचित **कालो अक्षर**लाई **काला अक्षर** (इ. २०१७), कुशल क्षत्रीको सूत्र उपन्यास **प्रकृतिको पुकार**लाई **प्रकृतिकी पुकार** शीर्षक (इ. २०१७) र होमबहादुर क्षत्रीद्वारा लिखित कविता सङ्ग्रह **सहर सपना र गिद्धहरू**लाई **सहर सपने और गिद्ध** शीर्षकमा (इ. २०१८) यसरी राजेन्द्र ढकालले नेपाली साहित्यलाई हिन्दी पाठक समक्ष पुऱ्याउने काममा निरन्तर लागिरहेका छन्। (गोविन्द) सम्पर्क: ९४७४७६२३९८

राजेन्द्र विमल

वि.सं. २००३ मा जनकपुरमा जन्मेका राजेन्द्र विमल नेपाली, हिन्दी र मैथिली भाषाका ज्ञाता हुन्। विद्यावारिधि गरेका विमलले लामो समय विश्वविद्यालय अध्यापनमा बिताए। ई **हमारे कथा थिक** (मैथिली कथा सङ्ग्रह), **राजेन्द्र विमलका कथाहरू, मिथिलाको इतिहास** गरी विमलका एक दर्जनभन्दा बढी कृति प्रकाशित छन्। लेखनका साथै उनले मैथिली र हिन्दीबाट तीनवटा पुस्तकको नेपालीमा अनुवाद गरेका छन्। ती हुन् - मैथिलीमा लिखित प्रा. हरिमोहन झाको हास्य-व्यङ्ग्य सङ्ग्रह **खट्टर काकाक तरङ्ग**को अनुवाद **खट्टर काकाका तरङ्ग** (वि.सं. २०५५), रमेश रञ्जनको मैथिली उपन्यास **सङ्घोर**को **उमस** (वि.सं. २०७१) र रवीन्द्र भारतीको इतिहास वृत्तान्त **नेपाल उर्फ लठ्ठापार की डायरी**को **राम हरखको नेपाल डायरी** (वि.सं. २०७३)। यी तीन अनूदित कृतिको प्रकाशक क्रमशः नेपाल प्रज्ञा-प्रतिष्ठान, सर्च फर कमन ग्राउन्ड र सरारा प्रकाशन दिल्ली रहेका छन्। लेखक तथा अनुवादक विमल राष्ट्रिय प्रतिभा पुरस्कार, भद्रकुमारी घले, उषा ठाकुर सम्मान पुरस्कार आदिबाट सम्मानित छन्। (बलराम) सम्पर्क: ९८०४८७९९८७

राजेन्द्र सुब्बा

इलामको गजुरमुखीमा वि.सं. २०३४ मा जन्मेका राजेन्द्र सुब्बाले अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर गरेका छन्। सुब्बा नेपाली र अङ्ग्रेजीबिचको अनुवादमा एक दशकदेखि सक्रिय देखिन्छन्। उनले अनुसन्धानात्मक, प्राज्ञिक, सूचनात्मक एवम् साहित्यिक पुस्तकहरूको अनुवादमा दक्षता प्रस्तुत गरेका छन्। उनले गरेका प्रमुख अनुवादहरू यस प्रकार छन् –

१) डा. महेन्द्र लावतीद्वारा अङ्ग्रेजीमा लिखित **टुवार्ड्स अ डेमोक्र्याटिक नेपाल**लाई **लोकतन्त्र उन्मुख नेपाल** (वि.सं. २०६३) NFDIN, ललितपुरबाट प्रकाशित

२) डी.बी. गुरुङकृत उपन्यास **इकोज अफ द हिमालयज**को **हिमालयका चित्कार**हरू (इ. २००९), रोदी प्रकाशन, काठमाडौँबाट प्रकाशित

३) लायओनेल कप्लानद्वारा लिखित **ल्यान्ड एन्ड सोसल चेन्ज इन नेपाल**को **पूर्वी नेपालमा लिम्बू जातिको किपट र सामाजिक फेरबदल** शीर्षकमा (इ. २०१०) CEADS, ललितपुरबाट प्रकाशित

४) देश सुब्बाको दर्शन कृति **भयवाद**को **फिलोसोफी अफ फियरिजम** (इ. २०१४), Xlibris, अस्ट्रेलियाबाट प्रकाशित

६) प्रदीप पुमाकृत नाटकहरू **सुम्निमा पारुहाङ** र **हेछाकुप्पा**को सोही शीर्षकमा अङ्ग्रेजीमा अनुवाद

७) सीता कुमारी सिँगकको लिम्बू गीती सङ्ग्रहको **फेदाफाङ्मा** (इ. २०१४), रुबुशा क्रियटिभ वर्क्स, ललितपुरबाट प्रकाशित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यीबाहेक उनले गौरी प्रधानको **अन्तराष्ट्रिय सहयोग र समावेशिता : द्वन्द्वपछि नेपालले सँगालेका अनुभवहरू, लिम्बुवान स्वायत्त प्रदेश : प्रस्तावित खाका** (वेबसाइट दस्तावेज) र विभिन्न गोष्ठी पत्रहरूको अनुवाद पनि गरेका छन्। त्यसै गरी उनले अनुवाद गरेको अर्जुन खालिङको कविता सङ्ग्रह **एप्पल ब्लोसम** र अमृता थेवेकको **तुम्याङ न्याय प्रणाली**को अङ्ग्रेजी **तुम्याङ जुडिसरी सिस्टम** प्रकाशोन्मूख अवस्थामा रहेका छन्। (बलराम) सम्पर्क: ९८४१६४९८४५

राजेश गौतम

राजेश गौतमको जन्म काठमाडौँको ठमेलमा वि.सं. २००७ मा भएको हो। उनले इतिहास विषयमा विद्यावारिधि गरी त्रिविअन्तर्गत लामो अध्ययन अनुसन्धान गरेका छन्। उनी एक समर्पित लेखक र अनुवादक हुन्। उनको विषय क्षेत्र इतिहास र राजनीति हो। चित्रकारितासमेत उनको रुचि र साधनाको क्षेत्र हो। मदन पुरस्कारलगायत अनेक पुरस्कार र सम्मानले विभूषित प्रा.डा. गौतमका कृतिमा **कर्मयोगी राजनीतिज्ञ कृष्णप्रसाद भट्टराई** (वि.सं. २०५७), **नेपाली प्रजातान्त्रिक आन्दोलन र विद्रोही भरत शमशेर** (वि.सं. २०६१), **नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा परिषद्को भूमिका** (वि.सं. २०६२), **नेपाली प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस** उल्लेखनीय छन्। आफू मूलतः इतिहासकार भए तापनि प्रा. गौतमले निम्नानुसारका कृति अनुवाद गरी नेपाली साहित्यमा ठुलो योगदान पुऱ्याएका छन् :

१. **भारतीय राजनीतिक विश्लेषक डा. राममनोहर लोहियाको नजरमा नेपाल** (वि.सं. २०६६), प्रकाशक - प्रगति पुस्तक सदन, काठमाडौँ।

यो पुस्तक मुकुन्द गौतमको सम्पादकत्वमा दुई चोटी हिन्दीमा प्रकाशित भइसकेको छ। पुस्तकमा लोहियाको नेपालको वस्तुस्थितिको बारेमा गहिरो रुचि, जानकारी र बी.पी.सँगको निकटता र पछि हुन गएको मत भिन्नता जस्ता कुराहरूका साथै सन् १९६२ मा भएको भारत-चिन युद्धमा नेपालले भारतको साथ नदिएर तटस्थ बसेको कुरामा उनले दुःख मनाउ गरेका छन्।

२. **इतिहास चक्र** (वि.सं. २०६६), प्रकाशक - प्रगति पुस्तक सदन, काठमाडौँ।

यो पुस्तक लोहियाको **द ह्विल्स अफ हिस्ट्री**को अनुवाद हो। लोहियाको इतिहाससम्बन्धी दर्शन समेटिएको यस पुस्तकमा इतिहासले कसरी सोझो बाटोमा मात्रै नहिँडेर बाङ्गोटिङ्गो बाटोमा हिँड्दै जान्छ र कसरी नयाँ नयाँ सभ्यताहरू र त्यस अनुरूप नयाँ नयाँ वर्गहरू देखा पर्दै जान्छन् र पुरानाहरू विलुप्त हुँदै जान्छन् भन्ने कुराको सटीक वर्णन छ। यसै क्रममा पश्चिमा जगत्मा देखा परेको परिवर्तनलाई लेखकले बौद्धिक ढङ्गले व्याख्या गरेका छन्।

३. **समाजवादी चिन्तक** (वि.सं. २०६७), प्रकाशक - समता अध्ययन केन्द्र।

लोहियाको जीवन र सङ्घर्ष उल्लेख गरिएको यस पुस्तकमा औपचारिक शिक्षा आर्जन गर्ने क्रममा उनले व्यहोर्नु परेका कठिनाइहरू, सामाजवादप्रति उनको समर्पण र निष्ठा यस क्रममा उनले सहनु परेका जेलनेलका सजायहरू, बिस्तारै भारतका कांग्रेसी नेताहरूसँगको उनको मतभेद जस्ता कुराको सटीक व्याख्या र अनन्त भौतिक जीवनको अवसान जस्ता कुराहरू समावेश छन्।

४. **अम्बेडकरको जीवनी र योगदान** (वि.सं. २०७१), ज्ञानज्योति बुक पब्लिकेसन, काठमाडौँ,

यस पुस्तककी मूल लेखिका गेल आमेबेट हुन्। यसमा अम्बेडकरलाई दलित मुक्ति अभियानका योद्धाको रूपमा प्रस्तुत गरिएको छ। अम्बेडकरले उच्च शिक्षा प्राप्त गर्नका लागि गरेको सङ्घर्ष, दलित र अछुतहरूको मुक्तिका लागि उनले पुऱ्याएको योगदानको यस पुस्तकमा चर्चा गरिएको छ। यसबाहेक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आउँदा दिनहरूमा भारतले क्रे कस्ता अभियानलाई अगाडि बढाउनु पर्छ भन्ने अम्बेडकरको धारणासमेत समावेश गरिएको छ। अम्बेडकरका विचार दर्शन बुझ्नका लागि यस कृतिले धेरै हदसम्म सहयोग पुऱ्याउने आशा गरिएको छ। (गोविन्द) सम्पर्क: ९८४१३८७७५३

राजेश्वर थापा

राजेश्वर थापाको जन्म वि.सं. २००८ मा ताप्लेजुङको खोक्लिङमा भएको हो। इतिहास विषयमा स्नातकोत्तर गरेका थापाले लामो समय शिक्षण, प्रशासन, राजनीति, समाजसेवा जस्ता कार्यमा सक्रिय कार्य गरे। उनका मौलिक, अनूदित र सम्पादित गरी तीन दर्जन जति पुस्तक प्रकाशित छन्। हालै प्रकाशित उनको **खोक्लिङ** शीर्षकको एक हजार पृष्ठको ग्रन्थले खोक्लिङको समग्र इतिहास, भूगोल र संस्कृति प्रस्तुत गर्दछ। थापाले गरेका अनुवादहरू यस प्रकार छन् - **ल्यू हु-लानसँग सम्बन्धित कथाहरू** (अनुवाद, वि.सं. २०४४), **ताप्लेजुङ** (अङ्ग्रेजीबाट नेपालीमा), **जिन्दगी र कानुन** (लिथो कपी, वि.सं. २०४२), **बलिवेदीबाट-नागभूषण पट्नायकका ऐतिहासिक दस्तावेजहरू** (वि.सं. २०४०, काठमाडौँ), **आजको प्यालेस्टिनी साहित्य - एक घरबारविहीन नागरिकको डायरी** (वि.सं. २०४०, काठमाडौँ), **चाउ एन-लाइको जातिहरूप्रतिको नीतिसम्बन्धी केही सवालहरू** (वि.सं. २०४०, काठमाडौँ), **बादशाहको नयाँ पोसाक र अरू कथाहरू** (वि.सं. २०४७, काठमाडौँ), **क्रान्तिकारी नेता नागभूषण पटनायक** (फाँसीको कैदी नं २७६०, २०५७ (अङ्ग्रेजी भाषामा भारतमा प्रकाशित विभिन्न पत्रिकाहरूबाट गरिएको सङ्कलन)। (गोविन्द) सम्पर्क: ९८५१०३४०१६

राधाकृष्ण अधिकारी

वि.सं. १९९७ मा लमजुङको गोर्जेमा जन्मेका राधाकृष्ण अधिकारीले नेपाली संस्कृतिमा **धार्मिक पर्व विमर्श, धर्मशास्त्रको सार** जस्ता अनुसन्धानात्मक कृति प्रकाशन गरेका छन्। अधिकारीका **मनुस्मृति र मीमांशा परिभाषा** पनि नेपाली भाषामा अनूदित छन्। यी दुवै कृति **धर्मशास्त्र** (वि.सं. २०५१) नाममा प्रकाशित भएको पाइन्छ। मनुस्मृति धर्मशास्त्रसम्बन्धी ग्रन्थ भएकाले यसको अनुवादको उद्देश्य बोध गराउँदै लेखिएको छ- मूल ग्रन्थ संस्कृत भाषामा लेखिएको हुनाले संस्कृत भाषा नजान्नेहरूका लागि पनि बुझ्न सजिलो होस् भन्ने अभिप्रायले सरल नेपाली भाषामा यसको अनुवाद प्रस्तुत गरिएको हो। संस्कृत भाषाबाट **मनुस्मृति** जस्तो राजनीति, समाज शास्त्र, दर्शन आदि क्षेत्रमा महत्त्व राख्ने ग्रन्थ नेपाली भाषामा अनुवाद गरेका अधिकारी नेपाली भाषा अनुवादका क्षेत्रमा स्मरणीय प्रतिभा हुन्। उनको कृति त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रले प्रकाशनमा ल्याएको हो। (सुकुम) सम्पर्क

राधानाथ लोहनी (वि.सं. १९४७-२०२८)

काठमाडौँको न्ह्यौखा भन्ने स्थानमा जन्मेका राधानाथ लोहनीले संस्कृत साहित्यमा आचार्य गर्नुका साथै ज्योतिष शास्त्रको समेत स्वाध्ययन गरेका थिए। अध्यापन तथा ज्योतिष सेवालाई मुख्य पेसा बनाएका लोहनीका चारवटा कृति प्रकाशित छन्। तीमध्ये स्कन्दपुराणअन्तर्गत **हिमवत्खण्ड** (वि.सं. २०१३) उनको अनूदित कृति रहेको छ। (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रामचन्द्र केसी

कास्कीको पोखरामा वि.सं. २०३६ मा जन्मिएका रामचन्द्र केसीले अङ्ग्रेजी साहित्यमा एम.ए. र अमेरिकाबाट पुस्तक प्रकाशन विषयमा एम.एस. डिग्री लिएका छन् । हाल अमेरिका बस्दै आएका केसीका अङ्ग्रेजीबाट नेपालीमा अनूदित **विश्वका उत्कृष्ट कथाहरू** (इ. २००७) र **रूपान्तरण** (इ. २००७) प्रकाशित छन् भने नेपालीबाट अङ्ग्रेजीमा अनूदित **रेबल** (इ. २०११) शीर्षकको कथा सङ्ग्रह प्रकाशित छ । यी सबै अनुवादहरूको प्रकाशन एजुकेसनल बुक हाउस, नेपालले गरेको हो । उनको पहिलो अनुवाद **विश्वका उत्कृष्ट** अनूदित **कथाहरू**मा अर्नेस्ट हेमिङ्वे, सरउड एन्डरसन, लाङ्स्टन ह्युजेज, जोन सिवर, गाब्रियल गार्सिया मार्केस जस्ता विश्व आख्यानका १० प्रतिमान लेखकका एक-एक कथाको अनुवाद सङ्कलित छ। त्यसै गरी **रूपान्तरण** फ्रान्ज काफ्काको चर्चित लघु उपन्यास **मेटामर्फोसिस**को अनुवाद हो । **रेबल** भने अनुवादक आफैले सङ्कलन र सम्पादन गरेको **विद्रोही** शीर्षक कथा सङ्ग्रहको अनुवाद हो जसमा मनु ब्राजाकी, भाउपन्थी, माया ठकुरी, खगेन्द्र सङ्ग्रौला गरी पन्ध्र कथाकारका एक-एक कथाको अनुवाद सङ्कलित छ । (बलराम) सम्पर्क: ram.uspublishers@gmail.com

रामचन्द्र लम्साल

रामचन्द्र लम्सालको जन्म वि.सं. २००६ मा धादिङको मुरलीभञ्ज्याङमा भएको थियो । नेपाली भाषा शिक्षणमा विद्यावारिधि गरेका लम्साल त्रिभुवन विश्वविद्यालयका सेवा निवृत्त प्राध्यापक हुन् । उनका कोश विज्ञान, नेपाली भाषा शिक्षण, नेपाली व्याकरणसम्बन्धी अनेक कृति प्रकाशित छन् । संस्कृतको **हितोपदेश**मा आधारित नीति कथाहरूको अनुकूलन गरी उनले **हितोपदेशका अमर बालकथा** शीर्षकमा प्रकाशित गरेका छन् । भुँडी पुराण प्रकाशनको यो बालोपयोगी सौगात वि.सं. २०७३ मा बाहिर आएको छ । (गोविन्द) सम्पर्क: ४२७७५७५

रामदयाल राकेश

रामदयाल राकेशको जन्म सन् १९४२ मा सर्लाहीको सिसौटियामा भएको थियो । उनले **समकालीन हिन्दी र नेपाली कविता** विषयमा विद्यावारिधि गरी धेरै वर्ष सरकारी सेवामा व्यतीत गरे । उनी धेरै भाषाका ज्ञाता पनि हुन् । सरकारी सेवाबाट अनिवार्य अवकाश प्राप्त गरी हाल उनी काठमाडौँको नयाँ वानेश्वरस्थित शान्तिनगरमा बसोवास गर्दछन् । उनका अनुवाद योगदानमा सात जापानी कथाको मैथिली अनुवाद **सात जापानी कथा** (वि.सं. २०४४), बी.पी. कोइरालाको उपन्यास **मोदीआइन** (मैथिली), चाँदनी शाहका कविता (हिन्दी, वि.सं. २०४४), र थाई लेखक राघवनको थाई लोक साहित्यसम्बन्धी निबन्धको सङ्ग्रह **थाइ संस्कृति र परम्परा** (मैथिली, वि.सं. २०४५) रहेका छन् । यसै गरी उनले मैथिली लोककथाहरूलाई नेपालीमा पनि अनुवाद गरेका छन् । नेपाल सरकारद्वारा गठित नेपाल विद्यापति मैथिली पुरस्कार कोषले उनलाई अनुवाद विधाको एक लाख रूपैयाँ बराबरको पुरस्कार प्रदान गरेको छ । अनुवादबाहेक उनका अङ्ग्रेजीमा फोक कल्चर अफ नेपाल (इ. १९९०), **फोक फेस्टिभ अफ मैथिली** (इ. १९९८), **नेप्लिज कल्चर इन अ नटसेल** (इ. २००६) पुस्तकहरू प्रकाशित छन् (शशी) सम्पर्क: ४४९४२८५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रामबहादुर पहाडी

नवलपरासीको सुस्तामा वि.सं. १९९८ मा जन्मेका रामबहादुर पहाडीले एम.कम., बी.एल. र डी.एफ.ए. डिग्री लिएका छन् । बैङ्किङ क्षेत्रमा लामो सेवा गरेका पहाडी नेपाली गजल, मुक्तक र कविताका सर्जक हुनुका साथै एक समर्पित अनुवादक पनि हुन् । उनको समर्पणको मूल क्षेत्र अनुवाद हो । हालसम्म उनले उपन्यास, लघुकथा, नाटक गरी सातवटा अनूदित ग्रन्थको प्रकाशन गराएका छन् । ती यस प्रकार छन् - रुसी स्रष्टा लियो टाल्सटायको अङ्ग्रेजीमा अनूदित **वार एन्ड पिस**बाट नेपालीमा **युद्ध र शान्ति** (चार खण्ड) लाई विवेक सिर्जनशील प्रकाशनले वि.सं. २०६८ मा प्रकाशित गरेको छ । यो कृतिका चार खण्ड जोड्दा १२०० पृष्ठ हुन आउँछ । उनले भारतीय स्रष्टा मन्नु भण्डारीका मन्नु भण्डारीकी **प्रतिनिधि कथाएँ**लाई नेपालीमा अनुवाद गरेका छन् । नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित यस सङ्ग्रहमा भण्डारीका २२ वटा कथा सङ्कलित छन् । त्यसै गरी उनले एक महत्त्वाकांक्षी कृति **लाइफ अफ सर जङ्गबहादुर** राणालाई अङ्ग्रेजीबाट नेपालीमा उल्था गरेका छन् । जङ्गबहादुर पुत्र पद्मजङ्ग राणाकृत यो ऐतिहासिक कृति नेपालीमा **जङ्बहादुरको जीवनी** शीर्षकमा अनूदित छ । पहाडीका अन्य योगदानमा **विश्व बालकथा, स्टोरिज अफ नवराज रिजाल** र **लक्ष्मण राजवंशी**का कथाहरू (नेवारीबाट) अनूदित छन् । साथै उनले तेजप्रकाश श्रेष्ठका २४ राष्ट्रका नेपालीमा अनूदित कथाहरू **नाइट गेस्ट** शीर्षकमा अनुवाद गरेका छन् । अमरसिंह थापाबारे डी पौलद्वारा लिखित नाटक **लिभिङ लायन** उनको अनुवादकत्वमा **जिउँदो सिंह** शीर्षकमा प्रकाशित छ । पहाडीका नेपाली, हिन्दी, नेवारी र अङ्ग्रेजीमा गरी दुई सयजति फुटकर अनुवाद प्रकाशित छन् । **घाउ रैछ जीन्दगी यो, नेपाली लोकगीत र पहाडीका गजलहरू** जस्ता मौलिक कृतिहरू पनि प्रकाशित छन् । (बलराम) सम्पर्क: ९८४१७१०७५२

रामहरि तिमल्सिना

वि.सं. २०३१ कात्तिक २४ गते धादिङको नीलकण्ठमा जन्मेका रामहरि तिमल्सिनाले नव्य व्याकरणमा आचार्य तथा भाषा विज्ञानमा एम. ए. सम्मको अध्ययन गरेका छन् । उनका **जनक दर्शन** र **भारतको पुनर्जन्म** उनका दुईवटा अनूदित कृतिहरू रहेका छन् । स्वामी रामानन्द गिरीद्वारा संस्कृत भाषामा लेखिएको **जनकदर्शनम्** शीर्षकको कृतिलाई तिमिल्सिनाले **जनक दर्शन** शीर्षकमा अनुवाद गरेका छन् जुन कृति जनक शिक्षा सामग्री केन्द्रबाट वि.सं. २०५० मा प्रकाशित भएको छ भने स्वामी अरविन्दद्वारा लिखित **भारतका पुनर्जन्म** शीर्षकको हिन्दी रचनालाई **भारतको पुनर्जन्म** शीर्षकमा गरिएको नेपाली अनुवाद अरविन्द फउन्डेसन, पण्डिचेरीबाट प्रकाशित भएको छ । (माधव)

रामप्रसाद सत्याल (वि.सं. १९३९-२०२०)

काठमाडौँमा जन्मेका रामप्रसाद सत्यालले संस्कृत साहित्यको अध्ययन गरेका थिए । उनका ३४ वटा कृतिहरू रहेका छन् । तीमध्ये महाकवि दण्डीद्वारा विरचित **दशकुमार चरितम्** को **दशकुमार चरित्र** शीर्षकमा गरिएको नेपाली अनुवाद वि.सं. २०१९ मा कृष्णकुमारीदेवी बनारसबाट प्रकाशित भएको छ । **भोज कालिदास** (वि.सं. २००५) र **फूलमा भमरा** (वि.सं. १९६२) उनका अन्य अनूदित कृतिहरू हुन् । देव शमशेरका पुरोहित रहेका सत्याल जीवनको उत्तरार्द्धमा बनारस प्रवासमा रहेका थिए र त्यहीँ नै उनको निधन भयो । (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामी रामानन्द गिरी : (वि.सं. २००५-२०६४)

धादिङ जिल्लाको केवलपुरमा जन्मेका रामानन्द गिरीले वेदान्त दर्शनमा आचार्य एवम् विद्यावारिधि गरेका छन्। यिनका निम्न लिखित पाँचवटा अनूदित कृतिहरू रहेका छन्- **माण्डूक्यकारिका, रामगीता, वेदस्तुति, दुर्गासप्तशती** र **श्रीमद्भागवतमहापुराण**। (माधव)

राल्फ लिले टर्नर (इ. १८८८-१९८३)

बेलायती मूलका टर्नर नेपालीलगायत इन्डो-आर्यन भाषाका ज्ञाता, अध्येता र कोश निर्माता हुन्। टर्नर नेपाली भाषाको भाषा वैज्ञानिक अध्ययनमा योगदान दिने भाषाशास्त्री हुन्। टर्नरले क्विन्स क्याम्ब्रिजबाट तुलनात्मक भाषाशास्त्रमा उच्च शिक्षा लिएपछि क्विन कलेज बनारसमा भाषा अध्ययनमा संलग्न भएको पाइन्छ। यिनी पहिलो विश्वयुद्धमा सैनिक सेवामा सहभागी भएको पनि देखिन्छ। टर्नरको उल्लेख्य कृति **अ कम्पेरेटिभ डिक्सनरी अफ द नेपाली ल्याङ्ग्वेज** (इ. १९३१) हो। टर्नरले सुरुका लेखमा नेपालीका नमुना सङ्कलन गरी भाषिक व्याख्या गरेका छन्। पहिलो लेखमा पाँचवटा नेपाली भाषाका नमुना रोमन लिपिमा सङ्कलन गरी ती नमुनाको अनुवाद अङ्ग्रेजीमा गरेका छन्। यस्तै नेपालीका अरू छवटा नमुना लिएका छन्। यस क्रममा विवरणात्मक गद्य, कथा, गीतका नमुना लिई यी नमुना अङ्ग्रेजीमा अनुवाद गरेका छन्। यस्तै शब्दकोशमा शब्दको समानार्थी प्रस्तुति मात्र नभई उदाहरणका रूपमा नेपाली अङ्ग्रेजी अनुवाद हुनु यिनका लेखनको विशिष्ट पक्ष हो। नेपाली भाषाका विविध नमुनाको अनुवाद गरी भाषिक विशेषता विश्लेषण गर्ने टर्नर अङ्ग्रेजीबाट नेपालीमा मात्र नभई नेपालीबाट अङ्ग्रेजीका अनुवादका क्षेत्रमा पनि स्मरणीय छन्। उनी नेपाली व्याकरण शब्दकोश, लोक साहित्य जस्ता क्षेत्रमा मात्र नभई अनुवादका क्षेत्रमा पनि स्मरणीय व्यक्तित्व हुन्। यिनको अनुवाद गर्ने तरिका यस्तो छ :

नेपाली पाठः wile ek, bawan ko tsira dwi bhai thiu. Ab us ko tsira dwi bhai aphhu alag bhai gaiu.

अङ्ग्रेजी अनुवाद : Once there were two brothers, son of a prahnan. Now his two sons, the two brothers, went apart.

नेपाली भाषाका अध्ययन परम्परामा अनुवादको स्पष्ट आधार दिने भाषाशास्त्रीमा टर्नर अविस्मरणीय अनुवादक हुन्। (सुकुम)

रिजु श्रेष्ठ

वि.सं. २०४६ मा बलम्बुमा जन्मिएकी रिजु श्रेष्ठले नेपाल भाषामा एम.ए. का साथै एम.बी.एस. र बौद्ध दर्शनमा स्नातकोत्तर गरेकी छन्। उनी हलिं नेवाः गुथि बलम्बुका संस्थापक पनि हुन्। उनले कृष्णप्रकाश श्रेष्ठ शोणितपुरद्वारा लिखित **उषा अनिरुद्ध मिलन** नाटक नेपाल भाषामा अनुवाद गरी वि.सं. २०७३ मा हलिमे नेवाः गुठीमार्फत प्रकाशन गरेकी छन्। (नवीन) सम्पर्कः ९८४९०८५०३५

रुडोल्फ हर्न्ले

हर्न्लेको **अ कम्पेरेटिव ग्रामर अफ द गौडियन (आर्योइन्डियन) ल्याङ्ग्वेजिज** (इ. १८८०) प्रकाशित कृति हो। यिनले गौडियन भाषाको अध्ययन गरेका हुन् र यो साझा व्याकरण हो। यिनले उच्चारण, व्युत्पादन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपायन, संरचना र शब्दावलीका आधारमा भाषिक व्याख्या गरेका छन् । भाषा विश्लेषणका क्रममा ध्वनि, वर्ण, रूप र वाक्यको अनुवाद यिनका लेखनमा पाइन्छ । यिनले अङ्ग्रेजी समानार्थी नेपालीमा उल्था गरेको वाक्य छ । म त परमेश्वरदेखि डराउँदिन, तर म दिउँला । (I indeed am not afraid of god yet I shall give.) यस प्रकार यस क्षेत्रका भाषामा विविध तहको संरचनात्मक व्याख्यासहित गरिएको अनुवाद नेपाली भाषा र अन्य भाषाका सन्दर्भमा उल्लेख्य देखिन्छ । (सुकुम)

रुद्र बराल

सन् १९६७ मा असमको शोणितपुर जिल्लाअन्तर्गत बडसोलामा जन्मेका रुद्र बराल नेपालीभाषी स्रष्टा एवम् अनुवादक हुन् । नेपालीमा एम.ए. गरेका बराल हाल अध्यापन गर्दै आएका छन् ।

नेपाली, असमिया, हिन्दी, अङ्ग्रेजी, बङ्गाली जस्ता भाषाहरूमा दखल भएका बराल हाल असम नेपाली साहित्य सभाको मूल सचिव नियुक्त भएका छन् । सव्यसाचीद्वारा हिन्दीमा लेखिएको **स्वाहिद-ए-आजम भगत सिंह** (भगत सिंहको जीवन कथा) लाई उनले असमिया भाषामा सोही शीर्षकमा अनुवाद गरेका छन् । साथै, उनले शिव बर्माको आइडियोलोजिकल डेभलपमेन्ट अफ रिभोलुस्नरी मुभमेन्टलाई **असमियामा विप्लवी आन्दोलनर् महादर्श उत्तरण** शीर्षकमा सन् २००८ मा अनुवाद गरे । त्यसका साथै **चित्रिहरूको खोजीमा अल्मलिँदा** शीर्षकको एउटा मौलिक कथा सङ्ग्रह सन् २०१४ मा प्रकाशित गरेका छन् । उनका कृतिहरू निम्न छन् : **सहिदए (आजम भगत सिंह), चरित्रहरूको खोजीमा अलमलिँदा** (कटुवाल प्रकाशन : हाविगाउँ) छन् भने उनले सम्पादन गरेका दुईवटा कृति छन् : (१) **असमिया आरु नेपाली भाषा साहित्य संस्कृति** (असमिया र नेपाली भाषा साहित्य संस्कृति) (२) **नेपाली साहित्यत आलोकपात** (नेपाली साहित्यमा दृष्टिपात)

अनुवादतर्फ उनले डा. रुद्राणी शर्माकृत असमिया उपन्यास **दमितार दस्तावेज**लाई **दमिताको दस्तावेज** (इ. २०१६) शीर्षकमा अनुवाद गरेका छन् । यो पूर्वायन प्रकाशनको कृति हो । अनुराधा शर्माको साहित्यिक नाम रुद्राणी शर्मा हो । छवटा मौलिक उपन्यासकी स्रष्टा शर्मा गुवाहाटी विश्वविद्यालयकी प्राध्यापक हुन् । नेपाली-असमिया द्वैभाषिक क्षमता आर्जन गरेका अनुवादक बरालले यस असमिया कृतिको अनुवादमा समस्तरीय क्षमता सन्तोषजनक रूपले प्रस्तुत गरेका छन् । यस कृतिमा एक युवतीले नारीमाथि भएका समस्त दलन र अत्याचारको उद्घाटन गरेकी छन् । (गोविन्द) सम्पर्क: ८८७६८-२०२१० । ९१०१४२८३७४

रेणु गुप्ता

रेणु गुप्ताको जन्म बाराको कलैयास्थित बरेवामा वि.सं. २०३३ मा भएको थियो । नेपालीमा स्नातकोत्तर गरेकी गुप्ताले नेपालीबाट हिन्दीमा दुई पुस्तकको अनुवाद गरेकी छन् - **धर्मका बारेमा केही कुरा** र **जातिपातिका कुरा** । यी दुवै कृति श्यामप्रसाद शर्माका हुन् । (बलराम)

रेभरेन्ड ए. टर्नबुल

रेभरेन्ड ए. टर्नबुलले एम.ए., बी.डी सम्मको शिक्षा हासिल गरेको पाइन्छ । उनी सैनिक सेवामा संलग्न रहेको उल्लेख छ । टर्नबुलको **नेपाली ग्रामर एन्ड इङ्लिस नेपाली, नेपाली इङ्लिस भोकाबुलरी**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१८८७ इ.) प्रकाशित कृति हो । दार्जिलिङको चिया बगानका अङ्ग्रेजी र फौजका अफिसरलाई नेपाली भाषा सिकाउने हेतुले उनले व्याकरण लेखेको उल्लेख छ । यिनी कहिले भारतमा आएका थिए र कसका प्रेरणाले व्याकरण तथा शब्द लेखे भन्ने पाइँदैन ।

अङ्ग्रेजी भाषामा नेपाली व्याकरणलाई व्यवस्थित रूपले प्रस्तुत गर्ने टर्नबुलका व्याकरणमा अङ्ग्रेजी समानार्थी देवनागरी लिपि र रोमन लिपिमा पनि प्रस्तुति देखिन्छ । यस क्रममा यिनको अनुवाद कला पनि स्पष्टसँग अध्ययन गर्न सकिन्छ । नेपाली भाषाको आधार पदक्रम कर्ता, कर्म, क्रिया हो भन्दै यस आधारमा लेखन व्यवस्थित हुनुपर्ने यिनको मान्यता छ । यिनमा व्याकरणको महत्त्वपूर्ण पक्ष अनुवादको अभ्यास (Exercise in transliteration) हो । यसमा लिप्यन्तरण हुँदै अनुवादका तहसम्मका अभ्यास दिइएको छ । नेपाली अनुवाद परम्परामा अनुवादका लागि अभ्यास निर्माण गरी बोध गराउने पहिलो कार्य टर्नबुलले नै गरेको देखिन्छ । यिनका व्याकरणमा प्रस्तुतिगत ढाँचा यस्तो छ:

Timiharule (तिमीहरूले) Aphai (आफै) uslai (उसलाई) usaika (उसैका) luga (लुगा) diyau (दियौ) । You gave him his own clothes yourselves.

Nepal (नेपाल) sambat (संवत्) 1016 (१०१६) chait (चैत) badi (बदी) Roja (रोज) 3. (३) the 3rd chait, waning half 1016 N. S.

यसरी नै अङ्ग्रेजीबाट नेपाली र नेपालीबाट अङ्ग्रेजी अनुवादका पर्याप्त अभ्यास दिइएको यस कृतिमा शब्दार्थ, पदावली र वाक्यार्थ पनि प्रस्तुत गरिएको छ । अङ्ग्रेजी वर्णानुक्रमका आधारमा समान अर्थका शब्द सङ्कलन गर्ने परम्परामा टर्नबुल व्यवस्थित र विस्तृत देखिन्छन् । यसर्थ अनुवादका क्षेत्रमा पनि टर्नबुलको योगदान उल्लेख्य र महत्त्वपूर्ण देखिन्छ । (सुकुम)

रेमिका थापा

रेमिका थापाको जन्म सन् १९६६ मा दार्जिलिङको मङ्पु भन्ने स्थानमा भएको थियो । एम.ए., बी.एड. सम्मको शिक्षा पुरा गरी उनी अध्यापन कार्यमा संलग्न भएकी छन् । थापा एक स्रष्टाका अतिरिक्त सफल अनुवादक पनि हुन् । उनका कृतिहरूमा **वेदनाको पछिल्तिर** (इ. २०००), **गाउँमा कविता** (इ. २००७), **देश र अन्य कविताहरू** (इ. २००७) रहेका छन् भने कवि मनप्रसाद सुब्बासित मिलेर लेखेको **किनाराका** आवाज शीर्षकको कविता सङ्ग्रह सन् २००८ प्रकाशित छ । उनी **पठन-विपठन** (इ. २०१३) जस्तो कृति ले समालोचनाका क्षेत्रमा पनि चिनिएकी छन् । रेमिकाका दुईवटा नेपाली अनुवाद सङ्ग्रह छन् । ती हुन् : **गीताञ्जली**को सोही शीर्षकमा इ. २००० मा र मैथिली कथा सङ्ग्रह **सरोकार** (इ. २०१३) । **गीताञ्जली** रवीन्द्रनाथ ठाकुरको मौलिक कृति बङ्गालीबाटै नेपालीमा अनूदित यो एक दुर्लभ कर्म हुनुपर्छ । यी शब्दले त्यसको पुष्टि गर्नेछन् :

सिक्किम अकादेमीबाट नोबल पुरस्कारले सम्मानित कवि गुरु रवीन्द्रनाथ ठाकुरको **गीताञ्जली** *लाई नेपाली अनुवाद गर्नुपर्ने प्रस्ताव आइपुगेको थियो । प्रस्ताव मन पऱ्यो तर अकादेमीले प्रस्तावसँग* **गीताञ्जली** *पुस्तक पठाएनन् । सोधैँ, खोजेर गर्नुपर्ने भयो । खोजैँ,* **गीताञ्जली** *विविध संस्करणहरू एक समान मिल्दैन रहेछन् । कवि रवीन्द्रनाथ ठाकुर स्वयम्को बङ्गाली हस्तलिपिमा अङ्ग्रेजी अनुवादसहितको एक सय तीनवटा कविता सङ्ग्रह गरिएको* **गीताञ्जली** *चुनैँ तर मैले उनको हस्तलिपि ठम्याउन सकिनँ । किनभने म अङ्ग्रेजी नभएर मूल बङ्गालबाट यसलाई अनुवाद गर्न चाहन्थेँ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक दिन, मेरा अभिन्न मित्र पंकज कुमार सरकार, व्याख्याता बङ्गाली विभागले विश्व भारतीले प्रकाशित गरेको **गीताञ्जली** *मलाई उपहारस्वरूप ल्याइदिए जसमा एक सय सन्ताउन्न वटा कविताहरू छन् - यसैको अनुवाद यहाँ प्रस्तुत छ ।*

अनुवाद गर्दा मुख्य दुई कुराहरू मेरो मस्तिष्कमा थिए । पहिलो, कविताको मूल मर्मलाई जस्ताको तस्तै राख्नु । दोस्रो, **गीताञ्जली***लाई आजको समकालीन पाठकहरूका निम्ति अध्ययनयोग्य बनाउनु । यी दुवै कुरालाई सकेजति सम्मान गर्ने कोसिस गरेको छु, यहाँ ।*

पंकज सरकार, दिव्येन्दु दासगुप्त लगायत सम्पूर्ण सहयागीप्रति म आभार प्रकट गर्दछु । वरिष्ठ कविद्वय मनप्रसाद सुब्बा र मोहन ठाकुरप्रति कृतज्ञ छु जसको सस्नेह सदीच्छाले मलाई कर्मप्रति सधैँ प्रोत्साहित गरिरह्यो ।

एउटा महत् कामको दायित्व मलाई दिएकोमा म सिक्किम अकादेमीप्रति आभारी छु । धन्यवाद ।

यो एक कविल व्यक्तिले मात्रै गर्न सक्ने कर्म थियो । रेमिकाले अनुवाद गरेको **गीताञ्जली** २७७ पृष्ठको ठुलो पुस्तकमा १५७ वटा कविता समेटिएका छन् । उनको अर्को अनूदित कृति छ **सरोकार** । यो प्रदीप बिहारीले मैथिलीमा लेखेको २२ वटा कथाको सङ्ग्रह हो । फेरि लेखक स्वयम्ले हिन्दीमा अनुवाद गरे जो सन् २०१० मा प्रकाशित भयो । (गोविन्द) सम्पर्क: ९४३४८७३७८६

रेवतीमोहन तिम्सिना

रेवतीमोहन तिम्सिनाको जन्म सन् १९५४ मा असमको कोलबारीमा भएको थियो । प्रवीणता प्रमाणपत्र तहसम्मको अध्ययन पुरा गरी उनले शिक्षण पेसामा लामो सेवा गरे । हाल उनी सेवा निवृत्त जीवन व्यतीत गरिरहेका छन् । तिम्सिनाका **जुनकिरी** (इ. २००५), **मन्दाकिनी** (इ. २००६), **माकमाकुर, माकमाकुर** (इ. २०१३) जस्ता कथा सङ्ग्रह प्रकाशित छन् । उनका **थपिनीको बाख्रो, बोक्सी** जस्ता नाटक प्रकाशित छन् भने केही कृतिको सम्पादन पनि गरेका छन् । उनले नेपाली साहित्य सभा उदालगुडी जिल्ला समितिका सभापतिका रूपमा तथा अनेक सामाजिक संस्थामा रही कार्य गरेका छन् । उनको महत्त्वपूर्ण योगदान बङ्गाली-नेपाली भाषाबिचको अनुवादमा रहेको छ ।

एनले शरतचन्द्र चट्टोपाध्यायको उपन्यास **बडदिदी**लाई नेपालीमा **ठुलीदिदी**, उनैको अर्को उपन्यास परिणितालाई सोही शीर्षकमा अनुवाद गरे । यी कृतिका प्रकाशकमा क्रमशः फडिन्द्रनाथ ताल, कलकत्ता (इ. २०१३) र एम सी सरकार बहादुर एन्ड सन्स (इ. २०१४) रहेका छन् । उनले अनुवाद गरेको तेस्रो कृति हो **रवीन्द्रनाथ ठाकुरका निर्वाचित लघुकथा** (इ. २०१३) । यसमा रवीन्द्रनाथ ठाकुरको **गल्पगुच्छबाट** चुनिएका १० वटा कथा रहेका छन् । तिम्सिनाका कृतिका प्रकाशक मौद्गल्य प्रकाशन रौता, असम रहेको छ । (गोविन्द) सम्पर्क: ९८३५९७३३१३

रेवतीरमणलाल दास

रेवतीरमण दासको जन्म वि.सं. १९९९ मा धनुषाको देवडिहामा भएको थियो । विद्यावारिधि गरेका दासले वैङ्किङ सेवा र नाटक निर्देशनमा योगदान पुऱ्याए । उनी मैथिली साहित्यका एक सम्मानित हस्ती मानिन्छन् । उनका कला प्रवाह (कथा सङ्ग्रह, वि.सं. २०५३), हमर विदेश भ्रमण (यात्रा साहित्य, वि.सं. २०५४), खिस्सा पिहानी (मैथिली लोककथा सङ्ग्रह, वि.सं. २०६१) जस्ता कृति छन् । उनको खट्टर काकाका तरङ्ग मैथिलीबाट नेपालीमा अनूदित एक लोकप्रिय कृति हो । (गोविन्द) सम्पर्क: ०४१-५२०६४४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रोहिणीराज तिमल्सिना

वि.सं. २०३७ असार १० गते भक्तपुरको चित्रवनमा जन्मेका रोहिणीराज तिमल्सिनाले शाङ्करवेदान्तमा आचार्य एवं संस्कृतमा एम. ए. सम्मको अध्ययन गरेका छन्। प्राध्यापन सेवामा संलग्न तिमल्सिनाले संस्कृत भाषाका विभिन्न पाठ्य पुस्तकहरू लेख्नुका साथै भरत जङ्गमद्वारा लिखित **कालो सूर्य** नामक उपन्यासलाई **कालार्कः** शीर्षकमा संस्कृत भाषामा अनुवाद गरेका छन् जसलाई नेपाली आवाज प्रकाशनले वि.सं. २०७१ मा प्रकाशित गरेको छ। यसका साथै **श्रीमद्दयानन्दप्रकाश** शीर्षकको महर्षि दयानन्दको जीवनीपरक कृतिलाई सोही शीर्षकमा उनले नेपाली भाषामा अनुवाद गरेका छन्।

लक्ष्मण अधिकारी

लक्ष्मण अधिकारीको जन्म असमको गोलाघाटमा सन् १९७१ मा भएको थियो। अधिकारीको एउटा अनूदित कृति छ - पुष्पधर शर्माको **निर्वाचित कविताएँ** (इ. २००९)। यसमा कवि पुष्पधरका **हाम्रो धुकधुकी जराहरू** (इ. १९९६) र **सपना हराएको रात** (इ. २००६) बाट चुनिएका कविता हिन्दीमा अनूदित छन्। उनका अरू कृति प्रकाशित छन् - **माटो र मानिसका कविता** (इ. २००८) अनि **दृष्टिमा सृष्टिमा** (समीक्षा, इ. २०१३)। (गोविन्द) सम्पर्क:

लक्ष्मण राजवंशी

वि.सं. १९२२ साउन ३० गते काठमाडौँ वँटु टोलमा जन्मेका लक्ष्मण राजवंशी बालाजुस्थित सिद्धार्थ वनस्थली विद्यापीठका संस्थापक हुन्। राजनीतिमा एम.ए., डिप इन एजुकेसन (जर्मनी) गरेका राजवंशीले नेपाल भाषा एवम् नेपाली र अङ्ग्रेजी भाषामा लेख्ने गरेका छन्। विशेष गरी कथाकारका रूपमा चिनिने राजवंशी निवन्धकार पनि हुन्। **नमिंग्वाःगु सर्ग, बुलुमि, देखा, आलःमत** जस्ता कथा तथा निबन्ध पुस्तकका लेखक राजवंशीको लेखन कार्य निरन्तर रूपमा अगाडि बढिरहेको छ। राजवंशीले **नेवाः सांस्कृतिक म्हसी**लाई नेपाली भाषामा **नेवार सांस्कृतिक चिनारी** नामबाट अनुवाद गरी प्रकाशित गरेका छन्। यो कृति नागार्जुन पब्लिकेसनद्वारा वि.सं. २०६५ मा प्रकाशित भएको छ। (नवीन) सम्पर्क: ९८५१०८३४३८

लक्ष्मीकान्त पन्थी

वि.सं. २०१० मा गुल्मीको धुरकोटस्थित वांग्ला बडाचौर भन्ने स्थानमा जन्मेका लक्ष्मीकान्त पन्थीले धर्मशास्त्र एवम् वेदान्त दर्शनमा आचार्य एवम् नेपाली साहित्य र संस्कृत साहित्यमा एम.ए. तहसम्मको अध्ययन गरेका छन्। उनी विद्यावारिधि उपाधिबाट पनि विभूषित छन्। प्राध्यापन सेवामा संलग्न पन्थीका छवटा कृति प्रकाशित छन्। तीमध्ये कवि शिरोमणि लेखनाथ पौड्यालद्वारा रचित **ऋतु विचार** खण्डकाव्य र मुकुन्दशरण उपाध्यायद्वारा रचित **प्राकृत पोखरा** काव्यलाई नेपाली भाषाबाट संस्कृत भाषामा र **हठयोगप्रदीपिका** नामक संस्कृत ग्रन्थलाई नेपालीमा अनुवाद गरेका छन्। (माधव) (सम्पर्क: ९८४९१४८३८५, ०१-४८२०२२१)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मीप्रसाद देवकोटा (वि. सं. १९६६-२०१६)

काठमाडौंको डिल्लीबजारमा जन्मेका लक्ष्मीप्रसाद देवकोटा नेपालका बहुप्रतिभाशाली स्रष्टा हुन्। उनी स्वतन्त्रता सेनानी, समाज सुधारक र बहुकृतिक स्रष्टा हुन्। नेपाली साहित्यलाई लगभग एक सय कृति दिएर अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाललाई चिनाउन उनले भूमिका खेले।

कलिलो नेपाली साहित्यलाई मौलिक सृजना, अनुकूलन, सम्पादन, अनुवाद जस्ता विविध प्रक्रियाहरूबाट सम्पन्न गराउने महाकवि देवकोटाका कृतिको सूचि लामो छ। उनले अङ्ग्रेजी, नेपाली, संस्कृत बिचमा अनुवाद एवम् अनुकूलनद्वारा आफ्ना र अरूका कृतिहरूलाई व्यापक रूपले भाषान्तरण गरेका छन्। उनले अङ्ग्रेजी साहित्यका फ्रान्सिस बेकन, चार्ल्स ल्यास् जस्ता १५ जना गद्य लेखकका निबन्धको चयन गरी **प्रसिद्ध प्रबन्ध सङ्ग्रह** (वि.सं. १९९७) शीर्षकमा भाषानुवाद परिषद्बाट प्रकाशित गराएका थिए। नेपाली पाठकका निमित्त विश्व साहित्यबाट आएका निबन्धहरूको यो पहिलो सङ्ग्रह थियो। त्यसै गरी उनले सेक्सपियरको नाटक **म्याकबेथ**को अनुवाद गरेका थिए जसको प्रकाशन उनको देहान्तपश्चात् डिल्लीबजारस्थित नेपाल सांस्कृतिक सङ्घले वि.सं. २०२६ मा गऱ्यो। महाकविले आफ्ना **पागल** जस्ता फुटकर कवितालाई अङ्ग्रेजीमा आफैले अनुवाद गरेका थिए जसको सङ्कलन हालै **ल्युनाटिक एन्ड अदर पोएम्स** शीर्षकमा प्रकाशित भएको छ। जीवनको अन्त्य कालतिर उनले श्यामदास वैष्णवका *नहच्क, आजकल, बाँचिरहेको छु* जस्ता २९ वटा कविताको सङ्ग्रह **उपहार**लाई **द प्रेजेन्ट** शीर्षकमा अनुवाद गरेका थिए जसको हालै सन् २०१६ मा रत्न पुस्तक भन्डारबाट पुनः प्रकाशन भएको छ।

महाकविले कतिपय अनुकूलित सृजना गरेका छन्। ती अनुवादकै एक रूप हुन्। सबै विषयवस्तु र कथानक पूर्वीय एवम् पाश्चात्य प्राचीन साहित्य भण्डारबाट ग्रहण गरिएका छन्। जस्तै **राजकुमार प्रभाकर** (खण्डकाव्य, १९९७), **सावित्री सत्यवान** (खण्डकाव्य, १९९७ **रावण जटायू युद्ध** (खण्डकाव्य, २०१५), **सीता हरण** (खण्डकाव्य, वि.सं. २०२३), **दुष्यन्त-शकुन्तला भेट** (खण्डकाव्य, वि.सं. २०२५), **नेपाली मेघदूत** (खण्डकाव्य, वि.सं. २०२८)। यस्ता कृतिहरूमा अप्रकाशितको सूची पनि लामो छ। यसै गरी पाश्चात्य ग्रिसेली स्रोतबाट उनले अनेकौं गाथाको नेपालीकरण गरेका छन्। जस्तै : **मायावीनी** (खण्डकाव्य, वि.सं. २०२४), **सुन्दरी प्रोजर्पिना** (खण्डकाव्य, २०१०), **प्रमिथस** (महाकाव्य, वि.सं. २०२८) अनूदित हुन् भने नेपाली महाकाव्यको पश्चिमी पाठकलाई पहिलो आस्वादन गराउने **शकुन्तला** (इ. १९९१) पनि एक महत्त्वपूर्ण अनुसिर्जित कृति हो। उनका नेपाली र अङ्ग्रेजी महाकाव्यहरू तुलनीय छन्। (गोविन्द)

लक्ष्मीदेवी राजभण्डारी

लक्ष्मीदेवी राजभण्डारीको जन्म वि.सं. २००० असारमा कालेबुङमा भएको थियो। उनले बङ्गाल युनिभर्सिटीबाट स्नातकोत्तर गरेकी छन्। नेपालमा वैवाहिक सम्बन्ध स्थापित भएपश्चात् अनामनगरमा बसेर वि.सं. २०४७ देखि अनवरत रूपमा साहित्य सेवा गरिरहेकी छन्। साथै उनी शिक्षा र समाज सेवामा पनि चिनिएकी छन्। उनका नेपाली र अङ्ग्रेजीमा गरी एक दर्जन कविता सङ्ग्रह प्रकाशित छन्। उनले **दीपशिखा** (इ. १९९१), **अपराजिता** (इ. १९९४), **गुन्जिरहोस्** (इ. १९९९), जस्ता कविता सङ्ग्रह, निबन्ध, खण्डकाव्य आदि रचेकी छन् भने अङ्ग्रेजीमा पनि **अन्टिल द ओसन ब्लेड** (इ. १९९७), **लभ ड्रप्स** (इ. १९९९), **कलेक्टेड पोएम्स** (इ. १९९९), **हन्ड्रेड एन्ड वान पोएम्स फर द न्यु मिलेनियम** (इ. २०००), जस्ता काव्य कविता सङ्ग्रह प्रकाशित छन्। राजभण्डारीले विद्वान् स्रष्टा प्रा. घनश्याम कंडेलकृत **देवयानी** (वि.सं. २०३९) खण्डकाव्यको सोही शीर्षकमा अनुवाद गरी सन् २०१३ मा प्रकाशित गराएकी छन्। अङ्ग्रेजी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली दुवै भाषामा रचना गर्ने राजभण्डारीका **सिद्धिचरण श्रेष्ठको जेलको सम्झना**लाई **मेम्वायर्ज अफ जेल** शीर्षकमा अनुवाद गरेकी छन् जसलाई सन् २००२ मा वाराणसीको पिलग्रिम्ज पब्लिकेसनले बाहिर ल्याएको हो। (गोविन्द) ४२२२६१२

ललिजन रावल

नेपाली साहित्यका क्षेत्रमा विशेष गरी गजल लेखनमा प्रतिभा ललिजन रावल स्मरणीय छन्। उनी गजल लेखनका अतिरिक्त अनुवादका क्षेत्रमा पनि सक्रिय देखिन्छन्। उनले अ. गेत्मानोवाद्वारा लिखित एक कृतिलाई **तर्कशास्त्र** शीर्षकमा अनुवाद गरेका छन्। यो कृति विवेक सिर्जनशील प्रा.लि. बाट प्रकाशित भएको हो। तर्कशास्त्र नयाँ क्षेत्रको कृति भए पनि यसमा अनुवादका बारेमा अनुवादकका तर्फबाट कुनै जानकारी दिइएको छैन। यस कृतिमा मूल लेखन, नाम, प्रकाशन वर्ष, भाषा आदिबारे कुनै सूचना प्रस्तुत गरिएको छैन। यस्तै यिनले तसलिमा नसरिनद्वारा लिखित कथाकृतिलाई **दुखिया केटी** (वि.सं. २०६४) शीर्षकमा अनुवाद गरेका छन्। यो कथा सङ्ग्रह सुशील गुप्ताको हिन्दी अनुवादबाट नेपालीमा अनुवाद गरिएको हो भन्ने अनुवादकको सूचना छ। प्रस्तुत कृति बी.एन. पुस्तक संसारले प्रकाशित गरेको हो।। सुकुम) सम्पर्क: ४७८२५९५

ललितरत्न शाक्य

ललितरत्न शाक्यको **भगवान् बुद्ध र उहाँको धर्म** (वि.सं. २०५३) अनूदित कृति हो। प्रसिद्ध विद्वान् डा. भीमराव रामजी अम्बेडकरद्वारा अङ्ग्रेजीमा लेखिएको **द बुद्ध एन्ड हिज धम्म** शीर्षक कृतिको अनुवाद सन्दर्भ दिँदै अनुवादकीयमा भनिएको छ- *यस ग्रन्थको मूल रचना डा. भीमराव रामजी अम्बेडकरले सन् १९५६ मा अङ्ग्रेजी भाषामा तयार गर्नुभएको थियो। त्यसलाई विख्यात हिन्दी पण्डित र बौद्ध तत्त्वज्ञ भदन्त आनन्द कौशल्यायनले हिन्दी भाषामा अनुवाद गरी सन् १९६१ मा प्रकाशित भयो र सन् १९७० मा मराठी भाषाको अनुवाद पनि प्रकाशित भयो। ... अनुवादका क्रममा अङ्ग्रेजी तथा हिन्दी संस्करण दुवैलाई आधार बनाइएको छ।*

प्रस्तुत कृतिको नेपाली संस्करणलाई दायक सभा धर्मशीला बुद्ध बिहार पोखराले प्रकाशनमा ल्याएको हो। बुद्धका विषयमा लेखिएको चर्चित कृति नेपाली भाषामा अनुवाद गर्ने ललितरत्न शाक्यको यो प्रयत्न बौद्ध वाङ्मयमा मात्र नभई नेपाली वाङ्मयका लागि पनि एक उपलब्धि हो। (नवीन)

लाभरत्न तुलाधर

वि.सं. २००६ मा काठमाडौंको कमलाक्षीस्थित बसिकोननि टोलमा जन्मिएका लाभरत्न तुलाधर साहित्य लेखनमा विभिन्न नामबाट परिचित छन्। उनले बी.कम. सम्मको अध्ययन गरेका छन्।

तुलाधरले गुलिभरया यात्रा, महाप्रज्ञा जस्ता पुस्तकका साथै **न्हसला** नामक पत्रिकाको पनि सम्पादन गरेका छन्। **झीगु तुतः** (वि.सं. २०४३) **पुस्तक, लँजुवाः** (वि.सं. २०४६) उनले अनुवाद गरेका उपन्यास हुन्। **क्यबया कपं** (गीत), **बोधिज्ञा माला** (गीत), **म्हिगःया लुमन्ति** नामक पुस्तक तुलाधरका कृतिहरू हुन्। नेपाल भाषामा गीत तथा ज्ञानमाला भजनको रचना गर्ने तुलाधरले विभिन्न पुरस्कार पनि प्राप्त गरेका छन्। उनी पासामुना संस्थाका अध्यक्ष पनि हुन्। (नवीन) सम्पर्क: ९८०८०४५८५०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लीलानन्द उपाध्याय

लीलानन्द उपाध्यायको जन्म असमको उदालगुडी जिल्लामा सन् १९७१ मा भएको थियो। उनी साहित्यमा 'दरङ्गे' उपनामसमेत प्रयोग गर्दछन्। उनको **लाली पोतिएको ओठ** शीर्षकमा एक कवित्ता सङ्ग्रह प्रकाशित छ भने अनुवादतर्फ **कृष्णसुड सार फूल** एक महत्त्वपूर्ण कर्म हो। पारिजातको उपन्यास **शिशिरको फूल**लाई असमिया भाषामा **कृष्णसुडार फूल** शीर्षक दिइएको हो। यसलाई मिलन ज्योति सङ्घ प्रथिअरालले सन् २००३ मा प्रकाशनमा ल्यायो। हाल उनी काठमाडौँस्थित रूपक मेमोरियल इन्टरनेसनल स्कुल, कुपन्डोलमा सेवारत छन्। (गोविन्द) सम्पर्क: ९८४१३०३९२७

लेखनाथ पौड्याल (वि.सं. १९४१-२०२२)

कास्की जिल्लाको अर्घौं अर्चलेमा जन्मेका लेखनाथ पौड्याल नेपाली साहित्यमा 'कवि शिरोमणि' उपाधिद्वारा विभूषित छन्। संस्कृतमा मध्यमासम्मको अध्ययन गरेका पौड्यालका मौलिक र अनूदित गरी १७ वटा कृति छन्। तीमध्ये महाकवि कालिदासद्वारा विरचित **अभिज्ञान शाकुन्तलम्** नाटकको **अभिज्ञान शाकुन्तल** शीर्षकमा गरिएको नेपाली अनुवाद नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट वि.सं. २०१५ मा प्रकाशित भएको छ भने उनको अर्को अनूदित कृति **पञ्चतन्त्र** हो। (माधव)

लेखनाथ शर्मा पाठक

लेखनाथ शर्मा पाठकको जन्म वि.सं. २०३० मा स्याङ्जाको बायाँटारीमा भएको थियो। उनले अङ्ग्रेजी साहित्य र भाषा विज्ञानमा सिलयङ नर्थ इस्टर्न हिल युनिभर्सिटी (नेहु) बाट स्नातकोत्तर गरेका छन्। हाल केन्द्रीय भाषा विज्ञान विभागमा उप प्राध्यापक रहेका पाठक कग्निटिव साइन्समा विद्यावारिधि गरिरहेका छन्।

पाठकले अङ्ग्रेजी भाषामा प्रकाशित गरेका धेरै लेख रचनाहरू असङ्कलित अवस्थामा छन् भने उनले अनुवाद गरेको गोविन्दराज भट्टराईकृत उपन्यास **मुगलान** (वि.सं. २०३३) को अङ्ग्रेजी अनुवाद सोही शीर्षकमा सन् २०१२ मा ओरिएन्टल प्रकाशनबाट प्रकाशित भएको छ। (गोविन्द) सम्पर्क: ९८४१७६२२३६

लैनसिंह वाङ्देल (इ.सं. १९२४-२००३)

लैनसिंह वाङ्देलको जन्म दार्जलिङको चियाकमानमा भएको थियो। चित्रकलामा स्नातक गरेका वाङ्देल नेपाली साहित्य र कलाका एक मानक निर्धारक स्रष्टा हुन्। **मुलुक वाहिर, माइतघर** जस्ता आख्यानका सर्जक वाङ्देल नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको उपकुलपतिसमेत भएका थिए। चित्रकार, कला समीक्षक एवम् आख्यानकार वाङ्देलले अनुवादमा समेत आफ्नो दक्षता प्रस्तुत गरेका छन्। उनको अनुवादकत्वमा एक उपन्यास र एक कथा सङ्ग्रह प्रकाशित छन्। पहिलो हो **विश्वकथा सङ्ग्रह** (इ. १९४५)। यस अनूदित सङ्ग्रहमा उनले अङ्ग्रेजीबाट अनुवाद गरेका कथाहरू समावेश भएका छन्। यसको प्रकाशन प्रधान लाइब्रेरी, कलकत्ताले गरेको थियो। त्यसै गरी उनले अनुवाद गरेको उपन्यासको नाम हो **स्याउको रुख** (वि.सं. २०२५)। यसलाई उनले जन गल्जवर्दीको अङ्ग्रेजी उपन्यास **एप्पल ट्री**बाट अनुवाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका हुन्। उनको यो अनूदित आख्यान नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको थियो। वाङ्देलका यी दुवै अनूदित कृति आधिकारिकताका दृष्टिले अनुकरणीय मानिन्छन्। (गोविन्द)

लोकनाथ उपाध्याय चापागाईं

लोकनाथ उपाध्याय चापागाईंको जन्म वि.सं. १९९६ मा असमको डिग्बोईमा भएको थियो। भारतीय सेना अधिकृत भई लामो सेवापश्चात् हाल उनी दार्जिलिङमा साहित्य सृजनामा जीवन व्यतीत गरिरहेका छन्। वि.सं. २०१५ देखि उनले लेख रचना प्रकाशन गर्न थालेका थिए।

वि.सं. २०२९ मा *साइत* कथा सङ्ग्रह प्रकाशन गरेका उनले अन्तराल (कविता) **आँधी** (उपन्यास), लोक निबन्ध, जस्ता सात कृति प्रकाशित गरेका छन् भने **दार्जिलिङका गोर्खा** (वि.सं. २०६४) उनको नवीनतम अनूदित कृति हो। यो कृति डा. खेमराज शर्माकृत **द दार्जिलिङ गोर्खाज**को नेपाली अनुवाद हो। सन् २०१७ मा प्रकाशित यस कृतिमा अङ्ग्रेजी भाषाका विद्वान् लेखक शर्माले भारतीय नेपाली (गोर्खा) को वितरण परिचय, समस्या, जातीयता आदि अनेक दृष्टिले विश्लेषणात्मक जानकारी प्रस्तुत गरेका छन्। (गोविन्द) सम्पर्क: ९६४७८३७८४९

लोकनाथ वर्मा 'राहुल' (इ. १९४५-२०१४)

बाँके जिल्लाको पुरैना गाउँमा जन्मेका लोकनाथ बर्माले बी.ए., बी.एड. सम्मको शिक्षा प्राप्त गरेका थिए। उनले वि.सं. २०६४ मा गीति भाकामा भ्याउरे ताल तथा नेपाली भाषामा रहेको आशुकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित **मुनामदन**लाई अवधी भाषामा सोही शीर्षकमा अनुवाद गरी वि.सं. २०६४ मा लेखक आफैले प्रकाशनमा ल्याएका थिए। यसको नमुना यस्तो छ : *हे हमार भाइ के हमार बहिनी, पहाड ओ शहखम भक्तिक मानव राखित हन एक ठौं हा तुमरे चरणवम्* उनका मौलिक कृतिहरूमध्ये **यथार्थ अवधी व्याकरण** (वि.सं. २०६९) र **जल समाधि** (अवधिमा मौलिक उपन्यास, वि.सं. २०६७) पनि हुन्। (गोविन्द)

लोकबहादुर थापा 'झुस्या मगर'

लोकबहादुर थापा 'झुस्या मगर' को जन्म स्याङ्जाको गाबु झाँगडीमा वि.सं. २००९ मा भएको हो। भूगोल विषयमा स्नातकोत्तर गरेका थापाले नेपाली-मगर (ढुट) मा अनुवाद गरेका छन्। उनले मोदनाथ प्रश्रित, बुद्धिबहादुर थकाली र रामप्रसाद प्रदीपले लेखेको **पचास रुपियाँको तमसुक** शीर्षक नाटकलाई **पीराउ रूपेऊ लुरिक** (वि.सं. २०४९) शीर्षकमा र उनी आफैद्वारा रचित **आर्मिट्च मामरी** शीर्षक उपन्यासलाई **सम्झनाका घाउ** (वि.सं. २०७३) शीर्षकमा अनुवाद गरेका छन्। त्यसै गरी आफ्नै अर्को उपन्यास **आखीरीयाउ भगूमान माले लेशालाई विश्वास** (वि.सं. २०७३) शीर्षकमा अनुवाद गरी प्रकाशित गरेका छन् भने विभिन्न स्रष्टाहरूद्वारा मगर भाषामा लिखित मन्तव्य तथा समालोचनाको सङ्कलनलाई अनुवाद गरी **मगरभाषा-साहित्य : मन्तव्य सङ्ग्रालो तथा कृति समीक्षा** (वि.सं. २०७०) शीर्षकमा प्रकाशन गरेका छन्। यी अनूदित कृतिहरूलाई क्रमशः कानूङ गुमस्ठा कास्की, शिवप्रसाद थापा मगर पोखरा (तेस्रो पुस्तकको पनि), आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान, ललितपुरले प्रकाशन गरेको देखिन्छ। (गोविन्द) सम्पर्क: ९८४३१६६०४६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ल्यारी हार्टसेल

सर्वप्रथम् सन् १९६० मा अमेरिकन पिस कोर भोलिन्टियरको रूपमा नेपाल प्रवेश गर्ने ल्यारी हार्टसेलले हार्वर्ड विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर गरेकी थिइन्। त्यसयता उनले नेपाली आख्यानको अङ्ग्रेजी अनुवाद गरी नेपाली साहित्यलाई विश्वका विभिन्न स्थानमा पुऱ्याउने प्रयत्न गरेकी छन्।

सङ्ख्यात्मक रूपमा ल्यारी हार्टसेल नेपालीबाट अङ्ग्रेजीमा सबैभन्दा धेरै उपन्यास अनुवाद गर्नेमा पर्दछिन्। उनले वि.सं. २०४१ देखि २०५५ का बिचमा उनले शङ्कर कोइरालाको **खैरेनी घाट**लाई उही शीर्षकमा (इ. १९८४), लीलबहादुर क्षत्रीको **बसाइँ** (**टुवार्ड्ज् अननोन होराइजन**, इ. १९८९) ताना शर्माको **ओझेल पर्दा** (**ब्ल्याक आउट**, इ. १९९०), कविताराम श्रेष्ठको **वकपत्र** (**कन्फेसन**, इ. १९९५), गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** (**द विन्डो अफ द हाउस अपोजिट**, इ. १९९८) र विजय मल्लाको **अनुराधा** गरी छवटा नेपाली उत्कृष्ट उपन्यासको अङ्ग्रेजीमा अनुवाद गरेका छन्। (गोविन्द)

वसन्तकुमार शर्म्मा 'नेपाल'

वसन्तकुमार शर्म्मा 'नेपाल' को जन्म १९८४ मा काठमाडौँको महाराजगञ्जमा भएको थियो। नेपाली विषयमा एम. ए. र हिन्दीमा साहित्य भूषण गरेका शर्म्माले अध्यापन कर्ममा दीर्घ सेवा पदक प्राप्त गरे। वि.सं. २००५ मा **अजविलाप** (नाटक) सृजना गरेर नेपाली साहित्यमा प्रवेश गरेका उनका कृतिको सङ्ख्या चार दर्जन जति पुगेका छन्। उनी नाटककार, कवि, महाकाव्यकार, अनुवादक र विशेष गरी सम्पूर्ण नेपालीभाषीले चिनेका कोशकार हुन्। उनका अनुवादहरूमा गोर्कीको **आमा** (२००९), कालिदासको **अभिज्ञान शाकुन्तलम्**को **शकुन्तला** (वि.सं. २०४४, सह-अनुवादक चक्रपाणि चालिसे), अमेरिकी लेखक होवार्ड फास्टको उपन्यास **स्पार्टाकस**को **आदि विद्रोही** (वि.सं. २०५७) दोस्रो उपन्यास **माइ ग्लोरिअस ब्रदर्स**को **मुक्ति सङ्ग्राम** (वि.सं. २०७२), उनैको तेस्रो उपन्यास (शीर्षक प्रस्ट छैन) को **निरपराधको हत्या**, तसलिमा नसरिनको **फेरा** (वि.सं. २०५७) रहेका छन्। उनका अन्य अनुवादहरूमा संस्कृतका **प्रमुख एकाङ्की** (वि.सं. २०६१), **महाभारत सम्पूर्ण** (गद्यमा), **शब्दार्थ गीता** (वि.सं. २०६७), **अमर काव्य उमर खैयामका रुबैयात**, रत्नावली नाटिका (वि.सं. २०२९), **रुक्मिणी परिणय** (वि.सं. २०४४), १२५ **उपनिषद्** (वि.सं. २०५४), **महाभारत गद्यानुवाद** (वि.सं. २०६२, २०६४, २०६९), **श्रीमद्भगवद्गीता** (२०५९) पर्दछन्। उनको **संस्कृतका प्रमुख एकाङ्की** (वि.सं. २०६७) मा भवदेव यताका छ नाटककारका १० एकाङ्की छन्। उनको अर्को महत्त्वपूर्ण अनुवाद हो **उपनिषद् सङ्ग्रह** (वि.सं. २०७०)। यस ग्रन्थमा १३५ वटा उपनिषद्हरूको मूलसहित अनुवाद र व्याख्या रहेको छ। जम्मा ८३६ पृष्ठको यस ग्रन्थलाई शब्दार्थ प्रकाशनले बजारमा ल्याएको छ।

स्पार्टाकस ऐतिहासिक विषयको उपन्यास हो। यो इशापूर्व ७१ मा ग्रिसेली दासहरूले स्पार्टाकसको नेतृत्वमा गरेको 'आदि विद्रोह' को बारेमा आधारित छ। यसले स्वतन्त्रता, प्रेम र जीवनलाई केन्द्रमा राख्दछ। होवार्ड फास्ट (इ.सं. १९१४-२००३) ले इ.भी. कनिङहम र वाल्टर एरिक्सनको नामले पनि लेखे। उनी आख्यानकार, टेलिभिजन लेखक र राजनीतिक विद्रोही पनि हुन्। होवार्ट फास्टको अर्को अनूदित आख्यान हो **माइ ग्लोरियस ब्रदर्स**- यो पनि एक ऐतिहासिक आख्यान हो। यसले इशापूर्व दोस्रो शताब्दीका प्यालेस्टाइनका यहुदीहरूले सिरियाली साम्राज्यबाट स्वतन्त्र हुन कसरी लडाइँ गरे भन्ने विषयको साहसपूर्ण कथा छ। यसको नेपाली शीर्षक छ **मुक्ति सङ्ग्राम**। उनै फास्टको तेस्रो उपन्यासको नेपाली शीर्षक छ **निरपराधको हत्या**। यसको मूल स्रोत पत्ता लागेको छैन। प्रायः नेपाली अनुवाद हिन्दी माध्यम भाषा भएर आउँछन्।

महर्षि वेदव्यास रचित महाभारतको **गद्यमहाभारत** शीर्षकमा उनले भाग १, २, ३, ४ गरी चार खण्डका वृहत् आकारका गद्यग्रन्थ बनाएका छन्। भाभा पुस्तक भण्डार, चाबहिल काठमाडौँले वि.सं. २०६२ मा भाग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१, २०६३ मा भाग २, २०६४ मा भाग ३ र २०६६ मा भाग ४ प्रकाशनमा ल्याएको देखिन्छ । ती सबैको पृष्ठ सङ्ख्या ४,७१७ रहेको छ । विश्वकै ठुलो ग्रन्थ मानिएको महाभारतलाई यति विस्तारमा यसरी व्याख्या र अनुवाद गर्ने शर्म्माको जति प्रशंसा गरे पनि थोरै हुन्छ । यो ग्रन्थको भाग- १ को भूमिकामा प्रा. डा. वैणिमाधव ढकालले लेखेका छन् : *पूर्वज तपस्वी र मनीषीहरूको त्यागपूर्ण रचनाधर्मिताद्वारा प्राप्त भएका अमर कृतिहरूमा निहित संस्कृति, सभ्यता, ज्ञान र विज्ञानको आलोकलाई आफ्ना सुन्दर कृतिहरूमा समेटेर संसारलाई ज्ञानामृत पियाउने सुकृति मनीषीहरू सधैँ समादरणीय हुन्छन् र संस्मरणीय पनि ।*

वेदव्यासका सारस्वत-साधनाको पुण्यफलका रूपमा *संसारले प्राप्त गरेको ग्रन्थरत्न* **महाभारत**को *भारतीय उपमहाद्वीपका भने विश्वका अनेक भाषाहरूमा अनुवाद गरिएको पाइन्छ । नेपाली भाषामा महाभारतको अनुवाद गर्ने प्रयास नभएको होइन ।* **सुब्बा होमनाथ एवम् केदारनाथको महाभारत**को *नेपाली पद्यानुवादमा छन्दका नियम र अन्त्यानुप्रासको आग्रहका कारण अपेक्षित कतिपय विषय छुट्नु र अनपेक्षित कतिपय विषय जुट्नु स्वाभाविक नै हो । चक्रपाणि चालिसेद्वारा रचित* **संक्षिप्त महाभारत** *नेपाली भाषा भण्डारमा भित्रिएको सुन्दर र सारगर्भित कृति हो । त्यो पनि नाम अनुसार अत्यन्त संक्षिप्त भएकाले समग्र महाभारतलाई जस्ताको तस्तै प्रतिविम्बित गराउन समर्थन भएन । विजयानन्द, भवानीदत्त पाण्डे, कृष्णप्रसाद रेग्मी, हरिविक्रम थापा, रामप्रसाद सत्याल र मुकुन्दशरण उपाध्यायका महाभारतसँग सम्बद्ध नेपाली भाषामा लेखिएका कृतिहरूमा मूल्यवत्ता र महत्ता रहेपनि महाभारतीय पूर्णता भने पाइँदैन । हालै आएर कवि मुकुन्द शर्मा चालिसेको* **महाभारतचम्पू** *प्रकाशित भएको छ । त्यसले महाभारतका महनीय विषयहरूसँग पाठकलाई सुपरिचित गराउँछ तर सबै विषयसँग भने होइन । अनुवादक श्री वसन्तकुमार शर्म्मा 'नेपाल' को प्रस्तुत* **गद्य महाभारत** *सम्पूर्ण संस्कृत महाभारतको शब्दानुवादका रूपमा आएकाले सर्वाङ्ग सम्पन्न छ । नेपाली भाषाका पाठक र नेपाली भाषा-ग्रन्थकारका लागि यो महत्तम उपलब्धि हो ।*

यसका रूपान्तरकारलाई 'रूपान्तरक', 'अनुवादक', 'भाषान्तरकार' जस्ता शब्द प्रयोग गरिएका छन् । अनुवादका अध्येताको निमित्त यी चारै ग्रन्थका भूमिका, सम्मति, मन्तव्य पढ्नै पर्ने देखिन्छ ।

यति मात्र होइन शर्म्माले म्याक्सिम गोर्कीको **आमा** (अनुवाद, वि.सं. २०७१) प्रकाशित गरेका छन् । यसमा अनुवाद मात्रै नभई व्यापक सिर्जनात्मकता पनि छ । उनको **गद्य महाभारत** अनुवादको एक रूप भएझैँ ओमर खैयामका **रुबाइयात**लाई सुन्द पद्य छन्दमा लगेका छन् । यसलाई भाभा प्रकाशनले वि.सं. २०७० मा निकालेको छ । योसँग नेपालीमा अनूदित ओमर खैयामको **रुबाइयात**को सङ्ख्या ८ पुगेको छ । उनले महाकवि भारविकृत **किरातार्जुनीय महाकाव्य**को समश्लोकी नेपालीमा अनुवाद गरी शब्दार्थ प्रकाशनबाट वि.सं. २०७० मा निकालेका छन् । त्यसै गरी बहुचर्चित बङ्गाली लेखिका तसलिमा नसरिनको उपन्यास **फेरा**लाई श्री अमर गोश्वामीको हिन्दी संस्करणबाट भाषान्तरित, भाभा पुस्तक भण्डार (वि.सं. २०६८) को उपहारको रूपमा प्रस्तुत गरेका छन् ।

शर्म्माको अर्को योगदान छ महाकवि तथा नाटक सम्राट भासदेव (विक्रम पूर्व ७०० लगभगका संस्कृत कवि) ले रचेको **पञ्चरात्र** शीर्षक रूपक (नाटक) को नेपाली अनुवाद हो **पाँच रात** । यसलाई पनि भाभा पुस्तकले वि.सं. २०५१ मा प्रकाशनमा ल्यायो । अर्को अनूदित नाटक हो महाकवि श्री कृष्ण मिश्रको **प्रवोद्य चन्द्रोदय** (वि.सं. २०७०), यसको प्रकाशक हो शब्दार्थ प्रकाशन । तेस्रो नाटक अनुवाद छ महाकवि कालिदासको **अभिज्ञान शकुन्तलम्**को नेपाली रूपान्तरण **शकुन्तला** नाटक । यसलाई दुई जनाले तयार पारेको देखिन्छ - चक्रपाणि शर्मा चालिसे र वसन्तकुमार शर्म्मा 'नेपाल' जसलाई भाभा पुस्तकले वि.सं. २०४० मा प्रकाशनमा ल्याएको थियो । उनले शब्दकोशमा गरेको योगदान देख्दा प्रश्न गर्न मन लाग्छ एक जीवनमा यत्रो कसरी सम्भव हुन्छ ? (गोविन्द) सम्पर्क: ०१-४४७४९३५, ४४८४६२९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वसन्त राई

वसन्त राईको जन्म दार्जिलिङको चाँदमारीमा सन् १९४३ मा भएको थियो। उनले सन् १९६५ मा दार्जिलिङको सन्त जोसेफ कलेजबाट बी.ए. पास गरी लामो समयदेखि प्रहरी विभागमा सेवा गर्दै अन्त्यमा डेप्युटी सुपरिटेन्डेन्टबाट वि.सं. २००३ देखि सेवा निवृत्त भए। उनी दार्जिलिङका अनेक सङ्घसंस्थामा स्वयम्सेवी कर्ममा संलग्न छन्। उनले दुईवटा कृतिको अनुवाद गरेका छन्- श्री कृष्णचन्द्रसिंह मोक्तानद्वारा लिखित **जीवनको गोरेटोमा विभिन्न चरित्रहरू** (इ. २००३, उपन्यास) लाई **लाइफ इन द विटन पाथ** र श्री इन्द्र सुन्दासद्वारा लिखित **जुनेली रेखा** (उपन्यास) लाई **सिल्भर लाइनिङ** शीर्षकमा अनुवाद गरेका छन्। (गोविन्द) सम्पर्क: ९७७५८७७७१८

वाएने आम्जिज

वाएने आम्जिज टेक्सास (अमेरिका) को कोर्पस क्रिस्टीमा सन् १९४७ मा जन्मेका हुन्। एम्जिज कवि, लेखक, फोटोग्राफर र अनुवादकका रूपमा चिनिन्छन्। सानफ्रान्सिस्को स्टेट युनिभर्सिटीबाट सृजनात्मक लेखनमा उच्च शिक्षा लिएका एमजिजका अङ्ग्रेजी भाषामा **स्यान्ड क्यासल सिटी/क्विक्स्यान्ड नेसनः पोएम्ज फ्रम नेपाल** (इ. २०११) शीर्षकका कविता सङ्ग्रह प्रकाशित छ। सन् १९७६ देखि एसियाका विभिन्न भूभागमा बस्दै आएका यी कवि तथा फोटोग्राफर बेञ्जु तथा मञ्जु तिवारीको संयुक्त कविता सङ्ग्रह **टु सिस्टर्ज**को सह-अनुवादक हुन् (हे. **टु सिस्टर्ज**)। त्यसै गरी उनले आन हन्किन्जसँगको सहकार्यमा बानिरा गिरीको कविता सङ्ग्रह **फ्रम द लेक, लभ** (इ. २०००) को पनि अनुवाद गरेका छन्। **डेइज इन द लाइफ** उनको पछिल्लो अनूदित कृति हो। सन् २०११ मा प्रकाशित यस अनुवादमा भूपि शेरचन, बानिरा गिरी, पूर्ण वैद्य, बेन्जु शर्मा, दिनेश अधिकारी, मन्जु काँचुली र मन्जुलका नेपाली र नेपाल भाषाका कविताहरू सङ्गृहीत छन्। (गोविन्द)

वाचस्पति देवकोटा

वाचस्पति देवकोटाले **नोट्स फ्रम द ग्यालोज** शीर्षकमा लेखिएको अङ्ग्रेजी कृतिको नेपालीमा अनुवाद गरेका छन्। **झुन्ड्याउँदा झुन्ड्याउँदै (यातना गृहबाट)** शीर्षकको उक्त अनूदित कृति वि.सं. २०२९ मा प्रकाशनमा ल्याएको पाइन्छ। चेकोस्लाभाकियाका पत्रकार जुलियस फ्युचिकलाई नाजी जेलमा दिइएको कठोर यातना र मृत्यु विरुद्धको सङ्घर्षका संस्मरणात्मक प्रस्तुति यसमा प्रस्तुत छन्। वैचारिक योद्धा पत्रकार फ्युचिकलाई यातना गृहमै मारिएको थियो। सङ्घर्षको साहित्य नेपाली भाषामा अनुवाद गर्ने देवकोटा अनुवाद परम्परामा स्मरणीय मानिन्छन्। यस कृतिको पहिलो प्रकाशन प्रगति प्रकाशनले र चौथो संस्करण निरन्तर प्रकाशनबाट वि.सं. २०५० मा भएको देखिन्छ। (सुकुम) सम्पर्क: ९८४१५०२७१८

वासुदेव भट्टराई (वि.सं. १९४५-२०१७)

नेपालको शैक्षिक इतिहासमा मास्टर बाजेका रूपमा नाम कमाउने पं. वासुदेव भट्टराईले इतिहास लेखनमा आफूलाई स्थापित गरेसँगै अनुवादको क्षेत्रमा बिर्सिनसक्नु योगदान दिएका छन्। काठमाडौंमा जन्मिएका भट्टराईले वाल्मीकि रामायणलाई गद्यमा अनुवाद गरेर **श्रीमद्वाल्मीकीय रामायण** (सम्पूर्ण) वि.सं. २०१७ मा प्रकाशमा ल्याएका छन्। उनले **श्रीमद्भागवत**को समेत गद्य अनुवाद **श्रीमद्भागवत - महापुराण-**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम खण्ड र द्वितीय खण्ड प्रकाशित गरेका छन् । यी दुवै कृतिसाझा प्रकाशनले प्रकाशमा ल्याएको हो। यी तीनवटै कृतिको प्रकाशनले उनलाई नेपाली अनुवाद क्षेत्रका विशिष्ट र कुशल अनुवादकको रूपमा आफ्नो परिचित गरायो ।

उनले **इङ्ल्यान्डको इतिहास, भारत वर्षको इतिहास (पूर्वार्द्ध)** र **उत्तरार्द्ध** पनि प्रकाशित भइसकेका छन्। इतिहास लेखेवापत् तत्कालीन राणा सरकारले समेत उनलाई वि.सं १९९१ सालमा नगद पुरस्कारले सम्मानित गरेको थियो ।

वासुदेव त्रिपाठी

नेपाली भाषा साहित्यका क्षेत्रमा विशिष्ट योगदान दिने वासुदेव त्रिपाठीले अनुवाद गरेको जीवन **रोज्नुहोस्** (इ. १९९५) प्रकाशित भएको छ । यस ग्रन्थका विषयमा नेपाली रूपान्तरकारका तर्फबाट लेखिएको छ : 'यो जीवन रोज्नुहोस्' भन्ने ग्रन्थ पश्चिम (बेलायत) र पूर्व (जापान) का क्रमशः आर्नोल्ड, टायनबी र दाइसाकु इकेदाका बिचमा लिखित प्रश्नोत्तर र प्रत्यक्ष वार्तालापका संवाद शृङ्खलामा आधारित उत्कृष्ट अङ्ग्रेजी ग्रन्थ (Choose Life 1976) को नेपाली रूपान्तरण हो । धर्म, राजनीति, शिक्षा, संस्कृति, दर्शन आदिको केन्द्रमा जीवनको गहन अन्वेषण भएको यो कृति नेपाली भाषामा अनुवाद हुनु उल्लेख्य प्राप्ति हो । गहन कृतिको सम्यक अनुवादमा डा. वासुदेव त्रिपाठीको योगदान स्मरणीय र स्तुत्य छ । यो कृति नेपाल र एसियाली अनुसन्धान केन्द्रले प्रकाशित गरेको हो । (सुकुम) सम्पर्क: ४४७०७५३

वासुदेव लुइँटेल (वि.सं. १९७४-२०६३)

काठमाडौंको ढुङ्गेअड्डामा जन्मेका वासुदेव लुइँटेल नेपाली साहित्यमा नैकापे काका, कान्छा काजी, भूतको भिनाजु, ओमकारनाथ शर्मा आदि उपनामले पनि चिनिन्छन् । कक्षा ११ सम्मको अध्ययन गरेका लुइँटेल प्रसिद्ध हास्य-व्यङ्ग्यकार हुन् । **हास्य-व्यङ्ग्य पुस्तकालय** तथा **वासुदेव विद्यादेवी लुइँटेल पुरस्कार गुठी**को स्थापना गरी नेपाली हास्य-व्यङ्ग्य निबन्ध विधाको विकासमा यिनले महत्त्वपूर्ण योगदान गरेका छन् । यिनका एक दर्जनजति साहित्यिक कृति प्रकाशित छन् । तीमध्ये भर्तृहरिद्वारा विरचित **वैराग्य शतकम्** र **नीतिशतकम्**को **भर्तृहरिको नीतिशतक** र **भर्तृहरिको वैराग्यशतक** शीर्षकमा गरिएको नेपाली अनुवाद नेपाली भाषा प्रकाशिनी समितिबाट क्रमशः वि.सं. २००० र वि.सं. २००२ मा प्रकाशित छन् । (माधव)

वासु शशी (वि.सं. १९९३-२०४९)

वासुदेव वैद्यको साहित्यिक नाम वासु शशी हो । उनको जन्म काठमाडौंको पशुपति देवपतनमा भएको थियो । नेपाली र नेपाल भाषा दुवैको सेवा गर्ने वासु शशी मूलतः एक स्थापित कवि र नाटककार हुन् । उनका **मेरी उषा** (कविता सङ्ग्रह, वि.सं. २०१६), **पानी गल्दैन** (खण्डकाव्य, वि.सं. २०१७), **शशीका केही गीत** (वि.सं. २०२२) **फूल ओइलाएपछि** (उपन्यास, वि.सं. २०३९) **बाँसुरीमा नअटाएका धुनहरू** (नाटक सङ्ग्रह, वि.सं. २०४२) जस्ता २० वटा सिर्जनात्मक कृति छन् । तर योभन्दा ठुलो कुरा वासु शशी अनुवाद कलामा एक सिङ्गो अध्याय हुन् । **विश्वका श्रेष्ठ कथा सङ्ग्रह** (वि.सं. २०३०), फ्रान्सेली उपन्यासकार रोजेर मार्ते दुगार्दद्वारा लिखित उपन्यास **जाँ बार्बाको** अनुवाद **जाँ बार्बा** (वि.सं. २०३०), प्रसिद्ध अमेरिकी नाटककार आर्थर मिलरद्वारा लिखित नाटक **अल माइ सन्सको** अनुवाद **सारा मेरा सन्तान** (वि.सं. २०४४), उमर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खैयामका रुबाइ (वि.सं. २०६०), दोस्रो विश्वयुद्धको त्रासदीमा आधारित कृति **लङ्गेस्ट डे इन जापान**लाई **जापानको सबभन्दा लामो दिन** (वि.सं. २०४४) शीर्षकमा अनुवाद गरेका छन्। (गोविन्द)

विक्रममणि त्रिपाठी

वि.सं. २०२५ मा कपिलवस्तुमा जन्मेका विक्रममणि त्रिपाठीले रसायन शास्त्रमा गोरखपुर विश्वविद्यालयबाट स्नातकोत्तर गरेका छन्। उनले विद्यार्थी जीवनदेखि नै साहित्यिक यात्रा आरम्भ गरे। हाल *गोरखापत्र दैनिक*को अवधी भाषाको पृष्ठ संयोजक रहेका उनले १५ जना नेपाली निबन्धकार तथा १० जना हिन्दी निबन्धकारका निबन्धहरूको अवधी भाषामा अनुवाद तथा सम्पादन गरी वि.सं. २०७० मा नेपाल प्रज्ञा-प्रतिष्ठानबाट **अवधी निबन्ध** शीर्षकमा प्रकाशित गरेका छन्। उनले वि.सं. २०६९ मा भवानी भिक्षु स्मृति प्रतिष्ठानद्वारा प्रकाशित **भवानी भिक्षुकै प्रतिनिधि कथा** नामक पुस्तकमा भिक्षुका २० वटा कथाहरूको आफू तथा अन्य अनुवादकहरूबाट अनुवाद गराई सम्पादन गरेका थिए। उनले नेपाल प्रज्ञा-प्रतिष्ठानको अनुवाद साहित्य विभागबाटै १५ जना नेपाली कथाकार तथा १० जना हिन्दी कथाकारका कथाहरूलाई अनुवाद गरेका छन्। उक्त पुस्तक हाल प्रकाशोन्मुख छ। यसै प्रकारले वि.सं. २०७२ देखि प्रकाशित **वटोही** द्वैमासिक साहित्यिक पत्रिकाको अङ्क १, २ र ३ मा उनका नेपाली अनुवादसहितका लेखहरू प्रकाशित छन्। नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित बहुभाषिक पत्रिका **सयपत्री**मा त्रिपाठीका लेखहरू नेपालीमा अनुवादसहित प्रकाशित छन्। त्यसै गरी उनले अवधी भाषाको औपचारिक शिक्षाको कक्षा १ तथा २ का विज्ञान, गणित तथा सामाजिक शिक्षाका पाठ्य पुस्तकहरूलाई पाठ्यक्रम विकास केन्द्र सानोठिमीको निमित्त अनुवाद गरेका छन्। कथालय प्रकाशनबाट प्रकाशित विभिन्न साहित्यकारका ५० वटा बाल साहित्यलाई उनले अवधी भाषामा अनुवाद गरेका छन्। यसका साथै उनले अवधीभाषी समाजमा पाइने २० वटा बाल दन्त्य कथालाई नेपालीमा अनुवाद गरेर २० वटा पुस्तिकाका रूपमा युनेस्को काठमाडौँबाट प्रकाशनका क्रममा छन्। (गोविन्द) सम्पर्क: ९८५१०५१९७५

विजयेश्वर वैद्य

विजयेश्वर वैद्यको जन्म वि.सं. २०१८ मा पाटनमा भएको हो। एम.बी.बी.एस.सम्म अध्ययन गरेका वैद्य पेसाले चिकित्सक हुन्। हाल उनी बेलायतमा बसोवास गर्दै आएका छन्। श्रेष्ठ सिरपाबाट सम्मानित भइसकेका डा. वैद्यले **खेलुइता** साहित्यिक पत्रिका र **मत जः** निबन्ध पुस्तक पनि सम्पादन गरेका छन्। **जःया जातः, ध्याचःगु लँय् (निबन्ध), भारतया न्हू बाखं, वँय् बुराया न्हिसफू** (अनुवाद उपन्यास) डा. विजेश्वर वैद्यका कृतिहरू हुन्। उनले अनुवाद गरेको Bharatya Nhu Bakha Muna (Modern Short Stories) **भारतया न्हू बाखं मुना** (वि.सं. २०५९) साहित्य गुथि तथा जुनिचिरो तानाकाजीद्वारा लिखित उपन्यास **अ म्याड म्यान्स डायरी वँय् बुराया न्हिसफू** (वि.सं. २०५०) पलेस्वां पिथनाले प्रकाशित गरेका छन्। (नवीन)

विजयकुमार रौनियार

वि.सं. २०१२ मा महोत्तरीको जलेश्वरमा जन्मेर अङ्ग्रेजी साहित्यमा विद्यावारिधि गरेका **विजयकुमार रौनियार**ले लामो समयसम्म त्रिविअन्तर्गत प्राध्यापन सेवामा व्यतीत गरे। उनी नेपाली, मैथिली, हिन्दी र अङ्ग्रेजी गरी चौभाषिक क्षमता भएका अनुवादक हुन्। *मधुपर्क, गरिमा, शारदा, कान्तिपुर* जस्ता प्रकाशनमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनका अनूदित रचनाहरू छापिएका छन्। उनले सन् १९६८ का नोवेल पुरस्कार विजेता जापानी स्रष्टा **यासुनारी कावावाता** (इ. १८९९-१९७२) को **मिजुमी** शीर्षक उपन्यासको अङ्ग्रेजी अनुवाद **द लेकलाई ताल** शीर्षकमा अनुवाद गरे। यसलाई वि.सं. २०६८ मा नेपाल प्रज्ञा-प्रतिष्ठानले प्रकाशन गरेको छ। यस कृतिले दोस्रो विश्वयुद्धपछिको विभग्न जापानी समाजको चित्रण प्रस्तुत गर्दछ र यो संस्मरणात्मक शैलीमा लिखित अधुरो उपन्यास मानिन्छ। कावावाताका उपन्यासमध्ये अङ्ग्रेजीमा अनूदित **थाउजेन्ड क्रेन्ज र द स्नो कन्ट्री** पनि नेपालीमा अनुवाद भएको छ (हे. क्षेत्रप्रताप अधिकारी)। रौनियारले गरेका **ब्रेभ न्यु वर्ल्ड**, १९८४ र **ग्रेट ग्याट्स्बी**का नेपाली अनुवाद प्रकाशोन्मुख छन्। (बलराम) सम्पर्क: ९८४१२११८८५६

विजय चालिसे

विजय चालिसेको जन्म काठमाडौँको आरुबारीमा वि.सं. २००८ मा भएको हो। लामो समय अध्ययन र पत्रकारितामा समर्पित रहेका चालिसे एक बहुकृतिक स्रष्टा हुन्। उनी बाल साहित्यकार, अनुसन्धाता, सम्पादक, अनुवादक, पत्रकार आदिका रूपमा परिचित छन्। यी सबै क्षेत्रमा उनी सिद्धहस्त प्रतिभा हुन्। **होटल राँकीमा हत्या** (वि.सं. २०३१), **अनि कुइरो फाट्छ** (वि.सं. २०३६) जस्ता उपन्यास, **अप्रिलको बेलायत** (वि.सं. २०४५) जस्तो नियात्रा, **आम सञ्चारका विविध पक्ष** (वि.सं. २०५७), **आमसञ्चार, द्वन्द्व र आतङ्कवाद** (वि.सं. २०६०) जस्ता कृतिका सर्जक चालिसेले तीनवटा कृतिको अनुवाद गरेका छन्। ती हुन् अमेरिकी स्वैरकल्पना प्रयोक्ता चाल्स डजसनको बाल आख्यान **एलिस इन वन्डरल्यान्ड**को अनुवाद **अनौठो भूमिमा एलिस** (वि.सं. २०५० मा बाल कोसेली प्रकाशन, काठमाडौँबाट प्रकाशित), **विश्व प्रसिद्ध बालकथा सङ्ग्रह - भाग १ र २** (वि.सं. २०५७ र २०५८), **प्रसिद्ध चिनियाँ बालकथाहरू** (वि.सं. २०५८)। (**एलिस इन वन्डरल्यान्ड**को अर्को अनुवादको लागि हे. चूडामणि बन्धु) (गोविन्द) सम्पर्क: ४४७११२१, ९८४१४७५४६७

विनयकुमार शर्मा

विनयकुमार शर्माको जन्म काठमाडौँको बागबजारमा वि.सं. २०१९ मा भएको थियो। स्नातकसम्मको अध्ययन गरेका शर्माले सृजना, समलोचना, सम्पादन र अनुवादद्वारा विविध क्षेत्रमा योगदान दिँदै आएका छन्। **नेपाली महाकवि र महाकाव्य** (वि.सं. २०५९) उनको बृहत् अध्ययनको सार ग्रन्थ हो। उनको अधिक समय शब्दकोशहरूको निर्माण र सम्पादनमा बितेको देखिन्छ। उनले भगवती चरण बर्माको चर्चित उपन्यास **चित्रलेखा**को सोही शीर्षकमा अनुवाद पनि गरेका छन्। (**चित्रलेखा**को पहिलो अनुवाद हे. तारणीप्रसाद कोइराला।) उनका **माथापच्ची** (वि.सं. २०७०) र **पुनरावृत्ति** (वि.सं. २०७३) जस्ता निबन्ध सङ्ग्रह प्रकाशित छन्। (गोविन्द) सम्पर्क: ९८४१४९६१०३

विनित ठाकुर

वि.सं. २०३२ फागुन १४ गते धनुषाको मिथिलेश्वर मौवाही गाउँमा जन्मिएका विनित ठाकुर काठमाडौँमा शिक्षण पेसामा संलग्न छन्। ललितपुरको इमाडोलमा बस्दै आएका ठाकुरका मैथिलीबाट नेपालीमा अनूदित **मैथिलीका प्रतिनिधि कथाहरू** (वि.सं. २०७०) प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित छ। यस कथा सङ्ग्रहमा मैथिली भाषाका २६ वटा चर्चित कथाकारका एक-एक कथाको अनुवाद सङ्कलित छ। त्यस्तै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी उनले प्रज्ञा-प्रतिष्ठानको विश्व साहित्य तथा अनुवाद विभागको मातहतमा युगकवि सिद्धिचरण श्रेष्ठका ५० वटा नेपाली कविताको हिन्दीमा अनुवाद गरेका छन् जुन अहिले प्रकाशनको पर्खाइमा छ। हाल प्रज्ञा-प्रतिष्ठानको *आँगन* पत्रिकाका सम्पादकसमेत रहेका अनुवादक ठाकुरले यस पत्रिकाको विभिन्न अङ्कमा भोजपुरी, हिन्दी, र नेपाली भाषाका लेख र रचनालाई मैथिलीमा अनुवाद गरेका छन् जसमा गोपाल अश्कको चर्चित भोजपुरी कथा *नैहरके चुनरी* पनि रहेको छ। त्यसै गरी उनले *सयपत्री* पत्रिकाको (अङ्क ३१) लोक कथा विशेषाङ्कमा साहित्यकार दिनेश गुप्ताद्वारा सङ्कलित भोजपुरी लोककथा (बाघ आ सियार) लाई नेपालीमा अनुवाद गरेका छन्। (बलराम) सम्पर्क: ९८४१५६३४०८

विनोदप्रसाद धिताल (वि.सं १९८०-२०४६)

विनोदप्रसाद धितालको जन्म त्रिपुरेश्वर, काठमाडौँमा भएको थियो। संस्कृतमा एम.ए. गरेका धितालले निजामती सेवा, अध्यापन र साहित्यमा जीवन बिताए। उनका मुख्य कृति हुन्- **राधा मिलन** (खण्डकाव्य, वि.सं. २०१३), **उज्यालो हुनुअघि** (उपन्यास, वि.सं. २०२८), **योजनगन्धा** (उपन्यास, वि.सं. २०५२)।

उनले रघुनाथ दात्रोलकरले लेखेका **श्री साई सच्चरित्र**को नेपाली अनुवाद वि.सं. २०५५ मा स्वयम्ले प्रकाशित गरेका थिए भने वि.सं. २०२२ मा **आचार्य विष्णुगुप्त अर्थात् कौटिल्यद्वारा लिखित चाणक्य**को नेपाली अनुवाद पनि प्रकाशित गरेका थिए। उनले प्रसिद्ध साहित्यकार दाँते अलिग्हियारीको विश्व प्रसिद्ध कृति डिभाइन कमेडीको नेपाली अनुवाद **डिभाइन कमेडी** शीर्षकमा अनुवाद गरेका छन् जसलाई वि.सं. २०४० मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले प्रकाशित गरेको थियो। (जयदेव)

विनोदमान राजभण्डारी (वि.सं. २००७-२०७३)

विनोदमान राजभण्डारीको जन्म काठमाडौँको डिल्लीबजारमा भएको हो। व्यापार र व्यवस्थापनमा संलग्न राजभण्डारीले विभिन्न पत्रपत्रिकामा आध्यात्मिक विषयका लेखहरू प्रकाशन गरेका छन्। विभिन्न ठाउँमा भ्रमण गरिसकेका राजभण्डारीले दुईवटा पुस्तक नेपाल भाषाबाट नेपालीमा अनुवाद गरेका छन्। ती हुन्- **दँय्दसं न्यायेका वयाच्वंगु नख:चख:लाई सालाना मनाउँदै आइरहेको चाडपर्व** (वि.सं. २०६४), शीर्षकमा र **प्वाथंनिसें सीधंका: तकया संस्कार**लाई **गर्भदेखि मरणोपरान्त सम्मका संस्कार** शीर्षकमा अनुवाद गरी (वि.सं. २०६५) मा प्रकाशन गरेका छन् भने **सनातन स्क्रिप्चर्स इन क्रोनोलोजी** नामक पुस्तक पनि प्रकाशित गरेका छन्। (नवीन)

विन्दया सुब्बा

विन्दया सुब्बाको जन्म दार्जिलिङको तीनधारेमा सन् १९५५ मा भएको थियो। स्नातकसम्मको अध्ययन गरेर स्वास्थ्य सेवामा लागेका सुब्बा मौलिक आख्यानकार हुन्। उनका कथा र उपन्यास धेरैले रुचाएको पाइन्छ। **कथाक्रम** (इ. १९८४), **फूलहरू: पहाडहरू: धर्साहरू** (इ. १९८४, उपन्यास), **अथाह** (इ. १९९९, उपन्यास) जस्ता कृतिहरूकी लेखिका सुब्बाका मौलिक र अनूदित गरी १५ कृति प्रकाशित छन्। आफ्नो उपन्यास **अथाह**का निमित्त सन् २००३ को साहित्य अकादेमी पुरस्कार प्रापक विन्दया एक सफल अनुवादक पनि हुन्। उनका कृतिहरूको पनि अङ्ग्रेजीमा अनुवाद भएको छ (हे. मनप्रसाद सुब्बा)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विन्दचाले हिन्दीभाषी लेखक जैनेन्द्रकृत उपन्यास **त्यागपत्र**लाई **अनुवाद गरी सोही शीर्षकमा** (इ. १९७८) प्रकाशित गराएकी छन्।

त्यसै गरी उनले डा. प्रतिभा रायको उडिया भाषाको उपन्यास **यज्ञसेनी** (इ. १९८५) को हिन्दी अनुवाद **द्रौपदी**लाई सोही शीर्षकमा नेपालीमा अनुवाद गरेकी छन्। यसलाई निर्माण प्रकाशन सिक्किमले सन् २०१२ मा बाहिर ल्याएको हो। यसलाई उडियाबाट हिन्दीमा शंकरलाल पुरोहितले अनुवाद गरेका थिए। **द्रौपदी**को गाथालाई वर्तमान परिप्रेक्ष्यमा पुनर्भ्रमण गर्दै लेखिएको डा. रायको यो बहुचर्चित आख्यान अनूदित हुँदा नेपाली भाषाको सृजनात्मक शैली, सरलता र मौलिकताले भिजेको छ। यसको पृष्ठभागमा दुवै स्रष्टाको तस्बिर देख्दा एउटा सह-सम्बन्ध स्थापित गरी यो बृहत् कृतिको अनुवाद भएको प्रस्ट हुन्छ। प्रसिद्ध कृतिका लेखकसित अनुवादक पनि जोडिएका हुन्छन् जसरी मार्केजसँग ग्रेगरी राबासाको नाम आउँछ। बहुकृतिक उडिया स्रष्टा रायको **यज्ञसेनी**ले साहित्य एकादेमीबाट सन् १९९३ मा भारतीय ज्ञानपीठ पुरस्कार प्राप्त गरेको थियो। यो पठनीय उत्कृष्ट सम्पदा दक्ष हातबाट नेपालीमा आएको छ। (गोविन्द)
सम्पर्क: ९४३४८७३२००

विभोर बराल

विभोर बरालले वेभर्ली नाइडुद्वारा लिखित **जर्नी टु जो'बर्ग** शीर्षकको बाल उपन्यासलाई **जोहानिसबर्गको यात्रा** शीर्षकमा अनुवाद गरेका छन्। दक्षिण अफ्रिकी वेभर्ली नाइडु मूलतः बाल साहित्यकार हुन्। सन् १९८६ मा प्रकाशित **जर्नी टु जो'बर्ग**ले 'जोसेट फ्रयाङ्क अवार्ड' जितेको थियो। यसको नेपाली अनुवादलाई बाल साहित्य प्रतिष्ठान नेपालले वि.सं. २०७१ मा प्रकाशन गरेको हो। अनूदित उपन्यास जम्मा १०७ पृष्ठको रहेको छ। (बलराम)

विमलकुमार सुवेदी

तेह्रथुमको साबालामा वि.सं. २०१३ मा जन्मेका विमलकुमार सुवेदीले अङ्ग्रेजीमा विद्यावारिधि गरेका छन्। सुवेदी करिब डेढ दशकदेखि अनुवाद क्षेत्रमा सक्रिय रहँदै आएका छन्। विशेष गरी अङ्ग्रेजीबाट नेपालीतर्फको अनुवादमा विशेष दख्खल राख्ने सुवेदीका आधा दर्जन अनूदित पुस्तक प्रकाशित देखिन्छन्। ती यस प्रकार छन् :

१) हर्मन हेस्सेको उपन्यास **सिद्धार्थ** (वि.सं. २०६०, मकालु प्रकाशन)
२) राजीव ताम्वेको **द वन्डरफुल सिक्रेट्स अफ साइन्स**लाई **अचम्मका विज्ञानका रहस्य** शीर्षकमा वि.सं. २०७१, कथालय प्रकाशन, काठमाडौँ)
३) प्रिया नारायणको **द मुन वान्ट्स टु बी स्पटलेस बाइट**लाई **जुनलाई बेदाग गोरो बन्न मन लागेपछि** (वि.सं. २०७१, कथालय प्रकाशन)
४) राजीव ताम्वेको **ह्वाट अ वन्डरफुल वर्ल्ड**लाई **आहा क्या विचित्रको संसार** शीर्षकमा (वि.सं. २०७३, कथालय प्रकाशन)
५) यान च्येको **ज्याक एन्ड अलिबाबा**लाई **ज्याक मा र अलिबाबा** (वि.सं. २०७४, मकालु बुक्स काठमाडौँ)
६) हुवाओ ह्वाजेनको **डोङ्मिन्भ्यु एन्ड ग्रि**लाई **डोङ्मिन्भ्यु एन्ड ग्रि** शीर्षकमा (वि.सं. २०७५, मकालु बुक्स, काठमाडौँ)

अनुवादक सुवेदीका फुटकर अनुवादहरू पनि प्रकाशित छन्। (बलराम) सम्पर्क: ९८४१४४१०१२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विमल ताम्राकार

विमल ताम्राकारको जन्म वि.सं. २०२१ मा भक्तपुरमा भएको हो। थुप्रै साहित्यिक सङ्घ-संस्थामा आबद्ध ताम्राकारका नेपाल भाषामा प्रकाशित कृतिहरूमा तिलिकता स्वां (ने.सं. ११११), **फिसः** (ने.सं. १११२) जीस्वां (ने.सं. १११३), **लिच्वः लकसं ब्वलंगु** (ने.सं. १११३) **झी मा. पशुपतिभक्त धौभारीजु** (ने.सं. १११४), साकुरा (ने.सं. १११५) **वंगल हः** (ने.सं. १११६), **खुसि व किसि** (ने.सं. १११६), **मिगुलि** (ने.सं. १११७), **मलः जुजु व किसित** (ने.सं. १११७), **हाइकु गथे च्वयेगु** आदि रहेका छन्। सम्पादन र अनुवाद गर्ने काममा पनि ताम्राकारको कलम चलेको पाइन्छ। **नेपाल भाषामा- ल्यया** (चिनाखँ ने.सं. १११४), **लुँध्वाखा चिबाखं मुना : छब्व** (ने.सं. १११५), **तुलालानी** (ने.सं. १११७), राज (ने.सं. ११२०) पुस्तक तथा **लुँध्वाखा पत्रिका** (ने.सं. १११४) प्रकाशन भइसकेका छन्।

जापानी भाषामा लेखिएका कथाहरू सङ्कलन गरी निप्पोनया बाखं (वि.सं. २०६१) नामबाट नेपाल भाषामा अनुवाद गरेका छन्। विविध पुरस्कार : न्हूगु विश्वभूमि सिरपा (वि.सं. २०५१), सिद्धि गोपाल सिरपा (ने.सं.११५३), हेमराज हःपाः र चित्तधर सिरपा प्राप्त गरेको छ। (नवीन) सम्पर्कः ९८४१३७४०६५

विश्वम्भर चञ्चल (घिमिरे)

विश्वम्भर घिमिरेको जन्म वि.सं. १९९८ मा काठमाडौँमा भएको थियो। उनी साहित्य क्षेत्रमा विश्वम्भर चञ्चलको नामले चिनिँदै आएका छन्। कथा र बाल साहित्यमा विशेष स्थान बनाएका चञ्चलले बाल साहित्यको क्षेत्रमा अनुवादका माध्यमबाट पनि योगदान दिँदै आएका छन्।

उनले उन्नाइसौँ शताब्दीका प्रसिद्ध अमेरिकी लेखक मार्क ट्वाइनले लेखेको द एड्भेन्चर अफ टम सएर नामक आख्यानको अनुकूलन गरी **टमको बहादुरी** प्रकाशमा ल्याएका छन्। यस्तै वि.सं. २०५२ मा अङ्ग्रेजीबाट **गुलिभर्स ट्राभल्स**को नेपाली अनुवाद **बामपुङ्केको देश** पनि छापिएको छ। उनले अङ्ग्रेजीबाटै रिड मी अ **स्टोरी**को नेपाली अनुवाद **मलाई एउटा कथा भन्नोस् न** वि.सं. २०५५ मा प्रकाशित गरेका छन्। यी तीनै वटा कृतिको प्रकाशक साझा प्रकाशन रहेको छ। (जयदेव) ४४२१३९१

विश्वेश्वरी अधिकारी

वि.सं. २०११ फागुन २९ गते रामघाट, वाराणसीमा जन्मेकी विश्वेश्वरी अधिकारीले टीकाराम अधिकारीद्वारा लिखित **गोविन्दचरितामृतम्** शीर्षकको संस्कृत काव्यलाई सोही शीर्षकमा नेपाली भाषामा अनुवाद गरेकी छिन्। सो काव्य दमयन्ती सुवेदी, काठमाडौँबाट वि.सं. २०६२ मा प्रकाशित भएको छ। (माधव)

विश्वनाथ भट्टराई (वि.सं. १९९६-२०७४)

विश्वनाथ भट्टराईको जन्म ताप्लेजुङको मैवाखोला, साँघुमा भएको थियो। उनले त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा एम.ए. तथा संस्कृत साहित्यमा आचार्य गर्नुका साथै सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसीबाट नव्यन्याय विषयमा आचार्य गरेका छन्। अध्यापन एवम् सरकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेवामा संलग्न भट्टराईका मौलिक र अनूदित गरी छवटा कृति प्रकाशित छन्। उनी साहित्य समीक्षकका रूपमा चिनिन्छन्। महाकवि अश्वघोषद्वारा लिखित बुद्धको चरित्रमा आधारित **बुद्धचरितम्** नामक संस्कृत महाकाव्यलाई **बुद्ध चरित्र महाकाव्य** शीर्षकमा अनुवाद गरेका छन्। सो अनूदित कृति नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट वि.सं. २०३९ मा प्रकाशित भएको छ। त्यसै गरी व्यासविरचित **नीतित्रयम्**को **तीन नीति** (वि.सं. २००३) शीर्षकमा गरिएको नेपाली अनुवाद उनको अर्को कृति हो। (माधव) (सम्पर्क: ९८५१०७९४४५)

विद्यानाथ उपाध्याय भट्ट

वि.सं. १९९७ मा काठमाडौंको नरदेवीमा जन्मेका विद्यानाथ उपाध्याय भट्टले नव्य न्यायमा आचार्य तहसम्मको अध्ययन गरी त्रिभुवन विश्वविद्यालय तथा नेपाल संस्कृत विश्वविद्यालयमा लामो समय सोही विषयको प्राध्यापन गरे। उनका तन्त्रसम्बन्धी दुईवटा मौलिक कृति **तन्त्रविद्यालोक** र **अक्षमालातन्त्र** प्रकाशित छन् भने आचार्य पुण्यानन्दद्वारा विरचित **कामकलाविलास** नामक ग्रन्थमाथि **श्रीविद्याप्रकाश** नामक पद्य भाष्यानुवाद जयतु संस्कृतम् नामक संस्थाबाट वि.सं. २०७१ मा प्रकाशित भएको छ। (माधव)। (सम्पर्क: ९८४१२५४४६५)

विष्णुकुमार सिँजाली

स्याङ्जाको निबुवाखर्कमा वि.सं. २०३३ मा जन्मेका विष्णुकुमार सिँजाली समाज शास्त्र विषयका विद्यावारिधि तहका शोधार्थी हुन्। सिँजालीले मगर-नेपाली भाषाबिच निकै फुटकर काम गरेका छन् जसमध्ये केही प्रज्ञा-प्रतिष्ठानको **सयपत्री** पत्रिकामा प्रकाशित छन्। उनले हिरामती राना सिँजालीसँगको सहकार्यमा निर्मित **मगर ढुटाङ** (वि.सं. २०३३) शीर्षकमा त्रैभाषिक (मगर, नेपाली, अङ्ग्रेजी) भाषा पुस्तकमा काम गरेका छन्। यसका प्रकाशक काठमाडौंका सोमबहादुर राना रहेका छन्। हिरामती राना सिँजालीका पनि द्वैभाषिक रचनाहरू प्रकाशित छन्। (गोविन्द) सम्पर्क: ९८४१२९१०२२

विष्णुराज आत्रेय

विष्णुराज आत्रेयको जन्म वि.सं. २००३ मा रस्मिनीलय तौलिहवामा भएको थियो। व्याकरणाचार्य तथा एम.ए. गरेका आत्रेयको साहित्यिक नाम 'लाटो साथी' पनि रहेको छ। अवधी भाषाका ज्ञाता आत्रेयले लामो समयसम्म प्राध्यापन गरी हाल सेवा निवृत्त जीवन व्यतीत गरिरहेका छन्। बहुकृतिक स्रष्टा आत्रेयले नेपाली र संस्कृतमा समेत कविता, निबन्ध, समीक्षा, व्याख्यान सम्पादन गरी दुई दर्जनभन्दा बढी कृति प्रकाशित गरेका छन्। विविधसम्मान र पुरस्कार प्राप्त गरेका डा. आत्रेयका तीनवटा महत्त्वपूर्ण अनूदित कृति यस प्रकार रहेका छन्।

क) सचित्र नेपाली **हनुमान चालिसा** (वि.सं. २०५६) तुलसीदासकृत अवधी भाषाको **हनुमान चालिसा** भक्ति साहित्यको एक महत्त्वपूर्ण रचना हो। यसको प्रकाशक हो सर्वदा वाङ्मय प्रतिष्ठान।

ख) महाकवि कालिदासकृत खण्डकाव्य **मेघदूतम्**लाई **नयाँ मेघदूत** शीर्षकमा एड्भान्स एकेडेमी कुपन्डोलले वि.सं. २०६२ मा प्रकाशित गऱ्यो। यो श्रृङ्गार साहित्यको व्याख्यात्मक अनुवाद हो। त्यसै गरी महाकालद्वारा लिखित **कर्पूरस्तव** शीर्षक **संस्कृतस्तोत्र काव्य**लाई **दक्षिणकाली स्तोत्रम्** शीर्षकमा एसिया पब्लिकेसनले वि.सं. २०६५ मा प्रकाशनमा ल्यायो। (गोविन्द) सम्पर्क: ४४७३५२५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वीणा कंसाकार

वीणा कंसाकारको जन्म वि.सं. २०१३ मा भएको थियो । हाल उनी क्षेत्रपाटीमा बसोवास गर्दै आएकी छन् । विभिन्न पत्रपत्रिकामा लेख लेख्ने कंसाकार जापानी साहित्य अनुवाद समितिका सदस्य (वि.सं. २०४२) हुन् । पद्मकन्या क्याम्पसबाट मनोविज्ञानमा स्नातक गरेकी कंसाकारले विश्वभाषा क्याम्पसबाट जापानी भाषा कोर्स र प्रयाग सङ्गीत समितिबाट सितार वादनमा सिनियर डिप्लोमा गरेकी छिन् ।

कंसाकारले **जापानिज फोकलोर इन इङ्लिस**लाई नेपाल भाषामा **जापानया पुलां बाखं** शीर्षमा अनुवाद गरिन् २२ वटा कथा सङ्कलित छन् । यसलाई वि.सं. २०४४ मा साहित्य गुठीले प्रकाशन गरेको हो । (नवीन) सम्पर्क: ९८०८६२४१४०

वृहस्पति पौडेल (वि.सं. २०१०-२०२८)

ललितपुरको लामाटार, ठुलाघरमा जन्मेका वृहस्पति पौडेलले बनारसमा बसी संस्कृत साहित्यमा शास्त्रीसम्मको अध्ययन गरेका थिए । यिनले के.एल.भी. शास्त्रीद्वारा लिखित **लीलाविलास प्रहसन**को सोही शीर्षकमा नेपाली अनुवाद गरी वि.सं. २०१९ मा नयनाथ पौडेलद्वारा प्रकाशित गराएका थिए । महाकवि भासले रचना गरेको **प्रतिमा नाटक**को पनि सोही शीर्षकमा नेपाली अनुवाद गरी उनले वि.सं. २०२८ मा सोमनाथ पौडेलद्वारा प्रकाशित गराएका थिए । (माधव)

वेणीमाधव ढकाल

वि.सं. २००७ मा पाल्पाको ठिमुरेमा जन्मेका वेणी (माधव) ढकालले संस्कृत साहित्य एवम् दर्शनमा आचार्यसम्मको अध्ययन गरी विद्यावारिधिसमेत गरेका छन् । प्राध्यापक ढकालका मौलिक र अनूदित गरी १८ वटा कृतिहरू प्रकाशित छन् । तीमध्ये **ब्रह्मसूत्र शाङ्करभाष्य** (टीकानुवाद, वि.सं. २०५५), **निर्णयसिन्धु** (टीकानुवाद, वि.सं. २०६८), **कार्यवीर्योदयमकरन्द** (टीकानुवाद, वि.सं. २०६९) र **विवाह पद्धति** (वि.सं. २०६९) उनका अनूदित कृतिहरू हुन् । (माधव) सम्पर्क: ९८५७८२१९०१, ०१-४३११३३०)

वैकुण्ठप्रसाद लाकौल (वि.सं. १९६३-२०६३)

वैकुण्ठप्रसाद श्रेष्ठ (लाकौल) को जन्म भक्तपुरमा भएको हो । बी.ए., फिजिकल एजुकेसन डिप्लोमा गरेका लाकौल कविता, निबन्ध, कथा, छन्द, काव्य शास्त्रका लेखक र अनुवादकसमेत हुन् । उनले नेपाल भाषाको **गुलिंचा** शीर्षकको कविता पुस्तक सम्पादन गरेका छन् । भाषाजवाः उपाधि प्राप्त लाकौल नेपाल भाषा एकेडेमीका चान्सलर, नेपाल भाषा परिषद्का अध्यक्ष, वैकुण्ठ लाकौल सिरपा र चैन लाकौल सिरपाका संस्थापक हुन् । नेपाल भाषामा रोमानीवादको प्रादुर्भाव गर्ने कवि लाकौल नै थिए । **कंस्वां (कविता), बुद्ध धर्म व नेपाल भाषा (पुनर्मुद्रण) को सम्पादन, गांया ममता (कथा), नेपालय् स्थविरवाद गुकथं वःगु** खः ? उनका कृतिहरू हुन् । उनले चित्तधर हृदयद्वारा लिखित **चित्तधर 'हृदय' या देगः** लाई **अङ्ग्रेजीमा** Chittadhar Hridaya's Pagoda शीर्षकमा (प्रकाशकः **हर्षरत्न तुलाधर**, इ. १९५८) अनुवाद गरेका छन् । साथै स्याम्युएल टेलर कलरिजद्वारा लिखित **द राइम अफ द एन्सिएन्ट मेरिनर**लाई **कलरिजजुया पुलांम्ह**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मल्लाहया बाखं-मे शीर्षकमा नेपाल भाषामा अनुवाद गरी वि.सं. २०३९ मा लाकौल प्रकाशनबाट प्रकाशित गराएका थिए। (नवीन)

वैयाकरण नेपाल (१९१२-१९७९)

भोजपुरको पोखरेमा जन्मेका वैयाकरण नेपालले बनारसमा रही संस्कृत व्याकरण एवम् ज्योतिष शास्त्रको अध्ययन गरेका थिए। यिनका चारवटा कृति प्रकाशित छन्। तीमध्ये अनूदित कृतिका रूपमा वाल्मीकि रामायणको **किष्किन्धा काण्ड**को नेपाली पद्यानुवाद वि.सं. १९४८ मा प्रकाशित भएको देखिन्छ। (माधव)

शंकर कोइराला (वि.सं. १९८७-२०५४)

शंकर कोइरालाको जन्म दुम्जा, सिन्धुलीमाढीमा भएको थियो। स्नातकसम्मको अध्ययन गरेका कोइराला पेसागत रूपमा साझा प्रकाशनसँग आबद्ध थिए। उपन्यास र कथा गरी चार दर्जनभन्दा बढी आख्यान कृति प्रकाशन गरेका कोइराला नेपाली आख्यान लेखनमा एक चर्चित नाम हो। उनले अनुवाद गरेको उपन्यासको नाम हो **माझीकी स्वास्नी** (वि.सं. २०२६)। मूल लेखक शाहीदुल्ला कैसर रहेको यस अनुवादलाई साझा प्रकाशनले बाहिर ल्याएको थियो। (बलराम)

शक्तिवल्लभ अर्ज्याल (वि.सं. १७८१-१८६३)

गोरखाको पोखरीथोकमा जन्मेका शक्तिवल्लभ अर्ज्याल प्राथमिककालीन साहित्यकार हुन्। ज्योतिष एवम् संस्कृत साहित्यका ज्ञाता अर्ज्यालका मौलिक र अनूदित गरी १२ वटा कृतिहरू रहेका छन्। तीमध्ये महाभारत विराट पर्व (वि.सं. १८२६) र आफैले संस्कृत भाषामा लेखेको **हास्यकदम्ब** (वि.सं. १८५२) को सोही शीर्षकमा गरिएको नेपाली अनुवाद उनका अनूदित कृतिहरू हुन्। **हास्यकदम्ब**को नेपाली अनुवाद रचना प्रकाशनद्वारा वि.सं. १८५५ मा प्रकाशित भएको थियो। (माधव)

शम्भुप्रसाद ढुङ्गेल (वि.सं. १९४५-१९८६)

काठमाडौँको टेबहालमा जन्मेका शम्भुप्रसाद ढुङ्गेल 'आशुकवि' उपाधिले विभूषित माध्यमिक कालका प्रसिद्ध कवि हुन्। संस्कृतमा मध्यमासम्मको अध्ययन गरेका ढुङ्गेल संस्कृत, नेपाली, उर्दू, बङ्गाली, हिन्दी, नेवारी र अङ्ग्रेजीका ज्ञाता थिए। उनका मौलिक र अनूदित गरी ४९ वटा कृति रहेका छन्। तीमध्ये हर्षदेवद्वारा लिखित **मालतीमाधव** शीर्षकको संस्कृत नाटकको सोही शीर्षकमा गरिएको नेपाली अनुवाद पुरातत्त्व विभागले वि.सं. २०२६ मा प्रकाशित गरेको थियो भने हर्षदेवद्वारा नै लिखित 'रत्नावली' नाटिकाको सोही शीर्षकको नेपाली अनुवाद वि.सं. १९७२ मा प्रकाशित भएको थियो। कालिदासको **अभिज्ञान शाकुन्तलम्** को **शकुन्तला** शीर्षकमा उनले गरेको नेपाली अनुवाद वि.सं. १९७३ मा प्रकाशित भएको थियो भने उनको अर्को अनूदित कृति **प्रियदर्शिका** नाटक रहेको छ। (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शरच्चन्द्र वस्ती

सुनसरीको धरानमा वि.सं. २०१३ मा जन्मेका शरच्चन्द्र वस्तीले बनारसबाट संस्कृत साहित्यमा स्नातकोत्तर गरेका छन् । त्रिविअन्तर्गत अध्यापन कार्यमा संलग्न वस्तीको अध्ययन र चिन्तनको मूल क्षेत्र नेपाली भाषा प्रयोगको शिष्टरूप हो । उनको **हाम्रो भाषा** (वि.सं. २०६५) नेपाली प्रयोक्ता उन्मुख अनुसन्धानमूलक एक मानक पुस्तक हो । उनले हिन्दी-नेपालीबिच राम्रा कृतिहरूको अनुवाद गरेका छन् । उनले गिजुभाईको हिन्दीमा अनूदित **दिवास्वप्न**लाई सोही शीर्षकमा अनुवाद गरी ज्ञान विज्ञान सहकारी संस्था काठमाडौँबाट वि.सं. २०६८ मा प्रकाशित गरेका छन् । त्यसै गरी उनले गिजुभाईको अर्को पुस्तक **माँ बापाँ की माथापच्ची**लाई **हामी आमाबाबु** (वि.सं. २०७१) शीर्षकमा अनुवाद गरेका छन् । यसको प्रकाशन सिकाइ समूह, काठमाडौँबाट भयो । त्यसको दुई वर्षपछि उनले विश्व प्रसिद्ध शिक्षाविद् जोहन होल्टद्वारा अङ्ग्रेजीमा लिखित **द अन्डर-अचिभिङ स्कुल चिल्ड्रेन**लाई **असफल स्कुल** शीर्षकमा नेपालीमा अनुवाद गरे । यसलाई पनि सिकाइ समूहले नै वि.सं. २०७३ मा प्रकाशन गऱ्यो । नेपाली भाषाका एक मानक स्तम्भ मानिएका वस्तीले प्राविधिक अनुवादको शिष्ट र मानक रूपको स्थापना गरेका छन् । (गोविन्द) सम्पर्क: ९८५१०१९६८८

शशिकला मानन्धर

काठमाडौँको वसन्तपुरमा वि.सं. २०१६ मा जन्मेकी शशिकला मानन्धरले त्रिभुवन विश्वविद्यालयबाट वनस्पति शास्त्रमा एम.एस्सी. गरेकी छन् । सरकारी सेवामा संलग्न रही वैज्ञानिक अधिकृत पदसम्म पुगेर हालै सेवा निवृत्त भएकी मानन्धर लेखनमा सक्रिय छिन् । मानन्धरले नेपाल भाषा र नेपालीमा गरी एक दर्जन कृति (उपन्यास, नाटक, कथा) लेखेकी छन् । उनले आफैले लेखेका दुई उपन्यास र एक पूर्णाङ्की नाटकको नेपाल भाषाबाट नेपालीमा अनुवाद गरेकी छन् । उनको पहिलो अनूदित कृति **बाटोमा भेटेको मान्छे** (वि.सं. २०६३) हो जसलाई उनले **लँय लम्हबाट** अनुवाद गरेकी हुन् । दोस्रो उपन्यास **मतिकाया सगरमाथा**लाई अनुवाद गरी उनले नेपालीमा **प्रेमको सगरमाथा** (वि.सं. २०७३) शीर्षकमा प्रकाशित गरेकी छन् । त्यसै गरी तेस्रो अनूदित कृति मोहनकृष्ण डंगोलकृत **भृकुटी** शीर्षकको पूर्णाङ्की नाटक हो जो सोही शीर्षकमा सन् २०१४ मा प्रकाशित छ । सुरुका दुई उपन्यास उनका आफ्नै कृति हुन् । पहिलो अनुवाद साझा प्रकाशनबाट, दोस्रो न्यूज गुठीबाट र तेस्रो प्रेम मोहन सिरपा गुठीबाट प्रकाशित भएका हुन् । (नवीन) सम्पर्क: ९७४११०८८३३

शशी भण्डारी (वि.सं. २००४-२०६७)

कवि तथा गायक शशी भण्डारी काठमाडौँको असनमा जन्मेका थिए । उनी निबन्धकार एवम् उपन्यासकारका रूपमा पनि परिचित छन् । भण्डारीले पर्यटकका निमित्त केही पुस्तक अङ्ग्रेजीमा पनि प्रकाशित गरेका थिए । अनुवाद तर्फ भीष्म उप्रेतीको **प्रेमको प्रतिध्वनि** शीर्षक सङ्ग्रहमा परेका २५ वटा कविताको अङ्ग्रेजी अनुवाद गरेका छन् जसको शीर्षक **इकोज अफ लभ** रहेको छ । सङ्ग्रहको सम्पादकमा डेब्री ग्रोमन तथा डेनियल रिड रहेका छन् । क्रिएटिभ रिसोर्स म्यानेजमेन्ट लि. कम्पनीले यसको प्रकाशन गरेको हो । (बलराम)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शान्तदास मानन्धर

वि.सं. १९९१ वैशाख १८ गते भक्तःछँमा जन्मेका शान्तदास मानन्धर निबन्धकार, बाल साहित्य स्रष्टा र अनुवादकको रूपमा चिर परिचित साहित्यकार हुन्। उनको पहिलो रचना *हु एम आई* (निबन्ध) हो। कृति र सृजनाको खोज गर्दा **मरुभूमिमा एक राज्य** (कथा सङ्ग्रह), **बसी बियाँलो** (निबन्ध सङ्ग्रह), **छुँचा व भौचा** (निबन्ध सङ्ग्रह) नेपाल भाषामा, **मचा बाखं पुचः** (बाल साहित्य भाग १-३), **पानैको कथा** (निबन्ध सङ्ग्रह), **हाम्रा बालबालिकाहरू र बाल साहित्य** (वि.सं. २०५९), **विद्यार्थी र विद्यालयबारे** (निबन्ध सङ्ग्रह, वि.सं. २०६१), **प्रजातन्त्रबारे मामुली टिप्पणी** (निबन्ध सङ्ग्रह, वि.सं. २०६१) छन्। उनका अनूदित कृतिहरूमा चिनियाँ लेखक लु सुनको कथा सङ्ग्रह **बौलाहाको डायरी** (वि.सं. २०२८), **लु सुनका निबन्धहरू** भाग -१ (वि.सं. २०५६); **लु सुनका निबन्धहरू भाग - २, लु सुनका निबन्धहरू भाग -३, साहित्यमा लु सुनका विचारहरू** (वि.सं. २०२२) रहेका छन्। **बौलाहाको डायरी**को प्रकाशक नेपाल-चीन मैत्री सङ्घ रहेको छ भने अनूदित निबन्धहरूलाई नव आलोक प्रकाशनले बाहिर ल्याएको हो। त्यसै गरी **चिनियाँ नीतिकथा, हान्स एन्डरसनका कथाहरू** मानन्धरले गरेका अन्य अनुवादहरू हुन्।

साथै उनले सुनकै रचना **आह क्युको साँचो कथा** (**आह क्युया धात्थेंगु बाखं, वि.सं. २०५९**) अनुवाद गरी नेपाल भाषामा वि.सं. २०५९ मा गथु पुचःबाट पनि प्रकाशित गराएका छन्। (गोविन्द) सम्पर्क: ४२४१९६६

शान्ति थापा

गुवाहाटीको दुर्गा सरोवर, माधवदेव पथमा ९ जनवरी १९६१ मा जन्मेकी शान्ति थापाले अज्ञेयको उपन्यास परिवर्तित नारीको जीवन मूल्यमाथि विद्यावारिधि गरेकी छन्। थापा बहुकृतिक सर्जक हुन्। उनले नेपाली, हिन्दी, असमिया भाषाहरूबिचमा चारवटा कृति अनुवाद गरेकी छन्। अतुलानन्द गोस्वामीको असमिया उपन्यास, **नामघरे** (इ. १९९७) लाई सोही शीर्षकमा नेपालीमा अनुवाद गरेकी छन्। होमेनको उपन्यास **अस्तरागलाई** सोही शीर्षकमा (इ. २००२), डा. शान्ति थापाका **माया** (गीत सङ्ग्रह, इ. २००४), **युवावर्तन** (कथा सङ्ग्रह, इ. २००७), **असमेली नेपाली कथा यात्रा** (सम्पादन २००८), मोहनी डटकम (उपन्यास, इ. २००९), सहर ढल्दछ (कथा सङ्ग्रह, इ. २०१६) जस्ता कृति प्रकाशित छन्। यी सक्रिय लेखक तथा अनुवादक विभिन्न सम्मानहरूबाट विभूषित भएकी छन्। (गोविन्द) सम्पर्क: ९९५७१-९८९६२

शान्ति मिश्र

शान्ति मिश्रको जन्म वि.सं. १९९५ मा काठमाडौँको झाँछेमा भएको हो। उनले कलकत्ता विश्वविद्यालयबाट इतिहासमा एम.ए. गरी त्रिविअन्तर्गत इतिहास विषय अध्यापन गर्न लागिन्। पछि अमेरिकाबाट लाइब्रेरी साइन्समा पोस्ट ग्राजुएट गरी सन् १९६४ देखि त्रिवि केन्द्रीय पुस्तकालयमा चिफ लाइब्रेरियन भई २८ वर्षसम्म सेवा गरिन्। अनेकौँ अन्तर्राष्ट्रिय सङ्घ संस्था सम्मेलनमा सहभागिता जनाएकी उनी 'पेन नेपाल'की संस्थापक सदस्य पनि हुन्। उनको पहिलो कृति **भ्वाइस अफ ट्रुथ** हो भने दोस्रो हो **अ विडोज गिफ्ट** (इ. २००८) शीर्षकको उपन्यास। उनले यसलाई बनारसको **पिलग्रिम्स पब्लिसिङ**बाट प्रकाशित गराएकी छन्। अनुवादको क्षेत्रमा उनको योगदान हो अङ्ग्रेजीमा अनूदित **रूपमती**। नेपालीमा प्रथम क्लासिकमा गनिएको सरदार रुद्रराज पाण्डेको उपन्यास **रूपमती**लाई उनले सोही शीर्षकमा अनुवाद गरिन् जसलाई दिल्लीको बुकफेथ इन्डियाले सन् १९९९ मा प्रकाशित गऱ्यो। (बलराम)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शारदारमण नेपाल

नेपाली विषयमा स्नातकोत्तर गरेका शारदारमण नेपालले लामो समयसम्म त्रिभुवन विश्वविद्यालयअन्तर्गत रही प्राध्यापन गरे। उनले श्रीराम शर्मा आचार्यद्वारा लिखित **आध्यात्मिक काम विज्ञान** (वि.सं. २०७३) को सोही शीर्षकमा नेपालीमा अनुवाद गरेका छन्। नेपालले **ह्यामेलिनको मुरले** शीर्षकको पुस्तकको अनुवाद गरेको देखिन्छ। (गोविन्द) सम्पर्क: ४३५०८४७

शालिग्राम सुवेदी

स्याङ्जाको पुतलीबजारमा सन् १९६२ मा जन्मेका शालिग्राम सुवेदीले नव्य व्याकरणाचार्य तथा विद्यावारिधि हासिल गरेका छन्। विन्ध्यवासिनी संस्कृत विद्यापीठ, पोखरामा अध्यापनरत सुवेदीले संस्कृतमा लिखित व्याकरण **सिद्धान्त कौमुदि**को नेपाली अनुवाद **स्वरवैदिकी प्रक्रिया** (वि.सं. २०७१) हो र सो कृति स्याङ्जा साहित्य प्रतिष्ठानद्वारा प्रकाशित छ। (नवराज) सम्पर्क: ९८४६१०३७०३

शिवकुमार प्रधान

वि.सं. १९९९ मा बाग्लुङ बजारमा जन्मेका शिवकुमार प्रधानका मौलिक तथा अनूदित गरी सातवटा कृति प्रकाशित छन्। उनका अनूदित कृतिमध्ये महाकवि कालिदासद्वारा विरचित संस्कृत काव्य **मेघदूत**को सोही शीर्षकमा गरिएको नेपाली अनुवाद श्रीयुक्तप्रसाद प्रधानद्वारा वि.सं. २०१५ मा प्रकाशित भएको छ भने **पञ्चपल्लव** शीर्षकमा एउटा अनूदित कथा सङ्ग्रह वि.सं. २०१५ मै प्रकाशित भएको छ। त्यसै गरी महाकवि भवभूतिद्वारा लिखित **उत्तररामचरित** नामक संस्कृत नाटकको सोही शीर्षकमा गरिएको नेपाली अनुवाद वि.सं. २०२२ मा प्रकाशित भएको छ। (माधव) (सम्पर्क: ६८५२०७२६)

शिव रिजाल

शिव (राम) रिजालको जन्म वि.सं. २०२९ मा धादिङको सुनौलाबजारमा भएको हो। नाटकमा *क्रस कल्चरल थिएटर* विषयमा विद्यावारिधि गरेका डा. रिजाल त्रिभुवन विश्वविद्यालयको केन्द्रीय विभागमा उपप्राध्यापकका रूपमा कार्यरत छन्। रिजाल लेखन, नाटक निर्देशन र अनुवाद क्षेत्रमा सक्रिय व्यक्तित्व हुन्। उनका अनूदित पुस्तकहरूमध्ये वज्र पब्लिकेसनको **वास्तुशास्त्रीय सिद्धान्त** शीर्षक पुस्तकको **द युनिफाइड आर्किटेक्चरल थेओरी** (इ. २०१६) शीर्षकमा प्रकाशित छ। यसको सम्पादन प्राध्यापक निकोस सलिङ्गारोसले गरेका छन्। त्यसै गरी शिल्पी नाटक समूहको मञ्चनको निमित्त उनले हेनरिक इब्सेनकृत **द पिलर्स अफ कम्युनिटी**लाई **समाजका नाइके** शीर्षकमा अनुवाद गरेका छन्। दुर्गा शाक्यद्वारा लिखित **द रोल अफ गडेस कुमारी**को नेपाली अनुवाद **संस्कृतिमा देवीकुमारी र तलेजु भवानीको स्थान** (इ. २०१४) उनको अर्को अनुवाद कर्म हो। यसमा सलिल सुवेदी सहअनुवादक रहेका छन्।। यस अनुवादलाई कुमारी प्रकाशनले बाहिर ल्याएको हो। रिजालका फुटकर अनुवादहरू प्रज्ञा प्रतिष्ठाबाट प्रकाशित **नेप्लिज लिट्रेचर**मा सङ्गृहीत छन्। **रोमियो एन्ड जुलियट** (इ. २००६) शीर्षकमा उनले गरेको अनुवाद नाटक एजुकेसनल इन्टरप्राइजबाट मा प्रकाशित छ। (बलराम) सम्पर्क: ९८५१११४५२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवगोपाल रिसाल

वि.सं. १९९४ मा ललितपुरको सैंबु भैंसेपाटीमा जन्मेका शिवगोपाल रिसालले नेपाली साहित्यमा एम.ए. गरेका छन् । त्रिभुवन विश्वविद्यालयका प्राध्यापक रहेका रिसालका पाँच दर्जनजति पुस्तक प्रकाशित छन् । उनी भक्ति र आध्यात्मिकमार्गका पुस्तक लेखन र अनुवाद कर्ममा समर्पित छन् । दर्शन उनको रुचिको विषय हो । उनका अनूदित कृतिहरूमध्ये **योग विज्ञान** (वि.सं. २०६०), **श्री राम गीता** (वि.सं. २०७०), **अष्टवक्र गीता** (वि.सं. २०७०), **गजेन्द्रमोक्ष** (वि.सं. २०७२), **विदुर नीति** (वि.सं. २०७४), **श्री विष्णुसहस्रनामस्तोत्रम्** (नेपाली व्याख्यानुवाद, वि.सं. २०४९) र **श्रीचर्पटमञ्जरिकास्तोत्रम्** (नेपाली अनुवाद, वि.सं. २०४९) उनका अनूदित कृतिहरू हुन् । (माधव) सम्पर्क: ५५२१७२२

शीलु घिमिरे

शिलु घिमिरेको जन्म वि.सं. २०३२ मा काठमाडौँको चाबहिलमा भएको थियो । उनले त्रिविबाट अङ्ग्रेजी साहित्यमा एम.ए. गरी केही समय अध्यापन गरिन् । उनले अमेरिकाको नेब्रास्काको ओमाह विश्वविद्यालयबाट *विमिन इन्टरप्रेन्यूर्स, फिनान्सिअल कम्पिटेन्सी एण्ड मेन्टोर्सिप*मा विद्यावारिधि गरिन् । घिमिरेको **परको देशमा** (वि.सं. २०६९) शीर्षकको उपन्यास ओरिएन्टल प्रकाशनबाट प्रकाशित छ ।

घिमिरेले ग्रेगोरी ग्याब्रियल मस्कारिनेकको अनुसन्धानात्मक कृति **द रुलिङ अफ द नाइट**को **रात्रिका निर्देशः मन्त्रका मौखिक पाठको नृजातीय आलेख** शीर्षकमा अनुवाद गरी वि.सं. २०६९ मा प्रकाशनमा ल्याएको पाइन्छ । नेपालमा झाँक्री परम्पराको प्राचीनता र सामाजिक संस्मरण एवम् विश्वासको अनुसन्धानात्मक ग्रन्थबारे नेपाली पाठकलाई परिचित गराउने उद्देश्यले नेपाली भाषामा अनुवाद गर्ने घिमिरेको यो कार्य पनि नेपाली अनुवाद परम्परामा स्मरणीय छ । प्रस्तुत कृतिको अक्स्फोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि.ले नेपाली संस्करण प्रकाशनमा ल्याएको हो । (गोविन्द)

श्रीप्रसाद उपाध्याय (वि.सं. १९७२-२०५५)

लमजुङको निसंकुमा जन्मेका श्रीप्रसाद उपाध्यायले साहित्य एवम् भाषाशास्त्रमा स्नातकसम्मको शिक्षा हासिल गरेका थिए । उनका मौलिक र अनूदित गरी १० वटा कृति रहेका छन् । तीमध्ये उनका अनूदित कृतिहरू यस प्रकार छन् :

अ) **छाया मेघदूत** - महाकवि कालिदासद्वारा विरचित **मेघदूत** खण्डकाव्यको नेपाली अनुवाद, वि.सं. २०२२ मा प्रकाशित ।

आ) **अभिज्ञान शाकुन्तल** - महाकवि कालिदासद्वारा विरचित **अभिज्ञान शाकुन्तलम्** महाकाव्यको नेपाली अनुवाद ।

इ) **भागवत कल्पतरु** - महर्षि वेदव्यासले रचना गरेको **भागवत महापुराण**को नेपाली अनुवाद (माधव)

श्रीधर पौडेल

वि.सं २००३ मा दाङको मसिनामा जन्मेका श्रीधर पौडेलले बी.ए., बी.एड. र संस्कृतमा शास्त्रीसम्मको अध्ययन गरेका छन् । यिनका मौलिक र अनूदित गरी १० वटा कृति प्रकाशित छन् । तीमध्ये महाकवि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालिदासले रचना गरेको **मेघदूतको** नेपाली अनुवाद **मेघदूत** (भावानुवाद, वि.सं. २०५७), **भर्तृहरिका नीतिशतक, श्रृंगारशतक** र **वैराग्यशतकको** नेपाली अनुवाद **भर्तृहरिका तीन धारा** (वि.सं. २०६०) र **दुर्गासप्तशती** (भावानुवाद, वि.सं. २०६२, २०६३) यिनका अनूदित कृति हुन्। (माधव) (सम्पर्क: ९८४१८५१२५१)

श्रीनिवास पाठक

श्रीनिवास पाठकले धर्मलोक महास्थविरद्वारा नेपाल भाषामा लेखिएको नियात्रासम्बन्धी पुस्तक महाचिन यात्रालाई **पिल्ग्रिमेज टु ग्रेट चाइना** शीर्षकमा अनुवाद गरेका छन्। यसलाई सन् १९८० मा धर्मोदय सभा लुम्बिनीले प्रकाशन गरेको हो। (नवीन)

शुक्रराज शास्त्री (वि.सं. १९५०-१९९७)

भारतको बनारसमा जन्मेका शुक्रराज शास्त्री नेपालका चार सहिदमध्ये एक हुन्। यिनले वेदान्त दर्शनमा शास्त्रीसम्मको अध्ययन गरेका थिए। यिनका मौलिक र अनूदित गरी ११ वटा कृति रहेका छन्। तीमध्ये **ब्रह्मसूत्र शांकरभाष्य** (नेपाली अनुवाद, १९९३) यिनको अनूदित कृति हो। (माधव)

शेखर खरेल

शेखर खरेलको जन्म वि.सं. २०२७ मा काठमाडौँको वानेश्वरमा भएको हो। अङ्ग्रेजी साहित्यमा एम.ए. गरेका खरेल लामो समयदेखि पत्रकारिता, फोटोग्राफी, वृत्तचित्र र साहित्यमा सक्रिय छन्। उनको लेखनको मूल क्षेत्र जीवनी हो। अनुवादक समाज, नेपालका संस्थापक सदस्यसमेत रहेका खरेलका दुई अनुवाद **प्रचण्ड : एक अज्ञात विद्रोही** र **अघि बढौँ** प्रकाशित छन्। युग प्रकाशनबाट वि.सं. २०६७ मा प्रकाशित **प्रचण्ड : एक अज्ञात विद्रोही** भारतीय पत्रकार अनिर्वन रोयद्वारा लिखित माओवादी नेता पुष्पकमल दाहाल प्रचण्डको जीवनी **प्रचण्ड : एन अन्नोन रिभोलुस्नरी** (इ. २०००) को नेपाली अनुवाद हो। त्यसै गरी अनिल चित्रकारद्वारा लिखित कथालय प्रकाशक रहेको व्यक्तित्व विकाससम्बन्धी पुस्तक **टेक लिड**लाई उनले **अघि बढौँ** (वि.सं. २०६९) शीर्षकमा अनुवाद गरेका छन्। यी लेखक तथा अनुवादक राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय साहित्यिक गतिविधिमा पनि सक्रिय छन्। (बलराम) सम्पर्क: ९८५१०४९१०७

शेषराज रेग्मी (वि.सं. १९६४-२०४४)

काठमाडौँको कमलपोखरीमा जन्मेका शेषराज रेग्मीले धर्मशास्त्रमा आचार्यसम्मको अध्ययन गर्नुका साथै काव्यतीर्थ उपाधि प्राप्त गरेका थिए। यिनले त्रिभुवन विश्वविद्यालय एवम् काशी हिन्दु विश्वविद्यालयमा प्राध्यापन गरेका थिए। यिनले संस्कृत भाषामा लेखिएका विभिन्न काव्य तथा लक्षण ग्रन्थहरूमाथि हिन्दी भाषामा टीका लेखेका थिए जसको प्रकाशन चौखम्बा संस्कृत सिरिज, वाराणसीबाट भएको छ। यिनले गोरखाका लक्ष्मण नामक कविद्वारा लिखित **कवितानिकषोपल**, ललितावल्लभद्वारा लिखित **भक्तविजयकाव्य** एवम् **पृथ्वीन्द्रवर्णोदय** नामक संस्कृत महाकाव्यलाई नेपालीमा अनुवाद गरेका थिए जसलाई **श्री ५ पृथ्वीनारायण शाहकालिक संस्कृत साहित्य** नामक कृतिमा सङ्गृहीत गरिएको छ। उक्त कृति नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट वि.सं. २०४९ मा प्रकाशित भएको छ। (माधव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शैलेन्द्रकुमार सिंह (इ. १९५०-२०१५)

शैलेन्द्रकुमार सिंह कवि, लेखक, अनुवादक र कला समालोचक हुन्। उनी नेपाली कविताका अङ्ग्रेजी अनुवादक हुन्। उनको अनुवादकत्व र सम्पादकत्वमा **कन्टेम्पोररी नेपाली पोएट्री** (इ. १९८९), **पोएम्ज बाइ नेपाली विमिन** (इ. १९९४), **डाउन द हिमालय फ्लोज द गंगा** (इ. १९९९), **इन देअर युथफुल भ्वाइस** (इ. १९९४), **ट्वान्टी फाइभ मोडर्न नेपाली पोएम्ज** (इ. १९९८) जस्ता कविता सङ्ग्रहरू अङ्ग्रेजीमा भित्रिएका छन्। यी सबै अनुवादहरू सिंह प्रकाशन, काठमाडौँबाट प्रकाशित भएका हुन्। **डाउन द हिमालय फ्लोज द गंगामा** नेपाली र हिन्दीभाषी ५० कविका रचनाको अनुवाद सङ्गृहीत छ भने जम्मा ८२ पृष्ठको **इन देअर युथफुल भ्वाइसमा** हिन्दी र नेपाली गरी २२ जना कविका रचना समेटिएका छन्। शैलेन्द्रको नेपाली कविता सङ्ग्रह पनि प्रकाशित छ। (गोविन्द)

श्याम गोतामे (वि.सं. १९९६-२०५५)

श्याम गोतामेको जन्म काठमाडौँको पाको पोखलङ्याङमा भएको थियो। आई.ए.सम्मको अध्ययन गरेका गोतामे बैङ्किङ सेवामा आबद्ध भए पनि नेपाली साहित्य लेखनको विशेष गरी हास्य व्यङ्ग्यका क्षेत्रमा स्थापित नाम हो। **मपाईं** (वि.सं. २०२६), जदौ (वि.सं. २०२७), **कायेन वाचा** (वि.सं. २०३४) जस्ता हास्य व्यङ्ग्य कृतिका लेखक गोतामेको **गाजल** (वि.सं. २०२९) शीर्षकको अनूदित पुस्तक प्रकाशित छ। यो कृति सुधाकर चौधरीका मैथिली कथा सङ्ग्रह **काजल**को नेपाली अनुवाद हो। यसको प्रकाशक रत्न पुस्तक भण्डार रहेको छ। उनी भैरव पुरस्कार (वि.सं. २०४९) बाट पुरस्कृत भएका थिए। (बलराम)

श्याम प्रधान

श्याम प्रधानको जन्म वि.सं. २०१७ मा भक्तपुरमा भएको हो। भारतबाट उच्च शिक्षा हासिल गरी साझा प्रकाशनमा लामो सेवा गरेका उनी हाल निवृत्त जीवन व्यतीत गरिरहेका छन्। भारतमा रहँदा हिन्दी साहित्यको नेपाली रूपान्तरणतिर गहिरो अभिरुचि बढ्दै गएपछि उनले प्रेम चन्दका कथाहरूको छनोट गरी अनूदित कृतिलाई **प्रेमचन्दका उत्कृष्ट कथाहरू** शीर्षकमा रत्न पुस्तक भण्डारद्वारा प्रकाशित गराए। उनको दोस्रो अनूदित कृतिको नाम हो **हिनामिना**। यो उपन्यास पनि हिन्दी साहित्यका सुविख्यात आख्यानकार प्रेमचन्दकै **गबन**को नेपाली रूपान्तरण हो। यसको प्रकाशन वि.सं. २०७० मा साझा प्रकाशनबाट भएको हो। उनको तेस्रो अनूदित कृतिको नाम हो 'देवदास' शरत्चन्द्र चट्टोपाध्यायको उपन्यास 'देवदास' लाई उनले हिन्दीबाट नेपाली भाषामा अनुवाद गरे। यसको प्रकाशन वि.सं. २०७३ मा नेपाल प्रज्ञा-प्रतिष्ठानबाट भएको हो। (गोविन्द) सम्पर्क

श्यामल

वि.सं. २०१५ मा दैलेखमा जन्मेका हरिहर अधिकारीको साहित्यिक नाम श्यामल हो। नेपालीमा स्नातकोत्तर गरी रेडक्रस सेवामा आबद्ध श्यामलको लेखन क्षेत्र कविता हो। तिसको दशकदेखि कविता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रचना आरम्भ गरेका श्यामलको **लयब्रह्म** शीर्षक कविता सङ्ग्रह (वि.सं. २०५९) मा उनका शक्तिशाली रचना समावेश छन्। श्यामल पत्रकारितामा पनि त्यतिकै लोकप्रिय नाम हो। उनले सन् १९८२ का नोवेल पुरस्कार विजेता कोलोम्बियाली स्रष्टा गाब्रियल गार्सिया मार्केसको एक लघु उपन्यासलाई नेपालीमा अनुवाद गरेका छन्। **नो वान राइट्स टु द कोलोनेल्ज** नामक सो लघु उपन्यासलाई उनले **अभागी कर्नेल** शीर्षकमा अनुवाद गरेका छन्। यस अनूदित कृतिलाई साङ्ग्रिला बुक्सले प्रकाशन गरेको छ। यस उपन्यासले लात्भियाको एउटा बारको पृष्ठभूमिमा त्यहाँको रात्री जीवनलाई प्रस्तुत गरेको छ। बर्नस्टेनले स्पानिस मूल भाषाबाट अङ्ग्रेजीमा गरेको अनुवादबाट यो कृति नेपालीमा ल्याइएको हो। (गोविन्द)

श्यामप्रसाद शर्मा (वि.सं. १९८६-२०७४)

श्यामप्रसाद शर्माको जन्म मकवानपुरको सोलीथुममा भएको थियो। मेट्रिकसम्मको अध्ययन पुरा गरेका शर्मा राजनीति र साहित्यमा सक्रिय थिए। नेपाल प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्य रहेका शर्मा विशेषतः निबन्धकारका रूपमा चिनिन्छन्। **तँ, तिमी, तपाई, हजुर** (वि.सं. २०१४), **मेरी आमा** (वि.सं. २०२३), **केही साहित्य र साहित्यकार** (वि.सं. २०४२) जस्ता पुस्तकका लेखक शर्माका तीन दर्जनभन्दा बढी कृति प्रकाशित छन्। मौलिक लेखनबाहेक उनका अनूदित पुस्तक पनि प्रकाशित छन्। ती हुन् - **चिनका पुराना नीतिकथाहरू** (वि.सं. २०२४) र **नेपाल भाषाका चार निबन्ध** (वि.सं. २०५६)। पहिलो अनुवादको स्रोत उल्लेख भएको भेटिँदैन। यसको प्रकाशन नेपाल-चिन मैत्री सङ्घ रहेको छ। दोस्रो अनूदित पुस्तकमा नेपाल भाषाका चार लेखकका एक-एक निबन्ध सङ्गृहीत छन्। यसको प्रकाशक प्रदर्शन समूह, नक्साल रहेको छ। (बलराम)

सङ्गीता रायमाझी

सङ्गीता रायमाझीले अङ्ग्रेजी साहित्यमा विद्यावारिधि गरी अङ्ग्रेजी भाषामा सम्पादित एवम् मौलिक कृतिको प्रकाशन गर्दै आएकी छिन्। उनको **अल मदर्स आर वर्किङ मदर्स** अङ्ग्रेजीमा लेखिएको नाटक हो। उनका कृति नारीकेन्द्री रहेका छन्। अङ्ग्रेजी साहित्य त्यसमा पनि विशेष गरी नाटकको प्राध्यापनमा लामो समय बिताएकी रायमाझीले अभि सुवेदीको **अग्निको कथा, ठमेलको यात्रा** र **रुँगालोको** आकाश जस्ता पूर्णाङ्की नाटकहरूको पनि अनुवाद गरिन्। सुवेदीका यी नाटकहरूलाई उनले **फायर इन द मोनास्ट्री, अ जर्नी इन्टु ठमेल** र **द केयर टेकर्ज् स्काइ** शीर्षकमा उतारेकी छन् जुन **श्री प्लेज** शीर्षकमा सङ्गृहीत छन्। त्यसै गरी उनले गोपालप्रसाद रिमालको विद्रोही चेतनायुक्त नाटक **मसान**लाई **क्रिमेसन ग्राउन्ड** शीर्षकमा अनुवाद गरिन्। यस अनुवादलाई रत्न पुस्तक भण्डारले सन् २००६ मा प्रकाशित गऱ्यो। इब्सेनको समाज सुधारक, नारीकेन्द्री विद्रोही नाट्य लेखनलाई समकक्षी नेपाली समाजमा ल्याएर **मसान** जस्तो नाटक सृजना गर्ने गोपालप्रसाद रिमाललाई अङ्ग्रेजी पाठक समक्ष पुऱ्याएर अनुवादक रायमाझीले सराहनीय कार्य गरेकी छन्। (बलराम) सम्पर्क:

सच्चिदानन्द चौबे

बाँकेको नेपालगञ्जस्थित भवानी बगियामा वि.सं. १९९५ मा जन्मिएका सच्चिदानन्द चौबेले बी.ए., साहित्य रत्न तथा आयुर्वेदाचार्यसम्मको शिक्षा प्राप्त गरेका छन्। उनले वि.सं. २०६३ मा दोहा चौपाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन्दमा **हरितालिका व्रतकथा** लेखी स्वयम्ले प्रकाशित गरे । यसै गरी नेपाली भाषामा नयनराज पाण्डेयद्वारा लिखित **उलार** उपन्यासलाई अवधीमा सोही शीर्षकमा अनुवाद गरे जसलाई मध्य पश्चिम स्रष्टा समाज बाँकेले वि.सं. २०६६ मा प्रकाशित गऱ्यो । त्यसै गरी उनले वि.सं. २०६७ मा दोहा छन्दमा **स्कन्दपुराण**मा वर्णित **सत्यनारायण व्रतकथा**लाई अवधी भाषामा अनुवाद गरी प्रकाशित गरे भने वेदव्यासद्वारा रचित **श्रीमद्भगवद्गीता**लाई अवधी भाषामा अनुवाद गरेर त्यसै वर्ष प्रतिभा रानी प्रकाशनद्वारा **भवतारिणी गीता**का नामले प्रकाशित गराए । यसका साथै हनुमानप्रसाद पोद्दारद्वारा हिन्दीमा लेखिएको **तुलसीदासका जीवन चरित्र**लाई **तुलसीदास कै जीवनी** (वि.सं. २०७०) शीर्षकमा अवधी भाषामा उनले गरेको अनुवादको प्रकाशन पनि प्रतिभा रानी प्रकाशनले गरेको छ । गोस्वामी तुलसीदासकृत रामायणको **सुन्दर काण्ड**मा वर्णित विषय वस्तुलाई उनले अवधी भाषामा **रामदूत हनुमान**का शीर्षकमा लिपिबद्ध गरेका छन् । यसलाई पनि वि.सं. २०७० मा प्रतिभा रानी प्रकाशनद्वारा प्रकाशित गरिएको थियो । यसै गरी वेदव्यासको **ब्रह्म पुराण**मा वर्णन गरेको गुरु वृहस्पतिको चरित्रको अवधी रूप उनको अर्को अनुवाद कर्म हो । यसलाई पनि वि.सं. २०७१ मा प्रतिभा रानी प्रकाशनद्वारा गुरू **वृहस्पति कै कथा**का नामले प्रकाशित गराइएको थियो । चौबेको सबैभन्दा महत्त्वपूर्ण योगदान हो **भानुभक्तीय रामायण**को अवधी भाषामा अनुवाद जसलाई वि.सं. २०७१ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आर्थिक सहयोगमा मध्य पश्चिम स्रष्टा समाजले प्रकाशित गरेको छ । (शशी) सम्पर्क ९८५४०२५४२१

सञ्जीव उपाध्याय

असमको विश्वनाथ चारालीमा सन् १९७० मा जन्मिएका सञ्जीव उपाध्यायले प्राणी विज्ञानमा विद्यावारिधि गरेका छन् । अध्यापन कार्यमा संलग्न डा. उपाध्याय पाठ्य पुस्तक लेखकका साथै अनुवादक पनि हुन् ।

अमेरिकी उपन्यासकार अर्नेस्ट हेमिङ्वेको **ओल्ड म्यान एन्ड द सी**को उनले गरेको अनुवाद **बुढो मान्छे र समुद्र** (इ. २०११) शीर्षकमा प्रकाशित छ । उनले अल्वेयर कामुको **द प्लेग**लाई असमियामा नाट्य रूपमा परिष्कृत गरी सन् २०१६ मा प्रकाशित गरेका छन् । त्यसै गरी उनले अलेक्जान्डर डुमाको **काउन्ट अफ मन्टे क्रिस्टो**लाई **मन्टे क्रिस्टोको अधिपति** (इ. २०१४) शीर्षकमा ल्याएका छन् । (गोविन्द) सम्पर्क: ९९५४४७५५५

सत्यमोहन जोशी

सत्यमोहन जोशीको जन्म वि.सं. १९७७ मा पाटनको बकुमबहालमा भएको हो । आई.ए.सम्मको अध्ययन गरेका जोशीले नेपाल भाषा, नेपाली र अङ्ग्रेजीमा थुप्रै पुस्तक लेखेका छन् । नेपाली श्रेस्तामा स्नातक गर्नुका साथै न्युजिल्यान्डबाट तथ्याङ्क विषयक तालिम प्राप्त गरेका शताब्दी पुरुष सत्यमोहन जोशीले सम्पादन गरेको पत्रिका **कलाकार** हो । श्रेष्ठ सिरपा र लाकौल सिरपाबाट सम्मानित जोशी तीन पटक मदन पुरस्कारबाट सम्मानित भएका छन् । भाषारत्न उपाधि प्राप्त जोशीले पुरातत्त्व र संस्कृति विभागको निर्देशक, नेपाल भाषा परिषद्को अध्यक्ष, च्वसापासाको अध्यक्ष, नेपाल आर्ट काउन्सिलको संस्थापक सदस्य, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सदस्य सचिव भई काम गरेका छन् ।

जोशीद्वारा लिखित पुस्तकहरूमा **गौतम बुद्ध** (नाटक), **मूलँपुया तँसा व निम्ह मचाया मां, खँत्वाः व खँभाय्** (कोश), **सुखया किचलय्** (निबन्ध), **जयप्रकाश** (महाकाव्य) इत्यादि रहेका छन् । उनले म.वि.वि. शाहद्वारा रचित कविता **उसैको लागि, फेरि उसैको लागि (वैत हे व हानं वैत हे, वि.सं.** २०२८) र चक्रपाणि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चालिसेद्वारा लिखित **नेवारी संस्कृति** (वि.सं. २०४२), **धम्मपद** (वि.सं. २०४०) शीर्षक दुई कृतिलाई नेपाल भाषामा अनुवाद गरेका छन्। यी पुस्तकहरू क्रमशः अणुराज जोशीले (वि.सं. २०२८) तथा साहित्यया मूलुखा (साहित्यिक संस्था, वि.सं. २०४२) बाट प्रकाशन गरेका हुन्। (नवीन) सम्पर्कः ५५२६८१५

सत्यराज थपलिया

सत्यराज थपलियाको जन्म नुवाकोटको लिखुमा वि.सं. २००४ मा भएको हो। थपलियाले आयुर्वेदाचार्य गरी स्वास्थ्य क्षेत्रमा लामो सेवा गरे। उनका **प्रणय सन्देश** (वि.सं. २०४७), **अन्यायको आवाज** (लघुकाव्य, वि.सं. २०६३) जस्ता आठवटा कविता सङ्ग्रह प्रकाशित छन्। उनको एउटा कृति अनुवादअन्तर्गत प्रकाशित छ। त्यो हो वाग्भट्टाचार्यकृत **अष्टाङ्गहृदय** शीर्षक कृतिको **अष्टाङ्गहृदय सत्यार्थटीका** व्याख्यासहितलाई वि.सं. २०६५ मा नेपाल संस्कृत विश्वविद्यालयले प्रकाशित गऱ्यो। यो औषधी विज्ञान विषयक ग्रन्थ हो। (गोविन्द) सम्पर्कः ४३६४८१५

सपना शर्मा

सन् १९५९ मा काठमाडौँमा जन्मेकी सपना शर्माले एम.फिल. गरेकी छन्। लाजिम्पाटस्थित नेपाल-जापान बाल पुस्तकालयको सञ्चालन गर्दै आएकी शर्माले विशेष गरी बाल साहित्यको अनुवादमा योगदान पुऱ्याएकी छन्। हालसम्म उनले चारवटा बाल पुस्तकको अनुवाद गरेकी छन्। ती हुन् - वि.सं. २०५४ मा प्रकाशित **सानो राजकुमार** (फ्रान्सेली लेखक एन्टोनी द सेन्ट एक्सुपेरीको बाल उपन्यास **द लिटल प्रिन्स**), सन् १९९९ मा प्रकाशित **दानी रुख** (सेल सिल्भरस्टेनको कथा **द गिभिङ ट्री**), सन् २००६ मा प्रकाशित **सबै जना अनमोल** (जापानी लेखक फुजिमोटो काटसुहिकोद्वारा लिखित कथा **मिन्ना ताइसेट्सु**) र वि.सं. २०७३ मा प्रकाशित **ऐदो सानो सर्प** (जापानी लेखक तामुरा काओरुको चित्र कथा **ऐदो**)। **सानो राजकुमार** र **दानी रुख**को अनुवाद अङ्ग्रेजीबाट गरिएको हो भने बाँकी दुईवटाको भने जापानी मूल या अङ्ग्रेजी अनुवाद कुनबाट गरिएको भन्ने उल्लेख छैन। पहिलो अनुवादको प्रकाशक शिक्षाका निम्ति विश्व संसार, नेपाल रहेको छ। अन्य तीनवटाको प्रकाशन अनुवादक आफैले गरेकी छन्। (बलराम)

सम्पर्कः ९८४१३२२५२४

सरोजकुमार शाक्य (वि.सं १९८५-२०६५)

तेह्रथुमका जन्मिएका सरोज कुमार शाक्य स्नातकसम्मको अध्ययन गरी अध्यापन र लेखनमा आबद्ध थिए। अङ्ग्रेजी पत्रिका *ग्लोब*को सम्पादकका रूपमा काम गरेका शाक्यले भरत जङ्गमको **कालो सूर्य** र **रातो सूर्य** दुई उपन्यासलाई क्रमशः **द ब्ल्याक सन** (इ. १९९०) र **द रेड सन** (इ. १९९१) शीर्षकमा अनुवाद गरेका छन्। पहिलो अनुवादको प्रकाशन निरला पब्लिकेसन्स, दिल्ली रहेको छ भने दोस्रोलाई इन्दु प्रकाशन वाराणसीले बाहिर ल्याएको हो। **रातो सूर्य** अनेक भाषाहरूमा अनूदित छ। यसै गरी शाक्यले केशरी वज्राचार्यको **मरुभूमिका काँडा** शीर्षक कविता सङ्ग्रहलाई **द थोर्न अफ डेजर्ट** (इ. २००४) शीर्षकमा अनुवाद गरे। यसको प्रकाशन रत्न पुस्तक भण्डारले गरेको हो। यो कविता सङ्ग्रह अनेक भाषामा अनूदित छ। (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वोत्तम श्रेष्ठ

पेसाले स्नायुरोग विशेषज्ञ डा. सर्वोत्तम श्रेष्ठ चिनियाँ भाषाका साहित्यलाई नेपाली साहित्यमा भित्र्याउने काममा सक्रिय नाम हो। वि.सं २०२३ मा ललितपुरमा जन्मिएका डा. श्रेष्ठले एक दशकसम्म चिनमै बसेर चिनियाँ भाषा तथा चिकित्सा शास्त्रको अध्ययन गर्ने क्रममा चिनियाँ साहित्यसँग निकट रहे। चिनियाँ भाषाका विविध सामग्रीलाई नेपालीमा अनुवाद गर्दै आएका डा. श्रेष्ठले चिनका सुप्रसिद्ध साहित्यकार छाओको कृति नेपालीमा अनुवाद गरेका छन्।

चिनका राष्ट्रिय स्तरका लेखक छाओ चियानस्यविनको चिनियाँ भाषामा लेखिएका छाओ चियानस्यविनका केही साहित्यिक रचनाहरूको नेपाली अनुवाद **मन जब चराको गुँडबाट उड्छ** वि.सं २०७२ मा प्रकाशमा ल्याएका छन्। यसमा कथा, कविता, उपन्यास, लेख, निबन्ध, समालोचना र समाचारसमेत रहेका छन्। यस्तै, १७ जना निबन्धकारद्वारा चिनियाँ भाषामा लेखिएका २६ वटा निबन्धहरूको सङ्ग्रह ता चियाङ. तुङ. छ्यूवीको नेपाली अनुवाद **नदी पूर्वतिर बग्दैछिन्** वि.सं २०७४ मा प्रकाशित भएको छ। यी दुवै कृतिको प्रकाशन नागार्जुन पब्लिकेसन, ललितपुरले गरेको हो। यीबाहेक उनका चिनियाँ भाषाको **चिए तू चुङ.कुङ.सर्चियउ ता वेन ची**को नेपाली अनुवाद (राजनीतिक लेखहरूको सङ्ग्रह) **ई ताइ ई लु चि लुफ्यान चीङ. छाइ फ्यानत्वान**को नेपाली अनुवाद **एक प्रदेश एक मार्ग** (वृत्तचित्रको अंश) जस्ता कृतिहरूको नेपाली अनुवाद समेत प्रकाशित छन्। यी दुवै कृति अरनिको समाजले वि.सं. २०७४ मा प्रकाशन गरेको हो। (जयदेव)

सानु लामा

सानु लामाको जन्म सिक्किमको राजधानी गान्तोकमा सन् १९३९ मा भएको थियो। सिभिल इन्जिनियरिङ गरेका लामाले लामो सरकारी सेवापश्चात् सन् १९९७ देखि अवकाश जीवन व्यतीत गरिरहेका छन्। उनका कृतिहरूमा **कथा सम्पद**, **मृगतृष्णा** र **हिमालचुली मुन्तिर** जस्ता उपन्यास छन् उनले एउटा कृतिको अनुवाद गरेका छन्। त्यो हो धर्मानन्द कौशम्बीले मराठीमा लेखेको बुद्ध चरित्र विषयक कृति जुन मराठीबाट गुजरातीमा अनुवाद भयो, त्यसबाट हिन्दीमा अनुवाद भयो। हिन्दीको शीर्षक **भगवान् बुद्ध जीवन औ दर्शन**बाट उनले नेपाली अनुवाद गरे। **भगवान् बुद्ध जीवन अनि दर्शन** शीर्षकको त्यस कृतिलाई साहित्य अकादेमीले सन् २००० मा प्रकाशित गऱ्यो।

लामाको अतुलनीय साहित्यिक योगदानको बारेमा **बिन्दु**का सम्पादक के.बी. नेपालीले वर्ष ५६ को पृष्ठ ७२ मा भनेका छन् : *कथामा मनोविश्लेषणात्मकताको झलक दर्शाउँदै कथा सिर्जनामा परिपक्व भएका लामाज्यू नेपाली साहित्यका गौरव हुन्। किनभने आजसम्म भारतको लामो इतिहासमा 'पद्मश्री' उपाधिले सम्मानित हुने कुनै पनि नेपाली नदेखिएकोमा उनी नै नेपालीका प्रथम व्यक्ति हुन् भारतको राष्ट्रिय पुरस्कार 'पद्मश्री' ले विभूषित हुने।* (गोविन्द) सम्पर्क: ९१९८३२०८९९१४

सिग्फ्रेड लिनहार्ड (इ. १९२४-२०११)

सिग्फ्रेड लिनहार्डको जन्म स्विडेनमा भएको हो। स्विडेनको युनिभर्सिटी अफ स्टकहोमसँग आबद्ध प्रो. लिनहार्डले १९६३ मा **मणिचूडावदानोद्धृत** लेखे। बौद्ध अवदान र नेपाल भाषाको सम्बन्धलाई लिएर लेखिएका बाहेक उनले **नेवारी गीति मञ्जरी** पनि लेखेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिनहार्डलाई नेपाल भाषा, साहित्य, कला, धर्म र संस्कृति विषयको एक सशक्त पाश्चात्य विद्वान्को रूपमा लिने गरिन्छ। बर्लिन सङ्ग्रहालयभित्र रहेको १९ औँ शताब्दीको **विश्वतर जातक अध्ययन** पनि प्रकाशित गरियो साथै उनले **सिंहसार्थवाहु** सम्बन्धी पनि अध्ययन गरेका छन्। त्यसै गरी पाटन सङ्ग्रहालयभित्र रहेको सिद्धिनरसिंह मल्लका ३२ वटा कृष्णलीला चित्राङ्कित **पौभाः गीत**को पनि उनले अनुवाद र विश्लेषण गरेका छन्। सन् २०१० मा १९ औँ शताब्दीको स्वयम्भू पुराणको पौभाः ग्रन्थसम्बन्धी अध्ययन फ्रान्सेली भाषाबाट गरिएको थियो। प्रोफेसर लिनहार्डको **नेवारी : द एन्सिएन्ट ल्याङ्वेज अफ नेपाल** शीर्षकको लेख डा. कमलप्रकाश मल्लले नेपाल भाषाबाट नेपालीमा अनुवाद गरेकोमा च्वसापासा र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित गरेका छन्। (नवीन)

सी.पी. अर्याल

चन्द्रप्रकाश (सी.पी.) अर्यालको जन्म वि.सं. २०४२ मा कपिलवस्तुको तौलिहवामा भएको हो। अङ्ग्रेजी साहित्यमा एम.फिल. गरेका अर्याल हाल शिक्षण कार्यमा संलग्न छन्। उनले जोन उडद्वारा लिखित क्रिएटिङ रुम टु रिड (इ. २०१३) लाई **साक्षर संसारतिर** शीर्षकमा अनुवाद गरेका छन्। यसलाई **वी रिड** संस्थाले वि.सं. २०७१ मा प्रकाशन गरेको हो। त्यसै गरी अर्यालले विष्णुराज उप्रेतीकृत **आर्म्ड कन्फ्लिक्ट एन्ड इट्स इम्प्याक्ट इन नेपाल** (इ. २००६) लाई **नेपालमा सशस्त्र द्वन्द्व र यसको प्रभाव** (वि.सं. २०७१) शीर्षकमा अनुवाद गरे। यो विष्णुराजले नेदरल्यान्ड्सको विश्वविद्यालयबाट गरेको विद्यावारिधि शोध हो। यो अनुवाद नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च सेन्टरबाट प्रकाशित छ। मूलतः साहित्य र अनुवादमा रुचि राख्ने अर्यालका फुटकर अनुवादहरू पनि प्रकाशित छन्। (बलराम)

सिल्भिया राजोपाध्याय

सिल्भिया श्रेष्ठ (राजोपाध्याय) को जन्म वि.सं. २०३४ मा काठमाडौँको क्षेत्रपाटीमा भएको हो। एम.बी.ए., एम.ए. र बी.एल. अध्ययन गरेकी राजोपाध्याय हाल पाटनमा बस्दै आएकी छन्। इमेज एफ.एम.बाट पत्रकारिता सुरु गरेकी राजोपाध्याय हाल नेपाल मण्डल टेलिभिजन र उज्यालो एफ.एम. मा कार्यरत छन्। **रसिया इतिहास** (निबन्ध) बाट लेखन कार्य सुरु गरेकी राजोपाध्यायका लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन्। उनले मोहनकृष्ण डंगोलद्वारा लिखित भृकुटी शीर्षक नाटकलाई अङ्ग्रेजी भाषामा अनुवाद गरेकी छन्। यो पुस्तक **प्रेम-मोहन सिरपाः गुथि** (वि.सं. २०७२) बाट प्रकाशित छ। उनले कुतः पिकाक कविता सङ्ग्रहलाई **दरिबेल मर्निङ** शीर्षक अनुवाद गरी नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशन गराएकी छिन्।

सी.के. प्रसाईं 'भरत बाबु' (वि.सं. १९८८-२०५०)

सी.के. प्रसाईं राजनीतिका क्षेत्रमा स्मरणीय व्यक्तित्व हुन्। नेपालको प्रजातान्त्रिक समाजवादी आन्दोलनमा सक्रिय प्रसाईंका **आजको सरल राजनीति, व्यवहारिक राजनीतिको प्रारम्भिक रूपरेखा, मन जे मान्यो सत्य** लगायतका पुस्तक प्रकाशित छन्। यिनले **कम्युनिस्ट मेनिफेस्टो : समाजवादको आधारशिला** अनुवाद गरी प्रकाशनमा ल्याएका छन्। यस कृतिका मूल लेखक प्रोफेसर हेराल्ड जे लास्की हुन्। यसमा अनुवादको सन्दर्भ दिँदै प्रसाईंले लेखेका छन्- *मेनिफेस्टो बीसौँ शताब्दीका मूर्धन्य राजनीति शास्त्री स्वर्गीय*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रोफेसर हैरोल्ड जे लास्कीले भन्नु भएझैं मानव समाजको एक अति उत्कृष्ट रचना हो । यसको हरेक वाक्यमा, त्यति मात्रै किन यसको हरेक शब्दमा वैचारिक गहनता र विविधता विद्यमान छ तसर्थ म यो दावी गर्न एकदमै असमर्थ छु कि प्रो. लास्कीको **कम्युनिस्ट मेनिफेस्टो: सोलसिल्ट ल्यान्डमार्क**को भावानुवाद गर्दा *मैले आफ्नो कर्तव्यको निर्वाह गर्न सकेको छु । भावानुवादको थोरै अंश बाहिर र बेसी अंश बन्दी जीवन कालमा सम्पन्न गरिएको हुनाले मलाई थाहा छ यसमा धेरै गल्तीहरू छन् । जसको पूर्ण विवरण सम्भव हुन सकेन । पछि निश्चय पनि यी भूलहरू पर सारिनेछन् ।*

यस कथनबाट नेपाली वाङ्मयमा उत्कष्ट कृति ल्याउने प्रसाईंको योगदान स्मरणीय देखिन्छ। नेपाली अनुवाद परम्परामा पनि उनको यो योगदान बिर्सन मिल्दैन । (सुकुम)

सीताराम अधिकारी

सीताराम अधिकारीको जन्म मणिपुरको कैबुलैखमा सन् १९७७ मा भएको थियो । उनका दुई कृति प्रकाशित छन् - **आधुनिक मान्छे** (कविता सङ्ग्रह, इ. २०११) अनि **मनुष्य शरीर र स्वास्थ्य** (इ. २०१२)।

डा. अधिकारीले लक्ष्मी 'मिनु' को एकाङ्की सङ्ग्रह **कर्तव्यपथ**लाई सोही शीर्षकमा अनुवाद गरी सन् २०१५ मा गोर्खा ज्योति प्रकाशनबाट बाहिर ल्याएका छन् । (गोविन्द) सम्पर्क: ९५०८६५२३६५

सी.पी. गिरी

सी.पी. गिरीको जन्म सन् १९४२ मा पूर्वी सिक्किमको पाटिम गाउँमा भएको थियो । अङ्ग्रेजी विषयमा स्नातकोत्तर गरेर उनी प्रथम नागालेन्ड पुलिस र पछि भारतीय सेवा (IPS) मा नागालेन्ड क्याडरमा सेवारत रहेर नागालेन्ड राज्य सरकारको गृह सचिव अनि पुलिस महानिर्देशकसमेत रही सन् २००८ मा सेवानिवृत्त भए । हाल उनी आफ्नो अवकाश प्राप्त जीवन जन्मथलो सिक्किममै सामाजिक, साहित्यिक, संस्थाहरूसँग संलग्न भएर व्यतीत गरिरहेका छन् । फिल्म निर्माता समेत भएकाले हाल उनी केन्द्रीय फिल्म सेन्टर बोर्डका सदस्य छन् । साथै उनी भारतीय गोर्खा परिसङ्घका कार्यकारी अधयक्ष पनि हुन् । नेपाली पत्रपत्रिकामा उनका कथा, कविता लेख आदि प्रकाशित छन् । मदन पुरस्कार गुठी नेपालद्वारा पुरस्कृत झमक घिमिरेको **जीवन काँडा कि फूल** कृतिको हिन्दी अनुवाद गरी उनले नेसनल बुक्स ट्रस्ट अफ इन्डियाबाट प्रकाशित गराएका छन् । "नेपाली साहित्यको इतिहासमा यो कोसेढुङ्गा हो ।" स्रोत: **विन्दु** वर्ष-९६, जनवरी-जुन २०१७ अङ्क १३२-१३३-१३४ (गोविन्द) सम्पर्क: ००९१८२५०२७१४८६

सुकान्त राई नामदुङ (इ. १९८३-२०११)

दार्जिलिङका प्रसिद्ध साहित्यकार डा. जीवन नामदुङ तथा माता मिना लामाका सुपुत्र सुकान्त राई नामदुङको अल्पायुमै देहान्त भयो । बैङ्लोरबाट पत्रकारितामा स्नातकोत्तर गरेका सुकान्तको त्यहींको एक अस्पतालमा निधन भयो ।

केही सिर्जनात्मक प्रकाशन र ब्लग राइटिङ गर्दै आएका सुकान्तको एक महत्त्वपूर्ण अनुवाद कर्म प्रकाशित छ । त्यो हो - शिवकुमार राईको **खहरे** शीर्षक नेपाली कथा सङ्ग्रहको सोही शीर्षकमा अङ्ग्रेजी अनुवाद । यसको प्रकाशन सेल्सियन कलेज पब्लिकेसन दार्जिलिङले गरेको थियो । सन् १९७६ को साहित्य अकादेमी पुरस्कार प्रापक शिवकुमार राई (इ. १९१९-१९९५) को **खहरे** उनको मास्टरपिस हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस सङ्ग्रहमा **सिल्भिया, छाता, त्यो रात** जस्ता १० वटा कथा सङ्कलित छन् । एउटा राम्रो कर्म गरिराखेकाले २८ वर्षको अल्पायुमै दिवङ्गत हुने सुकान्त साहित्याकाशमा चम्किरहनेछन् । उनकी बहिनी गरिमा र पिताजी नामदुङको समेत यस कोशमा प्रविष्टिहरू रहेका छन् । (गोविन्द)

सुङ्गमा तुलाधर

सुङ्गमा तुलाधरको जन्म वि.सं. १९८९ मा काठमाडौँको त्यौडमा भएको हो । उनले मोहम्मद उमर मेमोनले सङ्कलन गरी जापानी भाषामा लेखेको कथालाई नेपाल भाषामा अनुवाद गरी **ज्याथःम्ह प्वःया** बाखं शीर्षकमा प्रकाशित गरेका छन् । वि.सं. २०४९ मा साहित्य गुथि संस्थाबाट उक्त पुस्तक प्रकाशित भएको हो । (नवीन) सम्पर्क: ०१-४२२७४४५

सुदर्शन महास्थविर (भिक्षु)

काठमाडौँको कीर्तिपुरस्थित नगरमण्डप महाविहारमा वि.सं. १९९१ मा जन्मिएका भिक्षु सुदर्शन महास्थविर विभिन्न नामले चिनिन्छन् । एम.ए., नेपाली, संस्कृति, इतिहास र पुरातत्व; बी.एड. तथा साहित्य रत्न गरी हिन्दीमा कोविदसम्म गरेका महास्थविरले धार्मिक ग्रन्थ, नाटक र निबन्ध लेखन र अनुवाद गरेका छन् । उनले **धर्मोदय** र **वैशाख पूर्णिमा** पत्रिका र **दबू** (छधाः प्याखं), **प्रज्ञानन्द स्मृति ग्रन्थ** पुस्तक सम्पादन गरेका छन् । श्रेष्ठ सिरपा र भाषाथुवाः उपाधिबाट सम्मानित महास्थविर नेपाल भाषा एकेडेमीका भाइस चान्सलर पनि हुन् । **अम्बपाली, राष्ट्रपाल (नाटक), बुद्धया पुत्रप्रति छगू उपदेशयात छगू प्रतिवाद, भारतय् बुद्ध धर्मया उत्थान व पतन, अमृतमय मौन, बौद्ध धर्म हे मानव धर्म** (अनुवाद) **आषाढ पुन्ही : छगू परिचय** उनका कृतिहरू हुन् । (नवीन)

सुनिल पोखरेल

कलाकार तथा निर्देशक सुनिल पोखरेको जन्म सन् १९६३ मा खोटाङमा भएको हो । भारतको *नेसनल स्कुल अफ ड्रामा*बाट ग्राजुएसन गरेका पोखरेल अग्रगामी नाट्यकर्मीका रूपमा चिनिन्छन् । लामो समय *आरोहण गुरुकुल* नामको देशकै पहिलो नाट्य स्कुल सञ्चालन गरेका पोखरेल मौलिक र अनूदित नाटकहरूको मञ्चनमा सक्रिय रहँदै आएका छन् । उनले अभिनय र निर्देशनका साथै नर्वेजियन नाटककार हेनरिक इब्सेनको कालजयी नाट्यकृति **डल्ज हाउसलाई पुतलीको घर** (वि.सं. २०६३) शीर्षकमा अनुवाद गरी मञ्चनसमेत गराएका छन् । विलियम आर्चरको अङ्ग्रेजी अनुवादलाई मूल स्रोत बनाएका पोखेलले यस कृतिको अनुवाद गर्दा मञ्चनीयतालाई प्राथमिकता दिएका छन् । नेपालमा यस नाटकको पहिलो प्रदर्शन वि.सं. २०६० साउन ३ गते सम नाटक घर गुरुकुलमा भएको थियो । यसलाई नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, नर्वे र डेनमार्कमा गरी १३८ औँ पटक प्रदर्शन गरिसकिएको छ । साथै, अल्बेअर कामुको **न्यायप्रेमी** (लेस जस्टिस), विजय तेन्दुलकरको **जात हि पुछो साधु की** नेपालीमा **जात सोध्नू जोगीको,** बर्तोल्त ब्रेख्तको **द ककेसियन चक सर्कललाई खरीको घेरोह** सेक्सपियरको **अ मिड् समर नाइट्स ड्रिमलाई मिडनाइट समर सपना** रङ्गकर्मी पोखरेलले निर्देशन गरेका अनूदित नाटकहरू हुन् । (बलराम)

सम्पर्क: sunilpo@gmail.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरप्रसाद क्षत्री

सुन्दरप्रसाद क्षत्रीको जन्म सन् १९५१ मा असमको शिवसागर जिल्लास्थित अफलामा भएको थियो। स्नातक गरी शिक्षण पेसामा संलग्न क्षत्रीले दुई कृतिको अनुवाद गरेका छन्। उनले होमबहादुर क्षत्रीद्वारा रचित होमबहादुरका **निर्वाचित** ६३ वटा **कविता**लाई असमिया भाषामा **डालभरि यी फूलई फूल** शीर्षकमा अभि-जमान स्मृति ट्रस्ट दुलियाजानबाट सन् २००९ मा प्रकाशित गराए। त्यस्तै लोकनाथ उपाध्याय चापागाईंकृत उपन्यास **आँधी** (इ. १९९९) लाई असमियामा अनुवाद गरी **धुमुहा** (इ. २०१८) शीर्षकमा प्रकाशित गराए। क्षत्रीका नेपाली, हिन्दी र असमिया भाषामा मौलिक र अनूदित रचना रहेका छन्। (गोविन्द) सम्पर्क...

सुन्दर झा शास्त्री (इ. १९३०– वि.सं. २०५५)

धनुषाको वभनगामामा जन्मेका सुन्दर झाले लक्ष्मीनारायण संस्कृत पाठशाला, मटिहानीमा आचार्यसम्मको अध्ययन गरेपछि सन् १९५७ मा चन्द्रधारी मिथिला कलेज, दरभङ्गाबाट प्रतिष्ठा (अनर्स) सहित स्नातक एवम् कोलम्बो योजनाअन्तर्गत लखनउ विश्वविद्यालयबाट संस्कृतमा स्नातकोत्तर गरे। सरकारी सेवाअन्तर्गत २२ वर्षसम्म बी.डी.ओ. को रूपमा कार्य गरी याज्ञवल्क्य संस्कृत पाठशाला, जनकपुरबाट वि.सं. २०३९ मा उनले अनिवार्य अवकाश प्राप्त गरे। दरभङ्गामा अध्ययनरत रहेकै बेलादेखि उनले त्यहाँको लोकप्रिय *वैदेही* मासिक पत्रिकामा नियमित लेख्न थाले। सन् १९५५ सम्म उनी मैथिली साहित्यकारमध्ये लोकप्रिय भइसकेका थिए। मैथिली साहित्य परिषद्को मुखपत्रको रूपमा वि.सं. २०२५ मा प्रकाशित *फूलपाती* नेपालकै पहिलो संस्थागत पत्रिका मानिन्छ। पछि उनी *फूलपाती*को सम्पादकको रूपमा आजीवन सम्पादन कार्यमा संलग्न रहे। उनी भाषा विज्ञान तथा काव्य शास्त्रका जानकार थिए। संस्कृत साहित्यको सैद्धान्तिक अध्ययन गरेका शास्त्रीले कालिदासद्वारा लिखित **शृङ्गार तिलक** (वि.सं. २०१२) तथा **रत्नावली नाटिका** (वि.सं. २०१९) को मैथिली अनुवाद गरेका थिए। उनले लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** (वि.सं. २०५६) लाई अनुवाद गरी मैथिलीमा भित्र्याएका थिए। झ्याउरे लयमा नै गरिएको यो अनुवाद उत्कृष्ट मानिन्छ। (शशी)

सुभाष घिमिरे

सुभाष घिमिरेको जन्म वि.सं. २०२९ मा चितवनको मङ्गलपुरमा भएको थियो। नेपाल कृषि तथा वन विज्ञान अध्ययन संस्थान रामपुरबाट कृषिमा स्नातक गरी इस्टर्न इलिनोई युनिभर्सिटी, अमेरिकाबाट शैक्षिक प्रशासनमा स्नातकोत्तर गरेका सुभाषले दुईवटा नेपाली आख्यानको अङ्ग्रेजीमा अनुवाद गरेका छन्। पहिलो हो सरुभक्तकृत **चुली** (वि.सं. २०६९) जसलाई उनले सोही शीर्षकमा अङ्ग्रेजीमा अनुवाद गरेका छन्। यसको प्रकाशन साहित्यकार सरुभक्त सरोकार केन्द्र पोखराले सन् २०१२ मा गऱ्यो। दोस्रो कृति हो प्रदीप नेपालकृत **एक्काइसौँ शताब्दीकी सुम्निमा** (वि.सं. २०६४)। **ट्वेन्टी फर्स्ट सेन्चुरिज सुम्निमा** शीर्षकमा अनूदित यो उपन्यासलाई भृकुटी छापाखानाले प्रकाशित गऱ्यो। हाल पनि उनी अरूका र आफ्ना फुटकर रचनालाई अनलाइन तथा छापा प्रकाशनको लागि निरन्तर अनुवाद गरिरहेका छन्। उनको एफ स्कट फिट्सजेराल्डको उपन्यास **द ग्रेट ग्याट्स्बी**को अनुवाद प्रकाशोन्मुख अवस्थामा छ। (गोविन्द) सम्पर्क: ४४२-६५२-२०६२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुभाषराम लाछी

वि.सं. २०२६ मा मध्यपुर थिमीमा जन्मिएका सुभाषराम लाछी हाल अमेरिकाको वासिङ्गटनमा बस्दै आएका छन्। विद्यावारिधि गरेका लाछीले **मचासू (कविता), इमेल इन्टरनेट म्हसिक, नेपाल उपत्यकाया सांस्कृतिक बाजं, डिस्टिनेसन ठिमी, पुलांगु नाटकया साङ्गीतिक पक्ष, नासःद्यः दर्शन, वाभू** आदि पुस्तकहरू लेखेका छन्।

उनी लेखक मात्र नभई कलाकार पनि हुन्। उनले नेपाल भाषाको चलचित्र **पःखाः, तंबैकमा** आफ्नो कलाकारिता देखाएका छन् भने **मतिना ला थन** हे दु नामक चलचित्रको निर्देशन गर्दै छन्।

लाछीले आफ्नै कृति **नेपाःगाःया सांस्कृतिक बाजं (नेपाल उपत्यकाका सांस्कृतिक बाजाहरू) र नेपाःगाःया सांस्कृतिक भजन** (Cultural Musical Instruments of Kathmandu Valley) लाई अनुवाद गरी वि.सं. २०५८ मा नेवाः देय् दबूबाट प्रकाशित गरेका छन्। (नवीन)

सुमन पोखरेल

वि.सं. २०४४ मा विराटनगरमा जन्मेका सुमन पोखरेल मूलतः कवि हुन्। बी.एस्सी., बी.एल., एम.बी.ए.सम्मको अध्ययन गरेका पोखरेलका **शून्य मुटुको धड्कनभित्र** (कविता सङ्ग्रह, वि.सं. २०५६), **हजार आँखा : यी आँखामा** (गीत सङ्ग्रह, वि.सं. २०५९) र जीवनको छेउबाट (वि.सं. २०६६, कविता सङ्ग्रह) प्रकाशित छन् भने उनका दर्जनौँ फुटकर कविताहरू देश विदेशका पत्रपत्रिकाहरूबाट प्रकाशित छन्। कवि पोखरेलले काव्य अनुवादमा देखाएको दक्षता उल्लेखनीय छ। उनले अङ्ग्रेजी, हिन्दी, उर्दू र नेपाली भाषाबाट र यी भाषातर्फ़ गरेका अनूदित कविताहरूको सङ्ख्या करिब तीन सयको हाराहारीमा पुगेको छ। यी अधिकांश रचनाहरू पुस्तकाकारमा आउन बाँकी छन्। उनले अनुवाद गरेका केही कविताहरू हाल सालै **मन परेका कविता** (वि.सं. २०७४) शीर्षकमा शिखा बुक्सबाट प्रकाशित भएको छ। यस सङ्ग्रहमा अन्ना आख्मातोभा, अन्ना स्विर, एलेन गिन्सबर्ग, ओक्टाभियो पाज, गाब्रियला मिस्त्राल, ज्याक प्रिभेर, डेलमिरा अगस्तिनी, नाजिक अल मलाइका, नाजिम हिकमत, निजार कब्बाली, पाब्लो नेरुदा, फेरोग फारुखजाद, महमुद दरविस, येहुदा अमिसाइ र सिल्भिया प्लाथका १०३ वटा अनूदित कविता रहेका छन्। कविहरूको छनोटबाट के देखिन्छ भने पोखरेल व्यापक पठन चेतना भएका अनुवादक हुन्। **आँधीबेहरी** (सेक्सपियरको नाटक **टेम्पेस्ट**को अनुवाद), **धरतीका रङहरू** (विभिन्न कविका ३० कविताको सङ्ग्रह) **जिन्दगी के साथ साथ** (विभिन्न नेपाली कविका ४२ कविताको सङ्ग्रह) उनका प्रकाशोन्मुख अनूदित कृतिहरू हुन्। (बलराम) सम्पर्क: ९८५२०३०५७५

सुवास दीपक

सुवास दीपकको जन्म भारतको हिमाञ्चल प्रदेशमा सन् १९४० मा भएको थियो। उनले पञ्जाव विश्वविद्यालयबाट हिन्दी साहित्यमा स्नातकोत्तर गरेका छन्। केही पछि सिक्किम पुगेर उनी शिक्षण तथा साहित्य सेवामा समर्पित भए। वि.सं. २०२६/२७ देखि गंगा कप्तानको प्रेरणाले अघि बढेका दीपकका मौलिक र अनूदित गरी धेरै कृति प्रकाशित छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनले नेपाली र हिन्दीमा मौलिक सिर्जना गर्नुका साथै हिन्दी, अङ्ग्रेजी र डोगरी भाषाबिचमा अनुवाद गरी ठुलो योगदान दिएका छन्। दीपकको त्रैभाषिक योगदान महत्त्वपूर्ण छ। उनका कृतिहरूमा मौलिक नेपालीमा **अभिषेक** (बाल उपन्यास, इ. १९८०), **साक्षात्कार** (अन्तर्वार्ता सङ्ग्रह, इ. १९१३), **आधारशिला** (कविता सङ्ग्रह, इ. १९९३) ज छन् भने मौलिक हिन्दीमा **अरण्य रोदन** (उपन्यास, इ. १९८५), **खुला दरवाजा और पेड** (कविता सङ्ग्रह, इ. २००४), **चक्रव्यूह** तथा **अन्य कहाँनिया** (कथा सङ्ग्रह, इ. २००४) आदि कृति छन्। उनले अनुवाद गरेका पुस्तकहरू निम्न छन्।

हिन्दीदेखि नेपालीमा :

१. **संरचनाबाट, उत्तर संरचनावाद एवम् प्राच्य काव्यशास्त्र** (डा. गोपीचन्द नारंगको समीक्षा पुस्तक, साहित्यिक अकादेमी, नयाँ दिल्ली, इ. २००७ मा प्रकाशित)।

२. अटल बिहारी बाजपेयीका **मेरी इक्यावन कविताएँको मेरा एकाउन्न कविताहरू** (इ. २००६, निर्माण प्रकाशन)।

अङ्ग्रेजीदेखि नेपालीमा :

१ श्री पी. खोन्डुपद्वारा लिखित **गुरु पद्मसंभव**को सोही शीर्षकमा अनुवाद सूचना एवम् जन सम्पर्क: विभाग, इ. २००५)।

२. **पवन चामलिङको डेअरिङ टू बी डिफरेन्ट** को **एक अटल योद्धा** (सह अनुवादक- विजयकुमार राई, निर्माण प्रकाशन, इ. २००६)।

त्यसै गरी दीपकले **पवन चामलिङ डेअरिङ टु बि डिफरेन्ट**लाई हिन्दीमा **पवन चामलिङ जमिन से जुडे एक राजनीतिज्ञका सफरना**मा शीर्षकमा अनुवाद गरेका छन्। यो अनुवादलाई आत्माराम एन्ड सन्स, दिल्लीले सन् २००९ मा प्रकाशित गरेको थियो। यसका सह-अनुवादक पदम क्षत्री रहेका छन्।

डोगरीदेखि नेपालीमा :

डा. ओम गोस्वामीको डोगरी उपन्यास **पव-खिनको पव-विपल** (निर्माण प्रकाशन, इ. २०१०)। यो उपन्यास मूल डोगरी भाषादेखि नेपालीमा प्रकाशित प्रथम कृति हो।

२. डा.ओम गोस्वामीको बाल उपन्यासको अनुवाद **कमालपुरको चमत्कार** शीर्षकमा (इ. २००३) (गोविन्द) सम्पर्क: ०९८ ३२०३६८९३

सुवर्णमान तुलाधर

सुवर्णमान तुलाधरको जन्म वि.सं. १९९६ मा भएको थियो। बी.ए., बी.एड. सम्मको अध्ययन गरेका तुलाधर पेसाले शिक्षक हुन्। उनले निबन्ध र कथा लेखनका क्षेत्रमा योगदान दिएका छन्।

उनका डाक्टरया कला: (The doctor's wife को **अनुवाद**), **महाकवि चित्तधर 'हृदय' को सुगत सौरभ महाकाव्यको** अङ्ग्रेजीमा गद्यानुवाद Sugat Saurabha Free Verse (Oxford University, 2010) जस्ता पुस्तकहरू प्रकाशित छन्। (नवीन)

सुरेन्द्र न्यौपाने

सुरेन्द्र न्यौपानले बहुकृतिक यात्रा निबन्धकार एवम् कवि जय छाङ्छाका ४५ वटा समकालीन कविता अनुवाद गरी **द्याट आइ लभ्ड द वर्ड** (इ. २०१६) शीर्षकमा सङ्कलित सङ्ग्रहलाई सारांश नेपालबाट हालै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशित गराएका छन्। यसमा इन्डिया र अरबी मरुभूमिमा बस्दाका अनुभूतिहरू समेटिएका छन्। (बलराम) सम्पर्क

सुरेन्द्र केसी

ताप्लेजुङको हाङ्देवामा वि.सं. २०१२ मा जन्मेका सुरेन्द्र केसीले इतिहासमा विद्यावारिधि गरेका छन्। त्रिभुवन विश्वविद्यालयमा अध्यापनरत प्राध्यापक केसीले एउटा महत्त्वपूर्ण कृतिको अनुवाद गरेका छन्। उक्त कृति हो चिनियाँबाट अङ्ग्रेजीमा अनूदित तङ रोङद्वारा लिखित **माइ फादर तेङ स्याओफिङः वार इअर्ज** शीर्षकको जीवनी ग्रन्थको नेपाली अनुवाद **मेरा बा तङ स्याओफिङः युद्धका वर्षहरू**। इतिहास र जीवनीको सम्मिश्रणका रूपमा रहेको यस कृतिको अनुवादले वर्तमान चिनको सङ्घर्षमय इतिहासको झल्को दिन्छ। यद्यपि यस अनूदित कृतिमा अनुवादक पूर्णतः छेलिएका छन् र पाठकले झलक्क हेर्दा तङ रोङले नै नेपालीमा लेखेको हो भन्ने भान पार्ने कोसिस गरिएको छ। नेपाल-चीन अध्ययन केन्द्रले सन् २००८ मा यसको प्रकाशन गरेको हो। (गोविन्द) सम्पर्कः ४७७०९९९

सुरेश हाचेकाली

खोटाङको कुभिन्डेमा वि.सं. २०३३ मा जन्मेका सुरेश हाचेकालीको थर निरौला हो। त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा एम.फिल. गरेका हाचेकाली त्रिविअन्तर्गत अध्यापनमा संलग्न छन्। नेपाली र अङ्ग्रेजी दुवै भाषामा कलम चलाउने हाचेकाली कवि, समालोचक एवम् अनुवादक हुन्। उनले भूपाल राईको कविता सङ्ग्रह **सीमान्त सौन्दर्य** (वि.सं. २०६७) लाई **एस्थेटिक्स अफ मार्जिन** शीर्षकमा अनुवाद गरेका छन्। १८ वटा कविता समाविष्ट यस सङ्ग्रहमा नेपाली र अङ्ग्रेजी दुवै समावेश गरिएको छ। जम्मा १२६ पृष्ठको यस सङ्ग्रहका प्रकाशक दुर्गा राई हुन्। त्यसै गरी हाचेकालीले गौरा प्रसाईंको आत्मकथा मेरा **जीवनका पानालाई ट्रुथ अफ माइ लाइफ** (वि.सं. २०७३) शीर्षकमा अनुवाद गरेका छन्। हाचेकाली अनेक फुटकर अनुवादमा पनि संलग्न छन्। उनले मोमिला सम्पादित **कलाश्री** पत्रिकाका लागि अङ्ग्रेजी रचनाहरूको अनुवाद गर्दै आएका छन्। उनका फुटकर अनुवादहरू प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित **नेपाली डायस्पोराका कविता** शीर्षक सङ्ग्रहमा पनि समावेश छन्। उनले केही सङ्ग्रहहरूमा सह-अनुवादकका रूपमा पनि काम गरेका छन्। (गोविन्द) सम्पर्कः ९८४५१३३६११

सुषमा आचार्य

सुषमा आचार्यको जन्म काठमाडौंको ताहाचलमा वि.सं. २००७ मा भएको थियो। विद्यावारिधि गरेकी सुषमा त्रिविको प्राध्यापक पदमा पुगेर सेवाबाट निवृत्त भई हाल साहित्य साधना गरिरहेकी छन्। उनका नेपाली समालोचना विषयक एवम् कविता, अनुवाद तथा अन्य विधा गरी एक दर्जन कृति प्रकाशित छन्। दुईवटा उल्लेख्य कृति हुन्– **लैनसिंह वाङ्देलको औपन्यासिक कृतिको मूल्याङ्कन** (वि.सं. २०५८) र **वासुदेव लुइटेल स्मृतिग्रन्थ** (वि.सं. २०६८)।

उनले अङ्ग्रेजी अनुवाद गरेका दुई कृति हुन्– चन्द्रमामा खरायो र सटाइरिकल नेपाली पोएम्स। **चन्द्रमामा खरायो** आफू जापान बस्दा सुने पढेका जापानी लोककथाको अङ्ग्रेजी अनुवाद हो भने **सटाइरिकल नेपाली पोएम्स** १९ वटा नेपाली व्यङ्ग्य कविताको अङ्ग्रेजी अनुवाद हो, जुन नेपाल प्रज्ञा-प्रतिष्ठानको शीघ्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाश्य सूचीमा छ । त्यसै गरी उनले सम्पादन/प्रकाशन गरेको बाल पत्रिका **जूनतारा**मा वि.सं. २०४८ देखि २०५२ सम्मका १९ अङ्कमा प्रत्येक पल्ट उनीद्वारा अनूदित एउटा जापानी बालकथा प्रकाशित हुन्थ्यो । ती कथा असङ्कलित अवस्थामा छन् । (गोविन्द) सम्पर्क: ९८५१००८६५५७

पण्डित सूर्यकान्त झा

पण्डित सूर्यकान्त झाको जन्म महोत्तरीको मधवा गाउमा वि.सं. १९८२ मा भएको थियो । उनले नवपाणिनीय व्यकरणाचार्य तथा दर्शनमा शास्त्री तहको अध्ययन पुरा गरेका थिए । वि.सं. २००६ देखि वि.सं. २०४८ सम्म शिक्षण कार्य गरेका उनले वि.सं. २०१४ देखि जनकपुरको रारा बहुमुखी क्याम्पसमा प्रथम मैथिली शिक्षकको रूपमा सेवा गरेका थिए भने जनक आयुर्वेद विद्यापीठमा समेत प्राध्यापकको रूपमा काम गरे । उनी मैथिली, संस्कृत, नेपाली तथा हिन्दी भाषाका जानकार थिए । पण्डित झाद्वारा लिखित **नेपाल संस्कृति कुसुम** (४ भाग) नेपाल सरकारद्वारा निर्मित पाठ्यक्रमको रूपमा समेत समावेश गराइएको थियो । यसै गरी नेपाल **संस्कृत सङ्ग्रह**को उनले नेपाली भाषामा अनुवाद गरे भने कालिदासद्वारा लिखित बहुचर्चित **मेघदूतम्** काव्यको पनि मैथिली भाषामा अनुवाद गरे । (शशी)

सूर्यप्रसाद लाकोजू

सूर्यप्रसाद लाकोजूको जन्म काभ्रेको पनौती बजारमा वि.सं. २०३३ मा भएको थियो । उनले त्रिविबाट स्नातक सम्मको अध्ययन पुरा गरी शिक्षण सेवा तथा साहित्य सेवामा आफूलाई समर्पित गरेका छन् । सूर्यप्रसाद सक्रिय र कर्मठ युवा हुन् । उनले १५ वटा कृति सङ्ग्रह प्रकाशित गरिसकेका छन् । विशेष गरी कविता विधातिर केन्द्रित लाकोजूले केही गद्य कृति पनि ल्याएका छन् । नेपाल, भारत र हङकङको भ्रमण गरेका लाकोजूले १५ वटै कृतिको सम्पादन एवम् प्रकाशन गरेका छन् । उनी *अक्षरमार्ग* साहित्यिक त्रैमासिकका प्रधान सम्पादक हुन् भने पनौती सङ्ग्रहालय दर्पणका सम्पादक र **साहित्यकार गोविन्दराज भट्टराई**का सह सम्पादक रहेका छन् । लाकोजू उनको त्याग, समर्पण र सिर्जनाको निमित्त वि.सं. २०७१ को युवा सेवी पुरस्कारबाट सम्मानित भए । काभ्रे (पनौती) परिवेशका २१ वटा संस्थामा संलग्न लाकोजूले ज्ञानकाजी मानन्धरद्वारा नेपाल भाषामा लिखित नाटक **आनिकोया श्वेतचैत्य**लाई **अरनिकोको श्वेतचैत्य** (वि.सं. २०६८) शीर्षकमा नेपालीमा अनुवाद गरेका छन् । यसलाई जनमत प्रकाशन, बनेपाले बाहिर ल्याएको हो । यस पुस्तकमा चिनमा बनेको श्वेतचैत्यबारेका गाथा छन् । (गोविन्द) सम्पर्क: ९८४१४३२१०७

सूर्यविक्रम ज्ञवाली (वि.सं. १९५५-२०४२)

सूर्यविक्रम ज्ञवालीको जन्म भारतको बनारसमा भएको थियो । नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व-कुलपतिसमेत रहेका ज्ञवाली नेपाली भाषा सुधारक एवम् इतिहासकार हुन् । उनका धेरै कृति ऐतिहासिक व्यक्तित्वका विषयमा रहेका छन् । **भानुभक्तको जीवन चरित्र** (वि.सं. १९८४), **द्रव्य शाह** (वि.सं. १९९०), **राम शाह** (वि.सं. १९९०) **भानुभक्त स्मारक ग्रन्थ** (वि.सं. १९९७), **नेपाली भाषाको संक्षिप्त इतिहास**, **नेपाली संक्षिप्त शब्दकोश** (वि.सं. २०४०) आदि उनका कार्यहरू हुन् । उनले एउटा कृतिको अनुवाद गरेका छन् । त्यो हो प्रथम अमेरिकी राष्ट्रपति बुकर टी. वासिङ्टनद्वारा लिखित आत्म जीवनी **स्ट्रगल फर एजुकेसन** जसको नेपाली शीर्षक **पारे घर्तीको पुरुषार्थ** (वि.सं. २०१८) रहेको छ । रहेको छ । (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोमनाथ सिग्द्याल (वि.सं. १९४१–२०२९)

काठमाडौँको झोछेँमा जन्मेका सोमनाथ सिग्द्यालले धर्मशास्त्रमा शास्त्री (स्नातक) सम्मको अध्ययन गरी न्यायवैशेषिक दर्शनमा आचार्य गरेका थिए । पण्डितराजको उपाधिबाट विभूषित सिग्द्यालका मौलिक र अनूदित गरी १६ वटा कृति रहेका छन् । तीमध्ये **उपदेशशतकम्** को नेपाली अनुवाद **उपदेशशतक** एवम् क्षेमेन्द्र विरचित **चारुचर्याशतकम्**को नेपाली अनुवाद **चारुचर्याशतक** (वि.सं. १९९७) प्रकाशित छन् भने **कौटिल्यको अर्थशास्त्र** (वि.सं. २०२४) पनि प्रकाशित भएको छ । पं. सिग्द्यालले आफ्नै रचना **आदर्शराघव**को एक अध्याय **आदर्शराघवपुष्पाञ्जलि** शीर्षकमा अनुवाद गरेका छन् । (माधव)

स्वयम्भूलाल श्रेष्ठ (वि.सं. १९८७ – २०४३)

झापाको भद्रपुरमा जन्मिएका श्रेष्ठले नेपाल भाषा र नेपालीमा लेखन कार्य गरे । उनका कविता, कथा, एकाङ्की नाटक, अनुवाद र अनुसन्धानात्मक निबन्ध प्रकाशित छन् । लाकौल सिरपा र भाषाजवाः उपाधिबाट सम्मानित उनी **श्रेष्ठ सिरपा**का संस्थापक हुन् । उनी च्वसापासाका अध्यक्ष पनि थिए । **मचा** नामक मासिक पत्रिकाका सम्पादक रहेका श्रेष्ठका कृतिहरूमा **झीजि** (निबन्ध), **मांभाय्, क्वाःघासा, स्वयम्भूलाल श्रेष्ठया ल्यया च्वखँ, नेवाः, नेवाःभाय् व संस्कृति** (अनुवाद) रहेका छन् । श्रेष्ठले बाबुराम आचार्यले लेखेको **नेपाल, नेवार र संस्कृति** नामक पुस्तकलाई नेपाल भाषामा **नेवाःभाय् व संस्कृति** शीर्षकमा अनुवाद गरेका हुन् । यो पुस्तक साहित्यया मू लुखा साहित्यिक संस्थाबाट वि.सं. २०३६ मा प्रकाशित भएको थियो । (नवीन)

श्वेता दिप्ती

श्वेता दिप्तीको जन्म सन् १९७० मा भारतको बिहारमा भएको हो । हिन्दी साहित्यमा विद्यावारिधि गरेकी डा. दिप्ती हाल त्रिविको केन्द्रीय हिन्दी विभागमा अध्यापनरत छिन् । दिप्तीले नेपाली, र भोजपुरीमा लेखिएका विविध सृजनालाई हिन्दीमा अनुवाद गरेकी छन् । उनले बी.पी. कोइरालाको **मोदिआइन** उपन्यासलाई सोही शीर्षकमा हिन्दीमा भित्र्याएकी छन् । उक्त अनुवाद वि.सं. २०७० मा नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको छ । उनका फुटकर अनुवादहरू नेपाल प्रज्ञा-प्रतिष्ठानबाट नियमित प्रकाशन हुँदै आएको रूपान्तरणमा प्रकाशित छन् । (हे. रूपान्तरण) (गोविन्द)

सृजना सुब्बा

सृजना सुब्बाको जन्म दार्जिलिङको नागरी चियाबगानमा सन् १९८० मा भएको थियो । उनी एम.ए., बी.एड. गरी अङ्ग्रेजी भाषा शिक्षकको रूपमा कार्यरत छिन् । उनले अङ्ग्रेजीमा रचना गर्दै अङ्ग्रेजी र नेपाली बिचमा अनुवाद कार्य गरिरहेकी छिन् । विद्यालयस्तरीय शिक्षक रहेकी सिर्जनाका कृतिहरूमा **फ्र्याग्मेन्ट्स** (कविता सङ्ग्रह, इ. २०११), **रेमिनिसेन्स अफ ऐजवाल** (यात्रा संस्मरण, इ. २०१४) र **फोसिल्स्** (कविता सङ्ग्रह, इ. २०१५) रहेका छन् । यसै गरी उनले वीरभद्र कार्कीढोलीका कविताहरूको चयन गरी **प्रिस्टिन स्ट्रोक** शीर्षकमा अनुवाद गरी सन् २०१५ मा प्रकाशन गराएकी छन् । यसमा उनले कार्कीढोलीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन् १९८६ देखि २०११ सम्मका कविता सङ्ग्रहबाट छानेर ३६ वटा कविताको नेपालीबाट अङ्ग्रेजीमा अनुवाद गरेकी हुन्। (गोविन्द) सम्पर्क: ०९५६३४८७८९२

स्नेहलता राई

स्नेहलता राईको जन्म दार्जिलिङको तकभरमा सन् १९५० मा भएको थियो। बाल साहित्यमा पनि विशेष गरी बाल कवितामा उनको ठुलो योगदान छ। उनले बाल कविता र किशोर साहित्य शीर्षकमा १३ वटा कृति प्रकाशित गरेकी छन्। उक्त कृतिहरूमा **बाल सुमन** (इ. २००७), **मनसँग साउती** (इ. २००८), **बालोद्यान** (इ. २००९), **प्रकृति र पृथ्वी** (इ. २०१०) रहेका छन्। **बाल सुमन** शीर्षक कविताको निमित्त उनी सन् २०१० को बालसाहित्य अकादेमी पुरस्कारबाट सम्मानित भएकी थिइन्। उनीद्वारा अनूदित एउटा कृति छ **परिवेश प्रश्न** (इ. २०१६) यो डा. दर्शनसिंह आशटले लेखेको बाल साहित्य कृति हो। दर्शनसिंह आशट 'शिरोमणि पंजाबी बाल साहित्य लेखक' उपाधिद्वारा विभूषित लेखक हुन्। यो कृति सुन्दर नेपालीमा अनूदित छ। (गोविन्द) सम्पर्क: ९७३३३०६२०६

हरिनाथ ढुङ्गेल (वि.सं. १९७२-२०३१)

भक्तपुरको कटुञ्जेमा जन्मेका हरिनाथ ढुङ्गेलले संस्कृतमा आचार्यसम्मको अध्ययन गरेका थिए। प्राध्यापन सेवामा संलग्न ढुङ्गेल केही समय **नेपाली भाषा प्रकाशिनी समिति**का अध्यक्ष पनि रहे। उनका मौलिक एवम् अनूदित गरी सातवटा कृति रहेका छन्। तीमध्ये कृष्ण मिश्रद्वारा संस्कृत भाषामा लिखित **प्रबोधचन्द्रोदय** नामक कृतिलाई ढुङ्गेलले सोही शीर्षकमा नेपाली भाषामा अनुवाद गरेका थिए। सो अनूदित कृति जगदम्बा प्रकाशनले वि.सं. २०२५ मा प्रकाशनमा ल्याएको थियो।

(माधव)

हरिशंकर मानन्धर

हरिशंकर मानन्धरको जन्म वि.सं. २००८ पुस १७ गते गोदामचोक, बनेपा भएको हो। एम.फिल. गरेका मानन्धरले शिक्षण सेवामा संलग्न रहे।

उनले पशुपतिमान पःमाःले लेखेको **नुगः घाः** कथा सङ्ग्रहमा रहेका पाँचवटा कथालाई अङ्ग्रेजीमा अनुवाद गरेका छन् भने मथुरा साय्मि (मथुराकृष्ण मानन्धर) को कथा सङ्ग्रह **सिन्हः बाहुभित्र रहेको इन्कलाब** नामक कथा अङ्ग्रेजीमा अनुवाद गरेका छन्। यी दुवै पुस्तक वि.सं. २०७३ मा कुतः पिकाक प्रकाशनले प्रकाशित गरेको छ। (नवीन) सम्पर्क: ९८४१३५५३१५

हरिश अधिकारी

हरिश अधिकारीको जन्म सन् १९७८ मा उत्तरी भारतको मणिपुरमा भएको थियो। अङ्ग्रेजी र अमेरिकी साहित्यमा एम.ए. गरेका अधिकारी हाल काठमाडौँ विश्वविद्यालयमा कार्यरत छन्। स्थायी ठेगाना झापाको दमक रहेका अधिकारीले नेपालीबाट अङ्ग्रेजी साहित्यमा धेरै कवितालाई अनुवाद गरेका छन्। सार्क जर्नल, ग्रे स्यारो, रूपान्तरण, स्लो जोएल, नेपाली कला साहित्य डटकमको निमित्त उनले लेखन तथा अनुवाद गरेका छन्। उनले अङ्ग्रेजीबाट नेपालीमा पनि अनुवाद गरेका छन्। हालै मात्र उनको **सङ्गम**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शीर्षकको एक महत्त्वपूर्ण कृति शब्द यात्रा प्रकाशन बनेपाबाट बजारमा आएको छ। सन् २०१८ मा प्रकाशित यस पुस्तकमा उनले अङ्ग्रेजी वर्णानुक्रम अनुसार अनिल नेम्वाङदेखि विप्लव ढकालसम्मका एक सय जना नेपाली कविहरूलाई समावेश गरेका छन्। क्षेत्रप्रताप अधिकारी, मनप्रसाद सुब्बा जस्ता पुराना कविलाई यसमा समेटिएको भए पनि अधिकारीले धेरैजसो नयाँ स्रष्टालाई यसमा चयन गरेका छन्। प्रत्येक स्रष्टाको परिचय र नेपाली कवितासमेत समाविष्ट २१२ पृष्ठको यस सङ्ग्रहले नेपाली साहित्यलाई विश्व परिवेशमा पुऱ्याउन ठुलो सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। (गोविन्द) सम्पर्क: ९८५११७०६२५

हरिहर खनाल

हरिहर खनालको जन्म वि.सं. २००३ भदौमा कास्कीको फल्याङकोटमा भएको हो। उनले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा एम.ए. गरेका छन्। लामो समय अङ्ग्रेजी भाषा र साहित्यको अध्यापनमा बिताएका सेवा निवृत्त खनालले केही समय साझा प्रकाशनको सञ्चालकका रूपमा तथा *गरिमा* साहित्यिक मासिक पत्रिकाको प्रधान सम्पादकका रूपमा कार्य गरे। कथा विधामा विशेष दखल राख्ने खनाल मौलिक लेखनका साथै अनुवाद साहित्यमा परिचित सर्जक हुन्। ह्यान्स क्रिस्चियन एन्डरसनको कथामा आधारित सुप्रसिद्ध चिनियाँ लेखक येह सेङ ताओको कथा **द एम्पेरर्स न्यु क्लोथ**लाई नेपालीमा **बादशाहको नयाँ कपडा** शीर्षकमा वि.सं. २०३५ मा अनुवाद गरी खनाल अनुवादका क्षेत्रमा प्रवेश गरेका हुन्। त्यसपछि वि.सं. २०३७ मा यिनले ह्याबर्मनद्वारा जर्मन भाषामा लिखित र अङ्ग्रेजीमा अनूदित रुसी साहित्यकार म्याक्सिम गोर्कीको जीवनी **म्याक्सिम गोर्की**लाई नेपाली भाषामा भित्र्याए। यो अनुवाद प्रकाशन भएको झन्डै चार दशकपछि उनले अभनर जिसले रुसी भाषामा लेखेको र जुडेलसनले अङ्ग्रेजीमा अनुवाद गरेको कृति **फाउन्डेसन अफ मार्क्सिस्ट एस्थेटिक्स**लाई नेपाली अनुवाद गरी **मार्क्सवादी सौन्दर्य शास्त्रका आधार**हरू शीर्षकमा वि.सं. २०७२ मा प्रकाशित गरे। यसपछि अल्बेअर कामुको उपन्यास **द आउटसाइडर**लाई नेपालीमा अनुवाद गरी **आगन्तुक** शीर्षकमा वि.सं. २०७३ मा बाहिर ल्याए। यी कृतिहरू क्रमशः नेपाल प्रज्ञा-प्रतिष्ठान र भुँडीपुराण प्रकाशनबाट प्रकाशित छन्। यसका अतिरिक्त वि.सं. २०७३ मा प्रकाशित चिनियाँ राष्ट्रपति सि जिन पिङको **द चाइनिज गभर्नेन्स**को एउटा खण्ड **चिनियाँ शासन पद्धति**को अनुवाद र केही खण्डहरूको सम्पादनसमेत गरेका अनुवादक खनालका आफ्नै कथाहरूमा पनि अङ्ग्रेजी भाषामा अनुवाद भएका छन्। (बलराम) सम्पर्क: ९८४१९४०४४९

हरिहर शर्मा

हरिहर शर्माका दुईवटा अनूदित कृति रहेका छन्। उनले संस्कृत भाषामा लिखित **चाणक्यनीति**लाई **चाणक्यनीति दर्पण** (इ. १९२२) शीर्षकमा नेपाली भाषामा अनुवाद गरेका छन् भने संस्कृत भाषामै लिखित **शुक सप्तति** नामक अर्को कृतिलाई उनले **शुक बहत्तरी** (इ. १९६४) शीर्षकमा नेपाली भाषामा अनुवाद गरेका छन्। यिनका विषयमा यस अतिरिक्त अन्य जानकारी उपलब्ध छैन। (माधव)

हान्स जोर्गेन्सन

डेनमार्क निवासी हान्स जोर्गेन्सन (इ. १८८६-१९५४) ले अङ्ग्रेजी र जर्मन भाषामा कलम चलाएका छन्। सन् १९११ मा किएल युनिभर्सिटीबाट संस्कृतमा विद्यावारिधि गरेका जोर्गेन्सनले त्यसपछि बर्लिनको म्युजियममा काम गरे। उनले पुरानो नेवारी भाषाको अध्ययन गरे र पाश्चात्य जगत्मा **नेवार स्टडिज**को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना गरे । पछि क्याम्ब्रिज विश्वविद्यालय पुगेर नेवारी भाषाको अध्ययन गरेका उनले **विचित्र कर्णिकावदान, अ डिक्सनरी अफ क्लासिकल नेवारी, बत्तिसपुतलीका, अ ग्रामर अफ क्लासिक नेवारी** जस्ता पुस्तकहरू लेखेका छन् ।

नेपालमा कहिल्यै पनि नआएका र नेपाल नै नदेखेका जोर्गेन्सनले नेपाल भाषाको कोश, व्याकरण, विचित्र कर्णिकावदान र बत्तिसपुतलीका कथा सम्पादन गरेर युरोपेलीहरूलाई नेपाल भाषामा अनुसन्धान गर्ने बाटो खुलाइदिएका छन् । (नवीन)

हेमचन्द्र पोखरेल (वि.सं. १९८८-२०५६)

हेमचन्द्र पोखरेलको जन्म धनकुटाको कचिँडेमा भएको थियो । उनले बनारसबाट साहित्याचार्य गरे । साहित्य र दर्शनमा विशेष दख्खल भएका पोखरेल बहुभाषाविद् थिए । अङ्ग्रेजीमा अनुष्टुप छन्दमा कविता रच्ने हेमचन्द्रले चित्तधर हृदयको **सुगत सौरभ** महाकाव्यका केही अंशको पनि अनुवाद गरेका थिए । उनी हिन्दी, मैथिली, भोजपुरी, बङ्गाली जस्ता भाषा र साहित्यका ज्ञाता र प्रयोक्ता थिए । कवि पोखरेलका पाँचवटा कविता काव्यहरू प्रकाशित छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाको पूर्वीय दर्शन र विशेष गरी संस्कृत भाषा प्रेमबाट उनी प्रभावित थिए । त्यसैले गर्दा पाठकका निम्ति **शाकुन्तल शब्दार्थ सञ्चय** (वि.सं. २०४५) प्रकाशित गरे । यो नेपाली वाङ्मयमा पहिलो विशेष कोश (Exegetic Dictionary) हो । यस्ता प्रकाण्ड विद्वान्ले धेरै वर्ष लगाएर महाकवि लक्ष्मीप्रसाद देवकोटाको **लक्ष्मी निबन्ध सङ्ग्रह** हिन्दीमा अनुवाद गरेर छाडेका थिए जुन कृतिलाई नेपाल प्रज्ञा-प्रतिष्ठानले भारतीय राजदूतावासको सौजन्यमा वि.सं. २०७० मा प्रकाशित गरेको छ । ड्ड (गोविन्द)

हेमराज ज्ञवाली

वि.सं. १९९५ मा गुल्मीको मानकोटमा जन्मेका हेमराज ज्ञवालीले नेपाली साहित्यमा एम.ए. गरेका छन् । यिनका सातवटा कृतिहरू रहेका छन् । तीमध्ये **योगवाशिष्ठसार** (नेपाली भाषानुवाद) यिनको अनूदित कृति हो । (माधव) (सम्पर्क: ४४८८२२३)

हेमन्त खतिवडा

हेमन्त खतिवडाको जन्म उदयपुरको रिस्कुमा वि.सं. २०४४ मा भएको थियो । उनले चलचित्र अध्ययन, नेपाली, अङ्ग्रेजी र मनोविज्ञानमा स्नातकोत्तर गरेका छन् ।

उनले अनुवाद गरेका पाँच कृति यस प्रकार छन् :

(क) **चेखबका कथाहरू** (इ. २०१५)-सेलेक्टेड स्टोरिज अफ चेखबबाट, जागृति प्रकाशनबाट प्रकाशित

(ख) गुल्जारका हिन्दीमा रचित **त्रिवेणी** शीर्षक अन्तर्गतका कविता, नेपालीमा पनि सोही शीर्षकमा (इ. २०१६) ओम प्रकाशनबाट ।

(ग) रवीन्द्रनाथ ठाकुरको गीत **रवीन्द्र गीत** शीर्षकमा (इ. २००७) मा लेखक स्वयम् प्रकाशक ।

(घ) **साहिरको लोकप्रिय गीतलाई सेलेक्टेड लिरिक्स अफ साहिर** (२००९) शीर्षकमा कवि प्रदीप फाउन्डेसन मुम्बईबाट प्रकाशित । (गोविन्द) सम्पर्क: ९८४९६६०८६७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

होमर श्रेष्ठ

गोरखाको छहरेमा वि.सं. २००८ मा जन्मेका होमर श्रेष्ठ मूलतः समर्पित अनुवादक हुन्। उनले विश्व साहित्यका तीनवटा मानक कृतिलाई नेपालीमा ल्याएका छन्। उनले अर्नेस्ट हेमिङ्वेको **ओल्ड म्यान एन्ड द सी**को **बुढो माझी र समुन्द्र** (वि.सं. २०६०), विख्यात रुसी स्रष्टा आन्तोन चेखवको **द चेरी अर्चाडको चेरीको बगँचा** (वि.सं. २०६२), महान् जर्मन नाटककार एपिक थिएटरका प्रतिपादक बर्तोल्ट ब्रेख्तको **ग्यालिलियोको पृथ्वी घुमिरहेछ** (वि.सं. २०६४) शीर्षकमा अनुवाद गरेका छन्। यी तिनै कृतिको मूल भाषा अङ्ग्रेजी रहेको छ। पहिलो र दोस्रो कृतिको प्रकाशक गोरखा साहित्यिक मञ्च रहेको छ भने तेस्रोलाई रत्न पुस्तक भण्डारले प्रकाशन गरेको हो। होमरको **चेरीको बगँचा** र **पृथ्वी घुमिरहेछ** मूलतः पाठककेन्द्री अनुवाद हुन्। उनको **चेरीको बगँचा**लाई एक्टर्स स्टुडियोका विद्यार्थीहरूले मञ्चन पनि गरेका थिए। अर्को अनुवाद **पृथ्वी घुमिरहेछ** प्राज्ञिक अनुवादको उपयुक्त नमुना पनि हो। यस अनुवादमा उनले विस्तृत अनुवादकीय व्याख्याहरू समावेश गरेका छन् भने अनुवादविद् गोविन्दराज भट्टराईको लामो भूमिका रहेको छ। यो अनूदित नाटकको हालै दोस्रो संस्करण बाहिर आएको छ। (बलराम) सम्पर्कः

हंसावती कुर्मी

कपिलवस्तुको भानपुरमा वि.सं. २०३५ मा जन्मेकी हंसावती कुर्मीले अङ्ग्रेजी साहित्य तथा मानव शास्त्रमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गरेकी छन्। विद्यार्थी कालमा पत्रकारिता गरेकी कुर्मीले *गोरखापत्र* दैनिकको अवधी भाषाको पृष्ठ सह-संयोजकका रूपमा काम गरिन्। उनले *भवानी भिक्षु स्मृति प्रतिष्ठान*द्वारा वि.सं. २०६९ मा प्रकाशित **भवानी भिक्षुका प्रतिनिधि कथा** नामक पुस्तकमा भवानी भिक्षुका दुईवटा कथाको अनुवाद गरेकी छन्। यसै प्रकारले वि.सं. २०७२ देखि प्रकाशित **वटोही** द्वैमासिक साहित्यिक पत्रिकाको अङ्क १, २ र ३ मा उनका नेपाली अनुवादसहितका लेखहरू प्रकाशित छन। नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित बहुभाषिक पत्रिका **सयपत्री**मा उनका लेखहरू नेपालीमा अनुवादसहित प्रकाशित छन् भने उनले रेडियो चौतारी, भन्छिन् आमा, परिवार स्वास्थ्य, सुगन्धपुर, मुन्नी जस्ता नाटकहरूको अवधीमा अनुवाद गरी आफ्ना तथा साथीहरूको आवाजमा प्रसारण गराएकी छन्। उनले नेपाल प्रज्ञा-प्रतिष्ठानमार्फत अवधी लोकगीतको मानव शास्त्रीय अध्ययनका साथै अवधी मिथक तथा लोकोक्तिहरूको सङ्कलनसमेत गरेकी छन्। अवधी भाषाको औपचारिक तथा अनौपचारिक शिक्षाको पाठ्यक्रम एवम् पाठ्य पुस्तक तयार गर्न पनि उनले सहयोग गरेकी छन्। (विक्रम)

ऋषिकेश उपाध्याय

तनहुँको भानुमा वि.सं. १९५२ मा जन्मेका ऋषिकेश उपाध्यायले अमेरिकाबाट अङ्ग्रेजी साहित्यमा विद्यावारिधि गरेका छन्। त्रि.वि.का अङ्ग्रेजी प्राध्यापक उपाध्यायले प्रखर द्विभाषी (अङ्ग्रेजी र नेपाली) का रूपमा पहिचान बनाएका छन्। सो को ज्वलन्त उदाहरण उनका दुई अनूदित कृति प्रकाशित छन्। उनको पहिलो अनुवाद **प्रजातन्त्रको खेल** (इ. १९९७), विश्व प्रसिद्ध नाटककार जर्ज बर्नार्ड शाकृत **द एपल कार्ट**को नेपाली अनुवाद हो। यो कृतिलाई भृकुटी एकेडेमिक पब्लिकेसन काठमाडौंले प्रकाशित गरेको छ। उनको अर्को अनुवाद **जर्नीज इन्ड** (इ. २०११) राजेश्वर देवकोटाकृत विचार प्रधान उपन्यास **डबली**को अङ्ग्रेजी अनुवाद हो। यो अनूदित पुस्तक आदर्श बुक्स, नयाँ दिल्लीबाट प्रकाशित छ। (नवराज) सम्पर्कः ०१४११४०१४ ९८४३७९०२८६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषिकेश शाह (इ. १९२५- वि.सं. २०५९)

ऋषिकेश शाहको जन्म स्याङ्जाको भीरकोटमा भएको थियो । अङ्ग्रेजी साहित्यमा एम.ए. गरेका शाहले राजनीति, मानव अधिकार, कानुनी सेवा र कूटनीतिका क्षेत्रमा काम गर्दै संयुक्त राष्ट्र सङ्घमा स्थायी प्रतिनिधि भएर पनि सेवा गरे । उनी एक बहुकृतिक स्रष्टा, लेखक, सम्पादक एवम् राष्ट्रवादी व्यक्तित्व थिए । उनले लेखेको **हिरोज एन्ड बिल्डर्स अफ नेपाल** धेरै वर्षसम्म त्रिभुवन विश्वविद्यालयको पाठ्य सामग्री थियो । शाह एक प्रजातन्त्रवादी योद्धा पनि थिए । उनको योगदान उनका कृतिबाट देखिन्छ । **नेपाली साहित्यकार तथा कलाकार कोश** (वि.सं. २०७०) का अनुसार उनका नेपाली भाषामा लिखित पुस्तकहरूमा **सार्वजनिक सुरक्षा कानुन र बन्दी प्रत्यक्षीकरण, नेपालमा प्रजातन्त्र र मानवाधिकार र नेपालको परराष्ट्र व्यवस्था एवम् परराष्ट्र नीति रहेका छन् भने** अङ्ग्रेजी भाषामा **प्रकाशित पुस्तकमा नेपाल एन्ड द वर्ल्ड, हिरोज एन्ड बिल्डर्स अफ नेपाल, नेपाली पोलिटिक्स : रेट्रोस्पेक्ट एन्ड प्रोस्पेक्ट, एन इन्ट्रोडक्सन टु नेपाल, फ्युचर अफ साउथ एसिया, मोडर्न नेपाल : अ पोलिटिकल हिस्ट्री, थ्रि डिकेड्स एन्ड टु किङ्ग्स, इक्लिप्स अफ नेपाल्स् पार्टीलेस मोनार्किक रुल, एन्सिएन्ट एन्ड मेडिएभल नेपाल रहेका छन् ।**

शाह अङ्ग्रेजी साहित्यका गम्भीर ज्ञाता र अध्येता थिए । उनले अनुवाद गरेको **पद्य पुष्पाञ्जली**बाट त्यो थाहा हुन्छ । उनले **विश्व कविताको नमुना** उपशीर्षक राखेर वि.सं. २०३५ मा **पद्य पुष्पाञ्जली** प्रकाशित गरेका थिए । उनले विश्वका १३ देशका २६ नामी कविका नामी कविताको अनुवाद गरेर **पद्य पुष्पाञ्जली**मा राखेका थिए । नेपाली पाठकले यही ग्रन्थमार्फत सेक्सपियर, वर्ड्सवर्थ, मिल्टन, बाइरन, किट्स्, सेली, ह्विटमन, फ्रस्ट, स्यान्डवर्ग, इलियट, रिल्के, पास्टरनाक, इकवाल, गोरखपुरी, जयशंकरप्रसाद, महादेवी वर्मा, पन्त, अज्ञेय, ठाकुर, माओत्सेतुङ र होची सिन्ह जस्ता महान् स्रष्टाका रचनाको पहिलो पल्ट नेपालीमा आस्वादन गर्न पाए । यसमा स्वयम् बालकृष्ण समको भूमिका रहनु महत्त्वपूर्ण कुरा थियो । **रूपान्तरण***कार*को भनाइ प्रस्ट छ, कसरी उनले कारावासमा यो कर्म पुरा गरेका थिए र नेपाली पद्यमा विश्व कविताको नमुना ल्याउने उनी पहिलो व्यक्ति भएका थिए । पंञ्चायती सरकारले प्रजातन्त्रवादी सँगै उनलाई पनि कारावास सजाय दिएको थियो । ती दिनको स्मरण गर्दै अनुवादक शाहले भूमिकामा लेखेका छन् : "नख्खु कारागारमा सँगै उठ्दा बस्दा यो लहडलाई मूर्त रूप दिन सबभन्दा बढी प्रेरणा दिने मेरा युवा मित्र प्रदीप गिरी हुनुहुन्थ्यो । फलस्वरूप वर्तमान पद्य-सङ्कलन प्रस्तुत छ" (पृष्ठ ज) । (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकभन्दा बढी अनुवादक संलग्न भएका कृति

साहित्य र यथार्थ

डा. जगदीशचन्द्र भण्डारी र सञ्जीवदास श्रेष्ठले हावर्ड फास्टद्वारा लेखिएको कृति **लिट्रेचर एन्ड रियालिटी**को नेपाली अनुवाद **साहित्य र यथार्थ** (वि.सं. २०५०) प्रकाशनमा ल्याएको पाइन्छ । यस कृतिको तेस्रो संस्करण वि.सं. २०६६ मा प्रकाशनमा आएको थियो । साहित्यसम्बन्धी मार्क्सवादी चिन्तनमा यस कृतिको ऐतिहासिक महत्त्व रहेको र त्यसको जानकारी नेपाली पाठकलाई दिनु अनुवादकद्वयको लक्ष्य देखिन्छ । यो कृति विजेन्ट्स ट्रेकिङ कम्पनी लिमिटेडले प्रकाशन गरेको हो । नेपाली अनुवाद परम्परामा यो कृति महत्त्वपूर्ण छ । यसमा अनुवादकद्वय पनि यसको लागि स्मरणीय देखिन्छन् । (हावार्ड फास्टका दुई आख्यानको अनुवादको लागि हेर्नू - वसन्त शर्म्मा नेपाल) (सुकुम)

कन्टेम्पोरेरी नेप्लिज सर्ट स्टोरिज (इ. २०१२)

परशु प्रधान र चन्द्रप्रसाद भट्टराई संयुक्त सम्पादक रहेको २७० पृष्ठको यस कृतिमा ३३ जना नेपाली स्रष्टाका एक-एक कथाको अङ्ग्रेजी अनुवाद रहेको छ । यसमा भाउपन्थी, ईल्या भट्टराई, नारायण ढकाल जस्ता पुराना र सरोजराज अधिकारी, मणि लोहनीजस्ता नयाँ कथाकारका कथाहरू समाविष्ट छन् । यसलाई बङ्गलादेशको ओइको प्रकाशोनीले प्रकाशनमा ल्याएको हो । यो द्विदेशीय साहित्य सम्बन्धको ठुलो नमुना हो । यसमा धेरैजसो नयाँ अनुवादक छन्, कति अनुवादकबेगरका कथा छन् । यसमा तीन कुराको अभाव छ (क) नेपाली कथाको पृष्ठभूमि, परिचय र वर्तमान स्वरूप (ख) कथा लेखकको संक्षिप्त परिचय र (ग) अनुवादकको संक्षिप्त परिचय । त्यसका साथै कुशल सम्पादनको अभावले गर्दा पुस्तकको कलेबर मात्र आकर्षक छ । सम्पादकद्वयमध्ये परशु प्रधान नेपालमा स्थापित कथाकार हुन् भने चन्द्रप्रसाद भट्टराई एक राम्रा नियात्राकार । (गोविन्द)

कल अफ द हिल्स

यो सयन्तान दासगुप्ता र कविता लामाद्वारा सम्पादित ग्रन्थ हो । यसमा १७ जना स्थापित स्रष्टाका एक-एक कथालाई बङ्गाली र अरू नेपाली अनुवादकद्वारा सुन्दर अङ्ग्रेजीमा लगिएका छन् । अनुवाद विषयको लागि उद्देश्यपूर्ण तवरले बनाइएको "नेपाली लिट्रेचर इन ट्रान्सलेसन" विषयको लागि बनाइएको कोर्सबुक भए पनि अत्यन्तै स्तरीय उत्पादन हो । सेन्टर फर ट्रान्सलेसन अफ इन्डियन लिट्रेचर सिरिजअन्तर्गत जादवपुर युनिभर्सिटीले सन् २०१६ मा प्रकाशित गरेको यो कृति सम्पादक अनि संयोजकको भनाइले यस प्रयत्नलाई प्रस्ट्याएको छ । प्रत्येक लेखक र प्रत्येक अनुवादकका परिचय दिएर कति उद्देश्यपूर्ण कर्म सम्पन्न गरिएको छ । (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली सर्ट स्टोरिज : इङ्लिस ट्रान्सलेसन

यो सिक्किम विश्वविद्यालयकी अध्यापिका कविता लामाद्वारा सम्पादित छवटा नेपाली कथाको अङ्ग्रेजी अनुवाद हो। साउथफिल्ड कलेज र दार्जिलिङको गामा पब्लिकेसनले सन् २०१५ मा प्रकाशित गरेको यस कृतिमा समाविष्ट कथाकारमा धन 'निर्दोष' सुब्बा, प्रदिप गुरुङ, गुप्त प्रधान, विन्द्या सुब्बा, उदय थुलुङ र सञ्जय विष्ट रहेका छन्। यिनको अनुवादकमा क्रमशः मोनिका मुखिया, ज्ञानेन्द्रमणि प्रधान, एर्साद अहमद र गोकुल सिन्हा रहेका छन्। एक सह-अनुवादकमा जस योञ्जन 'प्यासी' रहेका छन्।

नेपाली साहित्य अन्य भारतीय भाषा समक्ष पनि पुगोस् र विद्यार्थीलाई पनि अनुवादक कला सिक्न सजिलो होस् भन्ने उद्देश्यले सन् २०१२ मार्चमा दार्जिलिङको साउथफिल्ड कलेजमा आयोजित "ट्रान्सलेसन वर्कसप" बाट यस्तो अमूल्य कृति आएको कुरा सम्पादकीयमा लेखिएको छ। चुनिएका कथाले वर्तमानकालको भारतीय नेपाली कथाको प्रतिनिधित्व गर्दछन्। (गोविन्द) सम्पर्क: (९७७९८४०२४८७०३

सर्ट स्टोरिज अफ भवानी भिक्षु (वि.सं. २०६९)

यो अनूदित पुस्तक कथाकार भवानी भिक्षुका १४ वटा कथाको अङ्ग्रेजी अनुवाद सङ्ग्रह हो। कपिलवस्तुमा सन् १९०६ मा जन्मेका भवानी भिक्षुको निधन सन् १९९८ मा भयो। उनी एक स्थापित आख्यानकार एवम् कवि हुन्। उनका *गुनकेसरी, माउजग बाबुको कोट, ऊ फेरि फर्कला ?* जस्ता श्रेष्ठ कथा बहुप्रशंसित छन्। तिनैमध्येका १६ कथालाई दुई जनाले अनुवाद गरेका छन्- राजनारायण यादव र भरतकुमार प्रधान। यसलाई भवानी भिक्षु स्मृति प्रतिष्ठान काठमाडौँले प्रकाशनमा ल्याएको हो। (बलराम)

नेपाली संक्षिप्त भारत

नेपाली संक्षिप्त महाभारत चक्रपाणि चालिसे (वि.सं. १९४०-२०१५) र **कवि शिरोमणि लेखनाथ पौड्याल** (वि.सं. १९४१-२०२२) ले तयार गरेको कृति हो। **नेपाली महाभारत** नेपालीमा पद्यमा नआई यसको प्रथम गद्य रूपमा नेपाली **संक्षिप्त भारत** आएको देखिन्छ। त्यो ६-४-१९७५ विक्रमीको संस्करणमा गोरखा भाषा प्रकाशिनी समितिको अध्यक्ष ना सु. पं राममणि आ.दी. को भूमिका रहेको छ। हालै यस ग्रन्थलाई मञ्जरी प्रकाशनले नयाँ संस्करणमा ल्याएको छ।

भूमिकामा चाहिँ यो ग्रन्थ लेखनाथ पौड्यालले लेखेको जस्तो देखिन्छ, चालिसेको नाम छैन। फेरि बाहिर भने मूल लेखकको ठाउँमा पं. चक्रपाणि चालिसे रहेका छन्। इतिहासविद्ले यसको निर्क्योल गर्लान्।

एउटा कुरा के छ भने हाम्रा आद्यकालको ज्ञानलाई बाल बालिका, युवा विद्यार्थीसमक्ष पनि पुऱ्याउनु पर्छ भन्ने उद्देश्यले यो अनुवाद गराइएको रहेछ।

यस कृति पठनको निमित्त अनुवादको महत्त्व जनाउँदै भूमिकाकारले भनेका छन् : *परन्तु खेद यस्तो अमूल्य ग्रन्थरत्न विद्यमान भएर पनि हाम्रा देशबान्धवहरूलाई यसबाट यथेष्ट लाभ उठाउने सौभाग्य आजतक प्राप्त भएको छैन। कारण, यो ग्रन्थ संस्कृतमा लेखिएको छ। संस्कृतज्ञ पण्डितसिवाय अरूलाई यसको यथार्थ ज्ञान हुनु कठिन छ। यसैले यस महाभारतको अध्ययन, परिशीलन र मनन आदिबाट हुने लाभमा हाम्रा बन्धुको अधिकतर अंश वञ्चित भइरहेको छ। यो बहुत खेदको विषय हो। जुन ग्रन्थबाट हाम्रा पुजनीय पूर्वपुरुषहरूका दिग्दिन्तव्यापिनी कीर्तिको कीर्तन हुन्छ, जसबाट हाम्रा धीर, वीर, पराक्रमी*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र तेजस्वी पुरुषहरूको चरित्र ज्ञान हुन्छ, जसबाट हाम्रा प्राचीन कला, कौशल, ऐश्वर्य, प्रभुत्व र एकाधिपत्यको यथार्थ हाल मिल्दछ, त्यस्ता ग्रन्थको परशीलनबाट वञ्चित रहनु हामीहरूको निमित्त अतिशय कलङ्कको विषय भइरहेको छ।

यद्यपि हाम्रा मातृभाषाका प्रेमी कविहरूले महाभारतका कैयौँ पर्वको अनुवाद गरी देशमा प्रचार गराएका छन् तथापि ती आधुनिक कविताबाट मूल ग्रन्थको मर्मले पठाकका हृदयमा आफ्नो प्रभाव जमाउन सकेको देखिँदैन। महाभारतबाट सर्वसाधारणले जस्तो ज्ञान उपार्जन गर्नु पर्दछ त्यस्तो ज्ञान प्राप्त गराउने तरिकाबाट आजतक मूल ग्रन्थको हाम्रो मातृभाषामा अनुवाद भएको कतै छैन।

आज हामी गोरखाली प्रजाका भाग्यले श्रीमान् प्रजा रक्षक श्री ३ महाराज चन्द्र शमशेर प्रभुका असीम करुणाले समिति खडा गराई बराबर पुस्तकहरू निकाल्न बन्दोवस्त गरिबक्सेको हुनाले त्यसै समितिबाट यो अत्युत्तम संक्षिप्त महाभारत एक सानो पुस्तक तयार भयो; विशेष गरेर यो पुस्तक बालक विद्यार्थीहरूका निमित्त तयार गरिएको छ। (गोविन्द)

द अन्ब्रिडल्ड प्यासन (लभ पोएम्स, इ. २००६)

यो कवि दुर्गालाल श्रेष्ठको कृति हो - **थुया** (नेपाल भाषामा), त्यसबाट **अन्तर्भाव** (नेपालीमा) त्यसबाट **द अन्ब्रिडल्ड प्यासन** (अङ्ग्रेजीमा) भएका छोटा छोटा २०८ थान त्रैभाषिक कविताको सङ्ग्रह हो। राम्रो छपाइ, सम्पादन र प्रस्तुतिले युक्त यो सङ्ग्रह पठनीय र आकर्षक छ। नेपाल भाषामा रचित कवितालाई नेपालीमा कवि आफैले गरेका हुन्। अङ्ग्रेजीका अनुवादक कवि/स्रष्टा डी.बी. गुरुङ रहेका छन्।

अनेकौँ अनूदित कृतिमा नभएको कुरा यसमा पहिलो पल्ट भेटिएको छ, त्यो हो **ट्रान्सलेटर्स नोट** (अनुवादकको भनाइ)। अङ्ग्रेजी भाषा साहित्यका राम्रा ज्ञाता, स्रष्टा/अनुवादक डी.बी. गुरुङले प्रस्तुत कवि र कविताबारे भन्नुपर्ने कुरा यहाँ प्रस्ट पारेकाले यस ग्रन्थको महत्त्व बढेको छ, अनुवादकको सम्मान पनि भएको छ। डी.बी. स्वयम् एक स्थापित लेखक भएकाले सङ्ग्रहले शोभा पाएको छ। सम्पादकमा विप्लव प्रतीक र सुरेश किरण रहेका छन्। तर अङ्ग्रेजी अनुवादकको नाम हुनुपर्ने ठाउँमा छैन। त्यो कुरा मुख पृष्ठमै दिनुपर्थ्यो। यसका प्रकाशक भाइराजा तुलाधर र बसुन्धरा तुलाधर रहेका छन्। (गोविन्द) सम्पर्क: ४३७४६४०

अवेकनिङ फ्रम द डेथबेड

यो कृति प्रा.डा. कुमारबहादुर जोशी (वि.सं. १९९८-२०७५) द्वारा लिखित **दोस्रो पुनर्जन्म** (वि.सं. २०५८) शीर्षक कृतिको अङ्ग्रेजी अुनवाद हो। यसमा लेखकले बैंगलोरको अस्पताल पुगी दोस्रो पल्ट किड्नी फेरेर पुनर्जीवन प्राप्त गरेको प्रक्रिया र अनुभूतिको जीवन्त वर्णन छ।

यस कृतिको निर्माणमा छ जना अनुवादकले एक-एक अध्यायको अनुवादमा सहयोग गरेका थिए - क्रमशः डा. घनश्याम नेपाल, डा. गोविन्दराज भट्टराई, श्री मोहन सिटौला, डा. ओमकृष्ण मल्ल, डा. ऋषिकुमार काफ्ले र श्री शशी भण्डारी। यसरी २७८ पृष्ठको कृति तयार भएको थियो जसको प्रकाशकमा श्रीमती सरस्वती जोशी रहेकी छन्। (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकाउन्न पुकार (फिफ्टिवान सप्लिकेसन्ज)

कञ्चन पुडासैनीद्वारा रचित ५१ कविताको सङ्ग्रहको नाम हो **एकाउन्न पुकार**। प्रत्येक नेपाली कवितासँगै त्यसको अङ्ग्रेजी अनुवाद पनि राखिएकाले गर्दा अङ्ग्रेजीमा **फिफ्टिवान सप्लिकेसन्ज** शीर्षक रहेको छ। यस पुस्तकलाई विष्णुचन्द्र पुडासैनी वाङ्मय-मन्दिर काठमाडौँले सन् २००१ मा प्रकाशनमा ल्याएको छ।

यसको सम्पादन फिलिप पियर्सले गरेका छन्। उनले अरू पनि धेरै अनुवाद कर्म गरेका छन् (हेर्नू फिलिप पियर्स)। एकाउन्नवटा कविताको अनुवादमा माधवलाल कर्माचार्य, टेकवीर कार्की, तीर्थराज तुलाधर, अभि सुवेदी, तारानाथ शर्मा, गोविन्दराज भट्टराई जस्ता साहित्यकार जुटेका छन्। तथापि यो कृति अनुवाद साहित्यको दृष्टिमा त्रुटिपूर्ण छ, कारण : (क) सम्पादकले कतै एक शब्द बोलेको छैन (ख) कवि स्वयम्ले किन कसरी यो गरियो कतै बोलेको छैन (ग) वरिष्ठ अनुवादकबारे कतै कुनै परिचय छैन। यसरी सन्दर्भ र परिचयबेगरको अनुवाद सङ्ग्रहको कुनै महत्त्व हुँदैन। अनुवाद भनेको व्याख्या, स्पष्टीकरण, भाषान्तरणको उद्देश्य र सो वस्तुको विस्तृत परिचय हो। यस्तो प्रक्रियाले अनुवाद वा भित्री साहित्यको परम्परालाई धूमिल पार्दछ। बाहिरी पृष्ठमा 'अनूदित' नलेखिएकाले पाठकमा भ्रम सिर्जना गर्दछ। (गोविन्द)

डटर अफ द अर्थ (इ. २००७)

यो नेपाली कविताको अङ्ग्रेजी अनुवाद सङ्ग्रह हो। यसमा पारिजातदेखि सविना सिन्धुसम्मका २२ जना नेपाली नारी कविका ८८ वटा कविता रहेका छन्। यसमा प्रत्येकजसो कविताका भिन्नाभिन्नै नयाँ पुराना नेपाली नै अनुवादक रहेका छन्। यसभित्रका स्रष्टा नै सम्पादक (हरू) बसेका छन् यद्यपि कोही पनि अङ्ग्रेजी साहित्यका स्थापित ज्ञाता होइनन्। यसरी एक भिन्न र स्वतन्त्र सम्पादक हुनैपर्ने कुरा छुटेको छ, दोस्रोमा स्रष्टाका तस्विर छन् परिचयविनाका। तेस्रोमा अनुवादकलाई विषय सूचीमा समेत स्थान दिइएको छैन; त्यो छैन भनेपछि परिचय हुने कुरा भएन। यसरी नेपाली अनुवादकको स्थानमा पनि लेखक प्रकाशककै हस्तक्षेप निरन्तर भएकाले राम्रो र प्रामाणिक, सम्पादित अनुवाद आउन सकेका छैनन्। यसको प्रकाशक **गुञ्जन** रहेको छ। (गोविन्द)

गोल्डेन ड्रिम्स एन्ड द न्यारो लेन (इ. २०१७)

यो हालै साझा प्रकाशनबाट निस्केको हरिहर खनालका २५ वटा कथाको सङ्ग्रह हो। अनुवादका दृष्टिले यो पनि त्रुटिपूर्ण छ। बाहिर कोही सम्पादक छैन, लेखकको मात्र नाम छ; यी उनैका मैलिक सिर्जना हुन् भन्ने भ्रम पर्न जान्छ तर भित्र पल्टाएर हेर्दा सबै कथा अनूदित देखिन्छन्। बाहिर नै अनूदित भन्दिनुपर्थ्यो, कोही सम्पादक हुनुपर्थ्यो र अनुवादकको नाम कथाको सूचीसँगै हुनुपर्थ्यो। अनुवादकको छोटो भए पनि परिचय दिनुपर्थ्यो। भित्रको अनूदित भाषामा कुनै त्रुटि भए को जवाफदेही हुन्छ ? यसरी कति ठाउँमा लेखकले, कति ठाउँमा सम्पादक वा प्रकाशकले आफूलाई मात्र उभ्याउने चिनाउने चलन बढ्दै गएकाले नेपालको अनुवादको आरम्भ त्रुटिपूर्ण थियो भन्ने कुरा प्रस्ट हुन्छ। आज त्यसैको निरन्तरता छ। यस्तो अस्पष्ट कृतिमाथि लक्षित पाठकले पनि सन्देह गर्दछ। तापनि हरिहर खनाल एक सुयोग्य आख्यानकार हुन्। उनका रचना अङ्ग्रेजीमा लगेर नेपाली साहित्यको विस्तार एवम् उत्थानमा ठुलो काम भएको छ। उनको अर्को पनि कथा सङ्ग्रह अनूदित छ (हे. हरिहर खनाल)। (गोविन्द) सम्पर्क: ४३६६२७०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोडर्न नेपाली पोएम्स (इ. १९७२)

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको स्थापनापश्चात् अनुवादको क्षेत्रमा गरिएको दोस्रो महत्त्वपूर्ण कर्म हो **मोडर्न नेपाली पोएम्स** (इ. १९७२)। यसबाट आधुनिक नेपाली कवितालाई अङ्ग्रेजीभाषी पाठकसमक्ष पुऱ्याउने एक प्रशंसनीय प्रयत्न गरिएको छ। यसमा लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, भवानी भिक्षु, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, माधवप्रसाद घिमिरे, गोपालप्रसाद रिमाल, मविवि शाह, विजय मल्ल, मोहन कोइराला, भूपि शेरचन र बैरागी काइँला गरी १३ जना कविमध्ये प्रत्येक व्यक्तिका चारदेखि १४ वटासम्म कविताको अङ्ग्रेजी अनुवाद रहेको छ।

तर यो ग्रन्थ अत्यन्तै त्रुटिपूर्ण छ किनभने ३२७ पृष्ठको हार्ड बाइन्ड कृतिमा अनुवादकहरू पुरा अदृश्य मात्र होइन अज्ञात छन्। यसको अनुवादक कोही छैन, सम्पादक कोही छैन। मौलिक कृति जसरी यो प्रकाशित छ। तर यसको सम्पादक, अनुवादक नहुँदा एक त्रुटिपूर्ण प्रयत्नको आरम्भ भएथ्यो, त्यो नेपाली परम्परा अझै सुधिन सकेको छैन। यसको **प्रकाशकीय**मा यतिमात्र भनिएको छ- *अनेपाली भाषी पाठकहरूसमक्ष सर्वोत्तम नेपाली साहित्यका कृतिहरू उपलब्ध गराउने भन्ने उद्देश्यअनुरूप यस सङ्ग्रहका कविताहरू अङ्ग्रेजी अनुवाद पारिएका हुन्। यी कविता चुनिएका आधुनिक नेपाली कविहरूका रचना हुन्* (गोविन्द)

मैचाङ राजबर (इ. २०१४)

यस शीर्षकको ११२ पृष्ठको कृतिमा "भारतीय नेपाली कहानियाँ" उपशीर्षक दिएर सिक्किमका वीरभद्र कार्कीढोलीका ११ वटा कथाको सङ्कलन प्रकाशित गरिएको छ। अनुवादक पाँच जना छन्- डा. कमला सांकृत्यायन, सुवास दीपक, खड्कराज गिरी, मैना थापा 'आशा' र पद्म छेत्री। मैना थापा र पदम छेत्रीबाहेकका स्रष्टाको नाम यस अनुवादक कोशको प्रविष्टिमा पनि परेका छन्। यस कृतिलाई गान्तोकका जे.के. राईले प्रकाशित गरेका हुन्। यसमा **प्रकाशकको तर्फबाट** र **कथाकार की ओर से** भनी लेखकले आफ्नो कुरा बताएका छन्। यसमा पनि सम्पादक नभएकाले अनेक विविधता रह्यो होला भन्न सकिन्छ। एक जना अनुवादक नै सम्पादक रहेको भए पनि राम्रो हुन्थ्यो। (गोविन्द)

सुगत सौरभ

सुगत सौरभ भगवान् बुद्धको जीवनीमाथि कविकेशरी चित्तधर 'हृदय' (वि.सं. १९६३-२०३९) द्वारा रचित एक महाकाव्य हो। सर्वप्रथम नेपाल भाषामा लेखिएको यो महाकाव्य वि.सं. १९९७ मा प्रकाशित भएको थियो। पछि यसका संस्करणहरू अन्य भाषामा पनि आउन थाले। यीमध्ये अक्सफोर्ड युनिभर्सिटी प्रेसले सन् २००० मा प्रकाशित गरेको **सुगत सौरभ** (अङ्ग्रेजी संस्करण) यो देशकै एक गौरव गाथा हो। यसलाई ढेड लुइस र सुवर्णमान तुलाधरले अङ्ग्रेजीमा अनुवाद गरेका छन् भने यसको परिचय लेखकसमेत उनै ढेड लुइस रहेका छन्। प्रोफेसर लुइसको यो महान् कार्यको धेरैले प्रशंसा गरेका छन्। नेपाली विद्वान्को निमित्त यो एक सङ्ग्रहणीय ग्रन्थ हो। (सुगत सौरभका अन्य अनुवादको लागि हेर्नू चित्तधर हृदय तीर्थराज तुलाधर) (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली डायास्पोराका कविता

यो नेपाल प्रज्ञा-प्रतिष्ठान र गैर आवासीय नेपाली सङ्घले मिलेर वि.सं. २०७२ मा प्रकाशन गरेको ४७९ पृष्ठको ग्रन्थ हो। यसमा ९० जना अनेक नेपाली डायास्पोरामा रहने स्रष्टाका एक-एक कविता सङ्कलन गरी तिनैको अङ्ग्रेजी अनुवादसमेत राखिएको छ।

यो एउटा महत्त्वपूर्ण कुरा हो। नेपाली विद्वान्हरू डायास्पोरिक कवितामा अध्ययन अनुसन्धान गर्दै विद्यावारिधिसम्म पुगेको समयमा यस्तो सङ्ग्रह आउनु, त्यसमा पनि एकेडेमी संलग्न हुनु अत्यन्तै ठुलो कुरा हो।

यसमा आठ जना अङ्ग्रेजी भाषा अनुवादक रहेका छन्, तथापि यसमा सम्पादक मण्डल र कार्यकारी सम्पादक हेर्दा कोही पनि अङ्ग्रेजी विषयका विज्ञ भाषा सम्पादक छैनन्। यसरी विषय विज्ञता नभएकाहरू पनि लामो सूची बनाई पदारोहण गर्ने परम्पराले कतिपय संस्थागत अनुवाद कर्महरूलाई अनुवाद स्तर उठाउन मुस्किल पर्दछ। (गोविन्द)

बियोन्ड द होली बोर्डर (अ पोएट्स ओडिसी टु मानसरोवर, इ. २०११)

यो कवि भीष्म उप्रेतीको मानसरोवर यात्रा वृत्तान्तको अङ्ग्रेजी अनुवाद हो। यस पुस्तकमा सात च्याप्टर रहेकोमा च्याप्टर बाँडेर राजेन्द्र मानन्धर, महेश पौडेल, शशी भण्डारी, मुकुल दाहाल, दिनेश पौड्याल, मनु मञ्जिलले अनुवाद गरेका छन् तर मुख पृष्ठमा स्रष्टा उप्रेतीको मात्र नाम छ, यो उनको लेखन हो जस्तो भान हुन्छ। भित्री पृष्ठको भित्री शीर्षकमा पुगेपछि अनुवादक भनी छ जनाको नाम एकपल्ट आउँछ, अन्यत्र कतै छैन। छ जनाका बेग्लाबेग्लै भाषाको एकरूपता हेर्न एक जना सम्पादक भइदिएको भए, यसको अनुवाद प्रक्रियाबारे कसैले बोलेको भए यो कृति पूर्ण हुन्थ्यो। तर नेपाली साहित्यमा प्रायः अनुवादकलाई लुकाउने, उसको बोली र अनुहार दुवैलाई गोप्य राख्ने छोप्ने चलन छ। घर बनाउने मिस्त्री जस्तै। घर ठडिएपछि सिरान तला ढाकेर मालिक बस्छ तर त्यहाँ मिस्त्रीको नाम रहँदैन। ठिक त्यस्तै संस्कार स्थापित छ नेपाली साहित्यमा। कतिपयले अनुवादकको नाम नराखी आफै ओरिजिनल लेखक जस्तो आवरणमा बसेका छन्। भीष्म उप्रेतीको अर्को कृति छ **ह्वट इफ द स्काइ फल्स** (कविता सङ्ग्रह (इ. २०१६)। पुस्तकको ब्लर्बमा दुई लाइन छन् प्रशंसाका, त्यसले मात्रै यो कृति अनूदित रहेछ भन्ने लाग्छ। मुख पृष्ठमा त कसैले अनुवादकलाई स्थान दिँदैन नै, यसमा त भित्री शीर्षकमा पनि छैन। (गोविन्द)

नीला डल्फिनहरूको टापु

यो पुस्तक अमेरिकी लेखक स्कट ओडेल (इ. १८९८-१९८९) ले लेखेको **आइल्यान्ड अफ द ब्लु डल्फिन** शीर्षक बाल उपन्यासको नेपाली अनुवाद हो। नारायण ढकाल र भिक्टर प्रधान दुवै जना स्थापित स्रष्टा भएकाले यो अनुवाद पनि अत्यन्तै राम्रो भाषामा छ। बाल बालिकाका लागि भनी २६ वटा उपन्यास लेख्ने ओडेलको यो एक मास्टर पिस हो। यसलाई हिमाल एसोसिएसनले वि.सं. २०५८ मा प्रकाशनमा ल्याएको थियो।

बाल साहित्यको निमित्त भाषाको सरलता र कथाको कौतूहल एउटा कुरा हो तर विषय वस्तु र परिवेशको चुम्बकले गर्दा यसको **प्रकाशकीय** र **लेखकको टिप्पणी** पढ्नासाथ युवा प्रौढ सबैलाई तान्दछ - विशेष गरी हामी भूपरिवेष्टित ठाउँमा बस्नेहरूलाई। यसको प्रकाशकीयबाट एक अंश साभार गर्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाञ्छनीय लागेको छ : **निला डल्फिनहरूको टापु** सत्य घटनामा आधारित बाल उपन्यास हो । सन् १९७२ मा यस पुस्तकले बाल साहित्यको उच्च र अन्तर्राष्ट्रिय स्तरको **हान्स क्रिस्चियन एन्डरसन पदक** पाएको थियो । यसका लेखक स्कट ओडेल यो पुरस्कार पाउने पहिलो अमेरिकाली हुन् ।

प्रशान्त महासागरमा अवस्थित डल्फिन आकारको एउटा टापुमा बसोवास गर्ने आदिवासीहरू कारणवश बसाइँ सर्दा एउटा केटो छुट्न गयो । त्यो छुटेको केटाकी दिदी आफ्नो भाइको मायाले किनार छोडेर हिँड्न लागिसकेको जहाजबाट पानीमा हाम फालेर टापुमा फर्की । करना नामकी त्यो युवती जसको मायाले टापुमा फर्केकी थिई त्यही भाइ पछि जङ्गली कुकुरहरूद्वारा मारियो । बिचरी करना एक्लै परी । ऊ त्यस टापुमा कच्चा छाप्रो बनाएर एउटा कुकुरको साथमा १८ वर्षसम्म अनेक दुःख र कष्ट सहेर बाँचिरही ।

यसै तथ्यका आधारमा प्रसिद्ध अमेरिकाली बाल साहित्य लेखक स्कट ओडेलले प्रस्तुत उपन्यास तयार पारेका हुन् । यसमा दुर्भाग्यले एक्लिएकी निस्साहय युवतीले जिउँदो रहनका लागि गर्नुपरेको सङ्घर्षको जीवन्त चित्रण छ । बास, आहार, तथा आत्मरक्षाका साधनहरू एक्लै जोरजाम गर्दै र कसैले लिन आउला कि भनेर समुद्रमा टोलाउँदै निराशापूर्ण वातावरणमा वर्षौंवर्ष बाँचिरहेकी नारीको अदम्य साहस तथा धीरताको मुटु छुने वर्णन छ ।

समुद्रबाट टाढा रहेको नेपालजस्तो भूपरिवेष्टित राष्ट्रका बाल बालिकालाई आफैले देखे-भोगेजस्तो अनुभव हुने गरी यस पुस्तकले समुद्र र तटवर्ती इलाकाको भौगोलिक वातावरणको ज्ञान पनि दिलाउँछ । (गोविन्द)

द हिमालयन बार्ड (इ. २०१३)

यो कविता सङ्ग्रह ९३ पृष्ठको छ जसमा ४० जना कविका रचना समावेश छन् । यसलाई एन. आर. ए. सचिवालय काठमाडौँले सन् २०१३ मा प्रकाशन गरेको देखिन्छ । लक्ष्मीप्रसाद देवकोटादेखि मित्रलाल पाण्डेसम्मका एक-एक कविता अङ्ग्रेजीमा छन् । कुनै कवितामा अनुवादक लेखिएको छ, धेरैमा छैन । मौलिक अङ्ग्रेजीमा त लेखिएका होइनन् होला तर पाठकलाई ती मौलिक नै अङ्ग्रेजीमा थिए भन्ने भ्रम दिइएको छ । प्रत्येक कविका तस्बिर छन्, ग्लेज पेपरमा ती हाँसिरहेका छन् तर पुस्तकभरि 'अनुवादक' शब्द परेको छैन । बाहिरै सल्लाहकार छन्, प्रमुख सम्पादक छन्, सम्पादक पनि छन् तर अनुवादक छैनन् । कसरी यो सम्भव छ ? यो सारा ता अनुवादककै परिश्रम हो, कर्म हो तर ऊ छोपिएको छ । यसतर्फ अबका संस्था र व्यक्तिले विचार गर्नु पर्दछ । (गोविन्द)

द विङ्स (इ. २०१५)

द विङ्स नेपाल लगायत विभिन्न देशका ३१ जना कविका एक-एक कविता बोकेर आएको ७२ पृष्ठको सङ्ग्रह हो । ३१ मध्ये १३ कविता नेपाली कविका छन् भने बाँकी अरू देशका कविका ।

प्रत्येक कविको संक्षिप्त परिचय फुटनोटमा प्रस्तुत छ । तर छोटो सम्पादकीयमा यस सङ्ग्रहको लक्ष्य, उद्देश्य र प्रक्रियाबारे केही बताउन पाएको भए हुन्थ्यो भन्ने लाग्छ । विभिन्न देशका स्रष्टालाई नेपालीमा समेत ल्याएर भीष्म उप्रेतीले यो उत्तम कर्मको सम्पादन गरेका छन् । एक सफल नेपाली कविले अरू समकालीनलाई तानेका छन् । (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोर्खाज् इम्याजिन्ड : इन्द्रबहादुर राई इन् ट्रान्सलेसन (इ. २००८)

यो साहित्यकार इन्द्रबहादर राईका आठवटा कथा र दुईवटा निबन्धको अनूदित सङ्ग्रह हो । यसको भित्री शीर्षकमा मिति छैन तथापि प्रेम पोद्दार र अनमोल प्रसाद नामक दुई जना विद्वान्ले सम्पादन गरेको देखिन्छ । मुक्ति प्रकाशन कालिम्पोङको यस प्रकाशनमा दुईवटा राम्रा अनुवाद लक्षण प्रस्तुत छन्-

(क) विषय सूचीमा रचनाका नेपाली र अङ्ग्रेजी दुवै शीर्षक छन्

(ख) प्रेम पोद्दारले २५ पृष्ठ लामो पाद टिप्पणीसमेतको अति गम्भीर सम्पादकीय लेखेका छन् ।

हाम्रा सम्पादकले पनि यसबाट सिक्नुपर्छ - सफल अनुवादको सम्पादकीय कस्तो हुन्छ । सम्पादकले नै एक आदरणीय व्यक्ति आई.बी. राईका दुईवटा कथाका अनुवादक दोर्जी छिरिङको सन् २००८ मा देहान्त भएको दुःखद् खबरबारे सम्पादकीय लेखेका छन् ।

यसका अधिकांश रचना माइकल हटका अनुवाद हुन् । तिनको सम्पादन उनै दोर्जी छिरिङ लेप्चा र अनमोल प्रमोदले गरेका छन् । कथाहरूमा दिइएका रेखाचित्रले कृतिमा आकर्षण थपेको छ ।

यस कृतिमा जम्मा तीन जना अनुवादक छन् तर सुरुमा कतै नाम नहुँदा र तिनीहरूको परिचय पनि नहुँदा कृतिको सम्पादनमा केही नपुगेको प्रस्ट हुन्छ । नेपाली कथाको शीर्षक दिएपछि अनुवादकको नाम पनि विषय सूचीमा रहनु वाञ्छनीय हुन्थ्यो । भारतीय नेपाली साहित्यमा पनि अनुवादक यसरी छेलिएका हुन्छन् भन्ने प्रमाण हो यो ।

तर यो उत्तम कर्म हो । आई.बी. राईलाई नेपाली भाषाको सीमाबाट बाहिर ल्याउनु र उद्देश्यपूर्ण तरिकाले काम गर्नु सानो कुरा होइन । यो पहिलो पुस्तक हो जसमा **कपिराइट अनुवादक**मा लेखिएको छ । हाम्रामा भएका प्रायः अनुवादमा कपिराइट लेखकमै राखिएको हुन्छ । तर अन्तर्राष्ट्रिय नियमअनुसार अनूदित कृतिमा लेखकको ६०% र अनुवादकको ४०% कपिराइट रोयल्टी अधिकार हुन्छ । (गोविन्द)

सेलेक्टेड पोएम्स (इ. २०१३)

यो स्रष्टा मोमिलाका चुनिएका ३५ वटा अनूदित कविताको सङ्ग्रह हो । यसको अनुवादकमा कुमार नगरकोटी, महेश पौड्याल र रञ्जनकुमार खत्री रहेका छन् । डा. गोविन्दराज भट्टराईले सम्पादन गरेको यस सङ्ग्रहमा उनको एक लामो परिचय लेख पनि समावेश छ । जसअन्तर्गत मोमिलाको कवित्व कला र शक्ति अनि प्रस्तुत कविताको परिचय पनि समावेश छ । यसले अनुवाद कर्मलाई सार्थक बनाउँछ ।

कृतिमा मुख पृष्ठमै रचनाकारपछि सम्पादक, त्यसपछि अनुवादकहरू राखिएकाले सबैप्रति उचित न्याय भएको छ । त्यति मात्र होइन नेपाली-अङ्ग्रेजी अनुवादकका सम्पादक पनि अङ्ग्रेजी विषयकै लेखक प्राध्यापक भएकाले प्रस्तुत कृतिप्रति उचित न्याय भएको छ भन्ने प्रस्ट हुन्छ । कृतिको प्रकाशन नेपाली कला साहित्य डटकम प्रतिष्ठानबाट भएको छ । तीनै जना अनुवादकहरू यस **अनुवादक परिचय कोश**मा परेका अनुवादक हुन् । (गोविन्द)

स्टोरिज फ्रम नेपाल (इ. २००२)

यो (रोयल) नेपाल एकेडेमीले प्रकाशित गरेको पहिलो अनूदित पूर्ण कथा सङ्ग्रह हो । यसमा नेपाली साहित्यका स्थापित ३९ जना कथाकारका एक-एक कथाका अङ्ग्रेजी अनुवाद परेका छन् । यसमा भागीरथी श्रेष्ठ, भाउपन्थी, भवानी भिक्षु, विश्वम्भर चञ्चल, बी.पी. कोइराला जस्ता सबै स्थापित लेखकका कथाहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छानिएका छन् । यमसा माधवलाल कर्माचार्य र फिलिप पियर्स - दुई जना योग्य सम्पादक रहेकाले अनुवाद सिद्धान्तको दृष्टिले निकै राम्रो भएको छ । प्रत्येक कथाकारको संक्षिप्त परिचय दिइएको छ, त्यसले पाठकलाई थप जानकारी दिनेछ तर सँगै झन्डै कथाकार जत्तिकै सङ्ख्यामा अनुवादक छन् तर तिनको परिचय नहुँदा ठुलो कुरा छुटेको जस्तो लाग्छ । अनूदित कृति भएपछि विषय सूचीमै अनुवादक पनि आउनुपर्थ्यो तथापि अन्य दृष्टिले यो कम त्रुटियुक्त कृति हो । (गोविन्द)

हिलारी क्लिन्टन इन पोएम्स (इ. २०००)

यो कृति अलिक अनौठो छ । यसमा मोहन कोइराला, दैवज्ञराज न्यौपाने, लालगोपाल सुवेदी, रामबाबु सुवेदी, उषा शेरचन, कञ्चन पुडासैनी जस्ता २७ जना कविका एक-एक कविता रहेका छन् । ती कविताको अङ्ग्रेजी अनुवादकमा प्रा. डी.पी. भण्डारी, डा. गोविन्दराज भट्टराई, तीर्थराज तुलाधर, डा. तारानाथ शर्मा, माधवलाल कर्माचार्य जस्ता व्यक्ति रहेका छन् । तर सबैलाई कविताको शीर्षक तोकिएको थियो "कवितामा हिलारी क्लिन्टन" अर्थात् "हिलारी क्लिन्टन इन पोएम्स"। हिलारी क्लिन्टनको नाममा यत्रा कविता लेखाउन सक्ने, अनुवाद गराउन सक्ने व्यक्तिको नाम हो कवि कञ्चन पुडासैनी । उनी स्वयम् सम्पादक रहेका छन् । मध्यमासम्म अध्ययन गरेका कञ्चनले यस्तो अङ्ग्रेजी कविताको कसरी सम्पादन गरे होला त्यसमा आश्चर्य छ । त्योभन्दा ठुलो आश्चर्य यस्ता विषयमा कविता रच्न र अनुवाद गर्न कसरी कवि र अनुवादक तत्पर भए होलान्, यसमा नेपाली लेखकमा रहेको दासत्वभाव पनि प्रकट हुन्छ । त्यसको फसल लगाएर स्वार्थसिद्धि गर्ने अर्कै छन् । एक्काइसौँ शताब्दी लाग्ने वेलामा नेपाली कविलाई यस्तो गराइयो, नेपाली अनुवादकलाई कस्तो गराइयो भन्ने सम्बन्धमा पछि यसको धेरै ठाउँबाट आलोचना भयो । मञ्जुश्री थापाले पनि भनिन् यस्ता कवि र अनुवादकले पनि यस्तो गर्ने ? प्रा. डी.पी. भण्डारी, गोविन्दराज भट्टराई जस्ता व्यक्तिले पनि केही नसोच्ने ? तब यसमा उत्कृष्ट भूमिका लेख्ने प्रा. डी.पी. भण्डारीले **साप्ताहिक**मा यो सारा गल्ती स्विकार्दै एक लेख लेखे- *डेस्डिमोना तिम्रो रुमाल खस्यो ।*

यसको नेपाली संस्करण चाहिँ कञ्चन पुडासैनी स्वयम्द्वारा सम्पादित **एउटी नारी कविता**मा (वि.सं. २०५६) शीर्षकमा २७ कविका एक-एक नेपाली कविता लेखाएर आफ्नै प्रकाशनबाट छपाएका थिए । यसमा *नमर्ने गुलाफको फूल, हिलारी गीत, यो सङ्गीतको आवाज* जस्ता शीर्षकमा कविता र प्रा.डा. दुर्गाप्रसाद भण्डारीको भूमिका रहेको छ । यो चाहिँ अनुवाद कुन कुन प्रयोजनमा कसरी प्रयोग गर्न सकिन्छ, कसले गराउन सक्छ भन्ने एक प्रमाण हो । (गोविन्द)

पोएम्स इन द हिल्स (वि.सं. २०६४)

यो भीष्म उप्रेतीका २६ वटा नेपाली र त्यति नै अङ्ग्रेजीमा अनूदित कविताको सङ्ग्रह हो । यसका अनुवादक मुकुल दाहाल र मनु मञ्जिल रहेका छन् । तर दुवै अनुवादक भित्री शीर्षक पृष्ठमा लुकेका छन्, कविसँगै हुनुपर्ने । उनीहरूको अनुवादकीय अनुभूति वा भनाइ र परिचय पनि नराखिएकोले गर्दा अलिक अधुरो लाग्दछ । यसको प्रकाशन सारांश नेपालले सन् २००७ मा गरेको थियो । (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेप्लिज लिट्रेचर

नेप्लिज लिट्रेचर नेपाल (राजकीय) प्रज्ञा-प्रतिष्ठानले सन् २००५ मा निकालेको नेपाली साहित्यका सबै विधा छुने २६३ पृष्ठको प्रतिनिधि पुस्तक हो। यसको सम्पादकमा पाँच सदस्यीय मण्डल छ- चूडामणि बन्धु, गोविन्दराज भट्टराई, कृष्णचन्द्रसिंह प्रधान, माधवप्रसाद पोखेल र तुलसीप्रसाद भट्टराई। प्रधान सम्पादक माधवलाल कर्माचार्य र सम्पादक गोविन्दराज भट्टराई। संस्थाको कार्यमा यसरी औपचारिक नाताले संलग्न हुने व्यक्तिको सूची लामो हुने गर्छ।

यसमा कविता, कथा, उपन्यास, नाटक र निबन्ध गरी पाँच विधा रहेका छन्। यो नेपाल प्रज्ञा-प्रतिष्ठानले पहिलो पटक अङ्ग्रेजीभाषी पाठकलाई नेपाली साहित्यको झल्को दिन निकालेको सङ्ग्रह हो। यसमा भानुभक्त आचार्य, लेखनाथ पौड्यालदेखि कृष्णभूषण बलसम्मका १६ कविका प्रतिनिधि कविता; गुरुप्रसाद मैनाली, पुष्कर शमशेर, भवानी भिक्षु लगायतका ८ कथा, **रूपमती, मुलुकबाहिर, शिरीषको फूल, फूलको आतङ्क** र **ज्योतिज्योति महाज्योति**जस्ता उपन्यासबाट एक-एक अंश, बालकृष्ण सम, गोपालप्रसाद रिमाल, विजय मल्ल र सरुभक्तका एक-एक नाटक अनि हृदयचन्द्रसिंह प्रधान, शंकर लामिछाने, भैरव अर्याल, कृष्णचन्द्रसिंह प्रधान र तारानाथ शर्माका एक-एक निबन्ध रहेका छन्।

यसमा एउटा राम्रो कुरा सम्पादकहरू राम्ररी तोकिएकाले सम्पादन कार्य त्रुटिरहित देखिन्छ। माधवलाल कर्माचार्यको "नेपाली साहित्यको संक्षिप्त परिचय" ले धेरै कुरा स्पष्ट गरेको छ। अनुवादकको परिचय कतै छैन तर पहिलो पटक यस कृतिको सूचीमा लेखक सँगसँगै अनुवादकको पनि नाम राखेर प्रशंसनीय काम गरिएको देखिन्छ। (गोविन्द)

तुलसी दिवस की कविताएँ (इ. १९९७)

यो कवि तुलसी दिवसका ३५ वटा चुनिएका कविताको हिन्दी अनुवाद हो। चुनिएका कवितालाई पाँच कोटीमा विभाजित गरी तीन जना विद्वान्ले यसको "अनुवाद एवम् सञ्चय" मा योगदान दिएका छन्। ती हुन्- गंगाप्रसाद विमल, रणजीत साह तथा डा. रामदयाल राकेश। यसको प्रकाशक दिल्लीको भारतीय प्रकाशन संस्थान रहेको छ।

यस कृतिमा लेखक अनुवादक एकै ठाउँमा भित्री शीर्षकदेखि अन्त्यको ब्लर्बसम्म सँगै छन्। यसको भूमिकामा गंगाप्रसाद विमल र रणजीत साहले नेपाली कविताको तत्कालीन चित्र र कविता अनुवादको "दर्शन" सुन्दर ढङ्गले प्रस्तुत गरेका छन्। दुईवटा कभर फ्ल्यापमा स्रष्टा र अनुवादकको सन्तुलित परिचय छापिएकाले गर्दा यो कृति एक नमुनाको रूपमा प्रस्तुत छ। पछिल्लो फ्ल्यापमा चिनाइएका तीनजना यस प्रकार छन् :

गंगाप्रसाद विमल– हिंदी के लब्धप्रतिष्ठ कवि एवम् लेखक है। विश्व के अनेक भाषाओं से उन्होंने हिंदी में अनुवाद किए हैं। संप्रति वे भारत सरकार के केन्द्रीय हिंदी निदेशनालय के निर्देशक हैं। अपने कार्य के साथसाथ वे सिन्धी एवम् उर्दू भाषाओं की राष्ट्रिय परिषदों के प्रमुख रहे हैं। अपने साहित्यिक योगदान के लिए वे कई संस्थाओं द्वारा सम्मानित भी हो चुके हैं।

रणजीत साह– हिंदी बङ्गाली अनुवादक एवम् विद्वान्। आजकल साहित्य अकादेमी के उप-सचिव हैं। मध्यकाल एवम् आधुनिक युग के साहित्य के मर्मज्ञ विद्वान् के रूप में ख्यात साह ने अनेक महत्त्वपूर्ण ग्रंथों की रचन की है। (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा. रामदयार राकेश– हिंदी और नेपाली के विद्वान्। त्रिभुवन विश्वविद्यालय, नेपाल में अनेक वर्षों तक अध्यापन कार्य कर चुके हैं। आपने नेपाली और हिंदी में कई कृतियों का अनुवाद किया हैं। विश्व हिंदी सम्मेलनों मे नेपाल का प्रतिनिधित्व कर चुके हैं।

टु सिस्टर्स (इ. १९८८)

यो शीर्षकले नै सङ्केत गर्दछ - यो दुई दिदी बहिनीका कविताहरूको सङ्ग्रह हो। ती दुई दिदी बहिनी हुन् - बेञ्जु शर्मा र मञ्जु काँचुली। दुवै स्थापित र नामी स्रष्टा हुन्, कवि तथा कथाकार।

यसमा बेञ्जु शर्माका १५ र बहिनी मञ्जु काँचुलीका १० गरी २५ कविताको अङ्ग्रेजी अनुवाद रहेको छ। अनुवादक पनि दुई जना नै रहेका छन् - मञ्जु काँचुली र वाइने एम्जिज।

यो सङ्ग्रह अनुवादको दृष्टिकोणले हेर्दा निकै राम्रो छ। स्रष्टा र अनुवादक दुवैको नाम सँगसँगै आउँछ, डा. तारानाथ शर्माका यी रचना र रचनाकारलाई राम्ररी चिनाउने भूमिका छ, सङ्ग्रहभित्रै दुई खण्ड छन्। पहिलो कविलाई चिनाएर कविता खण्ड सुरु हुन्छ। त्यसै गरी दोस्रो कविलाई चिनाएर कविता सुरु हुन्छन्। तर एउटा अनुवादकीय पनि थपिएको भए यी कविता अनुवाद गर्दा अनुभव भएका कुरा पनि झल्किन्थे। त्यो झन् महत्त्वपूर्ण कुरा हुन्छ। यसलाई बुक फेथ अफ इन्डिया दिल्लीले प्रकाशनमा ल्याएको छ।

गाइड

अङ्ग्रेजीमा लेख्ने आर. के. नारायण (इ. १९०६-२००१) एक प्रसिद्ध दक्षिण भारतीय स्रष्टा हुन्। आख्यानकार आर.के. को **गाइड** शीर्षक उपन्यासलाई खगेन्द्रप्रसाद लुइँटेल र ध्रुव मधिकर्मी मिलेर नेपाली भाषामा सोही शीर्षकमा अनुवाद गरी टोयोटा फाउन्डेसनबाट वि.सं. २०५० मा प्रकाशित गरेका छन्। (गोविन्द)

फर्बिडन फ्रुट एन्ड अदर स्टोरिज (इ. १९९४)

यो केशरलाल एवम् तेजरत्न कंसाकार मिलेर संयुक्त रूपमा नेवारी भाषबाट अनुवाद गरेको कथाहरूको सङ्ग्रह हो। यो कृति चित्तधर 'हृदय' को स्मृतिमा समर्पित छ। यसभित्र १० वटा कथा सङ्कलित छन्। ती कथाका कथाकार हुन्- मोतीलक्ष्मी उपासिका, लोचन रत्न, सत्यमोहन जोशी, दमनराज तुलाधर, केशवलाल कर्माचार्य, पूर्णदास श्रेष्ठ, अशोक उमङ्ग, फणिन्द्ररत्न बज्राचार्य र शशिकला मानन्धर। यी कथाहरू सन् १९५० देखि १९९२ सम्ममा विभिन्न पत्रपत्रिकामा प्रकाशित रचना हुन्। यसको प्रकाशक रत्न पुस्तक भण्डार रहेको छ। तेजरत्न कंसाकार एवम् केशरलाल दुवै जना यस कोशमा प्रविष्टिमा अन्यत्र पनि आएका छन्।

बियोन्ड द फ्रन्टियर्स : विमिन्ज स्टोरिज फ्रम नेपाल (इ. २००६)

यो **गुञ्जन** नामक संस्थाले प्रकाशित गरेको १५ समकालीन नेपाली महिला कथाकारहरूका ३० वटा कथाको अनूदित सङ्ग्रह हो। यसमा देवकुमारी थापादेखि जलेश्वरी श्रेष्ठसम्मका निम्न नारी कथाकार चुनिएका छन् : प्रेमा शाह, चन्द्रकला नेवार, हिरण्य कुमारी पाठक, गीता केशरी, माया ठकुरी, पद्मावती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिंह, भागीरथी श्रेष्ठ, मञ्जु काँचुली, भुवन ढुङ्गाना, पिताम्बरा उपाध्याय, इल्या भट्टराई, लक्ष्मी उप्रेती, श्रीजना शर्मा र जलेश्वरी श्रेष्ठ। प्रत्येकका दुई दुई अनूदित कथा सङ्कलनमा प्रकाशित छन्।

प्रत्येक कथाकारको तस्बिर र संक्षिप्त परिचय राखिएको छ। तर रेशु ढुङ्गाना, निरञ्जन बज्राचार्य, आन हान्किञ्ज, डा. तेजरत्न कंसाकार, अनुराधा, दामोदर शर्मा, द्वारिका राजभण्डारी, मञ्जुश्री थापा जस्ता सबै अनुवादक अपरिचित छन्। पद्मावती सिंह र उषा शेरचन सम्पादकको पदमा छन् भने डा. गोविन्दराज भट्टराई अतिथि सम्पादक जसले यी कथा र अनुवाद प्रक्रियाका बारेमा आठ पृष्ठ लामो परिचय दिएर पुस्तकलाई न्याय गरेका छन्। (गोविन्द)

नुगः घाः/चोट/एगोनी (त्रैमाषिक)

यो पशुपतिमान पमाद्वारा लिखित ११ वटा कथाहरूको त्रैभाषिक सङ्कलन हो। यसमा नेपाल भाषामा लिखित कथालाई नेपालीमा र अङ्ग्रेजीमा समेत अनुवाद गराई लेखकले कुतः पिकाक भक्तपुरबाट वि.सं. २०७३ मा प्रकाशित गराएका छन्।

नेपाल भाषाबाट नेपालीमा लेखक स्वयम्कै अनुवाद छ भने कथाको अङ्ग्रेजी अनुवादकमा ध्रुवराज रन्जित, हरिशंकर मानन्धर, प्रीति तपोल र ज्ञानकाजी मानन्धर रहेका छन्। (गोविन्द)

अ रिप्रेजेन्टेटिव कलेक्सन अफ नेपाल भाषा पोएम्ज

यो नेपाल भाषाका १५ जना कविका ५९ वटा कविताको अङ्ग्रेजीमा अनूदित सङ्कलन हो। यसमा चित्तधर 'हृदय', सिद्धिचरण श्रेष्ठ, केदारमान 'व्यथित'देखि बाल गोपाल श्रेष्ठसम्मका १५ कविका कविता समाविष्ट छन्। प्रत्येकका तीनदेखि पाँच रचना छन्। १५ मा एक नारी कवि चुनिएकी छन् – प्रतिसरा साय्मि। यस सङ्ग्रहका अनुवादकमा तीर्थराज तुलाधर र वाएने आम्जिज रहेका छन् भने सम्पादक कृष्णचन्द्रसिंह प्रधान। यस सङ्ग्रहलाई गणेश 'अपार' ले सानुबाबु वैद्य स्मृति प्रकाशन समितिको तर्फबाट सन् १९९७ मा प्रकाशनमा ल्याएको देखिन्छ। चुनिएका उत्कृष्ट नेपाल भाषाका कविता आधुनिक रचना अङ्ग्रेजी (वा अन्य) भाषीले पनि पढ्न पाउने यो पहिलो अवसर हुनुपर्छ। (गोविन्द)

थ्रु द ल्याटिस्ट विन्डो

यो सुन्दरकृष्ण जोशीको साहित्यिक कृति हो। उनको जन्म सन् १९३५ मा ललितपुरको सुन्धारामा भएको थियो। भाषा विज्ञानमा विद्यावारिधि गर्ने डा. जोशी त्रिविको नेपाल भाषा विभागअन्तर्गत विषय समितिका प्रथम अध्यक्ष बनेका थिए। हाल उनी प्राध्यापक पदको लामो सेवापश्चात् निवृत्त भएर स्वाध्ययनमै समय व्यतीत गरिरहेका छन्।

प्रा. जोशीका साहित्य र भाषा विषयका थुप्रै मौलिक कृति प्रकाशन छन्– **सितुमाह** (कथा सङ्ग्रह), **नेपाल भाषाया भाषा वैज्ञानिक व्याकरण, नेपाल भाषा व्याकरण** आदि। **थ्रु द ल्याटिस्ट विण्डो** डा. जोशीले नेपाल भाषामा लेखेका १७ वटा कथाहरूको अङ्ग्रेजी अनुवादको सङ्ग्रह हो। यसलाई राजेन्द्र शाक्य र अरुण श्रेष्ठले अनुवाद गरेका छन्। एउटा कथा भुवनलाल प्रधानले पनि अनुवाद गरेको देखिन्छ।

यी कथाहरू नेवारी संस्कृति र परम्परामाथि सूक्ष्म अध्ययन र अर्न्दृष्टि राख्ने डा. जोशीले तयार पारेका हुन्। नेवारी संस्कृतिलाई नजिकबाट बुझ्नलाई यी कथाले ऐनाको काम गर्नेछन्। कति ठाउँमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिथकको प्रयोग छ। लेखक पुत्र सागर कृष्ण जोशी प्रकाशक रहेको कृतिको भाषा राम्रो र सम्पादित छ। (गोविन्द)

कन्टेम्पोरेरी राइटिङ्स इन नेपाल भाषा

यो नेपाल भाषाका केही चुनिएका स्रष्टाका रचनालाई अङ्ग्रेजीमा अनुवाद गरिएको एक उल्लेख्य सङ्ग्रह हो। साहित्य गुठीले सन् २००० मा प्रकाशित गरेको यस सङ्ग्रहमा साहित्यका चारवटा विधाको संक्षिप्त प्रस्तुति छ। तर यसको प्रस्तुति अत्यन्तै राम्रो छ, धेरै जना निर्माताको संलग्नताले गर्दा पुस्तक पठनीय पनि छ।

भूषण प्रसाद श्रेष्ठ, प्रेमशान्ति तुलाधर सम्पादक रहेको यस सङ्कलनमा तीर्थराज तुलाधर, कमल तुलाधर, तेजरत्न कंसाकार, सुङ्गमा तुलाधर अनुवादक रहेका छन्। प्रत्येकले एकएक विधाको अनुवादको जिम्मा लिएका छन्।

यसमा पाँच कविता, पाँच कथा, चार निवन्ध र एक एकाङ्की रहेका छन्। प्रेमशान्ति तुलाधरको नेपाल भाषा साहित्यबारेको राम्रो भूमिका छ। कविता-खण्डमा सुदेश किरण, केशवमान शाक्य, रजनी मिला, सुदन खुस, बाल गोपाल श्रेष्ठ र श्रीराम श्रेष्ठ रहेका छन्। कविताका अनुवादक हुन् तीर्थराज तुलाधर।

चारजना कथाकारमा शशीकला मानन्धर, नारद बज्राचार्य, ध्रुव मधिकर्मी, केदार "सितु" र कपाली एच.के. रहेका छन्। जसका अनुवादक तेजरत्न कंसाकार र एकाङ्कीका अनुवादक दिनेश भुजू रहेका छन्। (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवादक/सम्पादक छोपिएका केही कृति

हाम्रा स्रष्टामा अङ्ग्रेजी जान्ने जस्तै देखिने रहर पनि ठुलो रहेछ । साझा प्रकाशनले वि.सं. २०३२ मा छापेको बालकृष्ण समका कविताहरूको सङ्कलन **एक्स्प्रेसन आफ्टर डेथ** त्यस्तो प्रकारको एक बेनामी जस्तो सङ्ग्रह हो ।

किनभने यो चारजना अनुवादक र कविसमेत मिलेर मौलिक र अनूदित मिसमास पारेर गरिएको कार्य हो । सम्पादक छैन, अनुवादक अपरिचित छन् तर प्रकाशनको तर्फबाट क.दी. अर्थात् कमल दीक्षितले सटीक शब्दमा यति कुरा बोलेका छन्- *कवि, नाटककार, कलाकार बालकृष्ण सम नेपाल माताका वरद पुत्र हुन् । सत्तरी वर्षको उनको जीवनले उनी आफै एक संस्थाको रूपमा स्थापित छन् । उनी बहुमुखी प्रतिभा हुन् र उनका उपलब्धिको एक सानो पक्षतिर सङ्केत गरेर उनको भव्यताप्रति हामी न्याय गर्न सक्तैनौं । समलाई समग्रतामा अध्ययन गर्नु पर्दछ, टक्राटुक्री होइन ।*

तर हामी क्षमताले सीमित छौं । यहाँ हामीले अङ्ग्रेजी पाठकलाई उनका कवित्व शक्तिको एउटा झल्का मात्र प्रस्तुत गर्दै छौं । यीमध्ये धेरै कविता अङ्ग्रेजीमै रचिएका हुन् भने केही चाहिँ विभिन्न विद्वान्ले, कवि स्वयम्ले विभिन्न समयमा अनुवाद गरेका हुन् ।

यी महान् स्रष्टाको हामी मूल्याङ्कन गर्न सक्तैनौं; हामीले चाहेजसरी उनीबाट आनन्द लिन सक्तैनौं । तर पाठक वर्गले हाम्रो सल्लाह लिनुहोला : "उनीसितै बसेर आनन्द मनाउनोस्" ।

यसमा दामोदर ठाकुर, दान खालिङ, तीर्थराज तुलाधर, लक्ष्मीप्रसाद देवकोटा र कवि स्वयम्ले पनि अनुवाद गरेका छन् भन्ने कुराको उल्लेख छ तर यत्रो मास्टर आर्टिस्टलाई चिनाउन उनको परिचयविना, स्वयम् महाकविका पनि अनुवाद छन् तिनको परिचयविना, सम्पादकको उपस्थितिविना, यो कर्म अन्धकारमै गरिएको दुःख ठहरिनेछ । यस्तो सम्पादन र विश्लेषण अनि परिचयबेगरको, अत्यन्तै निम्न कोटीको न्युज प्रिन्ट कागजमा छापेको पुस्तक अङ्ग्रेजीभाषीले पढ्लान् र हामी चिनियौंला भन्नु अव्यवहारिकप्राय कुरा हो । अङ्ग्रेजी अक्षर देखाएर मात्र हुँदैन यसका स्रष्टा, उसको परिस्थिति र कृतित्वको राम्रो परिचय हुनु आवश्यक छ । (गोविन्द)

(क) सेभेन पोएट्स (इ. १९७२)

सेभेन पोएट्स (इ. १९७२) नेपाल (राजकीय) प्रज्ञा-प्रतिष्ठानले गरेको अनुवादतर्फको दोस्रो प्रशंसनीय प्रयत्न हो । पहिलो कर्म **कन्टेम्पोररी नेपाली पोएट्स** (इ. १९७०) मा १३ जना कवि समेटिएका थिए भने यसमा सात जना । यसमा कवि शिरोमणि लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, माधवप्रसाद घिमिरे र मविवि शाह रहेका छन् । सङ्ग्रहमा सबैका एक-एक कविता रहेका छन् । यसमा १६ उप-शीर्षकमा बाँडिएको अङ्ग्रेजीमा गएको **मुनामदन** पनि छ । यो **मुनामदन**को प्रथम अनुवाद हुनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा सम्पादक तुलसी दिवस रहेका छन् । यो कृति अनुवाद गर्नुपर्ने आवश्यकतामाथि छोटो चर्चा छ तर अनुवादको कर्मको दृष्टिले सबैभन्दा अध्यारो पक्ष के छ भने यत्रो ग्रन्थ कसले तयार गऱ्यो, कुन कविता कसले अनुवाद गऱ्यो त्यसको कुनै सङ्केत कतै छैन । सम्पादकले जम्मा १७ लाइनको सम्पादकीयमा भनेका छन्- *प्रस्तुत सङ्ग्रहको उद्देश्य सात जना नेपाली स्रष्टाबाट नेपाली कविताको इतिहासमा वर्तमान लेखन प्रवृत्तिका प्रशंसनीय प्रवृत्तिलाई प्रस्तुत गर्नु हो ।*[1]

तर नेपाली कविताबारे, यसको ऐतिहासिक पृष्ठभूमि एवम् वर्तमान अवस्थाबारे एक शब्द नबताई यसको महत्त्व लक्षित पाठकले बुझ्दैन । पहिलो पल्ट यस्तो ग्रन्थ आउँदै छ, अङ्ग्रेजीभाषीले कहाँदेखि जोडेर नेपाली कविता बुझ्न सक्छ ? त्यो दिइएको छैन । अझ एउटा दुःख लाग्दो कुरा त यी कवितामध्ये कस कसका अनुवाद हुन् छुट्याइएको छैन । "दुई जना मिलेर यो घर तयार पारे" भनेझैं "यी कविताका अनुवादमा सहयोग गर्ने दमनराज तुलाधर एवम् दान खालिङलाई अनि प्रकाशनमा सरसल्लाहको निम्ति माधवलाल कर्माचार्यलाई धन्यवाद" लेखिएको छ । दुवै अनुवादक बितेर गए । केही अघि दमनराज तुलाधर, अघिल्लो वर्ष दान खालिङ गए । सल्लाहकार पनि गए । **मुनामदन**को यो प्रथम अनुवाद दान खालिङले नै गरेको भन्ने सुनिन्थ्यो तर सोध्न पाइएन । अरू प्रमाण कतै छैन । तर एउटा कुरा प्रत्येक कविको यथोचित परिचय भने प्रस्तुत छ ।

यस प्रकारले अनुवादकलाई कुनै महत्त्व नदिने, उनीहरूको नामै नराख्ने परम्पराबाट नेपाली अनुवाद आरम्भ भएकोले अहिलेका नेपाली अनुवादका कति प्रायोजकहरू पनि त्यसै गर्दछन् । छोपेर अनुवादकलाई बोल्न नदिई उसको परिचय पनि लुकाएर भित्री पृष्ठमा पेटबोलीमा कतै टाँस्दछन् । यसले गर्दा हाम्रो अनुवाद परम्पराले साहित्यलाई पनि प्रदुषित गर्दै छ । आफैले अङ्ग्रेजीमै लेखेको जस्तो, आफैले सम्पादन गरेजस्तो देखाउने मोहमा छन् लेखकहरू । कुनै प्रयत्न राम्रा पनि छन् तर नगण्य । अनुवाद कर्मको समग्रतामा नै व्यापक सुधार आवश्यक छ । (गोविन्द)

धेरै अनूदित पुस्तकमा अनुवादक छोपिएका छन् । ती सहायक गौण वा महत्त्वहीन भएर छोपिएका अवस्थामा छन् । यो नेपाली अनुवाद परम्पराको अत्यन्तै अध्यारो पक्ष हो । खासमा प्रत्येक कृतिलाई पाखा ल्याउने व्यक्ति अनुवादकै हो तर उसलाई छोपिदिएपछि के हुन्छ ? उदाहरणका लागि यस्ता केही त्रुटिपूर्ण पुस्तकको दृष्टान्त दिइन्छ जहाँ अनुवादक छोपिएको छ, जहाँ अनुवादको उद्देश्य, प्रक्रिया, मूल्याङ्कनबारे जिम्मा लिने कोही हुँदैन, त्यसको औचित्य वा गुणात्मकताबारे प्रश्न गर्ने ठाउँ पनि हुँदैन ।

(ख) स्निल मिस्ट (इ. २००७)

नयाँ सहस्राब्दी लाग्ने बेलातिर रामकृष्ण वान्तवाको **सघन कुहिरो** शीर्षक उपन्यास प्रकाशनमा आयो । त्यसले निकै ठुलो हल्ला मच्चायो । यति भाषामा अनुवाद भयो र यति प्रति बिक्री भयो भन्ने पनि कुरा प्रचारमा आयो । यसको **स्निल मिस्ट** (इ. २००७) शीर्षकमा अङ्ग्रेजी संस्करण आयो । हेर्दा अङ्ग्रेजीमै लेखिएको रहेछ भन्ने कुरा प्रस्ट हुन्छ । अन्तिम पृष्ठको भित्रपट्टि एउटा फाल्तु पृष्ठमा About the Author भित्र लुकेर एउटा नाम बसेको छ, पेटबोलीमा यसरी **सघन तुवाँलो***को नेपाली संस्करण अनुवादक नरदेवी राईको सहयोगमा, अङ्ग्रेजी भन्दा पहिले आएको हो ।*" कुनै नैतिक वा कानुनी आधारमा कोही अनुवादकलाई यस्तरी समाप्त पार्न नहुने कुरा यहाँ देख्न पाइन्छ । आउने दिनमा यस्ता समस्याको निराकरण गर्नु पर्दछ ।

---

1. To give a short insight into the works of seven Nepalese poets each of whom represents a landmarking trend in the history of the Nepali poetry in the recent past.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनूदित हुनुको तात्पर्य लेखक नै गतिलो हो भन्ने भ्रम पाल्नेहरू छन् । जति धेरै भाषामा अनुवाद भयो (वा गराइयो) त्यति नै त्यो ठुलो कुरो भन्ने सन्देश दिने पनि गरिन्छ । तर त्यो एउटा बिमार हो । अघि राजा महेन्द्रको **उसैको लागि**का एक दर्जन अनुवाद भएका थिए, त्यति नै समालोचना । हिजोआज बहुप्रचारित एउटा कृति छ भरत जङ्गमको **कालो सूर्य** । यो कृति नौ भाषामा अनूदित भन्ने प्रचार छ । त्यस्तो प्रचारको खास अर्थ छैन । **सघन तुवालो** पनि त्यस्तै हो । कनकमणि दीक्षितको **भक्तप्रसाद भ्यागुतो**लाई पनि त्यसै गरी व्यापक गरिएको छ । यसरी प्रचारले कृतिकार गतिलो हुँदैन । गतिलो आफै निस्किन्छ, जसरी पनि आउँछ **मुनामदन, गीताञ्जली, मेघदूत, गीता** कसरी कहिल्यै नरोकिने गरी आइरहेका छन् । त्यो न लेखकको इच्छा हो, न प्रकाशकको । (गोविन्द)

(ग) एन ओडिसी अफ साइक्लोन (इ. २००९)

यो पुस्तक बङ्गलादेशको पृष्ठभूमिमा त्यहाँको, आँधी र कहिल्यै पनि समाधान नहुने नेपालको सन्दर्भ मिसिएको यात्रा संस्मरण हो । भारती न्यौपाने प्रकाशक रहेको यस कृतिमा सुरुका दुई पृष्ठमा लेखकका मात्र नाम छन् खोज्दै जाँदा भित्री मुख पृष्ठमा ट्रान्सलेसन - मिस्टर योगेश्वर उपाध्याय लेखिएको छ । अनुवादको प्रक्रिया र भनाइको पृष्ठ कतै छैन । कुन भाषाबाट अनुवाद भयो त्यो पनि छैन । यस प्रकारले अङ्ग्रेजीमा लेख्ने रहरका साथसाथै अङ्ग्रेजी लेखक र अघिल्लो नेपाली संस्करणलाई समेत अस्पष्ट राखेर छोड्ने भनौं बिर्सने संस्कारले नेपाली अनुवाद उठ्न नसक्ने अवस्थामा पुगेको छ । यस्तो गर्नु हुँदैन, सारा छर्लङ्ग र पारदर्शी हुनुपर्छ । (गोविन्द)

(घ) वर्ल्ड लिटरेरी टुर-२०१०

नेपाली **कला साहित्य डटकम प्रतिष्ठान**को "वर्ल्ड लिटरेरी टुर- सन् २०१०" अन्तर्गत एउटा नेपाली कलाकार साहित्यकारको टोली दक्षिण कोरिया पुग्यो । त्यहाँ दुवै देशका उत्तम कला र कविता प्रदर्शन र वाचन कार्य चले । जसको शीर्षक नै "पोएट्री कन्सर्ट विद म्युजिक एन्ड पेन्टिङ" थियो । यस अवसरमा वाचन गरिएका र पछि सङ्ग्रहमा छापिएका राजेश कार्की, अरुणा वैद्य, कृष्ण प्रसाईं, मोमिला, विमल कोइराला, उषा शेरचन, एसपी कोइराला, सरुभक्त जस्ता स्थापित कविका एक-एक रचना छन् । प्रत्येक रचनाको साथमा शशी शाह, किरण मानन्धर जस्ता प्रसिद्ध कलाकारका एक-एक चित्रकला पनि छन् तर यो कृति पढेर नसकुन्जेल पाठकले पत्तो पाउँदैन । अङ्ग्रेजीमै रचिएको रहेछ भन्छ, पढ्छ । पृ ३० मा पुगेपछि पेटबोलीमा एउटा पंक्ति छ *:यस पुस्तिकाका कविताहरूको अनुवादक महेश पौड्याल हुन्, कविता नेपाली मौलिकबाट आएका हुन् ।*[2] (गोविन्द)

(ङ) समयको रङ (कलर अफ इपोक (वि.सं. २०६२)

गीतकार तथा कवि टीका चाम्लिङको **समयको रङ** शीर्षकको एक सङ्ग्रह छ । जसको आवरण पृष्ठमै **कलर अफ इपोक** नामको अङ्ग्रेजी शीर्षक (समेत) छ । भित्र पहिलो पृष्ठमा नेपाली, दोस्रोमा त्यसैको अङ्ग्रेजी अनुवाद रहेको छ । विषय सूचीविना लगभग एक सय पृष्ठ गीत रहेका छन् । यसमा पनि बाहिरै

2. The poems in this booklet are Mahesh Paudyal's English tranlations from the poets' original in Nepali.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टड्कारो गरीं रचनाकार मात्र बसेका छन् । भित्री भित्री शीर्षकमा लेखिएको छ, अनुवादक - जयन्त शर्मा । दस जना अरूले बोलेका छन्, अनुवादक भने भित्री शीर्षकको दुई शब्दमा टाँसिएर बसेका छन् । अनुवादक नबोलेको कृतिमा, सम्पादक नभएको अनुवादमा यस कर्मको कसले जिम्मा लिन्छ ? अनुवादकलाई लेखककै स्थानमा ससम्मान राख्ने र बोल्ने अलिकति पृष्ठ दिनुपर्छ । स्रष्टा र अनुवाद दुवैले राम्ररी चिनिनु चिनाउनु पर्छ । यसरी अनुवाद गरिदिनेको पनि ठुलो गल्ती छ । (गोविन्द)

(च) द लिटल बुद्ध इन टोकियो (इ. २००४)

यो परशु प्रधानका अनूदित कथाहरूको सङ्ग्रह हो । यसलाई बङ्गलादेशका महबुबर रहमान बाबुले विनाविषय सूची प्रकाशनमा ल्याएको देखिन्छ ।

यसमा मुकुल दाहाल लगायतका व्यक्तिहरू अनुवादक रहेका छन् । तर सम्पादक पनि दाहाल नै देखिन्छन् । फेरि कथाको पठन अन्त्यमा पुगेपछि मात्र अनुवादक आउँछन् यसरी यो अनूदित कृति हो भनेर कतै भनिएको छैन । लेखकले अनुवादकलाई नलिई आफै मात्र प्रस्तुत हुने रहर गर्दा धेरै प्राविधिक कुरा विग्रन्छन् । प्रक्रियागत रूपले यो अस्पष्ट र अधुरो छ । अनुवादकको नाम सुरुदेखि नै देखिनु आवश्यक छ । लेखकले यो कृति अनुवाद हो भनेर स्थापित गर्दै जानुपर्छ । (गोविन्द)

(छ) इन द नेम अफ बुद्ध (इ. २००१)

यो पोखराका कवि रमेश श्रेष्ठका २० थान कविताको शीर्षक हो । यसलाई हरिहरराज जोशी र इन्दु जोशीले अङ्ग्रेजी अनुवाद गरेको भनिएको छ । जोशी दम्पती दुवैको देहान्त भइसकेको छ । हरिहरराज जोशी विद्वान् अनुसन्धाता हुन् भने इन्दिरा हिन्दीमा लेख्ने कवि, स्रष्टा । यस कृतिमा पनि अनुवादकलाई अलिकति स्थान दिइएको भए राम्रो हुन्थ्यो । अनुवादक छेलिएपछि धेरै कुरा अस्पष्ट हुन्छन् । (गोविन्द)

(ज) द पोइजन ट्री (इ. २०१३)

स्रष्टाले धेरै खर्च र दुःख गरेर अनुवाद गराउँछन्/छाप्छन् तर प्राविधिक कुरा मिलाउन नजानेर ती प्रयत्न अर्थहीन जस्ता हुन जान्छन् । अनुवाद विषयका ज्ञाताले चलाएको कन्सल्टेन्सी नभएर पनि यस्तो हुँदै छ, **द पोइजन ट्री** त्यस्तो एउटा कृति हो । कवि पवन आलोकका ५८ वटा लघु कविताको अङ्ग्रेजी कविता सङ्ग्रहमा हाँसो उठ्दो संयोजन छ । यसमा सम्पादक नभएकाले सम्पादकीय नै छैन, अनुवादकको भनाइ छैन, पवन आलोकका काव्य प्रवृत्तिको परिचय छैन । एकैचोटि दुई कविताको अनुवादकमा महेश पौडेल छन् । एउटा पाठमा 'कुलचन्द्र नेपालद्वारा अनूदित' भनिएको छ तर बाहिर सोको उल्लेख कतै गरिएको छैन । यो पनि ढाका (बङ्गलादेश) को ओइको प्रकाशोनीबाट प्रकाशित छ तर एक आश्चर्य छ, अधिकांश कृतिमा अनुवादकको नामै रहँदैन यस पुस्तकको फ्ल्यापमा फोटोसहित अनुवादकको परिचय दिइएको छ ।

तर अनुवादको 'सेल्फ क्लेम' नसुहाउने खालको छ - **(भोजपुरमा सन् १९८५ मा जन्मेका चन्द्रप्रकाशले अनेकौँ उपन्यास, कथा र अनेक स्रष्टाका कविताको अनुवाद गरिसकेका छन् । त्यसै गरी अनेक लेख, रचना, प्रतिवेदन नेपालीबाट अङ्ग्रेजीमा गरेका छन् ।)** ...यस्तो परिचयमा अनियन्त्रित आत्मश्लाघा मात्रै हुन्छ । भर्खर उदाउन थालेका नेपालले "अनेकौँ उपन्यासको अनुवाद गरिसकेको छु" भन्नु हास्यास्पद हुन्छ । अनूदित कृतिमा योग्य सम्पादक नहुँदा धेरै कुरा बिग्रेर जान्छ । यो त्यस्तो एक हो । (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(झ) सी एन्ड अदर पोएम्स (इ. २००१)

यो भीष्म उप्रेतीका २५ वटा कविताको सङ्ग्रह **समुद्र र अन्य कविताहरू** अनि त्यसैको अङ्ग्रेजी अनुवाद **सी एन्ड अदर पोएम्स** हो। पुस्तकका ६५ पृष्ठभित्र नेपाली अङ्ग्रेजी दुवै भाषाका कविता छन्।

यसमा पनि लेखक पृष्ठमा अनुवादकको नाम छैन तापनि भित्री मुख पृष्ठमा नेपालीबाट अङ्ग्रेजीमा अनुवादकर्ताहरू "युयुत्सु आरडी शर्मा तथा राजेन्द्र मानन्धर, डेब्रा ग्रौम्यानसित" भन्ने लेखिएको छ। यसले अनुवादको परिचय अस्पष्ट राख्दछ तथापि यसमा युयुत्सु आरडी शर्माको राम्रो आमुख भएकाले भीष्म उप्रेतीका कविताबारे त्यसले केही परिचय दिन्छ। तर अनुवादकमध्येबाट कविता छनोट, अनुवाद आवश्यकता, अनुवाद प्रक्रिया आदिबारे केही नभएको र स्रष्टा पनि मौन रहेको स्थितिमा यस अनुवादले पाठकलाई धेरै भन्न सक्दैन। यस्ता कुराहरू पृष्ठभूमिमा प्रस्ट पारेपछि मात्र स्रष्टालाई उज्यालोमा राखेर देखाउन सकिन्छ। (गोविन्द)

ञ) अक्रस द ओसन : कन्टेम्पोररी नेपाली पोएम्स (इ. २००९)

यो एक रहस्यमय ग्रन्थ हो। यसमा अमेरिका निवासी २२ जना कवि, स्रष्टाका ६६ वटा कविता समेटिएका छन्। यसको प्रकाशन **शारदा** मासिकबाट भएको छ। यसभित्र परेका सबै नै नेपालीमा लेख्ने नेपाली कवि हुन् तर कविता अङ्ग्रेजीमा छन् अनि पुस्तकभरि कतै कहीँ पनि अनुवाद भन्ने शब्द परेको छैन। यसमा एक जना अतिथि सम्पादक (विमल भौकाजी) र दुई जना सम्पादक (नीलम कार्की निहारिका र मनि वाङ्देल) रहेका छन्। **शारदा** मासिक प्रकाशक रहेको यस प्रकाशनले नेपाली कविको एक विचित्र मानसिकता प्रस्तुत गर्दछ। अनूदित भएको देखिनुमा के त्रुटि हुन्छ र ? विश्व साहित्य सार्वजनिक रूपले अनूदित भएर चल्दै छ। यसरी अनुवाद प्रक्रिया र अनुवाद दुवै गोप्य राखेर नेपाली कविलाई अङ्ग्रेजीमा लेख्ने रहेछन् भन्न पानि खोजिएको होला तर यस्ता धारणा त्यागी ससम्मान आफ्नो लेख्य (स्रोत) भाषाको नाम उच्चारण गरेर अनुवादकको नाम र परिचय दिएर मात्र हाम्रो साहित्य उठ्न सक्छ। (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवादसम्बन्धी केही सैद्धान्तिक कृति

नेपालमा अनुवाद अध्ययनको परिचय भएको भर्खरै हो । गोविन्दराज भट्टराईले युनिभर्सिटी अफ हैदराबाद इन्डियाबाट सन् १९९७ मा **ट्रान्सलेसन स्टडिज** विषयमा विद्यावारिधि गरेर फर्के । उनको विद्यावारिधिको विषय **वर्ड भर्सेस सेन्स : युनिट अफ ट्रान्सलेसन (विथ रेफरेन्स टु नेपाली-इङ्लिस पोएटिक टेक्स्ट**, इ. १९९६) थियो । फर्केपछि उनी त्रिविअन्तर्गत अङ्ग्रेजी शिक्षा विषयको अध्यापक भएकाले उनले आफ्नो विषयका क्षेत्रहरूको खोजी गर्दै गए । त्रिविअन्तर्गतका अङ्ग्रेजी शिक्षा, नेपाली शिक्षा तथा भाषा विज्ञान विभागमा सर्वप्रथम स्नातकोत्तर तहमा **ट्रान्सलेसन स्टडिज** विषय लागू भएपछि नेपाल प्रज्ञा-प्रतिष्ठानसम्म पनि यसको प्रभाव पर्न गयो । त्यसपछि यस विषयमा अध्ययन अनुसन्धान र लेखन/प्रकाशनका बाटा पनि खुल्दै गए । नेपालमा यस विषयमा शैक्षिक प्राज्ञिक वातावरण बन्दै गयो ।

यस विषयम कृतिको प्रकाशन निरन्तर भयो । यस क्रममा आजसम्ममा विभिन्न विद्वान्बाट एक दर्जन जति कृति लेखिएका छन् । जो निम्नानुसार छन् :

१. **अ ट्रान्सलेसन म्यानुअल** (इ. २००३), मन्जुश्री थापा र अन्य, हिमाल बुक्स ।
२. **अनुवादको भूमिका, पद्धति र स्थिति** (इ. २००३) तारापति उपाध्याय, किरणवाला, उदालगुडी, असम
३. **एन इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज** (इ. २००४) लेखक- गोविन्दराज भट्टराई, प्रकाशक रत्न पुस्तक भण्डार ।
४. **अनुवाद अध्ययन परिचय** (वि.सं. २०६४), **एन इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज**को बलराम अधिकारीद्वारा गरिएको अनुवाद, प्रकाशक : रत्न पुस्तक भण्डार ।
५. **टेक्निकल एन्ड कल्चरल ट्रान्सलेसन** (इ. २००४)- बलराम अधिकारी, क्षितिज प्रकाशन ।
६. **ट्रान्सलेसन थ्योरीः अ बेसिक कोर्स** (इ. २००५)- प्रेमबहादुर फ्याक, प्रकाशक सनलाइट पब्लिकेसन ।
७. **अनुवाद सिद्धान्त र प्रयोग** (वि.सं. २०७१) बलराम अधिकारी, त्रिपिटक प्रकाशन ।
८. **अनुवाद विमर्श** (इ. २०१०), डा. राजकुमारी दाहाल प्रतिभा प्रकाशन सिलिगुडी ।
९. **अक्रस ल्याङ्वेज एन्ड कल्चर** (इ. २०११), भट्टराई, अधिकारी र फ्याक (एम.एड. ट्रान्सलेसन स्टडिजको पाठ्य पुस्तक), विद्यार्थी पुस्तक भण्डार ।
१०. **अनुवाद सिद्धान्त तथा प्रविधि** (वि.सं. २०६२), टीकाराम काफ्ले, स्याङ्जा साहित्य प्रतिष्ठान ।
११. **अनुवाद अध्ययनको प्रारम्भिक रूपरेखा** (वि.सं. २०६७), गणेशप्रसाद खनाल, पैरवी प्रकाशन ।
१२. **अ कोर्स इन ट्रान्सलेसन स्टडिज** (इ. २०११), यमबहादुर पौडेल क्षत्री, रत्न पुस्तक भण्डार ।
१३. **अन्डरस्ट्यान्डिङ ट्रान्सलेसन थ्योरिज एन्ड प्राक्टिसेज** (इ. २०१३) लेखक यमबहादुर पौडेल क्षत्री, इङ्लिस-नेपाली एडल्ट लिट्रेसी क्याम्पेन पोखरा ।
१४. **नेप्लिज ट्रान्सलेसन** (इ. २०१७), *अनुवादक समाज नेपाल*को पहिलो जर्नल । (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवादको प्रकाशनलाई महत्त्व दिने केही जर्नल/पत्रिकाहरू

अङ्ग्रेजी अनुवादलाई महत्त्व दिएर जर्नल निकाल्ने नेपाली प्रकाशनहरू छन् । अनुवादका गम्भीर अध्येताले तिनको पनि खोजी र विश्लेषण गर्नुपर्ने हुन्छ । **रूपरेखा, मधुपर्क, गरिमा, रचना, अभिव्यक्ति, शारदा** ज़स्ता पत्रिकाहरूमा यो कर्म हुँदै आएको छ । एकपल्ट नकुल सिलवाल सम्पादक भएको **बगर**को एउटा अङ्क नै अङ्ग्रेजी अनुवादमा समर्पित थियो भने **नव कविता** पत्रिका निस्कन्थ्यो त्यसका अङ्कमा सधैँ अनुवाद पनि परेको हुन्थ्यो । यता आएर मोमिलाद्वारा सम्पादित पहिलेको **नोबेल** र हालको **कलाश्री**का स्तरीय अङ्कमा अनुवादले ठुलो स्थान पाएको छ । नेपाली सिर्जनालाई विश्व साहित्यतर्फ चिनाउन र उताको कुरा यता अनुवाद गरी भित्र्याउनमा ती प्रत्येक अङ्कको ठुलो महत्त्व छ ।

नेपालमा गरिएका यस्ता प्रयत्नको आरम्भ वि.सं. २०१३ मा **इन्द्रेणी** मासिकको प्रकाशनदेखि प्रारम्भ भएको थियो । त्यसका जम्मा ८ अङ्क प्रकाशित भए । वि.सं. २०१३ कै अङ्क ७ लाई "एसियाली अङ्क" को रूपमा प्रकाशित गरियो । सम्पादकमा शंकर लामिछाने भए पनि महाकवि देवकोटा नै यसको पृष्ठभूमिमा थिए । एफ्रो-एसियाली सम्मेलनमा भाग लिन रुस जाँदा उनले दिएका वक्तव्यमा अनुवादबेगर हामी उठ्न सक्तैनौ र नेपाली साहित्यलाई विश्वसमक्ष चिनाउने माध्यम नै अनुवाद हो भन्ने कुरामा उनले जोड दिएका छन् । **इन्द्रेणी**का दुई अङ्कमा महाकविका अनुवाद छापिए । सो गौरवशाली अतीतको उत्खनन गर्दै द्वैभाषिक **पागल र अन्य कविताहरू** (वि.सं. २०६५) शीर्षक सङ्ग्रहको **प्राक्कथन**मा प्रा. पद्म देवकोटाले लेखेका कुरा मननीय छन् : *२०१२ सालमा काव्य प्रतिष्ठानको स्थापना भयो । यसका कार्यकारिणीमा लक्ष्मीप्रसाद देवकोटा (अध्यक्ष), शंकरप्रसाद लामिछाने (सचिव), बालकृष्ण सम (सदस्य), भीमदर्शन रोका (सदस्य), केदारमान 'व्यथित' (सदस्य) र* **इन्द्रेणी***को अङ्क १-५ को लागि ईश्वर बराल र ६-८ को लागि माधवप्रसाद घिमिरे रहनु भएको बुझिन्छ । काव्य प्रतिष्ठानको मासिक काव्य-पत्रिका* **इन्द्रेणी**, *नेपाली साहित्यको यौटा कोसे ढुङ्गा हो । यसले नेपाली साहित्यको अङ्ग्रेजी अनुवादको बाढीको आरम्भ पनि सङ्केत गरेको छ ।*

२०१३ साल वैशाखदेखि मङ्सिरसम्ममा **इन्द्रेणी***का आठवटा अङ्क निस्किए । दोस्रो र सातौँ अङ्क द्वैभाषिक थिए । त्यहाँ मौलिक नेपाली कविताका साथसाथै देवकोटाले अङ्ग्रेजीमा गर्नु भएका उल्थाहरू छापिएका थिए । उहाँले आफ्ना कविताहरूको मात्र उल्था गर्नु भएको थिएन, आफ्नो समकालीनहरूका पनि कविताहरूको सक्षम र संवेदनशील अनुवाद गर्नु भएको थियो । हामी आज यस कारणले पनि प्रसन्न छौँ कि उहाँको अनुवादको अभियानमा* **इन्द्रेणी***मा छापिएका उहाँका सबै २७ वटै कविताहरूका समेत समाविष्ट थिए । यसमा* **पागल र अन्य कविताहरू** *शीर्षकको सङ्कलनमा यी सबै ३० वटा कविताहरू अङ्ग्रेजी र नेपाली दुवै भाषामा राखिएका छन् । प्रगति*मा परेका कविताहरू *"भरियाले भारी उचाल्यो" र "वसन्त" हुन् । "प्रभुजी, मलाई भेडो बनाऊ"* **शारदा** *१३.१-२ मा प्रथम प्रकाशित छ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहिले आएर अनुवादमै पूर्ण रूपले समर्पित केही जर्नलको चर्चा गर्न चाहन्छु । ती हुन् - **सयपत्री, रूपान्तरण, जर्नल अफ नेप्लिज लिट्रेचर आर्ट एन्ड कल्चर, ललित** र **साथी** । *(गोविन्द)*

नेप्लिज ट्रान्सलेसन (भोल्युम १, सेप्टेम्बर २०१७)

नेपालमा अनुवाद क्रियाकलापको महत्त्व बुझेर पाँच वर्षअघि **नेपाल अनुवादक समाज** (सोसाइटी अफ ट्रान्सलेटर्स नेपाल (STN) को स्थापना भयो । नव चेतना बोकेका अनुवादको सिद्धान्त र अर्थलाई जोड्न चाहने व्यक्तिहरूले यस संस्थाको स्थापना गरे र व्यापक रूपले युवा पुस्तासमक्ष अनुवाद कर्म गरेर अनेक कार्यशाला गोष्ठी गराएर निरन्तर भेट र सङ्गत जुटाएर "अनुवाद अध्ययन" को विषय बोध गराउने प्रयत्न गरे । यसमा वसन्त थापा अध्यक्ष भए । उनी स्वयम् अनेक प्राविधिक अनुवाद गरेका अनुभवी व्यक्ति हुन् ।

त्यस स्थापनालाई भिक्टर प्रधान, भीम रेग्मी, बलराम अधिकारी लगायतका सक्रिय सदस्यले धेरै अघि बढाए । समितिमा कामको ज्यादा महत्त्व बुझ्ने र सिद्धान्तको अपरिहार्यता बुझ्ने मिसिएका थिए । नेपालमा सिद्धान्त पढ्ने, बुझ्ने पुस्ता भर्खर आउँदैछ । गत वर्ष यस संस्थाको २०१६-२०१८ को लागि बनेको नयाँ समिति आएको छ जसको अध्यक्षमा भिक्टर प्रधान चुनिएका छन् ।

अनुवाद समाजले वि.सं. २०७३ को आश्विनमा "अनुवाद एवम् अनूदित कृति प्रदर्शनको प्रथम राष्ट्रिय सम्मेलन" सम्पन्न गऱ्यो भने वि.सं. २०७३ को भदौ १८-२२ मा यसले दोस्रो सम्मेलन तथा प्रदर्शनीलाई पोखरामा पुऱ्यायो । यो ऐतिहासिक कर्म थियो ।

"अनुवाद अध्ययन समाज" ले **नेप्लिज ट्रान्सलेसन** नामको पहिलो पल्ट ISSN नम्बर 2514 (3200 राखेर एउटा जर्नल पनि प्रकाशित गऱ्यो । यसको सम्पादकमा वसन्त थापा र बलराम अधिकारी रहेका छन् । जर्नलको ११४ पृष्ठभित्र २२ जनाको "पिअर रिभ्युड आर्टिकल" समावेश भएको देख्दा "नेपाली अनुवाद अध्ययनभित्र नयाँ दिन उदाएको" अनुभव हुन्छ ।[1]

आधुनिक विश्वमा अनुवाद अध्ययनलाई प्रधान लक्ष्य बनाएर जर्नल छापिन थालेको ६३ वर्ष पुगेको छ । त्यस बेला (Babel) को प्रथम अङ्क सन् १९४५ मा प्रकाशित भएको थियो । त्यसयता सो निरन्तर रहेको छ ।

सयपत्री

सयपत्री वि.सं. २०५२ देखि नेपाल प्रज्ञा-प्रतिष्ठानले थालेको त्रैमासिक पत्रिका हो । यसका हालसम्मका ३२ अङ्क प्रकाशित छन् । प्रत्येक अङ्कमा नेपालका विविध भाषाका रचनालाई नेपाली अनुवाद समेत दिने परम्परा छ ।

साथी

साथी (Sathi) नामक म्यागेजिन विराटनगरबाट छापिने अङ्ग्रेजी अनुवाद विशेष हो । नेपाली साहित्यलाई विश्वमा पुऱ्याउने नारासँग सन् १९८२ मा सिक्किममा स्थापित यो संस्थाले वर्षमा **साथी**का

1. Nepalese Translation is a a journal published by Society of Translators Nepal (STN). It publishes peer reviewed articles related to the scientific study on translation, especially from Nepal. The views expressed therein are not necsessarily shared by the committee on publications.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीनवटा अङ्क प्रकाशन गर्दछ । अहिलेसम्म यसका ५५ अङ्क छापिएका छन् । यसका प्रधान सम्पादक सुदर्शन श्रेष्ठ रहेका छन् । श्रेष्ठ एक त्यागी साहित्यकार हुन् । यसका कार्यकारी सम्पादक भएर जयन्त शर्मा र सहयोगीमा सम्झना शर्मा रहेका छन् । यसले नेपाली साहित्यका रचनालाई अनुवाद गरी विश्व साहित्यतिर लैजाने र अन्य साहित्यका उत्कृष्ट रचनालाई नेपालीमा ल्याउने कार्य गर्दछ । एउटा सानो उदाहरण हेरौँ, यसको अङ्क ४५ मा लक्ष्मीप्रसाद देवकोटा, कृष्णभूषण बल, श्रवण मुकारुङ, विजय मल्ल, अभय श्रेष्ठ, कमल दीक्षित, वानिरा गिरी जस्ता स्रष्टाले पत्रिकाको १६० पृष्ठ ढाकेका छन् भने धेरै रचना र चित्र बाहिरी विश्वबाट आएका छन् । (गोविन्द) सम्पर्क journal.sathi@gmail.com

रूपान्तरण

त्यसै गरी दोस्रो प्रकाशन हो **रूपान्तरण** । नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत वि.सं. २०६४ मा **अनुवाद विभागको** स्थापना भएदेखि अनुवादका विविध क्रियाकलाप आरम्भ भए । त्यसै क्रममा वि.सं. २०६८ देखि **रूपान्तरण**को प्रकाशन सुरु गरिएको हो । आजसम्म यसका ५ अङ्क प्रकाशित भइसकेका छन् । यसले अन्तर्राष्ट्रिय साहित्यसँग ज्ञानको आदान प्रदान गर्न सघाउ पुऱ्याउँछ ।

मत– १ (बत्ती– १) (द्वैभाषिक पत्रिका विशेष)

नेपाल साहित्य मन्दिरद्वारा वि.सं. २०७१ मा प्रकाशित नेपाल भाषा र नेपालीबिच अनुवाद रहेको दुवै भाषाका रचना संलग्न यस प्रकाशनमा २९ जना कवि परेका छन् । यसमा चित्तरञ्जन नेपाली, पूर्ण वैद्य, बुद्ध सायमी, डा. केशवमान शाक्यदेखि सिद्धिपक्का, अगिव नेपाली, पुष्प मुनकर्मीसम्मका २९ जना कविका द्वैभाषिक रचना समावेश छन् । रचनाका अनुवादकमा कुनै स्रष्टा स्वयम् र कुनै अन्य परेका छन् । (नवीन)

मत– २ (बत्ती– २) (द्वैभाषिक पत्रिका विशेष)

यो नेपाल साहित्य मन्दिरद्वारा वि.सं. २०७२ मा प्रकाशित नेपाल भाषामा लेखेर नेपालीमा अनूदित १५ वटा लेख रचनाको सङ्ग्रह हो । जम्मा २०१ पृष्ठको यस सङ्कलनमा चित्तरञ्जन नेपाली, रमापति राज शर्मा, लक्ष्मण राजवंशी, तिलकप्रकाश, नर्मदेश्वर प्रधान, रुक्मिणी श्रेष्ठ, हरिशरण राजोपाध्याय शर्मा, तेजेश्वरबाबु ग्वङ्ग, पूर्ण ताम्राकार, सौरभ शाक्य, सुलोचना मानन्धर, हृदयप्रसाद मिश्र, विमल ताम्राकार, रीना तुलाधर लगायतका अरू स्रष्टा छन् । प्रत्येक लेख रचनाको द्वैभाषिक अनुवाद रहेको छ (नवीन)

क) नेपाली साहित्य से हिन्दी भाषा में अनुवाद

यसअन्तर्गत लक्ष्मीप्रसाद देवकोटा, गीता केशरी, राजेन्द्र विमल, भागीरथी श्रेष्ठ, बिन्दु सुवेदी र मञ्जु काँचुलीका एक-एकवटा कथा अनूदित छन् । त्यसै गरी लघुकथा, यात्रा वर्णन, समालोचना, संस्मरण, लोक साहित्य, साहित्य-धर्म-संस्कृति, साहित्य कला, जीवनी जस्ता प्रत्येक स्तम्भअन्तर्गत एकदुई लेखकका रचना परेका छन् भने कविता खण्डमा आदिकवि भानुभक्त आचार्य, महाकवि लक्ष्मीप्रसाद देवकोटादेखि उर्मिला पन्त पाण्डेयका गजलसम्म गन्ती गर्दा २२ जना कवि परेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसै गरी यसभित्रका अन्य शीर्षकहरूमा **मैथिली साहित्य से हिन्दी भाषा में अनुवाद, अवधी साहित्य से हिन्दी भाषा में अनुवाद, थारू साहित्य से हिन्दी भाषा में अनुवाद, केवरत साहित्य से हिन्दी भाषा में अनुवाद, भोजपुरी साहित्य से हिन्दी भाषा में अनुवाद, नेपाल भाषा साहित्य से हिन्दी भाषा में अनुवाद, संस्कृत साहित्य से हिन्दी भाषा में अनुवाद** रहेका छन्। यसरी धेरै भाषाबाट धेरै रचना हिन्दी अनुवादमा प्रस्तुत गरिएको छ।

त्यसपछि अर्को खण्डमा **विदेशी साहित्यबाट नेपाली भाषामा अनुवाद** भन्ने शीर्षकअन्तर्गत अमेरिका, आयरल्यान्ड, रुस, भारत, स्विट्जरल्यान्ड, इटाली, स्विडेन, चिन, अफ्रिका, मेक्सिको, इजिप्ट जस्ता देशको प्रतिनिधित्व गर्ने गरी कविताहरू चयन गरिएका छन् भने केही लघुकथा र उपन्यास अंश रहेका छन्।

अन्त्यको खण्ड **नेपालीबाट अङ्ग्रेजी अनुवाद**को छ। यसअन्तर्गत लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठदेखिका १२ जना कविका एक-एक रचना राखिएका छन् भने विश्वेश्वरप्रसाद कोइरालादेखिका सात कथाकारका एक-एक कथा रहेका छन्। निबन्धमा लक्ष्मीप्रसाद देवकोटा, शंकर लामिछाने, पारिजात र गोविन्द वर्तमानका चार निबन्ध रहेका छन्।

त्यसपछि राष्ट्रकवि माधव घिमिरेको अन्तर्वार्ता र गोपाल पराजुलीले लेखेको हरिभक्त कटुवालको जीवनी रहेको छ। यस प्रकार **रूपान्तरण**ले हिन्दी, अङ्ग्रेजी, नेपाली र अन्य मातृभाषाहरू बिचमा सेतुको काम गर्दै छ। हाल यसकी प्रधान सम्पादक प्रा.डा.उषा ठाकुर रहेकी छन्। (गोविन्द)

ललित

ललितलाई अङ्ग्रेजीमा La Lit लेखिएको छ। यो पूर्णरूपले अङ्ग्रेजी भाषामा प्रकाशित म्यागेजिन हो। हालै यसको भोल्युम मे ८, २०१७ मा प्रकाशित भएको छ। यसमा अतिथि सम्पादक मञ्जुश्री थापा र सम्पादक रवि थापा रहेका छन्। यो नेपालमा प्रकाशित अङ्ग्रेजी म्यागेजिनमध्ये अति स्तरीय र अनुवादमा समर्पित प्रकाशन हो।

यस अङ्कमा मञ्जुश्री थापाको विद्वतापूर्ण भूमिका (सम्पादकीय) र अरू अनूदित रचना छन्। यो गद्यपद्य र विचारको सङ्कलन हो। यसमा धेरै नयाँ र छेलिएका स्वरलाई प्राथमिकता दिइएको छ। पुरानाहरूमा उत्तम कुँवर, भवानी भिक्षु, दुर्गालाल श्रेष्ठ, सुवर्णकेशरी चित्रकार, तोया गुरुङ, महेन्द्र मलंगिया, पूर्णबहादुर वैद्य, गिरिजाप्रसाद जोशी छन् भने अरू नयाँ स्वर र दृष्टिकोणलाई केन्द्रीयता प्रदान गरिएको छ। नयाँ लेखक, कति नयाँ अनुवादक तर तिनको रखाइसमेत सर्वथा नौलो छ। मञ्जुश्री थापाको अनुवादकीयले एवम् सम्पादकीय कुशलताले र चित्रकलाले यो निर्मित छ। नयाँ पुस्ताको लागि एक पठनीय म्यागेजिन हो। (गोविन्द)

जर्नल अफ नेप्लिज लिट्रेचर, आर्ट एन्ड कल्चर

नेपाल प्रज्ञा-प्रतिष्ठानको अर्को प्रकाशन छ **जर्नल अफ नेप्लिज लिट्रेचर, आर्ट एन्ड कल्चर। यसको प्रकाशन** वि.सं. २०५६ देखि सुरु भएको थियो। सन् २०१० अर्थात् वि.सं. २०६७ देखि नयाँ रूपमा आउन थालेपछि भोल्युम छदेखि यसले पनि साहित्य खण्डमा अनुवाद राख्न थालेको छ। यसका हालसम्म १० अङ्क प्रकाशित छन्।

अङ्ग्रेजी र नेपालीमा प्रकाशित यस चौमासिक पत्रिकाले "समकालीन एवम् क्लासिकल" दुवै नेपाली साहित्यको प्रकाशन गर्दछ। सिक्किमबाट प्रकाशित **साथी**का प्रधान सम्पादक सुदर्शन श्रेष्ठ रहेका छन् भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जयन्त शर्माले कार्यकारी सम्पादक भएर कार्य गरिरहेका छन् । यसले अनुवादलाई ठुलो महत्त्व दिएको छ । उदाहरणको लागि वर्ष २८ अङ्क ४५ हेर्दा के देखिन्छ भने **कविता** खण्डमा हेर्दा लक्ष्मीप्रसाद देवकोटा, भूपि शेरचन, कृष्णभूषण बल, सुदर्शन श्रेष्ठ, श्रवण मुकारुङ, चन्द्र गुरुङ र जोतारे धाइबाका एक-एक अनूदित कविता छन् ।

कथामा पारिजात, विजय मल्ल, परशु प्रधान, अभय श्रेष्ठ र प्रतिभा तुलाधरका एक-एक कथा अनूदित छन् । **निबन्ध**मा तीन जना मात्र छन् । कमल दीक्षित, नरनाथ लुइँटेल र वानिरा गिरी । एक जनाको जीवनी अंश छ- हृदयचन्द्रसिंह प्रधान । चारवटा समालोचनात्मक लेख छन्- गोविन्दराज भट्टराई, विजय चालिसे, पेम्पा तामाङ र महेश पौडेल ।

अन्तर्राष्ट्रिय जगत्का ख्यातिलब्ध स्रष्टामा नाइजेरियाका चिनुवा आचेबे, इराकी नबिल यासिन छन् । **साहित्य कला**मा राजन पन्त, अन्त्यमा केही मौलिक (अङ्ग्रेजीमा) कविता र कथा रहेका छन् । स्तरीय कागज र छपाइमा १६० पृष्ठको यस्तो जर्नल निरन्तर निकाल्नु सानो कुरा होइन । नेपाली साहित्यलाई अङ्ग्रेजीभाषीसमक्ष पुऱ्याउन सुदर्शनजीले गरेको प्रयत्न अति नै प्रशंसनीय छ । (गोविन्द) सम्पर्क: :journal.sathi@gmail.com

मधुपर्क मासिक (सार्क साहित्य विशेषाङ्क)

यदाकदा देशका पत्रपत्रिकाले पनि अनुवाद विशेषाङ्क निकाल्ने क्रममा **मधुपर्क** मासिकले पनि एउटा प्रयत्न गरेको छ । त्यो हो यसको वर्ष ४७ अङ्क ७ पूर्णाङ्क ५४६ मङ्सिर २०७१ को अङ्क । यसलाई **सार्क साहित्य विशेषाङ्क** भनिएको छ ।

यसमा सार्क मुलुकका केही स्रष्टाका रचना नेपाली अनुवादमा प्रस्तुत गरिएका छन् । ती हुन् - अभय के, कुँवर नारायण (भारत), अब्दुला सदिक (माल्दिभ्स), मैलाना जलालुदिन बलवी (अफगानिस्तान), समसूर रहमान (बङ्गलादेश), हिज होलिनेस नावाङ तेन्जि (भुटान), अहमद फराज (पाकिस्तान), सुनन्दा करुणारत्न (श्रीलङ्का) रहेका छन् । यति मात्रै हो, एक दुई सार्क साहित्यका लेख छन् तापनि 'सार्क विशेषाङ्क' ले ठुलो ध्वनि दिन्छ । (गोविन्द)

भारत-एसियाई साहित्य

यो एक अर्धवार्षिक पत्रिकाको नाम हो । यसको प्रकाशन दिल्लीबाट हुँदै आएको छ । सर्वप्रथम यहाँ उपलब्ध केही अङ्कबाट एक दुई उदाहरण दिन चाहन्छु । सन् २००८ मा प्रकाशित **शरद अङ्क** २२ बाट ।

आजसम्म **इन्डो-एसियन लिट्रेचर** (भारतीय-एसियाई साहित्यको प्रकाशनका १९ वर्ष बितेका छन्, ३८ अङ्क प्रकाशित भएका छन् । त्यस कारणले नेपाली अनुवादका अध्येताले साहित्य अकादेमीको अनुवाद तथा यस पत्रिकाको पनि अध्ययन गर्नुपर्ने देखिन्छ ।

आशोक खन्नाद्वारा स्थापित यो अङ्क हिन्दीमा रहेको छ । जसमा उर्दू, तामिल र भारतीय नेपालीका रचना रहेका छन् । भारतीय नेपालीमा तीन कवि छानिएका छन् - सिक्किमका केदार गुरुङ, असमका के.बी. नेपाली र बनारसका दुर्गाप्रसाद श्रेष्ठ ।

यस पत्रिकाले हिन्दीसँगै अङ्ग्रेजीमा पनि अनुवाद प्रकाशन गर्दै आएको छ - सन् २००८ को **समर इस्यु** अङ्क २१ हेर्दा हुन्छ । यसमा भारतका हिन्दी, बङ्गाली, तामिल, तेलगु भाषाका केही रचना छन् भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बङ्गलादेश, जापान र नेपाललाई अन्य एसियाली देशअन्तर्गत राखी ती देशका रचनाका अङ्ग्रेजी अनुवाद प्रस्तुत गरिएका छन्। नेपालबाट विनोद विक्रम केसी, व्याकुल पाठक, विक्रम सुब्बा, भीष्म उप्रेती, दिनेश अधिकारी, दुर्गाप्रसाद श्रेष्ठ, गौरी दाहाल र जय छाङ्छा लगायत ३० जना कविका एक-एक कविता परेका छन्। यसरी ३० जना नेपाली कविले एकै अङ्कमा स्थान पाउनु भनेको ठुलो कुरा हो।

सन् २००८ को ग्रीष्म अङ्कमा उडिया, गुजराती चिनियाँ, भाषाका हिन्दीमा अनूदित एक-एक रचनामध्ये नेपालीबाट तुलसी दिवसका दुई कविता परेका छन् - **सूर्योदय** र **पहाडी रास्ता**। यस पत्रिकामा नेपाल-भारत संयोजकमा जय छाङ्छाको नाम प्रकाशित छ।

अर्धवार्षिक **इन्डो एसियन लिट्रेचर**को विन्टर इस्यु (अक्टोबर-मार्च, इ. २००९) को अङ्ग्रेजी अङ्कमा सम्पादक अशोक खन्ना र अतिथि सम्पादक जय छाङ्छा रहेका छन्। यसमा देशभित्रका हिन्दी, उडिया, संस्कृत, तामिल, तेलगु भाषाका कविता छन् भने अन्य देशमध्ये इजरायल, नेपाल र श्रीलङ्काका कविता चुनिएका छन्। नेपाली कविमध्ये भीष्म उप्रेती, गोवर्द्धन पूजा, जय छाङ्छा र कृषु छेत्रीका एक-एक रचना प्रकाशित छन्।

सन् २००९ जुनमा प्रकाशित ग्रीष्म अङ्कमा पनि अतिथि सम्पादक जय छाङ्छालाई साहित्य अकादेमीमा भव्य स्वागत गरिएको समाचार प्रकाशित छ।

त्यसपछि हालैको ग्रीष्म एवम् शरद संयुक्ताङ्क सन् २०१७ मा नेपाली स्रष्टामा जय छाङ्छा रहेका छन्। उनका दुई कविता - हरियाणाका **गुडगावँ** (अनुवादक अर्जुन निराला) र **दोहा की टेक्सी** (अनुवादक दुर्गाप्रसाद श्रेष्ठ) रहेका छन्। यसपल्ट अङ्ग्रेजी नेपाली दुवै अङ्कका भित्री कभरमा सम्पादक अशोक खन्नासित श्री बैरागी काइँला र जय छाङ्छा भेट भएका दुई तस्बिर पनि प्रकाशित छन्।

सन् २०१७ को अङ्ग्रेजी संस्करणमा भुटान, नेपाल, रसिया, श्रीलङ्काका कवि स्रष्टा परेका छन्। नेपाली कवि जय छाङ्छाको **द्याट आइ लव्ड द वर्ल्ड** शीर्षकको अङ्ग्रेजी (अनूदित) कविता सङ्ग्रहको राम्रो समीक्षा प्रस्तुत छ। सम्पादक अशोक खन्ना स्वयम्ले सो लेखेका छन् अनि उनको **गुडगावँ** अफ **हरियाना** शीर्षकमा अनूदित कविता पनि त्यसैमा समावेश छ। यसरी नेपाली साहित्यको प्रतिनिधित्वस्वरूप जय छाङ्छाले प्रशंसनीय भूमिका खेलेको देखिन्छ। (गोविन्द)

पर्यवेक्षण

दार्जिलिङका जीवन नाम्दुङ्द्वारा लिखित **पर्यवेक्षण** इ. २०१५ मा साहित्य अकादेमीले प्रकाशित गरेको कृति हो। सन् १९९४ को अकादेमी पुरस्कार विजयी यस कृतिलाई खड्कराज गिरी र भविलाल लामिछानेद्वारा हिन्दीमा अनुवाद गरिएको हो। साहित्य समालोचनाको यस पुस्तकमा १६ वटा समीक्षात्मक निबन्ध छन्। जसमा नेपाली साहित्यको विकास र नेपाली भाषाका केही प्रमुख साहित्यिक कृतिको समालोचना प्रस्तुत छ। लेखक जीवन नाम्दुङले आफ्नो गहिरो शोधवृत्ति तथा सतर्क दृष्टिले नेपाली साहित्यको गहन विवेचना र विश्लेषण गरेका छन्। एक खास लेखकीय एवम् ऐतिहासिक अन्तर्दृष्टिलाई ध्यानमा राख्दै उनले नेपाली भाषाको लेखनको उत्तरदायित्वपूर्ण आँकलन गरेका छन्। (ब्लर्बबाट) अनुवादकद्वय खड्कराज गिरी, भविलाल लामिछाने तथा लेखक जीवन नामदुङका बारेमा यस ग्रन्थमा छुट्टाछुट्टै प्रविष्टि आइसकेका छन्। (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिक्रेट प्लेसेज

प्र्याङ्क स्टुआर्ट सम्पादक रहेको यस कृतिमा सम्राट उपाध्याय र मञ्जुश्री थापा फिचर सम्पादक रहेका छन्। यसको उपशीर्षक **न्यू राइटिङ फ्रम नेपाल** रहेको छ।

अनलाइनमा पनि उपलब्ध अमेरिकाको युनिभर्सिटी अफ हवाइबाट प्रकाशित मानोआ (Manoa) को यस अङ्कका २२० पृष्ठभरि विश्वभरका स्रष्टाबाट चुनिएका ३१ वटा रचना छन् भए पनि नेपाली स्रष्टालाई महत्त्व दिइएको छ। यसमा परेकामध्ये सम्राट उपाध्याय र गोविन्द वर्तमान निबन्ध, पिटर जे कार्थक, नारायण ढकाल, माया ठकुरी, रमेश विकल, सनत रेग्मी, मनु ब्राजाकी, ध्रुव सापकोटा, केसाङ छेतानका कथा; मञ्जु काँचुली, पूर्णबहादुर वैद्य, श्यामल, शैलेन्द्र साकार र मञ्जुलका कविता रहेका छन्।

यसमा गोविन्द वर्तमानले मोहन कोइरालासित लिएको एक अमूल्य अन्तर्वार्ता पनि छ। प्रायः रचनाका अनुवादक मञ्जुश्री थापा रहेका छन् भने केहीका सम्राट उपाध्याय र अरू पनि अनुवादक रहेका छन्।

मनोआ अर्थात् अ प्यासिफिक जर्नल अफ इन्टरनेसनल राइटिङले आफ्नो प्रस्तावनामा भनेको छ- यसले विदेशी लेखकलाई अङ्ग्रेजी भाषामा प्रस्तुत गरेर देश देशका संस्कृतिबिचमा गहिरो समझदारी र एकता बढाउने छ। विश्व शान्तिको वास्तविक अर्थ पनि यही हो।

मनोआको अर्थ हवाइयन भाषामा विशाल र गहिरो (समुद्र झैं) भन्ने अर्थ दिन्छ। सन् १९८५ बाट प्रकाशन सुरु भएको सो जर्नलमा नेपाली साहित्य विशेषाङ्क आएको सुरूमै हो। अर्थात् यो सन् २००१ को भोल्युम नं. १३ थियो।

प्रज्ञा-प्रतिष्ठानको प्रकाशन "कविता"का अङ्ग्रेजी संस्करण

नेपाल (राजकीय) प्रज्ञा-प्रतिष्ठानले आफ्नो नियमित प्रकाशन "**कविता**"का अङ्कहरूको पनि अनुवाद विशेषाङ्क प्रकाशित गरेको छ। वि.सं. २०२१ देखि सिद्धिचरण श्रेष्ठ प्रधान सम्पादक भएर प्रकाशन गर्न थालेको ५० वर्षे "**कविता**"का तीन अङ्क अङ्ग्रेजी अनुवाद लिएर आएका छन्। ती हुन् अङ्क ६५, ७५ र ७८।

कविता - अङ्क ६५ (उपलब्ध नभएको)

कविता - अङ्क ७५

वि.सं. २०२१ देखि कविवर सिद्धिचरण श्रेष्ठले आरम्भ गरेको रोयल नेपाल एकेडेमीको त्रैमासिक प्रकाशन **कविता**को वि.सं. २०५८ मा ५० वर्षे स्वर्ण जयन्ती मनाउने समय आयो। प्राज्ञ तोया गुरुङले कविता विभाग सम्हालेदेखि वर्षमा एउटा अङ्क नेपाली **कविता**को अङ्ग्रेजी अनुवाद प्रकाशनमा ल्याउने गरी उनले आरम्भ गरिन्। यस ऐतिहासिक कर्मको पहिलो प्रयत्नमा **कविता** अङ्क ७५ (भदौ-मङ्सिर, वि.सं. २०५८) प्रकाशित भयो। जसमा अभि सुवेदीदेखि उपेन्द्र श्रेष्ठसम्मका ३८ कविका एक सय जति कविता परेका छन्। माल्दिभ्स र श्रीलङ्काका तीन कविका दस कविता पनि यहीँ आएका छन्। यसमा तोया गुरुङ प्रधान सम्पादक र अविनाश श्रेष्ठ सम्पादक रहेका छन्। एक छोटो सम्पादकीयबाहेक अन्यत्र कतै केही उल्लेख नभएकाले यस प्रयत्न र नेपाली कविताको समेत सन्दर्भ बुझ्ने कुनै उपाय छैन। प्रत्येक कविका बेग्लै अनुवादक छन् - केही मौलिक अङ्ग्रेजी कविता पनि परेका छन्।

प्रत्येक कविताका विनापरिचयका बेग्लाबेग्लै अनुवाद रहेका छन् भने प्रत्येक स्वदेशी/विदेशी (सबै) कविको संक्षिप्त परिचय प्रस्तुत छ। तोया गुरुङ सम्पादक रहेको यस सङ्ग्रहमा सारा कर्मको प्रक्रिया र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपलब्धिबारे प्रस्ट पार्दै नेपाली कविताको तत्कालीन स्वरूपबारे एउटा जानकारी चित्र दिन सकेको भए राम्रो हुन्थ्यो । कुनै पृष्ठभूमिविना एउटा राष्ट्रका (भाषाका) कवितालाई लक्षित पाठकले केही बुझ्दैन । (गोविन्द)

कविता अङ्क ७८

नेपाल (राजकीय) प्रज्ञा-प्रतिष्ठानको **कविता** त्रैमासिकले छापेको यो दोस्रो सङ्ग्रह हो, जसमा ४१ जना समकालीन कविका ७८ कविता समावेश छन् । यो भाद्र-माघ वि.सं. २०६२ अर्थात् अगस्ट-डिसेम्बर सन् २००२ को अङ्क हो । यसका प्रधान सम्पादक प्राज्ञ तोया गुरुङ, अतिथि सम्पादक गोविन्दराज भट्टराई र सम्पादकमा अविनाश श्रेष्ठ रहेका छन् । यो समय कठोर र भयङ्कर डरलाग्दो थियो । वर्णानुक्रमले अरुणा वैद्यदेखि भावेश भुमरी, भीष्म उप्रेती, भूपाल राई, भूपिनसम्मका ४१ कवि छानिएका छन् । प्रत्येक कविको संक्षिप्त चिनारी अन्त्यमा राखिएको छ भने प्रत्येक कविले आफूले चिने भेटेका बेग्लाबेग्लै अनुवादकबाट अनुवाद गराएकाले त्यति स्तरीय अनुवाद सबैको छैन तापनि अतिथि सम्पादकले स्थितिको राम्रो विश्लेषण गरेका छन् । तोया गुरुङले आफ्नो कार्यकालमा यसरी अङ्ग्रेजी अनुवाद निकाल्न सफल भइन् यो ठुलो उपलब्धि हो । यताका १५ वर्षमा फेरि त्यो हुन सकेको छैन । (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवादका विविध ग्रन्थमा परेका नेपाली स्रष्टा र सिर्जना

कतिपय हाम्रा अनूदित रचना अन्यत्रका ठुला ग्रन्थमा पनि परेका हुन्छन्। एउटा यस्तो ग्रन्थ हो **जेस्चर्स : पोएट्री फ्रम सार्क कन्ट्रिज**। यो प्रसिद्ध भारतीय कवि के सत्चिदानन्दनद्वारा सम्पादित भारतीय साहित्य अकादेमीद्वारा सन् १९९६ मा प्रकाशित ३०८ पृष्ठको कविता सङ्ग्रह हो। यो छवटा (त्यस बेला) सार्क राष्ट्रका चुनिएका कविका मौलिक एवम् अनूदित कविताहरूको एक दुर्लभ ग्रन्थ हो। यसमा नेपालका पनि सात कविको प्रतिनिधित्व भएको छ - वासु शशी, भूपि शेरचन, केदारमान व्यथित, लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे, पारिजात र सिद्धिचरण श्रेष्ठ। यसमा प्रत्येक स्रष्टाको परिचय पनि प्रस्तुत छ। यो अनुवाद सम्पादक/प्रकाशकको निमित्त एउटा राम्रो दृष्टान्त हो। यस्तो सङ्ग्रहको अध्ययन गरेर सार्क स्तरीय कविताको गति थाहा पाउन सकिन्छ। (गोविन्द)

कन्टेम्पोरेरी सर्ट स्टोरिज अफ द सार्क रिजन (इ. २०११)

यो सङ्ग्रहमा सार्क क्षेत्रका सबै देशका गरी २६ वटा कथाको अङ्ग्रेजी अनुवाद समावेश छ। **सार्क कल्चरल सेन्टर श्रीलङ्काले** प्रकाशन गरेको यस सङ्ग्रहमा अफगानिस्तान, बङ्गलादेश, भुटान भारत, नेपाल, पाकिस्तान र श्रीलङ्का गरी सातै देश समावेश छन्। नेपालका भाउपन्थी, ध्रुवचन्द्र गौतम, सनत रेग्मी, मोहनराज शर्मा, कुमार श्रेष्ठ र पद्मावती सिंह प्रत्येकका एक-एक कथा रहेका छन्।

यसको कन्ट्री सम्पादकमा डा. गोविन्दराज भट्टराई रहेका छन्। सन् २०११ देखि सुरु भएको यो अभियान सार्क साहित्य प्रकाशन र आदान-प्रदानको एक नमुना हो। यस्तै गरी सार्क कविता र सार्क नाटक पनि छापिएका छन् भने सन् २०१४ मा प्रत्येक सार्क देशका क्लासिक कृति तयार गर्ने क्रममा डा. गोविन्दराज भट्टराईले **भानुभक्तीय रामायण** र बलराम अधिकारीले मोतिराम भट्टका केही कृति अनुवाद गरी प्रस्तुत गरेका छन्। प्रकाशनको प्रतीक्षा छ। (गोविन्द)

प्राची (अ लिटरेरी डाइजेस्ट अफ इस्ट इन्डियन ल्याङ्वेजिज, १९८६)

यसरी साहित्य अकादेमी दिल्लीले **प्राची**का भोल्युमहरूमा आफ्नो देशका विभिन्न भाषाका कविका रचना प्रकाशित गर्दछ, नेपाली त्यसैमा पर्दछ। प्रस्तुत **प्राची** ३३९ पृष्ठको एउटा ठुलो ग्रन्थ छ। असमी, बङ्गाली, मैथिली, मनिपुरी, नेपाली र उडिया भाषाका कविता समावेश गरिएको यस ग्रन्थमा नेपालीका चुनिएका साहित्यकार र तिनका रचना परेका छन्; जसका सम्पादक आई.बी. राई रहेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालीबाट सात कविता, पाँच निबन्ध र दुई आख्यान चुनिएका छन् । तीमध्ये राजेन्द्र भण्डारी, नरेशचन्द्र खाती, टेकध्वज जिम्बा 'आशा', मनप्रसाद सुब्बा, नोर्जाङ स्पाडदेन र जीवन नासदुङका कविता चुनिएका छन् भने लक्खीदेवी सुन्दास, रामराज गुरुङ, घनश्याम नेपाल, जस योञ्जन 'प्यासी' र दान खालिङका निबन्ध चुनिएका छन् । त्यसै गरी आख्यानमा विन्दचा सुब्बा र मत्स्येन्द्र प्रधानका चुनिएका छन् । अनुवादकहरू कति स्वयम् लेखक र अरू स्वतन्त्र पनि छन् । साहित्य अकादेमीबाट प्रकाशित 'अनुवाद' द्वैमासिकमा पनि यदाकदा अन्य भारतीय भाषासँगै नेपाली कविताका अनुवाद पनि छापिन्छन्; यसको लागि लामो अध्ययन आवश्यक पर्दछ । (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा अनुवाद पुरस्कार प्रसङ्ग

नेपालमा कुनै प्रकारको अनुवाद पुरस्कार स्थापना हुन सकेको छैन । मदन पुरस्कार, साझा पुरस्कार, एकेडेमीका विविध पुरस्कारमध्ये कुनैमा अनुवाद पुरस्कारको स्थापना भएको छैन । अनुवाद क्षेत्रको सन्तुलित उन्नतिको लागि एक पुरस्कार अपरिहार्य छ । उता नोवेल पुरस्कार प्रापक कृतिहरूको भाषागत अध्ययन गर्दा कस्तो निचोड पाइएको थियो भने ३५ प्रतिशत कृति मात्रै मौलिक अङ्ग्रेजी भाषामा लेखिएका छन् । अरूजति सबै अन्य भाषाबाट अनुवाद गरी अङ्ग्रेजीमा ल्याइएका कृति छन् । त्यसको विपरीत हाम्रो देशमा अनुवाद पुरस्कारै नहुनु दुःखको कुरा हो । अनुवादमा समर्पितहरूलाई पुरस्कार प्रेरणा सम्मान नभएपछि यो विधा कसरी फस्टाउँछ ? वि.सं. २०१३ मा स्थापित मदन पुरस्कारले एक पल्ट (वि.सं. २०२२ मा कोमलनाथ अधिकारीलाई) मात्र अनूदित कृतिको लागि पुरस्कार प्रदान गऱ्यो, त्यो एक अपवाद थियो । विश्व साहित्य अनुवादद्वारा नै सञ्चालित, वितरित छ; बहुगुणित छ । हाम्रो देशले यस विषयको उपेक्षा गरुन्जेल, स्तरीय प्रतिस्पर्धी अनूदित कृति आउने छैनन् ।

नेपालमा एउटा आशाको किरण देखाइएको र उज्यालो सम्भावनाको आरम्भमा भएको कुरा उल्लेख्य छ । जनकपुर धाममा वि.सं. २०६८ मा स्थापित **विद्यापति पुरस्कार कोष**ले पाँचवटा विधामा ठुला ठुला वार्षिक पुरस्कार राखेको छ । ती हुन् :

क) नेपाल विद्यापति मैथिली भाषा साहित्य पुरस्कार
ख) नेपाल विद्यापति अनुसन्धान पुरस्कार
ग) नेपाल विद्यापति पाण्डुलिपि पुरस्कार
घ) नेपाल विद्यापति अनुवाद साहित्य पुरस्कार
ङ) नेपाल विद्यापति कला र संस्कृति पुरस्कार

सो अनुसार पाँच वर्षभित्र एक-एक लाखको **अनुवाद पुरस्कार** पाउने स्रष्टाहरू यस प्रकार हुनुहुन्छ :

१. डा. रामदयाल राकेश (वि.सं. २०६८)
२. पं. सूर्यकान्त झा (वि.सं. २०६९)
३. डा. गंगाप्रसाद अकेला (वि.सं. २०७०)
४. श्री धीरेन्द्र प्रेमर्षी (वि.सं. २०७१)
५. श्री मुरलीधर मिजार (वि.सं. २०७२)

यसरी विद्यापति कोषले यो राष्ट्रको निमित्त नै अनुकरणीय कार्य गर्दै आएको छ । यसका वर्तमान अध्यक्षमा प्रा. विजयदत्त रहेका छन् । नेपाली र अन्य भाषाका क्षेत्रमा काम गर्नेहरूले यसबाट सिक्नु पर्दछ । (गोविन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाश्चात्य साहित्यका प्रथम नेपाली अनुवादकहरू

यसभन्दा अघिसम्म बेलायती स्रष्टा राइटर ह्यागार्डको **शि** (She) को पुष्कर शमशेर राणाले गरेको **शि** शीर्षकको अनुवाद नै नेपाली भाषामा आएको प्रथम कृति हो भन्ने मान्यता थियो । तर अनुसन्धाता शिव रेग्मीले पत्ता लगाएअनुसार गद्यतर्फका पहिला अनुवादक गम्भीरध्वज शाह र पद्यतर्फका प्रथम अनुवादक पुरोहित रामप्रसाद सत्याल रहेका छन् । यी दुवै अनुवादकबारे लेखिएका श्री शिव रेग्मीको लेखलाई रोचक घिमिरेले रचना मासिकमा प्रकाशित गरेकाले ती यहाँ साभार गरिएको छन् ।

अ) पहिलो गद्य (उपन्यास) अनुवादक गम्भीरध्वज शाह

यो पुस्तक बाबु देवेन्द्रचन्द्र मल्लिकले अङ्ग्रेजीमा उल्था गरेका हुन् । सुप्रसिद्ध बाबु बंकिमचन्द्र चट्टोपाध्यायको उपन्यास **चन्द्रशेखर**लाई उनले अङ्ग्रेजीमा उल्था गरेका हुन् । बाबु बंकिमचन्द्रका उपन्यासहरू अति उत्तम हुँदा हिन्दी भाषामा मात्र होइन जर्मन र अङ्ग्रेजी भाषामा पनि उल्था भएका छन्' (भूमिका, चन्द्रशेखर, वि.सं. १९७२) लेख्ने गम्भीरज्वज शाह नेपाली भाषामा अङ्ग्रेजीबाट सिङ्गो पुस्तक उल्था गर्ने पहिलो नेपाली अनुवादक हुन् । यसभन्दा अगाडि केही फुटकर कथा, लेख, रचनाका अनुवाद साप्ताहिक **गोरखापत्र**मा प्रकाशित भएका देखिन्छन् । तथापि तिनीहरू कुन भाषाबाट उल्था भएका हुन् यकिन रूपमा भन्न सकिने आधार फेला पर्दैनन् । तर सिङ्गो पुस्तकको रूपमा भने अङ्ग्रेजीबाट अनुवाद भएको यो नै पहिलो पुस्तक हो । तर यसै तथ्यलाई बालकृष्ण समले पण्डित वासुदेव भट्टराईको **श्रीमद्वाल्मीकीयरामायण**को अनुवाद ग्रन्थ (वि.सं. २०२९) को भूमिकामा भने 'गम्भीरध्वज शाहले बङ्गालीबाट नेपालीमा अनुवाद गरेर गद्यको स्तर नै उचालेका थिए' भनी किन लेखेका होलान् ? अझ बुझ्न सकिन्न । हो, बरु गम्भीरध्वजले उल्था गरेको बाबु बंकिमचन्द्रको अर्को उपन्यास **युगलाङ्गुलीय** चाहिँ हिन्दीबाट नेपालीमा हो । केही विद्वान्हरूले पुस्कर शमशेर राणालाई हेनरी त्यागार्डको **शि** उपन्यास अनुवाद गरेकाले त्यसलाई पहिलो माने तापनि **चन्द्रशेखर** उपन्यास पनि अङ्ग्रेजीबाट अनुवाद भएकाले गम्भीरध्वज शाहलाई पहिलो उल्थाकार मान्नु पर्दछ ।

नेपाली साहित्यको क्षेत्रमा अनुवादकको रूपमा कतै कतै चर्चित रहेका गम्भीरध्वज शाहको जन्म युगलाङ्गुलीय (वि.सं. १९९५) मा छापिएको तस्विरमुन्तिर अङ्कित (वि.सं. १९६४) सालले जनाउँछ भने उनको मृत्यु चाहिँ ५१ वर्षमा भएको हो भन्ने उनका आफन्तहरूको भनाइ छ । तीन छोरा र एक छोरीका पिता गम्भीरध्वज शाह युवा अवस्थादेखि नै छातीसम्बन्धी रोगी थिए । बालक कालदेखि नै चौपट्ट मेहनतका साथ पढ्ने, कच्चै उमेरमा अल्मोडामा विद्यार्थी छँदा सिकिस्त बिरामी भई छातीको बेथाले पक्रन खोज्दा त्यहींका पोस्ट मास्टर (हुंलाक घरका हाकिम) रायसाहेब पण्डित मनोरथ भट्टद्वारा यसै ठाउँका सिविल सर्जन कप्तान जी.टी. मिलचन साहेबको औषधी भेट्टाउँदा सो रोगको फन्दाबाट उम्की घर फर्कें भनेका छन् उनले । दुई वर्षपछि रोग बल्झेर वि.सं. १९६७ भदौमा काठमाडौं आई दरबारिया डाक्टर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजकृष्ण मुखर्जीको औषधीले ठीक हुँदै जाँदा **चन्द्रशेखर** उपन्यास अनुवाद गरेको भूमिकामा व्यक्त गरेका छन् उनले । यो उपन्यास अनुवादकले 'पढेमध्येका सब हिसाबबाट राम्रो लाग्दा र नेपाल सरकारका नरनारीले आफ्ना कुरामा गतिलो उपन्यास नभेट्टाएको बुझी औ यसलाई उल्था गर्नाले मातृभाषाको उन्नति सँगसँगै उहाँहरूको चित्त प्रसन्न गरी हितसमेत गर्नेछ भन्ने चित्तले बारम्बार ठहऱ्याउँदा सकिनसकी, कुनै दिन एक पंक्ति, कुनै दिन एक पत्र लेखी लेखाई आज बल्ल छपाई पाठकको नजरमा पार्न सकेकाले मेरो मेहनत सफल ठान्दछु' भनेका छन् ।

चन्द्रशेखर उपन्यास वि.सं. १९७२ मा बनारसबाट माधवप्रसाद रेग्मी एवम् हिमालय प्रेसमा छापिएको थियो । यो यही प्रेस हो जहाँबाट त्यसै सालको असोजदेखि ऐतिहासिक साप्ताहिक पत्रिका **गोर्खाली** निक्लने गरेको थियो । **चन्द्रशेखर** उपन्यास वास्तवमा अनुवाद भए पनि शाहको शैली र ठेट नेपाली शब्दको प्रयोगले गर्दा यसले नेपाली साहित्यमा आधुनिक गद्यको पृष्ठभूमि तयार गर्नमा उल्लेखनीय भूमिका खेलेको छ । यसै क्रममा बालकृष्ण समको - 'पं. कृष्णचन्द्र अर्याल तथा बैजनाथ जोशी सेढाइँको **मातृभाषाको** महत्त्वले पनि मलाई प्रभाव पारेको थियो । तर गद्यमा नेपालीमा ठुलो परिवर्तन ल्याउने गम्भीरध्वज शाहको **चन्द्रशेखर** हो । यो पुस्तक मौलिक हुँदो हो त शाहको स्थान लेखनाथको भन्दा तल हुने थिएन । परन्तु **चन्द्रशेखर** बङ्गालको प्रसिद्ध लेखक बंकिमचन्द्रको अनुवाद थियो । गद्य शैलीचाहिँ गम्भीरध्वज शाहको आफ्नै थियो त्यसबाट म विशेष प्रभावित भएँ' (**मेरो कविताको आराधना,** उपासना १, ने.रा.प्र.प्र., काठमाडौँ २०२३, पृष्ठ १६०) भनी मुक्तकण्ठले प्रशंसा गरेका छन् ।

झन्डै सय वर्ष अगाडिको भाषा शैली भए पनि गम्भीरध्वज शाहको प्रस्तुति र भाषाशैली आजको गद्य साहित्यसित कुम जोर्न पुगेको देखिन्छ । आफूले प्रयोग गरेको शब्द र भाषाबारे उनले लेखेका छन् । 'यी कविताको लेखाइ बाहिरिया बोलीतिर थोरै, भित्रिया वा दरबारिया बोलीतिर धेरै झुक्छ । नेपाली भाषाको म पण्डित हैन तापनि अरू भाषाको पद नराखे नसुहाउने र चलनमै आयाका पदबाहेक सकेसम्म शुद्ध, सजिलो पद राखेको छु ।' वि.सं. १९६७ सालदेखि अनुवाद सुरु गरिएको **चन्द्रशेखर**को भाषाको अध्ययन भाषाविद्हरूले पनि एक पटक गर्न सक्नुहुन्छ । व्याकरण प्रकाशनको प्रारम्भिक कालको यो अनुवादमा व्याकरणको पालना गरिएको छैन । तर पनि यसको भाषा आजको जस्तै छ । उपन्यास प्रकाशित भएको झन्डै दुई दशकपछि **उद्योग** (सुरुमा पाक्षिक पछि मासिक, वि.सं. १९९२) ले माघ वि.सं. १९९२ अङ्कमा यसको समालोचना प्रकाशित गरेको भेटिन्छ ।

नेपाली गद्य साहित्यमा अनुवादका रूपमा भए पनि नवीन शैली र परिमार्जित गद्य स्रष्टाको अग्रणी भूमिका निर्वाह गर्ने गम्भीरध्वज शाहको आयु अझै लामो हुन सकेको भए उनबाट अरू धेरै कृतिहरू अनुवादकै रूपमा भए पनि नेपाली साहित्यले पाउने थियो ।

समालोचना– बङ्गाली कवि बंकिमचन्द्र चट्टोपाध्यायको उपन्यासबाट अनूदित यस पुस्तकमा अनुवादक गम्भीरध्वज शाहको भाषा निकै मिठो, सरल र स्पष्ट भएकाले अनुवाद शैली प्रशंसनीय छ । नेपाली भाषामा यस उपन्यासले जन्म लिएको दसबाह्र वर्ष भइसकेको होला । तर सर्वसाधारणमा यस्तो राम्रो उपन्यासको प्रचार कम हुनु खेदको विषय हो । त्रिचन्द्र कलेजको पाठ्यक्रममा राखिएकाले अब भने यसको प्रचार बढ्दै जाला भन्ने बहुतै आशा छ । मूल्य १।५० प्राप्ति स्थान नक्साल, नेपाल ।

गम्भीरध्वज शाहद्वारा उल्था गरिएको अर्को उपन्यास बंकिमचन्द्र चट्टोपाध्यायकै **युगलाङ्गुलीय** हो । यस उपन्यासको अनुवाद सम्बन्धमा शाहले लेखेका छन् - 'जहिले म नेपाल तराईको आफ्नु मौजामा छ वर्ष बिताई जिउका लागि कान्तिपुर फर्की आएँ, उहिले मैले श्री मे.ज. मृगेन्द्रशमशेर जङ्गबहादुर राणा, डाइरेक्टर अफ पब्लिक इन्स्ट्रक्सनको दर्शन पाएँ । मौसुफ जनरल साहेबबाट 'खोइ तिमले अर्को किताब लेखेनौ ?' मर्जी भयो । यसपछि अकस्मात् मैले माथिको उपन्यास मेरी बहिनी श्री क.क इन्द्रशमशेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जङ्गबहादुर राणा, सी. आई. का रानीकहाँ भेट्टाएँ। अनि सोही मर्जी राख्न र अरू कारणहरूले यसलाई उल्था गर्न थालें। यो विक्रम संवत् १९९२ सालको हिउँदको कुरा हो। जहिले म घरमा एक्लो थिएँ। यसको र मेरो पहिलो मिहिनेत **चन्द्रशेखर** उपन्यासको उल्था उत्तिकै अपर्झटमा भएको भने पनि हुन्छ। फरक यत्तिकै हो कि उसपालि किताब हेरेपछि उल्था गर्न मन लाग्यो, यसपालि उल्था गर्न मन लागेपछि किताब हेरियो।'

प्रस्तुत उपन्यास **चन्द्रशेखर** जस्तै **युगालाङ्गुलीय** उपन्यास प्रकाशित भएपछि **शारदा** (मासिक) मा यसको समालोचना प्रकाशित भएको थियो। स्मरणीय छ, यतिखेर, 'समालोचना' शब्द नयाँ कृतिको परिचय हो।

युगालाङ्गुलीय– अनुवादक र प्रकाशक गम्भीरध्वज शाह, ६० नक्साल, कान्तिपुर, नेपाल। पृष्ठ ३३ मूल्य मो रु २० यस कृतिमा लेखकको अनौठो लेखन शैलीलाई अनुवादकले आफ्नो सुन्दर शैलीद्वारा मधुर शब्दमा सरलतासाथ दर्साएका छन्। वि.सं. १९७२ मा यिनै बंकिमचन्द्रको **चन्द्रशेखर** अनुवाद गरी नेपाली गद्यशैलीमा नवीनताको सौन्दर्य प्रकाशन गर्ने यिनै महाशय हुन्। यिनै महाशयद्वारा अनुवादित **चन्द्रशेखर** प्रकाशित भएदेखि नेपाली गद्य शैलीमा नवीनताको सृष्टि भएको देखिन्छ। वास्तवमा यो पुस्तक उपयोगी र चित्ताकर्षक छ। औ स्त्री पुरुष दुवैले हेर्न योग्य छ। (**शारदा**, वर्ष ४ अङ्क ९, पुस १९९५ पृष्ठ ३५४)

नेपाली गद्य साहित्यमा अनुवादकका रूपमा भए पनि नवीन शैली र परिमार्जित गद्यस्रष्टाको अग्रणी भूमिका निर्वाह गर्ने गम्भीरध्वज शाहको आयु अझै लामो हुन सकेको भए उनीबाट अरू धेरै कृतिहरू अनुवादकै रूपमा भए पनि नेपाली साहित्यले पाउने थियो। (शिव रेग्मी)

आ) पहिलो पद्य अनुवादक
साहित्यकार पुरोहित रामप्रसाद सत्याल

पं. रामप्रसाद सत्याल (वि.सं. १९३५-२०२०) कुनै बेला नामुद साहित्यकार थिए। उनको जीवन प्रायः बनारसमै बित्यो। झन्डै डेढ दर्जनजति कृति प्रकाशित गरेका सत्यालका साहित्यिक पत्रपत्रिकामा पनि फुटकर कविताहरू छापिएका छन्। 'सुन्दरी' (१९६३) प्रकाशित उनको पहिलो कविता :

अन्तिम गुलाब ग्रीष्मको

गुलाब हो अन्तिम ग्रीष्मको यो फुलेर एक्लो हुनगो रसिकको ॥
यसका सबै साथी गिरे जमिनमा फूल कोपिलाकै छैनन् नजिकमा ॥१॥
हे एक्लो फूल तँलाई मैले सुक्ना निमित्तैकन छाड्छु पैले ॥
तेरा सबै साथी सुतिरहेछन् जा सुत् उहीं गै ती खुसी हुनेछन् ॥२॥
यस निम्ति ठुलो करुणा गरेर तेरा सबै पातहरू चुँडेर ॥
खसालिदिन्छु उही भूमिमाहाँ सुवासरहित साथी सुते नि जाहाँ ॥३॥
यस्तै हिसाबले म त शीघ्र जाऊँ मित्रैहरू छोडी म दुख्न पाऊँ ॥
प्रेमको बिजुलीसरि हार देखी रत्नै गिऱ्यो जल तब क्या छ सेखी ॥४॥
अर्थात् सबै मित्रहरू ती जाँदा प्रेमीहरूले पनि छाडिहाल्दा ॥
त्यस कालमाहाँ कुन मूर्ख होला संसार सागरबिच फेरि फस्ला ॥५॥
-पुरोहित श्रीरामप्रसाद सत्याल-काशी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खर्साङबाट सन् १९१८ जनवरीदेखि सुरू भएको चन्द्रिका मासिक साहित्यिक पत्रिकामा पनि रामप्रसाद सत्यालको 'गजल' अङ्क २ 'अनुरोध' अङ्क ४ र 'गीत' अङ्क ५ मा प्रकाशित छ। यस क्रममा सत्यालको गीत र गजल हेरौं -

श्रीचन्द्र चरण मन लगाऊ श्री श्री श्री को गुन गाऊ !
विपद् सिन्धु यो तरिजाऊ, भवबिच धन्य कहलाऊ ॥
भवमाया हो सारा झुठो यसमा भुली नजाऊ !
जन्म मरणको वेडी काटी आवागमन छुटाऊ ॥

-गीत

यस्तै, गजलः

जबसम्म नेत्र छन् इ प्रभुकै मुहार हेरुँ।
जबतक छ स्वास माला प्रभुकै म नित्य फेरुँ ॥
चर्चा हजुर्को जाहाँवाहीं म दिल रमाउँ
श्री चन्द्रेन्दु शरन्मा निशि दिन यही पुकारुँ ॥
हेर्दै रहूँ निरन्तर प्रभुलाई प्रेमलाई
प्रभुकै सुमूर्ति सन्मुख फोटो सदृश खिचाऊँ ॥
होस् स्वप्नको अवस्था निन्द्रा परी नयन्मा
दर्शन् मिलोस् हजुर्को तन् मन् सबै म वारुँ ॥
कान्ले म सुन्न पाउँ श्री चन्द्रको भलाई।
प्रभुको पनी त ख्वामित् मीठो वचन् म पाउँ ॥

झन्डै अढाइ दर्जन पुस्तकका रचनाकार रामप्रसाद सत्याल साधारण पाठकका साहित्यकार हुनुहुन्थ्यो भन्ने अनुभव हुन्छ। चन्द्र शम्शेरको बयानमा लेखिएको गजल होस् वा अन्य कविता श्लोक होस्। उनको 'वनमाला' नामक पुस्तिका भाद्र ६, १९८० मा प्रकाशित भएको देखिन्छ। पाठ्यपुस्तकतिर पनि उनका कविता फेला पर्छन्। पारसमणि प्रधान तथा नगेन्द्रमणि प्रधानद्वारा सम्पादित नेपाली साहित्य छैटौं भागमा 'प्रार्थना' कविता प्रकाशित छ :

"हे चन्द्र प्यारे सव दुःख नाश हाम्रो।
आलस्य द्वेष, ईर्ष्या मद नष्ट पार हाम्रो ॥
निज देशभाइलाई सुदृष्टिसाथ हेरौं।
मस्तिष्क ज्ञान बलले भरिपूर्ण पार हाम्रो ॥
हुन् इन्द्रियादि हाम्रा शुभ शान्ति सौख्यकारी।
विद्या, विवेक धनले मन शूर पार हाम्रो ॥
-पु.रामप्रसाद सत्याल

आजसम्मको इतिहासमा अङ्ग्रेजी कवितालाई नेपाली श्लोकमा अनुवाद गर्नमा रामप्रसाद सत्यालको देन पहिलो भएको छ जसरी उपन्यासमा गम्भीरध्वज पहिलो भएका छन्। सत्यालको सेक्सपियरद्वारा लिखित 'प्रभात वर्णन' अनुवाद भएको छ। वास्तवमा यहाँ प्रस्तुत यो अनुवाद नेपालीमा देखा परेको पहिलो अनुवाद हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्ग्रेज कवि
सेक्सपियरकृत -
पु. रामप्रसाद सत्याल-द्वारा अनुवादित ।

प्रभात वर्णन

Hark! hark! the lark at heaven's gate sings
And phoebus gins arise,
His steeds to water at those springs
On chaliced flowers that lies!

सुन न ! सुन न ! गाना, स्वर्गमा च्याखुराको,
तरुण-अरुण अैले, उठ्नै लागिहाले ।
हयहरू सब पूगे, खाउ पानी भनेर,
कटउरिसरि कोई, फूलका पातमाहाँ ॥

And winking may-buds begin
To ope their golden eyes;
With every thing that preety bin-
My Lady sweet, arise! arise! arise!

मुकुलित भइ फेरी, फूलने पद्मिनीले,
नयन दुइ सुनौला, आफ्नू खोलदामा ।
जगमग सबचीजै, सूनकाझैं रहीगो,
उठ ! उठ ! उठ ! मेरी, तन्वि ! बेलय भईगो ॥

पु. रामप्रसाद सत्याल

-'माधवी' वर्ष १ अङ्क ४,
१९६५ माघ पूर्णिमा पृ. ८४

'रचना' पूर्णाङ्क १५१ कात्तिक-मङ्सिर वि.सं. २०७४ बाट साभार - लेखक (शिव रेग्मी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्कृष्ट अनुवाद प्रस्तुतिका केही नमुना

अनुवाद गर्नमा द्वैभाषिक/द्वैसांस्कृतिक, चेतना ज्ञान र शिल्प आवश्यक हुन्छ । नत्र अनूदित कृति माथि अन्याय हुन जान्छ । दुईवटा जगत्लाई कसरी समदुरीमा राख्ने भन्ने नैतिक चेतना अनि आवश्यकता बोधको स्वीकृति नै अनुवाद हो । अनुवादक स्वयम् पनि साहित्यिक भाषा र साहित्यको ज्ञाता हुँदाहुँदै स्वयम् एक स्रष्टा हुनुपर्छ । यो यान्त्रिक वा अहिलेको शब्दमा 'कपी पेस्ट' मात्र होइन । साहित्यमा जसरी संवेदना र कल्पनाको प्रयोग हुन्छ, अनुवाद गर्नका लागि पनि त्यो प्रयोग गर्न सक्षम व्यक्ति चाहिन्छ । यी बाह्य रूपले मापन गर्न नसकिने कुरा हुन् ।

दोस्रो कुरा पहिले भित्री आत्मा ठिक हुनु पर्दछ, त्यो भइसकेपछि प्रस्तुतिको कुरा आउँछ । अनुवादलाई पुस्तकमा प्रस्तुत गर्दा मूल लेखक, प्रकाशक र अनुवादको द्वन्द्व परेको देखिन्छ । यसमा मूल लेखक र प्रकाशकको विजय हुन्छ । धेरैजसो अनुवादक छेलिन्छ ।

नेपालका धेरै अनुवादक त्यसरी किनारीकृत छन् । तर अब अन्तर्राष्ट्रिय कानुन र नैतिकताले उनीहरूलाई प्रतिलिपि अधिकार दिलाउनेदेखि उनीहरूलाई चिनाउने एउटा निश्चित स्पेस पनि दिलाउँछ । धेरैजसो नेपाली अनुवाद "विश्वमान्य" प्रक्रियाभित्र नपरेका छन् । त्यसको तात्पर्य वाञ्छनीय प्रकृतिका अनुवाद कर्म नभएका होइनन्, भएका छन् । तर तीबाट सिक्ने र तिनको अनुपालना नभएको मात्र हो । यहाँ केही त्यस्ता प्रशंसनीय अनुवादको उदाहरण प्रस्तुत छ :

१. शीर्षक : जापानी नोह नाटक

(समीक्षात्मक परिचयसहित)

निप्पन गोकुजुचु कि-कोकाइको जापानिज क्लासिकल ट्रान्सलेसन कमिटीद्वारा सङ्कलित तथा अङ्ग्रेजीमा अनूदित भई तीन भागमा प्रकाशित "जापानी नोह ड्रामा" बाट सङ्कलित तथा अनूसूचित ।

सङ्कलक तथा रूपान्तरकार

अभि सुवेदी

सम्पादक

माधवलाल कर्माचार्य

भित्रपट्टि : विषय सूची

प्राक्कथन : सम्पादककको टिप्पणी

नोह नाटक : समीक्षात्मक परिचय

नोह नाटक शब्दावली

मकुण्डोका केही नमुना किमोनो र अरू पोसाकका केही नमुना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. शीर्षक : आधुनिक जापानी कविता

सङ्कलक तथा रूपान्तरकार
अभि सुवेदी
सम्पादक
माधवलाल कर्माचार्य
प्रकाशक
विषय सूची (अनुक्रम)
अभि सुवेदी भूमिका-
सम्पादकको भनाइ- माधवलाल कर्माचार्य

३. शीर्षक- युद्ध अपराधी

(हिरोता कोकीको जीवन र मृत्यू)
अनुवादक
दुर्गालाल सिंह
सम्पादक वंशी श्रेष्ठ
साझा प्रकाशन
अनुवादकको भनाइ
सम्पादकको भनाइ
प्राक्कथन

४. शीर्षक : विलियम सेक्सपियरको म्याकबेथ

अनुवादक
लक्ष्मीप्रसाद देवकोटा (आवरण पृष्ठमै)
प्रकाशक
दुई कुरा
म्याकबेथ नाटकको भूमिका

५. शीर्षक : अगामेम्नन

एसकिलस
अनुवादक
देवेन्द्रराज अर्याल
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
मन्तव्य
भूमिका
कथानकको पृष्ठभूमि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. शीर्षक : जापानी संस्कृति

(उद्भव र स्वभावगत विशेषताको एक अध्ययन)
आइचिरो इसिदा
अनुवादक
चैतन्यकृष्ण उपाध्याय
सम्पादक
जनकलाल शर्मा
अनुवादकको टिप्पणी
सम्पादकको भनाइ

७. शीर्षक मैथिली कथा सङ्ग्रह

सम्पादन
कामाख्यादेवी
अनुवादक
मुक्तिप्रसाद उपाध्याय
साहित्य अकादेमी
अनुवादकको भूमिका

८. शीर्षक : दक्खिना बाली

सङ्कलक
गीता हरिहरण
अनुवादक
चैतन्यकृष्ण उपाध्याय
सम्पादक
पद्मरत्न तुलाधर
प्रकाशक
साहित्य गुठी
(सबै एक पेजमा)
अनुवादकका एकदुई कुरा
कथाकारको संक्षिप्त परिचय
परिचयात्मक भूमिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९. शीर्षक ईश्वरको प्रतीक्षा

स्याम्युअल बेके
(नोबेल पुरस्कार १९६९)
अनुवादक
ईश्वरीप्रसाद पाण्डे
(भित्री मुख पृष्ठमा)
दुई शब्द–प्रा. मोहन लोहनी
विसङ्गत र रूपान्तरको प्रश्न–प्रा. अभि सुवेदी
अनुवादकको तर्फबाट

१०. शीर्षक : हिंमदेश

यासुनारी कावावाता
अनुवादक
क्षेत्रप्रताप अधिकारी
सम्पादक
डा. कुमारबहादुर जोशी
साझा प्रकाशन
अनुवादकको भनाइ
सम्पादकको टिप्पणी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Au 52

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal